# बाल न्याय दिग्दर्शन

## २०७३

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

| | | |
|---|---|---|
| प्रकाशक | : | बाल न्याय समन्वय समिति सचिवालय<br>हरिहरभवन, ललितपुर |
| सर्वाधिकार | : | बाल न्याय समन्वय समिति, सचिवालयमा । |
| प्रकाशन प्रति | : | ५०० |
| प्रकाशन मिति | : | २०७३ बैशाख |
| डिजाइन | : | भूषण कपाली |
| मुद्रक | : | के.एम. प्रिण्टर्स |

# बाल न्याय समन्वय समिति
# सचिवालय

केन्द्रिय बालकल्याण समिति भवन
हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. ५०१०१५५, ५०१००४१

पत्र संख्याः
प्राप्त पत्र संख्या र मितिः
चलानी नं.:

फ्याक्सः ५५१०१५५, ४२६२८७८

Website: www.jjcc.gov.np
www.supremecourt.gov.np

## मन्तब्य

बालबालिका स्वभावले नै निर्दोष हुन्छन् तर पनि जानी नजानी कानूनसँग विवादमा पर्ने गरेका हुन्छन् । मनसायरहित (Without Criminal Intend) तवरले विद्यमान फौजदारी कानूनको उल्लंघन गर्न पुगेका वा आरोप लागेका वा दण्ड विधान (Penal Law) अनुसार दण्डको भागीदार बनाइनु पर्ने अवस्थाका बालबालिकाहरुलाई वयस्क सरह नभई छुट्टै बाल न्याय प्रणालीको मान्यताअनुसार भिन्न व्यवहार गर्नु पर्दछ भन्ने धारण नेपालमा पनि विकास हुँदै आएको छ । खास गरी नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात उक्त महासन्धिमार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागू गर्न बालबालिका सम्बन्धी ऐन, २०४८; बालबालिका सम्बन्धी नियमावली, २०५१ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई कार्यान्वयनमा रहेको छ । यस नियमावली बमोजिम गठित विशिष्टिकृत निकायको रुपमा बाल न्याय समन्वय समितिले नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरण र विकासका लागि महत्वपूर्ण कदम चालेको छ ।

बालबालिकाहरु भविष्यका कर्णधार हुन् तर यसलाई पूर्णता दिन बालबालिकाहरु वर्तमानका पनि हिस्सेदार हुन् भन्ने कुरा हामी सबैले मनन् गर्न जरुरी छ । कुनै परिस्थितिवस, अज्ञानतावस वा मनसाय रहित तवर (Without Criminal Intend) बाट फौजदारी कानूनको उलंघन गर्न पुगेका बालबालिकाहरुलाई पनि समय मै सुधार गर्न सकियो भने उनीहरु भविष्यमा देशका कर्णधार बन्ने कुरामा कुनै विवाद छैन । कतिपय कानूनसँग विवादमा पर्ने बालबालिकाहरु मुलतः हेला, तिरस्कार, षोषण तथा सामाजिक आर्थिक कठिनाई (Socio-economic hardship) बाट पीडित भएका हुन सक्छन । तसर्थ यस्ता बालबालिकाहरुलाई स्याहार, संरक्षण, उचित मार्गदर्शन र समाजमा ससम्मान पुनर्स्थापनाको अवसर प्रदान गर्नु पर्ने हुन्छ । यसका लागि बाल न्याय प्रणालीसँग सम्वद्ध निकाय तथा व्यक्तिहरु संवेदनशील हुनु जरुरी छ साथै बाल न्याय प्रशासनसँग सम्बन्धित कानूनी व्यवस्थाहरु विभिन्न कानूनहरुमा छरिरहेका छन् जस्ले गर्दा हाम्रा अभ्यासहरुमा एकरुपता वा तादम्यता (Consistency) कायम गर्न कठिन भएको पनि महसुस गरेको छु । यस कुरालाई मध्यनजर गर्दै बाल न्याय समन्वय समितिले बाल न्याय प्रशासनलाई बालमैत्री बनाउन र कार्यविधिगत सरलता, एकरुपता र स्तरीयता कायम गर्न "बाल न्याय दिग्दर्शन, २०७३" प्रकाशन गर्न लागेकोमा मलाई असाध्यै खुसी लागेको छ ।

यस दिग्दर्शनले बाल न्याय सम्पादनमा संलग्न निकाय तथा व्यक्तिहरुका लागि अनुसन्धानको चरणदेखि न्याय सम्पादनको चरणसम्म कानूनसँग विवादमा परेका बालबालिकामात्र नभई अपराधबाट पीडित बालबालिकाहरुका सम्बन्धमा पनि समग्र बाल न्याय प्रशासनको स्तरीयता र प्रभावकारिताको लागि मार्गदर्शन प्रदान गर्न मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु । यस दिग्दर्शन मुख्य रुपमा अनुसन्धान अधिकारी, सरकारी वकील, प्रतिरक्षी कानून व्यवसायी, न्यायाधीश, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक, सामाजिक कार्यकर्ताहरुका लागि उपयोगी हुने देखेको छु । यस्तो महत्वपूर्ण दिग्दर्शनको पाठ लेखन कार्यमा जुट्नु हुने श्री तिल प्रसाद श्रेष्ठ, महेश शर्मा पौडेल, आशिष अधिकारी, लक्षिन्द्र महर्जन र सन्देश ढकालज्यूहरु धन्यवादका पात्र हुनु हुन्छ । साथै अनवरत रुपमा खटिनु हुने बाल न्याय समन्वय समिति सचिवालयका कर्मचारीहरु श्री ज्ञानेन्द्र इटेनी, रोम थापा, पुष्कर थापा, खुश्वु शाह, नारायनी सुवेदीलाई मेरो व्यक्तिगत तर्फबाट र बाल न्याय समन्वय समितिको तर्फबाट पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(१२६१०७२।८)

....................
देवेन्द्र गोपाल श्रेष्ठ
न्यायाधीश, सर्वोच्च अदालत
अध्यक्ष, बाल न्याय समन्वय समिति

# बाल न्याय समन्वय समिति सचिवालय

केन्द्रिय बालकल्याण समिति भवन
हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. ५०१०१५५, ५०१००४१

फ्याक्सः ५५१०१५५, ४२६२८७८

Website: www.jjcc.gov.np
www.supremecourt.gov.np


पत्र संख्याः
प्राप्त पत्र संख्या र मितिः
चलानी नं.:

## मन्तब्य

विज्ञान र प्रविधिको विकाससँगै बढ्दो आधुनिकिकरण, बदलिदो सामाजिक परिवेश, अस्तव्यस्त समाजको कारणले बालबालिकाहरुले गर्ने बिज्याँईको प्रवृति (Trend) पनि बढ्दो छ । तर पनि बालबालिकाले गर्ने बिज्याँईका पछाडि मनसाय तत्व (Criminal Intent) नहुने र त्यस्तो बिज्याँई गरेबापत भोग्नु पर्ने परिणामका बारेमा उनीहरुलाई थाहा नहुने हुँदा यस्ता बालबालिकाहरुलाई परम्परागत फौजदारी न्याय प्रणालीभन्दा अलग बाल न्याय प्रणालीअन्तर्गत व्यवहार गरिनु पर्ने अवधारणाको विकास भएको छ र बाल न्याय प्रणालीले कानूनसँग विवादमा परेका यस्ता बालबालिकाको सर्वोत्तम हितमा ध्यान दिँदै बिज्याँईका मूल कारण र समस्याहरु पहिचान गरी अन्तत "समाजमा उनीहरुको सिर्जनात्मक भूमिका" लाई प्रवर्धन गर्नु पर्दछ ।

नेपालमा छुट्टै बाल न्याय प्रणालीको स्थापनाका लागि ठोस पहलकदमी शुरुवात भएको इतिहास त्यति लामो छैन । यसको गुणस्तरीतालाई प्रवर्धन गर्न अझ धेरै काम गर्न बाँकी नै छ । एकातर्फ बाल न्याय प्रशासनसँग सम्बद्ध कानूनी व्यवस्थाहरु छरिएर रहेकाले कानून कार्यान्वयन गर्ने निकाय, अदालती प्रक्रियाका अभ्यासमा एकरुपता कायम गर्न सकिएको छैन भने अर्कोतर्फ विद्यमान कानूनी व्यवस्थाहरु व्यवहारमा उतार्न पनि निकै चुनौतीपूर्ण छ । यस परिस्थितिलाई मध्यनजर राख्दै बाल न्याय समन्वय समितिले "बाल न्याय दिग्दर्शन, २०७३" प्रकाशन गर्न लागेकोमा मलाई असाध्यै खुसी लागेको छ र यो दिग्दर्शनले केहि हदसम्म भएपनि बाल न्याय प्रशासनमा देखिएका समस्याहरुलाई सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु ।

यस दिग्दर्शनमा कानूनसँग विवादमा परेका बालबालिकाहरु मात्र नभई अपराधबाट पीडित बालबालिकाहरुको विषय पनि समेटिएका छन् । बाल न्याय प्रशासनसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, बाल न्याय प्रणालीका सम्बन्धित निकायहरुले मातहतका निकायहरुलाई जारी गरेको परिपत्रहरु पनि स्पष्ट उल्लेख गरिएका छन् । त्यस्तै, बाल न्यायसँग सम्बन्धित अन्तर्राष्टिय कानून, नियम तथा मार्गदर्शनहरु अनुसूचिमा समावेस गरिएका छन् । तसर्थ, यस बाल न्याय दिग्दर्शनले बाल न्यायको क्षेत्रलाई सुदृढ गर्न थप टेवा पुऱ्याउने अपेक्षा गरेको छु । अन्तमा, यस दिग्दर्शनको पाठ लखन कार्यमा योगदान दिनु हुने माननिय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ, महेश शर्मा पौडेल, आशिष अधिकारी, लक्षिन्द्र महर्जन र सन्देश ढकालज्यूलाई धन्यवाद दिन चाहन्छु । त्यसै गरी प्रकाशनका लागि अनवरत रुपमा खटिनु हुने बाल न्याय समन्वय समिति सचिवालयका कर्मचारीहरु श्री ज्ञानेन्द्र इटेनी, रोम थापा, पुष्कर थापा, खुश्बु शाह, नारायणी सुबेदीलाई पनि धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

.................
श्रीकान्त पौडेल
रजिष्ट्रार, सर्वोच्च अदालत
सदस्य सचिव, बाल न्याय समन्वय समिति

# विषयसूची


| | | |
|---|---|---|
| १. | बालबालिका प्रतिवादी भएका मुद्दाको अनुसन्धान र तहकिकात | १-४० |
| २. | बालबालिका प्रतिवादी भएका मुद्दाको अभियोजन | ४१-६२ |
| ३. | बालबालिकासम्बन्धी मुद्दाको सुनुवाईसम्बन्धी व्यवस्था | ६३-१०० |
| ४. | बाल न्याय प्रशासनमा कानून व्यवसायीको भूमिका | १०१-१०८ |
| ५. | बाल न्याय प्रणालीमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिक र समाजसेवी/सामाजिक कार्यकर्ताको भूमिका | १०९-१२६ |
| ६. | पीडित तथा साक्षी बालबालिकाको संरक्षण | १२७-१४८ |
| | अनुसूचिहरू | |

# परिच्छेद १

# बालबालिका प्रतिवादी भएका मुद्दाको अनुसन्धान र तहकिकात

### १.१ बालमैत्री अनुसन्धान प्रक्रिया

बालबालिका अबोध हुन्छन् । उनीहरुले जानेर गल्ती गरेका हुँदैनन् । अपराधजन्य कार्य गरे पनि उनीहरुको त्यसमा दोष तत्व मनसाय हुँदैन । उनीहरुलाई सुधार गर्न सकिन्छ । तर वयस्क सरहको प्रकृया अपनाइयो भने उनीहरुलाई सुधार गर्ने मान्यताले महत्व नपाउने हुन्छ । यिनै पृष्ठभूमिमा बालबालिकाहरुले गरेका कानून प्रतिकूलका कार्यहरुको अनुसन्धान प्रक्रियामा वयस्क सरहको प्रकृयाको अवलम्बन नगरी पृथक प्रकृयाको अवलम्बन गर्ने प्रणाली बाल न्याय प्रणाली हो । जीवनको प्रारम्भिक उमेरमा रहेका बालबालिकाहरु शारीरिक तथा मानसिक रुपमा अत्यन्त संवदेनशील र जोखिमपूर्ण अवस्थामा रहने भएकाले उनीहरुसँग गर्ने व्यवहार वयस्कसँग गरिने व्यवहारभन्दा नितान्त फरक हुनु पर्दछ र बालबालिकाको संवेदनशीलतालाई बुझी उनीहरुप्रति उचित व्यवहार प्रदर्शन गर्नु आवश्यक हुन्छ ।

बालबालिकाले आफ्नोविरुद्ध कुनै कार्य भइरहेको छ भन्ने भयको अनुभूत नहुने अवस्था सृजना गर्नु नै बालमैत्री वातावरण हो । वास्तवमा बालबालिकाले एक्लिएको, बिरानिएको वा भेदभावको भागीदार बनाइएको अनुभव नगर्ने अवस्था नै बालमैत्री वातावरण हो । अपराध अनुसन्धानका क्रममा बालमैत्री वातावरण सृजना गर्नु प्राथमिक विषय हो र यस कुरामा अनुसन्धान अधिकृत सदैव चनाखो रही देहायका कुरामा ध्यान दिन आवश्यक छः

- बालबालिकाले सहजता महसुस गर्ने वातावरण सृजना गर्नु पर्दछ ।
- बालबालिकाले सुरक्षित महसुस गर्ने वातावरण सृजना गर्नु पर्दछ ।
- बालबालिकाले खेल्ने र रमाउने किसिमको वातावरण तयार पार्नु पर्दछ ।
- बालबालिकाको नजिकको व्यक्ति वा नातदोरको खोजी वा पहिचान गर्नु पर्दछ र उनीहरुलाई कारवाही प्रक्रियाको बारेमा यथार्थ जानकारी गराउनु पर्दछ ।
- गिज्याउने, होच्याउने वा अन्य नकारात्मक कुरा गरी तर्साउने कार्य गर्न हुँदैन ।
- बालबालिकालाई पारिवारिक वातावरण दिने प्रयास गर्नु पर्छ ।
- बालकलाई उत्साहित गर्ने र ढाडस् दिने कार्य गर्नु पर्छ ।
- समस्या समाधानका लागि प्रहरी, अभिभावक लगायत सबै प्रयत्नरत रहेको र बालक एक्लो नभएको भनी सम्झाउनु पर्दछ ।
- बालबालिकाले बुझ्ने सक्ने उमेर सुहाउँदो भाषाको प्रयोग गर्नु पर्दछ ।
- आफ्नो भाषा, प्रश्न वा व्यवहारले बालबालिकालाई थप पीडा नहोस् भन्ने कुरालाई सदैव ध्यानमा राख्नु पर्दछ ।

## १.२ कसूरको सूचना

कसूरको अनुसन्धान गर्ने निकायलाई अनुसन्धान शुरु गर्नुभन्दा अगावै सम्बन्धित कसूरका बारेमा जानकारी आवश्यक पर्दछ । कसूरको जानकारीको अभावमा अनुसन्धान गर्ने निकायले अनुसन्धान प्रारम्भ गर्न सक्दैन । त्यसैले सरकारवादी फौजदारी मुद्दामा कसूरको दरखास्त वा कसूरको सूचनाको महत्वपूर्ण भूमिका रहन्छ । अपराध अनुसन्धान गर्ने निकायमा विभिन्न माध्यमद्धारा अपराधको सूचना प्राप्त हुन सक्छ । अपराधको सूचना लिखित रुपमा वा मौखिक रुपमा पनि प्राप्त हुन सक्छ । मौखिक रुपमा प्राप्त भएको छ भने पनि त्यसलाई प्रहरी आफैले लेखबद्ध गर्नु पर्छ । जाहेरी दिन आउनेलाई वकील खोजेर लेख्न लगाउन हुँदैन ।

अपराध अनुसन्धान एवं तहकिकात गर्ने निकायमा बालबालिका प्रतिवादी भएको कुनै अपराधको जाहेरी दरखास्त दर्ता गर्न ल्याएको अवस्थामा देहायबमोजिम गर्नु पर्छः

- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्र पर्ने अपराधहरु लगायत सरकारवादी हुने अन्य अपराधमा कारवाही गर्नु पर्ने अवस्था हो भने नजिकको प्रहरी कार्यालय वा अपराध अनुसन्धानका लागि तोकिएको निकायमा जाहेरी दरखास्तको रुपमा अपराधको सूचना दर्ता गराउनु पर्छ ।
- अपराध अनुसन्धान गर्ने निकायमा कुनै जाहेरी दरखास्त पर्न आएमा कार्यालय प्रमुखले बालबालिका प्रतिवादीको रुपमा संलग्न रहे नरहेको यकीन गर्नु पर्छ ।
- अपराधको सूचना मौखिक रुपमा प्राप्त भएमा त्यसलाई अनुसन्धान तहकिकात गर्ने कार्यालयको प्रमुखले अनुसन्धान तहकिकात गर्न योग्यता पुगेको कुनै कर्मचारीलाई त्यस्तो मौखिक भनाईअनुसार लेखवद्ध गर्न लगाउनु पर्छ ।
- जाहेरी दरखास्त घटनाबाट पीडित र निजका आफन्त एवं नजिकका नातेदारहरु लगायत घटनाका बारेमा जानकारी हुने जो सुकैले पनि दिन सक्छन् ।
- बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचविखन, जीउ मास्नेबेच्ने, हाडनाता करणी एवं महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रुपमा बालबालिका भएका फौजदारी मुद्दाहरूको जाहेरी लिँदा पीडित लगायत आवश्यकताअनुसार निजका अभिभावकहरुको वास्तविक नाम, थर र ठेगानाको सट्टा सङ्केत नाम, थर, ठेगाना दिई वास्तविक नाम, थर, ठेगाना खुलेको जाहेरीलाई सिलवन्दी गरी राखी सङ्केत नाम, थर, ठेगाना खुलेको जाहेरीबाट कारवाही अगाडि बढाउनु पर्छ । सङ्केत नाम, थर, ठेगाना प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशित विशेष प्रकृतिका मुद्दाहरुमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१ बमोजिम गर्न सकिन्छ ।
- बालबालिका प्रतिवादी भएका मुद्दामा मुद्दाको प्रकृति जेसुकै भए पनि पक्षको रुपमा रहेका बालबालिका र आवश्यकताअनुसार निजका अभिभावकहरुको समेत नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्वद्ध विवरणहरू गोप्य राखी राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशित

विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन, २०७१ बमोजिम उनीहरुको परिचयात्मक विवरणका लागि सङ्केत नाम दिई जाहेरी दरखास्त लिने व्यवस्था मिलाउनु पर्छ ।

- जाहेरी दरखास्त सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को अनुसूची-१ बमोजिमको ढाँचामा हुनु पर्छ ।
- सम्बन्धित प्रहरी कार्यालयले बालबालिकासँग सम्बन्धित जाहेरी दरखास्त महिला तथा बालबालिका शाखामार्फत दर्ता गराउने व्यवस्था मिलाउनु पर्छ ।
- जाहेरी दरखास्त दर्ता गरेपछि त्यसको भरपाई जाहेरवालालाई दिनु पर्छ ।

## कानूनी व्यवस्था

सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धानका लागि मुख्य कानूनी व्यवस्था भनेको सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ हुन् । बालबालिका प्रतिवादी भएको सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानका क्रममा कसूरको सूचनासम्बन्धी व्यवस्थामा पनि यहि ऐन र नियमावली प्रयोग हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ मा पनि केही व्यवस्था रहेको छ । बालबालिका प्रतिवादी भएका सरकारवादी फौजदारी मुद्दामा गरिने अनुसन्धानसँग सम्बन्धित कानूनी व्यवस्थाहरु देहायअनुसार रहेको छः

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३*

(१) अनुसूची-१ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म देहायका कुराहरु खुलाउनु पर्नेछः
(क) अपराध भएको वा भइरहेको वा हुने संभावना भएको मिति, समय र ठाउँ ।
(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुँलिया ।
(ग) अपराधसँग सम्बन्धित सबुद प्रमाण ।
(घ) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रुपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरु र उपदफा (२) बमोजिमका कुरासमेत खुलाई लेखी निजलाई पढी बाँची सुनाई निजको सहिछापसमेत गराई राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैबाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

| | |
|---|---|
| (५) उपदफा (४) बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ । त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशनसहित लिखित रुपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।<br>(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नु पर्नेछ । | |
| (१) ऐन (सरकारी मुद्दासम्बन्धी ऐन) को दफा ३ को उपदफा (१) बमोजिम कुनै अपराधको सम्बन्धमा दरखास्त दिदा अनुसूची-१ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिलाई अनुसूची-२ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ ।<br>(३) कसैले उपनियम (१) बमोजिमको दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयमा आफै आएर नदिई कुनै व्यक्तिमार्फत पठाएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो दरखास्त वा सूचना बुझी त्यसको भरपाई अनुसूची-२ बमोजिमको ढाँचामा त्यस्तो दरखास्त वा सूचना लिई आउने व्यक्तिलाई दिनु पर्नेछ ।<br>(४) उपनियम (३) बमोजिम पर्न आएको दरखास्त अनुसूची-१ बमोजिमको ढाचाँमा नभए पनि बुझी लिनु पर्छ र त्यस्तो दरखास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउनु पर्ने देखिएमा सम्बन्धित प्रहरी कार्यालयले दरखास्त वा सूचना पठाउने व्यक्ति कहाँ कर्मचारी पठाई वा निजलाई कार्यालयमै झिकाई आवश्यक कुराहरू खुलाई लिन सक्नेछ ।<br>तर, हुलाकद्वारा वा कुनै व्यक्तिमार्फत पठाएको दरखास्त वा सूचनाको व्यहोरा सम्बन्धित व्यक्तिले स्वीकार गरी सनाखत नगरेसम्म त्यस्तो दरखास्त वा सूचनाउपर कारवाही स्थगित गर्न सकिनेछ ।<br>(५) उपनियम (१) बमोजिम प्राप्त हुन आएको दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले अनुसूची-३ बमोजिमको अपराध दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।<br>(६) यस नियममा उल्लिखित माध्यमबाहेक अन्य कुनै माध्यमद्वारा अपराध भएको सूचना प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयलाई कारवाही चलाउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ३* |

| | |
|---|---|
| (१) बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजूर वा प्रतिरक्षा गर्नु पर्दा निजको बाबु, आमा वा संरक्षकले नालिस, उजूर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन् । बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ ।<br>(२) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा नेपाल सरकारको उजूरीबाट चल्न सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५१* |
| (१) नेपाल सरकार वादी हुने तोकिएबमोजिमका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र वतनको छुट्टाछुट्टै सङ्केत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३०क* |

**१.३ अनुसन्धान अधिकृतको नियुक्ति र कसूरको सूचना प्राप्त भएपछि गर्नु पर्ने कार्यहरु**

अपराध अनुसन्धानको उद्देश्य भनेको अपराध कसले, किन, कहिले गऱ्यो भन्ने जस्ता कुराको तथ्य र सत्यता पहिचान गर्नु हो । यसो भएमा मात्र दोषीले सजाय पाउन सक्ने र निर्दोष नफस्ने अवस्था हुन्छ । जति छिटो अपराध अनुसन्धान प्रारम्भ गऱ्यो त्यतिनै प्रमाणहरु लोप, नाश नहुँदै प्राप्त हुन सक्ने हुन्छ । त्यसैले कसूरको सूचना प्राप्त भएपछि तत्काल अनुसन्धान प्रारम्भ गर्नु पर्दछ । बालबालिका प्रतिवादी भएको अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी अनुसन्धान गर्ने निकायमा प्राप्त भएमा वा जाहेरी प्राप्त भएपछि देहायबमोजिम गर्नु पर्छः

- बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा रहेको बालबालिकासम्बन्धी छुट्टै एकाईको प्रहरीलाई अनुसन्धान अधिकृत तोक्नु पर्छ । त्यस्तो एकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले सो कार्य गर्न तोकेको प्रहरी कर्मचारीले बालबालिका प्रतिवादी भएको कसूरको अनुसन्धान गर्नु पर्छ ।
- अनुसन्धान अधिकृतले घटनास्थलको संरक्षण गरी त्यसको वास्तविकता चित्रण हुने गरी घटनास्थल मुचुल्का तयार गर्ने लगायतका अन्य अनुसन्धान कारवाही आरम्भ गर्नु पर्छ ।
- अपराध भएको ठाउँको विवरण, सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध र अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा खुलाएर मुचुल्का बनाउनु पर्छ ।
- यथासम्भव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाइलाको चिन्ह वा अपराधसँग सम्बन्ध हुन सक्ने अन्य कुनै महत्वपूर्ण कुराको फोटोसमेत लिनु पर्छ ।
- अनुसन्धान अधिकृतले घटनास्थलको चित्रण गरी कागजातहरु तयार गर्दा जे जस्तो देखिन्छ सोही चित्रण गर्नु पर्छ, आफै धारणा बनाई आफ्ना कुराहरु लेख्न हुँदैन ।

- तहकिकात गर्ने कर्मचारीले अपराधसँग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई वरामदी मुचुल्का बनाई कब्जामा लिनु पर्छ।

## कानूनी व्यवस्था

अनुसन्धान अधिकृतको नियुक्ति र कसूरको सूचनापछि गर्नु पर्ने कार्यहरुसँग सम्बन्धित कानूनी व्यवस्थाहरु देहायअनुसार रहेको छः

| | |
|---|---|
| बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहनेछ। त्यस्तो एकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ। | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ३* |
| (१) कुनै प्रहरी कार्यालयलाई अनुसूची-१ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबुद प्रमाण सङ्कलन गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव निम्नलिखित कुराहरु खुलाई मुचुल्का तयार गर्नु पर्नेछः<br>(क) अपराध भएको ठाउँको विवरण,<br>(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध, र<br>(ग) अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा,<br>(३) उपदफा (२) बमोजिम वस्तुस्थितिसम्बन्धी मुचुल्का तयार गर्नुको अतिरिक्त तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाइलाको चिन्ह वा अन्य कुनै महत्वपूर्ण कुराको फोटोसमेत लिन सक्नेछ।<br>(४) तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधसँग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनु पर्नेछ। | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ७* |

| | |
|---|---|
| (१) ऐनको अनुसूची-१ मा उल्लिखित अपराधको सम्बन्धमा दरखास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकी सोको जानकारी तालुक कार्यालय र सरकारी वकील कार्यालयलाई दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम तहकिकात गर्न तोकिएको प्रहरी कर्मचारीलाई मुद्दाको अनुसन्धान तहकिकातसम्बन्धी विषयमा सम्बन्धित वा तालुक प्रहरी कार्यालयको कुनै माथिल्लो दर्जाको प्रहरी अधिकृतले मिसिल अध्ययन गरी आवश्यक निर्देशन दिन सक्नेछ । अपराधको प्रकृति र गम्भीरतालाई दृष्टिगत गरी त्यस्तो तहकिकात गर्ने प्रहरी कर्मचारीको सहयोगको लागि आवश्यकता अनुसार छुट्टै अनुसन्धान टोली समेत गठन गर्न सकिनेछ ।<br>(३) प्रहरी कर्मचारीले कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी वा सुराक पाई सुराक लिन गएका बखत वा आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्तलाई पक्री र अभियुक्त पक्राउ हुन नसकेको अवस्थामा अपराधसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण लाग्ने चीज वा वस्तु फेला परेमा ती सामानहरूसमेत घटनास्थलमा अपराध भएको देख्ने व्यक्तिहरू कोही भए निजहरूको रोहबरमा आफ्नो कब्जामा लिई आवश्यकताअनुसार ठाडो मुचुल्का खडा गर्नु पर्नेछ र त्यस्तो तहकिकातको कार्य सम्पन्न नभएसम्म त्यस्तो स्थानलाई यथास्थितिमा सुरक्षित राख्नु पर्नेछ ।<br>तर, दसीको मालसामान र अपराधसँग सम्बन्धित प्रमाण लाग्ने कुनै चीज वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने किसिमको रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय गाउँ विकास समिति वा नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले पनि त्यस्तो मालसामान, चीज वा वस्तु जिम्मा लिई जिम्मा लिएको निस्सा दिनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ४* |

| | |
|---|---|
| (४) उपनियम (३) बमोजिम सुराक लिन जाने प्रहरी कर्मचारीले घटनाको सम्बन्धमा सकभर चाँडो सम्बन्धित प्रहरी कार्यालयमा खबर गर्नु पर्छ र त्यस्तो कार्यालयले पनि खबर प्राप्त हुनासाथ अनससूची-३ बमोजिमको अपराध दर्ता किताबमा त्यस्तो खबर दर्ता गरी तहकिकात गर्ने प्रहरी कर्मचारी तोक्नु पर्नेछ ।<br>(५) उपनियम (१) र (४) बमोजिम तहकिकात गर्न तोकिएको प्रहरी कर्मचारी यथाशीघ्र घटनास्थलमा पुग्नु पर्नेछ ।<br>(६) यस नियमबमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो मुद्दासम्बन्धी घटना देख्ने जान्ने वा थाहा पाउने व्यक्तिहरूसँग निजहरूले देखे, जाने, बुझेसम्मको यथार्थ व्यहोरा यथाशीघ्र खुलाई अनुसूची-४ बमोजिमको ढाँचामा कागज गराई राख्नु पर्नेछ । | |
| ऐनको दफा १० बमोजिम कुनै मुद्दाको सम्बन्धमा कुनै ठाउँ वा व्यक्तिको जीउको खानतलासी लिनु पर्दा आवश्यकताअनुसार अनुसूची-५ वा अनुसूची-६ बमोजिमको मुचुल्का खडा गर्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ५* |
| (१) ऐनको दफा ११ बमोजिम लास जाँच गर्दा तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यकता अनुसार अनुसूची-७ वा अनुसूची-८ बमोजिमको मुचुल्का खडा गर्नु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम लास जाँच मुचुल्का भइसकेपछि त्यस्तो लास जाँचबाट कुनै अपराधको परिणामस्वरुप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन नआएमा र तहकिकात गर्ने प्रहरी कर्मचारीले सो लासको शव परीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा त्यसको कारणसहित स्थानीय भद्रभलादमीको रोहबरमा पर्चा खडा गरी मिसिल संलग्न राखी शव परीक्षण नगराउन सक्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ६* |
| (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम शवको परीक्षणको लागि पठाइएको कार्य सम्पन्न भइसकेपछि बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र सम्बन्धित सरकारी चिकित्सकले अनुसूची-९ बमोजिमको शव परीक्षणको प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।<br>(२) प्रहरीद्वारा घाउजाँचको लागि पठाइएको अनुसूची-१० बमोजिमको घाउजाँच केस फारामसम्बन्धी प्रतिवेदन तथा अनुसन्धानको सिलसिलामा बुझ्नु पर्ने कुनै व्यक्तिको अवस्थाको सम्बन्धमा माग भएको जानकारी बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र उपलब्ध गराउनु सम्बन्धित अस्पताल वा हेल्थपोष्टको कर्तव्य हुनेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ७* |

| | |
|---|---|
| शव परीक्षणको लागि सरकारी चिकित्सक समक्ष शव पठाउँदा सम्बन्धित प्रहरी कर्मचारीले लासको शारीरिक अवस्था, घटनास्थलदेखि शव परीक्षण गरिने स्थानको दूरी आदिको विचार गरी लास बोक्न लाग्ने मनासिव माफिकको रकम निर्धारण गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो रकम र शव परीक्षणबापत कुनै दस्तुर लाग्ने रहेछ भने सो रकमसमेत त्यस्तो लास लिई जाने प्रहरी कर्मचारीलाई दिई पठाउनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ९* |

### १.४ प्रारम्भिक प्रतिवेदन र सरकारी वकीलको निर्देशन

कसूरका सम्बन्धमा अनुसन्धान अधिकारीले अनुसन्धान गर्न लागेको विषयमा अभियोजनकर्तालाई जानकारी होस् र निजले अनुसन्धानमा मार्गदर्शन गर्न सकोस् तथा प्रभावकारी रुपमा अनुसन्धान होस् भन्ने अभिप्रायले अनुसन्धान अधिकृतले सरकारी वकीलसमक्ष प्रारम्भिक प्रतिवेदन पठाउने र सरकारी वकीलले निर्देशन दिने व्यवस्था प्रचलित कानूनमा गरिएको छ ।

अनुसन्धान अधिकृतले प्रारम्भिक प्रतिवेदन पठाउँदा देहायबमोजिमका कुरामा ध्यान दिनु पर्छः

- जाहेरी दरखास्त परेपछि तहकिकात शुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले के के विषयमा तहकिकात गर्न लागिएको हो स्पस्ट रुपमा उल्लेख गरी सम्बन्धित सरकारी वकील कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्छ ।
- सरकारी वकीलसमक्ष प्रारम्भिक प्रतिवेदन पठाउँदा बालबालिका प्रतिवादीको रुपमा रहेको कुरा स्पस्ट रुपमा खुलाउनु पर्छ ।
- के कुन अपराधको सम्बन्धमा जाहेरी दरखास्त परेको हो भन्ने कुरा अपराधको संक्षिप्त व्यहोरा पनि प्रारम्भिक प्रतिवेदनमा खुलाउनु पर्छ ।
- अपराधको सम्बन्धमा तत्काल शङ्कास्पद व्यक्ति पक्राउ परेको वा नपरेको र पक्राउ भएका व्यक्तिहरुमध्ये बालबालिका रहे नरहेको कुरा खुलाउनु पर्छ ।
- पक्राउ परेका बालबालिकाको स्वास्थ्य स्थिति, उनीहरुलाई अदालतबाट हिरासतमा राख्ने अनुमति लिएको वा लिई नसकिएको विवरण तथा उनीहरुलाई के कुन स्थानमा हिरासतमा राखिएको छ भन्ने व्यहोरासमेत उल्लेख गर्नु पर्छ ।
- अपराध अनुसन्धानसम्बन्धी भावी योजना अर्थात के के कुराको अनुसन्धान तहकिकात गर्ने हो सो कुराको विवरण उल्लेख गर्नु पर्छ ।

अनुसन्धान अधिकृतबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले निर्देशन दिँदा देहायबमोजिमका कुराहरुमा ध्यान दिनु पर्छः

- बालबालिका पक्ष भएको मुद्दामा अनुसन्धान अधिकृतबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने कर्मचारीलाई बालबालिकाको हितसमेतलाई

मध्यनजर गरी सरकारी वकीलले अपराधको सत्यता पहिचान गर्न बढी संवेदनशील भई आवश्यक निर्देशन दिनु पर्छ ।

- यसरी निर्देशन दिँदा अनुसन्धान अधिकारीको क्षेत्राधिकार, बालबालिका लगायतका प्रतिवादीलाई पक्राउ गर्दा पुऱ्याउनु पर्ने कानूनी रीत पुऱ्याएको वा नपुऱ्याएको, अदालतबाट हिरासतमा राख्ने अनुमति लिए नलिएको, हदम्याद जस्ता कुराहरुमा सरकारी वकीलले सुक्ष्मतम् अध्ययन गरी आवश्यक निर्देशन दिनु पर्छ ।
- बालबालिका समावेश भएको मुद्दामा प्रारम्भिक प्रतिवेदन पठाउनुभन्दा पहिले भएको अनुसन्धान उपयुक्त किसिमले भएको वा नभएको र भावी अनुसन्धान योजनाको उपयुक्तता र पर्याप्तता हेरी आवश्यक निर्देशन दिनु पर्छ ।
- बालबालिकालाई हिरासतमा राखिएको स्थानको उपयुक्तता र व्यवहारबारे जानिफकार भई आवश्यक निर्देशन दिनु पर्छ ।
- बालबालिका समावेश भएको जानकारी भएपछि प्रचलित कानून र निर्देशिकाको अनुशरण गर्दै अधिकतम् रुपमा बालमैत्री वातावरण कायम गर्नेतर्फ सचेष्टता अपनाउन निर्देशन दिनु पर्छ ।
- प्रमाणको सङ्कलन र संरक्षण तथा पीडित बालबालिकाको संरक्षणको सुनिश्चितता मिलाउन निर्देशन दिनु पर्छ ।
- सरकारी वकील दिग्दर्शन, २०६३ मा उल्लिखित बालबालिका प्रतिवादी भएको मुद्दासँग सम्वन्धित व्यवस्थाको पूर्ण अनुशरण गर्नु पर्छ ।
- सरकारी वकीलले निर्देशन दिँदा मुद्दासँग सम्वद्ध कुराहरुमा मात्र सिमित रही आवश्यक कुराको निर्देशन दिनु पर्छ ।
- जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताले अपराध अनुसन्धानको प्रारम्भिक प्रतिवेदनउपर दिएको निर्देशन पालना भए नभएको सम्बन्धमा समयसमयमा अनुगमन गरी पुनः निर्देशन दिन सक्ने भनी महान्यायाधिवक्ताको कार्यालयबाट भएको परिपत्रलाई पनि निर्देशन दिने क्रममा सदैव ख्याल गर्नु पर्छ ।

## कानूनी व्यवस्था

प्रारम्भिक प्रतिवेदन पठाउने र निर्देशन दिने सम्बन्धमा देहायको कानूनी व्यवस्था रहेको पाइन्छः

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६*

(१) दफा ७ बमोजिम कुनै अपराधको तहकिकात शुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरु खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

| सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | |
|---|---|
| ● घटना वारदातको सत्यता अनुसन्धान प्रक्रियाबाटै स्थापित हुने हुँदा वारदातको वास्तविकतालाई अनुसन्धानको चरणबाट अलग गर्न नसकिने ।<br>● कसैउपर कुनै कसूरको आरोप लगाई पक्राउ गरी हिरासतमा राख्नु र निजहरूको बयान लेख्नुले अनुसन्धान भरपर्दो र विश्वासिलो हुन सक्दैन । आरोप लगाएपछि सोको सत्यताको परीक्षण अनुसन्धानको क्रममा हुनु जरुरी हुन्छ । आरोप वास्तविक भए नभएतर्फ मौका अनुसन्धानकै चरणमा विचार गरिनु पर्ने ।<br>● कानूनी व्यवस्थामा वाध्यात्मक रुपमा कर्तव्य नतोकेको अवस्था भए पनि जिम्मेवार पदाधिकारीले उक्त कानूनी प्रावधानलाई निष्क्रियताको रुपमा लिन मिल्ने हुँदैन । सरकारी वकीलले अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार कानूनले दिएको कुरालाई बिर्सन नहुने । | *ने.का.प. २०६८, अङ्क ८, निर्णय नं. ८६६८, पृ. १३७६* |
| **महान्यायाधिवक्ताको कार्यालयबाट भएको परिपत्र** | |
| सरकारी वकीलले निर्देशन दिँदा मुद्दासँग सम्बद्ध कुराहरूमा मात्र सिमित रही आवश्यक कुराको निर्देशन दिनु पर्दछ । अनावश्यक कुराहरूमा निर्देशन दिन उपयुक्त नहुने । जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताले अपराध अनुसन्धानको प्रारम्भिक प्रतिवेदनउपर दिएको निर्देशन पालना भए नभएको सम्बन्धमा समयसमयमा अनुगमन गरी पुनः निर्देशन दिन सक्ने । | *मिति २०६०/११/२० च.नं. ३१३५ (सवै पुनरावेदन सरकारी वकील कार्यालय तथा सो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरू) मार्फत जारी परिपत्र ।* |
| सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६(१) बमोजिम प्रहरीबाट प्रस्तुत हुने प्रारम्भिक प्रतिवेदन हाल केवल औपचारिकताको रूपमा मात्र सिमित रहेको तथ्यलाई मध्यनजर राख्दै तत्सम्बन्धमा तत्काल आवश्यक सुधार गर्न उक्त प्रतिवेदनमा घटनाको वस्तुनिष्ठ तथ्यगत विवरणका अतिरिक्त कस्ता प्रमाणहरू सङ्कलन गरिनु पर्ने अवस्था रहेको छ, सरकारी वकीलबाट के कस्ता कुरामा निर्देशन दिनु पर्ने अवस्था छ जस्ता कुराहरू स्पष्ट खुलाई विवरण समावेश गरी अपराध अनुसन्धान गर्न सबै सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिने र प्रारम्भिक प्रतिवेदन पेश हुँनासाथ | *महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरूलाई मिति २०६७/१२/२७ मा जारी गरिएको कार्य निर्देशिका ।* |

सम्बन्धित सरकारी वकीलले प्रहरी अनुसन्धानकर्तासँग आवश्यक परामर्श गरी अपराध अनुसन्धानको कानूनी कार्यविधि र सङ्कलन गर्नु पर्ने प्रमाणको वैधताका सम्बन्धमा प्रहरी अनुसन्धानकर्तालाई तत्काल निर्देशन दिने परिपाटीलाई व्यवस्थित गर्ने । यसरी दिइएको निर्देशनहरूको टिपोट तयार गरी प्रारम्भिक प्रतिवेदन साथ संलग्न गरी फाइलमा राख्ने परिपाटीलाई संस्थागत गर्ने । सम्बन्धित पुनरावदेन सरकारी वकील कार्यालयले प्रत्येक महिना आफू मातहतका सरकारी वकील कार्यालयले सम्पादन गर्नु पर्ने गरी जारी गरिएको उपर्युक्त निर्देशनको पालना भए नभएको र भएकोमा वस्तुगत ढङ्गबाट भए नभएको निरीक्षण गरी महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धान महाशाखामार्फत महान्यायाधिवक्तासमक्ष पेश गर्ने ।

**१.५ आरोपित बालबालिकाको नियन्त्रण**

वैयक्तिक स्वतन्त्रता मानवीय मूल्य र मान्यतासँग अन्तरसम्बन्धित रहने भएकाले यो अधिकारलाई हरेक व्यक्तिको नैसर्गिक अधिकारको रुपमा विश्वभर मान्यता प्राप्त छ । एउटा सामान्य नागरिकलाई मात्र होइन, अपराधिक कार्यमा संलग्न व्यक्तिकै हकमा पनि केही निश्चित अधिकारहरु प्राप्त छन् । कानूनद्वारा निश्चित गरिएका यी अधिकारहरुको विपरीत हुने गरी कुनै कसूरको अभियोग लागेको अभियुक्तनै भए पनि निजलाई गिरफ्तार गर्ने वा थुनामा राख्ने वा जथाभावी व्यवहार गर्न पाइदैन । बालबालिका प्रतिवादीलाई नियन्त्रणमा लिँदा अझ थप संवेदनशीलता अपनाउनु पर्ने हुन्छ । बालबालिका प्रतिवादीलाई अपराध अनुसन्धानका क्रममा नियन्त्रणमा लिँदा देहायबमोजिमको प्रकृया अवलम्बन गर्नु पर्छः

- बालबालिका प्रतिवादीलाई नियन्त्रणमा नलिएर पनि अनुसन्धान हुन सक्ने अवस्थामा यथाशक्य नियन्त्रणमा नलिएरै अनुसन्धानको कार्य गर्नु राम्रो हुन्छ ।
- बालबालिका प्रतिवादीलाई नियन्त्रणमै लिनु पर्ने अवस्था परी नियन्त्रणमा लिँदा पनि प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्छ । बालिकालाई नियन्त्रणमा लिँदा यथाशक्य सादा पोशाकका महिला प्रहरीद्वारा लिनु पर्छ ।
- बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा नियन्त्रणमा लिने अधिकारीले आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्छ ।
- बालबालिकालाई नियन्त्रणमा लिँदा नियन्त्रणमा लिनु परेको कारणका बारेमा जानकारी दिएर मात्र नियन्त्रणमा लिनु पर्छ ।
- नियन्त्रणमा लिनु पर्नाको कारणसहितको सूचना दिँदा सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को अनुसूची-११ बमोजिमको ढाँचामा दिनु दिनु पर्छ ।
- नियन्त्रणमा लिइएको बालबालिकालाई अपराध अनुसन्धानको क्रममा नियन्त्रणमा रहँदा निजलाई प्राप्त हुने निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्छ । जस्तोः

   » प्रतिरक्षी कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार,
   » नियन्त्रणमा परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई पाउने अधिकार,
   » कसूरदार प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार,
   » आफ्नोविरुद्ध बयान दिन वाध्य हुनु नपर्ने अधिकार,
   » यातना एवं अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको अधिकार ।
- बालबालिकालाई नियन्त्रणमा लिँदा सम्भव भएसम्म नियन्त्रणमा लिइने बालबालिकाको बाबुआमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालबालिकाले गरेको कसूरका सम्बन्धमा सूचना दिएर नियन्त्रणमा लिनु पर्छ ।
- बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा सकेसम्म बल प्रयोग नगरी उनीहरुलाई विश्वासमा लिई नियन्त्रणमा लिनु राम्रो हुन्छ जसबाट उसले आफूलाई गम्भीर अपराधीको रुपमा नबुझोस् र समाजप्रति सदाका लागि नकारात्मक भावना नबनाओस् ।
- बालबालिकालाई नियन्त्रणमा लिँदा हतकडी लगाउन हुँदैन ।
- नियन्त्रणमा लिइएका बालबालिकालाई नियन्त्रणमा लिइएको ठाउँबाट कार्यालयसम्म ल्याउँदा बाटोमा पनि सकेसम्म अन्य बालिग अभियुक्तका साथमा नल्याई छुट्टै हिसाबले ल्याउँदा राम्रो हुन्छ र प्रहरी पनि सादा पोशाकमा रहन राम्रो हुन्छ ।
- नियन्त्रणमा परेको बालबालिकालाई निजले कानून व्यवसायी राख्न सक्ने कुरा बताई दिई निजले कानून व्यवसायी राख्न चाहेमा निजले चाहेको कानून व्यवसायीसँग भेटघाटको प्रबन्ध मिलाई दिनु पर्छ ।
- नियन्त्रणमा परेको बालबालिकालाई पक्राउ परेलगत्तै नजिकको स्वास्थ्य संस्थामा लगी शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गराउनु पर्दछ ।
- नियन्त्रणमा नलिई नहुने भई नियन्त्रणमा लिएकोमा पनि नियन्त्रणमा लिई सकेपछि कुनै बालबालिकालाई अनुसन्धानको क्रममा नियन्त्रणमा राखिरहन आवश्यक नदेखिएमा सम्बन्धित अनुसन्धान अधिकृतले त्यस्तो बालबालिकालाई निजको बाबु, आमा वा संरक्षकको जिम्मामा हाजिर जमानीमा छोड्न हुन्छ ।

**संवैधानिक व्यवस्था**

| | | |
|---|---|---|
| (१) | कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । | *नेपालको संविधान, २०७२ को धारा १७* |
| (१) | कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । | *नेपालको संविधान, २०७२ को धारा २०* |

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्धारा पुर्पक्ष गर्ने हक हुनेछ ।
स्पष्टीकरणः यस उपधाराको प्रयोजनको लागि “कानून व्यवसायी” भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्धमा साक्षी हुन वाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ ।

## कानूनी व्यवस्था

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४*

(१) यस ऐनबमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिव कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ । कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग सक्नेछ ।

(४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

| | |
|---|---|
| (५) यस दफाबमोजिम पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चीज वा खरखजाना, हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ । | |
| यस ऐनबमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिएबमोजिम सरकारी वकीलको सहमति लिई वा अवस्थाअनुसार नलिई मनासिव कारणसहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २१* |
| (१) ऐनको अनुसूचि १ मा उल्लेखित अपराधका अभियुक्तलाई प्रहरीले तहकिकातको सिलसिलामा खोजतलास गरी पक्रने भरमग्दुर प्रयास गर्नु पर्नेछ । र पक्राउमा परेको अभियुक्तलाई अनुसूची ११ बमोजिम पक्राउ पुर्जी दिनु पर्नेछ ।<br>(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्राउ गर्नु पर्ने मनासिव आधार नदेखिएको अवस्थामा पक्राउ नगरी अनुसन्धान गर्नु पर्ने छ ।<br>(३) उपनियम (१) बमोजिम पक्राउ भएको अभियुक्तलाई प्रहरी हिरासतमा राख्नु परेमा ऐनको दफा १५ को रीत पुऱ्याई अनुसूची-१२ बमोजिमको थुनुवा पूर्जी दिई हिरासतमा राख्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ९* |
| (१) ऐनको दफा २१ बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखी रहन आवश्यक नदेखिएमा सो कुराको कारण खोली पर्चा खडा गरी त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छोड्नको निमित्त सरकारी वकीलको सहमतिको लागि पत्र लेखी मिसिलसमेत सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सहमतिको लागि लेखि आएमा सरकारी वकीलले मिसिल संलग्न कागजहरूको अध्ययनबाट त्यस्तो व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखेमा हाजिर जमानीमा छोड्ने सहमति दिन सक्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ११* |

| | |
|---|---|
| (३) उपनियम (१) बमोजिम सरकारी वकीलसँग तत्काल सहमति लिन नसकिने मनासिब अवस्था परेमा त्यसको कारण जनाई प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले हाजिर जमानीमा छोड्नु पर्नाको कारणसमेत खोली पर्चा खडा गरी छोड्न सक्नेछ र यसरी छोडिएकोमा त्यसको जानकारी सरकारी वकील कार्यालयलाई अविलम्ब दिनु पर्नेछ । | |
| (१) प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०* |
| बालकले गरेको कसूरको प्रचलित कानूनबमोजिम अनुसन्धान तथा तहकिकात गर्दा नियम ३ बमोजिमको प्रहरी एकाई वा कर्मचारीले प्रचलित कानूनमा लेखिएको व्यवस्थाका अतिरिक्त देहायबमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछः<br>(क) प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्ने,<br>(ख) बालकलाई पक्राउ गर्नु पर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने,<br>(ग) पक्रिएको बालकलाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने,<br>(घ) सम्भव भएसम्म बालकको बाबुआमा भए दुवैलाई वा कम्तीमा एक जनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूरका सम्बन्धमा सूचना दिनु पर्ने,<br>(ङ) नजिकैको सरकारी अस्पतालमा वा चिकित्सकबाट तुरुन्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४* |

| सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | |
|---|---|
| फौजदारी अभियोग लागेका बालबालिकालाई न्यायिक वा अर्धन्यायिक निकायमा लैजादा हतकडी प्रयोग गर्ने गरिएको र कारागारमा राख्दा ठुला कैदीका साथ राखिएको भन्ने सम्बन्धमा बालबालिकालाई क्रुर र यातनापूर्ण व्यवहार हुनु, बाल सुधार गृहको व्यवस्था नहुनु, हतकडीको प्रयोग कानूनसम्मत मान्न सकिदैन । | *सम्वत् २०५६ सालको रिट नं. ३५०५ आदेश मिति २०५८/४/२३, परमादेश, अधिवक्ता बालकृष्ण मैनाली विरुद्ध गृह मन्त्रालयसमेत* |

**१.६ नियन्त्रणमा लिइएका बालबालिकाको मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थिति**

पक्राउ गरी थुनामा राख्दा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको निलम्बन हुन पुग्दछ । यस्तो स्वतन्त्रताको निलम्बन अनावश्यक रुपमा र स्वेच्छाचारी एवं गैरकानूनी तरिकाबाट हुन नपाओस् भन्ने उद्देश्यले पक्राउ गर्न अधिकारप्राप्त व्यक्तिले कुनै व्यक्ति पक्राउ पर्नासाथ निश्चित समयावधिभित्रै त्यस्तो व्यक्तिलाई थुनामा राख्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्नु अनिवार्य हुन्छ । यो व्यवस्था बालिग व्यक्तिहरुका सम्बन्धमा पनि लागू हुने व्यवस्था हो तापनि बालबालिका प्रतिवादीहरुका हकमा अझ संवेदनशीलताका साथ लागू गर्नु पर्ने हुन्छ । नियन्त्रणमा लिइएका बालबालिकालाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउँदा देहायका कुराहरुमा ध्यान पुर्‍याउनु पर्ने हुन्छः

- नियन्त्रणमा लिइएको वा रहेको बालबालिका दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने हुँदा त्यस्ता बालबालिकालाई तदनुरुपनै व्यवहार गर्नु पर्छ ।
- नियन्त्रणमा लिइएको बालबालिकालाई थुनामा राख्ने कुरालाई अन्तिम विकल्पको रुपमा मात्र लिइनु पर्छ ।
- नियन्त्रणमा लिइएका बालबालिकालाई यथाशक्य थुनामा राख्न नहुने हुँदा पक्राउ पर्नासाथ निजबाट भएको बिज्याँईको गम्भीरता, त्यसबाट पीडित पक्ष वा समाजलाई पुग्न गएको हानी नोक्सानी वा उत्पन्न हुन गएको भय वा प्रतिवादी बालबालिकाकै सुरक्षामा उत्पन्न जोखिम आदिलाई हेरी थुनामा राखिरहनु नपर्ने अवस्था देखिएमा अभिभावक वा संरक्षकको जिम्मा लगाई छोडिदिनु राम्रो हुन्छ ।
- नियन्त्रणमा लिइएको बालबालिकालाई जमानीमा छोड्न नसकिने भई थुनामै राखिरहनु पर्ने अपवादात्मक अवस्था सिर्जना भएकोमा पनि चौबीस घण्टाभन्दा बढी समयावधिसम्म थुनामा राख्नु पर्ने भएमा पक्राउ परेको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्छ ।
- मुद्दा हेर्ने अधिकारीकै अनुमति प्राप्त हुँदा पनि बालबालिका प्रतिवादीलाई हिरासतमा राख्दा वयस्क प्रतिवादीको साथमा राख्न हुँदैन । यस्ता बालबालिकालाई बाल सुधार गृहमा वा बाल

सुधार गृहका रुपमा सञ्चालित बालकल्याण गृह वा अन्य सामाजिक संस्थामा राख्नु पर्छ ।

- मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन लैजादा बालबालिकालाई हतकडी लगाउन हुँदैन ।
- बालबालिकाहरुलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन लैजादा सम्भव भएसम्म अन्य वयस्क अभियुक्तका साथमा लैजान हुँदैन । साथमा जाने प्रहरी कर्मचारीले पनि सादा पोशाकमा जाँदा राम्रो हुन्छ ।
- अनुसन्धान तहकिकातका क्रममा नियन्त्रणमै राख्नु पर्ने भई नियन्त्रणमा राखिएको अवस्थामा पनि बालबालिकाको मुद्दालाई प्राथमिकतामा राखी अनुसन्धान तहकिकातको कार्य शीघ्र सम्पन्न गर्नु पर्छ । यस्ता बालबालिकालाई यथाशक्य कम समयमात्र नियन्त्रणमा रहनु परोस् भन्ने अवस्थातर्फ अनुसन्धान तहकिकातमा संलग्न प्रहरी कर्मचारी सदैव सतर्क रहनु पर्छ ।
- हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्नु पर्छ र आफन्तसँग भेटघाट गर्न दिनु पर्छ ।
- कुनै बालबालिकालाई थुनामा राख्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउँदा त्यस्तो बालबालिकाले आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्ने हुँदा आफूकहाँ उपस्थित गराउन ल्याउँदा त्यस्तो बालबालिकाका सम्बन्धमा अदालतले पनि विशेष ध्यान पुऱ्याउनु पर्छ ।

**संवैधानिक व्यवस्था**

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।

*नेपालको संविधान, २०७२ को धारा २०*

**कानूनी व्यवस्था**

(२) अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमती लिएरमात्र थनामा राख्नु पर्नेछ । सोबमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यस्को आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५*

| | |
|---|---|
| (३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ ।<br>(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको देखिएमा एक पटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । | |
| (५) अदालतमा दायर भएको ऐनको अनुसूची-१ मा उल्लिखित अपराधको अभियुक्त जहिले सुकै गिरफ्तार भएमा पनि निजलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र सकभर चाँडो प्रहरीले सरकारी वकीलमार्फत अदालतमा उपस्थित गराउनु पर्नेछ । त्यस्तो अभियुक्तको बयान प्रहरी कार्यालयमा गराइरहनु पर्दैन । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ९* |

**सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त**

| | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) ले मुद्दा हेर्ने अधिकारीलाई ऐनमा उल्लिखित अवस्थामा बालकलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा मुद्दाको पुर्पक्षका लागि थुनामा नराख्ने आदेश दिन सक्ने स्वविवेकीय अधिकार दिएकोसम्म देखिन्छ, बाध्यात्मक नदेखिने । | *ने.का.प. २०५१, नि.नं. ४९४९, पृ. ५७६* |
| व्यक्तिको मौलिक हकको रुपमा रहेको संविधानले प्रदान गरेको पक्राउ गरेको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने संवैधानिक प्रत्याभूतिलाई प्रत्येक व्यक्ति वा निकायले पालना गर्नु पर्ने । चौबीस घण्टाको अवधि गणना गर्दा सार्वजनिक विदालाई बाहेक नगरिएको अवस्थामा सैनिक ऐनमा सार्वजनिक विदाको दिनलाई चौबीस घण्टाको अवधिभित्र गणना नगरिने भनी गरिएको व्यवस्था संविधानअनुकूल देखिन नआउने । | *माधवकुमार बस्नेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, ने.का.प. २०६६ पृष्ठ १०७०, नि.नं. ८१८४* |

| | |
|---|---|
| निवेदकले कसूर गरेको हो भने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम थुनामा राखेरनै अनुसन्धान गर्ने सविधानको धारा १४(६) को व्यवस्थाबमोजिम पक्राउ गरेको मितिले २४ घण्टाभित्र निवेदकलाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरी मुद्दा हेर्ने अधिकारीको आदेशानुसार मात्र थुनामा राख्नु पर्नेमा अपराध घटी सकेपछि पनि मुद्दा हेर्ने अधिकारीसमक्ष पेश नगरी विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ९ बमोजिम नजरबन्दमा राखेको कार्य गैरकानूनी भएको । | *युवराज चौलागाईको हकमा सीतादेवी चौलागाई विरुद्ध गृह मन्त्रालय, स.अ.बु. २०६१, पूर्णाङ्क ३०५, पृ. २४* |
| वस्तुतः अभियुक्त पक्राउ भएपछि अनुसन्धानको लागि प्रहरी हिरासतमा रहने हुन्छ । अनुसन्धानबाट कसूर गरेको नदेखिएमा हिरासतमा रहेको अभियुक्तउपर मुद्दा नचल्ने भई प्रहरी हिरासतमा रहेको अभियुक्त अनुसन्धानको तहबाट हिरासतबाट छुट्न सक्ने हुन्छ भने अनुसन्धानपछि सबुद प्रमाणको आधारमा प्रहरी हिरासतमा रहेको अभियुक्तउपर मुद्दा नचल्न पनि सक्छ । बन्दीलाई शुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानको लागि हिरासतमा राखिएको र पक्राउ भएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराएको नदेखिएकोले सो थुना गैरकानूनी हुन्छ । | *रघुनाथ अग्रवाल विरुद्ध जि.प्र.का. काठमाडौंसमेत, ने.का.प. २०५२, पृ. ५९७, नि.नं. ६०३८* |
| प्रहरीद्वारा गिरफ्तार गरी २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराई थुनमा राख्ने कार्यलाई संविधान तथा कानूनसङ्गत मान्न नमिल्ने । | *ने.का.प. २०४९, पृ. ३१, नि.न. ४४५०* |
| केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिँदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी वाध्यता भएको स्थितिमा बन्दीलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नु पर्ने कुनै कारण खुलाएको नदेखिएकोले थुनामा राख्ने कुराका सम्बन्धमा भएको सो आदेश बेरितको देखिन गएको ।<br><br>तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउनु पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने ।<br><br>अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामा नराखी तहकिकात हुन नसक्ने वा बाधा पर्ने स्थिति वा तहकिकातको लागि थुनामै राख्नु पर्ने अवस्था स्पष्ट उल्लेख गरी प्रहरी कर्मचारीले अनुमति माग गर्नु पर्ने र त्यसरी दर्शाइएको अवस्थामा निजबाट भइराखेको अनुसन्धान तहकिकात सन्तोषजनक छ, छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनु पर्ने कानूनी व्यवस्था रहेको छ । | *मुक्तिनारायण प्रधानको हकमा उपेन्द्रकुमार प्रधान विरुद्ध गृह मन्त्रालयसमेत, स.अ.बु. २०५४, पूर्णाङ्क १९९, पृ. १४* |

| | |
|---|---|
| तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउन पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने देखिन आउछ। ... केवल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धाननै अवरूद्ध हुने जस्ता कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिँदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी वाध्यता देखिन आउँछ। | *केशव भन्ने शेरबहादुरको हकमा माया पाठक विरुद्ध गृह मन्त्रालयसमेत, ने.का.प. २०५३, नि.नं. ६१८२, पृ. ३३४* |
| अनुसन्धान अधिकारीलाई निवेदकले दुई वटा वारदात घटाएको कुरा ठगी मुद्दाको अनुसन्धानको क्रममा थाहा भएको, सो दुवै वारदात घटनाको सम्बन्धमा उती बेलानै अनुसन्धान भई मुद्दा दायर भएको भए सबैभन्दा ठूलो कलममा मात्र सजाय हुने दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्थाबाट देखिएको हुँदा सोही वखत मुद्दा नचलाई हाल आएर पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा राखेको थुनालाई कानूनबमोजिम थुनामा राखेको भन्न नमिल्ने। आफ्नै हिरासतमा रहेका प्रतिवादीलाई सोही बखत झुठ्ठा नागरिकता किर्ते मुद्दामा अनुसन्धान नगरी हाल आएर ठगी मुद्दाबाट सफाई पाई छुटी जाने भएपश्चात् मात्र अनुसन्धानको लागि भनी प्रवृत्त भावना राखी थुनामा राखेको कार्यलाई कानून र न्यायसङ्गत भन्न नमिल्ने। | *मणीकुमार राईको हकमा एड्भोकेसी फोरमका तर्फबाट अधिवक्ता नानीबाबु खत्री विरुद्ध विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत, ने.का.प. २०६६ पौष, अङ्क ९, निर्णय नं. ८२२१, पृष्ठ १४८३* |

**१.७ बालबालिकालाई अनुसन्धानका लागि नियन्त्रणमा राख्ने**

बालबालिकालाई यथाशक्य अनुसन्धान अधिकारीको नियन्त्रणमा नराखीकनै अनुसन्धान तथा तहकिकातको कार्य गर्नु बालबालिकाको हितमा हुन्छ। नियन्त्रणमै राखेर अनुसन्धान गर्नु पर्दा पनि बालबालिकाको सर्वोत्तम हितलाई सदैव ध्यानमा राख्नु पर्दछ। बालबालिकालाई नियन्त्रणमा राख्दा देहायका कुराहरुमा ध्यान दिनु पर्छः

- बालबालिकालाई नियन्त्रणमा राख्दा वयस्क अभियुक्तका साथ राख्नु हुँदैन। सम्भव भएसम्म बाल सुधार गृहमा र सो नभएमा बाल सुधार गृहको रुपमा सञ्चालित बालकल्याण गृह वा अन्य संस्थामा राखी उनीहरुमा पर्न सक्ने नकारात्मक असरबाट जोगाउनु पर्छ।
- बालबालिकाको उमेर, व्यक्तित्व, लिङ्ग वा अपराधको प्रकृतिअनुसार बालबालिकाहरुलाई विभाजन गरी यथाशक्य फरकफरक स्थानमा राख्नु पर्छ।
- बालबालिकालाई नियन्त्रणमा राख्दा कडा सुरक्षा व्यवस्था भएका स्थानमा नराखी सादा पोशाकका प्रहरीद्धारा सुरक्षाको व्यवस्था मिलाउनु पर्छ।
- नियन्त्रणमा राख्दा बालबालिकाको स्वास्थ्यको सुरक्षा र मानव सम्मानका लागि आवश्यक पर्ने न्यूनतम् सुविधाहरु उपलब्ध गराउनु पर्छ।

- बालबालिकालाई अनुसन्धान तहकिकातका लागि नियन्त्रणमा राख्दा निजले आफ्नै विछ्यौना प्रयोग गर्न चाहेमा वा आफुलाई आवश्यक पर्ने सामानहरु राख्न चाहेमा सोबमोजिम प्रयोग गर्न वा राख्न दिनु पर्छ ।
- नियन्त्रणमा रहेको बालबालिकाले स्वास्थ्य तथा सरसफाईसम्बन्धी सुविधाहरु प्रयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्छ ।
- बालबालिकालाई गुणस्तरयुक्त, पुग्ने परिमाणको र ठिक समयमा खाना उपलब्ध गराउनु पर्छ ।
- नियन्त्रणमा रहेको बालबालिकालाई शारीरिक वा मानसिक कुनै पनि यातना दिनु हुँदैन र थुनामा रहेको कारण निज बालबालिकाको बाल मस्तिस्कमा पर्न सक्ने नकारात्मक असर पर्न नदिनेतर्फ सदैव सचेष्टता अपनाउनु पर्छ ।
- परिवारसँग भेटघाटको प्रबन्ध मिलाउनु पर्छ ।

**संवैधानिक व्यवस्था**

| | |
|---|---|
| (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।<br>(२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति पाउने हक हुनेछ । | *नेपालको संविधान, २०७२ को धारा २२* |

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) नेपाल सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरुलाई राखिनेछः<br>(क) कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक, | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२* |
| प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५* |

| सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(२)(क) ले कुनै कसूरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालकलाई सुधार गृहमा राखिने स्पस्ट व्यवस्था देखिएको । | *बब्लु गोडियाका हकमा आशिष अधिकारी विरुद्ध बाँके जिल्ला अदालतसमेत, सम्वत् २०५७ सालको रिट नं. ३३९०, आदेश मिति २०५८/४/२३* |
| बालबालिकालाई कुनै कसूरको अभियोग लागी मुद्दाको अनुसन्धान वा पुर्पक्षको लागि थुनामा राख्नु पर्दा होस् वा कसूर ठहर भई कैदमा बस्नु पर्दा होस्, उमेर पुगेका व्यक्तिसरह उनीहरुलाई नराखी सुधार गृहमा राख्नु पर्ने । | *अब्राम तामाङ विरुद्ध जिल्ला अदालत धादिङसमेत काठमाडौं, आदेश मिति २०६८/१२/७* |

**हिरासतमा रहेका व्यक्तिलाई आफन्त वा कानून व्यवसायीमार्फत भेटघाट गर्न दिने सम्बन्धमा मिति २०६४/५/२१ मा भएको सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम २२ बमोजिम गठित समन्वय समितिको निर्णयः**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ग) मा "हिरासतमा रहेका व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने" भन्ने व्यवस्था भएकोले सो संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नका लागि देहायबमोजिम मानवोचित व्यवहारको न्युनतम् मापदण्ड, आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्ने प्रक्रिया र सोको अनुगमन गर्ने प्रक्रियासमेत तय गरिएको छः

१) **नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ग) को प्रयोजनार्थ हिरासतमा रहेका व्यक्तिलाई उपलब्ध हुनु पर्ने सुविधा, आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्न दिने प्रक्रिया तथा उजुरी दिने व्यवस्था सम्बन्धमा देहायबमोजिम गर्न मनासिव हुनेः**

क) हिरासतमा राख्ने अधिकारप्राप्त निकाय तथा पदाधिकारीले कुनै व्यक्तिलाई हिरासतमा राख्दा देहायबमोजिम सुविधाहरू उपलब्ध गराउनु पर्नेः

१) हिरासत कक्षमाः

» हिरासतमा रहेका व्यक्तिको लागि सुत्ने ठाउँ, कोठाको उपयुक्त व्यवस्था हुनु पर्ने,

» सम्भव भएसम्म हिरासत स्थल वा कोठामा एक आपसमा मिलेर बस्न सक्ने व्यक्ति

छनौट गरी मिलाई राख्ने व्यवस्था हुनु पर्ने,

» पर्याप्त हावा तथा उज्यालोको व्यवस्था हुनु पर्ने,

» हिरासतमा रहेका व्यक्तिलाई आवश्यक ओढ्ने तथा ओछ्याउने सामग्री उपलब्ध गराई दिने व्यवस्था हुनु पर्ने,

» पिउने पानी उपलब्ध गराउने व्यवस्था हुनु पर्ने,

» हिरासतमा बस्ने व्यक्तिको आवश्यकताअनुसार चर्पीको व्यवस्था हुनु पर्ने,

» नुहाउने तथा लुगा धुने सुविधा हुनु पर्ने,

» धार्मिक नित्यकर्म गर्ने सुविधा उपलब्ध हुनु पर्ने,

» आफ्नै स्रोत वा माध्यमबाट पुस्तक वा पत्रपत्रिका प्राप्त गरी वा किनी पढ्न पाउने सुविधा हुनु पर्ने,

» सम्भव भएसम्म आफन्त र कानून व्यवसायीसँग चिठ्ठीपत्र र टेलिफोन वार्ताको सुविधा उपलब्ध हुनु पर्ने ।

२) स्वास्थ्य परीक्षणको सुविधा उपलब्ध हुनु पर्ने,

३) कानूनले तोकेको सिधा खर्च समयमा उपलब्ध गराउने व्यवस्था हुनु पर्ने,

४) हिरासतमा रहेका व्यक्तिप्रति शिष्ट र मर्यादित व्यवहार गरिनु पर्ने ।

ख) हिरासतमा रहेको व्यक्तिले आफन्तसँग भेटघाट गर्न पाउने व्यवस्था गर्न देहायबमोजिम गर्नु पर्नेः

१. हिरासतमा रहेको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्वरसमेतको अभिलेख हिरासतमा राख्ने कार्यालयले राख्ने व्यवस्था हुनु पर्ने ।

२. सम्भव भए प्रत्येक हिरासत केन्द्रमा सहयोग कक्ष (Help Desk) को व्यवस्था मिलाउनु पर्ने । त्यस्तो सहयोग कक्षले हिरासतमा रहेका व्यक्तिको आफन्त तथा आगन्तुकलाई आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था हुनु पर्ने ।

३. हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराई दिने व्यवस्था हुनु पर्ने ।

४. कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सोको अवसर उपलव्ध गराउने व्यवस्था हुनु पर्ने ।

५. भेटघाटको लागि उपलब्ध भएसम्म छुट्टै कक्ष वा कोठाको व्यवस्था हुनु पर्ने ।

६. भेटघाटको लागि निश्चित समय निर्धारण गरिदिनु पर्ने ।

७. भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक वितरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था हुनु पर्ने ।

८. हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेट गर्न चाहेको निजको नजिकको नातेदारलाई खबर गर्ने व्यवस्था हुनु पर्ने ।

९. हिरासतमा रहेका व्यक्तिलाई सामान्यतया हप्ताको २ पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था हुनु पर्ने ।

१०. हिरासतमा रहेका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था हुनु पर्ने ।

ग) हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायीसँग भेटघाट गर्न पाउने व्यवस्था गर्न देहायबमोजिम गर्नु पर्नेः

१. कानून व्यवसायीसँग भेटघाट गर्न र परामर्श गर्न सक्ने समय निर्धारण गरेको हुनु पर्ने ।

२. कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा त्यस्तो भेटघाटको अवसर उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

३. हिरासतमा रहेका व्यक्तिले भेटघाट वा परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना र प्रमाणपत्र नम्बर उल्लेख गरी हिरासतमा राख्ने निकायले अभिलेख राख्ने व्यवस्था हुनु पर्ने ।

४. हिरासतमा रहेको व्यक्ति तथा निजको कानून व्यवसायी बीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दुरी वा स्थानमा उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

५. स्थानीय स्तरमा निशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत सम्बन्धित अधिकारीले राख्ने र कुनै हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराउने संस्था वा कानून व्यवसायीमार्फत आवश्यक सहायता उपलब्ध गराई दिन अनुरोध गरिदिने व्यवस्था हुनु पर्ने ।

६. पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा सम्भव भएसम्म उपलब्ध गराई दिने व्यवस्था हुनु पर्ने ।

७. कानून व्यवसायीले हिरासतमा रहेको कुनै व्यक्तिलाई भेट्दा कानून व्यवसायीको व्यावसायिक आचारसंहिताको पालना गर्नु पर्दछ भने कुराको जानकारी प्राप्त गर्ने व्यवस्था हुनु पर्ने ।

घ) हिरासतमा रहेका व्यक्तिहरूले उजुरी दिन पाउने व्यवस्था गर्न देहायबमोजिम गर्नु पर्नेः

१. हिरासतभित्र मानवोचित व्यवहार नभएको र आफन्तसँग तथा कानून व्यवसायीसँग भेटघाटको अवसर उपलब्ध नगराएको विषयमा हिरासतमा रहेका व्यक्तिले उजुरी दिन पाउने व्यवस्था हुनु पर्ने ।

२. हिरासतमा रहेको व्यक्तिलाई उजुरी दिने स्थान र प्रक्रिया निर्धारण गरिएको जानकारी पुस्तिका (Meta Card) थुनुवा पूर्जीसँगै उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

३. हिरासतभित्र उजुरी दिन सकिने कुरा, उजुरी दिने प्रक्रिया आदि उल्लेख गरिएको सूचना प्रत्येक हिरासत केन्द्रभित्रै सार्वजनिक रूपमा राख्ने व्यवस्था हुनु पर्ने ।

४. उजुरी दिने व्यवस्थालाई कार्यरूप दिन हिरासतमा रहेका व्यक्तिलाई कमसेकम कागज तथा कलम/सिसाकलमको व्यवस्था हुनु पर्ने ।

५. हिरासतमा राख्न पाउने कार्यालयमा राखिएको उजुरी वा सिकायत पेटिकामा हिरासतमा रहेका व्यक्तिहरूको पहुँच हुन सक्ने व्यवस्था हुनु पर्ने ।

६. सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले उक्त उजुरी वा सिकायत पेटिका नियमित रूपमा खोल्ने तथा सम्बन्धित जिल्ला न्यायाधिवक्ताले सो उजुरीउपर छानविन गर्ने कार्यमा हिरासतमा राख्ने निकायले पूर्ण रूपमा सहयोग गर्नु पर्ने ।

७. सम्बन्धित जिल्ला न्यायाधिवक्ताले प्राप्त उजुरीहरूउपर छानविन गरी सम्बन्धित अधिकारीलाई दिएको निर्देशन त्यस्तो अधिकारीले पूर्ण रूपमा पालना गर्नु पर्ने ।

८. सम्बन्धित जिल्ला न्यायाधिवक्ताले प्राप्त उजुरीहरूउपर आवश्यक छानविन गर्दा कुनै कठिनाई आइपरेमा सो उजुरीमा छानविन गर्न सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तासमक्ष पठाउन सक्नेछ । त्यसरी प्राप्त हुन आएको उजुरीउपर छानविन गरी सम्बन्धित अधिकारीलाई दिएको निर्देशन त्यस्तो अधिकारीले पूर्ण रूपमा पालना गर्नु पर्ने ।

२) **हिरासतमा रहेको व्यक्तिले दिएको उजुरीउपर छानविन एवं कारवाही सम्बन्धमा देहायबमोजिमको प्रक्रिया निर्धारण गरी देहायबमोजिम अधिकार प्रत्यायोजन गर्न उपयुक्त देखिएको:**

१. हिरासतमा राख्न पाउने प्रत्येक कार्यालयमा थुनुवा वा बन्दीको पहुँच हुने स्थानमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले एउटा उजुरी वा सिकायत पेटीका राखी सम्बन्धित जिल्ला न्यायाधिवक्ताले त्यस्तो सिकायत पेटीका सामान्यतया हप्ताको दुई पटक खोली उजुरी सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

२. त्यस्तो उजुरीउपर सम्बन्धित जिल्ला न्यायाधिवक्ताले छानविन गर्दा हिरासतमा रहेका व्यक्तिलाई उपरोक्त दफा १ को खण्ड (क), खण्ड (ख), र खण्ड (ग) मा उल्लेखित सुविधा प्रदान गरिएको छ, छैन छानविन गरी त्यस्तो सुविधा प्रदान गरेको नपाइएमा त्यस्तो सुविधा उपलब्ध गराउनु भनी सम्बन्धित अधिकारीलाई निर्देशन दिने र सोको जानकारी सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

३. प्राप्त उजुरीउपर छानविन गर्न वा निर्देशन दिन सम्बन्धित जिल्ला न्यायाधिवक्तालाई कठिनाई परेमा सो उजुरीउपर छानविन गरी आवश्यक कारवाही गर्नका लागि सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तासमक्ष आफूले छानविनका क्रममा गरेको कामको विवरण र सहन्यायाधिवक्तासमक्ष पठाउनु पर्नाको कारणसमेत उल्लेख गरी त्यस्तो उजुरी पठाउने र सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पनि दिने ।

४. सहन्यायाधिवक्ताले त्यस्तो उजुरीउपर छानविन गरी कुनै निर्देशन दिनु पर्ने देखिएमा सम्बन्धित अधिकारीलाई कार्यान्वयनको लागि निर्देशन दिने । यसरी दिइएको निर्देशनको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाउने ।
५. महान्यायाधिवक्तासमक्ष कुनै उजुरी प्राप्त भएमा निजले आफै वा मातहतका अधिकृतबाट आवश्यक छानविन गरी गराई कुनै निर्देशन दिनु पर्ने देखिएमा सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

**१.८ बालबालिकाको बयान**

कुनै कसूरको आरोप लागेको बालबालिकासँग अनुसन्धानका क्रममा निजको भनाई लिखित रुपमा लेखवद्ध गर्नु पर्ने हुन्छ, जसलाई बयान भनिन्छ । कुनै वारदात वा अपराधिक कार्यमा संलग्न रहेको आशङ्कामा वा पीडित वा जाहेरवालाको जाहेरीको आधारमा कुनै शङ्कित बालबालिकालाई रीतपूर्वक पक्राउ गरी वारदात घट्नुको कारण, अवस्था, अपराधका तत्वहरु साथै वारदातमा निजको संलग्नता बारेमा निजको भनाई लेखवद्ध गर्ने कार्य बयान हो । यस्तो बयान अनुसन्धान अधिकृतले सरकारी वकीलसमक्ष गराउनु पर्दछ । बालबालिकाको बयान गराउदा देहायबमोजिमका कुरामा विचार गर्नु पर्छः

- बालबालिकाले आफ्नो कानून व्यवसायीसँग परामर्श लिन चाहेमा निजले रोजेको कानून व्यवसायीसँग सम्पर्क गराई दिई कानूनी सल्लाह लिन सक्ने वातावरण सृजना गरिदिनु पर्छ ।
- बालबालिकाको आफ्नो कानून व्यवसायी नभएमा र निजले कानून व्यवसायी राख्न सहयोग मागेमा नेपाल बार एसोसियसन वा अन्य सहयोगी कानूनी सहायता प्रदान गर्ने संस्थाहरुसँग सहयोग मागी प्रतिनिधित्वको व्यवस्था गरिदिनु पर्छ ।
- बालबालिकालाई बयान लिने क्रममा शारीरिक वा मानसिक यातना दिनु हुँदैन र निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिकनै बयान लिनु पर्छ ।
- बालबालिकाको बयान लिँदा प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्छ ।
- अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको जवाफ व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्छ ।
- बयान लिँदा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्नु पर्छ ।
- अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बयान लिँदा सम्बन्धित कसूर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ ।
- बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नु हुँदैन ।
- बाबालिकाको शारीरिक वा मानसिक अवस्थाका कारण तत्काल बयान दिन सक्ने वा नसक्ने कुरा यकीन गरेरमात्र बयान लिनु पर्छ ।
- बालबालिकाले भाषा बुझ्ने नबुझ्ने कुरामा यकीन भई आवश्यक परेमा दोभाषेको व्यवस्था गर्नु पर्छ । बयान लिँदा शिष्ट र बालसुलभ भाषाको प्रयोग गर्नु पर्छ ।

- बालबालिकाको परिचयात्मक विवरणका लागि सङ्केत नाम दिई वास्तविक परिचयात्मक विवरणको गोपनीयता कायम गर्नु पर्छ ।
- कानून व्यवसायीसँग भेटघाटको सुविधा दिँदा भेटघाट गरेको देखिने तर कुरा गरेको नसुनिने व्यवस्था बनाई भेटघाटको व्यवस्था मिलाई दिनु पर्छ ।
- बालबालिकालाई कुनै किसिमको डर, धाक, धम्की वा दवाव दिनु हुँदैन ।
- बयान लिँदा सामान्य अनौपचारिक प्रश्नहरु सोधेर सहज वातावरण सृजना गरेपछिमात्र घटना वारदातका विषयमा सरल र छोटाछोटा प्रश्न सोध्नु पर्छ ।
- बालबालिकाले मैले बयान दिदैछु भन्ने कुराको अनुभूति नहुने गरी सामान्य वार्तालापको वातावरणमा सोधपुछ गर्नु पर्छ ।
- सरकारी वकील कार्यालयमा बयानको लागि बालबालिकालाई लैजादा हतकडी नलगाई सादा पोशाकका प्रहरीद्धारा लगिनु पर्छ र साथै अन्य वयस्क अभियुक्तसँग साथै पनि लैजानु हुँदैन ।
- बालबालिकाको उमेर यकीन गरेर मात्र बयानमा उमेर लेख्नु पर्छ । जथाभावी रुपमा आफैं बढाएर लेख्न हुँदैन । उमेर लेख्दा यथाशक्य जन्ममितिनै खुलाउनु राम्रो हुन्छ ।
- बयानका लागि आउँदा सरकारी वकीलले बालबालिकालाई हिरासतमा रहँदा निजसँग भएको व्यवहार, निजलाई उपलब्ध गराइएको सुविधा सम्बन्धमा बालबालिकासँग जानकारी लिई अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिनु पर्छ ।

बयान कार्य गर्दा देहायबमोजिमको बालमैत्री व्यवहारको वातावरण सृजना गर्नु पर्दछः

- बयान लिने अधिकृतले आफ्नो परिचय दिने जसमा नाम, काम, प्रक्रियाहरुको जानकारी गराउने ।
- बालबालिकाले प्रदर्शन गरेको व्यवहारलाई ऐनाका रुपमा मानी आफूले समेत सोहीबमोजिमको व्यवहार दर्शाउने ।
- बोल्नका लागि सहज वातावरण विकास गर्ने उद्देश्यले सकारात्मक किसिमका प्रश्नावली तयार पार्ने र सोही आधारमा सोध्ने ।
- बालबालिकाले प्रदर्शन गरेको व्यवहार आफूले चाहेको व्यवहारअनुकूल नभए पनि सहज र नरम रुपमा विस्तारै अनुकूल बनाउने ।
- सोधपुछ कक्षमा अनौपचारिकताको स्थिति कायम गर्न बालमैत्री वातावरणको व्यवस्था गर्ने ।
- बालबालिकासँग सहज र स्वभाविक सम्बन्ध कायम गर्न सरल, स्पष्ट, नम्र र आत्मिय व्यवहारको पद्रर्शन गर्ने ।

बालबालिकाको बयान लिँदा माथि उल्लिखित कुराहरुका अतिरिक्त देहायका विषयमा पनि ध्यान दिन आवश्यक छः

- बालबालिकाको बयान लिने कार्य गर्दा उनीहरुको कुरा ध्यान दिएर सुन्ने तथा उनीहरुको विचार र भावनालाई गम्भीरतापूर्वक लिने ।

- बालबालिकाले असहज मानेको अवस्थामा बन्द अथवा छोटो उत्तर आउने प्रश्न सोध्ने र वातावरण सहज भएपछि खुला प्रश्न गर्ने तथा आवश्यक परेमा पुरक प्रश्न सोध्ने ।
- बालबालिकाको मनमा लागेका कुरा सोध्ने र समयसमयमा आवश्यक परे सझाव दिन बालबालिकालाई प्रोत्साहन गर्ने ।
- बालबालिका बोल्न शुरु गराउन र त्यसलाई निरन्तरता दिन बेलाबेलामा प्रोत्साहन आवश्यक पर्दछ ।
- एकदमै व्यक्तिगत विषय जस्तै हिंसा, यौनशोषण, पारिवारिक समस्या र सडकमा रहेका अवस्था आदि जस्ता विषय खोतल्दा अन्तर्वार्ताकार बढी संवेदनशील हुनु पर्छ । उसले बालबालिकाको बोलीको गति, संवेगलाई ध्यान दिई होसियारीपूर्वक सुन्ने, संवेदनशील हुने र प्रसंशा गर्ने गर्नु पर्छ ।
- बालबालिकासँगको छलफल वा अन्तर्वार्तालाई सुचारु रूपमा र सुनियोजित तरिकाले अन्त्य गर्नु पर्छ । यसो गर्दा बालबालिकाले सोचेको र भन्न चाहेको बाँकी कुराहरू केही भए त्यो भन्न दिनु पर्छ ।
- बालबालिकासँग कुराकानी गर्नु अगावै उनीहरूका अभिभावकको अनुमति लिनु पर्छ । यसरी अनुमति लिँदा बालबालिकासँगको कुराकानीमा लाग्ने समय, प्रक्रिया लगायत त्यसबाट पुग्ने सम्भाव्य योगदान र बालबालिका तथा अभिभावकसमेतका लागि हुने फाइदा यदि छ भने सोका बारेमा जानकारी दिएर अभिभावकको सहमति लिनु आवश्यक हुन्छ ।
- बालबालिकासँग बयान लिनु अगावै सम्बन्ध स्थापित गरिनु जरुरी हुन्छ । यथाशक्य बालबालिकाको दैनिक क्रियाकलापमा सहभागी भएर वा उनीहरूलाई समुह कार्यमा सहभागी गराएर सम्बन्ध विस्तार गर्नु उत्तम हुन्छ ।
- बालबालिकासँग बयानका लागि यथाशक्य उनीहरूले सहज मान्ने र उनीहरूलाई आफ्ना विचार अभिव्यक्त गर्न सजिलो लाग्ने वातावरण भएको ठाउँ खोज्नु पर्छ । यसका लागि आफ्ना साथीहरूसँग प्रायजसो खेल्ने ठाउँमा बालबालिकालाई सहज लाग्न सक्ने हुँदा सोही ठाउँमा गएर बयान लिन पनि सकिन्छ । त्यस्तै विद्यालयको समयपछि विद्यालय परिसर वा कक्षाकोठामै गएर पनि बालबालिकासँग बयान लिन सकिन्छ ।
- बालबालिका कुराकानीका लागि अनिच्छुक छन् भने उनीहरूले तनाव देखाउन सक्छन् । कतिपय अवस्थामा कुराकानीको विषय र त्यससम्बन्धी ज्ञानको अभावका कारण पनि त्यसो भएको हुन सक्दछ । बयान लिने अनुसन्धान अधिकृतले त्यस्तो अवस्था रहे नरहेको अध्ययन गरी वातावरणअनुकूल बनाउन प्रयास गर्नु पर्दछ ।
- बालबालिकासँग बयान लिँदा अनौपचारिक रूपमा गरिने स्वतन्त्र कुराकानी बढी राम्रो हुन्छ ।
- बालबालिकासँग अनुसन्धान अधिकृतले प्रत्यक्ष कुराकानी गर्न नसके उनीहरूले बढी विश्वास गर्ने व्यक्ति जस्तै सामाजिक कार्यकर्ता, विद्यालय शिक्षक वा अभिभावक वा स्याहारकर्तामार्फत प्रश्न राख्दा राम्रो हुन्छ ।

**बयानका क्रममा गर्न नहुने कुराहरुः**

बालबालिकाको बयान लिँदा देहायका कार्यहरु गर्न हुँदैनः

- बालबालिकालाई होच्याउने, तर्साउने र हतोत्साहित गर्ने,
- बालबालिका बसेको भन्दा माथिल्लो ठाउँमा बसी आफूलाई श्रेष्ठ देखाउने, बालबालिकालाई आफ्ना कुरा भन्न बाध्य पार्ने तथा प्रत्यक्ष प्रभाव वा हस्तक्षेप गर्ने,
- बालबालिकाले नसोधीकनै आफ्नो बारेमा बढाईचढाई जानकारी दिने वा भन्ने,
- बालबालिकाले दिक्क मान्दा पनि बयानलाई निरन्तरता दिइरहने ।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| (२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखिनै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्धारा पुर्पक्ष गर्ने हक हुनेछ ।<br>स्पष्टिकरणः यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्भनु पर्छ ।<br>(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन वाध्य पारिने छैन । | *नेपालको संविधान, २०७२ को धारा २०* |
| (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।<br>(२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | *नेपालको संविधान, २०७२ को धारा २२* |

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) अनुसूची १ मा उल्लेखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकीलसमक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ ।<br>(२) अनसूचि १ मा उल्लेखित कुनै अपराधको सम्बन्धमा शङ्कास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिव कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रुपमा लेखवद्ध गरी राख्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९* |

| | |
|---|---|
| (क) प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनु पर्ने । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४* |
| (१) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्नेछ ।<br>(२) सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिनेछ ।<br>(३) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले उपनियम (१) बमोजिम सोधपुछ गर्दा सम्बन्धित कसूर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ ।<br>● बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नु हुँदैन । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ५* |
| जुनसुकै कुरामा भए पनि सोह्र वर्ष नपुगेका नाबालकको ... कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन, सोह्र वर्ष नपुगेको भए पनि ज्यानमारा, चोरी वा करणी गर्ने गर्न लाउने मानिसको अड्डाबाट कागज गराउनु पर्दा भने संरक्षक वा हकवाला भए निजलाई राखी र नभए उसैको मात्र कागज गराउन पनि हुन्छ । संरक्षक वा हकवाला राखी कागज गराएकोमा यो मेरो यस किसिमको मानिसले मेरो सामुन्नेमा भनेबमोजिम लेखी सहिछाप गरेको साँचो हो भनी सो कागजको किनारामा सो संरक्षक वा हकवालाको पनि सहिछाप गराउनु पर्छ । | *मुलुकी ऐन, अ.बं.को २४ नं.* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| सोधपुछ गर्दा, बयान गर्दा गराउँदा वा कुनै आदेश दिई Suspect/Accused बाट केही काम गराउँदा संविधानको धारा १४(३) को हक र ICCPR को धारा १४.३(ब) र (f) ले प्रदान गरेको सुविधा प्रदान गर्नु पर्दछ । तर मुलुकी ऐनको अ.बं. १७२ नं को कार्यविधि अपनाई खानतलासी गरी वा अन्य तरीकाले अपराधसँग सम्बन्धित चिज र वस्तु बरामद गर्दा उपरोक्त सुविधा प्राप्त नहुने । Testimonial हुने कार्यमा ICCPR को धारा १४(३) को (a) र (f) आकर्षित हुन्छ र यस्तो Suspect र Accused लाई Covenant ले दिएको धारा १४.३ (a) र (f) को सुविधा अनिवार्य रूपले उपलब्ध गराउनु पर्ने । | *ने.का.प. २०६४, अङ्क २, नि.नं. ७८१८, पृ. २५१* |

| | |
|---|---|
| अधिकारप्राप्त अधिकारीसमक्ष सावित हुनेहरूले अदालतमा बयान गर्दा इन्कार भएका छन् र निजहरूले बयानमा जिकिर लिए मुताविक घाउँचोट परेको देखिने भएबाट निजहरूको सो साविती स्वेच्छाले भएको रहेछ भनी मान्न मिल्ने देखिन आएन । | *ने.का.प. २०५४, नि.नं. ६३६३, पृ. २३७* |
| सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ को उपदफा (३) मा सरकारवादी हुने फौजदारी मुद्दामा तहकिकातको लागि थुनामा राख्ने म्याद थपको लागि अदालतमा उपस्थित गराउँदा आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन गर्न सक्ने व्यवस्था गरिएको र यस व्यवस्थाले मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा प्रहरीबाट हुन सक्ने गैरकानूनी बल प्रयोगबाट अभियुक्तलाई सुरक्षाको प्रत्याभूति प्रदान गरिएको देखिनुका साथै उक्त कानूनी व्यवस्थाअनुसार निवेदन दिन सकिने व्यवस्थाको प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को कानूनी व्यवस्थासँग सार्थक सम्बन्ध रहेको मान्नु पर्ने । | *ने.का.प. २०६३, अङ्क २, पृ. १८३, नि.नं. ७६४९* |
| आफ्नोविरुद्ध आफै साक्षी हुनु नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नोविरुद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरुद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन । | *सर्वोच्च अदालत बुलेटिन २०५१, पूर्णाङ्क ५७, पृष्ठ १* |
| अभियुक्तले आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार परित्याग (Waive) नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरीत अर्थ गरी अभियुक्तका सम्बन्धमा केहि जवाफ नदिएकाले निर्दोष मान्न नमिल्ने हुँदा उल्टो अर्थ गरी दोषि ठहर गर्न नमिल्ने । अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष पनि अभियुक्तले आफ्नो मौन रहने वा Guilty Plea वा Not Guilty Plea लिने हक उपभोग गर्न सक्छ । उसलाई बाध्य गरी जवाफ लिन नसकिने । | *नीलम पौडेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत, ने.का.प. २०६७, अङ्क १०, नि.नं. ८४७३, पृ. १६४१* |

### १.९ प्रमाण सङ्कलन

कसूरको अनुसन्धान गर्दा कसूरसँग सम्बद्ध प्रमाणहरु सङ्कलन गर्नु पर्ने हुन्छ । बालबालिका प्रतिवादीको रुपमा रहेका मुद्दामा प्रमाण सङ्कलन गर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लगायतका प्रचलित कानूनका अतिरिक्त देहायका कुरामा ध्यान दिनु पर्दछः

- बालबालिकाले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहेकोमा त्यस्तो एकाईमा कार्यरत अनुसन्धान अधिकृत र त्यस्तो एकाई नभएकोमा प्रहरी प्रधान कार्यालयले तोकेको तालीमप्राप्त प्रहरी कर्मचारीद्धारा प्रमाणको सङ्कलन गर्नु पर्दछ ।
- प्रमाण सङ्कलनमा प्रयोग गरिने घटनास्थल मुचुल्का, वस्तुस्थिति मुचुल्का, खानतलासी मुचुल्का लगायतका विभिन्न मुचुल्काहरु, बुझिएका व्यक्तिहरुको कागज तथा अन्य कागजातमा बालबालिकाको परिचयात्मक विवरण उल्लेख गर्नु पर्ने स्थानमा र रोहवरमा नाम उल्लेख गर्नु पर्दा त्यस्तो परिचयात्मक विवरणको सट्टामा सङ्केत नाम दिई गोपनीयता कायम गर्नु पर्दछ ।
- सर्जमिन गर्दा वा वस्तुस्थिति मुचुल्का तयार गर्दा बालबालिकाको बाबुआमा भएसम्म दुवैजना वा कम्तिमा एकजना र बाबु आमा नभए निजको संरक्षकलाई रोहवरमा राख्नु पर्दछ ।
- अनुसन्धानका क्रममा बालबालिका पनि सँगै रहने अवस्थामा उनीहरुलाई हतकडी लगाउन हुँदैन र प्रहरी कर्मचारीले सादा पोशाक लगाउनु पर्दछ ।
- प्रमाण सङ्कलन गर्दा जुन प्रमाण सङ्कलन गरिने हो त्यो प्रमाण जस्ताको तस्तै रुपमा सङ्कलन गर्नु पर्दछ । बनावटी प्रमाण बनाउने वा गलत किसिमको वा झुठ्ठा प्रमाण बनाउन हुँदैन ।
- प्रमाण सङ्कलनका क्रममा कुनै प्रमाणको वैज्ञानिक परीक्षण गर्नु पर्ने अवस्था भएमा सम्बन्धित विशेषज्ञबाट परीक्षण गराई प्रतिवेदन मिसिल सामेल गराउनु पर्छ र यो चरणमा समेत प्रतिवादी बालबालिकाको परिचयात्मक विवरण गोप्य राख्ने व्यवस्था मिलाउनु पर्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) कुनै प्रहरी कर्मचारीले अनुसूची १ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ । तत्सम्वन्धमा तत्कालै कारवाही नगरेमा अपराध हुने वा अपराधसँग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी भाग्ने, उम्कने सम्भावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्वन्धमा आवश्यक कारवाही गर्न सक्नेछ ।<br>तर, सोबमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कारवाही गरेकोमा त्यसको सूचना यथासम्भव चाँडो सो प्रहरी कार्यालयलाई दिनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ४* |

| | |
|---|---|
| (१) कुनै प्रहरी कार्यालयलाई अनुसूची १ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबुद प्रमाण संकलन गर्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ७* |
| कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्वन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा लाश जाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तिमा दुईजना स्थानीय व्यक्तिहरू र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।<br>तर अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहबरमा नराखेको कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ८* |

### १.१० सामाजिक अध्ययन प्रतिवेदन

बालबालिकाले गर्ने प्रत्येक बिज्याँईका पछाडि केही खास सामाजिक आर्थिक परिवेश, वातावरण र कारण हुन्छन्, जुन न्यायिक कारवाहीका सन्दर्भमा पनि महत्वपूर्ण हुन्छन् । बालबालिका स्वयंमा अपराधिक मनसाय निर्माण गर्न योग्य मानिदैनन् । बालबालिकाहरु कानूनको विवादमा आउनु भनेको तिनीहरुको पारिवारिक पृष्ठभूमि र अवस्था, सामाजिक परिवेश, विद्यालयको वातावरण अनि साथीहरुसँगको सङ्गत आदि कुराको प्रभावमा परेको अवस्था पनि हो । बाल न्यायको मुख्य उद्देश्य बालबिज्याँईकर्तालाई दण्ड दिनुभन्दा पनि निज कानूनसँग विवादमा आउनुको कारण पहिचान गरी सुधारको संभावना पत्ता लगाउने र उपयुक्त सुधार योजनाअनुरुप सुधार गर्नु रहेको छ । त्यसैले कुनै बालबालिका कानूनको विवादमा आएको अवस्था हो भने निज कानूनको विवादमा आउनुको कारण पहिचान गर्न र उपयुक्त सुधार योजना निर्माण गर्न निजका बारेमा गरिने सामाजिक अध्ययन प्रतिवेदन एउटा महत्वपूर्ण आधार बन्न सक्दछ । यही महत्वलाई दृष्टिगत गरी नेपाल कानूनले पनि सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यस सन्दर्भमा अनुसन्धान अधिकृतले देहायको कार्य गर्नु पर्दछः

- जिल्ला बालकल्याण समितिले सामाजिक अध्ययनका लागि तयार गरेको व्यक्ति वा संस्थाको अध्यावधिक विवरण माग गरी त्यस्ता सामाजिक अध्ययनका लागि सूचिकृत व्यक्ति वा संस्थाको अभिलेख राख्नु पर्दछ ।
- जिल्ला बालकल्याण समितिले सूचिकृत गरेको सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को अनुसूचीबमोजिमको

ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्नु पर्दछ ।

- सूचीकृत व्यक्ति वा संस्थाले सामाजिक अध्ययन प्रतिवेदन तयार गर्दा देहायका कुराहरुसमेत खुलाई प्रतिवेदन तयार गर्नु पर्छः
  - » बालकमाथि लगाइएको आरोपको व्यहोरा,
  - » व्यक्तिगत विवरण,
  - » पारिवारिक विवरण जस्तो बाबु, आमा वा सौतेनी आमा रहे नरहेको, कसले पाले हुर्काएको हो, सामाजिक र आर्थिक स्थिति, परिवारका कुनै सदस्य कुनै अपराधिक क्रियाकलापमा संलग्न भए नभएको, जीविकोपार्जनको स्तर, बाबु आमा वा परिवारका अन्य सदस्यसँगको आपसी सम्बन्ध आदि,
  - » बालकको विवरण जस्तो मानसिक वा शारीरिक स्थिति, बानी व्यहोरा रुची, व्यक्तिगत स्वभाव, साथीहरुसँगको सम्बन्ध र उनीहरुको प्रभाव, घर छोडेर आएको भए सोको विवरण, छिमेकीहरुको भनाई, घर तथा विद्यालयमा अनुशासनप्रतिको दृष्टिकोण आदि,
  - » छानविन र अध्ययनको निष्कर्ष जस्तो संवेदनात्मक तथ्य के छन्, शारीरिक अवस्था कस्तो छ, वौद्धिक क्षमता वा स्तर कस्तो छ, सामाजिक तथा आर्थिक पक्ष कस्तो छ, अपराधिक प्रवृत्ति बढ्नुको कारण के देखिन्छ, बालकलाई सुधारका लागि सुझाब के रहेको छ आदि ।
- सोबमोजिम तयार भएको सामाजिक अध्ययन प्रतिवेदनलाई मिसिलमा समावेश गर्नु पर्दछ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्दा नियम ३ बमोजिमको प्रहरी एकाई वा कर्मचारीले प्रचलित कानूनमा लेखिएको व्यवस्थाको अतिरिक्त देहायबमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछः<br><br>(छ) सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४* |
| (१) कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्न, मनोविमर्श सेवा, कानूनी सहायता तथा बाल सुधारसम्बन्धी सेवाहरु निजलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संस्थाको सूची छुट्टाछुट्टै रुपमा जिल्ला बालकल्याण समितिले तयार गर्नु पर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २१* |

### १.११ बालबालिकाको उमेर निर्धारण

बालबालिकाको आपराधिक दायित्व उमेरका आधारमा निर्धारण हुने हुँदा कुनै बालबालिकाउपर कसूर गरेको उजुरी पर्नासाथ अभियोगपत्र दायर हुनु अगावै अनुसन्धान अधिकृतले सम्बन्धित बालबालिकाको उमेर निर्धारण गर्नु पर्ने हुन्छ । बालबालिकाको उमेर निर्धारण गर्दा देहायबमोजिम गर्नु पर्छः

- कानूनको विवादमा परेका बालबालिकाले आफू बालबालिका हुँ भनी जिकिर लिएमा वा निज बालबालिका हो भन्ने जस्तो देखिएमा वा शङ्का भएमा त्यस्तो बालबालिकाको उमेर निर्धारण गर्नु पर्छ ।
- बालबालिकाको उमेर निर्धारण गर्दा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले व्यवस्था गरेबमोजिमको आधारमा उमेर एकीन गर्नु पर्दछ । जस्तोः
    - » अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
    - » अस्पतालबाट जारी गरिएको जन्मदर्ता प्रमाणपत्र नभए स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
    - » स्थानीय पञ्जिकाधिकारीले दिएको जन्मदर्ता प्रमाणपत्र पनि नभए विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,
    - » विद्यालयबाट प्राप्त चारित्रिक प्रमाणपत्र पनि नभए सरकारी अस्पतालबाट प्रमाणित उमेर ।
- उमेर निर्धारणका लागि माथि उल्लेख भएबमोजिमको प्रमाणपत्र भए नभएको सम्बन्धमा अनुसन्धान अधिकृतले सम्बन्धित बालबालिका वा निजका अभिभावक वा संरक्षकसँग सोध्नु पर्नेछ ।
- सम्बन्धित बालबालिका वा निजका अभिभावकले माथि उल्लेख भएबमोजिमको कुनै प्रमाणपत्र पेश गरेकोमा त्यस्तो प्रमाणपत्र जारी गर्ने अस्पताल वा अन्य निकायसँग पत्राचार गरी त्यस्तो प्रमाणपत्रको आधिकारिकता प्रमाणित गर्नु राम्रो हुन्छ
- बालबालिकाको सही उमेर नलेखाई जवरजस्ती रुपमा माथिल्लो उमेर लेखाउने कार्य गर्नु हुँदैन ।
- एकभन्दा बढी उमेर निर्धारणका कागजातहरु आपसमा बाझिएमा सबैभन्दा पहिले अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति कायम गर्नु पर्छ, सो कागजात नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति कायम गर्नु पर्छ, सो पनि नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति कायम गर्नु पर्छ र सो पनि नभएमा सरकारी अस्पतालमा जाँच गर्न पठाई त्यहाँबाट प्रमाणित भई आएको उमेर कायम गर्नु पर्छ ।
- सरकारी अस्पतालबाट प्रमाणित उमेरबाहेक उमेर निर्धारणका लागि प्राप्त अन्य प्रमाणपत्रहरु वारदात घटीसकेपछिको मितिमा प्राप्त भएको भए ती प्रमाणपत्रहरुलाई सतर्कताका साथ मात्र प्रमाणमा ग्रहण गर्नु पर्ने हुन्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछः<br>(क) अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,<br>(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको<br>कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,<br>(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,<br>(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्नसमेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्नाले चिनालाई उमेरसम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिदा त्यसलाई प्रमाणका रूपमा ग्रहण गर्न नसकिने ।<br><br>चिकित्सकले लेखिदिने उमेरसम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायका रूपमा प्रमाणको वर्गमा राखिन्छ । अनुमानका आधारमा निकालिने निष्कर्षको वैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ । प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निष्कर्षमा वैज्ञानिक परीक्षणका आधार देखिँदैनन् । अन्य प्रमाणले देखाई रहेको वस्तुस्थिति प्रतिकूल राय निश्चयात्मक प्रमाण हुन नसक्ने ।<br><br>विद्यालयमा भर्ना हुँदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरणअनुरूप राखिएको अभिलेखअनुसार नै विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनु पर्ने ।<br><br>भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो । कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिइएको जन्ममितिमा अविश्वास गर्न नसकिने । | *जीवन रिजाल विरुद्ध नेपाल सरकार*<br>*मुद्दाः जवरजस्ती करणी, ने.का.प. २०६८, अङ्क ९, नि.नं. ८६९१, पृ. १६०६* |

**१.१२ अनुसन्धान अधिकृतको राय प्रतिवेदन**

अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकातको कार्य सम्पन्न भएपछि अनुसन्धानको क्रममा तयार भएको मिसिल साथ आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाउनु पर्दछ । यसरी अनुसन्धान अधिकृतले सरकारी वकील कार्यालयम राय प्रतिवेदन पठाउदा देहायका कुरामा ध्यान पुऱ्याउनु पर्छः

- अनुसन्धान तहकिकातको कार्य समाप्त भएपछि राय प्रतिवेदन पठाउँदा सम्बन्धित बालबालिकाको उमेर यकीन गरेर मात्र राय पेश गर्नु पर्छ ।
- उमेर यकीन गर्दा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ मा व्यवस्था भएबमोजिमको आधारमा गर्नु पर्छ ।
- राय प्रतिवेदनका साथमा सम्बन्धित बालबालिकाको सम्बन्धमा गरिएको सामाजिक अध्ययन प्रतिवेदनसमेत साथै पेश गर्नु पर्छ ।
- राय प्रतिवेदन तयार गर्दा मुख्यतः देहायका कुराहरुमा खुलाउनु पर्छः
  - » जाहेरीमा उल्लेख भएबमोजिमको अपराध घटेको हो या होइन?
  - » अपराध घटेको हो भन्ने देखिन्छ भने उक्त अपराध कसले गरेको हो?
  - » अनुसन्धानका क्रममा नियन्त्रणमा रहेका बालबालिकाले उक्त अपराध गरेको देखिन्छ वा देखिँदैन?
  - » को को प्रतिवादीहरुउपर मुद्दा चलाउन प्रमाण पुग्ने हो?
  - » अपराध घटेको देखिएको तर अभियुक्त यही हो भनी खुल्न नसकेको भए सोही कुरा,
  - » अपराध नै घटेको नदेखिएको भए सोही कुरा,
  - » अभियुक्तहरुउपर मुद्दा चलाउन प्रमाण नपुगेको भए सोही कुरा,
  - » अपराध प्रमाणित हुने दशी प्रमाण लगायत साक्षी प्रमाणहरु के के छन् सो प्रमाणका कुराहरु,
  - » प्रतिवादी बालबालिकाको उमेरका आधारमा निजउपर लाग्ने अपराधिक दायित्वसम्बन्धी कुरा ।
- बालबालिका पक्ष भएको अपराधको तहकिकात पुरा भएपछि तहकिकात गर्ने कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्तउपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो रायसहितको प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाउनु पर्छ ।
- सोबमोजिम राय प्रतिवेदन पठाउदा थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र

अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी थुनामा राख्ने म्याद तीन दिन बाँकी छँदै मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाणसहित सरकारी वकील कार्यालयमा पठाउनु पर्छ ।

- बालबालिकालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ बमोजिम उमेरको आधारमा के कस्तो सजाय हुनु पर्ने हो स्पस्ट रुपमा रायमा उल्लेख गर्नु पर्दछ ।
- राय प्रतिवेदनमा बालबालिकाको परिचयात्मक विवरणको सट्टामा सङ्केत विवरण उल्लेख गरी गोपनीयता कायम गर्नु पर्छ ।
- बालबालिकालाई हिरासतमा कमभन्दा कम रहनु परोस् भन्ने मान्यता र बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालकको मुद्दालाई प्राथमिकता दिनु पर्ने गरी गरेको व्यवस्थालाई आत्मसात गरी शीघ्र अनुसन्धान सम्पन्न गर्न निजहरुको मुद्दालाई प्राथमिकता दिनु पर्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) अनुसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्तउपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो रायसहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा १५ दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाणसहित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७* |
| (४) उपनियम (३) बमोजिम प्रहरी हिरासतमा रहेको अभियुक्तको हकमा हिरासतको अवधि भुक्तान नहुँदै तहकिकात पूरा गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अभियोग पत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्नु पर्ने दिनको कम्तीमा तीन दिन अगावै मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ९* |

### १.१३ अनुसन्धान अधिकृतको राय प्राप्त भएपछि सरकारी वकीलले निर्देशन

अनुसन्धान तहकिकात गर्ने कार्यालयबाट राय प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले देहायका विषयमा यकीन गरी आवश्यकतानुसार निर्देशन दिन सक्नेछः

- अनुसन्धान पूर्ण भए वा नभएको हेरी नभएमा थप अनुसन्धान गर्न निर्देशन दिनु पर्छ ।
- बालबालिकाको उमेर आधिकारिक रुपमा यकीन गरिएको छ, छैन र उमेर यकीन नभएको देखिएमा यकीन गर्न निर्देशन दिनु पर्छ ।
- राय प्रतिवेदनका साथ सामाजिक अध्ययन प्रतिवेदन तयार भई नआएको भए सो गर्न लगाउनु पर्छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुद प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७* |

# परिच्छेद २

# बालबालिका प्रतिवादी भएका मुद्दाको अभियोजन

अपराध अनुसन्धान एवं तहकिकातको कार्य सम्पन्न भई अनुसन्धान अधिकृतको रायसहितको प्रतिवेदन प्राप्त भएपछि कुनै प्रतिवादीका हकमा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा कुनै व्यक्तिका विरुद्धमा मुद्दा हेर्ने अधिकारप्राप्त निकायसमक्ष सजायको मागदावी लिई अभियोगपत्र दायर गर्नु पर्ने हुन्छ। प्रतिवादीउपर निजले गरेको कसूरका सम्बन्धमा सजायको मागदावी लिई अभियोगपत्र दायर गर्ने कार्यलाई अभियोजन भनिन्छ। नेपालको संविधान, २०७२ को धारा १५८ को उपधारा (२) बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था छ तर सोही धाराको उपधारा (७) बमोजिम महान्यायाधिवक्ताले आफूलाई प्राप्त यो अधिकार मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने भएअनुसार मुद्दा चलाउने अधिकार सम्बन्धित जिल्लाका जिल्ला न्यायाधिवक्तालाई प्रत्यायोजन गरिएको अवस्था हुँदा कुनै प्रतिवादीउपर जिल्ला न्यायाधिवक्ताले अभियोजन गर्नु पर्ने हुन्छ।

### २.१ बालबालिकाको अपराधिक दायित्व

कानूनले अपराध मानेको कुनै कार्य गरेबापत अपराधकर्ताले व्यहोर्नु पर्ने सजायलाई अपराधिक दायित्व भनिन्छ। कानूनले अपराध मानेको विभिन्न अपराध बापतमा हुने सजायका सम्बन्धमा सम्बन्धित कानूनहरुमा नै व्यवस्था भएको पाइन्छ तापनि बालबालिकाबाट भएका कसूरजन्य कार्यहरु बापत सम्बन्धित कानूनहरुमा व्यवस्था भए अतिरिक्त बालबालिकाको उमेरलाई ध्यानमा राखी बालबालिकाका हकमा ती सजायहरुका सम्बन्धमा विशेष व्यवस्था भएको पाइन्छ।

- बालबालिकाले कुनै अपराध गरेमा त्यसमा निजको उमेरको आधारमा सजाय गरिनु पर्ने भएकाले अभियोजनको क्रममा अभियोजनकर्ताले बालबालिकाको अपराधिक दायित्व के हुने भन्ने कुरामा स्पष्ट र जानिफकार हुन आवश्यक हुन्छ।
- बालबालिकालाई सजायमा कमी वा छुट दिनुको अभिप्राय उनीहरुको अपराधिक मनसाय हुँदैन, कार्यको परिणाम थाहा हुँदैन, अपराध गर्दैनन् गल्ति गर्छन् र सुधार्ने प्रयत्न गर्नु पर्छ भन्ने मान्यता रहेकाले बालबालिकाको अपराधिक दायित्वको यो तथ्यलाई सरकारी वकीलले सदैव मनन् गर्नु पर्ने हुन्छ।

### कानूनी व्यवस्था

| | |
|---|---|
| (१) कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्षमुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।<br>(२) बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।<br>(३) १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।<br>(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुन्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११* |

### सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| उमेर नपुगेका बालबालिकाको पूर्ण रूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिससरह अपराधिक मनसाय (Mens Rea) को विकाससमेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिससरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वताउपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best Interest) का लागि आवश्यकताअनुसार उन्मुक्ति, छुट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनु पर्ने । | *ख कुमारी विरुद्ध नेपाल सरकार, ने.का.प. २०६६, नि.नं. ८१३५, अङ्क ४, पृष्ठ ६९०* |

### २.२ मुद्दा चलाउने⁄नचलाउने निर्णय

नेपालको संविधान, २०७२ को भाग १२ ले महान्यायाधिवक्ताको सवैधानिक व्यवस्था गरेको छ । महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनुको साथै मुख्य अभियोजनकर्तासमेत भएको हुँदा नेपाल सरकार वादी हुने फौजदारी मुद्दा चल्ने वा नचल्ने विषयको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था छ । महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था भएबमोजिम मातहतका सरकारी वकीलहरुलाई मिति २०६३ माघ १ गतेको राजपत्रको सूचनाद्वारा प्रत्यायोजन गरेको पाइन्छ ।

अनुसन्धान अधिकृतबाट अनुसन्धान सम्पन्न भई मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि रायसहितको मिसिल प्राप्त भएपछि मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा सरकारी वकीलले देहायको विषयमा ध्यान दिनु पर्दछः

- अनुसन्धानबाट सङ्कलित प्रमाणका आधारमा को, कसउपर मुद्दा चलाउने वा कोउपर नचलाउने वा कसैउपर पनि नचलाउने हो अध्ययन गरी यकीन गरी निर्णय गर्नु पर्छ ।
- सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा गर्ने निर्णय वस्तुनिष्ठ प्रमाणमा आधारित हुनु पर्छ ।
- मुद्दा चल्ने वा नचल्ने गरी गरिएका निर्णयमा उचित आधार र कारण खुलाउनु पर्छ ।
- मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सम्बन्धित सरकारी वकीलले बिना कुनै पूर्वाग्रह र प्रभाव निष्पक्ष ढङ्गमा पारदर्शी हिसाबले गर्नु पर्छ
- कसूरसम्बन्धी सूचना वा उजुरी व्यहोरा तथा अन्य तथ्यगत व्यहोरा विश्लेषण गरी निर्णयमा पुग्नु पर्छ ।
- अभियुक्तको पूरा नाम, थर, वतन अनुसन्धानबाट स्पस्ट रुपमा खुलेको छ वा छैन भन्ने कुरामा ध्यान दिनु पर्छ ।
- एकभन्दा बढी अभियुक्तहरु रहेकोमा प्रत्येक अभियुक्तको सम्बन्धमा निजहरूले गरेको कसूरजन्य कार्य र सो पुष्टी गर्ने कानूनी व्यवस्थाको र निजहरुलाई अभियोग लगाउन आवश्यक पर्ने कसूर प्रमाणित गर्ने आधार र सबुद प्रमाणहरूको अध्ययन एवं विश्लेषण पृथकपृथक रुपमा गर्नु पर्छ । सबै प्रतिवादीका हकमा गोश्वारा रुपमा प्रमाणको विश्लेषण गर्नु हुँदैन ।
- बालबालिका के, कति उमेरको हो भनी उमेरमा यकीन भई सो उमेरअनुसार के कस्तो सजाय हुनु पर्ने हो भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ बमोजिम दावी लिने भनी निर्णयमा खुलाउनु पर्दछ ।
- मुद्दा चलाउने निर्णय गर्दा निर्णय किताबमा निर्णय गर्नु पर्छ ।
- सरकारी वकीलले सदैव कानून तथा न्यायका मान्य सिद्धान्तहरूको पर्याप्त जानकारी राख्दै आफूलाई सदैब चुस्तदुरुस्त बनाई राख्नु पर्दछ र मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा अपराधी नछुटुन् र निरपराधी नफसुन् भन्ने न्यायको मान्यतालाई व्यवहारत कार्यान्वयन गर्नु पर्छ ।
- सरकारी वकीलहरुको व्यवसायिक आचारसंहिता, २०५८ लाई मुद्दा चलाउने नचलाउने निर्णय गर्दा सदैव आत्मसात गर्नु पर्छ ।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| (२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।<br>(५) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।<br>(६) महान्यायाधिवक्ताले यो धाराबमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्नेछ । | *नेपालको संविधान, २०७२ को धारा १५८* |

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (२) प्रहरीको रायसहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णयको लागि महान्यायाधिवक्तासमक्ष मिसिल पठाउनु पर्नेछ ।<br>तर, महान्यायाधिवक्ताले आफ्नो अधिकार सरकारी वकीललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकीलले त्यसरी सुम्पिएको अधिकारबमोजिम निर्णय गर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७* |
| (१) अनुसूची १ वा २ मा लेखिएका मुद्दाबाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानूनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण सङ्कलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुद प्रमाण सङ्कलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकीलसमक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम प्राप्त मिसीलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्बन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ ।<br>(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानूनको कुन अभियोगमा क-कसलाई मुद्दा चलाउने सोसमेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र वा फिरादपत्र तयार गरी प्रचलित कानूनमा तोकिएको व्यक्तिले सही गरी थुनुवा भए थुनुवासमेत लगी म्यादभित्रै सम्बन्धित अदालतसमक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ ।<br>(५) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा तोकिएको अवधिसम्म मिसिल सुरक्षित राख्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३१* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन, २०४८ को परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जवरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जवरजस्ती करणीको अपराधले समाजमा विकृति र विसङ्गति ल्याउन सक्ने । जवरजस्ती करणीको अपराधमा पीडक कसूरदारबाट पीडित जुनसुकै वयष्क महिलाले पाउने कानूनबमोजिमको क्षतिपूर्ति बच्चा महिला अर्थात् बालिकाले पाउदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन मिल्न जाने । बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जवरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छूट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने । जवरजस्ती करणीको अपराधमा सजायको वर्गिकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालबालिकासम्बन्धी ऐनको दफा ११ मा अपराधिक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्तिसमेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रूपमा अर्थवोध नगरी बलपूर्वक व्याख्या गर्नु सान्दर्भिक नहुने । सजायसम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न नमिल्ने । | *नेपाल सरकार विरुद्ध पवनकुमार यादवसमेत, ने.का.प. २०६७, नि.नं. ८४९४, अङ्क ११, पृ. १८०२* |
| भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राउ परेका प्रतिवादीको परिचयात्मक लिखित प्रमाण जस्तो नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा रहेका विवरण खुलाउने, निजको शारीरिक बनौट, अनुहारको आकृति, परिचाय खुल्ने हुँलिया, निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान हुन सक्ने आधारहरू खुलाउनु पर्ने । फरार प्रतिवादीको हकमा निजको बाबु र बाजेको नाम, थर र वतन तीन पुस्ते, स्थायी र अस्थायी वतन, निजको नागरिकता नम्बर, मतदाता नामावलीको नम्बर र अन्य लिखित प्रमाण भए सोमा रहेको नाम, उपनाम प्रष्टसँग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयमा निर्देशानात्मक आदेश जारी हुने । | *ने.का.प. २०६४, अङ्क ५, नि.नं. ७८४४, पृ. ५४९* |

| | |
|---|---|
| कानूनबमोजिम निषेधित कुनै कार्य गर्दा वा गर्नु पर्ने कुनै कार्य नगर्दा एक वा बढी कानूनअन्तर्गतको कसूर हुन्छ भने त्यस्तो कसूरमा एक वा सोभन्दा बढी मुद्दा चल्न सक्छ । एउटै अपराधिक क्रियाबाट सार्वजनिक अपराध र बालबालिकाको हकअधिकारविरुद्ध कसूर हुने रहेछ भने सोअनुसार कारवाही हुनु र सजाय हुनु दोहोरो खतराको सिद्धान्त विपरीत नहुने । | *तारक धिताल विरुद्ध जि.प्र.का. काठमाडौंसमेत, २०५४ सालको रिट नं ३१२३, आदेश मिति २०५८/२/८* |

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

| | |
|---|---|
| कुनै अदालत वा न्यायिक निकायसमक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पुरा भई मुद्दा चलाउने वा नचलाउने निर्णयका लागि रायसहित जिल्ला सरकारी वकील कार्यालयसमक्ष प्रस्तुत हुन आएको मिसिल संलग्न कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी गराई आफूले मुद्दा दायर गर्नु पर्ने भए प्रचलित कानूनबमोजिम सम्बन्धित अदालत वा न्यायिक निकायसमक्ष मुद्दा दायर गर्ने र अन्य निकायमार्फत् मुद्दा दायर गर्नु पर्ने भए सोसमेत गराउने । | *२०६३/१०/१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाको प्रकरण (१)* |
| मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय गर्दाको अवस्थामा वा मुद्दाको अभियोगपत्रको समर्थनमा अदालतसमक्ष उपस्थित भई बहस पैरवी गर्दा दण्ड सजायको १ नं. मा गरिएको  प्रावधानअनुसार अभियुक्तले अपराधजन्य कार्य गर्दाको अवस्थामा आफुले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउने अवस्थामा थियो वा थिएन भन्ने कुरा नै मुल आधार बनाई त्यसअनुसार गर्नु गराउनु । | *मिति २०५२/९/२४ च.नं. ६६९५ (सबै पु.स.व. कार्यालयहरु तथा सोमार्फत जि.स.व. कार्यालयहरु समेत)* |
| सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा उक्त निर्णयको छुट्टै निर्णय किताव राख्ने गर्नु पर्दछ । | *मिति २०४८/८/२९ मा भएको परिपत्र, च.नं. ७० देखि १५० (मातहतका सबै पु.स.व. कार्यालयहरु तथा जि.स.व. कार्यालयहरु)* |
| अनुसन्धान तहकिकात पूरा भएको मिसीलमा मुद्दा नचल्ने गरी निर्णय भएकोमा सो निर्णय भएको मितिले तीन दिनभित्र र एकभन्दा बढी व्यक्तिउपर अनुसन्धान तहकिकात भएकोमा सोमध्ये कसैको हकमा मात्र मुद्दा चलाई कसैको हकमा नचल्ने निर्णय भएकोमा सोसमेतको जानकारी मजकुर कार्यालयहरूमा पठाउनु पर्ने व्यवस्थालाई अनिवार्य रूपमा अनुशरण गर्ने गराउने अन्यथा कारवाही गरिने । | *मिति २०६१/७/३० च.नं. १५१६ (सबै पु.स.व. कार्यालयहरु तथा सोमार्फत जि.स.व. कार्यालयहरु समेत)* |

| | |
|---|---|
| जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी भएको निर्णय वदर गरी पुनरावेदन तहको सरकारी वकील कार्यालयले मुद्दा चलाउनु पर्ने निर्णयसहितको मिसिल फिर्ता पठाएकोमा केही जिल्ला सरकारी वकील कार्यालयहरूले चित्त नबुझाई शुरु मुद्दा नचलाउने निर्णय समर्थनका लागि पुनरावेदन सरकारी वकील कार्यालयबाट भएको निर्णयलाई वेवास्ता गरी सोझै महान्यायाधिवक्ताको कार्यालयमा मिसिल पठाउने गर्दा मिति २०४८/७/२३ को राजपत्रमा प्रकाशित सूचनाको विपरीत हुनका साथै संस्थागत मर्यादासमेत कायम रहन नसक्ने हुनाले तालुक कार्यालयको निर्णयलाई मातहत कार्यालयले अनिवार्य रूपले पालना गर्न र पुनरावेदन तहका कार्यालयहरूले पनि मुद्दा चलाउनु नपर्ने निर्णय भई आएका मिसिलहरूबाट मुद्दा चल्ने स्थिति देखिएमा मुद्दा चलाउनु पर्ने कारणहरू क्रमवद्ध रूपमा खोली आफुसमक्ष पेश भएको मिसिल सम्बन्धित मातहत कार्यालयमा फिर्ता पठाउने व्यवस्था गर्नु । | *मिति २०५२/६/२३ च.नं. २८५५ च.नं. ६६९५ (मातहतका सबै पु.स.व. कार्यालयहरु तथा सोमार्फत जि.स.व. कार्यालयहरु समेत)* |

**२.३ अभियोगपत्रको तयारी र दायरी**

अनुसन्धानको कार्य सम्पन्न भई अनुसन्धान अधिकृतबाट रायसहितको प्रतिवेदन प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकीलले कुन कुन प्रतिवादीलाई के कस्तो सजाय हुनु पर्ने हो सो स्पष्ट खुलाई म्यादभित्रै अदालतमा अभियोगपत्र दायर गर्नु पर्ने हुन्छ । अभियोगपत्र तयारीका अवस्थामा देहायबमोजिम ध्यान दिनु पर्छः

- मुद्दाको हदम्याद, मुद्दा दायर गर्ने निकाय र प्रयोग हुने कानून तथा त्यसमा संशोधन भए नभएको विषयमा यकीन हुनु पर्छ ।
- बालबालिकामात्र प्रतिवादी भएको मुद्दाको अभियोगपत्र जिल्ला अदालतमा दायर गर्नु पर्छ ।
- सर्वोच्च अदालतबाट बालबालिकाका सम्बन्धमा वा मुद्दासँग सम्वद्ध नजिरहरु भए नभएको यकीन गरी भए त्यस्ता नजिरको पालना गर्नु पर्छ ।
- बालबालिकाको उमेर सम्बन्धमा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ बमोजिम यकीन गर्नु पर्छ ।
- बालबालिकालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को व्यवस्थाबमोजिम के कति कम सजाय हुने हो वा सजाय नै नहुनु पर्ने हो सो कुरामा यकीन हुनु पर्छ र अभियोगपत्रमा सो व्यहोरा उल्लेख गर्नु पर्दछ ।
- उपलब्ध प्रमाणहरुको स्थिति र भौतिक प्रमाणहरुको हकमा परीक्षण प्रतिवेदन प्राप्त भए नभएको कुरामा ध्यान दिनु पर्छ ।
- अभियोगपत्रमा सङ्कलित प्रमाण र ती प्रमाणहरु बालबालिकाले गरेको कसूरसँग के कसरी सम्बन्धित रहेका छन् भन्ने सुक्ष्मतम् विश्लेषण गर्नु पर्छ ।
- बाल न्याय, मानवअधिकार, निष्पक्ष एवं स्वच्छ न्यायका सर्वमान्य सिद्धान्तहरुको अनुशरण गर्नु पर्छ ।

- पीडित बालबालिका जाहेरवाला भए निजको परिचयात्मक विवरण गोप्य राख्नु पर्छ र पीडित बालबालिका जाहेरवाला नभएमा त्यस्तो जाहेरवाला वा प्रतिवेदकको नाम, थर, वतन प्रष्टसँग खुलाउनु पर्छ ।
- अभियोगपत्र कुन कानूनअनुसार पेश गरेको हो र कुन निकायमा पेश गरिने हो अभियोगपत्रको शिरमा नै खुलाउनु पर्छ ।
- अभियोग लगाउन खोजिएको बालबालिकाको परिचयात्मक विवरण गोप्य राख्नु पर्छ । निजको परिचयात्मक विवरण गोप्य राख्नका लागि अरु विवरण वा अरु व्यक्तिको विवरणसमेत गोप्य राख्नु पर्ने भएमा ती सबै परिचयात्मक विवरणका लागि सङ्केत विवरण दिई गोपनीयता कायम राख्नु पर्दछ ।
- बालबालिकालाई निजउपर लगाइएको आरोपको जानकारीका लागि अभियोगपत्र दायर भएपछि तुरुन्त अभियोगपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्छ । साथै अभियोगपत्रको प्रतिलिपि बालकको बाबु आमा वा संरक्षकलाई पनि दिनु पर्छ ।
- बालबालिका पीडित रहेकोमा उनीहरूले प्रचलित कानूनले पाउने क्षतिपूर्ति भराउने दावी लिनु पर्छ ।
- बालबालिकाले आफ्नो तर्फबाट कानून व्यवसायी राख्न सक्ने नभएमा स्थानीय कानूनी सहायता समिति, कानूनी सहायता प्रदान गर्ने संघसंस्थाहरुलाई सो कुराको सूचना संप्रेषण गरी सहयोग गर्नु पर्छ वा अदालतलाई वैतनिक वकीलको सेवाको लागि जानकारी गराउनु पर्छ ।
- अभियोगपत्र दायर गर्नु पर्ने अवस्थामा बालबालिका प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई छिटो अभियोगपत्र दायर गर्नु पर्छ ।
- पीडित बालबालिकाहरु रहेकोमा साक्षीको महलमा पनि त्यस्ता पीडित साक्षीको परिचयात्मक विवरण गोप्य राख्नु पर्छ ।
- पीडित वा प्रतिवादी बालबालिकाको उमेर यकीन भएको वा त्यसको प्रमाण छ, छैन हेरी बाल न्याय (कार्यविधि) नियमावली, २०६३ अनुरुप बालबालिकाको उमेर यकीन गराई उमेर लेख्नु पर्छ र बालबालिकाको उमेर पुगेको देखाउने हिसावले जथाभावी माथिल्लो उमेर लेख्न हुँदैन ।
- पीडित बालबालिका भएका मुद्दामा उनीहरुको सुरक्षा, स्वास्थ्य, बसोबास सम्बन्धमा अनुसन्धान अधिकारीसँग सोधपुछ गरी आवश्यकतानुसार त्यस्ता बालबालिकाको हितमा सुझाव दिनु पर्छ ।
- बालबालिका प्रतिवादी रहेकोमा निजको सामाजिक अध्ययन प्रतिवेदनसमेत मिसिलसाथ पेश गर्नु पर्छ ।
- अभियोगपत्रमा साक्षी गवाहको पुरा नाम, थर, वतन उल्लेख गर्नु पर्छ ।
- देख्ने साक्षी (Eye witness) लाई छुटाउनु हुँदैन ।
- वरामद दसी प्रमाण सनाखत (Identify) गराई दसी प्रमाण सिलसिलेवार रुपमा प्रस्तुत गर्नु पर्छ ।
- भौतिक सबुद परीक्षण गरिएको विशेषज्ञको राय भए विशेषज्ञ साक्षीको रुपमा उल्लेख गर्नु पर्छ ।
- म्याद थपको क्रममा अदालतमा प्रस्तुत भइसकेका कागजात झिक्न (Document screening) हुँदैन, सबै प्रस्तुत गर्नु पर्छ ।

## कानूनी व्यवस्था

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १८*

(१) दफा १७ को उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकीलले देहायका कुराहरु उल्लेख गरी तोकिएको ढाँचामा अभियोगपत्र तयार गरी दशी प्रमाण तथा अपराधसँग सम्बन्धित चीज वा वस्तु र थुनुवा भए थुनुवासहित म्यादभित्रै सम्बन्धित अदालतमा दायर गर्नु पर्नेछः

(क) अभियुक्तको पुरा नाम, थर र वतन,

(ख) अपराधसम्बन्धी सूचनाको व्यहोरा,

(ग) अपराधसम्बन्धी विवरण,

(घ) अभियुक्तउपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(ङ) सम्बन्धित कानून,

(च) अभियुक्तलाई हुनु पर्ने सजाय र

(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम ।

(२) उपदफा (१) बमोजिम दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्तउपर अभियोग लगाउन खोजिएको अपराधको प्रचलित कानूनमा कुनै खास नामाकरण गरिएको रहेछ भने सो अपराधको सम्बन्धमा सो नामको उल्लेख गर्नु पर्नेछ । प्रचलित कानूनमा कुनै नामाकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रुपमा बुझ्न सक्ने गरी अपराधको तत्वहरु उल्लेख गर्नु पर्नेछ ।

(३) अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्बन्धमा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकारप्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरु पनि साथै पेश गर्नु पर्नेछ र अभियुक्त पक्राउमा परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।

| | |
|---|---|
| (१) अदालतमा फौजदारी मुद्दा दायर गर्दा सरकारी वकीलले ऐन र प्रचलित कानूनको म्यादभित्र अनुसूची-१३ बमोजिमको ढाँचामा ऐनको दफा १८ को उपदफा (१) बमोजिमका कुराहरू समेत उल्लेख गरी अभियोगपत्र तयार गरी सक्कल मिसिल र अभियुक्त भए निजलाई समेत प्रहरी कर्मचारीका साथ अदालतमा दाखिल गरी अभियोगपत्र दायर गर्नु पर्नेछ । यसरी दायर गरिएको अभियोगपत्रको एक प्रति नक्कल तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५, को नियम १३* |

**सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त**

| | |
|---|---|
| बालकमात्र प्रतिवादी भएको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को कानूनी व्यवस्थाबमोजिम उक्त मुद्दाको शुरु कारवाही र किनारा बाल अदालत वा बाल इजलासबाट मात्र हुने हुँदा त्यस्तो सार्वजनिक अपराधको मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुँदैन । | *सरोज राई विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, आदेश मिति २०६६/७/२६* |
| फौजदारी मुद्दामा अभियुक्तमाथि लगाइएको आरोप वादी पक्षले पूर्ण रूपमा प्रमाणित गर्नु पर्ने । | *ने.का.प. २०४७, नि.नं. ४१३३, पृ. ३७८* |
| अपराधसम्बन्धी तथ्य र प्रमाणको जानकारी अदालतलाई स्वतः नहुने हुँदा अभियोग दाबी गर्ने पक्षले आपराधिक कार्यको प्रकृतिलाई विस्तारपूर्वक खुलाई त्यसलाई प्रमाणित गर्ने आवश्यक प्रमाणसमेत पुर्‍याउनु पर्ने । | *स.अ.बु. २०५७, अङ्क १३, पृष्ठ ९* |
| अभियोगपत्रसाथ पेश गरिने साक्षी प्रमाण, दशी प्रमाण, भौतिक प्रमाण तथा लिखत प्रमाणहरू न्यायिक कसीमा खरो उत्रन सक्ने विश्वसनीय र भरपर्दो हुनु पर्दछ । दशी प्रमाण वा भौतिक प्रमाणको परिचयात्मक विवरण सकेसम्म विस्तृत रूपमा उल्लेख गर्नु पर्दछ । | *ने.का.प. २०६६, नि.नं. ८१८२, अङ्क ६, पृ. १०५५* |
| साक्षीको रूपमा प्रस्तुत गरिने व्यक्तिहरूको परिचयात्मक विवरणसहित निजले व्यक्त गरेको कुरा उल्लेख गर्नु पर्दछ । अनुसन्धानको क्रममा बुझिएका अन्य व्यक्तिको परिचयात्मक विवरण र निजहरूको भनाई उल्लेख गर्नु पर्दछ । अनुसन्धानको सन्दर्भमा प्राप्त सबुदको प्राविधिक एवं वैज्ञानिक परीक्षण गरेको भए के कुन प्रयोजनको लागि विशेषज्ञको परीक्षण गराइएको हो, कुन निकायबाट परीक्षण गराइएको हो र प्रतिवेदनको निष्कर्ष के रहेको छ सो प्रतिवेदनमा उल्लेखित तथ्यलाई अभियोगपत्रमा खुलाउनु पर्दछ । अभियोगपत्रसाथ पेश गरिने प्रत्येक लिखित तथा भौतिक सबुद प्रमाणहरू यकीन गरी क्रमवद्ध रूपमा त्यसको विवरणसहित त्यसको प्रभावकारीतासमेत उल्लेख गर्नु पर्दछ । | *दुर्गा उप्रेती विरुद्ध नेपाल सरकार, ने.का.प. २०६७, अङ्क २, नि.नं. ८३२१, पृ. ३०९* |

| | |
|---|---|
| प्रत्येक कसूरदारको सम्बन्धमा निजले गरेको कसूर के हो, सो कसूर पुष्टी गर्ने आधार प्रमाण के के छन्, सो कसूरबारे प्रचलित नेपाल कानूनमा के अभियोग लाग्न सक्दछ र उल्लेखित अभियोगको सम्बन्धमा के कस्तो दण्ड सजायको व्यवस्था रहेको छ सोसमेतको मागदावी स्पष्ट रूपमा छुट्टाछुट्टै प्रकरणमा खुलाई उल्लेख गर्नु पर्दछ । | *शालिकराम अधिकारी विरुद्ध झ्यापी अधिकारी, ने.का.प. २०६६, अङ्क ६, नि.नं. ८१८२, पृ. १०५५* |
| सङ्गठित अपराधको प्रकृति सामान्य अपराधभन्दा पृथक हुन्छ। अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न। वृहत योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने सङ्गठित अपराधमा धेरै व्यक्तिको वेग्लावेग्लै भूमिका हुन्छ। पृथकपृथक व्यक्तिको फरकफरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ। तसर्थ, प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नु पर्ने । | *दुर्गा उप्रेती विरुद्ध नेपाल सरकार, ने.का.प. २०६७, अङ्क २, नि.नं. ८३२१, पृ. ३०९* |
| बालबालिकासम्बन्धी ऐन, २०४८ को परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जवरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जवर जस्ती करणीको अपराधले समाजमा विकृति र विसङ्गति ल्याउन सक्ने । जवरजस्ती करणीको अपराधमा पीडक कसूरदारबाट पीडित जुनसुकै वयष्क महिलाले पाउने कानूनबमोजिमको क्षतिपूर्ति बच्चा महिला अर्थात् बालिकाले पाउदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन मिल्न जाने । बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जवरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छूट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने । जवरजस्ती करणीको अपराधमा सजायको वर्गिकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालबालिकासम्बन्धी ऐनको दफा ११ मा अपराधिक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्तिसमेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रूपमा अर्थवोध नगरी बलपूर्वक व्याख्या गर्नु सान्दर्भिक नहुने । सजायसम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न नमिल्ने । | *नेपाल सरकार विरुद्ध पवनकुमार यादवसमेत, ने.का.प. २०६७, नि.नं. ८४९४, अङ्क ११, पृ. १८०२* |

| | |
|---|---|
| सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७ मा अनुसूची-१ मा उल्लेखित कुनै अपराधको तहकिकात पुरा भएपछि रायसहितको प्रतिवेदन र कागजको सक्कल र नक्कल प्रति र दशी प्रमाणसहित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ । त्यस्तै सोही दफा १७ को उपदफा (३) मा थप सबुद सङ्कलन गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेसम्मको कानूनी व्यवस्था भएको पाइन्छ । तर अनुसन्धान गर्ने प्रहरी कर्मचारीले अनुसन्धानको सिलसिलामा तयार गरेका कागजातहरू सहितको मिसिल सरकारी वकील कार्यालयमा पठाएको भन्ने जिल्ला प्रहरी कार्यालय, बाँकेको लिखित जवाफबाट देखिन्छ। उक्त मिसिलबाट विवादित कागजात नरहेको भन्ने सरकारी वकील कार्यालयले आफ्नो लिखित जवाफमा स्पष्टतः उल्लेख नगरी मिसिलमा देखिएन भन्ने लेखेको पाइन्छ । सरकारी वकील कार्यालयले आफूसमक्ष प्रहरी कार्यालयबाट पेश गरेका मिसिल कागजातमध्ये कुनै कागज मिसिलमा राख्नु नपर्ने देखिएमा सम्बन्धित मिसिलबाट त्यस्तो कागज निकाल्न वा मिसिल संलग्न नगर्न सक्ने गरी त्यस्तो कुनै तजविजी अधिकार, कर्तव्य र दायित्व सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान गरेको देखिन आएन । यस्तो अवस्थामा जिल्ला प्रहरी कार्यालय, बाँकेबाट अनुसन्धानको सिलसिलामा बुझिएको किरण कँडेलसमेतको कागज पुनरावेदन सरकारी वकील कार्यालयमा पठाइएकोमा सो कागज सम्बन्धित मिसिल संलग्न गर्ने गरी भएको आदेशमा कुनै त्रुटि रहे भएको देखिन आएन । तसर्थ पुनरावेदन अदालत, नेपालगञ्जबाट जारी भएको परमादेशको आदेश मनासिव देखिने । | *पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्ज विरुद्ध राजु थापा, मुद्दाः परमादेश, ने.का.प. २०५७, अङ्क १०।११ नि.नं. ६९५३* |

**२.४ बाल न्याय प्रवर्धनमा सरकारी वकीलको अन्य भूमिका**

**२.४.१ थुनछेकको अवस्थामा सरकारी वकीलको भूमिका**

सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको बयान लिने कार्य सम्पन्न भएपछि मुद्दाको पुर्पक्षका लागि गरिने आदेशलाई थुनछेक आदेश भन्ने गरिन्छ । मुद्दाको पुर्पक्षका लागि प्रतिवादीलाई थुनछेकको आदेश गर्दा सामान्यतया तीन किसिमको आदेश हुन सक्ने देखिन्छ जस्तो पुर्पक्षका लागि थुनामा राख्ने, धरौट वा जमानतमा छोड्ने र साधारण तारिखमा राख्ने । यसरी थुनछेकको आदेश हुँदाका बखत सरकारी वकील बहसका लागि उपस्थित हुनु पर्ने हुन्छ र यसरी उपस्थित हुँदा सरकारी वकीलले देहायका कुरामा ध्यान दिनु पर्दछः

- मुद्दाको हरेक कारवाहीमा बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई ध्यानमा राख्नु पर्ने हुँदा बाल न्यायको एउटा सरोकारवालाको हैसियतले सरकारी वकीलले पनि थुनछेक कै बखत पनि बहस गर्दा बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई विचार र मनन् गरी बहस गर्नु पर्दछ ।
- बालबालिकालाई के कस्तो सजायको दावी लिइएको छ र सो दावीअनुसार जन्मकैदको सजाय हुन सक्ने वा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराध वा यी अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधको मतियार भएको अपराधमा हो वा सोभन्दा कम सजाय हुने अपराध हो भनी यकीन हुनु पर्छ ।
- थुनछेकको आदेश मुद्दामा हुने अन्तिम फैसला नभई तत्काल प्राप्त प्रमाणका आधारमा मुद्दाको पुर्पक्षका लागि थुनामै राख्ने वा धरौट जमानीमा छोड्ने वा साधारण तारिखमा राख्ने भन्ने कुराको निर्धारण गरिने हुँदा अभियोगपत्र दायर हुँदासम्म सङ्कलित प्रमाणहरु र प्रतिवादीले अदालतमा गरेको बयानमा आधारित भई सरकारी वकीलले बहस गर्नु पर्ने हुन्छ ।
- तत्काल प्राप्त प्रमाणहरुबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भनी विश्वास गर्ने कुनै मनासिव आधार भई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने अवस्थामा पनि बालबालिकाका हकमा बाल सुधार गृहमा राख्नु पर्ने तर्फ सजग हुनु पर्छ ।
- थुनछेक बहसका सन्दर्भमा मुलुकी ऐनको अं.बं. ११८ नं. का अतिरिक्त अन्य प्रचलित विशेष कानूनको समेत अध्ययन गरी सरकारी वकील दिग्दर्शनमा उल्लेख भएबमोजिमका कुराहरु पनि बहस गर्दा ध्यान दिनु पर्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) नेपाल सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरु राखिनेछ :<br>(क) कुनै कसूरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक, | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२* |
| (२) देहायको कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ ।<br>• जन्मकैदको सजाय हुन सक्ने अपराध,<br>• नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराध,<br>• माथि उल्लिखित अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध । | *मुलुकी ऐन, अ.ब.को ११८ नं* |

| | |
|---|---|
| (४) माथि दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्नु अनुपयुक्त हुने भनी अड्डाले ठहऱ्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ। अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा जन्मकैदको सजाय हुन सक्ने अपराध गरेको वा सो अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधामा मतियार भएको अभियोग लागेको अभियुक्तबाहेक त्यस्तो अभियुक्तसँग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ । | *मुलुकी ऐन, अ.ब.को ११८ नं* |
| (५) माथि उल्लेख भएबमोजिम हुनेमा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले निजसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु पर्छ । | *मुलुकी ऐन, अ.ब.को ११८ नं* |
| (१) प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार, वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०* |

### २.४.२ साक्षीको उपस्थिति र परीक्षणको अवस्थामा सरकारी वकीलको भूमिका

फौजदारी मुद्दाका सम्बन्धमा मुद्दाको इन्साफ गर्दा महत्वपूर्ण प्रमाणको रुपमा साक्षी रहेको हुन्छ । मुद्दामा प्रमाणको रुपमा प्रस्तुत गरिने विभिन्न प्रमाणमध्ये मौखिक प्रमाण साक्षी हो । नेपाल सरकार वादी हुने मुद्दामा अपराधको बारेमा अनुसन्धानका सन्दर्भमा जानकारी दिएको वा कागज गरेको जाहेरवाला, घटनाबाट पीडित व्यक्ति, घटनास्थल मुचुल्का, वरामदी मुचुल्का, खानतलासी मुचुल्का लगायतका मुचुल्कामा रहेका व्यक्ति, विशेषज्ञ आदि व्यक्तिहरु सरकारी साक्षीको रुपमा रहेका हुन्छन् । साक्षीले अदालतमा गई बकपत्र

गर्ने कुरालाई साक्षी परीक्षण भनिन्छ। वादी प्रतिवादी दुवै तर्फबाट सक्षीलाई अदालतमा प्रश्न गरी सत्यता पहिचान गर्ने प्रयत्न गरिने भएकाले यसमा साक्षीको कथनको परीक्षण भएको हुन्छ। फौजदारी मुद्दामा साक्षीको भूमिका महत्वपूर्ण हुन्छ। अभियोजनकर्ताले मुद्दाको अभियोजन गर्दा अदालतसमक्ष प्रस्तुत गर्ने प्रमाणहरुमा साक्षी सर्वाधिक रुपमा प्रस्तुत हुने प्रमाणको रुपमा रही आएको छ।

साक्षी उपस्थित गराउदा सरकारी वकीलले निम्न कुरामा ध्यान दिनु पर्दछः

- बालबालिका प्रतिवादीको रुपमा रहेका मुद्दामा प्राथमिकता दिई किनारा गर्नु पर्ने भएकोले साक्षीलाई अदालतबाट खोजेका बखत उपस्थित गराउन अनुसन्धान अधिकारीलाई नियमित रुपमा निर्देशन दिई बालबालिकाको मुद्दामा शीघ्र न्यायको मर्मलाई व्यवहारमा रुपान्तरण गर्न मद्दत गर्नु पर्छ।
- बालबालिका साक्षी रहेछन् भने उनीहरुलाई मायालु व्यवहार गरी उपस्थित गराउने बखत कार्यालयमा रहेको बेलामा पारिवारिक वातावरण कायम गरी राख्नु पर्दछ र पीडित मैत्रीकक्ष स्थापना भएका सरकारी वकील कार्यालयमा यस्ता बालबालिका साक्षीलाई पनि सो स्थानमा राख्नु पर्दछ।
- साक्षी उपस्थित गराउँदा बालबालिका पक्ष वा पीडित रहेछ भने उनीहरुको परिचयात्मक विवरण गोप्य राख्नु पर्दछ।
- फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने अभिभारा वादी पक्षमा निहित रहने र वादी पक्षको अभियोग पुष्ट्याई गर्ने विभिन्न आधारहरु मध्ये साक्षी प्रमाण बलियो आधार भएको हुनाले साक्षीलाई अदालतमा उपस्थित गराई बकपत्र गराउने कुरामा सरकारी वकील संवेदनशील हनु पर्दछ।
- साक्षीलाई अदालतले खोजेको दिन र समयमा उपस्थित गराउने दायित्व अनुसन्धान अधिकारीको भएको हुँदा सरकारी वकीलले अनुसन्धान अधिकारीलाई साक्षी उपस्थित गराउनका लागि नियमित रुपमा समन्वय र अनुगमन गर्नु पर्दछ।
- कुनै साक्षी अदालतले निर्धारण गरेको समयमा उपस्थित गराउन नसकेमा सो नसक्नाको कारणसहित अनुसन्धान अधिकारीद्वारा निर्धारित ढाँचामा तयार भएको मुचुल्का प्राप्त गरी सो विवरण अदालतसमक्ष प्रस्तुत गर्नु पर्दछ र पुनः साक्षी उपस्थित गराउन समय माग गर्नु पर्दछ।
- पछि उपस्थित गराउन नसकिने तर नबुझी नहुने साक्षीलाई सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १५(१) को व्यवस्थाअन्तर्गत तत्कालै बकपत्रको लागि अदालतसँग अनुरोध गरी अदालतबाट अनुमति भएमा सोहीअनुसार उपस्थित गराउन अनुसन्धान अधिकारीलाई लेख्नु पर्दछ।

- अदालतबाट साक्षी बुझ्ने आदेश भएपछि सोको जानकारी लिने र साक्षीहरू उपस्थित गराउने बारेमा अनुसन्धान अधिकारी एवं सम्बन्धित कार्यालयसँग समन्वय कायम गर्ने ।
- साक्षीहरू कुनै सामाजिक संघसंस्थाको संरक्षणमा रहेको जानकारीमा भए त्यस्ता संस्थालाई समेत सोको जानकारी गराउने ।

साक्षी परीक्षणका क्रममा सरकारी वकीलले देहायका कुरामा ध्यान दिनु आवश्यक हुन्छः

- बालबालिकासम्बन्धी कुनै मुद्दाको कारवाई चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्ने कानूनी व्यवस्था रहेकाले यसको कार्यान्वयनमा सहयोग गर्नु पर्दछ ।
- बालबालिका साक्षीको परीक्षण गर्दा नम्र र मायालु रुपमा सोधपुछ तथा जिरह गर्नु पर्छ ।
- साक्षीलाई निजको मान, मर्यादा वा इज्जत, प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी वा वेइज्जत गर्ने गरी वा झिझ्याउने गरी अनावश्यक प्रश्न सोध्न नपाइने हुँदा बालबालिका साक्षी र अन्य साक्षीउपर त्यस्तो व्यवहार हुन नदिन प्रयत्न गर्नु पर्दछ ।
- महिला, बालबालिका तथा बृद्ध व्यक्तिलाई साक्षीको रुपमा उपस्थित गराई बकपत्र गराउदा विशेष रुपमा संवेदनशील हुनु ।
- साक्षी परीक्षण गर्न लागेको मुद्दाको अध्ययन गरी त्यसका तथ्य वा विषयवस्तुको बारेमा पूर्ण रुपमा जानकार हुनु पर्दछ ।
- साक्षीको परीक्षण गर्न लागेको मुद्दासँग सम्बन्धित कानूनको अध्ययन गर्नु पर्छ ।
- तत्काल उठेको प्रश्नको तत्कालै समाधान गरी विद्वतापूर्ण ढङ्गले साक्षीसँग आफूले चाहेको वा खोजेको जवाफ लिन सक्ने गरी आफूलाई अद्यावधिक गर्नु पर्छ ।
- बकपत्र गराउने कार्यमा संवेदनशील हुन नसके त्यसले मुद्दाको निर्णयमा असर पार्दछ । तसर्थ सोधपुछ वा जिरहमा मुद्दासँग सम्वद्ध, तर आफूलाई मुद्दामा प्रमाणित गर्न चाहिने प्रश्नमात्र सोध्ने कुरामा ध्यान दिनु पर्छ ।
- बकपत्रको त्रुटिले मुद्दाको सफलतामा असर पर्ने भएकाले सोधिएको प्रश्न असम्बन्धित र मुद्दाको निर्णयमा आफूलाई प्रतिकूल असर पर्ने हो, होइन भन्ने कुरालाई मनन् गर्नु पर्छ ।
- लामा प्रश्न नसोधी छोटो छोटो सोध्नु उपयुक्त हुन्छ ।
- सोधपुछ, जिरह र पुनः सोधपुछका चरणमा कौशलतापूर्वक भूमिका निर्वाह गर्नु पर्छ ।

| कानूनी व्यवस्था | |
|---|---|
| (१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्नेछ ।<br>(२) अनुसूची १ मा लेखिएका मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी खर्चमा सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ ।<br>(३) अनुसूची २ मा लेखिएका मुद्दा र नेपाल सरकार वादी वा प्रतिवादी भएको अन्य मुद्दाका साक्षी प्रमाणहरू अदालतले खोजेका दिन सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य सम्वन्धित अधिकृतको हुनेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३०* |
| (१) अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकीलमार्फत त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ । अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गइसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालतसमक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ ।<br>(२) अदालतको आदेशबमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिव माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलादमीहरूको रोहवरमा अनुसूची-१४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्नु पर्नेछ । सरकारी वकीलले उक्त मुचुल्कासमेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ ।<br>(३) यस नियमबमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ । यसरी खर्च उपलब्ध गराउदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनङ्कित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाएसरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ । सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनु पर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १५* |

| | |
|---|---|
| (१) यस ऐनअन्तर्गतको मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचालित कानूनबमोजिम पाएसरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।<br>(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानूनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज बहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ । | *मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६(क)* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्बन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु नपर्ने । एक पटक साक्षी अदालतमा दाखिला गराउदैमा साक्षीको वकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने । | *नेपाल सरकार विरुद्ध धौलीदेवी विष्ट, ने.का.प. २०६८, नि.नं. ८६६८, अङ्क ८, पृ. १३७६* |
| प्रमाण कानूनमा Eye Witness अर्थात चश्मदिद गवाहको महत्वपूर्ण भूमिका हुन्छ । चश्मदिद गवाहहरूले घटना देखेको भन्ने भनाईलाई अभियोग लागेको अभियुक्तले अदालतसमक्ष जाँच्नु पाउनु पर्ने । अदालतसमक्ष यस्ता गवाहलाई पेश गरी अभियुक्तलाई गवाहको भनाई, बकाई साँचो हो होइन जिरहमार्फत परीक्षण गर्ने मौका प्रदान गर्नु पर्छ र त्यसरी त्यस्ता चश्मदिद गवाहलाई जाँच्न दिई साक्षी परीक्षणबाट गवाहको शङ्कारहित तवरबाट परीक्षण भएपछि मात्र त्यस्ता गवाहहरूको बकाईलाई Direct/Original Evidence मानिन्छ र त्यस्ता गवाहको आधारमा अभियोग प्रमाणित भएको मानिने । जिरहबाट समेत प्रत्यक्षदर्शी गवाह भन्ने देखिएको हुँदा यी साक्षीहरू प्रमाण ऐन, २०३१ बमोजिम साक्षी हुन सक्ने व्यक्ति भई दफा ५० बमोजिम जिरहसमेत भएको हुँदा उक्त साक्षीको बकाई Legally Admissible Evidence मान्नु पर्ने । | *नेपाल सरकार विरुद्ध बैद्यनाथ पण्डित, ने.का.प. २०६४, नि.नं. ७८०९, अङ्क १, पृ. ७३* |
| विशेषज्ञ भनिएको व्यक्तिलाई साक्षीसरह उपस्थित गराई बुझिएको वा निजसँग जिरह गर्ने प्रतिवादीलाई मौका नदिएको अवस्थामा उक्त रायलाई प्रमाणमा लिनु प्रमाण ऐन, २०३१ को दफा २३(७) को प्रतिकूल हुने । कानूनबमोजिम ग्रहण गर्न नहुने प्रमाण ग्रहण गरी सो प्रमाणलाई आफ्नो ठहरको आधार बनाई फैसला गरेको प्रमाण ऐनको दफा ५४ को प्रतिवन्धात्मक वाक्यांशले सो फैसला बदर हुने । | *केशवप्रसाद घिमिरे विरुद्ध नेपाल सरकार, ने.का.प. २०३६, नि.नं. १२५५, पृ. १०८* |

**महान्यायाधिवक्ताको कार्यालयबाट भएको परिपत्र**

| | |
|---|---|
| • साक्षी गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुने कानूनी व्यवस्था गरेको हुँदा सोबमोजिमको कर्तव्य बहन गरी साक्षी उपस्थितिको सुनिश्चितता गर्न सबै जिल्ला प्रहरी कार्यालयमा र खास गरी काठमाडौंका प्रहरी कार्यालयमा विशेष रूपमा लेखी निरन्तर अनुगमनको समेत व्यवस्था गर्न सरकारी वकीलसम्बन्धी नियमावली, २०५५ को नियम १० को उपनियम (६) बमोजिम प्रहरी महानिरीक्षकलाई लेखी पठाउने ।<br>• साक्षी गवाहलाई तोकिएको दिन उपस्थित गराउन नसकेको अवस्थामा मनासिव माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलादमीहरूको रोहवरमा अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्ने गर्नु भन्नेसमेत लेखी पठाउने ।<br>• मुद्दामा साक्षी उपस्थिति भए नभएको सम्बन्धमा मिसिलहरू समय समयमा हेरी अनुसन्धान गर्ने प्रहरी कार्यालयलाई प्रकरण १ र २ बमोजिमको व्यवस्था गर्न पत्र लेखी पठाउने गर्नु भनी सबै सरकारी वकील कार्यालयहरूमा लेखी पठाउने । | *महान्यायाधिवक्ताको कार्यालयको च.नं. ४७०२, मिति २०६७/९/१२ को परिपत्र* |
| • शङ्कित व्यक्तिको बयान अनुसन्धान अधिकृतले सरकारी वकील कार्यालयका सरकारी वकीलसमक्ष अनिवार्य रूपमा गराउने र अदालतसमक्ष हुने बयान बकपत्रमा अनिवार्य रूपमा सरकारी वकील उपस्थित भई सोधपुछ, जिरह र पुनः सोधपुछ गर्ने,<br>• तककिकातको समयमा साक्षीहरू राख्दा अदालतमा उपस्थित भई स्वेच्छाले बकपत्र गर्ने व्यक्तिहरूलाई प्राथमिकता दिन लगाउने,<br>• प्रहरी कर्मचारीको प्रतिवेदनले अनुसन्धान प्रारम्भ भएका वा प्रहरी कर्मचारीहरू साक्षी बसेका मुद्दाहरूमा अनिवार्य रूपमा प्रहरी कर्मचारीहरूलाई बकपत्र गर्न अदालतमा उपस्थित गर्न लगाउने,<br>• पछि उपस्थित गराउन सम्भव नहुने साक्षीहरूलाई मुद्दा पेश गर्दा कै अवस्थामा बकपत्र गराउनको लागि पहल गर्ने । | *महान्यायाधिवक्ताको कार्यालयको च.नं. ६५६, मिति २०६७/१२/७ को परिपत्र* |

### २.४.३ विशेषज्ञको बकपत्रको अवस्थामा सरकारी वकीलको भूमिका

कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुने व्यवस्था प्रमाण ऐनको दफा दफा १८ मा रहेको छ । यसरी नै कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रूपमा आफै अदालतमा

उपस्थित भएमा मात्र प्रमाणमा लिन हुन्छ भनी सोही ऐनको दफा २३(७) मा रहेको छ। हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रितीरिवाज, कला वा यस्तै अन्य विषयसम्बन्धी कुरा एकीन गर्नु पर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालीम प्राप्त व्यक्तिलाई साक्षीसरह उपस्थित गराई बकाउनु पर्छ । यसरी बकाएमा मुद्दाको पक्षहरूलाई जिरह गर्ने मौका दिनु पर्ने पनि सो ऐनको दफा ५२ मा व्यवस्था गरिएको छ ।

- विशेषज्ञको रायमा अर्को पक्षले विवाद गरेमा निज विशेषज्ञलाई अदालतसमक्ष झिकाई बकपत्र गर्नु पर्ने भएकाले त्यस्ता विशेषज्ञलाई अदालतले उपस्थित गराउनका लागि आदेश गरेकोमा प्रहरीबाट उपस्थित गराई आएकोमा अदालतमा उपस्थित गराउनु पर्दछ ।
- विशेषज्ञले दिएको राय र मिसिल कागजात पहिले नै आफ्नो कार्यालयमा हेर्न लगाउनु पर्दछ र निजलाई अदालतमा हुने बकपत्रमा सोधपुछ गर्नु पर्ने हुन्छ ।
- विशषज्ञलाई बकपत्र गराउदा विषयवस्तुको बारेमा सरकारी वकील जानीफकार हुनु पर्दछ र प्राविधिक विषय भएकाले विशेष रुपमा मेहनतसमेत गर्नु पर्ने हुन्छ ।

**विदेशमा रहेका व्यक्तिको साक्षी परीक्षण**

नेपालमा हालै पारस्परिक कानूनी सहायता ऐन, २०७० पनि जारी भइसकेको छ । यस ऐनले कुनै न्यायिक कारवाहीको सिलसिलामा विदेशमा रहे बसेको कुनै व्यक्तिलाई साक्षीको रुपमा बुझ्नु पर्ने देखिएमा र त्यस्तो व्यक्ति नेपालमा आउन नचाहेमा वा नसक्ने भएमा त्यस्तो व्यक्तिलाई विदेशी राज्यको अदालतबाट साक्षीको रुपमा बुझ्न अदालतले आदेश गर्न सक्ने, सोबमोजिम साक्षी परीक्षणको लागि आदेश गरिएकोमा त्यस्तो साक्षी विदेशी राज्यको अदालतमा उपस्थित हुन नसक्ने भएमा अदालतले बन्द सवालको माध्यमद्वारा साक्षी परीक्षण गर्न आदेश दिन सक्ने, कुनै साक्षी अति वृद्ध अवस्था वा शारीरिक अस्वस्थताको कारणले विदेशी राज्यको अदालतमा उपस्थित हुन नसक्ने वा कुनै साक्षी विदेशमा रहे बसेको कारण नेपालको अदालतमा उपस्थित हुन नसक्ने भई अदालतले त्यस्तो साक्षीलाई श्रब्यदृश्य सम्वाद (Vedio Conference) को माध्यमबाट परीक्षण हुन मनासिव देखेमा श्रब्यदृश्य सम्वादको माध्यमबाट साक्षी परीक्षण गर्न आदेश दिन सक्ने तथा यस्तो आदेश भएकोमा अदालतले केन्द्रीय अधिकारीसमक्ष लेखी पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

- अर्को मुलुकमा रहेको साक्षीका सम्बन्धमा यस्तो सहयोग लिनका लागि सो मुलुकसँग पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धि हुनु वा पारस्पारिकताको आधारमा गर्नु पर्ने हुन्छ ।
- सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १५ मा अदालतले प्रमाण बुझ्न मुकरर गरेको मिति सम्ममा विदेश गई सक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुँझी नहुने किसिमका साक्षी, गवाहलाई अदालतसमक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ भन्ने व्यवस्था रहेकाले त्यसको पनि आवश्यकतानुसार प्रयोग र अभ्यास गर्नु पर्ने हुन्छ ।

**२.४.४ बहस पैरवी गर्दा सरकारी वकीलको भूमिका**

नेपालका अड्डा अदालतहरूमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्दै नेपाल सरकार वादी हुने मुद्दा, नेपाल सरकारको हकहित सरोकार निहित भएको मुद्दा, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका संवैधानिक तथा कानूनी प्रश्न समावेश भएका मुद्दाहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्नु पर्ने दायित्व संविधान तथा कानूनीले सरकारी वकीललाई तोकेको छ । यसैले सरकारी वकीलले आफूले दायर गरेको बालबालिका प्रतिवादी भएका मुद्दामा समेत यो दायित्व बहन गर्नु पर्ने हुन्छ । बालबालिका प्रतिवादी भएको मुद्दामा सरकारी वकीलले बहस गर्दा ध्यान दिनु पर्ने अन्य कुराका अतिरिक्त देहायका कुरामा पनि ध्यान दिनु पर्छः

- बालबालिका प्रतिवादी रहेकोमा कानूनले उनीहरुलाई सजायमा छुट दिएको रहेछ वा कुनै सुविधा पाउने रहेछ भने बहसका दौरानमा सो कुरा पनि भनी दिनु पर्छ ।
- बहस पैरवी गर्दा तथ्यलाई बङ्ग्याउने वा गलत तथ्य भन्ने कार्य गर्नु हुँदैन ।
- बालबालिका प्रतिवादी भएको मुद्दामा भरिसक्य पेशी स्थगित गर्न हुँदैन ।
- सरकारी वकीलले निष्पक्ष न्यायको उच्चतम् आदर्शलाई आत्मसात गरी आफ्नो व्यवसायिक आचरण पालन गर्दै मुद्दामा बहस पैरवी गर्नु पर्दछ । कुनै पनि दवाव, प्रलोभन, लालच तथा अकर्मण्यताको शिकार नभई निष्पक्ष, निडर, आत्मविश्वास, प्रभावशाली एवं दक्षताका साथ मुद्दामा बहस पैरवी गर्नु नै सरकारी वकीलको मुख्य व्यवसायिक कर्तव्य हो ।
- बहस पैरवीको तयारी गर्ने सन्दर्भमा सरकारी वकीलले विशेष गरेर महिला, बालबालिका, अपाङ्ग, बृद्धबृद्धा, पिछडिएका जाती जनजातीहरू पीडित भएका मुद्दाहरूमा विशेष सतर्कता अपनाउनु पर्दछ । त्यस्तै गरी महिला, बालवालिका, अपाङ्ग एवं बृद्धबृद्धा अभियुक्त भएका मुद्दाहरूमा पनि सरकारी वकीलले विशेष ध्यान दिनु पर्दछ ।
- सरकारी वकीलले बहस पैरवीको तयारीको सन्दर्भमा कानूनको शासन, मानवअधिकारको संरक्षण र न्यायको पक्षमा सदा सर्वदा वकालत गर्ने प्रतिवद्धता साथ बहस पैरवीको लागि तयारी गर्नु पर्दछ ।
- सरकारी वकीलले बहस पैरवी गर्दा सरकारी वकीलको आचारसंहिता, २०५८ मा उल्लेखित कुराहरूमा पनि ध्यान पुऱ्याउनु पर्दछ ।

**कानूनी व्यवस्था**

| | | |
|---|---|---|
| (१) | अनुसूची १ वा २ मा लेखिएको मुद्दा र नेपाल सरकार वादी हुने भनी कुनै कानूनमा लेखिएको मुद्दामा सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ । सोबाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकीलले बहस पैरवी वा प्रतिरक्षा गरी दिन सक्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३३* |

**२.४.५ पुनरावेदन गर्दा सरकारी वकीलको भूमिका**

तल्लो अदालत वा मुद्दा हेर्ने अधिकारीले गरेको फैसला वा निर्णय चित्त नबुझ्ने पक्षले सो फैसलामा आफूलाई चित्त नबुझेको कुराहरू के के हुन् सो सवै कुराहरू उल्लेख गरी आफ्नो भनाई पुष्टी हुने कानूनी आधारहरू समेत खुलाई सो अड्डा वा अदालतभन्दा माथिल्लो अड्डा अदालतमा कानूनबमोजिम पुन हेरी पाऊँ भनी दिने निवेदनलाई पुनरावेदन भनिन्छ। सरकारी वकीलले अड्डा अदालतबाट भएको फैसला अध्ययन गरी सो फैसलाको परिणामसमेत विचार गरी सो फैसलाउपर पुनरावेदन गर्ने वा नगर्ने कुराको निक्यौंल गर्नु पर्दछ । बालबालिका प्रतिवादी भएको मुद्दामा पुनरावेदनका सम्बन्धमा सरकारी वकीलले ध्यान दिनु पर्ने अन्य कुराका अतिरिक्त देहायका कुरामा ध्यान दिनु पर्छ ।

- अभियोगपत्र दायर गर्दा उमेर पुगेको भनी दायर भएको तर पछि अदालतबाट बाल न्याय (कार्यविधि) नियमावलीबमोजिम उमेर निर्धारण गर्दा नाबालक भएको पुष्टि भई सोबमोजिम फैसला भएकोमा सो फैसला ठिक भए नभएको हेर्दा ठिक रहेछ भने पुनरावेदन नगर्ने प्रकृया अघि बढाउन उपयुक्त हुन्छ ।
- बालबालिका प्रतिवादी भएको मुद्दामा फैसला भएपछि अदालतसँग समन्वय कायम गरी शीघ्र फैसला प्राप्त गरी पुनरावेदनसम्बन्धी कारवाही अघि बढाउनु पर्छ ।
- फैसलाको जानकारी प्राप्त भएपछि पुनरावेदन गर्न कानूनले प्राप्त अन्तिम म्याद नकुरी तुरुन्त गर्ने अभ्यास विकास गर्नु पर्छ ।

# परिच्छेद ३

# बालबालिकासम्बन्धी मुद्दाको सुनुवाईसम्बन्धी व्यवस्था

## ३.१ बालबालिकासम्बन्धी मुद्दामा अभियोगपत्रको जाँचबुँझ

अभियोगपत्र दर्ताका सम्बन्धमा बालबालिका प्रतिवादी भएका मुद्दाका हकमा मात्र लागू हुने छुट्टै विशेष व्यवस्था भएको पाइदैन । अन्य मुद्दासरह बालबालिका प्रतिवादी भएका मुद्दामा पनि अभियोगपत्र प्राप्त हुँदा प्रतिवादी बालबालिका पक्राउ परेको अवस्था हो भने अभियोगपत्रका साथमा पक्राउ परेका बालबालिका साथै ल्याउनु पर्ने हुन्छ र प्रतिवादी बालबालिका पक्राउ नपरेको अवस्था हो भने प्रतिवादी बालबालिकालाई अदालतबाटै म्याद जारी गरी हाजिर हुन म्याद पठाउन माग गरिएको हुन्छ । प्रतिवादी बालबालिकालाई अभियोगपत्रका साथ उपस्थित गराइएको रहेछ भने सर्वप्रथम देहायका कुरामा ध्यान दिनु पर्ने हुन्छः

- प्रतिवादी बालबालिकालाई बालमैत्री कोठामा राख्ने,
- नेल कतकडी लगाइएको छ छैन, भए बालबालिकालाई नेल हतकडी लगाउन नपाइने हुँदा खोल्न आदेश दिने,
- अनुसन्धानका लागि थपिएको म्यादभित्र ल्याइएको छ छैन,
- कुनै शारीरिक परीक्षण गर्नु पर्ने छ छैन,
- प्रतिवादी बालबालिकाका तर्फबाट कानून व्यवसायीको उपस्थिति छ छैन,
- प्रतिवादी बालबालिकाको परिचयात्मक विवरण गोप्य राखेको छ छैन,
- बिज्याइकर्ता बालकको मात्र होइन, पीडित पनि बालक नै रहेछ भने त्यस्तो पीडितको पनि परिचयात्मक विवरण गोप्य राखे नराखेको के छ,
- परिचयात्मक विवरण गोप्य नराखेको अवस्था भए परिचयात्मक विवरण गोप्य राख्ने प्रक्रिया सम्पन्न गर्ने,
- तहकिकातका क्रममा अभिभावकको जिम्मामा राखिएको वा बाल सुधार गृहमा राखिएको भए उपस्थित गराइएको छ छैन,
- बाल सुधार गृहमा राखिएका बालबालिकाका हकमा त्यस्तो सुधार गृहमा राखिएको देखिने प्रमाण संलग्न छ छैन र अभियोगपत्रसाथ उपस्थित गराउन नसकिएको कारण खुलाइएको छ छैन,

- अभियोगपत्रका साथ सामाजिक अध्ययन प्रतिवेदन संलग्न छ छैन,
- अभियोगपत्र हदम्यादभित्र छ छैन ।
- अभियोगपत्र तोकिएको ढाँचामा छ छैन,
- सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूचि १ वा २ मा लेखिएबाहेकमा नेपाल सरकार वादी हुने मुद्दाको सम्बन्धमा मुद्दा चलाउने गरी सरकारी वकीलबाट भएको निर्णय संलग्न छ छैन ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा  राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेको कैदीको साथ राख्न हुँदैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५* |
| (१) कुनै बालकविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९* |
| (१) बालकविरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १३* |
| (१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्वन्धमा सम्वन्धित कानुनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्वन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाध्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्वन्धित सरकारी वकील समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ ।<br>(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानुनको कुन अभियोगमा क-कसलाई मुद्दा चलाउने सो समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाध्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३१* |

| | |
|---|---|
| (१) अदालतमा फौजदारी मुद्दा दायर गर्दा सरकारी वकीलले ऐन र प्रचलित कानूनको म्यादभित्र अनुसूची-१३ बमोजिमको ढाँचामा ऐनको दफा १८ को उपदफा (१) बमोजिमका कुराहरू समेत उल्लेख गरी अभियोगपत्र तयार गरी सक्कल मिसिल र अभियुक्त भए निजलाई समेत प्रहरी कर्मचारीका साथ अदालतमा दाखिल गरी अभियोगपत्र दायर गर्नु पर्नेछ। यसरी दायर गरिएको अभियोगपत्रको एक प्रति नक्कल तहकिकात गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ। | *सरकारी मुद्दासम्बन्धी नियमावली २०५५ को नियम १३* |
| (१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्वन्धमा सम्वन्धित कानुनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबुद प्रमाण संकलन गने ' कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्वन्धित कार्यालय प्रमुखले सबुद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाध्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्वन्धित सरकारी वकील समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ।<br>(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानुनको कुन अभियोगमा क-कसलाई मुद्दा चलाउने सो समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाध्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ। | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३१* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| फौजदारी अभियोग लागेका बालबालिकालाई न्यायिक अर्धन्यायिक निकायमा लैजादा हतकडीको प्रयोग गरिएको ... हुँदा हतकडी नलगाई ल्याउने लैजाने गर्न परमादेशको आदेश जारी गरी पाउन माग गरेकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को व्यवस्था मिलाई गर्नु गराउनु भनी गृह मन्त्रालयको नाममा परमादेशको आदेश जारी। | *बालकृष्ण मैनाली विरुद्ध गृह मन्त्रालयसमेत, सम्वत् २०५६ को रिट नं ३५०५, आदेश मिति २०५८/४/२३* |

## ३.२ अभियोगपत्र दर्ता

माथि उल्लेख भएबमोजिमका कुराहरुको जाँचबुझ गरेपछि प्राप्त हुन आएको अभियोगपत्र दर्ता गर्नु पर्छ। अभियोगपत्र दर्ता गर्दा देहायका कुराहरु खुले नखुलेको र कानूनबमोजिमको रीत पुगे नपुगेको हेर्नु पर्छ :

- अभियोगपत्र प्रचलित कानूनबमोजिमको हदम्यादभित्र परे नपरेको,
- अभियोगपत्र सम्बन्धित अदालतको क्षेत्राधिकारभित्र पर्ने नपर्ने कुरा,
- प्रतिवादी र निजको बाबुको नाम, थर, वतन खुले नखुलेको,
- प्रतिवादीको उमेर खुले नखुलेको र उमेर प्रमाणित हुने कुनै प्रमाण संलग्न रहे नरहेको,
- प्रतिवादीको हुलिया खुले नखुलेको,
- प्रतिवादीको अन्य परिचयात्मक विवरण खुले नखुलेको,
- प्रतिवादीको परिचय खुल्ने कुनै प्रमाण जस्तो विद्यालयको प्रमाणपत्र आदि,
- अभियोगपत्रका साथ प्रतिवादी बनाइएको व्यक्तिलाई उपस्थित नगराइएको भए उपस्थित गराउन नसक्नुको उपयुक्त कारण खोलिएको छ छैन,
- प्रतिवादीको वतन अभियोगपत्रमा उल्लेख भएकै वतन हो भन्ने देखिने मनासिव आधार खुलाइएको छ छैन।

उल्लेख भएबमोजिमको रीत पुगेको र हदम्याद भित्रको रहेछ भने सम्बन्धित दायरी किताबमा अभियोगपत्र दर्ता गरी अभियोग दर्ता नम्वर र मिति खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा जनाउ दिनु पर्छ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) अदालतमा दर्ता गर्न ल्याएको लिखत कानूनबमोजिम दर्ता हुनेमा दर्ता किताबमा लिखत दर्ता गर्न ल्याउनेको दस्तखत वा सहिछाप गराई त्यसको दर्ता नम्बर र मिति जनाई दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्छ। तारिखमा रहने व्यक्तिलाई तारिखमात्र दिए पुग्छ। | *जिल्ला अदालत नियमावली, २०५२ को नियम १५* |

सरकारवादी हुने मुद्दामा नेपाल सरकारका तर्फबाट अभियोगपत्र सम्बन्धित सरकारी वकील कार्यालयमार्फत् दायर हुन आउने हुँदा दर्ता गर्न ल्याउनेको दस्तखत वा सहिछाप गराउनु पर्ने अवस्था पर्दैन। केवल त्यसको दर्ता नम्बर र मिति जनाई अभियोगपत्र प्राप्त भएको व्यहोराको भरपाई सरकारी वकील कार्यालयमा पठाए हुन्छ।

| | |
|---|---|
| (२) रीत नपुगेकोमा यो रीत पुऱ्याई ल्याउनु भनी लिखतको पहिलो पृष्ठमा लेखी स्रेस्तेदारको दस्तखत गरी अदालतको छाप लगाई फिर्ता दिनु पर्दछ। | *जिल्ला अदालत नियमावली, २०५२ को नियम १५* |

| | |
|---|---|
| (३) हदम्याद वा म्याद गुजारी दर्ता गर्न ल्याएको लिखत वा अदालतले हेर्न नपर्ने वा नहुने लिखत वा कानून विपरीत देखिएको लिखतको हकमा दर्ता गर्न नमिल्ने मनासिव कारण भए लिखतको पहिलो पृष्ठको पछाडि पट्टिको शिरमा, "यो लिखत दरपीठ गरिएको छ" भन्ने सम्मको व्यहोरा जनाई स्रेस्तेदारको दस्तखत र अदालतको छाप लगाई छुट्टै कागजमा दरपीठ गर्नु पर्ने आधार र कारण उल्लेख गरी सो प्रतिमा समेत स्रेस्तेदारको दस्तखत र अदालतको छाप लगाई एक प्रति सम्बन्धित पक्षलाई फिर्ता दिनु पर्दछ । त्यस्तो लिखतको एक प्रति अदालतमा राख्नु पर्दछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम १५* |
| (१) नेपाल सरकार वादी भई दायर हुने अभियोगपत्रमा प्रतिवादीको र थाहा भएसम्म निजका बाबुको नाम, थर, वतन, भए घर नम्बर, प्रतिवादीको उमेर, पेशा, हुँलिया, अन्य परिचयात्मक विवरण (जस्तो नागरिकता, राहदानी आदि खुल्न सकेसम्मका विवरण) तथा खुल्न आएसम्म इमेल, फ्याक्स, टेलिफोन नम्बर जस्ता अभिलेख हुन सक्ने विद्युतिय सञ्चारका माध्यमसम्बन्धी ठेगाना खुलाइएको हुनु पर्छ ।<br>(२) अभियोगपत्रमा प्रतिवादी बनाइएको अभियुक्तलाई मुद्दा दायर गर्दाको अवस्थामा अदालतमा उपस्थित नगराइएको भए उपस्थित गराउन नसक्नुको उपयुक्त कारण खोली निजको वतन अभियोगपत्रमा उल्लेख भएकै वतन हो भन्ने देखिने मनासिव आधारसहित अभियोगपत्र दर्ता गर्न ल्याउनु पर्दछ ।<br>(३) प्रतिवादीको स्पष्ट वतन खुलाई नल्याएको अभियोगपत्र दर्ता गर्नु हुँदैन । तर एकभन्दा बढी प्रतिवादी भएको मुद्दामा कसैको वतन स्पष्ट खुलेको र कसैको वतन खुलाइएको रहेनछ भने वतन खुलाइएको प्रतिवादीको हकमा सम्म मुद्दामा कारवाही किनारा हुने, वतन नखुलाइएकाको हकमा मुद्दा दर्ता हुँदा नै नहुने भनी कारणसहितको व्यहोरा जनाई दरपीठ गरी सो जनाउ सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलाई दिनु पर्दछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क* |

## ३.३ अभियोगपत्र दर्ता भएपछिको कारवाही

### ३.३.१ बाल इजलास सञ्चालनका लागि समाजसेवी र बालविशेषज्ञ/बालमनोवैज्ञानिकलाई जानकारी गराउने

बाल इजलास बालबालिका संलग्न मुद्दाको सुरु कारवाही र किनारा गर्न जिल्ला अदालतमा गठित इजलास हो । बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(२) मा व्यवस्था भएअनुसार बाल अदालतलाई रहेको

छ । सोही ऐनको दफा ५५(१) मा उल्लेख भएअनुसार बाल अदालतको गठन नेपाल सरकारले गर्न सक्ने व्यवस्था रहेको छ तर हालसम्म बाल अदालतको गठन भइनसकेको हुँदा सोही ऐनको दफा ५५(३) मा व्यवस्था भएअनुसार बालबालिका संलग्न मुद्दाको कारवाही र किनारा गर्ने अधिकार बाल अदालत गठन नभएसम्मका लागि सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था छ । सम्बन्धित जिल्ला अदालतमा पनि बालबालिकाको मुद्दा हेर्ने प्रयोजनका लागि दफा ५५(४) मा उल्लेख भएअनुसार एउटा बाल इजलास रहने व्यवस्था छ । बाल इजलास भन्नाले सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक रहेको इजलास बुझ्नु पर्ने हुन्छ । बाल इजलासमा रहने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सर्वोच्च अदालतको परामर्शमा नेपाल सरकारले तोक्दछ । एकभन्दा बढी जिल्ला न्यायाधीश भएको जिल्ला अदालतमा बाल इजलासमा रहने जिल्ला न्यायाधीश प्रधान न्यायाधीशले तोक्दछ । बालबालिका प्रतिवादी भएका मुद्दा जिल्ला अदालतमा दर्ता हुन आउनासाथ निजको बयान लिने लगायत थुनछेकको आदेशसमेत तुरुन्त गर्नु पर्ने हुँदा सम्बन्धित समाजसेवी वा बालविशेषज्ञलाई इजलास सञ्चालनका लागि यथाशीघ्र जानकारी गराउनु पर्छ ।

### ३.३.२ बाल इजलासले तत्कालै गर्नु पर्ने कार्यहरु

अभियोगपत्र दर्ता भएपछि बाल इजलासले देहायका कार्यहरु गर्नु पर्ने हुन्छः

- अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक प्रति बालकको बाबु वा आमालाई तुरुन्त दिने,
- बाबु आमा नभएका बालबालिका भए अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक प्रति निज बालकको संरक्षकलाई तुरुन्त दिने,
- बाबु आमा वा संरक्षकलाई बुझाउनु पर्ने लिखत प्रमाणहरु बाबुआमा वा संरक्षक नभएमा वा नभेटिएमा वा भएर पनि निजहरुले नबुझेमा बालकको कानून व्यवसायीलाई बुझाउनु पर्ने,
- बालकको कानून व्यवसायी नभएमा निजको तर्फबाट प्रतिनिधित्वको लागि वैतनिक कानून व्यवसायी नियुक्त गरिदिने र त्यस्तो सूचना पनि निज कानून व्यवसायीलाई बुझाउने,
- कुनै बालकको तर्फबाट वैतनिक कानून व्यवसायी नियुक्त गरिदिएकोमा सोको जानकारी सम्बन्धित बालक र निजको बाबु आमा वा संरक्षकलाई लिखित रुपमा गराउने,
- बालकको बाबुआमा वा संरक्षक आफै अदालतमा उपस्थित भई त्यस्तो सूचना बुझ्न चाहेमा बुझाई दिने,
- लिखत प्रमाण भन्नालेः
  - » अनुसन्धान अधिकारीसमक्ष भएको निजको बयान,
  - » निजउपर परेको जाहेरी दरखास्त,
  - » पीडितले गरेको कागज,
  - » विशेषज्ञले दिएको कुनै परीक्षण प्रतिवेदन भए सोको प्रतिलिपि,

- » जन्मदर्ता वा उमेर खुलेको प्रमाणपत्र,
- » वस्तुस्थिति मुचुल्का,
- » वरामदी मुचुल्का आदि ।

- बालमनोवैज्ञानिक र समाजसेवीलाई जानकारी गराई निजहरुको उपस्थितिको सुनिश्चितता गर्ने ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) बालकविरुद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक एक प्रति बालकको बाबुआमा वा संरक्षकलाई तुरुन्त दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सूचना दिँदा बालकको बाबुआमा वा संरक्षक नभेटिएमा वा निजले त्यस्तो सूचना बुझ्न नमानेमा त्यस्तो सूचना बालकको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।<br>(३) उपनियम (१) र (२) मा जुनसुकै लेखिएको भए तापनि बालकको बाबुआमा वा संरक्षक आफै बाल अदालत वा इजलाससमक्ष उपस्थित भई त्यस्तो सूचना बुझ्न सक्नेछन् । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ७* |

**३.४ समयतालिका निर्माण**

समयतालिका भन्नाले मुद्दामा दर्ता भएदेखि फैसला नभएसम्म गरिने सम्पूर्ण कारवाहीहरु मध्ये कुन कुन कारवाहीहरु गरिने हो र ती कारवाहीहरु कुन कुन समयमा गरिने हो भनी तयार गरिएको तालिका भन्ने बुझिन्छ । यस्तो समयतालिकाको निर्माणबाट मुद्दाका कारवाहीहरु सही गतिमा अगाडि बढाई तोकिएको समयमै फैसला गर्न मद्दत पुग्दछ । सामान्य मुद्दाहरु मुद्दा दर्ता भई प्रतिउत्तर परेको वा पर्ने अवस्था नाघेको एक वर्षभित्र फैसला गर्नु पर्ने गरी कानूनी व्यवस्था भएकोले समयतालिकाको निर्माण गर्दा पनि सोहीअनुसार एक वर्षसम्ममा फैसला हुन सक्ने गरी निर्माण गर्न सकिन्छ । तर बालबालिका वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५७ मा रहेको छ भने बालबालिका संलग्न भएका मुद्दाहरु मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नु पर्ने गरी बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६ मा व्यवस्था भएको पाइन्छ । त्यसैले बालबालिका संलग्न भएका मुद्दाको समयतालिका निर्माण गर्दा पनि सो कुरालाई ध्यानमा राखी १२० दिनभित्रै फैसला हुन सक्ने गरी निर्माण गर्नु पर्ने हुन्छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) कुनै मुद्दा अदालतमा दायर भएपछि सो मुद्दामा अभियुक्त वा प्रतिवादीको नाममा वारेण्ट, म्याद पूर्जी, समव्हान, इतलायनामा, म्याद वा सूचना जारी गर्ने, तामेल हुने, प्रतिवादी चुक्ता हुने, प्रारम्भिक सुनुवाई हुने, साक्षी प्रमाण बुझ्ने, फैसला हुनेसमेतका समयको अन्दाज गरी मुद्दै पिच्छे कार्यतालिका निर्धारण गरी मिसिल सामेल राख्नु पर्दछ ।<br>(२) उपनियम (१) बमोजिम निर्धारित कार्यतालिकाबमोजिम कुनै काम सम्पन्न हुन सकेको रहेनछ भने सोको कारण खोली अर्को कार्यतालिका बनाई पहिलेको कार्यतालिकासँगै मिसिल सामेल राख्नु पर्दछ ।<br>(३) अदालतको कार्यतालिका निर्धारण गर्दा मुद्दाका पक्षहरुको कुनै प्रतिक्रिया भए सोसमेत विचार गरी निर्धारण गर्नु पर्दछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख(१) ।* |

**३.५ प्रतिवादी बालबालिकाको बयान** (**सोधपुछ**)

प्रतिवादी बालबालिकाउपर अभियोगपत्र दर्ता भएपछि न्यायिक कारवाहीको पहिलो चरणको रुपमा प्रतिवादी बालबालिकासंग बयान लिने कार्य हुन्छ । प्रतिवादी बालबालिकासँग बयान लिँदा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु पर्छः

- प्रतिवादी बालबालिकाको बयान बाल इजलासमा गराउनु पर्छ ।
- बालकसम्बन्धी मुद्दाको बयान कार्य गराउँदा बन्द इजलासमा गराउनु पर्छ ।
- बाल इजलासमा जिल्ला न्यायाधीशका अतिरिक्त यथाशक्य बालविशेषज्ञ वा बालमनोवैज्ञानिक र समाजसेवी पनि रहनु पर्छ ।
- बाल इजलासमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिक र समाजसेवीको उपस्थिति हुन नसक्ने अवस्था परेमा जिल्ला न्यायाधीशको मात्र पनि इजलास कायम गर्न सकिनेछ ।
- बाल इजलास कायम गर्दा सामान्यतया न्यायाधीशले औपचारिक पोशाक नलगाई अनौपचारिक रुपमा इजलास सञ्चालन गर्दा राम्रो हुन्छ ।
- छुट्टै बाल इजलास निर्माण नभएको अदालतमा बाल इजलास कायम गर्दा न्यायाधीशको च्याम्वर कक्षलाई पनि इजलासको रुपमा प्रयोग गर्न सकिन्छ ।
- प्रतिवादी बालबालिकासँग सोधपुछ गर्दा बालमैत्री वातावरणमा सोधपुछ गर्नु पर्छ ।
- बालमैत्री वातावरण कायम गर्नः
  - » सोधपुछ गर्दा यथाशक्य निजसँग घुलमिल भएका परिचित व्यक्तिलाई साथमा राख्ने व्यवस्था मिलाउने,

- » यथाशक्य आरोपित बालबालिकाका अभिभावकको उपस्थिति हुने वातावरण कायम गर्ने । यसका लागि म्याद थप गर्दाकै अवस्थामा सम्बन्धित आरोपित बालबालिकाको अभिभावक उपस्थित हुने व्यवस्था गर्न सरकारी वकील र प्रहरीलाई निर्देशन दिई राख्ने,
- » अन्य मुद्दाका लागि प्रयोग गरिने नियमित इजलास कक्ष प्रयोग नगर्ने,
- » सुरक्षा संवेदनशीलताको अवस्थामा बाहेक सोधपुछ कक्षमा प्रहरीको उपस्थितिलाई निरुत्साहित गर्ने ।
- » प्रहरी कर्मचारीको उपस्थिति गराउनु पर्ने अवस्थामा पनि सादा पोशाकमा उपस्थित हुने प्रबन्ध मिलाउने,
- » सोधपुछ कक्षमा बालबालिकाको उमेर सुहाउँदो सामग्रीको व्यवस्था गर्ने,
- » सोधपुछमा संलग्न हुने कर्मचारी पनि निज बालकसँग परिचित हुने र घुलमिल हुने प्रयास गर्ने,
- » बालबालिकासँग सोधपुछ गर्नु पर्दा यथाशक्य बाल न्यायसम्बन्धी प्रशिक्षण लिएका महिला कर्मचारी भए निज वा त्यस्तो प्रशिक्षण लिएका अन्य कर्मचारीबाट लिन लगाउन राम्रो हुन्छ,
- » बालबालिकासँग सोधपुछ गर्नु पर्दा बालमनोवैज्ञानिक वा बालबालिकासँग सहज रुपमा सम्वाद गर्न सक्ने अन्य व्यक्तिलाई पनि बाल इजलासले तोक्न सक्छ,
- » बालबालिकासँग सोधपुछ गर्दा निजले बुझ्ने भाषा प्रयोग गर्नु पर्छ,
- » नेपाली भाषा बुझ्न नसक्ने बालबालिका भए दोभाषेको सुविधा उपलब्ध गराउनु पर्छ,
- » बालबालिकासँग सोधपुछ गर्दा यथाशक्य निजका बाबुआमा, संरक्षक वा कानून व्यवसायीलाई रोहवरमा राख्नु पर्नेछ ।

- बाबु बाजेको नाम लेखाउँदा बाबुको पत्ता नलागेको बालकको हकमा बाबुको पत्ता नलागेसम्म आमाको र आमाको बाबुको नाम उल्लेख गर्ने ।
- बाबु र आमा दुवै पत्ता नलागेको वा वेपत्ता भएका बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ । यस्तो अवस्थामा जसको रेखदेखमा हुर्किएको हो निजलाई संरक्षक मानी संरक्षकको नाम उल्लेख गरे हुन्छ ।
- बालकलाई सोधपुछ गर्दा कसूरको प्रकृतिका बारेमा जानकारी गराउनु पर्छ ।
- अनुसन्धानका सिलसिलामा बालकका विरुद्ध प्राप्त साक्षी प्रमाण केही भए सोको सम्बन्धमा पनि प्रतिवादी बालकलाई जानकारी गराउनु पर्छ ।
- सोधपुछ गर्दा अदालतको बाल इजलासमा सिसि टिभि जडान गरिएको भए सोही कोठामा सोधपुछ गर्ने गर्नु पर्छ ।
- कुनै प्रतिवादी बालबालिका अभियोगपत्र साथ उपस्थित नगराइएकोमा म्याद जारी गरिएको रहेछ भने तोकिएको म्यादभित्र जुन दिनमा बयान दिन आए पनि उसै दिन तुरुन्त बयान लिनु पर्छ ।

- प्रतिवादी बालबालिकासँग बयानमा सोध्नु पर्ने कुनै कुरा छुटी पुनः बयान लिनु पर्ने भएमा मनासिव माफिकको कुरा जहिलेसुकै सोधी कागज गराए पनि हुन्छ। तर पनि बालबालिकालाई बयान लिँदा सकेसम्म पटकपटक बयान दिनु पर्ने अवस्था नपरोस् भन्ने तर्फ गम्भीर सजगता अपनाउनु पर्छ।
- प्रतिवादी बालबालिकासँग बयान लिँदा एकै पटक १ घण्टाभन्दा लामो समयसम्म र रातको सममा सोधपुछ गर्नु हुँदैन।
- बयान लिँदा बेमनासिवसँग ठट्टा मस्करीका हिसाबले सोधपुछ गर्न हुँदैन।

## कानूनी व्यवस्था

| | |
|---|---|
| (३) बाल अदालत गठन नभएसम्मको लागि बालक वादी वा प्रतिवादी भएको मुद्दाको सुरु कारवाही र किनारा गर्नको लागि प्रत्येक जिल्ला अदालतमा एक एक बाल इजलास रहनेछ। | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५* |
| (१) बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ। | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९* |
| (१) बालबालिकासम्बन्धी मुद्दाको सुनुवाई बन्द इजलासमा हुनेछ।<br>(२) बन्द इजलासमा मुद्दाको कारवाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकील, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारीमात्र उपस्थित हुन सक्नेछन्। | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख* |
| (१) बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाई गर्नु पर्नेछ।<br>(२) बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवं उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नु पर्नेछ।<br>(४) बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ। | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १२* |

| | |
|---|---|
| (५) बालकलाई सोधपुछ गर्ने बालमनोविज्ञानवेत्ता वा बालकसँग सहज रुपमा सञ्चार वा सम्वाद गर्न सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ । (६) बालकलाई सोधपुछ गर्दा बालकसँगै निजका बाबुआमा, संरक्षक वा कानून व्यवसायी बस्न सक्नेछन् । | |
| जिल्ला अदालतले बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २४* |
| कुनै औपचारिक कामकारवाही वा लिखतमा कानूनबमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्नेछ । बाबु र आमा दुवै पत्ता नलागेको बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १०* |
| कुनै प्रतिवादी बालबालिका अभियोगपत्र साथ उपस्थित नगराइएकोमा म्याद जारी गरिएको रहेछ भने तोकिएको म्यादभित्र जुन दिनमा बयान दिन आए पनि उसै दिन तुरुन्त लिनु पर्छ । | *मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १२९ नं.* |
| मुलुकी ऐन, अ.ब.को महलको १२९ नं प्रतिवादी बालबालिकासँग बयानमा सोध्नु पर्ने कुनै कुरा छुटी पुनः बयान लिनु पर्ने भएमा मनासिव माफिकको कुरा जहिलेसुकै सोधी कागज गराए पनि हुन्छ । | *मुलुकी ऐन, अ.ब.को महलको १३३ नं.* |

**३.६ थुनछेकको आदेश**

थुनछेकको आदेश भन्नाले सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको बयान लिने कार्य सम्पन्न भएपछि मुद्दाको पुर्पक्षका लागि गरिने आदेश भन्ने बुझिन्छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं मा उल्लेख भएअनुसार प्रतिवादीलाई मुद्दाको पुर्पक्षमा राख्ने आदेश गर्दा तीन किसिमको आदेश गर्न सकिने व्यवस्था छ ।  जस्तो थुनामा राखी पुर्पक्ष गर्ने, धरौट वा जमानत लिई पुर्पक्ष गर्ने र साधारण तारिखमा राखी पुर्पक्ष गर्ने । तर बालबालिका प्रतिवादी भएको मुद्दामा थुनछेकको आदेश गर्दा वयस्कहरु संलग्न रहेका अन्य सामान्य मुद्दामा जस्तो मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं लाई मात्र आधार बनाई थुनछेकको आदेश गर्न मिल्दैन । बालबालिका संलग्न मुद्दामा तिनीहरुको सर्वोत्तम हितको सिद्धान्त सदैव विचारणीय रहन्छ । त्यसैले यस्ता मुद्दाहरुको सन्दर्भमा देहायका कुराहरु विचार गरी थुनछेकको आदेश गर्नु पर्ने हुन्छः

- कति सजाय हुने कसूरको अभियोग लागेको छ, जस्तो अ.बं. ११८ नं बमोजिम जन्मकैदको सजाय हुन सक्ने वा नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय

हुन सक्ने अपराध वा यी अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधको मतियार भएको अपराधमा मात्र तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने व्यवस्था रहेको पाइन्छ ।

- थुनामै राखी पुर्पक्ष गर्नु पर्ने कसूरको अभियोग लागेको रहेछ भने पनि प्रतिवादी बालबालिका भएको मुद्दामा थुनछेक गर्दा देहायका कुराहरुमा विचार पुऱ्याउनु पर्ने हुन्छः
  - » बालकको शारीरिक अवस्थालाई ध्यानमा राख्दा थुनामा राख्न उपयुक्त छ छैन,
  - » निजको उमेरलाई हेर्दा थुनामा राख्न उपयुक्त हुन्छ हुँदैन,
  - » कसूर गर्दाको परिस्थितिलाई हेर्दा थुनामा राख्न उपयुक्त हुन्छ हुँदैन,
  - » थुनामा राख्ने ठाउँको अवस्थालाई ध्यानमा राख्दा थुनामा राख्न उपयुक्त हुन्छ हुँदैन,
  - » तत्काल प्राप्त प्रमाणबाट निजले कसूर गरेको विश्वास गर्न सकिने आधार छ छैन,
  - » निजलाई थुनामा नराख्दा अन्य प्रमाण लोप गर्न सक्ने स्थिति छ छैन,
  - » निजबाट समाजमा थप भय, आतङ्क, असुरक्षा सिर्जना हुने स्थिति छ छैन,
  - » निजका सम्बन्धमा अभिभावकको दृष्टिकोण कस्तो रहेको छ,
  - » निजको शारीरिक तथा मानसिक विकासमा पर्न सक्ने प्रभाव के देखिन्छ,
  - » थुनामा नराख्दा प्रतिवादी बालबालिकाको जीवनमा पैदा हुन सक्ने असुरक्षाको स्थिति के छ,
  - » प्रतिवादी बालबालिकालाई थुनामा नराख्दा पीडितले अनुभव गर्न सक्ने असुरक्षा र भयको स्थिति के छ ?

कानूनबमोजिम मुद्दाको पुर्पक्षको लागि थुनामै राख्नु पर्ने बालबालिका रहेछन् भने पनि प्रतिवादी बालबालिकालाई कानूनबमोजिमको आदेश गरी मुद्दाको पुर्पक्षको लागि कारागारमा नपठाई बाल सुधार गृहमा पठाउने आदेश गर्नु पर्ने हुन्छ । जस्तो बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(१) मा नेपाल सरकारले आवश्यकताअनुसार बाल सुधार गृहको स्थापना गर्नेछ भन्ने व्यवस्था गरिएको छ र सोही ऐनको दफा ४२(२) को खण्ड (क) मा यसरी स्थापना भएको बाल सुधार गृहमा कुनै कसूरको अभियोग लागी मुद्दाको पुर्पक्षको निमित्त थुनामा बस्नु पर्ने बालकलाई राखिने छ भन्ने व्यवस्था गरिएको पाइन्छ ।

प्रतिवादी बालबालिकाका हकमा थुनछेकको आदेश गर्दा सामान्यतया थुनामा राख्ने विषयलाई अन्तिम उपायको रुपमा मात्र प्रयोग गर्ने गरी आदेश गर्न मनासिव हुन्छ ।

प्रतिवादी बालबालिकाका हकमा थुनछेक आदेश गर्दा सामान्यतया चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाउने गरी आदेश गर्न उपयुक्त हुन्छ ।

कुनै बालबालिकाको बाबु, आमा वा नातेदार कोही नभएमा वा निजहरुले जिम्मा लिन इन्कार गरेमा बालबालिकाको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाउने गरी पुर्पक्षको आदेश गर्न सकिन्छ ।

जुनसुकै किसिमको पुर्पक्षको आदेश गर्दा पनि त्यस्तो आदेश गर्नु पर्नाको कारण सहितको पर्चा खडा गरी आदेश गर्नु पर्छ ।

थुनछेकको आदेश पर्चा भएपछि सो कुराको जानकारी सम्बन्धित प्रतिवादी बालकलाई गराउनु पर्छ ।

थुनछेकको आदेशको नमूना नियमावलीमा छुट्टै व्यवस्था छैन, अन्य वयस्कहरुको मुद्दामा लेखिने ढाँचामै लेख्दा हुने देखिन्छ ।

वयस्कसँग जोडिएको प्रतिवादी बालक भएको मुद्दा सम्बन्धमा लेख्नु पर्ने नपर्ने ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (२) देहायको कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ ।<br>• जन्मकैदको सजाय हुन सक्ने अपराध,<br>• नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराध,<br>• माथि उल्लिखित अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध । | *मुलुकी ऐन, अ.ब.को ११८ नं* |
| (४) माथि दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्न अनुपयुक्त हुने भनी अड्डाले ठहऱ्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ । अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, नजिको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा जन्मकैदको सजाय हुन सक्ने अपराध गरेको वा सो अपराधको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अभियोग लागेको अभियुक्त बाहेक त्यस्तो अभियुक्तसँग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ । | *मुलुकी ऐन, अ.ब.को ११८ नं* |

| | |
|---|---|
| (५) माथि उल्लेख भएबमोजिम हुनेमा बाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले निजसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु पर्छ । | |
| ऐनले थुनी पुर्पक्ष गर्नु पर्नेलाई वा तारिख लाग्दैन भन्ने लेखिएकालाई बाहेक अरु झगडियालाई हाजिर हुन आउनासाथ तारिखमा राखी पुर्पक्ष गर्नु पर्छ । | *मुलुकी ऐन, अ.ब.को ४७ नं* |
| (१) प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार, वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०* |
| अड्डाले कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छाड्दा वा कुनै अभियुक्तलाई धरौट वा जमानत लिँदा कारणसहितको पर्चा खडा गर्नु पर्छ । | *मुलुकी ऐन, अ.ब.को १२४ग नं* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु

| | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ को उपदफा (२)(क) ले कुनै कसूरको अभियोग लागी मुद्दाको तहकिकात वा पूर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालकलाई बाल सुधार गृहमा राखिने स्पष्ट व्यवस्था भइरहेको देखिएकोले मुलुकी ऐन, अ.बं. ११८(२) बमोजिम पुर्पक्षका लागि कारागार शाखामा थुनामा राखेको कानूनसङ्गत देखिन आएन । त्यसरी असम्वद्ध ऐन लगाई कारागारमा थुनामा राख्ने गरेको आदेश ... कानूनसम्मत नदेखिँदा बदर भई बन्दीप्रत्यक्षीकरणको आदेशद्धारा कारागारबाट मुक्त हुने ठहर्छ । | *बब्लु गोडिया विरुद्ध बाँके जिल्ला अदालत, सम्वत् २०५७ सालको रिट नं ३३९० आदेश मिति २०५७/१२/२* |

| | |
|---|---|
| थुनछेकका क्रममा आदेश हुँदा धरौट बुझाउन नसके कारागार शाखामा थुनामा राख्ने गरी भएको आदेश बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(२)(क) समेतको विपरीत देखिँदा सो आदेश वदर हुने । | *सरिता तामाङको हकमा अधिवक्ता तारादेवी खनाल विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत, सम्वत् २०५८ सालको रिट नं २५, आदेश मिति २०५८/१०/२* |
| थुनछेकका क्रममा पुर्पक्षका लागि थुनामा राखिएकोमा बाल सुधार गृह स्थापना नभएकोले बन्दीप्रत्यक्षीकरण जारी गरी कारागारबाट मुक्त गरिएको र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(१) को व्यवस्थाबमोजिम बाल सुधार गृहको स्थापना गरी ४२(२)(क) बमोजिम पुर्पक्षका लागि बाल सुधार गृहमा राखी जानकारी दिनु भनी परमादेश जारी । | *पोडे तामाङको हकमा आशिष अधिकारी विरुद्ध सिन्धुपाल्चोक जिल्ला अदालत, सम्वत् २०५८ सालको रिट नं ४०२२, आदेश मिति २०५८/४/१०)* |
| अभियुक्त १४ वर्षभन्दा कम उमेरको देखिएकोले बढीमा ६ महिनासम्म कैदको सजाय हुन सक्नेमा थुनछेकका लागि बाल सुधार गृहमा राख्न पठाउने गरी भएको आदेश अ.बं ११८(२) को त्रुटिपूर्ण देखिने । | *जीवन रम्तेल सार्कीका हकमा पुष्पराज पौडेल विरुद्ध झापा जिल्ला अदालतसमेत, सम्वत् २०६९ को रिट नं ००२६, आदेश मिति २०६९/८/१०), प्रदिप थापा विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, ने.का.प. २०६५, नि.नं. ८००५* |

### ३.७ मुद्दा दायर भएपछि प्रतिवादी बालबालिकाको नियन्त्रण

अनुसन्धान तहकिकातका सिलसिलामा कुनै प्रतिवादी बालबालिकालाई नियन्त्रणमा लिएको भए त्यस्तो बालबालिकाउपर अभियोगपत्र दायर गर्दा सम्बन्धित बालबालिकालाई पनि अभियोगपत्र साथै अदालतमा उपस्थित गराइन्छ । तर अनुसन्धान तहकिकातको क्रममा नियन्त्रणमा नआएका वा तत्काल नियन्त्रणमा लिएको भए पनि कुनै कारणले अभियोगपत्र साथ अदालतमा उपस्थित गराउन नसकिएका प्रतिवादी

बाललबालिकाका हकमा सम्बन्धित मुद्दामा अवलम्बन गर्नु पर्ने कार्यविधिको आधारमा निश्चित अवधि तोकी फरार प्रतिवादी बालबालिकाका नाममा म्याद जारी गर्नु पर्ने हुन्छ । जस्तो सामान्य कार्यविधि अपनाइने मुद्दामा बाटोको म्यादबाहेक ३० दिनको, संक्षिप्त कार्यविधि अपनाइने मुद्दामा बाटोको म्यादबाहेक सात दिनको र विशेष कार्यविधि अपनाइने मुद्दामा बाटोका म्यादबाहेक १५ दिनको अवधि तोकी मयाद जारी गरिन्छ । म्यादमा हाजिर भए अभियोगपत्र साथ उपस्थित गराइएको प्रतिवादीसरह बयान लिने, थुनछेक आदेश गर्ने, साक्षी प्रमाण बुझ्ने आदि प्रक्रिया अवलम्बन गर्नु पर्ने हुन्छ । मुद्दा दायर भइसकेपछि प्रतिवादी बालबालिका नियन्त्रणमा लिइए बाटोको म्यादबाहेक २४ घण्टाभित्र सकभर चाँडो प्रहरीले सरकारी वकीलमार्फत अदालतमा उपस्थित गराउनु पर्नेछ ।

### कानूनी व्यवस्था

| | |
|---|---|
| मुद्दा हेर्ने अड्डाले कैदको सजाय हुने राजकाजसम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्नेको उद्योग, डाँका, गोबध, स्वदेशी वा विदेशी मुद्रा खोटो टक मारेको वा छापेको र त्यस्तो खोटो मुद्रा चलन गरेको वा गर्न उद्योग गरेको मुद्दा, जवरजस्ती करणीको महलअन्तर्गत सजाय हुने मुद्दा, जिउ मास्नेबेच्नेको वा सोसम्बन्धी मुद्दा, लागूऔषधसम्बन्धी मुद्दा, राष्ट्र सेवकले नगद वा जिन्सी मसौट गरेको मुद्दा, सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दामा अभियुक्तलाई गिरफतार गर्न सकेसम्मको हुँलियासमेत खुलाई अभियुक्त रहे बसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाउँमा यसै महलको ९८ नम्बरको नमूनाबमोजिमको वारेण्ट दुई प्रति र सात दिनसम्म तदारुखसाथ खोजतलास गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके तामेल गर्न यसै महलको ९९ नम्बरबमोजिम सत्तरी दिने म्यादी पूर्जीसमेत लेखी पठाई सो सात दिनको म्याद नाघेपछि उक्त म्यादी पूर्जी जारी भएको व्यहोरा अड्डाको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित गर्नु पर्छ । प्रहरी कार्यालय वा कर्मचारीले पनि वारेण्ट पाएपछि सो बदर वा तामेल नभएसम्म तदारुखसाथ अभियुक्तलाई खोजतलास गरी पक्री बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र वारेण्ट जारी गर्ने अड्डामा दाखिल गराउनु पर्छ । अभियुक्त अन्य इलाकामा गई बसेको पत्ता लागे त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आफनो नाउँको वारेण्ट अभियुक्त गई बसेको इलाकाको प्रहरी कार्यालय वा कर्मचारीको नाममा पठाई वारेण्ट जारी गर्ने अड्डालाई सूचना गर्नु पर्छ । त्यसरी आएकोमा प्रहरी कार्यालय वा कर्मचारीले आफनो नाउँमा आदेश भए सरह तामेल गर्नु गराउनु पर्छ । सोबाहेक फौजदारी मुद्दामा समाव्हान र देवानी मुद्दामा इतलायनामा बाटोको म्यादबाहेक तीस दिनको म्याद दिई जारी गर्नु पर्छ र सो समाव्हान इतालयनामा यसै महलको १०४ नम्बरको नमूनाबमोजिम हुनु पर्छ । | *मुलुकी ऐन, अ.बं १४ नं* |

| | | |
|---|---|---|
| (१) | विशेष अदालतमा दायर रहेको मुद्दामा प्रतिवादीका नाममा म्याद पठाउँदा बाटोको म्यादबाहेक विदेशमा रहेको भए ३० दिनसम्मको र नेपालभित्र रहेको भए १५ दिनसम्मको अवधि तोकि समाब्हान जारी गर्न सकिनेछ । | *विशेष अदालत ऐन, दफा १०* |
| (२) | प्रतिवादीका नाममा समाब्हान वा इतलायनामा जारी गर्दा बाटोको म्यादबाहेक सात दिनको म्याद दिइनेछ । | *संक्षिप्त कार्यविधि ऐनको दफा ८* |

**३.८ प्रमाण बुझ्ने प्रक्रिया/प्रमाण मुकरर**

वयस्क व्यक्ति प्रतिवादी भएका अन्य मुद्दाहरुमा जस्तै बालबालिका प्रतिवादी भएका मुद्दाहरुमा पनि थुनछेकको आदेश गर्ने काम सम्पन्न भएपछि प्रमाण बुझ्ने आदेश गरी प्रमाण बुझ्ने प्रक्रिया सम्पन्न गर्नु पर्ने हुन्छ । बाल इजलासले हेर्ने मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नु पर्ने गरी व्यवस्था भएको हुँदा यस्ता मुद्दामा यथाशक्य छिटो प्रमाण बुझ्ने प्रक्रिया सम्पन्न गर्नु पर्ने देखिन्छ । त्यसैले सबै प्रतिवादी बालबालिकाहरु अभियोगपत्र साथ उपस्थिति गराइएको रहेछ भने थुनछेक आदेश गर्दाकै दिन मुद्दामा बुझ्नु पर्ने देखिएका सबै प्रमाणहरु बुझ्ने आदेश गर्न पनि सकिन्छ । सामान्यतया बालबालिका प्रतिवादी भएका सरकारवादी फौजदारी मुद्दामा देहायका प्रमाणहरु बुझ्नु पर्ने हुन सक्छः

- सामाजिक अध्ययन प्रतिवेदन,
- जाहेरवाला,
- पीडित,
- कुनै कुरा वरामद गरी वरामद मुचुल्का गरिएको भए वरामदी मुचुल्काका व्यक्तिहरु,
- वस्तुस्थिति मुचुल्का गरिएको भए वस्तुस्थिति मुचुल्काका व्यक्तिहरु,
- प्रतिवादी बालबालिकाले साक्षी राखेको भए ती साक्षीहरु,
- कुनै विशेषज्ञ व्यक्तिको राय प्रतिवेदन प्रमाणमा दिइएको भए ती विशेषज्ञ व्यक्तिहरु,
- कुनै लिखत प्रमाणहरु दिइएको भए ती लिखत प्रमाणहरु जस्तो उमेर यकीन गर्न जन्मदर्ता प्रमाणपत्रलाई प्रमाणको रुपमा दिइएको हुन सक्छ वा विद्यालयको शैक्षिक प्रमाणपत्रलाई प्रमाणको रुपमा दिइएको हुन सक्छ, आदि ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| फौजदारी मुद्दामा बयान लिई नसकी वा सो नलाग्ने अवस्था पुगी नसकी प्रमाण बुझ्न हुँदैन । | *मुलुकी ऐन, अ.बं १३७ नं* |

| | |
|---|---|
| फौजदारी मुद्दामा बयान लिई नसकी वा सो नलाग्ने अवस्था पुगी नसकी प्रमाण बुझ्न हुँदैन । | *मुलुकी ऐन, अ.बं १३७ नं* |
| साक्षी बुझ्नु पर्दा सामान्यतया जुन अदालतमा मुद्दा परेको छ सोही अदालतमा झिकाई बकाउनु पर्छ । जस्तो ज्यानसम्बन्धी मुद्दाका देख्ने साक्षीलाई मुद्दा परेको अदालतमै झिकाई बकाउनु पर्छ । | *मुलुकी ऐन, अ.बं १४१ नं* |
| ज्यानसम्बन्धी मुद्दा बाहेक अन्य मुद्दाका साक्षीहरुलाई अवस्थाअनुसार सम्बन्धित अदालतमा नझिकाई नजिकका अदालतमार्फत बन्द सवालद्धारा पनि बुझ्न हुन्छ । | *मुलुकी ऐन, अ.बं. १४१ नं* |
| नबुझी नहुने अदालतमा आउन नसक्ने बुढाबुढी र होश भएको अशक्त बिरामीलाई साक्षी बुझ्नु पर्ने भएमा उसैका घरमा गई उसले भनेबमोजिमको बकपत्र लेखाई ल्याउन हुन्छ । | *मुलुकी ऐन अ.बं १४२ नं* |
| साक्षी वा सरजमिनका मानिसहरुलाई बुझ्ने तारिख तोक्दा सम्बन्धित पक्षलाई पनि उसै दिनको तारिख मिलाई तोकिदिनु पर्छ, अलग अलग तारिख तोक्नु हुँदैन । | *मुलुकी ऐन, अ.ब. १४३ नं* |
| साक्षी वा सरजमिनका मानिसलाई बुझ्दा सम्बन्धित पक्षको रोहवरमा बुझ्नु पर्छ । पक्ष हाजिर नभएकोमा भने पक्ष नभए पनि बुझ्न हुन्छ । | *मुलुकी ऐन, अ.ब. १४३ नं* |
| पक्षहरुका साक्षीहरुलाई अदालतले तोकेको तारिखमा सम्बन्धित मुद्दाका पक्षहरु आफैले उपस्थित गराउनु पर्छ । सोबमोजिम उपस्थित गराउन नसकेमा अ.बं. ११५ नं बमोजिम हुनेमा बाहेक त्यस्तो साक्षी बुझिने छैन । | *मुलुकी ऐन, अ.ब. १४४ नं* |
| पुर्पक्षको लागि थुनामा (बालबालिकाका हकमा बाल सुधार गृहमा) रहेको प्रतिवादीले पेश गर्न चाहेको साक्षीलाई अदालतबाटै बुझी पाऊँ भन्ने निवेदनपत्र दिएमा अदालतले प्रति साक्षी पाँच रुपैयाँको दरले दस्तुर लिई त्यस्तो साक्षीका नाउँमा समाव्हान जारी गरी बुझ्न हुन्छ । | *मुलुकी ऐन, अ.ब. १४४ नं* |
| साक्षी उपस्थित गराउँदा सामान्यतया जुन दिन उपस्थित गराउने भनी तोकिएको हुन्छ सोही दिन उपस्थित गराउनु पर्छ । तर खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यु घोषणा भई वा अन्य कुनै व्यहोराले यातायातको साधन नचलेको वा भुकम्प जस्ता दैवी प्रकोप परी साक्षी उपस्थित गराउन नसकेकोमा भने कारण खोली निवेदन दिएमा अर्को तारिख तोकी साक्षी बुझ्न सकिन्छ । | *मुलुकी ऐन, अ.ब. १४४क नं* |

| | |
|---|---|
| माथि उल्लिखित कारण परी साक्षी उपस्थित गराउन नसकेको कारण परेकोमा बाटो बन्द भएको वा यातायातको साधन नचलेको र बाटो खुलेको वा यातायातको साधन चलेको मिति तथा दैवी प्रकोप परेको समेत व्यहोरा खुलाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा सरकारी अड्डाबाट निस्सा लिई पुनः अर्को तारिख तोकी साक्षी बकाई पाऊँ भनी पक्षले सो तारिख गुज्रेको मितिले बाटाको म्यादबाहेक दश दिनभित्र उपस्थित भई कारण खोली निवेदन दिनु पर्ने हुन्छ। | *मुलुकी ऐन, अ.ब. १४४क नं* |
| साक्षी बकाउँदा भरसक तोकिएका तारिखका दिनैमा साक्षी बकाउन तारिख तोकिएको सबै मुद्दाको साक्षी बकाई सक्नु पर्छ। | *मुलुकी ऐन, अ.ब. १४६ नं* |
| सबै मुद्दाको साक्षी तोकिएको तारिखको दिन बकाउन नभ्याउने भएमा जुन मुद्दाको साक्षी बकाउन उसै दिन सकिन्छ सो मुद्दाको त्यसै दिन बकाई अरु मुद्दाको साक्षीलाई भोलिपल्टैको तारिख तोकिदिनु पर्छ। | *मुलुकी ऐन, अ.ब. १४६ नं* |
| नभ्याउने भएमा बाहेक एकै मुद्दाको साक्षीहरुलाई पनि कोही आज कोही भोलि पर्सी गरी बकाउन हुँदैन। | *मुलुकी ऐन, अ.ब. १४६ नं* |
| बकपत्र गराउदा जसको इजलास हो उसैले गराउनु पर्छ र सो गराउँदा निजले आफ्ना अड्डाको मुखिया विचारी दर्जासम्मका कर्मचारीको आवश्यक सहायता लिन हुन्छ। | *मुलुकी ऐन, अ.ब. १४७ नं* |
| साक्षी बकाउँदा यस मुद्दामा झुठ्ठा बके यो सजाय होला इमान धर्म सम्झी भएको साँचो कुरा जस्ताको तस्तो बयान गर भनी पहिले सुनाई मनासिव माफिक चाहिने व्यहोराको कुरा पुऱ्याई मुद्दा नछुट्याई सवाल जवाफ गरी बकपत्र गर्नु पर्छ। | *मुलुकी ऐन, अ.ब. १५० नं* |
| साक्षीसँग सवाल गर्नु पर्ने सबै गरी जवाफ लिइसकेपछि यस विषयमा तिम्रो बयान गर्नु पर्ने केही बाँकी छ कि भनी र तिम्रो बयान र बयानबमोजिम लेखिएको दुरुस्त छ कि भनी सोधी जे जवाफ दिन्छ सो पनि लेख्नु पर्छ। | *मुलुकी ऐन, अ.ब. १५४ नं* |
| सवाल जबाफ सबै लेखी सकेपछि जवाफको पुछारमा अरु अक्षर थप्न नहुने गरी साक्षीको नाउँ लेखी त्यसमा र बन्द बन्दमा समेत साक्षीको सहिछाप गराउनु पर्छ। पुछारमा मिति लेखी शिरमा र बन्दमा अड्डाको छाप लगाई शिर पुछार र बन्द बन्दमा हाकिमले दस्तखत पनि गर्नु पर्छ। | *मुलुकी ऐन, अ.ब. १५५ नं* |

| | |
|---|---|
| साक्षी बकाउँदा जसको साक्षी हो सो झगडिया रोहवरमा भए सो झगडियाको सो झगडिया रोहवरमा नभए जुन झगडिया छ उसको सो साक्षीले बकेबमोजिम लेखेको दुरुस्त छ भन्ने साक्षीका बकपत्रका पुछारमा लेखी सहिछाप गराउनु पर्छ । दुईथर झगडिया नभए वा झगडियाले सहिछाप नगरे सोही कैफियत लेखी हाकिमले दस्तखत गर्नु पर्छ । | *मुलुकी ऐन, अ.ब. १५६ नं* |
| बकपत्र गराउँदा कुरा फोरी मुद्दा छुट्याई छोटकरी सवाल गरी सोधिएको सवाल र जवाफ उल्लेख गर्नु पर्छ । | *मुलुकी ऐन, अ.ब. १५८ नं* |
| साक्षीको कागज गराउदा जवाफै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत लेखी हाकिमको र ऊ मुनिका सबैभन्दा ठूलो दर्जाको एकजना कर्मचारीको दस्तखत गरी सो कागज मिस्लमा राख्नु पर्छ । | *मुलुकी ऐन, अ.ब. १५९ नं* |
| आफ्नै अड्डामा हाजिर नगराए हुने वा टाढाको मुद्दा परेको साक्षीको बकपत्र अड्डाबाट गराउन नपाई अर्को अड्डामा पठाई बन्दसवालमार्फत बकपत्र गराउन पनि सकिन्छ । | *मुलुकी ऐन, अ.ब. १६० नं* |
| (१) बालकविरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ ।<br>(२) बालकविरुद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझी पाउनको लागि बाल अदालत वा बाल इजलाससमक्ष जोसुकैले निवेदन दिन सक्नेछ ।<br>(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सक्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १३* |

### ३.९ साक्षी परीक्षण

मुद्दामा प्रतिवादी बालबालिकाको बयान कार्य सम्पन्न भएपछि वादी र प्रतिवादी दुवै पक्षको साक्षीहरु बुझ्ने आदेश गर्नु पर्ने हुन्छ । यसरी साक्षी बुझ्ने आदेश गर्दा एकभन्दा धेरै प्रतिवादी भएको मुद्दा रहेछ भने पनि सबै प्रतिवादीहरुको बयान भइनसकी साक्षी बुझ्ने आदेश गर्नु हुँदैन । तर प्रतिवादी उपस्थित हुने म्याद समाप्त भइसकेको अवस्था छ भने उपस्थित नभएको पक्षलाई पर्खेर बस्नु पर्ने कुरा आउंदैन । वारेण्ट जारी

हुने मुद्दा र चोरीको महलबमोजिम मुलतवी रहने मुद्दाबाहेक अन्य मुद्दामा उपस्थित रहेका प्रतिवादीहरुको साक्षी बुझ्ने आदेश गर्न सकिन्छ र मुद्दाको कारवाहीलाई अगाडि बढाउन सकिन्छ। यसरी साक्षी बुझ्ने आदेश भई बकपत्रका लागि तोकिएको समयमा साक्षी परीक्षण गर्दा देहायबमोजिम गर्नु पर्छः

- तारिखको दिन अदालत लाग्नासाथ सो दिन हाजिर रहेका पक्ष विपक्षसँग उनीहरुको साक्षीको नामावली लिई मिसिलसाथ राख्नु पर्छ।
- साक्षी बकपत्र गराउँदा वादी प्रतिवादी दुवै पक्षको उपस्थितिमा बकपत्र गराउनु पर्ने हुँदा मुद्दाको कुनै पक्ष उपस्थित भइनसकेको भए अनुपस्थित पक्षलाई पर्खनु पर्छ।
- साक्षी बुझ्न तोकिएको दिन अपरान्ह एक बजेसम्म पनि अर्को पक्ष उपस्थित नभए उपस्थित पक्षको साक्षीको बकपत्र गराउने कार्य रोक्न हुँदैन। (जिल्ला अदालत नियमावली, २०५२ को नियम २९(२)
- उपस्थित गराइएका साक्षीहरुको बकपत्र गराउनका लागि इजलास सहायकले न्यायाधीशसमक्ष पेश गर्नु पर्दछ। (जिल्ला अदालत नियमावली, २०५२ को नियम २९(१)
- कुनै मुद्दामा साक्षी राखिएको व्यक्ति बालबालिका रहेछ भने सर्वप्रथम त्यस्तो व्यक्ति साक्षी हुन सक्ने वा नसक्ने के हो सो कुराको यकीन गर्नु पर्छ। बालबालिकाको उमेर कम भएकै कारणले मात्र त्यस्ता बालबालिकाहरु साक्षी हुन अयोग्य हुँदैनन्। सोधिएको प्रश्न बुझ्न सक्नेछ र त्यसको युक्तियुक्त जवाफ दिन सक्नेछ भने जतिसुकै उमेरको भए पनि साक्षी हुन सक्छन्।
- बोल्न नसक्ने व्यक्तिलाई साक्षीको रुपमा उपस्थित गराइएको भए लेखेर वा इशाराद्धारा बकपत्र गराउन सकिने हो या होइन सो कुराको यकीन गर्ने।
- बकपत्र गर्न झिकाइएको व्यक्ति बोल्न असमर्थ रहेछ भने अरुले बुझ्न सक्ने गरी लेखेर वा इशाराद्धारा बकपत्र गराउन सकिन्छ। (प्रमाण ऐन, २०३१ को दफा ३९)
- कुनै प्रतिवादी बालबालिकाको आमा वा बाबुलाई निज बालबालिकाको विरुद्धमा गवाही दिन कर लाग्दैन। (प्रमाण ऐन, २०३१ को दफा ४०)
- कुनै साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा त्यस्तो प्रश्नको जवाफ दिन इन्कार गर्न पाउने छैन। (प्रमाण ऐन, २०३१ को दफा ४७)
- साक्षीको बकपत्र गराउँदा निज साक्षीले कुनै खास प्रकारको हाउभाउ देखाएमा वा स्वाभाविक मानवीय क्रियाकालपभन्दा फरक क्रियाकलाप प्रदर्शन गरेमा सो कुरा न्यायाधीशले बकपत्रमा जनाई सही गराई राख्नु पर्दछ। (जिल्ला अदालत नियमावली, २०५२ को नियम २९(३)
- साक्षीको बकपत्र गराउँदा कुनै साक्षीलाई अनुचित, असम्वद्ध वा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोधिएकोमा प्रतिपक्ष तर्फबाट आपत्ति नगरिएको अवस्थामा पनि अदालत स्वयंले त्यस्तो प्रश्न सोध्न मनाही गर्नु पर्दछ। (जिल्ला अदालत नियमावली, २०५२ को नियम २९(४)

- साक्षी बकाउँदाको देहायको कार्यविधि अपनाउनु पर्छः
  - » साक्षीहरुको बकपत्र गराउदा प्रचलित कानूनको अधीनमा रही अदालतले साक्षीहरुको बकपत्र गर्ने क्रम निर्धारण गर्नु पर्छ। (प्रमाण ऐन, २०३१ को दफा ४८)
  - » साक्षी बकाउदा आफूले देखे, जाने वा सुनेको कुरा इमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ। (प्रमाण ऐन, २०३१ को दफा ४९(१)
  - » साक्षीको बकपत्र गराउँदा न्यायाधीश आफैले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट बकपत्र लेखवद्ध गराउन हुन्छ। (न्याय प्रशासन ऐन, २०४८ को दफा २४ को प्रतिवन्धात्मक वाक्यांश (ख)
  - » साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरुको रोहवरमा बकाउँनु पर्छ। तर तोकिएको तारिख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभएमा उपस्थित भएसम्मका पक्षको रोहवरमा साक्षी बकाउन हुन्छ। (प्रमाण ऐन, २०३१ को दफा ४९(२)
  - » साक्षी बकाउदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्छ। (प्रमाण ऐन, २०३१ को दफा ४९(३)
  - » एक पटक बकाइसकेको साक्षीलाई कुनै मनासिव कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरुका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउन हुन्छ। (प्रमाण ऐन, २०३१ को दफा ४९(४)
  - » साक्षीको बकपत्रमा मुद्दाका पक्षहरुको पनि सहिछाप गराउनु पर्छ। कुनै पक्षले सहिछाप नगरे न्यायाधीशले सो व्यहोरा जनाई आफ्नो सहिछाप गर्नु पर्छ। (प्रमाण ऐन, २०३१ को दफा ४९(५)
  - » कुनै साक्षी बकाउँदा सर्वप्रथम सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(१)
  - » जुन पक्षको साक्षी हो सो पक्षले आफ्नो साक्षीसँग सोधपुछ गरेपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(१)
  - » अर्को पक्षले जिरह गरी सकेपछि जुन पक्षको साक्षी हो सो पक्षले सो साक्षीसँग पुनः सोधपुछ गर्न सक्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(२)
  - » कुनै पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्दा आफ्नो विपक्षीले गरेको जिरहसँग सम्बन्धित कुरामा मात्र सोधपुछ गर्न सक्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(२)
  - » आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्दा अदालतले अनुमति दिएमा कुनै नयाँ कुराका सम्बन्धमा पनि प्रश्न सोध्न सक्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(३)
  - » माथि लेखिएबमोजिम कुनै नयाँ कुराका सम्बन्धमा प्रश्न सोधिएकोमा सो पक्षको विपक्षीले सो साक्षीसँग फेरि जिरह गर्न सक्नेछ। (प्रमाण ऐन, २०३१ को दफा ५०(३)
  - » अदालतले अनुमति दिएमा बाहेक साक्षीसँग सोधपुछ वा पुनः सोधपुछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न पाउने छैन। (प्रमाण

ऐन, २०३१ को दफा ५०(४)

» सूचक प्रश्न सोध्न अदालतले अनुमति दिँदा देहायको अवस्थामा मात्र दिनु पर्छ । (प्रमाण ऐन, २०३१ को दफा ५०(५):
  ◊ सो प्रश्न परिचायक किसिमको मात्र रहेको,
  ◊ सो प्रश्न विवादरहित रहेको,
  ◊ सो प्रश्नसँग सम्बन्धित कुरा पूर्णरुपमा प्रमाणित भइसकेको,
» कुनै पक्षले आफ्नो साक्षीसँग आफैले सोधपुछ नगरी अदालतबाटै सोधपुछ गरियोस् भनी लिखित अनुरोध गरेमा अदालतले नै सोधपुछ गरी जवाफ लिन हुन्छ । (प्रमाण ऐन, २०३१ को दफा ५०(६) । तर यसरी अदालतबाट सोधपुछ गरेकोमा देहायबमोजिम हुन्छः
  ◊ अदालतबाट सोधपुछ गरेकोमा पनि अर्को पक्षले चाहेमा जिरह गर्न सक्छ,
  ◊ कुनै साक्षीसँग अदालतबाट सोधपुछ भएकोमा पुनः सम्बन्धित पक्षले आफ्नो साक्षीसँग सोधपुछ वा पुनः सोधपुछ गर्न पाउँदैन,
  ◊ साक्षीहरु मध्ये कुनै साक्षीसँग अदालतबाट र कुनै साक्षीसँग आफैले सोधपुछ गर्न पाइदैन ।
» कुनै साक्षीसँग अनावश्यक रुपमा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्न सक्छ । (प्रमाण ऐन, २०३१ को दफा ५१)
» कुनै विषयका विशेषज्ञलाई साक्षी सरह बकाउन हुन्छ । सोबमोजिम कुनै विशेषज्ञलाई साक्षीसरह बकाएमा मुद्दाका पक्षहरुलाई यस ऐनबमोजिम जिरह गर्ने मौका दिनु पर्छ । (प्रमाण ऐन, २०३१ को दफा ५२)
» अदालतले साक्षीसँग आवश्यक देखेको जुनसुकै प्रश्न सोध्न सक्नेछ । (प्रमाण ऐन, २०३१ को दफा ५३)

**३.१० इजलास व्यवस्थापन**

बालबालिका संलग्न मुद्दामा इजलास व्यवस्थापन भन्नाले बाल इजलासको व्यवस्थापन भन्ने सम्झनु पर्ने हुन्छ । बाल इजलास भन्नाले जिल्ला न्यायाधीशको अतिरिक्त तोकिएका समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई बुझ्नु पर्ने हुन्छ । बाल इजलासको व्यवस्थापन गर्दा इजलासमा बस्ने पदाधिकारीहरुको उपस्थितिको सुनिश्चितता, पीडित तथा प्रतिवादी बालबालिकाको सुरक्षाको प्रत्याभूति, समयमा कारवाहीको सञ्चालन जस्ता विषयहरुमा ध्यान दिनु पर्ने हुन्छ । खास गरेर देहायका कुराहरुमा ध्यान पुऱ्याउनु पर्ने हुन्छः

**३.१०.१ बाल इजलासका पदाधिकारीहरुको उपस्थितिको सुनिश्चितता**

माथि उल्लेख गरिएबमोजिम बाल इजलास भन्नाले जिल्ला न्यायाधीशका अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सहितको इजलास भए पनि व्यवहारमा बाल इजलासमा समाजसेवी

र बालविशेषज्ञको उपस्थिति कमै हुने गरेको पाइएको छ । यसो हुनाको मुख्य कारणमा निजहरुको उपस्थितिको सुनिश्चितताका लागि आवश्यक व्यवस्थापन हुन नसकेको भन्ने देखिन्छ । तसर्थ बाल इजलासको व्यवस्थापन गर्नु पर्दा सर्वप्रथमतः इजलासमा रहने पदाधिकारीहरुको उपस्थितिको व्यवस्थापन नै महत्वपूर्ण रहने देखिएको छ । यसका लागि देहायअनुसार गर्न सकिन्छः

- बाल इजलासका लागि तोकिएका सम्बन्धित समाजसेवी र बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको सम्पर्क फोन नम्बर सहितको सूची अद्यावधिक बनाई राख्ने,
- सम्बन्धित समाजसेवी र बालविशेषज्ञ वा बालमनोवैज्ञानिकहरु पनि जिल्ला मुकाम बाहिर वा मुलुक बाहिर जानु पर्ने हुन आएमा सम्बन्धित अदालतलाई सो कुराको जानकारी गराउने प्रणाली स्थापना गर्ने,
- सम्बन्धित समाजसेवी र बालविशेषज्ञ वा बालमनोवैज्ञानिक जिल्ला मुकाम बाहिर वा मुलुक बाहिर जानु परेको जानकारी प्राप्त भएमा अदालतले पनि निजहरु उपस्थित हुनु पर्ने मुद्दाको पेशी निजहरु फर्की आउने समयलाई विचार गरी मिलाउने,
- सम्बन्धित समाजसेवी र बालविशेषज्ञ लामो समयका लागि बाहिर रहने भई निजहरुलाई पर्खदा मुद्दाको कारवाहीमा अवरोध सिर्जना हुने भएमा निजहरुको विकल्पमा अन्य समाजसेवी र बालविशेषज्ञको व्यवस्था गर्ने,
- मुद्दा सुनुवाईको लागि पेशी तोकिनासाथ सम्बन्धित समाजसेवी र बालविशेषज्ञलाई सोको जानकारी गराई उपस्थितिका लागि समयमै अनुरोध गरिहाल्ने ।
- मुद्दा पेशीको दिनभन्दा एकदिन अगाडि पनि सम्बन्धित समाजसेवी र बालविशेषज्ञलाई फोन सम्पर्क गरी स्मरण गराउने ।

### ३.१०.२ **सम्बन्धित पक्ष र कानून व्यवसायीको उपस्थितिको सुनिश्चितता**

आफ्नो मुद्दाको सुनुवाई हुँदा आफू उपस्थित हुन पाउनु हरेक व्यक्तिको आधारभूत न्यायिक मान्यताको विषय हो र स्वच्छ सुनुवाईको आधारभूत सिद्धान्त पनि हो । यो अधिकार वयस्क व्यक्ति संलग्न मुद्दाको सुनुवाईमा मात्र होइन, बालबालिका संलग्न मुद्दाको सुनुवाईमा पनि उत्तिकै सान्दर्भिक हुन्छ । नेपालको संविधान, २०७२ को धारा २०(९) मा कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने कुरा उल्लेख गरिएको छ । साथसाथै हरेक व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्धारा पुर्पक्ष गर्ने हकबाट वञ्चित नगरिने कुरा पनि सोही संविधानको धारा २०(२) मा प्रत्याभूत गरिएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९ ले कानून व्यवसायी नभएमा बालबालिकाको मुद्दाको कारवाही किनारा नहुने व्यवस्था गरेको छ । यसैले बाल इजलासको व्यवस्थापनमा सम्बन्धित पक्ष र निजको प्रतिनिधित्व गर्ने कानून व्यवसायीको उपस्थितिको सुनिश्चितता महत्वपूर्ण मानिन्छ । यसका लागि देहायअनुसार गर्न सकिन्छः

- मुद्दाको सुनुवाई हुने दिन उपस्थित हुन सो कुराको जानकारी सम्बन्धित आरोपित बालबालिका र निजका अभिभावकलाई दिने,

- आफ्नै अभिभावक नभई कुनै संरक्षकको संरक्षणमा रहेका बालबालिकाका हकमा त्यस्तो जानकारी पनि निजै संरक्षकलाई गराउने,
- कुनै प्रतिवादी बालबालिकाले निजको तर्फबाट प्रतिनिधित्वका लागि कानून व्यवसायी राखेको रहेनछ भने पेशी तारिख लिँदा कै दिनमा वा सोसम्बन्धी जानकारी गराउँदा कै बखत कानून व्यवसायीसमेत लिई आउन जानकारी गराउने,
- कुनै बालबालिकाले पेशीको दिन कानून व्यवसायी उपस्थित गराउन नसकेमा अदालतले सो दिनको सुनुवाई स्थगित गर्ने,
- कुनै बालबालिकाले आफै कानून व्यवसायी राख्न नसकेको कारण उपस्थित गराउन नसकेको देखिए त्यस्तो बालबालिकाका तर्फबाट प्रतिनिधित्व गर्न अदालतले नै वैतनिक कानून व्यवसायी नियुक्त गरिदिने,
- आफै कानून व्यवसायी नराखेका कुनै बालबालिकाका तर्फबाट प्रतिनिधित्व गर्न कुनै कानून व्यवसायीले इच्छा देखाएमा त्यस्तो कानून व्यवसायीको सेवा लिन पनि वाधा नपर्ने,
- कुनै बालबालिकाका हकमा निजको प्रतिनिधित्वका लागि कुनै वैतनिक कानून व्यवसायी नियुक्त गरिएकोमा वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा लिइएकोमा सोको जानकारी सम्बन्धित बालबालिकालाई पनि दिने ।

### संवैधानिक व्यवस्था

| | |
|---|---|
| (२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ तथा कानून व्यवसायीद्धारा पुर्पक्ष गर्ने हक हुनेछ ।<br>(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ । | *नेपालको संविधान, २०७२ को धारा २०* |

### कानूनी व्यवस्था

| | |
|---|---|
| (१) कुनै बालबालिकाविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही र किनारा गर्ने छैन ।<br>(२) उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९* |

**३.१०.३ गोपनीयता र सुरक्षाको व्यवस्था**

सामान्यतया मुद्दाको सुनुवाई खुला इजलासमा गर्नु पर्ने न्याय प्रणालीको एउटा आधारभूत मान्यता हो । तर बालबालिका संलग्न मुद्दामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सुनुवाई खुला गर्न नहुने मान्यता विकास भएको छ । अमुक आरोप लागेको विषय मात्र होइन, अदालती प्रक्रियामा संलग्नताकै विषय पनि गोप्य राखिनु पर्ने मान्यताहरु विकास भएको छ । यस्ता बालबालिकाको गोपनीयताको संरक्षणका लागि दुई किसिमका उपायहरु अवलम्बन गर्न सकिन्छः

(क) बालबालिकाको परिचयात्मक विवरणको गोपनीयता कायम राखेर, र

(ख) सुनुवाई हुँदा इजलासमा हुने व्यक्तिहरुको उपस्थितिलाई नियन्त्रण गरेर ।

यस अतिरिक्त कतिपय अवस्थामा प्रतिवादी बालबालिकाको जीउज्यानै पनि जोखिममा परेको हुन सक्छ। बाल इजलासको व्यवस्थापन गर्दा यी कुराहरुमा समेत ध्यान दिई उपयुक्त व्यवस्था गर्नु पर्ने हुन्छ। यसका लागि देहायबमोजिम गर्न सकिन्छः

- मुद्दाको सुनुवाईका लागि इजलास कायम गर्दा बन्द इजलास कायम गर्ने,
- मुद्दासँग सम्बन्धित घटनाको विवरण पत्रपत्रिकामा प्रकाशन नहुने स्थिति कायम गर्ने,
- मुद्दाको सुनुवाईको सिल्सिलामा बालबालिका प्रतिवादीको नाम बोलाउनु पर्दा परिवर्तित नामबाट बोलाउने,
- प्रतिवादी बालबालिकाउपर पीडित पक्षका सदस्यहरुबाट कुनै सुरक्षा जोखिम छ छैन बुझी आवश्यक उपाय अवलम्बन गर्ने । जस्तो सुरक्षित प्रतिक्षाकक्षमा राख्ने, सुरक्षित प्रतिक्षा कक्ष नभएमा न्यायाधीशको च्याम्वर कक्ष वा अन्य सुरक्षित कक्षहरु प्रयोग गर्ने,
- साक्षीउपर अनुचित दवाव परेको जस्तो देखिएमा प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) यो ऐन वा प्रचलित कानूनबमोजिम बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिवन्ध सम्वाददाता तथा संवाद फोटो प्रतिनिधिको हकमा समेत लागु हुनेछ। | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९* |

| | |
|---|---|
| (१) बालबालिका, जवरजस्ती करणी, जीउ मास्नेबेच्ने, नाता कामय, सम्बन्धबिच्छेदसम्बन्धी मुद्दा वा अन्य कानूनले बन्द इजलासबाट हेरिने भनी तोकिदिएको मुद्दा, खुला इजलासबाट सुनुवाई गर्न मनासिव नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाई बन्द इजलासमा हुनेछ ।<br>(२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारवाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकील, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारीमात्र उपस्थित हुन सक्नेछन् ।<br>(३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरुलाई दिन हुँदैन ।<br>(४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख* |
| (५) नेपाल सरकार वादी भएको गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै मनासिव कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दवाव परेको वा दवाव पर्ने प्रवल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने र निज प्रतिवादीको कानून व्यवसायी तथा निजले रोजेको मानिसको रोहवरमा बकपत्र गराउने गरी अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम २९* |

### ३.११ उमेर निर्धारण

बालबालिकासम्बन्धी मुद्दा भन्नाले निश्चित उमेरसमुहभित्रका बालबालिकाहरुको मुद्दा भएकोले यस्ता मुद्दाहरुको कारवाहीमा जहिले पनि उमेर निर्धारणको विषयले प्रारम्भिक महत्व राख्ने गर्दछ । कति वर्ष सम्मका व्यक्तिहरुलाई बालबालिका मान्ने भन्ने कुरा विभिन्न मुलुकहरुका कानूनमा आधारित हुने विषय हो । नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) मा परिभाषा गरिएअनुसार बालबालिका भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्ने गरी व्यवस्था भएको पाइन्छ । सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका भए ती बालबालिकासँग सम्बन्धित मुद्दाहरु बाल अदालत वा हाल सो गठन नभएकोले बाल इजलासले हेर्ने व्यवस्था भएको र यस्ता बालबालिकाको अपराधिक दायित्व बढिमा उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजायमात्र हुने व्यवस्था रहेको सन्दर्भमा बालबालिकाको उमेर निर्धारणको प्रश्न अक्सर पेचिलो बन्ने गरेको देखिन्छ । अनुसन्धानका क्रममा नै सम्बन्धित आरोपित बालबालिकाको उमेर निर्धारण भई आउनु पर्नेमा प्राय अनुसन्धान अधिकारीहरु आरोपित बालबालिकाको

उमेर वस्तुनिष्ठ तवरबाट निर्धारण नगरी अभियोगपत्र दायर गर्ने गरेको पाइन्छ। कति मुद्दाहरुमा त हचुवाका भरमा आरोपित व्यक्तिको उमेर बढाएर अभियोगपत्र ल्याउने गरेका दृष्टान्तहरु पनि पाइन्छ । यसैले बालबालिकाको उमेर निर्धारणको विषय महत्वपूर्ण र कतिपय अवस्थामा जटिल पनि बन्ने गरेको पाइन्छ। बालबालिकाको उमेर निर्धारणका लागि देहायका विषयहरुलाई आधार बनाउनु पर्ने हुन्छः

- कुनै बालबालिकाको जन्म अस्पतालमा भएको भए अस्पतालबाट जारी गरिएको बालबालिकाको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- अस्पतालमा नजन्मेको वा अस्पतालमा जन्मेको भए पनि अस्पतालबाट प्रमाणपत्र जारी नभएको भए स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
- स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको प्रमाणपत्र पनि नभए विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,
- माथि लेखिए बमोजिमको प्रमाणपत्र पनि नभए सरकारी अस्पतालबाट प्रमाणित उमेर ।

व्यवहारमा सरकारी अस्पतालबाट प्रमाणित उमेरका सम्बन्धमा पनि फरक फरक अभ्यासहरु विकसित भएको पाइन्छ । प्राय सरकारी अस्पतालबाट उमेर प्रमाणित भई आउँदा कुनै निश्चित उमेर किटान गरी खुली नआई यतिदेखि यति वर्ष बीचको देखिएको भनी खुली आउने गरेको पाइएको छ। यस्तो अवस्थामा कतिपय अदालतले अस्पतालबाट खुली आएको मध्येको न्यूनतम् उमेरलाई आधार मान्ने गरेको, कतिपय अदालतले न्यूनतम् र अधिकतम् मध्येको बीचको उमेरलाई आधार मान्ने गरेको र कतिपय अदालतहरुले अधिकम् उमेरलाई आधार मान्ने गरेका अभ्यासहरु रहेको पाइन्छ। यस्तो अवस्था भएमा अस्पतालबाट खुली आए मध्येको न्यूनतम् उमेरलाई आधार मान्न उपयुक्त हुने देखिन्छ।

### कानूनी व्यवस्था

| | |
|---|---|
| बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातका आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछः<br>(क) अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,<br>(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,<br>(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्र उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,<br>(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ ।* |

### ३.१२ बहस व्यवस्थापन

बहस व्यवस्थापनको विषय बालबालिकासम्बन्धी मुद्दामा मात्र सम्बन्धित हुने नभई सबै प्रकारका मुद्दाहरुमा लागु हुने कुरा हो । मुद्दाको सुनुवाई छिटो वा ढिलो हुने कुरा केही हदसम्म बहस व्यवस्थापनमा पनि निर्भर गर्दछ । बालबालिकासम्बन्धी मुद्दाको सुनुवाई प्राथमिकतापूर्वक गर्नु पर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यस्ता मुद्दाहरुमा बहस व्यवस्थापन हुनु अझ महत्वपूर्ण मानिन्छ । बालबालिकासम्बन्धी मुद्दाहरुमा बहस व्यवस्थापनका लागि देहायअनुसार गर्न सकिन्छः

- पक्ष बालबालिकाका तर्फबाट बहस गर्न कानून व्यवसायीको उपस्थितिको सुनिश्चितता गर्ने,
- पक्ष बालबालिकाले कुनै कानून व्यवसायी नियुक्त गरेको रहेनछ भने निजको तर्फबाट बहस गर्न वैतनिक कानून व्यवसायीको व्यवस्था गर्ने,
- दैनिक पेशी सूचीमा चढेको मुद्दा कुनै कारणले पनि सूचीबाट नहटाउने,
- इजलासले खोजेका बखत पक्ष, वारिस वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित नहुने,
- मुद्दाको सुनुवाई प्रारम्भ हुनुभन्दा अगावै काबु बाहिरको परिस्थिति परी अदालतमा उपस्थित हुन नसकेको कारण देखाएमा बढिमा दुईपटक सम्म मुद्दाको सुनुवाई स्थगित हुन सक्ने तर देहायका मुद्दाको सुनुवाई स्थगित नगर्नेः
  - » इजलासबाट प्राथमिकता दिई हेर्ने आदेश भएका मुद्दा,
  - » एकै पक्षको एकभन्दा बढी कानून व्यवसायी रहेको मुद्दा,
  - » हेर्दा हेर्दैको मुद्दा,
  - » दुई पटक पेशी स्थगित भइसकेको मुद्दा,
  - » प्रचलित कानूनबमोजिम मुद्दा फैसला गर्नु पर्ने समयावधि नाघिसकेको छ भने त्यस्तो मुद्दा ।
- मुद्दाको प्रकृति र विषयवस्तु हेरी बहसको लागि समय तोक्ने,
- बहस गर्दा अनावश्यक विषयमा प्रवेश गर्नबाट रोक्ने,
- निर्णय गर्नु पर्ने प्रश्नमा मात्र सिमित रही बहस गर्न निर्देशन दिने,
- एकभन्दा बढी कानून व्यवसायी रहेकोमा एकजना कानून व्यवसायीलाई प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्न तोक्ने,
- एकभन्दा बढी कानून व्यवसायी रहेकोमा प्रत्येक कानून व्यवसायीले अलग अलग प्रश्नमा बहस गर्ने गरी व्यवस्थापन गर्ने ।

#### कानूनी व्यवस्था

| | |
|---|---|
| (१) मुद्दाको बहस सुनुवाईको प्रारम्भमा इजलासले त्यस मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नहरुमा सिमित रही बहस गर्न दुवै पक्षका कानून व्यवसायीलाई निर्देशन दिन सक्नेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ३३* |

| | |
|---|---|
| (२) मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्नेछ । यसरी समय तोकिएकोमा तोकिएको समयभित्र सीमित भई कानून व्यवसायीले बहस गर्नु पर्नेछ ।<br>(३) सुनुवाईको लागि पेशी तोकिएको मुद्दामा अदालतले आवश्यक ठानेमा वा पक्षको कानून व्यवसायीले बहसनोट पेश गर्न चाहेमा इजलासले बहसनोट पेश गर्नु पर्ने समय तोकिदिनु पर्नेछ ।<br>(४) कुनै मुद्दामा एकभन्दा बढी कानून व्यवसायीहरुको वकालतनामा पेश भएकोमा इजलासले कानून व्यवसायीहरु मध्येबाट एक जना कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रुपमा बहस गर्ने तथा अन्य कानून व्यवसायीहरुले अलग अलग तथ्यगत र कानूनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन दिन सक्नेछ ।<br>(५) उपनियम (१), (२), (३) र (४) बमोजिम इजलासले निर्देशन वा समय तोकेकोमा दिएको समयमा सो अनुसार गर्नु सम्बन्धित कानून व्यवसायीको कर्तव्य हुनेछ । | |
| (१) दैनिक पेशी सूचीमा चढेको कुनै पनि मुद्दा तारिख गुजारी थाम्न पाउने म्याद बाँकी भएको भन्नेसमेत कुनै कारणले पनि सो सूचीबाट हटाइने छैन र इजलासबाट खोजेका बखत पक्ष, वारिस वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित हुने छैन । ठहरेबमोजिम फैसला हुनेछ ।<br>(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको सुनुवाई प्रारम्भ हुनुभन्दा पहिले आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिब कारण देखाई मुद्दाको पक्ष वा कानून व्यवसायीले निवेदनपत्र दिएमा अदालतले बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाई स्थगित गर्न सक्नेछ ।<br>(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजलासबाट प्राथमिकता दिई हेर्ने आदेश भएको मुद्दा, एकै पक्षको एकभन्दा बढी कानून व्यवसायी रहेको मुद्दा, हेर्दा हेर्दैको मुद्दा, दुई पटक पेशी स्थगित भइसकेको मुद्दा र प्रचलित कानूनबमोजिम मुद्दा फैसला गर्नु पर्ने समयावधि नाघेका मुद्दाको सुनुवाई स्थगित हुन सक्ने छैन ।<br>(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबुभन्दा बाहिरको परिस्थिति परी मुद्दा स्थगित गरिपाऊँ भन्ने निवेदनपत्र मुद्दा पेश भएका दिनको इजलास बस्नुभन्दा अगाडि नै दर्ता गरी मिसिल सामेल राखेको हुनु पर्नेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ३५* |

### ३.१३ फैसला

मुद्दाको कारवाहीमा फैसला अन्तिम चरणको कारवाही हो । यद्यपि फैसला भइसकेपछि सोको कार्यान्वयनको विषय पनि उत्तिकै महत्वपूर्ण छँदैछ, तर पनि दायर भएको मुद्दा ठहर हुने वा नहुने भन्ने कुरा फैसलाबाटै बोलिने भएकोले मुद्दाको कारवाहीमा फैसलालाई अन्तिम कारवाहीको रुपमा लिने गरिन्छ । प्रचलित कानूनमा फैसलासम्बन्धी धेरै व्यवस्थाहरु वयस्क प्रतिवादीको अवस्थालाई ध्यानमा राखेर गरिएको हुँदा यी व्यवस्थाहरुलाई बालबालिका प्रतिवादीका हकमा लागू गर्दा केही अस्पष्टता सिर्जना हुन सक्दछ । प्रतिवादी बालबालिका भएका मुद्दामा फैसला गर्दा देहायका कुराहरुमा विचार पुऱ्याउनु पर्ने हुन्छः

- प्रतिवादी बालबालिकालाई कुनै हालतमा पनि निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम् कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा (बाल सुधार गृहमा) राखिनु हुँदैन ।[1]
- पुर्पक्षको निमित्त थुनामा रहेको बालबालिकालाई मुद्दा फैसला हुँदा लाग्ने ठहरिएको जरिवाना वा कैदको सजायको अङ्कमा निज थुनिएको दिन मिनाहा दिई बाँकीमात्र असूल गर्ने गरी फैसला गर्नु पर्छ ।[2]
- प्रतिवादी बालबालिकालाई कैदको सजाय लाग्ने गरी फैसला भएबमोजिम थुनामा राख्दा वा बाल सुधार गृहमा राख्दा कुन कानूनको कुन दफाबमोजिमको अभियोगमा कसूरदार ठहर भएको हो र कति अवधि कैद वा बाल सुधार गृहमा बस्नु पर्ने हो भन्ने कुराको कारण खोली पूर्जी दिनु पर्छ ।[3]
- कुनै प्रतिवादी बालबालिकासँग मुद्दाको कारवाहीको सिल्सिलामा धरौट वा जमानत लिइएको रहेछ भने सो मुद्दाको फैसला भएपछि फिर्ता वा फुकुवा गरिदिनु पर्छ ।[4]
- फैसला गर्दा विचार गर्नु पर्ने अन्य कुराहरुः
  - » कुनै कसूरको आरोप लागेको कुनै बालबालिका दश वर्ष मुनिको रहेछ र निजले सो आरोपबमोजिमको कसूर गरेको देखिन आयो भने पनि निजलाई कुनै प्रकारको सजाय हुने गरी फैसला गर्न हुँदैन
  - » कुनै कसूरको आरोप लागेको बालबालिकाको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ र निजले आरोपबमोजिमको कसूर गरेको देखिन आयो भनेः
    - ◊ जरिवाना हुने कसूरको आरोपमा हो भने सम्झाईबुझाई गर्ने गरी फैसला गर्नु पर्छ ।
    - ◊ कैद हुने कसूरको आरोपमा हो भने कसूर हेरी बढीमा ६ महिनासम्म मात्र कैद हुने गरी फैसला गर्नु पर्छ ।
  - » कुनै कसूरको आरोप लागेको बालबालिकाको उमेर चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम रहेछ र निजले सो आरोपबमोजिमको कसूर गरेको देखिन आयो भने सोही

---

१ अ.बं. ११९ मा थुनामा राखिने छैन भन्ने व्यवस्था रहेको छ । बालबालिकालाई थुनामा राख्ने भनेको बाल सुधार गृहमा राख्ने भन्ने बुझिने हुँदा सोहीअनुसार उल्लेख ।

२ अ.बं १२०

३ अ.बं १२१ नं

४ अ.बं १२४ख नं

कसूर उमेर पुगेका व्यक्तिले गर्दा हुने सजायको आधा सजाय हुने गरी फैसला गर्नु पर्छ ।

- » अरु कसैले बालबालिकालाई सिकाई बालबालिकाबाट कुनै कसूर गराएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुने गरी फैसला गर्नु पर्छ ।
- » कुनै बालबालिकालाई लगाइएको आरोपको प्रकृतिबाट त्यस्तो कसूर पटकको आधारमा सजाय निर्धारण हुने किसिमको रहेछ र निजलाई आरोप लगाइएबमोजिमको कसूर एक पटकभन्दा बढी गरेको देखिन्छ भने पनि पटकको आधारमा निजलाई थप सजाय हुने गरी फैसला गर्न हुँदैन ।
- » कुनै वयस्क व्यक्तिलाई नै पटक कायम हुने कुनै कसूरमा पटक खापी सजाय गर्नु पर्दा पनि बाल्यअवस्थामा गरेको कसूरको पटक खापी सजाय हुने गरी फैसला गर्न हुँदैन ।
- » कुनै बालबालिकालाई एकान्त कारावासमा राख्ने गरी फैसला गर्न हुँदैन ।
- » कुनै कसूर गरेबापत कैदको सजाय पाउने गरी फैसला गर्नु पर्ने अवस्थामा पनि उमेर पुगेका कैदीको साथमा राख्ने गरी फैसला गर्न हुँदैन ।
- » सामान्यतया बालबलिकालाई कुनै कसूरमा सजाय हुने गरी फैसला गर्नु पर्दा कठोर सजाय हुने गरी फैसला गर्न हुँदैन ।
- » कुनै कसूर गरे बापत कुनै बालबालिकालाई कैदको सजाय हुने गरी फैसला गर्नु पर्दा पनि त्यस्तो बालबालिकालाई कारागारमा राख्ने गरी फैसला नगरी लागेको कैद अवधि बाल सुधार गृहमा बसी बिताउने गरी फैसला गर्नु पर्छ ।
- » आरोपित कसूर गरेको ठहरी कैदको सजाय हुने गरी फैसला भएको अवस्थामा पनि सम्बन्धित बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक आदि विचार गर्दा निजलाई लागेको सजाय स्थगन गर्न मनासिव देखिएमा तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्ने गरी फैसला गर्न पनि सकिन्छ ।
- » माथि उल्लेख गरिएअनुसार सजाय स्थगन गरिएकोमा सोही बालबालिकाले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरेबापत दोषी ठहरिई कैदको सजाय हुने भएमा पहिलेको कैद अवधिसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी फैसला गर्न सकिनेछ ।
- » कैदको सजाय हुने गरी फैसला भएकोमा न्यायाधीशलाई उचित लागेमा तोकिएको सजायको अवधि बाल सुधार गृहमा पनि बस्न नपर्ने गरी कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी फैसला गर्न पनि सकिन्छ ।
- » बालबालिकासम्बन्धी मुद्दाको फैसला गर्दा मुद्दा दायर भएको १२० दिनभित्र गर्नु पर्छ ।

अन्य सबै मुद्दामा जस्तै बालबालिका संलग्न भएका मुद्दाहरुमा पनि प्रमाण बुझ्ने कार्य सम्पन्न भएपछि फैसला गरिन्छ । बालबालिका संलग्न मुद्दाको फैसला तयार गर्दा प्रचलित कानूनमा भएका कुराका

अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछ[1]:

- अभियोगपत्रको संक्षिप्त व्यहोरा,
- पेश भएको र बुझेको प्रमाण,
- बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको रायको संक्षिप्त व्यहोरा,
- कानून व्यवसायीको जिकिर,
- सान्दर्भिक नजिर,
- कसूर प्रमाणित भए वा नभएकोमा सोको आधार,
- निर्णय गर्दा लिइएको आधार र कारणहरु,
- बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने उपाय,
- क्षतिपूर्ति वा जरिवाना तिर्नु बुझाउनु पर्ने भए सोसम्बन्धी व्यहोरा,
- फैसला तयार गर्दा अनुसूची-१ मा दिइएको ढाँचामा तयार गर्नु पर्छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| ... अभियुक्तलाई कुनै हालतमा पनि निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम् कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन । | *मुलुकी ऐन, अ.बं.को ११९ नं* |
| पुर्पक्षको निमित्त थुनामा रहेको व्यक्तिलाई मुद्दा फैसला हुँदा लाग्ने ठहरिएको जरिवाना वा कैदको सजायको अङ्कमा निज थुनिएको दिन मिनाहा दिई बाँकीमात्र असूल गरिने वा कैद गरिनेछ । | *मुलुकी ऐन, अ.बं.को १२० नं* |
| मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यस दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न हुँदैन । | *मुलुकी ऐन, अ.बं.को १२१ नं* |
| अड्डाले कुनै मुद्दामा कारवाईका लागि लिएको धरौट वा जमानत सो मुद्दाको निर्णय भएपछि फिर्ता वा फुकुवा गरी दिनु पर्छ । | *मुलुकी ऐन, अ.बं.को १२४ख नं* |

१ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १७

| | |
|---|---|
| (१) कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन<br>(२) बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।<br>(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।<br>(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पुरा सजाय हुन्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११* |
| (२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराध गणना गरिने छैन ।<br>(३) बालकले एउटै अपराध एक पटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिने छैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १२* |
| प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५* |
| (१) नेपाल सरकारले आवश्यकताअनुसार बाल सुधार गृहको स्थापना गर्नेछ । र सोबमोजिमको बाल सुधार गृहमा ...<br>(२) (ख) प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानु पर्ने बालक ... राखिनेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२* |

| | |
|---|---|
| (२) कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक आदिको विचार गर्दा कारागारमा राख्नु उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०* |
| बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको १२० दिनभित्र फैसला गरिसक्नु पर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १६* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| फौजदारी अभियोग लागेका बालबालिकालाई न्यायिक अर्धन्यायिक निकायमा लैजादा हतकडीको प्रयोग गरिएको र कारागारमा राख्दा ठूला कैदीहरुका साथमा राख्ने गरिएको हुँदा हतकडी नलगाई ल्याउने लैजाने गर्न र कारागारमा ठूला कैदीहरुको साथमा नराख्न परमादेशको आदेश जारी गरी पाउन माग गरेकोमा परमादेश जारी । | *बालकृष्ण मैनाली विरुद्ध गृह मन्त्रालयसमेत, सम्वत् २०५६ को रिट नं ३५०५ आदेश मिति २०५८/४/२३* |
| चोरी मुद्दामा कसूरदार ठहरेका निवेदकलाई लागेको कैद र नतिरे जरिवानासमेत बापत कारागार शाखामा लेखी पठाई दिन लगत राख्ने गरी भएको फैसला तथा सोबमोजिम ठेकिएको कैदपूर्जीबाट उमेर पुगेका कैदीसरह कारागारमा कैदमा रहन गएको सम्बन्धमा परेको रिटमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(१) बमोजिम बाल सुधार गृह स्थापना गरी ऐ. उपदफा (२) बमोजिम गर्नु पर्ने र सोअनुरुप नभएमा ऐ. दफा ४२(३) बमोजिम गर्नु पर्नेमा सोअनुरुप नगरी कारागारमा कैद सजाय भोग्नु पर्ने गरी गरेको....फैसलाको तपसिल खण्ड कानूनसङ्गत नदेखिँदा.... बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(१) अनुरुप गर्न र सो नभएमा ऐ.को दफा ४२(३) बमोजिम गर्नु गराउनु भनी ... कारागार शाखा, धनकुटासमेतका नाममा परमादेश जारी हुने ठहर्छ । | *केशब खड्काका हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध धनकुटा जिल्ला अदालतसमेत, सम्वत् २०५७ सालको रिट नं ३६८५, आदेश मिति २०५८/१/२८* |

| | |
|---|---|
| फैसलाले लागेको ३ वर्ष कैदबापत कारागारमा राखिएकोमा बाल सुधार गृहमा स्थानान्तरण गर्न आदेश । | *अब्राम तामाङको हकमा पुष्पराज पौडेल विरुद्ध धादिङ जिल्ला अदालतसमेत, सम्वत् २०६९ को रिट नं ००६१, आदेश मिति २०६८/१२/७* |

३.१४ **फैसला कार्यान्वयन**

मुद्दाको कारवाहीमा फैसलालाई अन्तिम चरणको कारवाही मानिने भए पनि फैसलाको कार्यान्वयन पनि अदालतबाटै सम्पादन हुनु पर्ने कार्य हो । बालबालिका संलग्न मुद्दामा हुने फैसलाको कार्यान्वयनका लागि छुट्टै कार्यविधि तोकिएको छैन । सामान्यतया फैसलाको कार्यान्वयन भन्ने कुरा फैसलामा उल्लिखित कैद र जरिवानाको असुली फैसलामा लेखिएबमोजिमको तरिकाबाट असुलउपर गर्ने कुरा हो तर पनि बालबालिका संलग्न मुद्दाको फैसला कार्यान्वयनमा ध्यान दिनु पर्ने केही विशेष व्यवस्थाहरुका सम्बन्धमा देहायबमोजिम उल्लेख गरिएको छः

- फैसलाको कार्यान्वयन गर्दा सो फैसला अन्तिम भएपछि मात्र कार्यान्वयन गर्नु पर्छ ।
- बालबालिकालाई कुनै अपराध गरेबापत कैदको सजाय भएकोमा त्यस्तो फैसला कार्यान्वयन गर्दा उमेर पुगेका कैदीको साथमा राख्न नहुने हुँदा सोहीबमोजिम पूर्जी पठाउनु पर्छ ।
- कैद लागेको कुनै बालबालिकालाई कुनै संस्था वा व्यक्तिको जिम्मामा दिइने अवस्थामा सम्बन्धित व्यक्ति वा संस्थालाई बालबालिकासम्बन्धी मुद्दासँग सम्बन्धित घटनाको विवरण न्यायाधीशको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न नपाइने कुरासमेत लेखी पठाउनु पर्छ ।
- कुनै बालबालिकाका सम्बन्धमा निजलाई लागेको कैद सजाय स्थगन हुने फैसला भएकोमा सोको प्रकृति र परिणामसमेत सम्बन्धित बालबालिका एवं निजका अभिभावकलाई समेत सम्झाईबुझाई मुक्त गरिदिनु पर्छ ।
- कुनै बालबालिकालाई बाल सुधार गृहमा पठाउने गरी फैसला भएको भए यथाशक्य चाँडो सम्बन्धित बाल सुधार गृहमा पठाउने व्यवस्था गर्नु पर्छ ।
- कैद लागेको कुनै बालबालिकालाई त्यस्तो कैदको अवधि कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही बिताउनु पर्ने गरी फैसला भएकोमा सम्बन्धित व्यक्ति वा संस्थासँग सम्बन्धित बालबालिका बुझेको कागज गराई त्यस्तो व्यक्ति वा संस्थाको संरक्षणबाट मुक्त गर्नु पर्ने मितिसमेत तोकी

कागज भरपाई गराउनु पर्छ ।

- कुनै बालबालिकालाई लागेको कैदको अवधि कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही बिताउनु पर्ने गरी फैसला भएबमोजिम कुनै व्यक्ति वा संस्थालाई जिम्मा लगाइएकोमा संरक्षण अवधि भुक्तान भई बालबालिकालाई संरक्षणबाट मुक्त गर्नु पर्दा यथाशक्य सम्बन्धित बालबालिकालाई समेत अदालतमा ल्याई अदालतको रोहवरमा मुक्त गर्ने र संरक्षण अवधिमा बालबालिकाले गरेको व्यवहारका सम्बन्धमा संरक्षकबाट प्रतिवेदन पनि लिनु राम्रो हुन्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५* |
| (२) बालकसम्बन्धी मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण ... मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९* |

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

| | |
|---|---|
| फौजदारी अभियोग लागेका बालबालिकालाई न्यायिक अर्धन्यायिक निकायमा लैजादा हतकडीको प्रयोग गरिएको र कारागारमा राख्दा ठूला कैदीहरुका साथमा राख्ने गरिएको हुँदा हतकडी नलगाई ल्याउने लैजाने गर्न र कारागारमा ठूला कैदीहरुको साथमा नराख्न परमादेशको आदेश जारी गरी पाउन माग गरेकोमा परमादेश जारी । | *बालकृष्ण मैनाली विरुद्ध गृह मन्त्रालयसमेत, सम्वत् २०५६ को रिट नं ३५०५ आदेश मिति २०५८/४/२३)* |
| उमेर नपुगेका निवेदकलाई उमेर पुगेका अन्य प्रतिवादीसरह थुनामा राख्नु भन्ने इलाम जिल्ला अदालतको मिति २०५७/१०/२२ को फैसलाको तपसिल खण्ड कानूनसंगत नदेखिँदा उक्त अंश उत्प्रेषणको आदेशद्धारा बदर हुन्छ । | *सरिता तामाङको हकमा तारादेवी खनाल विरुद्ध इलाम जिल्ला अदालतसमेत, २०५८ सालको रिट नं २१, आदेश मिति २०५८/१०/२२)* |

| | |
|---|---|
| उमेर पुगेकालाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नु पर्ने व्यवस्था भएकोले नाबालकलाई जरिवानाबापत कैद गर्दा पनि ४ वर्षको आधा २ वर्षमात्र कैद हुने । | *केशब खड्काको हकमा आशिष अधिकारी विरुद्ध गृह मन्त्रालयसमेत, २०५८ सालको रिट नं ७०, आदेश मिति २०५८/१२/१३)* |

# परिच्छेद ४

# बाल न्याय प्रशासनमा कानून व्यवसायीको भूमिका

सामान्यतया के गर्न हुने र के गर्न नहुने भन्ने कुरा एउटा विवेकशील प्राणी भएको नाताले आम मानिसमा जानकारी हुने विषय भए पनि केही कार्यहरुका हकमा आम बुझाईभन्दा भिन्न रुपमा कानूनले अपराध घोषणा गरेको वा सजायको मात्राका सम्बन्धमा पनि जानकारी नहुने अवस्था पर्छ । स्वयं कानूनको व्याख्या पनि प्राविधिक विषय हो । तर कानूनको जानकारीको अभावमा गरेको हुँ भन्दैमा कुनै अपराधिक कार्य गरेबापतको अपराधिक दायित्वबाट कसैले उन्मुक्ति पाउने अवस्था हुँदैन । त्यसैले न्याय प्रणालीमा कानून व्यवसायीको प्रतिनिधित्वलाई उच्च महत्व दिइएको हुन्छ । स्वच्छ सुनुवाईको प्रत्याभूतिका लागि कानून व्यवसायीको प्रतिनिधित्वको विषयलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको हुन्छ । बाल न्याय प्रशासनमा कानून व्यवसायीले देहायअनुसारको भूमिका खेल्नु पर्ने हुन्छः

सैद्धान्तिक भूमिकाः

- बालबालिकाहरु वयस्कभन्दा भिन्न हुन् र यिनीहरुलाई वयस्कभन्दा भिन्न व्यवहार गर्नु पर्छ भन्ने आधारभूत सिद्धान्तलाई कानून व्यवसायीहरुले सधै आत्मसात गर्न जरुरी हुन्छ ।
- बालबालिकालाई निजको वा निजका बाबु आमाको वा वैधानिक अभिभावकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारहरु, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव गर्न हुँदैन भन्ने मान्यताअनुरुप काम गर्न जरुरी हुन्छ ।
- बाल न्यायका सम्पूर्ण कारवाहीका क्रममा बालबालिकाको सर्वोत्तम हित सुनिश्चित हुने उपायहरुको प्राथमिकतामा जोड दिनु पर्छ ।
- प्रत्येक बालबालिकालाई आत्म विकासको अधिकार छ भन्ने कुरालाई ध्यानमा राख्नु पर्छ ।
- बाल कसूरदारप्रति गरिने कुनै पनि प्रतिक्रिया कसूरदार र कसूर दुवैको तुलनामा संधै समानुपातिक हुनु पर्ने तर्फ सजग रहनु जरुरी हुन्छ अर्थात कसूरदारप्रतिको प्रतिक्रिया कसूरको गम्भीरताको मात्रामा मात्र होइन, निज कसूरदारको व्यक्तिगत परिस्थितिको मूल्याङ्कनमा पनि आधारित हुनु पर्छ ।
- बालबालिका प्रतिवादीउपरको हरेक कारवाहीमा निजका बाबु, आमा वा संरक्षकको उपस्थितिको अधिकार छ भन्ने कुरालाई मनन् गर्नु पर्छ ।

- न्यायिक कारवाहीका सिलसिलामा बाल कसूरदारको व्यक्तिगत गोपनीयताको अधिकारको सम्मान गर्नु पर्छ ।
- बालबालिकासँग सम्बन्धित मुद्दाको प्रत्येक चरणको कारवाही बालमैत्री वातावरणमा हुनु पर्ने कुरामा सदैव गम्भीर हुनु पर्छ ।
- बालबालिकालाई थुनामा राख्ने विषयलाई अन्तिम उपायको रुपमा र यथाशक्य छोटो समयका लागि मात्र हुनु पर्छ भन्ने रुपमा बुझ्नु पर्छ ।
- अन्तिम उपायको रुपमा थुनामै राख्नु पर्दाको अवस्थामा पनि बालबालिकालाई वयस्कहरुलाई राखिएको ठाँऊभन्दा अलगै स्थानमा राखिनु पर्ने मान्यतातर्फ सजग हुनु पर्छ ।

### ४.१ अनुसन्धानको क्रममा कानून व्यवसायीको भूमिका

कुनै पनि व्यक्तिको सबैभन्दा बढी गैरकानूनी रुपमा वैयक्तिक स्वतन्त्रताको हरण हुने अवस्था भनेको अनुसन्धानको अवस्था हो । सामान्यतया अपराध अनुसन्धानको चरणमा शङ्कित व्यक्तिहरुलाई थुनामै राखिने प्रचलन र पद्धतिले गर्दा यस्तो भन्नु परेको हो । बालबालिका कसूरदारका हकमा यो अवस्था अझ बढी संवेदनशील र गम्भीर हुन्छ । बाबु, आमा, परिवार र साथीहरुसँगको साथबाट अलग रहनु पर्ने, राज्य संयन्त्रको नियन्त्रणमा रहनु पर्ने, अन्य अपराधीहरुसँगै राखिएमा ती अपराधीहरुसँगको सङ्गतबाट प्रभावित हुनु पर्ने जस्ता कुराहरुले गर्दा कलिलो मनमष्तिस्कमा पर्ने नकारात्मक असरलाई सजिलै बुझ्न सकिन्छ । त्यसैले न्यायिक कारवाहीको प्रत्येक चरणमा कानून व्यवसायीको महत्वपूर्ण भूमिकालाई नकार्न सकिदैन । नेपालको संविधानले पनि आफुले रोजेको कानून व्यवसायीसँग पारमर्श र प्रतिरक्षा गर्न पाउने कुरालाई सुनिश्चित गरेको छ । बालिबालिका सम्बन्धी ऐन, २०४८ ले पनि कानून व्यवसायीको उपस्थिति विना बालबालिकाको मुद्दा कारवाही र किनारा गर्ने छैन भनि कानून व्यवसायीद्वारा बालबालिकाको मुद्दा प्रतिरक्षा गर्ने कुरालाई अझ बढी जोड दिएको छ । साथै अनुसन्धानको चरणमा कानून व्यवसायीको भूमिका अझ बढी महत्वपूर्ण हुन्छ । खास गरेर अनुसन्धानको चरणमा कानून व्यवसायीले देहायअनुसारको भूमिका खेल्नु पर्ने हुन्छः

- आरोपित बालबालिका वा निजको बाबु आमा वा संरक्षकले अनुसन्धानमा रहेको बालबालिकाको तर्फबाट सल्लाह वा सहयोग माग भएमा विना शुल्क पनि सल्लाह वा सहयोग उपलब्ध गराउने ।
- बालबालिकाको तर्फबाट प्रतिनिधित्वका लागि सम्बन्धित प्रहरी कार्यालय वा बालबालिकाको क्षेत्रमा कार्यरत कुनै संस्थाले अनुरोध गरेमा बालबालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।
- प्रतिवादी बालबालिकाको तर्फबाट प्रतिनिधित्व गर्दा देहायअनुसारका कुराहरुमा ध्यान दिनेः
  - » पक्राउ परेको बालबालिकालाई पक्राउ गर्नु परेको कारणसहितको जानकारी दिए नदिएको,
  - » पक्राउ परेको बालबालिकालाई निजको संवैधानिक र कानूनी हकको बारेमा निजले बुझ्ने भाषामा जानकारी गराए नगराएको,
  - » बालबालिकाको आमा, बाबु दुवैलाई वा कम्तिमा एकजनालाई र बाबुआमा नभए निजको

संरक्षकलाई बालबालिकाले गरेको कसूरका सम्बन्धमा सूचना दिएको छ वा छैन,

» पक्राउ परेको बालबालिकाको सरकारी अस्पताल वा चिकित्सकबाट शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गराएको छ वा छैन,
» पक्राउ परेको बालबालिकालाई पक्राउ परेको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराएको छ वा छैन,
» पक्राउ परेको २४ घण्टा नाघिसकेको अवस्था हो भने मुद्दा हेर्ने अधिकारीको अनुमति प्राप्त गरी थुनामा राखेको हो वा होइन ।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| (२) प्रकाउमा परेको व्यक्तिलाई पत्राउ परेको समय देखि नै आफूले रोजेको कानूनी व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । | *नेपालको संविधान २०७२ को धारा २०* |

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) कुनै बालकको विरुद्ध लगाइएको फौज्दारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाई वा किनारा गर्ने छैन ।<br>(२) उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १९ ।* |

बालबालिकालाई म्याद थप गर्नको लागि अदालतमा उपस्थित गराउँदा प्रतिरक्षी कानून व्यवसायीले अदालतमा उपस्थित भई बालकको प्रतिरक्षा गरिदिनु पर्दछ । बालकको प्रतिरक्षा गर्दा निम्न कुराहरुलाई ध्यान दिनु पर्दछः

१) बालकलाई नियन्त्रण/थुनामा राख्नु पर्ने अवस्था हो भने पनि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० मा उल्लिखित विकल्प प्रयोग गर्न उपयुक्त हुने अवस्था छ छैन,
२) बालकलाई बालमैत्री वातावरण प्रदान गरिएको अवस्था छ छैन,
३) बालकलाई चिकित्सक वा मनोसामाजिक परामर्श सेवा आवश्यक परेको स्थितिमा त्यस्तो सेवा उपलब्ध हुने व्यवस्था गरिएको छ वा छैन,
४) बालकको उमेर यकीन गर्नेतर्फ कारवाही भएको छ वा छैन,
५) बालकको शिक्षा तथा पारिवारिक एवं सामाजिक सम्पर्क यथावत कायम राख्नेतर्फ आवश्यक

कारवाही भएको छ वा छैन,

६) बालकको परिचयात्मक विवरण गोप्य राख्नु पर्ने हुँदा कारवाहीको प्रारम्भदेखि नै निजको परिचयात्मक विवरण गोप्य राख्ने कार्य भएको छ वा छैन,

७) पक्राउ गरेको बालकलाई बाटाका म्यादबाहेक २४ घण्टाभित्र अदालतमा उपस्थित गराउनु पर्नेमा सोअनुसार भएको छ वा छैन,

८) बालकलाई थुनामार नियन्त्रणमा राखेको भए वयस्कबाट अलग राखिएको छ वा छैन,

९) बालकलाई आफ्नो परिवारका सदस्यसँग भेटघाट गर्ने अवसर दिइएको छ वा छैन ।

**४.२ बालबालिकाको अदालतमा बयान, थुनछेक बहस र साक्षी परीक्षण हुँदा कानून व्यवसायीको भूमिका**

अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी आफ्नो राय प्रतिवेदन सरकारी वकीलसमक्ष पेश गरेपछि सङ्कलित सबुत प्रमाणको आधारमा सम्बन्धित बालबालिकाउपर मुद्दा चल्ने वा नचल्ने निर्णय सरकारी वकीलबाट हुन्छ । मुद्दा चल्ने निर्णय भएमा सरकारी वकीलबाट अभियोगपत्र तयार पारी मुद्दा अदालतसमक्ष पेश गर्ने गरिन्छ । सरकारी वकील कार्यालयबाट अदालतमा अभियोगपत्र पेश भएपछि पहिलो कारवाहीको रुपमा अदालतमा आरोपित बालबालिकाको बयान लिने कार्य हुन्छ । आरोपित बालबालिकाको बयान लिने कार्य सम्पन्न भएपछि निज बालबालिकाका हकमा मुद्दाको पुर्पक्षको आदेश गरिन्छ । पुर्पक्षको आदेश भन्नाले सामान्यतया सम्बन्धित अभियुक्तलाई मुद्दाको बाँकी कारवाहीका लागि थुनामै राखी पुर्पक्ष गर्ने वा धरौटसहित तारिखमा राखी पुर्पक्ष गर्ने वा बिना धरौटी तारिखमा राखी पुर्पक्ष गर्ने भन्ने हुन्छ । यसका लागि सम्बन्धित अदालतबाट पुर्पक्षको आदेश हुन्छ र आदेश हुनुभन्दा अगाडि सम्बन्धित अभियुक्तको तर्फबाट कानून व्यवसायीबाट बहस पनि सुन्ने गरिन्छ जसलाई थुनछेकको बहस पनि भन्ने गरिन्छ । बालबालिकाका हकमा पनि केही अपवादात्मक व्यवस्थासहित समान प्रक्रिया लागू हुन्छ । बालबालिका अभियुक्तका हकमा अभियोगपत्र पेश भएपछि अदालतमा बयान गराउँदा र थुनछेकको बहस गर्दा बालबालिकाको तर्फबाट उपस्थित हुने कानून व्यवसायीले देहायको कुराहरुमा विचार गरी प्रतिरक्षा सेवा उपलब्ध गराउनु पर्ने हुन्छः

१) बालबालिकालाई नेल हतकडी लगाइएको रहेछ भने सो लगाउन नपाइनेतर्फ इजलासको ध्यान आकर्षण गराउने,

२) बालबालिकाको बयान लिँदा अन्य सर्वसाधारणको पहुँचबाट अलग्गै इजलास वा च्याम्बरमा लिनु पर्नेतर्फ ध्यानाकर्षण गर्ने,

३) बालबालिकाको बयान लिने लगायत थुनछेकको सुनुवाई बन्द इजलासमा गर्नु पर्ने हुँदा सोबमोजिम नभएको भए त्यसतर्फ ध्यानाकर्षण गराउने,

४) बालबालिका संलग्न मुद्दामा बालबालिकाको बयान लिँदा र थुनछेक बहस हुँदासमेत बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९(१) मा उल्लेख भएदेखि बाहेकका अन्य व्यक्तिहरु उपस्थित हुन नपाउने हुँदा लेखिएबमोजिम बाहेकका अन्य व्यक्तिहरु उपस्थित भएको भए त्यसतर्फ ध्यानाकर्षण गराउने,

५) अदालतमा रहँदा बालबालिकाको उमेर सुहाउँदो सामग्रीहरु उपलब्ध गराई अदालती वातावरणमा उपस्थित भएको कारण पर्ने प्रतिकूल प्रभावबाट जोगाउन सम्बन्धित अधिकारीहरुको ध्यानाकर्षण गर्ने,

६) बालबालिकाको अदालतमा उपस्थिति रहुन्जेलसम्म उसको आधारभूत मानविय आवश्यकताहरु जस्तै पिउने पानी, शौचालय, बस्ने स्थान आदिको व्यवस्थाका निम्ति सम्वद्ध कर्मचारीको ध्यानकर्षण गराउने,

७) बालबालिकाको अदालतमा उपस्थिति हुँदा निजको बाबु, आमा, संरक्षक वा त्यस्तो बालबालिका बालकल्याण गृह वा अनाथालयमा बसेको भए सोको प्रतिनिधि पनि उपस्थित हुनु पर्नेतर्फ ध्यानाकर्षण गराउने,

८) अभियोगपत्र लगायतको मिसिलमा बालकको परिचयात्मक विवरण गोप्य राखिएको हुनु पर्नेतर्फ सजगता अपनाउने,

९) अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन दाखेल गरे नगरेको तर्फ विचार पुऱ्याई आवश्यकताअनुसार सो सम्बन्धमा कुरा उठाउने,

१०) बाल इजलासमा बस्ने व्यवस्था अनौपचारिक हुने तथा इजलासमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिक, समाजसेवी तथा न्यायाधीशसमेत सहभागी भई छलफलको माध्यमबाट सुनुवाई हुने हुँदा बालबालिकाको सर्वोत्तम हित हुने उपाय तथा उपचार इजलासलाई सुझाउने,

११) मुद्दाको पुर्पक्षका लागि थुनामा राख्न उपयुक्त हुने नहुनेतर्फ विचार गरी सम्बन्धित बालबालिकाको हित हुने किसिमले पुर्पक्षको आदेश हुनु पर्नेतर्फ इजलाससँग अनुरोध गर्ने,

१२) पुर्पक्षका निम्ति थुनामै राख्नु पर्ने अवस्थामा पनि कारागारमा नराखी बाल सुधार गृहमा राख्नु पर्ने व्यवस्था र सिद्धान्तप्रति इजलासको ध्यानाकर्षण गराउने,

१३) बालबालिकालाई पुर्पक्षको आदेश गर्दा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) को विकल्प प्रयोग गर्न इजलासलाई अनुरोध गर्ने तथा बालकको आमा बाबु तथा अभिभावकलाई पनि आफ्नो बालबालिकाको जिम्मा लिई सचेततापूर्वक कार्य गर्न उत्प्रेरित गर्ने,

१४) मिसिलको अध्ययनबाट बुझ्नु पर्ने देखिएका कागज, साक्षी, प्रमाण आदि सबै एकै चोटी बुझ्ने आदेश भएमा मुद्दा समयमै किनारा गर्न सहयोग पुग्ने हुँदा इजलासलाई उक्त कुराहरु उल्लेख गरी सहयोग गर्ने,

१५) बालबालिकाको तर्फबाट उपस्थित साक्षीको बकपत्र गराउने र बालबालिकाको विरुद्धमा उपस्थित साक्षीको जिरह गर्ने,

१६) साक्षी परीक्षणको क्रममा पीडितप्रति संवेदनशील हुने र पीडितलाई थप पीडा पुग्ने प्रश्न नसोध्ने,

१७) बालकको बयान क्रममा सोधिने प्रश्नका सम्बन्धमा संवेदनशील हुन कर्मचारीलाई आग्रह गर्ने ।

### ४.३ बहस पैरवी एवं पुनरावेदनको अवस्थामा कानून व्यवसायीको भूमिका

यस चरणमा निम्न कुराहरुमा ध्यान दिई बालबालिका अभियुक्तको प्रतिरक्षा गर्नु आवश्यक हुन्छः

१) कानून व्यवसायी अदालतको अधिकृत (Officer of the court) समेत हुने हुँदा वस्तुनिष्ठ आधारमा मिसिलबाट देखिएका तथ्यहरुको आधारमा बालबालिका अभियुक्तको प्रतिरक्षा गर्नु जरुरी हुन्छ । सत्य तथ्यमा आधारित बहस पैरवी गरी अदालतलाई पनि सहयोग गर्नु पर्दछ ।

२) गलत तथ्य उल्लेख गरी वा बालबालिकाको बारेमा प्रयाप्त जानकारी नराखी वा मिसिल पुरा अध्ययन नगरी इजलासमा प्रस्तुती वा प्रतिरक्षा गर्नु हुँदैन ।

३) बालबालिकाको सर्वोत्तम हित हुने गरी मुद्दामा बहस पैरवी गर्ने र बालबालिकाको हितमा रहेका कुरालाई वैपल्पिक जिकिरको रुपमा प्रस्तुत गर्ने र इजलासलाई पनि बालबालिकाको सर्वोत्तम हितमा फैसला गर्न उत्प्रेरित गर्ने ।

४) फैसला वा निर्णय भएपछि सो सुनी सोको मतलव र परिमाणसमेतको बारेमा बालबालिका र निजका अभिभावकलाई सम्झाउने बुझाउने ।

५) अदालतबाट भएको फैसला चित्त बुझ्ने अवस्था नभएमा फैसलाको नक्कल प्राप्त गरी बालबालिकाको तर्फबाट पुनरावेदन अदालतमा पुनरावेदन दर्ता गर्ने गराउने ।

६) मुद्दाको कारवाहीको क्रममा बालबालिकाको अहित हुने कुनै कुरा जस्तै बालकको परिचय खुल्ने गरी सञ्चार माध्यमहरुमा समाचार वा अन्य कुरा प्रकाशन वा प्रसारण भएमा बालकको तर्फबाट सो कुराको विरुद्ध बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २० अन्तर्गत सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने कुराको हेक्का राख्नु पर्दछ ।

उपरोक्त कुराहरुको अतिरिक्त संविधान, ऐन कानून, नियमावलीका सम्बन्धित धारा तथा दफाहरु र निम्न नजिरहरु पनि बहस पैरवी र पुनरावेदनको लागि जानकारीमा राख्नु उपयुक्त हुन्छः

| सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु | |
|---|---|
| उमेर परीक्षण गरी अस्पतालबाट लेखी आएको उमेरको तल्लो हदलाई कायम गरेको मनासिव नै देखिने । | *नेपाल सरकार वि. ख कुमार, जवरजस्ती करणी, सर्वोच्च अदालत बुलेटिन, २०६८, पूर्णाङ्क ४६२, पृ. १५, २०६४–CR–०३६२, फैसला मिति २०६८/४/३१ ।* |

| | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजायमा छुट दिएपछि पनि अ.बं. १८८ नं. अनुरुप सजाय घटाउन मिल्ने । | *२०६३ सालको फौ.पु.नं. ०१९०, नेपाल सरकार वि. नबिन भुजेल, फैसला मिति २०६७/१/१२* |
| धरौट मागिएकोमा सो दिन नसकेको भनी थुनाको विकल्पको रुपमा बाल सुधार गृहमा पठाउन नमिल्ने । | *च्याङ्वा स्याङतान वि. जिल्ला प्रशासन कार्यालय, २०६५ सालको रिट नं. ०००७, फैसला मिति २०६५/७/१८* |
| पुर्पक्षको लागि बालकलाई कारागारमा थुनामा राख्न नमिल्ने । | *बब्लु गोडियाको हकमा अधिवक्ता आशिष अधिकारी वि. बाँके जिल्ला अदालतसमेत, २०५८ सालको रिट नं. ३३९० फैसला मिति २०५७/१२/२* |
| कैदको सजाय पाएको बालबालिकालाई पनि कारागारमा थुनामा राख्न नमिल्ने । | *केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारी वि. जिल्ला अदालत धनकुटासमेत, २०५७ सालको रिट नं. ३६८५ फैसला मिति २०५८/१/२८* |
| बालबालिकाको मुद्दामा गोपनीयता कायम गर्नु पर्ने । | *सपना प्रधान वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, २०६४ सालको रिट नं. ३५६१, फैसला मिति २०६४/९/१०* |

| | |
|---|---|
| नाबालकमात्र भएको मुद्दा हेर्ने अधिकार बाल अदालतलाई मात्र हुने । नाबालकमात्र भएको केही सार्वजनिक अपराध मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्न नमिल्ने । | *सरोज राईको हकमा कल्याण के.सी. वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, २०६६ सालको रिट नं. ००२५, फैसला मिति २०६६ साल असोज २६ गते* |
| बालबालिकाको परिचय खुल्ने गरी संचार माध्यमहरुले प्रकाशन र प्रसारण गर्न नहुने । | नानु ढुङ्गाना विरुद्ध कान्तिपुर पब्लिकेशन प्रा.लि.का अध्यक्षसमेत २०६५ सालको स.फौ.द.नं. ०००३१, नि.नं. ३७६, फैसला मिति २०६६/१२/१३ |

# परिच्छेद ५

# बाल न्याय प्रणालीमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिक र समाजसेवी/सामाजिक कार्यकर्ताको भूमिका

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ मा उल्लेख भएबमोजिम बालबालिका वादी वा प्रतिवादी भएको मुद्दा हेर्न नेपाल सरकारले बाल अदालतको स्थापना गर्न सक्ने व्यवस्था रहेको छ । तथापि हालसम्म पनि बाल अदालतको गठन हुन नसकेकोले सोही ऐनको सोही दफा ५५ मा व्यवस्था भएअनुसार जिल्ला अदालतमा रहेको बाल इजलासले त्यस्ता मुद्दाहरु हेरी आएको छ। सोही ऐनको सोही दफा ५५ को उपदफा (४) मा उल्लेख भएअनुसार बाल इजलासमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकसमेत रहने व्यवस्था छ। यसैले बालबालिकासम्बन्धी ऐन, २०४८ लागू भएपछि बाल न्याय प्रणालीमा सामाजसेवीका रुपमा सामाजिक कार्यकर्ता र बालविशेषज्ञका रुपमा बालमनोवैज्ञानिकसमेत सहभागी हुने व्यवस्था कायम रहेको छ। बाल न्याय प्रणालीमा सामाजिक कार्यकर्ता र बालमनोवैज्ञानिकको भूमिका देहायअनुसार रहने देखिन्छः

## ५.१ बाल न्याय प्रणालीमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको भूमिका

बालबालिकाले कानूनविपरीतका कार्य गर्नुका पछाडि सामाजिक तथा मनोवैज्ञानिक कारणहरु हुन्छन् । यिनै कारण पत्ता लगाएर सोही आधारमा बालबालिकाको उपचार गरी भविष्यको सभ्य नागरिक निर्माण गर्नु नै बाल न्यायको प्रमुख उद्देश्य हो । यसै सन्दर्भमा बालबालिकाले कानून विपरीतका कार्य गर्नुका पछाडि रहेका मनोवैज्ञानिक कारणहरु पत्ता लगाई मनोवैज्ञानिक सुधारका उपायहरुको अवलम्बन गर्नु पर्ने मान्यताको विकास भएको छ। बाल न्यायको सन्दर्भमा मनोवैज्ञानिक सेवा अनिवार्य नै भएको छ।

नेपालको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ अनुसार कुनै पनि बालबालिकाले गरेको बिज्याँईको निप्टारा गर्न न्यायाधीशका अतिरिक्त सामाजिक कार्यकर्ता र बालमनोवैज्ञानिकसमेतलाई समावेश गर्ने गरी बाल इजलासको गठन गर्न सकिने व्यवस्था गरेको छ। बाल इजलासको क्षेत्राधिकारअन्तर्गत बालमनोवैज्ञानिकले बालबिज्याँईकर्ताको मनोवैज्ञानिक पक्षको लेखाजोखा गरी राय प्रतिवेदन न्यायाधीशसमक्ष बुझाउने कार्य गर्दछ। औपचारिक रुपमा बालबिज्याँईसम्बन्धी मुद्दाहरुको निप्टारामा इजलास सहयोगीको रुपमा बालमनोवैज्ञानिकको भूमिका तोकिएको भए तापनि समग्र बाल न्याय प्रणालीमा बालमनोवैज्ञानिकको भूमिका बृहत छ । औपचारिक रुपमा हालसम्म ६४ जिल्ला अदालतहरुमा आधारभूत तालीमप्राप्त

बालमनोवैज्ञानिकहरुको नियुक्ति भई बालबिज्याँईसम्बन्धी मुद्दाहरुको निप्टारा (Disposition) मा सहभागी भइरहेका छन् । कानूनको विवादमा परेका बालबालिकाहरुको मनोवैज्ञानिक पक्षको लेखाजोखा गरी उपचार गर्ने सन्दर्भमा अझ व्यापक दायरामा बालमनोवैज्ञानिकले कार्य गर्न सक्दछ । यस परिच्छेदमा बाल इजलासको सदस्यको रुपमा बालबिज्याँईसम्बन्धी मुद्दाको निप्टारा (Disposition) का क्रममा बालमनोवैज्ञानिकको भूमिकालाई प्रस्ट्याइएको छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (५) बाल इजलासको गठन विधिः नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गर्न सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५* |
| (१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ६* |
| (१) अधिकार क्षेत्रको प्रयोगः बाल अदालत वा बाल इजलासमा सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले सामूहिक रुपमा गर्नेछन् । तर, बाल इजलासमा समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको कामकारवाही अमान्य हुने छैन । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ११* |

५.१.१ **न्यायाधीशसमक्ष पेश गर्ने राय प्रतिवेदनको तयारी**ः बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो राय प्रतिवेदन तयारी गर्दा निम्न कार्यहरु गर्नु पर्ने हुन्छः

**(क) मिसिलको संक्षिप्त अध्ययन**

बाल न्याय प्रकृयामा सहभागी हुने बालमनोवैज्ञानिकले मिसिलको संक्षिप्त अध्ययनबाट बिज्याँईको प्रकृति, निजलाई लगाइएको आरोप र सजायको मागदावी, बालबालिका एवं साक्षीहरुले दिएको बयान साथै बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को अनुसूचीबमोजिम तयार पारिएको सामाजिक अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका बालमनोविज्ञानका विविध पक्षबारे आधारभूत जानकारी लिनु पर्दछ ।

**(ख) बालमैत्री कक्षमा बालबालिकासँग अन्तरक्रिया, मनोवैज्ञानिक पक्षको लेखाजोखा**

अदालतको बालमैत्री कक्षमा बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले बालबाललिकासँग अन्तरक्रियाको माध्यमबाट बालबिज्याँईको मनोवैज्ञानिक पक्ष र बालबिज्याँईमा पर्नुको मनोवैज्ञानिक कारण र बिज्याँईका कारण उब्जेका मनोवैज्ञानिक असरसम्बन्धी महत्वपूर्ण जानकारी हासिल गर्ने साथै ती असरहरुलाई

सामान्यिकरण (Normalization) गर्न प्राथमिक उपचार दिन सक्दछन् ।

- कानूनको विवादमा परेका बालबालिकालाई अभिवादनसहित आफ्नो परिचय र कामको बारेमा प्रस्ट जानकारी गराउनु पर्छ र आफ्नो भूमिका निजको सर्वोत्तम हितप्रति लक्षित छ भन्ने कुरा विश्वस्त पार्नु पर्दछ ।
- छलफलका क्रममा कानूनको विवादमा परेका बालबालिका र बालमनोवैज्ञानिक बस्ने स्थान एकै किसिमको हुनु पर्छ । बालबालिका उभिने र बालमनोवैज्ञानिक कुर्सिमा बस्ने गर्नु हुँदैन ।
- कानूनको विवादमा परेको बालबालिकासँग गरेका सबै कुरा गोप्य रहनेबारे विश्वस्त तुल्याउनु पर्छ । तर कुनै सम्बन्धित निकायलाई बालबालिकाको हितको निम्ति आवश्यक जानकारी दिनु परेमा बालबालिका तथा निजको अभिभावकको पूर्व सूचित सहमति (Prior Informed Consent) लिएरमात्र सो सूचना दिन सकिने कुरा स्पष्ट बताई दिनु पर्दछ ।
- अनौपचारिक कुराकानीका माध्यमबाट न्यानो सम्बन्ध स्थापित (Rapport Build up) गर्नु पर्दछ ।
- सञ्चारका आधारभूत सीपहरु जस्तै शव्दान्तरण (Paraphrasing), भावनाको प्रतिविम्बन (Reflection of feeling), भाव पुनरावृत्ति (Repetition of feeling), शारांश (Summarization) र मौखिक तथा अमौखिक सञ्चारका सीपहरु (SOLER) तथा सञ्चारका उच्चतम् सीपहरु जस्तै जानकारी दिनु (Providing information), स्वउजागर (Self discloser), चुनौती दिनु (Challenging), पृष्ठपोषण (Feedback), मनोशिक्षा (Psycho education), विशिष्ट अनुभूति (Advance Empathy), अर्थको प्रतिविम्बन (Reflection of Meaning) आदिको प्रयोग गरी अन्तरक्रिया र अवलोकनको माध्यमबाट बालबिज्याँईमा पर्नुको मनोवैज्ञानिक कारणहरुको पहिचान गर्नु पर्दछ ।
- बालबालिकाका सवल पक्ष र दुर्वल पक्षको लेखाजोखा गर्नु पर्दछ ।
- बालबालिकाले प्रयोग गर्दै आएका सामनाका रणनीतिहरुको (Coping Strategy) को लेखाजोखा र वर्गिकरण गर्नु पर्दछ ।
- आवश्यकताअनुसार दुष्चिन्ता (Anxiety), विषाद (Depression), आत्मसम्मान (Self Steem) आदिको लेखाजोखा गर्नु पर्दछ ।
- बालबिज्याँई परिस्थितिजन्य (Situational) कारण वा प्रवृतिगत (Temperamental) कारणबाट निम्तेको निर्क्योल गरी विस्तृत रुपमा टिपोट गर्नु पर्दछ ।
- बालबालिकाको बुद्धि (IQ) को विकास, संज्ञानात्मक विकास (Cognitive Development) र नैतिक विकास (Moral Development) र सामाजिक विकास (Social Development) उमेर सुहाउँदो भएको नभएको निर्क्योल गर्नु पर्दछ ।
- बिज्याँईका कारण उब्जेका पश्चाताप, लज्जाबोध, आत्मग्लानी, हिनताबोध, बदलाको भाव जस्ता भावहरुको पहिचान गर्नु पर्दछ ।

- बिज्याँई पुनरावृती (Recidivism) गराउन सक्ने जोखिम तत्व (Risk Factor) र बिज्याँई गर्न बाट जोगाउने संरक्षणात्मक तत्वहरु (Protective Factors) उचित आँकलन गर्नु पर्दछ ।
- बिज्याँईका कारण उब्जेका मनोसामाजिक असरहरु जस्तै डर, त्रास, संकोच, हतोत्साह, दवाव (Stress), आघात (Trauma), आत्महत्याका विचार (Suicidal Ideation) आदिको पहिचान गरी संवेगात्मक सहयोग (Emotional Support) र प्राथमिक मनोवैज्ञानिक सहयोग (Psychological First Aid) सेवा तत्काल उपलब्ध गराउनु पर्दछ ।
- बालबालिकाका तत्काल सम्बोधन गरिनु पर्ने मनोवैज्ञानिक आवश्यकताहरुको सूची तयार गर्नु पर्दछ ।

**(ग) अभिभावकसँग छलफल**

कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितको प्रतिकूल हुने अवस्थामा बाहेक सुनुवाईका क्रममा बालबालिका अभिभावक वा आमाबाबु उपस्थित भएको अवस्थामा बालमनोवैज्ञानिकले आवश्यकताअनुसार सुनुवाई अघि वा पछि बालबालिकाको अभिभावकसँग छलफल गरी निम्न कुराहरुका बारे थप जानकारी लिनु पर्दछ ।

- विकासात्मक चरणहरु (Developmental Landmarks) का बारेमा जानकारी लिनु पर्दछ ।
- बालबालिकाको परिवारप्रतिको अवधारणा, परिवारका सदस्यहरु सँगको सम्बन्ध र आशक्ति (Attachment) का बारेमा जानकारी लिनु पर्दछ ।
- बिज्याँई गर्नु अघि र पछिको आचरणको बारेमा जानकारी लिनु पर्दछ ।
- बालबालिकाको बुद्धिको तह (तीक्ष्ण, सामान्य, मन्द) के कस्तो रहेको छ सोको बारेमा जानकारी लिनु पर्दछ ।
- बालबालिकाका संवेगात्मक विकास (Emotional Development), नैतिकताको विकास (Moral Development), संज्ञानात्मक विकास (Cognitive Development) र सामाजिक विकास (Social Development) उमेर सुहाउँदो भएको नभएको बारे जानकारी लिनु पर्दछ ।
- संवेगात्मक प्रदर्शन (Emotional Expression) का विशेषताहरुको बारेमा जानकारी लिनु पर्दछ ।
- अभिप्रेरणात्मक तत्वहरु (Motivational Factors) – रुचि, अभिरुचि, चासो, भविष्यका योजना आदिका बारेमा जानकारी लिनु पर्दछ ।
- सवल पक्ष एवं दुर्वल पक्षहरुको जानकारी लिनु पर्दछ ।
- बालबालिकाको उचित संरक्षणका लागि परिवार, समुदाय या सेवा प्रदायक संस्थाहरुको उपलब्धता रहे नरहेको बारे जानकारी लिनु पर्दछ ।

- बालबालिकाले गरेको बिज्याँईको मनोवैज्ञानिक कारणहरु र बिज्याँईमा परेका कारणले बालबालिकामा देखा पर्न सक्ने मनोवैज्ञानिक असरहरु र ती असरहरुको निराकरणका लागि परिवारको दायित्यबारे मनोशिक्षा प्रदान गर्नु पर्दछ ।

(घ) **बहस क्रममा मुख्यमुख्य बुदाँहरुको टिपोट**

बाल इजलासमा सरकारी वकील र कानूनको विवादमा परेका बालबालिकाको प्रतिरक्षी कानून व्यवसायीले गरको बहस पैरवीका महत्वपूर्ण कुराहरु जस्तै कसूरको गाम्भीर्यता, प्रतिरक्षी कानून व्यवसायीले कम सजाय हुनु पर्ने वा सजाय नै नहुनु पर्ने जिकिरका सन्दर्भमा लिइएका आधारहरु, मागदावीबमोजिमको सजाय हुनु पर्ने भनी गरिएका बहसका आधार र कारणहरु  टिपोट गर्नु पर्दछ ।

(ङ) **प्राप्त जानकारीका आधारमा राय प्रतिवेदन तयार गर्ने र न्यायाधीशसमक्ष बुझाउने**

बालमनोवैज्ञानिकले मिसिल अध्ययनबाट प्राप्त जानकारी, बालमैत्री कक्षमा बालबालिकासँग अन्तरक्रिया एवं अवलोकनद्धारा प्राप्त बिज्याँईको मनोवैज्ञानिक पक्षहरुको लेखाजोखा गरी सुधारसम्बन्धी आवश्यक मनोसामाजिक हस्तक्षेपका उपायहरुसमेत समेटी राय प्रतिवेदन तयार गरी न्यायाधीशसमक्ष बुझाउनु पर्दछ । (राय प्रतिवेदनको ढाँचा अनसूचि २ मा हेर्नुहोस्)

बिज्याँईका कारण कुनै मनोसामाजिक समस्याहरु उब्जेको भए तत्काल संवेगात्मक सहयोग (Emotional Support) र प्राथमिक मनोवैज्ञानिक सहयोग (Psychological First Aid) सेवा तत्काल उपलब्ध गराउनु पर्दछ । यहि निरन्तर परामर्श सेवा आवश्यक भए विशेषज्ञ कहाँ सिफारिस गर्नु पर्दछ । बालबिज्याँईकर्ता र अभिभावकसँगको छलफलबाट मात्र सङ्कलित सूचना कहिलेकाही पर्याप्त नहुन सक्दछ । यस्तो अवस्थामा बालमनोवैज्ञानिकले बालबालिकाको घरपरिवारका सदस्यहरु, छरछिमेकी, दौतरीहरु, विद्यालयका शिक्षकहरु आदिसँग पनि भेटघाट एवं अन्तरक्रिया गरी आवश्यक सूचना सङ्कलन गर्नु पर्ने हुन सक्दछ । सामाजिक कार्यकर्ताले सङ्कलन गरेका सूचनाहरु पनि आवश्यकताअनुसार बालमनोवैज्ञानिकले प्रयोग गर्नु पर्ने हुन सक्दछ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (२) समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन् । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३, नियम ११* |

| | |
|---|---|
| (३) राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३, नियम ११* |
| (६) सोधपुछ गर्दा बालकसँगै निजका बाबुआमा, संरक्षक वा कानून व्यावसायी बस्न सक्नेछन् । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १२* |

### ५.१.२ कसूरको अभियोग लागेको बालबालिकाको सन्दर्भमा मनोविमर्श सेवा उपलब्ध गराउने

**(क) प्रहरी कार्यालयमा**

कुनै कसूरको अभियोग लागि प्रहरीको नियन्त्रणमा रहेको अवस्थामा बालबालिकाहरुमा डर, त्रास, दुश्चिन्ता (Anxiety), दवाव (Streess), आधात (Trauma) जस्ता मनोसामाजिक समस्या देखिन सक्दछ । आफू प्रहरीको नियन्त्रणमा रहेको अवस्थामा बालबालिकालाई दुरगामी नकारात्मक मनोवैज्ञानिक प्रभाव पर्न सक्छ । प्रहरीको नियन्त्रणमा रहँदा आफूले गरेको बिज्याँईको कारण र हुन सक्ने दण्डसजायको भय, सामाजिक लाञ्छनाको भय, लज्जाबोध, हीनताबोध जस्ता नकारात्मक संवेगहरुबाट ग्रसित हुने सम्भावना हुन्छ । यस्तो अवस्थामा बालबालिकाहरुलाई तत्काल मनोसामाजिक राहत प्रदान गरी मानसिक तनावबाट सामान्य अवस्थामा फर्काउन मनोविमर्श सेवा प्रदान गर्न सक्दछ ।

**(ख) बाल सुधार गृहमा**

संस्थागत सुधारका लागि बाल सुधार गृहमा राखिने बालबाललिकाहरुलाई मनोसामाजिक स्याहारको अत्यन्तै जरुरी हुन्छ । परिवार साथीभाइबाट अल्लगिएर बाल सुधार गृहको नियन्त्रित वातावरणमा बस्नु पर्दा बालबालिकामा थप मनोसामाजिक समस्याहरु उब्जन सक्छन् । तसर्थ त्यस्ता समस्याहरु उब्जन नदिन वा उब्जिएका समस्याहरुलाई निराकरण गर्न बालमनोवैज्ञानिकहरुले नियमित मनोविमर्श सेवा प्रदान गर्न सक्दछन् ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्न, मनोविमर्श सेवा, कानूनी सहायता तथा बाल सुधारसम्बन्धी सेवाहरु निजलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संस्थाको छुट्टाछुट्टै रुपमा जिल्ला बालकल्याण समितिले तयार गर्नु पर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २१* |

### ५.२ नेपालको बाल न्याय प्रणालीमा समाजसेवी वा सामाजिक कार्यकर्ताको भूमिका

बालबालिकाहरुले गर्ने कानून विपरीतको कार्य धेरै जसो सामाजिक प्रकृतिका हुन्छन् । प्रायः गरिवी, लागूऔषध सेवन, पारिवारिक विखण्डन जस्ता अप्ठ्यारा परिस्थितिहरुको सामना गरिरहेका परिवारमा हुर्केका तथा शिक्षाबाट वञ्चित भएका बालबालिकाहरु कानूनसँग विवादमा पर्ने गरेका हुन्छन । पारिवारिक झैझगडा तथा उचित रेखदेख तथा स्याहारको कमि, साथीभाईहरुको गलत सङ्गत, अश्लील यौनजन्य सामग्रीहरुमा सहज पहुँच जस्ता कारणहरुले पनि बालबालिकाहरु बिज्याँईतर्फ उन्मुख हुन सक्दछन् । कानूनको सम्पर्कमा आउने यस्ता बालबालिकाहरुलाई सुधार गर्नु र पुनः बिज्याँईमा पर्न सक्ने परिस्थितिलाई न्युनिकरण गर्नु नै बाल न्यायको मुख्य उद्देश्य हो । बालअधिकारसम्बन्धी महासन्धिको धारा ४० मा उल्लेख गरिएअनुसार कानूनसँग विवादमा परेका हरेक बालबालिकाहरुप्रति उनीहरुको "समाजमा सिर्जनात्मक भूमिका रहने गरी उनीहरुको पुनर्स्थापना प्रवर्धनको चाहना" लाई ध्यानमा राखी व्यवहार गर्नु पर्ने हुन्छ । न्यायिक प्रक्रियाको सिलसिलामा हरेक बालबालिका र निजको परिवारलाई सिलसिलावद्ध सहयोग उपलब्ध गराइनु पर्छ र छुटकारापश्चात् पनि यस्ता सहयोगहरु आवश्यक हुन्छ ।

कानूनतः नेपालको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(५) ले बाल इजलासको गठनसम्बन्धी व्यवस्था र सोहि दफाको उपदफा (४) बमोजिम बाल इजलासको गठन विधिअन्तर्गत न्यायाधीशको अतिरिक्त समाजसेवी[१] र बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको छ । त्यस्तै बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ६ ले बाल इजलासको गठन विधिअन्तर्गत न्यायाधीशका अतिरिक्त समाजसेवी र बालमनोवैज्ञानिकलाई समावेश गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । सोहि नियमावलीको नियम ११ अन्तर्गत बालबिज्याँईसम्बन्धी मुद्दाको निप्टारा (Case Disposition) गर्दा बाल इजलासको सदस्यको रुपमा समाजसेवीले लिखित राय प्रतिवेदन तयार गरी न्यायाधीशसमक्ष पेश गर्नु पर्ने भूमिका तोकेको छ । त्यस्तै बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २१ मा कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्न वा अन्य बाल सुधारसम्बन्धी सहयोगका लागि सेवा प्रदायक संस्था वा व्यक्तिका रुपमा सूचीकृत भई सामाजिक कार्यकर्ताले कार्य गर्न सक्ने बाटो पनि खोलिदिएको छ ।

---

१ दफा ५५(५) ले बाल इजलासको गठनसम्बन्धी व्यवस्था र सोहि दफाको उपदफा (४) मा समाजसेवी भन्ने शव्द प्रयोग भएको भए तापनि यस शव्दले सामाजिक कार्यकर्ता भन्ने जनाउँछ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (५) नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गर्न सक्नेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५* |
| (१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ६* |
| (१) बाल अदालत वा बाल इजलासमा सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले सामूहिक रुपमा गर्नेछन् । तर, बाल इजलासमा समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको कामकारवाही अमान्य हुने छैन ।<br>(२) समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन् ।<br>(३) राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ११* |

५.२.१ **न्यायाधीशसमक्ष पेश गर्ने राय प्रतिवेदनको तयारी**ः सामाजिक कार्यकर्ताले आफ्नो राय प्रतिवेदन तयारी गर्दा निम्न कार्यहरु गर्नु पर्ने हुन्छः

**क. संक्षिप्त मिसिल अध्ययन**

फौजदारी कानूनको उल्लघनसम्बन्धी तयार पारेको घटनाको केस फाइल (Case file) लाई अदालती भाषामा मिसिल भनिन्छ। उक्त मिसिलमा जाहेरीकर्तादेखि प्रहरीको अनुसन्धानसहितको प्रारम्भिक प्रतिवेदन, बालबालिकाले गरेको बयान, प्रमाण, उमेर खुलेको वा नखुलेको, मुद्दाको अभियोजन र मागदावी, आरोपको विषय र सामाजिक अध्ययन प्रतिवेदनहरु मिसिलमा रहेको हुन्छ । सामाजिक कार्यकर्ताले मिसिलको अध्ययनबाट यी माथि खुलाइएका तथ्यहरुका बारेमा जानकारी लिनु पर्ने हुन्छ र सामाजिक कार्यकर्ताले पनि सो मिसिलको संक्षिप्त अध्ययन बाल इजलासमा मुद्दाको सुनुवाई शुरु हुनु अगावै गर्नु पर्छ ।

सामाजिक कार्यकर्ताले मिसिलको संक्षिप्त अध्ययन गर्दा ध्यान दिनु पर्ने कुराहरुः

- घटनाको संक्षिप्त जानकारी,
- बालबालिकाउपर लगाइएको आरोप/सजायको मागदावी,

- बालबालिकाले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान,
- सेवा प्रदायक संस्था वा व्यक्तिले तयार पारेको सामाजिक अध्ययन प्रतिवेदनको समिक्षा गर्ने ।

**ख. कानूनसँग विवादमा परेका बालबालिकासँग छलफल**

सामाजिक कार्यकर्ताले कानूनको विवादमा परेका बालबालिकासँग बिज्याँईमा पर्नुको मुख्य कारणहरु र यससँग सम्बन्धित समस्याहरुको पहिचान गर्नु पर्ने हुन्छ । यसका लागि सामाजिक कार्यका मूल्य मान्यता, आचारसंहिता र सिद्धान्तहरुलाई आत्मसात गर्दै सामाजिक कार्यको अभ्यास गर्नु पर्दछ । जव सामाजिक कार्यकर्ताले कानूनको विवादमा परेका बालबालिकासँग अदालतको बालमैत्री कक्षमा राय प्रतिवेदन तयार गर्ने क्रममा भेट्दछ, सामाजिक कार्यका विभिन्न सीप र ज्ञानको प्रयोग गरेर उक्त बालक वा बालिकाबाट आवश्यक सम्पूर्ण जानकारी लिनु पर्ने हुन्छ । कानूनको विवादमा परेका बालबालिकासँग छलफल गर्दा निम्न कुराहरुलाई ध्यानमा राख्नु पर्दछः

- कानूनको विवादमा परेका बालबालिका र सामाजिक कार्यकर्ता बस्ने स्थान एकै किसिमको हुनु पर्छ । (सामाजिक विमर्शका बेला बालबालिका उभिने र सामाजिक कार्यकर्ता कुर्सिमा बस्ने गर्नु हुँदैन)
- बालबालिकाहरुसँग अभिवादनसहित आफ्नो परिचय र कामको बारेमा प्रस्ट जानकारी गराउनु पर्छ ।
- परिचय गर्दा आफू बालबालिकाको सहयोगीको रुपमा प्रस्तुत हुने र कार्यकर्ताले आफ्नो भूमिका बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child) प्रति लक्षित छ भन्ने विश्वास दिलाउन सक्नु पर्छ ।
- सामाजिक कार्यकर्ताले कानूनको विवादमा परेको बालबालिकासँग गरेका सबै कुरा गोप्य रहनेबारे विश्वस्त दिलाउनु पर्छ तर कुनै सम्बन्धित निकायलाई बालबालिकाको हितको निम्ति आवश्यक जानकारी दिनु परेमा बालबालिका तथा निजको अभिभावकको पूर्व सूचित सहमति (Prior Informed Consent) लिएरमात्र दिइने कुरा स्पष्ट बताई दिनु पर्छ ।
- बालबालिकासँग छलफल गर्दा विशेष गरी सम्बन्ध निर्माण (Relationship building), अवलोकन (Observation), सुनाई (Listening) र अन्तर्वार्ता (Interview) जस्ता सीपहरुको समग्र रुपमा प्रयोग गर्नु पर्दछ । त्यसै गरी सञ्चारका सीपहरुको प्रयोग पनि गर्नु पर्दछ । विशेष गरी बन्द प्रश्न (Close-ended questions) र खुल्ला प्रश्न (Open-ended questions) को प्रयोग अनि शब्दानातरण (Paraphrasing) र संक्षेपीकरण (Summarising) लाई जोड दिनु पर्छ ।
- बालबालिकाको आत्मसम्मानलाई ध्यानमा राखी उसका विचारलाई कदर गर्नुको साथै अर्थपूर्ण सहभागितालाई विशेष जोड दिनु पर्छ । यसो गर्नाले बालबालिकाको विस्वास जित्न मद्दत मिल्छ जसले गर्दा बालबालिकासँग Rapport Building तथा सम्बन्ध निर्माण (Relationship Building) गर्न निकै सजिलो हुन्छ । राम्रो सम्बन्ध स्थापना गरिसकेपछि मात्र बालबालिकासँग छलफल गर्न र आवश्यक जानकारी प्राप्त गर्न सकिन्छ ।

- बालबालिकासँग भेटघाट वा कुराकानीका लागि सामाजिक कार्यकर्ताले बालबालिकाको स्थिति बुझ्न अवलोकनको सीप प्रयोग गर्न सकिन्छ । दुःख, रिस, आत्मग्लानी, निराशापन, पश्चाताप जस्ता भाव बालबालिकाको अनुहार र हाउभाउमा प्रष्टै देख्न सकिन्छ। यस्ता जानकारीका लागि सामाजिक कार्यकर्ताले अवलोकनको सीप प्रयोग गर्नु पर्दछ ।
- बालबालिकाले के भन्न खोजेको कुरा सामाजिक कार्यकर्ताले ध्यानपूर्वक सुन्नु पर्दछ । बालबालिकाले कुरा भनिरहेको बेला बीचैमा काट्ने, अनावश्यक प्रश्न गर्ने, ध्यान अन्तै केन्द्रीत गर्ने, मोवाइल चलाउने वा अरुसँग कुरा गर्ने जस्ता क्रियाकलाप गर्नु हुँदैन । बालबालिकाको कुरा धैर्यतापूर्वक सुन्ने, बीचबीचमा शव्दान्तरण (Paraphrasing) तथा संक्षेपिकरण गर्नु पर्दछ ।
- कुराकानी वा अन्तर्वार्ताको क्रममा बालबालिकासँग सभ्य, शिष्ट, बालबालिका सुहाउँदो भाषा प्रयोग गर्नु पर्छ । अंग्रजी भाषाको प्रयोग सकेसम्म गर्नु हुँदैन ।
- बालबालिकाले खाएका/नखाएको सुतेका/नसुतेको तथा अन्य तत्कालिन भोगिरहेको समस्याहरु (मानसिक, समाजिक, शारीरिक) को बारेमा जानकारी लिनु पर्छ ।
- बालबालिका तत्कालिन बसेको ठाँऊ (बाल सुधार गृह वा अन्य संस्थागत संरक्षण) मा केहि समस्याहरु भए सोको जानकारी लिनु पर्छ ।
- बालबालिकाको घरको ठेगाना, उमेर र पारिवारिक पृष्ठभूमि, पारिवारिक संख्या, परिवारका सदस्यहरुको पेशाबारे केन्द्रित हुनु पर्छ ।
- शैक्षिक पृष्ठभूमि तथा स्कुल छाडेको भए सोको कारणबारे विस्तृत जानकारी लिनु पर्छ ।
- साथिसंगतको पृष्ठभूमि, अभिरुची तथा साथीभाइहरुमध्ये कोहि बिज्याँईमा परेको वा नपरेको बारेमा विस्तृत जानकारी लिनु पर्छ ।
- बालबालिकाको वर्तमान स्वास्थ्य स्थिति, अभिरुची, चाहना र भविश्यको लक्ष्य, पारिवारसँग सम्पर्क भएको नभएको बारेमा जानकारी लिनु पर्छ ।
- बिज्याँईबारे जानकारी लिँदा उक्त घटना के कसरी भएको हो, सोको बारेमा अप्रत्यक्ष कुराकानीमार्फत् विस्तृत जानकारी लिनु पर्दछ । यस प्रकारको जानकारी लिन बालबालिकासँग कुराकानी गर्दा प्रत्यक्षभन्दा अप्रत्यक्ष रुपमा गर्नु पर्छ जस्तै तिमीले त्यो घटना घटाएको हो ? त्यसो किन गर्‍यौ? त्यसो गर्न हुन्छ? भन्ने जस्ता प्रत्यक्ष रुपमा सोधपुछ गर्न हुँदैन । यस्तो प्रत्यक्ष प्रश्नले बालबालिकाहरुमा डर र त्रासको उत्पन्न भई बालबालिकाले घटनाको यथार्त जानकारी नभन्न सक्छन् ।
- बिज्याँईका कारण उत्पन्न समस्याहरु भए आवश्यकताअनुसार परामर्श सेवा दिनु पर्दछ । थप मनोसामाजिक परामर्शको आवश्यक भए मनोसामाजिक परामर्शकर्ता कहाँ सिफारिस गर्नु पर्दछ ।

**ग. सरकारी वकील र प्रतिरक्षी कानून व्यवसायीले गरेका बहसका मुख्य मुख्य बुँदाहरुको टिपोट**

सुनुवाईको क्रममा सरकारी वकील र बालकको तर्फबाट प्रतिरक्षी कानून व्यावसायीले बहस पैरवीका क्रममा उठाएका महत्वपूर्ण बुँदाहरु सामाजिक कार्यकर्ताले टिपोट गर्नु पर्दछ । बालबालिकासम्बन्धी ऐन,

२०४८ को दफा ५०(२) अनुसार सजाय स्थगन गर्नु पर्ने वा नपर्ने सम्बन्धमा छलफल नभएमा सामाजिक कार्यकर्ताले संक्षिप्त रुपमा आफ्ना जिज्ञासाहरु राख्न सक्दछन् ।

**घ. बालबालिकाको अभिभावकसँग छलफल⁄विमर्श**

कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितको प्रतिकूल अवस्थामा बाहेक सुनुवाईका क्रममा निजका आमाबाबु तथा अन्य वैधानिक अभिभावक उपस्थित हुन सक्ने व्यवस्था बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १२(६) गरेको छ । यसरी उपस्थित बालबालिकाको अभिभावकसँग सुनुवाईपश्चात् वा सुनुवाई अगावै बालबालिकाको निम्न विषयमा छलफल गर्नु पर्ने हुन्छः

- आचरण,
- अभिरुचि,
- पढाईको स्थिति,
- घटनापश्चात् बालबालिकाप्रति परिवारजनको धारणा,
- उचित परिवारिक हेरचाह, स्याहार, संरक्षण पाएको नपाएको
- परिवारका सदस्यहरुको एकआपसको सम्बन्ध, झैझगडा, बेमेल, हिंसा हुने गरेको नगरेको,
- आर्थिक अवस्था जस्तै खान पुग्ने नपुग्ने, पेशा, बालबालिकाका आधारभूत आवश्यकता पूर्ति गर्न सक्ने वा नसक्ने,
- परिवारप्रति बालबालिकाको धारणा,
- बालबालिकालाई परिवारले जिम्मा लिने/नलिने स्थिति,
- अभिभावक वा विद्यालयको जिम्मामा छाडिदिँदा आउन सक्ने जोखिमहरु,
- पुर्नबिज्याँईमा पर्न सक्ने सम्भावनाहरु,
- बालबालिकाको संरक्षणको लागि स्थानीय तहमा (घर, टोल छेउमा) कार्यरत सेवा प्रदायक संस्थाहरु र ती व्यक्ति वा संघसंस्थाहरुले बालकको सम्बन्धमा पुऱ्याउन सक्ने सेवाहरुको विवरण ।

(ङ) **प्राप्त जानकारीका आधारमा राय प्रतिवेदन तयार गर्ने र न्यायाधीशसमक्ष बुझाउने**

सामाजिक कार्यकर्ताले मिसिलको अध्ययनबाट प्राप्त बिज्याँईसम्बन्धी जानकारी, बालमैत्री कक्षमा बालबालिकासँग अन्तरक्रिया एवं अवलोकन क्रममा प्राप्त भएका सूचना, अभिभावक वा संरक्षकसँगको छलफलबाट प्राप्त थप जानकारीलाई आधारमा सुधारका उपायहरुसमेत समेटी राय प्रतिवेदन तयार गरी न्यायाधीशसमक्ष बुझाउनु पर्दछ । (राय प्रतिवेदनको ढाँचा अनसूचि २ मा हेर्नुहोस्)

बालबिज्याँईकर्ता वा अभिभावकसँग मात्र प्राप्त जानकारी सूचनाहरु पर्याप्त नहुन सक्दछ । यस्तो अवस्थामा सामाजिक कार्यकर्ताले बालबिज्याँईकर्ताको घरपरिवारका सदस्यहरु, छरछिमेकी, दौतरीहरु, विद्यालयका शिक्षक आदिसँग पनि भेटघाट एवं अन्तरक्रिया गरी आवश्यक सूचना सङ्कलन गर्नु पर्ने हुन सक्दछ ।

(राय प्रतिवेदनको ढाँचा अनसूचि ३ मा हेर्नुहोस्)

| कानूनी व्यवस्थाः | |
|---|---|
| (२) समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन् ।<br>(३) राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३, नियम ११* |
| (६) सोधपुछ गर्दा बालकसँगै निजका बाबुआमा, संरक्षक वा कानून व्यावसायी बस्न सक्नेछन् । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १२* |

### ५.२.२ सामाजिक अध्ययन प्रतिवेदनको तयारी

अदालतलाई कानूनको विवादमा पर्ने बालबालिकाको पृष्ठभूमिसम्बन्धी जानकारी उपलब्ध गराउनका लागि सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । यो प्रतिवेदनमा बालबालिकाको पारिवारिक अवस्था, स्वास्थ्य, साथीसंगती, शिक्षाको अवस्था जस्ता समग्र पक्षसँगैसँगै बालबालिकाका विशेष समस्या तथा सवल पक्षहरू औँल्याइएका हुन्छन् जसले गर्दा कसूरको प्रत्युक्तिका सन्दर्भमा सबैभन्दा उचित कारवाही प्रक्रिया निर्धारण गर्न सघाउ पुगोस् । साथसाथै, न्यायिक प्रकृयाको जुनुसुकै चरणमा दिशान्तर प्रकृयामा लानु पर्ने बालबालिकाका सन्दर्भमा पनि यो प्रतिवेदन अझ बढी उपयोगी हुन्छ । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को अनुसूचीमा सामाजिक अध्ययन प्रतिवेदनको ढाँचा तोकिएको छ । यस नियमावलीको नियम ४(छ) ले अनुसन्धान वा तहकिकातको क्रममा नै अनुसन्धान अधिकारीले यस्तो सामाजिक अध्ययन प्रतिवेदन सेवा प्रदायक संस्था वा व्यक्तिलाई तयार गरिदिन अनुरोध गर्ने व्यवस्था छ । सेवा प्रदायक व्यक्तिका रुपमा सामाजिक कार्यकर्ताले बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न सक्दछ ।

सामाजिक कार्यकर्ताले कानूनको विवादमा परेका बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्दा निम्न कार्यहरु गर्नु पर्दछः

(क) **बालबिज्याँईकर्तासँग छलफल तथा कुराकानीः** सामाजिक अध्ययन प्रतिवेदन तयारीका क्रममा बालबिज्याँईकर्तासँग छलफल तथा कुराकानीका आधारमा सूचना लिँदा सामाजिक कार्यकर्ताले न्यायाधिशसमक्ष पेश गर्नु पर्ने राय प्रतिवेदनको ढाँचा (अनुसूची ३) को खण्ड (ख) अनुशरण गर्ने ।

(ख) **परिवार भ्रमणः** बालबिज्याँईकर्ताको पारिवारिक विवरण लिँदा निजका परिवारसँग छलफल गरी सूचनाहरु लिँदा निम्न कुराहरुमा ध्यान दिनु पर्दछः

- अभिवादनसहित आफ्नो परिचय र कामको बारेमा प्रस्ट जानकारी गराउनु पर्छ ।

- बिज्याँईमा पर्नुको कारणमा पारिवारिक पृष्ठभूमिको भूमिका रहेको नरहेको एकीन गर्ने ।
- उचित परिवारिक हेरचाह, स्याहार, संरक्षण पाएको नपाएको एकीन गर्ने ।
- परिवारका सदस्यहरुको एकआपसको सम्बन्ध, झैझगडा, बेमेल, हिंसा हुने गरेको नगरेको,
- आर्थिक अवस्था जस्तै खान पुग्ने नपुग्ने, पेशा, बालबालिकाका आधारभूत आवश्यकता पूर्ति गर्न सक्ने वा नसक्ने ।
- छरछिमेक, नातागोता तथा समाजका अन्य व्यक्तिहरुसँगको सम्बन्ध,
- बालबिज्याँइकर्ताप्रतिको दृष्टिकोण, पारिवारिक जिम्मा लिन सक्ने नसक्ने, पुर्नबिज्याँईमा पर्नसक्ने सम्भावित जोखिम अवस्था र रोकथामका लागि परिवारले जिम्मा लिन सक्ने नसक्ने अवस्था ।

(ग) **विद्यालय भ्रमणः** बालबिज्याँईकर्ताको सम्बन्धमा विद्यालयबाट विवरण वा सूचनाहरु लिँदा देहायका कुराहरु ध्यान दिनु पर्दछः

- पढाईको स्थिति
- नियमित विद्यालय आउने गरेको नगरेको,
- विद्यालयमा साथिहरुसँग झैझगडा गर्ने गरेको नगरेको,
- विद्यालयमा कुनै गलत कार्य गरेबापत अनुशाशनात्मक कारवाही भोगेको नभोगेको,
- कुनै अतिरिक्त क्रियाकलापमा सहभागी जनाउने गरेको नगरेको,
- रुचि, चाख, बानी व्यहोरा तथा अन्य कुनै विशेष क्षमता तथा कमजोरी ।

(घ) **साथीसङ्गतीसँग छलफलः** बालबिज्याँईकर्ताको सम्बन्धमा साथीसङ्गती वा दौतरी समुहबाट विवरण वा सूचनाहरु लिँदा देहायका कुराहरु ध्यान दिनु पर्दछः

- बानी व्यहोरा,
- दुर्व्यवसनमा लागेको नलागेको,
- साथीहरुसँग धुलमिल, व्यवहार तथा सम्बन्ध,
- साथीहरु फेरवदल गरिराख्न ,
- समुहमा नेतृत्व लिने वा नलिने,
- साथिहरुबाट छिट्टै प्रभावित हुने नहुने,
- साथीहरुको लहैलहैमा लाग्ने गरेको नगरेको,
- पूर्व बिज्याँईमा परको नपरेको,

(ङ) **छरछिमेकसँग छलफलः** बालबिज्याँईकर्ताको सम्बन्धमा छरछिमेकबाट विवरण वा सूचनाहरु लिँदा देहायका कुराहरु ध्यान दिनु पर्दछः

- बालबिज्याँईकर्ताको बानी व्यहोरा र व्यवहार,
- छरछिमेकसँगको सम्बन्ध,

- बालबिज्याँईकर्ता र परिवारप्रति छरछिमेकको धारणा,
- कुलत तथा दुर्व्यवसनमा लागेको नलागेको ।

यी माथि उल्लेखित सूचनादाताहरुसँगको छलफलका आधारमा अनुसूचीबमोजिमको फारामका लागि आवश्यक सम्पूर्ण जानकारी सामाजिक कार्यकर्ताले लिनु पर्दछ र ती सूचनाको आधारमा सामाजिक अध्ययन प्रतिवेदन तयारी गर्नु पर्दछ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले सामाजिक कार्यकर्ताको भूमिकालाई बाल इजलासका सदस्यका रुपमा न्यायधीशसमक्ष राय प्रतिवेदन पेश गर्ने र सेवा प्रदायक व्यक्तिका रुपमा सामाजिक अध्ययन प्रतिवेदन तयारी गर्न सक्ने भूमिकामा सिमित राखे तापनि बाल न्यायको बृहत अवधारणाअन्तर्गत बिज्याँईमा पर्न सक्ने सम्भावित जोखिम अवस्थामा रहेका बालबालिकालाई प्रारम्भिक रोकथामदेखि, कुनै कसूरको अभियोगमा प्रहरीले नियन्त्रणमा लिएपश्चात पुर्पक्ष र संस्थागत सुधारमा रही दण्डभार व्यहोर्नु पर्ने बालबालिका र सुधार गृहबाट छुटकारापश्चात् पुनः पारिवारिक पुर्नमिलन तथा समाजिक पुनर्स्थापनामा जानु पर्ने बालबालिकाहरुका सन्दर्भमा सामाजिक कार्यकर्ताले थप जिम्मेवारी निर्वाह गर्न सक्दछ ।

**कानूनी व्यवस्था**

| | | |
|---|---|---|
| (छ) | सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अधययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम ४* |
| (१) | बालकविरुद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ । | *बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १३* |

## ५.३ बाल न्यायका क्षेत्रमा कार्य गर्दा पालना गर्नु पर्ने सामाजिक कार्यका आचारसंहिता, मूल्य मान्यता र सिद्धान्तहरु

### ५.३.१ सामाजिक कार्यका आचारसंहिता

सामाजिक कार्यकर्ताले आफ्नो सामाजिक कार्यको दौरानमा निश्चित आंचारसंहिताहरुको पालना गर्नु पर्दछ । आचारसंहिताले सामाजिक कार्यकर्तालाई आफ्नो कार्य सम्पन्न गर्नका लागि मार्गनिर्देश गर्दछ । कानूनको विवादमा परेका बालबालिकासँग कार्य गदा निम्न आंचारसंहिता पालना गर्नु पर्दछः

- कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितको निम्ति सधै प्रतिवद्ध रहनु पर्दछ ।
- सामाजिक कार्यको हरेक प्रक्रियामा बालबालिकालाई अर्थपूर्ण सहभागिताको लागि प्रोत्साहन गर्ने, उनीहरुको विचार तथा भावनालाई कदर गर्ने र उनीहरुको सर्वोत्तम हितको पक्षमा निर्णय लिन मद्दत गर्नु पर्दछ ।
- बालबालिकासँग तथा उनीहरुका अभिभावकसँग पूर्व सूचित सहमती (Prior Informed Consent) लिई सकेपछि मात्र बालबालिकासँग कुराकानी गर्ने र राय प्रतिवेदन भर्ने कार्य सुरु गर्नु पर्दछ ।
- बालबालिकाको सामाजिक तथा साँस्कृतिक पृष्ठभूमिलाई सधै सम्मान गर्नु पर्दछ । सामाजिक कार्यकर्तामा साँस्कृतिक र सामाजिक विविधताको बारेमा जानकारी हुनै पर्छ ।
- भविष्यमा बालबालिकालाई सेवा प्रदान गर्न आवश्यक पर्ने सम्बन्धित सूचनाहरुको मात्र अभिलेख राख्नु पर्छ र यस्ता सूचनाहरुको अभिलेख स्वयं बालबालिका र बालबालिकाको अभिभावक तथा संरक्षकको अनुमति लिएरमात्र प्रयोगमा ल्याउनु पर्छ ।
- अनैतिक कार्यको लागि प्रोत्साहन गर्ने, बालबालिकालाई उत्तेजित बनाउने तथा यौन क्रियाकलापमा संलग्न गराउने जस्ता कार्य बिल्कुलै गर्नु हुँदैन ।
- अनुचित प्रभावमा पार्ने, प्रलोभन देखाउने तथा धम्क्याउने जस्ता कार्य गर्नु हुँदैन ।
- बालबालिकालाई अपशब्दहरुको प्रयोग, गाली तथा हेप्ने गर्नु हुँदैन ।
- बालबालिकाहरुको अविभावक वा आफन्तहरुबाट जिन्सी तथा नगद लिने वा दिने कार्य गर्नु हुँदैन ।
- यदि कुनै बालबालिकाको आफै निर्णय लिन सक्ने अवस्था नभएमा वा क्षमता नभएमा सामाजिक कार्यको आचारसंहिता, मूल्यमान्यता र सिद्धान्तहरुको परिधिभित्र रहेर बालबालिकाको सर्वोत्तम हित हुने कदम चाल्नु पर्छ ।

### ५.३.२ **सामाजिक कार्यका मूल्य मान्यता**

**सेवा** (Service)

सामाजिक कार्यकर्तामा सेवाको भावना हुनै पर्दछ । बालबालिकासँग छलफल गर्ने क्रममा बालबालिकाले पाउनु पर्ने सेवा सुविधाहरु के के हुन् र पाएका छन् कि छैनन् भन्ने कुराको जानकारी राख्नु पर्दछ । सेवाको भावनाले ओतप्रोत भई सकेसम्म निज बालकको सर्वोत्तम हित कसरी हुन्छ भन्ने कुराको हेक्का राख्नु पर्छ.।

**सामाजिक न्याय** (Social justice)

बालबालिकालाई कसैले अन्याय त गरेको छैन वा न्यायको पहुँचबाट वञ्चित त गराइएको छैन भन्ने कुराको पनि विचार गर्नु पर्छ । अन्याय भएको छ भने त्यसविरुद्ध वकालत गर्नु सामाजिक कार्यकर्ताको व्यवसायिक धर्म हो ।

**व्यक्तिको मान मर्यादा** (Worth and Dignity of the Person)
बालवालिकाको मान मर्यादालाई सधै ख्याल गर्नु पर्छ । बालबालिकालाई हेप्ने वा घृणाको दृष्टिले हेर्ने वा नराम्रो शब्दको प्रयोग विल्कुलै गर्न हुँदैन । बालबालिकाप्रति सामाजिक कार्यकर्ता सधै असल तथा निष्ठावान तरिकाले प्रस्तुत हुनु पर्दछ । बालबालिकाको भावना र विचार तथा अभिव्यक्तिलाई सधै सम्मान गर्ने र उनीहरुलाई जिम्मेवार बनाउन तथा उनीहरुको क्षमता अभिवृद्धिको लागि सामाजिक कार्यकर्ता क्रियाशील रहनु पर्दछ ।

**मानव सम्बन्धहरुको महत्व** (Importance of human relationships)
बालबालिकाको उसका आमा बुवासँगको सम्बन्ध वा साथीहरुसँगको सम्बन्धलाई पनि सधै कदर गर्नु पर्छ । बालबालिकासँग सरोकार राख्ने परिवार, समुदाय, विद्यालय, व्यक्ति, संघसस्थाको बालबालिकासँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको विश्लेषण गरी त्यस्ता सम्बन्धहरुको उपयोग गरी बालबालिकाको हित तथा पुनर्स्थापनाको लागि उपयोग गर्न सकिन्छ की भन्ने कुरालाई ध्यानमा राख्नु पर्दछ ।

**निष्ठा** (Integrity)
साच्चै नै राम्रो वा असल व्यवसायिक सामाजिक कार्यकर्ता हिसाबले कानूनको बिवादमा परेका बालबालिकासँग काम गर्दा सधै निष्ठावान हुनु पर्छ । सामाजिक कार्यका सिद्धान्तहरु तथा आचारसंहिताहरुको पालना सहि तरिकाले गरी बालबालिकाको सर्वोत्तम हितका लागि कार्य गर्नु पर्दछ ।

**क्षमता** (Competence)
बाल न्यायको क्षेत्रमा कार्य गर्दा बालबालिकाको संवेदनाशीलतालाई बुझी सामाजिक कार्यका सीप तथा विधिहरुको सहि तरीकाले प्रयोग गर्न सक्नु पर्छ जसको लागि सामाजिक कार्यकर्ता सैद्धान्तिक तथा व्यवहारिक हिसावले पनि क्षमतावान हुनु पर्दछ । सामाजिक कार्यकर्ताले आफ्नो क्षमता बढाउन सामाजिक कार्यको बारेमा निरन्तर अध्ययन, बालबिज्याँईसम्बन्धी घटनाहरुको विश्लेषण, सामाजिक कार्यका विधिहरुको निरन्तर अभ्यासको निकै आवस्यकता पर्दछ ।

### ५.३.३ **सामाजिक कार्यका सिद्धान्तहरु**

**स्वीकार्यता/अनुमोदनको सिद्धान्त** (Principle of Acceptance)
वैयत्तिक सेवा कार्यमा "व्यक्ति" विषयवस्तु भएको हुँदा उसको अवस्था, समस्या वा परिस्थिति जस्तो छ सोहिअनुसार नै कार्यकर्ताले स्वीकार गर्नु पर्छ । विशेष गरी बाल न्यायको क्षेत्रमा सामाजिक कार्यकर्ताले कार्य गर्दा कानूनको विवादमा परेको बालबालिकाको अवस्था, समस्था तथा पृष्ठभूमिलाई निष्पक्ष ढङ्गले स्वीकार्नु पर्दछ । जुन बालबालिका समस्यामा परेको छ उसलाई सोही अवस्थामा स्वीकार गर्दै, समस्या समाधान गर्न सकारात्मक हौसला दिंदै सहयोग गर्नु पर्छ ।

**वैयक्तिकरणको सिद्धान्त** (Principle of Individualization)
बालबालिकाहरुले गर्ने बिज्याँईको प्रकृति एउटै देखिए तापनि हरेक बालबालिकाले गर्ने बिज्याँईको पछाडि भिन्न अवस्था, व्यक्तिगत, सामाजिक तथा मानसिक कारणहरु हुन सक्दछ । सामाजिक कार्यकर्ताले ती सवै आयामहरुलाई विश्लेषण गरी प्रत्येक बालबालिकासँग कार्य गर्दा उपयुक्त तथा प्रभावकारी विधि र सीपको प्रयोग गर्नु पर्दछ । एउटै किसिमको बिज्याँई गरेको हो भनी सबै बालबालिकाहरुलाई एउटै किसिमको विधि तथा सीपको मात्रै प्रयोग गर्नु हुँदैन । जस्तै भिन्दाभिन्दै चोरी कार्यमा संलग्न १० जना बालबालिकाहरुसँग कार्य गर्दा बिज्याँईको प्रकृति एउटै भएपनि एकै विधि तथा सीप १० जना चोरीमा संलग्न बालबालिकाहरुलाई समान ढङ्गले प्रयोग गर्न मिल्दैन । हरेक बालबालिकाको वैयत्तिकरणलाई ध्यानमा राखी कुन बालकलाई कुन विधि तथा सीपको प्रयोग कसरी गर्दा प्रभावकारी हुन्छ भन्ने कुरामा सामाजिक कार्यकर्ता निपूर्ण हुनु पर्दछ ।

**अपूर्वाग्रहताको सिद्धान्त** (Principle of Non Judgmental Attitude)
सामाजिक कायृकर्ताले कानूनको विवादमा परेका कुनै पनि बालबालिकालाई उनीहरुको जात, धर्म, लिङ्ग, आर्थिक अवस्था, पारिवारिक पृष्ठभूमि अनि उसको लगाईखवाई तथा हाउभाउको आधारमा पुर्वाग्राही हुनु हुँदैन । जस्तै कुनै बिज्याँईमा परेका बालबालिकाको आमाबाबू पहिले कुनै अपराधमा संलग्न भएकै कारण निज बालबालिकाले पनि बिज्याँई गरेकै हुनसक्छ भन्ने पुर्वाग्रहता राख्नु हुँदैन ।

**निष्पक्षताको सिद्धान्त** (Principle of Objectivity)
यो सिद्धान्त माथि उल्लिखित स्वीकार्यता/अनुमोदनको सिद्धान्त (Principle of Acceptance), वैयक्तिकरणको सिद्धान्त (Principle या Individualization) र अपूर्वाग्रहताको सिद्धान्त (Principle of Non Judgmental Attitude) संग अन्तरसम्बन्धित छ । सामाजिक कार्यकर्ताले बाल न्यायका क्षेत्रमा कार्य गर्दा यी सवै सिद्धान्तहरुको सामन्जस्यतालाई ध्यानमा राख्नु पर्दछ । विशेषत कानूनको विवादमा परेका बालबालिकासंग कार्य गर्दा सामाजिक कार्यकर्ताले सधै निष्पक्ष भई काम गर्नु पर्छ ।

**सेवाग्राहीको आत्मनिर्णयको सिद्धान्त** (Principle of Self Determination of Clients)
कानूनको विवादमा परेका बालबालिकालाई आफ्नो विषयमा निर्णय लिने पूर्ण स्वतन्त्रता हुन्छ । सामाजिक कार्यकर्ताले सामाजिक कार्यको हरेक प्रक्रियामा बालबालिकालाई अर्थपूर्ण सहभागिताको लागि प्रोत्साहन गर्ने, उनीहरुको विचार तथा भावनालाई कदर गर्ने र उनीहरुको सर्वोत्तम हितको पक्षमा निर्णय लिन मद्दत गर्नु पर्दछ । समस्था समाधानको निम्ति विभिन्न विकल्पहरुको पहिचान गर्न मद्दत गर्ने तर यस प्रक्रियामा सामाजिक कार्यकर्ताले आफ्नो कुरालाई मात्र बढावा दिएर आफ्नो निर्णय बालबालिकामा थोपर्नु हुँदैन । आत्मनिर्णयको सिद्धान्तका केहि सिमाहरु भने छन । सेवाग्राहीले लिने आत्मनिर्णय समाजिक मर्यादा विपरीत हुनु हुँदैन र बालबालिका स्वयंलाई अहित हुने खालको निर्णय गर्नु हुदैन ।

**गोपनीयताको सिद्धान्त**

बालबालिकाबाट प्राप्त सूचना वा जानकारी उसका नितान्त वैयक्तिक तथा संवेदनशील हुन्छन् । सामाजिक कार्यकर्ताले बालबालिकाबाट जेजस्तो सुचना वा जानकारी प्राप्त गर्दछ ती सूचनाहरुलाई गोप्य राख्नु पर्छ । यदि बालबालिकाले कार्यकर्तालाई दिएका सूचना वा जानकारी गोप्य राखिने कुराको विश्वास बालबालिकालाई भएन भने उसले कार्यकर्तालाई सूचना वा जानकारी नदिन सक्छ । जसले गर्दा समस्याको मुलकारण पत्ता लगाउनुका साथै समस्या समाधान गर्न कठिनाई हुन सक्छ । कतिपय सूचना सार्वजनिक गर्दा स्वयं बालबालिकामा प्रतिकूल असर पर्न जाने हुँदा यस्ता कुरा गोप्य राखिने कुरामा कार्यकर्ताले बालबालिकालाई विश्वस्त गराउनु पर्छ । बालबालिकाबाट वैयक्तिक सूचना लिने सिलसिलामा कार्यकर्ताले निम्न कुरामा ध्यान दिनु पर्छ :

- सेवाग्राहीबाट उसलाई सेवा प्रदान गर्न आवश्यक पर्ने सुचना मात्र लिने ।
- सम्बन्धित निकायलाई सूचना दिँदा जति सूचना सेवाका लागि आवश्यक हुन्छन त्यत्ति मात्र दिने ।
- अन्य संस्था वा व्यक्तिहरु सित बालबालिकाका समस्याका बारेमा परामर्श लिनु दिनु परेमा निजको स्वीकृतिविना लिनु दिनु हुदैन ।
- अति आवश्यक सूचनाको मात्र अभिलेख राख्नु पर्छ जुन भविष्यमा बालबालिकालाई सेवा प्रदान गर्न आवश्यक पदर्छ र यस्ता अभिलेखहरु बालबालिकाको अनुमति लिएरमात्र प्रयोग गर्नु पर्छ ।

**जवावदेहिताको सिद्धान्त** (Principle of Accountability)

सामाजिक कार्यकर्ता आफ्नो पेशा वा कामप्रति र बालबालिका अनि सबन्धित व्यक्ति वा निकायप्रति सधै जिम्मेवार तथा जवावदेही हुनु पर्छ । बालबालिकासँग काम गर्दा सामाजिक कार्यको आचारसंहिता, मूल्यमान्यता, सिद्धान्तहरु, आवश्यक विधि तथा सीपहरु सहि तरिकाले प्रयोग गर्नु पर्छ । बालबालिकासँग कार्य गर्दा सामाजिक कार्यकर्ताले अपनाएको प्रक्रिया र लिइएका निर्णयहरु किन महत्वपूर्ण रह्यो भन्ने कुराको औचित्य बालबालिका तथा सम्बन्धित निकायहरुलाई पुष्टि गर्न सक्नु पर्दछ ।

**संसाधनमा पहुँचको सिद्धान्त** (Principle of Access to Resources)

कानूनको विवादमा परेका बालबालिकाले पाउनु पर्ने आवश्यक सेवाहरु जस्तै कानूनी परामर्श तथा प्रतिरक्षा सेवा, स्वास्थ्य सेवा, पुग्दो पौष्टिक आहार, मनोसामाजिक परामर्श जस्ता सेवाहरुको पहुँचमा सहयोग तथा पहल गर्नु पर्दछ । कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने अवस्थामा बाहेका निजका आमाबाबु तथा संरक्षकसंग भेटघाट तथा सम्पर्क गर्न गराउन सहयोग गर्नु पर्दछ ।

**अहिंसाको सिद्धान्त** (Principle of Non-Violence)

बालबालिकाविरुद्ध शारीरिक, मानसिक तथा भावनात्मक हिंसा गर्नु हुँदैन । कसैले यस्ता हिंसाहरु गरेको तथा गराइएको पाइएमा त्यसको विरुद्ध कदम चाल्नु पर्दछ र कारवाहीको लागि पहल गर्नु पर्दछ ।

# परिच्छेद ६ पीडित तथा साक्षी बालबालिकाको संरक्षण

अक्सर पीडितहरु फौजदारी न्याय प्रणालीमा बिर्सिएको पात्रको रुपमा रहेका छन् । अभियुक्तहरुको अधिकार संरक्षणका दिशामा धेरै अन्तर्राष्ट्रिय दस्तावेजहरु पारित भएका छन् र अधिकांश देशका संविधानहरुमा फौजदारी न्यायसम्बन्धी हकका रुपमा यी विषयहरुले कुनै न कुनै रुपमा मान्यता पाएको स्थिति पनि छ । तथापि पीडित र साक्षी संरक्षणको विषय भने अझै पनि ओझेल मै परेको अवस्था छ ।

खुशीले कोही पनि पीडित हुन चाहदैनन् । पीडित हुनु कसैको पनि रहरको विषय हुन सक्दैन । किनभने पीडा आफैमा सुखद विषय होइन । यसका तात्कालिक र दुरगामी धेरै असरहरु हुन्छन् । अझ बालबालिकाका हकमा कुरा गर्ने हो भने अपराधजन्य कार्यबाट पीडित हुनु परेको कारण तिनीहरुले धेरै प्रकारका थप असरहरु व्यहोर्नु परेको हुन्छ । यसले तिनीहरुको मानसिक विकासमा मात्र असर पुऱ्याउँदैन, आफ्ना अभिभावक, संरक्षक र साथीहरुसँगको सम्बन्धमा असर पुऱ्याउछ, धेरै प्रकारका अवसरहरुबाट वञ्चित हुनु पर्ने हुन्छ, सिकाईको क्षमतामा नकारात्मक असर पुऱ्याउछ । यीभन्दा पनि अझ डरलाग्दो असर त के हुन्छ भने एक पटक दुराचारजन्य कार्यबाट पीडित भएका बालबालिकाहरु भविष्यमा पनि फेरि शोषण र दुराचारबाट पीडित हुनु पर्ने प्रवल जोखिममा रहेका हुन्छन् । स्वभावैले बाल्यवस्था भनेको शारीरिक र मानसिक अपरिपक्वता र अन्यहरुमाथिको निर्भरताको अवस्था हो ।[1] त्यसैले चाहे तिनीहरुको वैयक्तिक चरित्रको कारण होस् वा अपराधको परिस्थितिको कारण होस्, बालबालिकाहरु अपराधजन्य कार्यबाट बढी जोखिमयुक्त अवस्थामा रहेका हुन्छन् । पीडितहरुप्रतिको यस्तो असर र जोखिमलाई ध्यानमा राखेर बालबालिका मात्र होइन, आम उमेर र अवस्थाका पीडितहरुप्रति न्याय प्रणालीले गम्भीर चासो र सरोकार राख्नु पर्ने धारणा विकास हुँदै आएको छ । भनिन्छ - A fair, effective and humane criminal justice system is one that respects the fundamental rights of suspects and offenders as well as those of victims. पीडितहरुप्रति कुनै सहानुभूति नराखी अभियुक्तहरुका पक्षमा मात्र निजहरुको फौजदारी हक र अधिकारको कुरा गर्ने न्याय प्रणाली एकाङ्गी र एकपक्षिय न्याय प्रणाली हो । त्यसैले आजभोलि पीडित र साक्षी संरक्षणको विषयले पनि फौजदारी न्याय प्रणालीमा स्थान पाउनु पर्ने मान्यता प्रवल बन्दै आएको छ र यो कुरा बाल न्याय प्रणालीका सन्दर्भमा पनि उत्तिकै लागू हुन्छ ।

## ६.१ पीडित तथा साक्षी बालबालिकाको परिभाषा

प्रचलित नेपाल कानूनमा पीडित तथा साक्षी बालबालिकाको परिभाषा गरिएको पाइदैन । तथापि पीडित तथा साक्षी बालबालिका भन्नाले सामान्यतया कानूनबमोजिम बालबालिका भनी तोकिएको उमेर समुहभित्रका

1 Ved Kumari; The Juvenile Justice System in India, P. 11, Oxford University Press, 2004

कुनै अपराधबाट पीडित बालबालिका वा कुनै अपराधका सम्बन्धमा साक्षी हुन सक्ने सोही उमेर समुहका बालबालिका सम्झनु पर्ने हुन्छ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको भए पनि यस सम्बन्धमा सम्बन्धित मुलुकको कानूनले बेग्लै उमेर तोक्न सक्ने हुँदा बालबालिका मानिने यो उमेर विभिन्न मुलुकहरुमा फरकफरक हुन सक्दछ । नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) मा यस्तो उमेर १६ वर्ष तोकिएको छ । यस हिसावले नेपालमा देहायका व्यक्तिहरुलाई पीडित तथा साक्षी बालबालिका मान्नु पर्ने देखिन्छ :

- कसैले आफूले गर्नु पर्ने काम नगरेर वा नगर्नु पर्ने काम गरेर होस् जुनसुकै तरहबाट पनि फौजदारी कानूनको उलंघन गर्दछ र त्यस्तो कार्यबाट १६ वर्ष उमेर नपुगेका कुनै बलाबालिकाले हानिनोक्सानी व्यहोर्नु परेको छ भने त्यस्ता बालबालिका,
- त्यस्तो हानिनोक्सानीः-
  - » शारीरिक हुन सक्दछ,
  - » मानसिक हुन सक्दछ,
  - » भावनात्मक हुन सक्दछ,
  - » आर्थिक हुन सक्दछ,
- यस्ता पीडितहरु कसूरदारको आफ्नै परिवार भित्रका सदस्य वा नाता सम्बन्ध भित्रका व्यक्तिहरु पनि हुन सक्दछन् । परिवार भित्रका वा नाता सम्बन्ध भित्रका व्यक्तिहरु रहेकै कारणले मात्र कुनै कसूरदारको कसूरजन्य कार्यबाट हानिनोक्सानी व्यहोर्नु परेका बालबालिकाहरु पीडित मानिने कुरामा अन्यथा प्रभाव पर्दैन ।
- कसूरको प्रकृतिअनुसार कसूरबाट प्रत्यक्ष रुपमा हानिनोक्सानी व्यहोर्नु परेको व्यक्तिका अतिरिक्त निजका नजिकका परिवारका सदस्यहरु, निजमाथि आश्रित व्यक्तिहरु, निजविरुद्ध अपराधिक कार्य हुनबाट रोक्ने व्यक्तिहरु तथा अपराधिक कार्यबाट निजलाई हुन सक्ने हानिनोक्सानीबाट बचाउ गर्ने सहयोगी व्यक्तिहरु समेतलाई पीडित मान्नु पर्ने हुन्छ ।
- कुनै अपराधका सम्बन्धमा प्रत्यक्ष रुपमा देखेको, सुनेको वा कुनै इन्द्रियको सहायताले थाहा पाएको १६ वर्ष पुरा नभएको व्यक्ति साक्षी बालबालिका हुन्छ ।
- सोह्र वर्ष नपुगेको कुनै बालबालिका कुनै अपराधको मतियार भएकै कारणले मात्र साक्षी बालबालिका हुने कुरामा अन्यथा प्रभाव पर्दैन ।

  तर अति कलिलो उमेर वा शारीरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको यक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराउन सक्ने व्यक्ति रहेछ भने त्यस्तो बालबालिका साक्षी हुन अयोग्य हुन्छन् ।
- बोल्न असमर्थ भएको भन्ने कारणले मात्र अरुले बुझ्न सक्ने गरी लेखेर वा इशाराद्धारा गवाही दिन सक्ने बालबालिका साक्षी हुन अयोग्य हुँदैनन् ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| "बालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क)* |

**अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

| | |
|---|---|
| यस महासन्धिको प्रयोजनका लागि बालबालिकासम्बन्धी कानूनअन्तर्गत वयस्कताको उमेर योभन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक व्यक्तिलाई सम्झनु पर्छ । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १* |
| "बालबालिका" भन्नाले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का कुनै पनि सदस्य राष्ट्रका बहुसंख्यक बालबालिका समेटिने राष्ट्रिय कानून नभएको खण्डमा १८ वर्ष मुनिका नागरिक सम्झनु पर्छ । | *दक्षिण एशियामा बालकल्याण प्रवर्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२ को धारा १* |
| पीडित तथा साक्षी बालबालिका भन्नाले कसूरमा वा बात लागेका कसूरदार वा कसूरदारका समुहको अभियोजनमा उनीहरुको भूमिका जेसुकै भएको भए पनि अपराधका पीडित र साक्षी रहेका १८ वर्ष मुनिका तरुण तथा बालबालिका जनाउँछ । | *संयुक्त राष्ट्र संघद्धारा पारित अपराधका पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन, २००५ को नियम ९(क)* |
| "पीडित" भन्नाले सदस्य राष्ट्रहरुमा लागू रहेका अख्तियारको अपराधिक दुरुपयोग तोक्ने लगायतका फौजदारी कानूनको उंलघन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामुहिक वा व्यक्तिगत रुपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानवअधिकारको सारवान क्षति लगायतको हानि बेहोराइएको व्यक्ति जनाउँछ । | *अख्तियारको दुरुपयोग एवं अपराधका पीडितहरुका लागि न्यायसम्बन्धी आधार भूत सिद्धान्तहरुको घोषणापत्र, १९८५ को धारा १* |

| | |
|---|---|
| प्रपीडक पहिचान गरिएको, पक्राउ परेको, मुद्दा चलाइएको वा दोषी ठहराइएको भए वा नभए तापनि र पीडित र प्रपीडक बीच जस्तोसुकै पारिवारिक सम्बन्ध रहे भएको भए तापनि कुनै पनि व्यक्ति यस घोषणापत्रअन्तर्गत "पीडित" मानिन सक्नेछ । "पीडित" भन्ने शव्दले उपयुक्त भएसम्म प्रत्यक्ष रुपमा पीडित भएका व्यक्तिको परिवार र आश्रितहरु एवं दुखद अवस्थामा पीडितलाई सहायता पुऱ्याउने र पीडितीकरणको रोकथाममा संलग्न हुँदा क्षति व्यहोरेका व्यक्तिहरुलाई समेत जनाउँदछ । | *अख्तियारको दुरुपयोग एवं अपराधका पीडितहरुका लागि न्यायसम्बन्धी आधार भूत सिद्धान्तहरुको घोषणापत्र, १९८५ को धारा २* |

**६.२ पीडित तथा साक्षी बालबालिकासंग विशेष व्यवहार गर्नुको उद्देश्य**

पीडित एवं साक्षी बालबालिकासँग विशेष व्यवहार गर्नुको उद्देश्य देहायअनुसार छन्ः

**क. अपरिपक्वताको अवस्था**

बाल्य अवस्था भनेको उमेरका हिसाबले विशेष अवस्था हो । बालबालिकाहरु बौद्धिक, सामाजिक र नैतिक दृष्टिले बालिगसरह विकसित हुँदैनन् । त्यसैले अभियुक्त नै भए पनि बालबालिका अभियुक्तका हकमा छुट्टै न्याय प्रणाली स्थापना हुनु पर्ने कुरामा जोड दिइएको छ । पीडित एवं साक्षी बालबालिकाका हकमा पनि यो कुरा समान रुपमा लागू हुन्छ । यसैले पीडित एवं साक्षी बालबालिकाका हकमा चाहे बाल इजलासबाट हुने कारवाहीमा होस् या अरु सामान्य अदालतबाट हुने कारवाहीमा होस्, तिनीहरुको उमेरजन्य अपरिपक्वतालाई ध्यानमा राखी विशेष व्यवहार गर्नु पर्ने हुन्छ ।

**ख. बालसुलभ आवश्यकताको भिन्नता**

बालबालिकाका आवश्यकता र सरोकारका विषयहरु बालिगको भन्दा भिन्न हुन्छन् । अध्ययनरत एउटा पीडितको सरोकार, अभियुक्त देख्नासाथ झस्किने एउटा पीडितको सरोकार, नेपाली भाषै नबुझ्ने एउटा पीडितको अवस्था, अड्डा अदालत मै जान असहज मान्ने बालबालिकाको अवस्था सामान्य अवस्थाहरु हुँदैनन् । यसो भन्दैमा न्यायप्रणालीले पीडित बालबालिकाको सहभागितालाई बेवास्ता गरेर अगाडि बढ्न सक्दैन । त्यसैले यदि यस्ता पीडित बालबालिकाहरुलाई पनि न्याय प्रणालीमा स्थान दिने हो र तिनीहरुलाई साक्षीको रुपमा उपयोग गर्ने हो भने बालिगहरुलाई भन्दा विशेष तवरले व्यवहार र प्रबन्ध गर्नु पर्ने हुन्छ ।

**ग. सामाजिक लाञ्छनाबाट बचाउ**

कतिपय अपराधिक क्रियाकलापहरुले पीडितलाई व्यक्तिगत रुपमा क्षति पुऱ्याउने अवस्था मात्र नभएर त्यसको प्रभाव निजको जीवनभर रहने स्थिति पनि हुन्छ । जस्तो करणीजन्य अपराधका पीडितहरुले त्यस्तो कार्यको परिणामस्वरुप व्यहोर्नु पर्ने शारीरिक कष्ट र पीडा छँदैछ, साथसाथै समाजमा एउटी खोटी बालिकाको रुपमा लाञ्छित हुनु पर्ने वाध्यता पनि छ । त्यस्तै बेचबिखनमा परेकी वा वेश्यावृत्तिमा लगाइएकी बालिकाहरुको अवस्था पनि दयनीय हुन सक्दछ । यी अवस्थाहरुलाई ध्यानमा राखेर पीडित

एवं साक्षी बालबालिकाहरुलाई अन्य सामान्य अपराधका पीडितहरुलाई भन्दा भिन्न रुपमा विशेष व्यवहार गर्नु पर्ने हुन्छ ।

**घ.पुनर्पीडित हुनु पर्ने जोखिम**

बाल्य अवस्था भनेको एक प्रकारको निसहायताको अवस्था पनि हो । अभिभावकविहिन र परित्यक्त बालबालिका रहेछन् भने यो निसहायता अझ बढी हुन्छ । त्यसैले बालबालिकाहरु अपराधको सबैभन्दा ठूलो जोखिममा रहेको वर्गको रुपमा चित्रण गर्ने गरिन्छ । एक पटक पीडित भइसकेका बालबालिकाहरु हुन् भने पुनः पीडित हुने जोखिम अझ बढी हुने गरेको कुरा अध्ययनहरुले देखाएका छन् । यो अवस्थाको कारण पनि पीडित बालबालिकाहरुप्रति न्याय प्रणालीले विशेष व्यवस्थापन गर्नु पर्ने आवश्यकता हुन्छ ।

**६.४ पीडित तथा साक्षी बालबालिका संरक्षणका सैद्धान्तिक आधारहरु**

पीडित तथा साक्षी बालबालिकाको संरक्षण गर्नु पर्ने मान्यताका पछाडि केही सिद्धान्तहरु रहेको पाइन्छ । यी सिद्धान्तहरु मध्ये केही सबै बालबालिकाका हकमा लागू हुने सामान्य प्रकृतिका छन् भने केही सिद्धान्तहरु पीडित तथा साक्षी बालबालिकाका हकमा मात्र लागू हुने विशेष प्रकृतिका छन् ।

**६.३ सिद्धान्तहरु**

**६.३.१ सामान्य सिद्धान्तहरु**

**(क) मर्यादापूर्ण व्यवहारको सिद्धान्त**

प्रत्येक बालबालिका एउटा स्वतन्त्र अस्तित्वसहितको महत्वपूर्ण मानव प्राणी हो । त्यसैले एउटा मानवका हैसियतले प्राप्त हुनु पर्ने मानवीय मूल्य र मर्यादा पीडित तथा साक्षी बालबालिकाले पनि पाउनु पर्दछ र सोको सम्मान गरिनु पर्दछ ।

**(ख) अविभेदको सिद्धान्त**

जसरी एउटा बालबालिकाको आफ्नै स्वतन्त्र मानव अस्तित्व छ, त्यसै गरी उसलाई बालबालिका भएकै कारणले मात्र गरिने भेदभावपूर्ण व्यवहारविरुद्धको अधिकार पनि प्राप्त छ । यसअन्तर्गत दुई प्रकारका अधिकारहरु प्राप्त हुन्छन् - वालिग पीडितहरु सरह समान व्यवहार पाउने अधिकार र सम्बन्धित भएको हदसम्म प्रतिवादी सरह समान व्यवहार पाउने अधिकार ।

**(ग) बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त**

जब हामी कुनै कसूरको आरोप लागेको बालबालिकाको सर्वोत्तम हित संरक्षित हुनु पर्दछ भनेर भन्छौं भने पीडित तथा साक्षी बालबालिका लगायत प्रत्येक बालबालिकाको सर्वोत्तम हित पनि संरक्षित हुनु पर्ने कुरालाई प्राथमिकता दिनु पर्ने हुन्छ । यसअन्तर्गत संरक्षणको अधिकार (Right to protection) र

सङ्गतिपूर्ण विकासका अवसरको अधिकार (Right to a chance for harmonious development) हरु पर्दछन् ।

- संरक्षणको अधिकारः कुनै पनि बालबालिकालाई बाँच्ने र जीउने तथा कुनै पनि प्रकारको बेवास्ता (Neglect), दुरुपयोग (Abuse) र कठिनाई (Hardship) बाट सुरक्षित हुने अधिकार रहन्छ ।
- सङ्गतिपूर्ण विकासको अधिकारः कुनै पनि बालबालिकालाई निजको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक वृद्धिका लागि आवश्यक पर्याप्त जीवनस्तरको अवसरको अधिकार रहन्छ ।

(घ) **सहभागिताको सिद्धान्त**

कुनै पनि बालबालिकालाई खास गरेर आफूलाई प्रभाव पार्ने गरी लिइने न्यायिक प्रक्रिया समेतका निर्णयमा योगदान पुग्ने गरी आफ्नो विचार, मत र विश्वास आफ्नै भाषामा स्वतन्त्रपूर्वक अभिव्यक्त गर्ने र निजको उमेर, योग्यता, वौद्धिक परिपक्वता र बढ्दो क्षमता अनुरुप ती विचार, मत र विश्वासलाई ध्यानमा राखिनु पर्ने अधिकार रहन्छ ।

६.३.२ **विशेष सिद्धान्तहरु**

(क) **न्यायमा पहुँचको सिद्धान्त**

आम समुदायमा बालबालिकालाई एउटा स्वतन्त्र मानवको कोटीमै नराखिने तथा तिनीहरुले सामना गर्नु परेका कानूनी समस्याहरुका सम्बन्धमा खासै ध्यान नदिइने प्रवृत्ति विकराल रहेको छ जसले गर्दा अन्यायमा पर्नु परेका वा अपराधबाट पीडित हुनु परेका कतिपय बालबालिकाका पीडाहरु प्रकाशमै नआउने र प्रकाशमा आएका पीडाहरुका सम्बन्धमा पनि सही ढङ्गबाट सम्बोधन हुन नसक्ने अवस्थाहरु रहेको पाइन्छ । न्याय सम्मको पहुँचको विषयले मानवअधिकार कै एउटा महत्वपूर्ण पक्षको रुपमा मान्यता प्राप्त गरिसकेको सन्दर्भमा पीडित बालबालिकाका हकमा पनि यो अधिकार सुनिश्चित हुनु पर्दछ भन्ने सिद्धान्त विकसित भएको पाइन्छ । यो अधिकारको सुनिश्चितता तवमात्र हुनसक्दछ जब न्याय प्रणालीसँगको सम्पर्कमा आएकै कारणले मात्र पीडित तथा साक्षी बालबालिकाले असुरक्षित हुनु पर्ने अवस्था पर्दैन वा थप प्रताडना सहन गर्नु पर्ने अवस्था पर्दैन ।

(ख) **बालबालिकाको विशिष्ट आवश्यकताको सिद्धान्त**

बालबालिका भनेको स्वतन्त्र मानव व्यक्तित्व हुँदा हुँदै पनि उमेरजन्य हिसावले पूर्ण रुपमा परिपक्व भइनसकेको अवस्था पनि हो । यसैले बालबालिकाका केही उमेरजन्य विशेष आवश्यकताहरु हुन्छन् अथवा निजको परिपक्वताको अवस्थाअनुसारका केही भिन्न आवश्यकताहरु हुन्छन् । न्याय प्रणालीसँगको सम्पर्कमा आएका बालबालिकाहरुलाई निजहरुको आवश्यकताहरुका सन्दर्भमा विशिष्ट व्यवहार गर्नु पर्ने हुन्छ ।

**(ग) प्रभावकारी उपचारको अधिकारको सिद्धान्त**

कुनै कसूर गर्ने कसूरदारलाई सजाय दिलाउनु मात्र महत्वपूर्ण होइन, पीडितलाई न्यायको अनुभूति दिलाउन नसकिएसम्म फौजदारी न्याय प्रणाली सफल भएको मान्न सक्दिैन । प्रभावकारी उपचारको अधिकारले आफूउपर कसूर गर्ने कसूरदारलाई सजाय दिलाउने कुरा मात्र होइन, त्यस्तो कसूरको परिणामस्वरुप पुग्न गएको हानिनोक्सानी र क्षतिको परिपूरण गर्ने अधिकार पनि समेट्दछ जुन कुरा पीडित बालबालिकाका हकमा पनि समान रुपमा लागू हुनु पर्दछ ।

**(घ) पुनर्पीडित** (revictimization) **हुनबाट रोकथाम गर्ने सिद्धान्त**

हाम्रो न्याय प्रणाली पीडितभन्दा पनि बढी अभियुक्तमुखी रहेको छ । एउटा अभियुक्तलाई पक्राउ गर्दाका अवस्थादेखि मुद्दाको कारवाहीको अन्त्य नभएसम्म प्राप्त हुने थुप्रै न्यायिक अधिकारहरुका सम्बन्धमा राज्यको संविधानमा उल्लेख गरिएको छ तर पीडितका अधिकारहरुले या त स्थान नै पाएका छैनन्, पाएका छन् भने पनि कमैमात्र पाएका छन् । यसको विपरीत पीडितहरुले आफूउपर घटेको सूचना दिँदा कै बखतदेखि थप अपमानित हुनु पर्ने, थप दुःख र हैरानी व्यहोर्नु पर्ने, थप खर्च व्यहोर्नु पर्ने र कतिपय अवस्थामा आफूउपर परेको पीडाका सम्बन्धमा उजुर गरेकै कारण पुनःथप आक्रमणहरुको सामना गर्नु पर्ने अवस्थाहरु देखिएका छन् । यो अवस्था भनेको समग्र न्याय प्रणाली र राज्य प्रणाली कै लागि पनि ठूलो चुनौतिको विषय हो । त्यसैले यदि कानून उलंघनकर्ताहरुलाई न्यायको कठघरामा ल्याई कानून र शासनप्रतिको विश्वास कायम गराउने राज्यको महान कर्तव्यलाई पुरा गर्ने हो भने कानून उलंघनका घटनाहरुलाई प्रकाशमा ल्याउने कार्यलाई प्रोत्साहित गरिनु पर्दछ र यस्ता घटनाहरु प्रकाशमा ल्याएकै कारणले कोही पनि थप प्रताडित हुनु पर्ने अवस्थाबाट संरक्षणको प्रत्याभूति दिइनु पर्दछ भन्ने सिद्धान्त विकसित भएको छ ।

**६.४ पीडित एवं साक्षी बालबालिकाका अधिकारहरु**

अपराधबाट पीडित वयस्कहरु कै अधिकारहरुले पनि खासै स्थान पाउन नसकेको आजको हाम्रो फौजदारी न्याय प्रणालीमा पीडित एवं साक्षी बालबालिकाका अधिकारहरुले पनि विशेष मान्यता पाउन सकेको अवस्था देखिँदैन । तथापि पीडित एवं साक्षी बालबालिकाको निसहायता, पुनर्पीडित हुनु पर्ने अवस्थाको संभावित जोखिम तथा अभियुक्तहरुलाई न्यायको कठघेरामा ल्याई पीडित स्वयं र समाजका सदस्यहरुमा न्यायप्रति विश्वासनीयताको भावना जगेर्ना गर्ने कार्यमा पीडित तथा साक्षी बालबालिकाको भूमिकालाई आत्मसात गरी कतिपय अन्तर्राष्ट्रिय दस्तावेजहरुले पीडित एवं साक्षी बालबालिकाका अधिकारहरुको व्यवस्था गरेको पाइन्छ । यी कतिपय अधिकारहरु कार्यान्वयनका लागि कुनै मुलुकको राष्ट्रिय कानूनमा विशेष व्यवस्था भइरहनु पनि नपर्ने किसिमका छन् । सामान्यतया पीडित एवं साक्षी बालबालिकाहरुलाई देहायका अधिकारहरु प्राप्त हुने मान्यता विकसित भएको पाइन्छः

**क. सर्वोत्तम हित संरक्षणको अधिकार**

बालअधिकारसम्बन्धी महासन्धिमा समावेश भएका विभिन्न विषयहरु मध्ये सर्वोत्तम हितको सिद्धान्त महासन्धिको एउटा निर्देशक सिद्धान्त नै हो । सर्वोत्तम हितको सिद्धान्तलाई महासन्धिमा सामान्य अर्थमा प्रयोग गरिएको हुँदा बालबिज्याँईकर्तालाई पनि यो अधिकार प्राप्त नहुने देखिँदैन तर पीडित एवं साक्षी बालबालिकालाई यो अधिकार प्राप्त हुने कुरामा निश्चित छ । यसअनुसार आफ्नो सर्वोत्तम हितको संरक्षण गरी पाउनु प्रत्येक पीडित एवं साक्षी बालबालिकाको अधिकार मानिन्छ । यसको मतलव बालबालिकाका सन्दर्भमा लिइने कुनै पनि निर्णयमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी ध्यान दिइनु जरुरी हुन्छ । बालबालिकाको सर्वोत्तम हितको अधिकार भन्नाले अरु कसैको कुनै अधिकार जोखिममा पर्छ वा बालबालिका कै पनि अरु अधिकारहरु जोखिममा पर्छन् भने पनि बालबालिकाको सर्वोत्तम हित सुरक्षित गर्नु पर्ने विषयले पहिलो प्राथमिकता पाउनु पर्छ भन्ने बुझिन्छ ।

**अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

| | |
|---|---|
| सार्वजनिक वा निजी जुनसुकै क्षेत्रको कल्याणकारी सामाजिक संस्थाहरु, अदालतहरु, प्रशासकिय अधिकारीहरु वा विधायिकी निकायहरु भए पनि तिनीहरुबाट गरिने बालबालिकासँग सम्बन्धित सबै कार्यहरुमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विचारको विषय हुनेछ । | *बालअधिकार महासन्धि, १९८९ को धारा ३(१)* |

**ख. मर्यादापूर्ण व्यवहार पाउने अधिकार**

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने र मर्यादित व्यवहार पाउने अधिकार छ । पीडित एवं साक्षी बालबालिका यसको अपवाद हुन सक्दैनन् । पीडित एवं साक्षी बालबालिकाका सन्दर्भमा मर्यादापूर्ण व्यवहार भन्नाले देहायका मान्यताहरुलाई आत्मसात गर्नु पर्ने भन्ने बुझिन्छः

- प्रत्येक बालबालिका एउटा स्वतन्त्र अस्तित्व सहितको पूर्ण मानव हो । त्यसैले एउटा मानवलाई प्राप्त हुने सबै अधिकारहरु बालबालिकालाई पनि प्राप्त हुन्छ ।
- प्रत्येक बालबालिकालाई अर्काको संरक्षण चाहिने बच्चाको रुपमा मात्र नहेरी पूर्ण मानवका रुपमा व्यवहार गरिनु पर्दछ ।
- बालबालिका पनि उचित सम्मान र आदरपूर्ण व्यवहारका हकदार छन् ।
- बालबालिकाले दिएको प्रमाणलाई पनि उचित महत्व दिइनु पर्दछ ।

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | |
|---|---|
| पक्ष राष्ट्रहरुले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय वा सशस्त्र सघर्षबाट पीडित कुनै पनि बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना प्रवर्धन गर्न सबै समुचित उपायहरु अपनाउनेछन् । यस्तो पुनर्लाभ र पुनर्स्थापना त्यस्ता बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठा प्रवर्धन गर्ने वातावरणमा हुनेछ । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३९* |

**ग. भेदभावबाट संरक्षणको अधिकार**

जुनसुकै उमेर समुहका भए पनि र जोसुकै भए पनि भेदभाव कसैका लागि पनि सह्य कुरा हुन सक्दैन । पीडित एवं साक्षी बालबालिकाका हकमा पनि भेदभावबाट संरक्षणका सामान्य अधिकारहरु प्राप्त हुन्छन् । भेदभावबाट संरक्षणको अधिकार भन्नाले पीडित एवं साक्षी बालबालिकालाई वयस्कलाई प्राप्त हुने अधिकार तथा अभियुक्त बालबालिकालाई प्राप्त हुने अधिकार सरहको अधिकार प्राप्त हुन्छ भन्ने बुझिन्छ । जस्तोः

- बालबालिका वा तिनीहरुको अभिभावक वा कानूनी संरक्षकको जातजाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य आस्था वा विचार, राष्ट्रियता, उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हिसावले स्वच्छ व्यवहार गरिनु पर्ने,
- उमेर मात्रको कारणले न्यायिक प्रक्रियामा सहभागिताका लागि व्यवधान हुन नहुने,
- उमेर मात्रको कारणले बालबालिकालाई साक्षी हुन अयोग्य मान्न नहुने,
- उमेर मात्रको कारणले बालबालिकाले दिएको प्रमाण ग्राह्य नमानिन नहुने आदि ।

तर न्यायिक प्रक्रियामा बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न आवश्यक भएको हदसम्म सकारात्मक विभेदको नीति अवलम्बन गर्न सकिन्छ ।

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | |
|---|---|
| प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसको बाबुआमाको वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारहरु, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनु पर्नेछ । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २(१)* |
| बालकको बाबुआमाहरु, वैधानिक अभिभावकहरु वा अन्य पारिवारिक सदस्यहरुको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरु वा आस्थाहरुको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बालबालिकाको संरक्षण गर्न यस महासन्धिको राज्य पक्षहरुले सबै उचित कदमहरु चाल्नेछन् । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २(२)* |

कसैले लैङ्गिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्रथा-परम्परा, वैवाहिक स्थिति वा जवरजस्ती करणीबाट पीडित भएको, कुनै रोग लागेको वा यस्तै अन्य कुनै आधारमा कसैलाई भेदभाव गरेमा ६ महिनासम्म कैद वा पचास हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ। (मुलुकी ऐन, अदलको महलको १०ग नं)

**घ. सुसूचित हुने अधिकार**

न्यायिक प्रक्रियाका बारे जानकारी पाउनु पनि पीडित एवं साक्षी बालबालिकाको अधिकार हुन्छ। पीडित एवं साक्षी बालबालिकाको यो अधिकार निजहरुमा मात्र सिमित नरहेर निजका बाबुआमा र कानूनी प्रतिनिधिलाई समेत प्राप्त हुन्छ। यो अधिकार तिनीहरुको न्यायिक प्रक्रियासँगको पहिलो सम्पर्क हुँदाको अवस्थादेखि शुरु भएर प्रक्रिया अन्त नभएसम्म कायम रहन्छ।

यो अधिकारका दुई वटा पक्षहरु छन् - यो अधिकारको एउटा पक्ष न्यायिक प्रक्रियाका सामान्य विषयहरुको जानकारी पाउनु पर्ने विषयसँग सम्बन्धित छ जस्तो न्यायिक प्रक्रियामा सहभागी हुँदाका बखत प्राप्त हुन सक्ने सहयोग र सुविधा एवं न्यायिक प्रक्रिया सञ्चालन कार्यविधि र यस सन्दर्भमा तिनीहरुको भूमिकाका सम्बन्धमा जानकारी पाउने विषय। यो अधिकारको दोस्रो पक्ष पीडित एवं साक्षी बालबालिका संलग्न खास मुद्दाको विषयमा जानकारी पाउनु पर्ने विषयसँग सम्बन्धित छ। जस्तो मुद्दाको कारवाहीमा भएको प्रगति, सुनुवाईका लागि तोकिएको पेशी मिति, अभियुक्त थुनामा रहे नरहेको अवस्था, फैसला भए नभएको वा भइसकेको भए फैसलाको परिणाम सम्बन्धमा जानकारी पाउनु पर्ने विषय।

**संवैधानिक व्यवस्था**

| | |
|---|---|
| (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ। | *नेपालको संविधान धारा २१* |

**अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

| | |
|---|---|
| पक्ष राष्ट्रहरुले फौजदारी न्याय प्रक्रियाको सबै तहमा पीडित बालबालिकाहरुको अधिकारहरु र हितको रक्षा गर्न पीडित बालबालिकाहरुलाई तिनीहरुको अधिकारहरु, भूमिका, क्षेत्र, प्रक्रियामा लाग्ने समय र प्रगति तथा उनीहरुको मुद्दामा हुने निर्णयको बारेमा जानकारी दिने तथा कानूनी प्रक्रियाको सबै तहमा पीडित बालबालिकाहरुलाई उपयुक्त सहयोगी सेवाहरु उपलब्ध गराउने जस्ता उपायहरु अपनाउने छन्। | *बालबालिकाको बेचबिखन, बालदेहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको एच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (ख) र (घ)* |

### ङ. आफ्नो विचार राख्ने र सुनुवाई गरी पाउने अधिकार

यस अधिकारअन्तर्गत पीडित एवं साक्षी बालबालिकालाई आफ्नो विचार र धारणा आफ्नै शब्दमा निजले चाहेबमोजिम स्वतन्त्रपूर्वक राख्ने अधिकार प्राप्त हुन्छ । सहभागिताको अधिकार बालअधिकारसम्बन्धी महासन्धिमा एउटा निर्देशक सिद्धान्त कै रुपमा मान्यता दिइएको विषय हो । सहभागिताको अधिकारलाई मान्यता दिनु भन्नुको अर्थ बालबालिकालाई पनि पूर्ण मानव सरह मानिनु पर्ने, निजहरुलाई पनि आफ्नो विचार अभिव्यक्त गर्ने अधिकार हुने र अभिव्यक्त गर्ने मात्र होइन, निजहरुले अभिव्यक्त गरेको कुरालाई मान्यता दिइनु पर्ने विषयहरु पर्दछन् । न्यायिक प्रक्रियाका सन्दर्भमा पनि यी कुराहरु समान रुपमा लागू हुन्छन् ।

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | |
|---|---|
| पक्ष राष्ट्रहरुले आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई आफूसँग सम्वद्ध सवै विषयहरुमा आफ्नो विचार स्वतन्त्र रुपले अभिव्यक्त गर्न पाउने अधिकार भएको कुराको आश्वासन दिनेछन् । बालबालिकाको उमेर र परिपक्वताअनुसार बालबालिकाको विचारलाई उचित महत्व दिइनेछ । यस प्रयोजनका लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कारवाहीमा प्रत्यक्ष रुपमा वा प्रतिनिधि वा कुनै उचित निकायमार्फत सुनुवाईको अवसर प्रदान गरिनेछ । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १२ को उपधारा (१) र (२)* |

### च. प्रभावकारी सहयोगको अधिकार

बाल्य अवस्था भनेको एउटा विशेष अवस्था हो । यो अवस्थामा न्यायिक प्रक्रियामा संलग्न हुनु भनेको तिनीहरुका लागि ज्यादै असहज अनुभव हुन सक्दछ । अदालतमा अवलम्बन गरिने औपचारिकता, प्रयोग गरिने भाषा तथा बकपत्र गर्नु पर्दाको झिनाझपटी पीडित एवं साक्षी बालबालिकाका निम्ति वास्तवमै पीडादायी हुन्छ । त्यसैले अदलती प्रक्रियामा संलग्न हुनु परेको कारण सिर्जना हुन सक्ने तनाव र पीडालाई कम गराउने उद्देश्यले पीडित एवं साक्षी बालबालिकाका हकमा केही निश्चित प्रकारको सहयोग उपलब्ध हुनु पर्ने अपेक्षा गरिन्छ । जस्तो न्यायिक प्रक्रियामा संलग्न हुनु पर्दा सहयोगी व्यक्तिको व्यवस्था, कानूनी सहायता सेवा वा दोभाषेको सेवा आदि आवश्यक पर्न सक्दछ । पीडित बालबालिकाहरुलाई समाजमा पुनर्स्थापन गर्न पनि केही थप सहयोगहरु जस्तो मनोविमर्श सेवा, आर्थिक सहयोग, परामर्श सेवा आदि आवश्यक पर्न सक्दछन् । पीडित एवं साक्षी बालबालिकाप्रतिको यस प्रकारको सहयोग र सुविधाबाट मात्र न्यायिक प्रक्रियामा तिनीहरुको सहयोग र सहाभागितालाई सुनिश्चित गर्न सकिन्छ ।

| कानूनी व्यवस्था | |
|---|---|
| यस ऐनअन्तर्गतको कसूरसम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ र त्यसरी राख्दा लागेको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ । | *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ११* |
| घरेलु हिंसाबाट पीडितको संरक्षणार्थ संरक्षण अधिकृत नियुक्त गर्न सकिनेछ । | *घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा १२क* |

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्था | |
|---|---|
| कुनै पनि बालबालिका स्थायी वा अस्थायी रुपमा आफ्नो पारिवारिक वातावरणबाट वञ्चित भएमा त्यस्ता बालबालिकाले राज्यद्धारा उपलब्ध गराइने विशेष सहयोग र संरक्षणको अधिकार राख्दछन् । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २०(१)* |
| पक्ष राज्यहरु फौजदारी न्यायिक प्रक्रियाको सबै अवस्थाहरुमा पीडित बालबालिकाको अधिकार र हितहरुको संरक्षणका लागि उपयुक्त सहयोग सेवा उपलब्ध गराउने लगायतका उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (घ)* |

**छ. गोपनीयताको अधिकार**

आजभोलि पीडित र साक्षी बालबालिकाका हकमा मात्र होइन, सबैजसो गम्भीर अपराधमा पीडित र साक्षीहरुको गोपनियताको संरक्षण गर्नु अनिवार्य जस्तै ठानिन्छ । पीडित एवं साक्षी बालबालिकाका हकमा गोपनीयताको संरक्षणको कुरा अझ बढी आवश्यकता हुन सक्दछ । अपराधीहरुको नजरमा लक्ष्य बनिने र जीउज्यान कै खतरा खेप्नु पर्ने कुरा छँदैछ साथ साथै कुनै अपराधको पीडित हुनु परेको कारण त्यससम्बन्धी सूचनाहरु सार्वजनिक हुँदा सामाजिक रुपमा लाञ्छित हुनु पर्ने र भावनात्मक रुपमा तनावग्रस्त बन्नु पर्ने अवस्था आउँछ । यसैले न्यायिक प्रक्रियामा पीडित एवं साक्षी बालबालिकाको सहभागिता र सहयोग सुनिश्चित गर्न निजहरुको गोपनियताको संरक्षणको विषयलाई अधिकारको रुपमा मान्यता दिइएको हुन्छ । पीडित एवं साक्षी बालबालिकाको गोपनीयताको अधिकारको सन्दर्भमा दुईवटा पक्षहरु महत्वपूर्ण छन् - एउटा, पीडित एवं साक्षी बालबालिकाको परिचयात्मक विवरणको गोपनीयता र अर्को, पीडित एवं साक्षी बालबालिकाको सुनुवाई हुँदाका बखत अनावश्यक व्यक्तिहरुको उपस्थितिबाट गोपनीयता ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुनेछ । | *बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४९(१)* |
| नेपाल सरकार वादी हुने भनी तोकिए बमोजिमका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र वतनको छुट्टाछुट्टै सङ्केत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ । | *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३०क (१)* |
| (१) बालबालिकासम्बन्धी मुद्दा वा खुल्ला इजलासबाट सुनुवाई गर्न मनासिव नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाई बन्द इजलासबाट हुनेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख* |
| (३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडित बाहेक अरुलाई दिइनेछैन । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख* |
| (४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख* |

## अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

| | |
|---|---|
| कुनै पनि बालबालिकाको गोपनीयतामा जथाभावी वा गैरकानूनी रुपमा हस्तक्षेप गरिने छैन । | *बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १६(१)* |
| पक्ष राज्यहरुले फौजदारी न्यायिक प्रक्रियाको सबै अवस्थाहरुमा पीडित बालबालिकाको अधिकार र हितको संरक्षणका लागि तिनीहरुको निजीपना र परिचयात्मक विवरण गोप्य राख्ने लगायतका उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (ङ)* |

**सवोच्च अदालतबाट प्रतिवादित सिद्धान्त**

| | |
|---|---|
| मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नु पर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउमास्ने बेच्ने, हाडनता करणी एवं महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरु र बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरुमा पीडितहरुको व्यक्तिगत परिचयात्मक विवरणहरु गोप्य राख्नु पर्नेछ । | *अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६४/९/२ मा जारी विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४)* |

**ज. न्यायिक प्रक्रियामा संलग्न हुनु पर्दाको अवस्थामा व्यहोर्नु पर्ने कठिनाइहरुबाट संरक्षणको अधिकार**

न्यायिक प्रक्रियामा पीडित एवं साक्षी बालबालिकाको सहभागिता हुन पाउने कुरा अधिकारको रुपमा स्थापित भइसकेको सन्दर्भमा यो अधिकारको प्रयोगको सुनिश्चितताको लागि पुरक अधिकारको रुपमा न्यायिक प्रक्रियामा संलग्न हुनु पर्दाको अवस्थामा व्यहोर्नु पर्ने कठिनाईहरुबाट संरक्षणको विषयलाई पनि अधिकारको रुपमा मान्यता दिइएको पाइन्छ । एक पटक अपराधबाट पीडित हुनु परेको अवस्था छँदैछ, साथ साथै आफूउपर घटेको अपराधका सम्बन्धमा उजुरी गरेको वा साक्षीका रुपमा उपस्थित हुनु परेको कारण थप पीडा र कष्ट एवं कठिनाईहरु व्यहोर्नु पर्ने हो भने न्यायिक प्रक्रियामा सहभागी हुन अनिच्छुक वा दुरुत्साहित हुने हुन्छन् । न्यायिक प्रक्रियामा सहभागी हुनु पर्दा पीडित एवं साक्षी बालबालिकालाई कम तनावपूर्ण बनाउनका लागि देहायबमोजिम गर्न सकिन्छः

- प्रक्रियालाई बढी सहज र कम झन्झटिलो बनाउन सकिन्छ,
- अदालती वातावरणलाई बालमैत्री बनाउन सकिन्छ,
- पीडित एवं साक्षी बालबालिका कम भन्दा कम पटक मात्र अदालतमा उपस्थित हुनु पर्ने बनाउन सकिन्छ,
- प्रक्रियालाई निश्चितता प्रदान गरियोस् जसबाट अनिश्चितकाल सम्म कारवाही लम्विने अवस्था नआउने स्थिति बनाउन सकिन्छ,
- बालबालिकालाई साक्षीका रुपमा बकपत्र गराउनु भन्दा पहिले नै अदालती वातावरणसंग परिचित बनाइ अदालती बातावरणलाई सहज बनाउन सकिन्छ,
- कारवाहीमा शिघ्रता अवलम्वन गर्न सकिन्छ,
- कारवाहीका क्रममा बालबालिकालाई अनावश्यक डर र त्रास सिर्जना हुनसक्ने स्थिति प्रति सचेतता अवलम्वन गर्न सकिन्छ,

- बकपत्र गर्दा अभियुक्तको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन सकिन्छ ।

## कानूनी व्यवस्था

| | |
|---|---|
| (४) साक्षीको बकपत्र गराउँदा निज कुनै साक्षीलाई अनुचित, असम्बद्ध वा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोधिएकोमा प्रतिपक्ष तर्फबाट आपत्ति नगरिएको अवस्थामा पनि अदालत स्वयंले त्यस्तो प्रश्न सोध्न मनाही गर्नु पर्दछ । (५) नेपाल सरकार वादी भएको गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै मनासिव कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दवाब परेको वा दबाब पर्ने प्रवल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने र निज प्रतिवादीको कानून व्यवसायी वा निजले रोजेको मानिसको रोहवरमा बकपत्र गराउने गरी अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम २९* |
| (१) यस ऐनअन्तर्गतका मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानूनबमोजिम पाएसरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ । | *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६क* |
| (३) यस नियमबमोजिम साक्षी गवाहलाई उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउने छ । यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी गवाहलाई राजपत्र अनङ्कित प्रथम श्रेणीका सरकारी कर्मचारीले पाएसरहको दैनिक तथा भ्रमण भत्ता दिइने छ । | *सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १५* |

## अन्र्राष्ट्रिय कानूनी व्यवस्था

| | |
|---|---|
| पक्ष राज्यहरु फौजदारी न्यायिक प्रक्रियाको सबै अवस्थाहरुमा पीडित बालबालिकाहरुको हितको संरक्षणका लागि तिनीहरुको निसहायतालाई ध्यानमा राखी साक्षी हुँदाको अवस्थामा पर्ने विशेष आवश्यकताहरु समेतका सन्दर्भमा उपयुक्त उपायहरु अवलम्बन गर्न गर्नेछन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (क)* |

### झ. सुरक्षाको अधिकार

न्यायिक प्रक्रियामा संलग्न हुने पीडित एवं साक्षी बालबालिकाको सुरक्षा प्राय जोखिममा रहेको हुन्छ । पीडित बाहेक साक्षीको कुरामात्र गर्ने हो भने निजको उपस्थितिमा कुनै वारदात घट्न गएकै कारणले मात्र निजले यस्तो जोखिम व्यहोर्नु परेको हुन्छ। अभियुक्तबाट विभिन्न धाकधम्कीको सामना गर्नु पर्ने, बदलाको भयबाट त्रसित हुनु पर्ने तथा विभिन्न दवाबहरु व्यहोर्नु पर्ने अवस्थाहरु हुन्छन् । न्यायिक प्रक्रियामा तिनीहरुको सहभागिता र सहयोगको अपेक्षा गर्ने हो भने पीडित एवं साक्षी बालबालिकाको सुरक्षाको प्रत्याभूति पूर्वशर्त हुन्छ । त्यसैले सुरक्षाको विषयलाई पीडित एवं साक्षी बालबालिकाको अधिकारको रुपमा मान्यता दिइएको छ। सुरक्षाको अधिकारभित्र सूचना र प्रमाणका सन्दर्भमा गोपनीयताको विषय पनि समावेश हुन आउँछ तर पनि सुरक्षाको अधिकार त्यो भन्दा व्यापक छ। यसभित्र मनोवैज्ञानिक सुरक्षाको विषय मात्र नपरेर शारीरिक सुरक्षाको विषय पनि समावेश हुन्छ र साथै यो अधिकार पीडितहरुका हकमा मात्र सीमित नभएर तिनीहरुको परिवारका सदस्यहरु तथा नातेदारहरुसम्म विस्तारित हुन्छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| दफा ५ बमोजिम (मानव बेचबिखन तथा ओसारपसारमा) उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने मनासिव कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ । | *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६* |
| पक्ष राज्यहरु फौजदारी न्यायिक प्रक्रियाको सबै अवस्थाहरुमा पीडित बालबालिकाहरुको अधिकार र हित संरक्षण खातिर तिनीहरु तथा तिनीहरुका परिवार एवं साक्षीको रुपमा समेत वदला र अनुचित दवाबबाट सुरक्षाका लागि उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (च)* |

### ञ. परिपूरणको अधिकार

परिपूरण सबै पीडितहरुलाई प्रदान गरिनु पर्ने अधिकार हो । परिपूरण पीडितहरुप्रति तिनीहरुविरुद्ध गरिएको अपराधको परिणाम स्वरुप पुग्न गएको क्षतिका सम्बन्धमा सम्बोधन गर्न अपनाइने एउटा उपाय हो । यसअन्तर्गत विभिन्न उपायहरु जस्तो प्रतिस्थापन (Restitution), क्षतिपूर्ति (Compensation), पुनर्स्थापना (Rehabilitation) र सन्तुष्टी (Satisfaction) पर्दछन् । यो अधिकार पीडित एवं साक्षी बालबालिकाका हकमा पनि प्राप्त छ ।

**संवैधानिक व्यवस्था**

| | |
|---|---|
| (२) अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ । | *नेपालको संविधान धारा २१* |
| (१०) बालबिवाह, गैरकानूनी ओसारपसार, अपहरण, बन्धक तथा यातना जस्ता कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | *नेपालको संविधान धारा ३९* |

**कानूनी व्यवस्था**

| | |
|---|---|
| कसूरदारको कुनै सम्पत्ति नभई जवरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्तिस्वरुप उचित रकम पीडितलाई भराई दिने गरी आदेश गर्न सक्नेछ । त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्तिबापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ । | *मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० ग नं.* |
| (१) कसूरदारबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ । | *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४* |

**अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

| | |
|---|---|
| अपराधिक कार्यका लागि जिम्मेवार अपराधी या अन्य कुनै तेस्रो पक्षले पीडित, तिनका परिवार वा तिनीहरुमा आश्रितहरुलाई सही प्रतिस्थापन गर्नु पर्नेछ । यस्तो प्रतिस्थापन पीडित हुनु परेको फलस्वरुप पुग्न गएको नोक्सानी भरीभराउ गर्ने, क्षतिको पूर्ति गर्ने वा गुमाइएका सम्पत्ति फिर्ता गर्ने वा हनन् भएका अधिकारहरुको पुनर्स्थापन गर्ने वा सेवाको व्यवस्था गर्ने जस्ता उपायहरु मार्फत गर्न सकिन्छ । | *अख्तियारको दुरुपयोग तथा अपराधका पीडितहरुका निम्ति न्यायका आधारभूत सिद्धान्तहरुको घोषणा, १९८५ को धारा ८)* |
| पक्ष राज्यहरु फौजदारी न्यायिक प्रक्रियाको सबै अवस्थाहरुमा पीडितहरुको अधिकार र हितहरुको संरक्षणका खातिर साक्षीका रुपमा समेत तिनीहरुको विशेष आवश्यकताहरुलाई मान्यता दिनेछन् र पीडित बालबालिकाहरुलाई क्षतिपूर्ति उपलब्ध गराउने कुरामा अनुचित विलम्ब गर्ने छैनन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ८(१) को खण्ड (क) र (छ)* |

| | |
|---|---|
| पक्ष राज्यहरु कुनै अपराधको पीडित बालबालिकाहरुलाई अपराधकर्ताबाट क्षतिपूर्ति भराई पाउने प्रक्रियासम्मको पहुँच सुनिश्चित गर्नेछन् । | *बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० को धारा ९(४)* |

**ट. विशेष निवारक उपायहरु अवलम्वन गराई पाउने अधिकार**

पीडित एवं साक्षी बालबालिकाको कुरा गर्दा यिनीहरु समाजका सबैभन्दा असहाय अवस्थाका व्यक्तिहरु मानिन्छन् । एक पटक पीडित हुनुको मतलव बालबालिकाहरु फेरि पीडित हुनु पर्ने जोखिममा रहनु हो । बालिगहरुसँग कडा रुपमा प्रस्तुत हुने हैसियत यिनीहरुले राख्दैनन् जबकि एक पटक पीडित हुनु परेको कारण यिनीहरुको निसहायता अझ बढ्न जान्छ । त्यसैले पीडित बालबालिकाहरुका हकमा विशेष निवारक उपायहरुको अवलम्बन महत्वपूर्ण हुन आउँछ । लागूऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालयद्धारा जारी अपराधका पीडित एवं साक्षी बालबालिकासम्बन्धी न्याय दिग्दर्शन, २००९ मा यो अधिकारलाई मान्यता दिइएको छ ।

## ६.५ पीडित बालबालिका र न्याय प्रशासन

### ६.५.१ अनुसन्धान

कुनै अपराधिक कार्यका सम्बन्धमा अनुसन्धानको चरणमा हो भने पीडित बालबालिकाहरुप्रति देहायअनुसार गर्न सकिन्छः

**क. पीडितको मौखिक उजुरीका आधारमा तत्काल कारवाही गर्नु पर्ने भएमाः**

- पीडित बालबालिकाप्रति सहानुभूतिपूर्ण व्यवहार गर्ने,
- पीडितको भनाई वा उजुरीलाई पहिलो प्राथमिकतामा राख्ने र कारवाहीमा तदारुकता अपनाइएको छ भन्ने कुराको आभाष दिलाउने,
- पीडितको सुरक्षाको प्रश्न भए त्यसको लागि मुख्य प्राथमिकता दिने र सुरक्षाको बन्दोवस्त गर्ने,
- टेलिफोनबाट उजुरी गरेको रहेछ भने अति आवश्यक भएको अवस्थामा बाहेक टेलिफोन उजुरीलाई नै मान्यता दिने, यथाशक्य उजुरी दर्ता गराउन व्यक्ति नै उपस्थित हुनु पर्ने वाध्यता नपार्ने,
- वारदातस्थलमा तुरुन्त प्रहरी पुग्नु पर्ने अवस्थामा प्रहरी आई पुग्ने समय सहितको सूचना दिने ।

**ख. अनुसन्धान गर्नु पर्ने भएमाः**

- प्रत्येक पटक व्यवहारमा शिष्टता प्रदर्शन गर्ने,
- निजको गोपनीयता कायम राख्ने
- बालबालिकासँग घुलमिल हुन सक्ने वा त्यससम्बन्धी तालीम प्राप्त कर्मचारी खटाउने,
- अनुसन्धानमा भएको चरणवद्ध प्रगति बारे जानकारी गराउने,
- सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी आवश्यकताअनुसार सुरक्षाको प्रबन्ध मिलाउने,
- पीडितको सहयोगका लागि उपलब्ध सबै सेवाहरुमा निजको पहुँचको सुनिश्चितता गर्ने,
- अनुसन्धानको चरणदेखि न्यायिक प्रक्रियाको हरेक चरणमा निजबाट अपेक्षित भूमिका र सहयोगबारे जानकारी गराउने,
- अभियोजन हुन सक्ने र नसक्ने अवस्था तथा अभियोजन हुँदाका अवस्थामा पनि सफलता मिल्ने वा नमिल्ने अवस्थाका बारेमा सुसूचित गराउने,
- पुनर्पिडित हुनु पर्ने अवस्थाबाट बच्ने उपायका बारेमा जानकारी गराउने,
- दशीका रुपमा वरामद गरिएका निजको सम्पत्ति तथा वस्तुहरु यथाशक्य छिटो फिर्ता दिलाउने ।

**६.५.२ अभियोजन**

सामान्यतया नेपालमा अभियोजन पक्षको भूमिका प्रहरीले अनुसन्धान गरेर ल्याएको राय सहितको प्रतिवेदनलाई अभियोगपत्रको रुपमा तयार गरेर अदालतमा दायर गर्ने, अदालतले खोजी गरेका बखत सरकारी साक्षीलाई अदालतमा उपस्थित गराउने र मुद्दा पेशीका दिनमा बहस गर्ने कार्यहरुमा सिमित रहेको पाइन्छ । खास गरेर पीडित बालबालिका र साक्षीका सम्बन्धमा कुनै विशेष भूमिका रहेको पाइदैन । तर सरकार वादी हुने मुद्दाहरुमा अदालतमा सरकारी पक्षको प्रतिनिधित्व गर्ने अधिकारीको रुपमा पीडित एवं साक्षी बालबालिकाको संरक्षण तथा न्यायिक प्रक्रियामा तिनीहरुको सहयोग र सहभागिता सुनिश्चित गर्ने कार्यमा महत्वपूर्ण भूमिका रहन सक्दछ । मुद्दाको अनुसन्धानदेखि सोको फैसला नभएसम्म पीडितप्रति राज्यको निरन्तर सहयोग र समर्थन रहेको कुराको विश्वास दिलाउन पनि अभियोजनको जिम्मेवारी लिएको सरकारी न्यायाधिवक्ताको भूमिका महत्वपूर्ण रहन्छ । किनभने सरकारी वकीलले आफू सरकारको प्रतिनिधि हुँदा हुँदै पनि अपराधको प्रत्यक्ष पीडामा परेको व्यक्ति पीडित हो भन्ने कुरा बुझ्नु पर्दछ । मौजुदा कानूनी व्यवस्थाअन्तर्गत नै रहेर पनि सरकारी न्यायाधिवक्ताबाट देहायको भूमिका खेल्न सक्ने देखिन्छः

- पीडित एवं साक्षी बालबालिकासम्बन्धी तालीम प्राप्त न्यायाधिवक्ताबाट मुद्दा हेर्ने,
- मुद्दाको शुरुदेखि अन्तसम्म एउटै सरकरी वकीलले जिम्मा लिने (Vertical prosecution) प्रणाली अपनाउने,
- पीडित र साक्षी बालबालिकाप्रति सहानुभूतिपूर्वक र आदरपूर्ण व्यवहार गर्ने,
- के कुन अभियोग लगाइयो भन्ने कुराको जानकारी पीडितलाई गराउने,
- मुद्दा नचल्ने निर्णय भएकोमा सोको जानकारी गराउने,
- मुद्दाको कारवाहीको क्रममा पीडित बालबालिकाबाट अपेक्षित भूमिकाका बारेमा सहयोगको सुनिश्चितता लिने,

- कारवाहीको चरणबद्ध जानकारी दिएर मुद्दाको कारवाहीमा निजको निरन्तर सहभागिता सुनिश्चित गर्ने,
- अभियोगपत्र दायर गर्दा पीडितलाई पुग्न गएको क्षतिको मूल्याङ्कन गरेर क्षतिपूर्तिको निश्चित अङ्कसहित दावी गर्ने,
- अभियोगपत्र दायर भएपछिको अवस्थामा पनि पीडितलाई सुरक्षा आवश्यक परे प्रहरीसँग समन्वय गरी आवश्यक सहयोगको प्रबन्ध गर्ने,
- अदालतमा बकपत्र हुने दिन निजहरुको सुरक्षा एवं गोपनीयताको व्यवस्थाका लागि अदालतमा उपयुक्त प्रबन्ध मिलाउन समन्वयका लागि पहल गर्ने,
- अदालतमा बन्द इजलासको व्यवस्थाका लागि समन्वय गर्ने,
- बकपत्र हुँदा बालमैत्री वातावरण कायम गर्ने दिशामा सहयोग र समन्वय गर्ने,
- 'Witness alert' कार्यक्रम सञ्चालन गर्न सकिन्छ ताकि छोटो समयको सूचना मै पनि पीडितलाई साक्षीको रुपमा अदालतमा उपस्थित गराउन सकियोस्,
- साक्षीको रुपमा उपस्थितिको लागि समन्वय गर्न सकिन्छ जस्तो साक्षी उपस्थितिको लागि सूचना गरेर, बकपत्र छिटो सकिने गरी अदालतमा समय मिलाएर, आउने जाने यातायात खर्चको व्यवस्था मिलाएर र अन्य आवश्यक सहयोगका लागि समन्वय गरेर,
- इजलास परिचय कार्यक्रम (witness familiarization programme) सञ्चालन गरेर बकपत्र हुनुभन्दा अगाडि नै इजलासको वातावरणसँग परिचित गराउन सकिन्छ
- पीडितले पाउने क्षतिपूर्ति भराई पाउन निवेदन लेखी दिने लगायतको सहयोग गर्न सकिन्छ ।
- शुरु तहको जिल्ला अदालतबाट फैसला भइसकेपछि पनि फैसलाको जानकारी गराउने, पुनरावेदनको प्रक्रियाका बारेमा जानकारी गराउने गर्न सकिन्छ ।

### ६.५.३ न्यायिक सुनुवाई

पीडित बालबालिका भएका सरकारवादी फौजदारी मुद्दाहरुमा सम्बन्धित सरकारी वकील कार्यालयबाट अभियोगपत्र दायर भएपछि अदालतमा सुनुवाईको प्रक्रिया प्रारम्भ हुन्छ । अदालतको संस्थागत प्रकृतिले पनि सबैप्रति निष्पक्ष रहनु पर्ने हुँदा मुद्दामा संलग्न सबै पक्षको अधिकारप्रति उत्तिकै संवेदनशील हुनु जरुरी हुन्छ । तथापि व्यवहारमा पीडितहरुप्रतिको संवेदनशीलतामा त्यति सजगता अपनाइएको पाइदैन । पीडितहरुप्रति देहायअनुसार गर्न सकिन्छः

- सुरक्षा आवश्यकता परेका पीडित बालबालिकाहरुका निम्ति सुरक्षा प्रबन्धका लागि आवश्यक उपाय अवलम्बन गर्ने,
- बकपत्रका बखत अभियुक्तसँग प्रत्यक्ष सम्पर्क नहुने गरी closed-circuit television को प्रयोग गर्ने,
- पीडित बालबालिकाप्रति अभियुक्तको अनुचित प्रभाव पर्न सक्ने स्थितिप्रति सचेत रही आवश्यक उपाय अपनाउने,

- अदालती वातावरणमा व्यहोर्नु पर्ने असहजतालाई ध्यानमा राखी यथाशक्य छिटो कार्य सम्पन्न गरी मुक्त गर्ने,
- अपराधबाट पुग्न गएको हानी वा क्षति निर्धारणमा सहयोग पुगोस् भन्ने हेतुले पीडितसँग सम्बन्धित जानकारी लिने,
- पीडितको अधिकारहरुका सम्बन्धमा अदालतले देहायअनुसार गर्न सक्छः
  - » पीडितहरुलाई आदर र सम्मान गर्ने,
  - » पीडित एवं साक्षी बालबालिकालाई तिनीहरुको अधिकारबारे सुसूचित गर्ने,
  - » मुद्दाको कारवाही अवस्थाका बारे जानकारी गराउने,
  - » कारवाहीका सिलसिलामा पीडक थुनामा रहेको वा तारिखमा रहेको के छ सोका बारे जानकारी गराउने,
  - » विशेष सहयोग सेवा उपलब्ध गराउने जस्तोः
    - ○ पीडित तथा साक्षी बालबालिकाका निम्ति छुट्टै प्रतिक्षा कक्षको व्यवस्था,
    - ○ अदालती प्रक्रियामा सहभागी हुँदाका बखत नेपाली भाषा नबुझ्ने पीडित तथा साक्षी बालबालिकाका लागि दोभाषेको व्यवस्था,
    - ○ On-call system ताकि अदालतमा अनावश्यक रुपमा धाइरहन नपरोस्,
    - ○ दशी लगायतका चिजवस्तु यथाशक्य छिटो फिर्ता गर्ने,
    - ○ सुरक्षा जोखिममा रहेका साक्षी बालबालिकाहरुका निम्ति विशेष संरक्षण एवं सवारी सुविधाको व्यवस्था,
    - ○ अदालती प्रक्रियामा पीडित तथा साक्षी बालबालिकाको सहभागिताको महत्व बुझाउने,
    - ○ पीडित तथा साक्षी बालबालिकाका निम्ति बाल स्याहार सेवाको व्यवस्था,
    - ○ आकस्मिक सेवा, परामर्श सेवा तथा सहयोग सेवाको व्यवस्था,
    - ○ जवरजस्ती करणीका पीडित वा अन्य यस्तै पीडितहरुका लागि निजहरुको स्वास्थ्य परीक्षण गर्दा थप शुल्क नलाग्ने कुराको जानकारीको व्यवस्था,
    - ○ साक्षी बकपत्र गर्दा कुनै दस्तुर वा शुल्क नलाग्ने व्यवस्था ।
  - » पीडितको सहभागिता सुनिश्चित गर्नेः सामान्यतया प्रचलित कानून तथा नियमले निषेध गरेकोमा देखि बाहेक पीडित बालबालिकाका तर्फबाट चाहेमा देहायको कारवाहीमा पीडित वा निजको अभिभावकलाई सहभागी गराउन सकिन्छः
    - ○ थुनछेकको कारवाहीमा

- पेशीको करवाहीमा
- पीडित र पीडक बीच गराइने कुनै मेलमिलाप छलफलमा
- फैसला हुँदाको पेशीमा

» पीडितको साथमा रहने सहयोगी व्यक्ति

- न्यायिक प्रक्रियामा पीडित बालबालिकाको सहभागितालाई प्रोत्साहित गर्न संभव भएसम्म पीडितसँग निजले रोजेको व्यक्ति साथमा लिएर आउन अनुमति दिने, इजलासको कारवाही नसकिएसम्म पीडितका अभिभावकलाई इजलास कोठामै निजसँग रहन अनुमति दिने ।

» पीडित बालबालिका तथा पीडित बालबालिका नै साक्षी रहेको अवस्थामा निजहरुको ठेगाना र परिचयात्मक विवरणको गोपनीयता कायम राख्ने,

» मुद्दाको कारवाही र किनारा छिटो छरितो गरी टुङ्ग्याउने,

» प्रतिवादी पक्षबाट सिधा प्रश्न राख्न मनाही गर्ने,

» प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने,

» छुट्टै प्रतिक्षा कक्षको व्यवस्था गर्ने र बालमैत्री वातावरणको लागि आवश्यक व्यवस्था गर्ने,

» बन्द इजालासमा सुनुवाई हुने प्रबन्ध मिलाउने,

» बालबालिकाको उमेरजन्य संवेदनशीलता अपनाउने,

» दोभाषेको व्यवस्था गर्ने ।

# अनुसूचीहरू

## अनुसूची १
फैसला ढाँचा

.................. जिल्ला अदालत
माननीय न्यायाधीश श्री ................................बाट भएको
फैसला

उपस्थितिः
बालमनोवैज्ञानिकः श्री ...........................
समाजसेवीः श्री ................................

सम्वत् ............. को बालबिज्याँई
दर्ता नंः
दर्ता मितिः
निर्णय नंः
मुद्दाः .......................... सम्बन्धी
बालबिज्याँई

वादीको नाम, थर र वतन ................................................ .......

प्रतिवादीको नाम, थर र वतन ...............................................

ऐ.ऐ.को साक्षी
..............................................१
............................................. १

ऐ.ऐ.को साक्षी
..........................................१
........................................ १

प्रमाण कागज
................................................
................................................

प्रमाण कागज
...................................
...................................

अदालतबाट बुझेको
साक्षीः

प्रमाण कागजः

कानून व्यवसायी

| वादीको तर्फबाट | प्रतिवादीको तर्फबाट |
|---|---|
| .............................................. | .............................................. |
| .............................................. | .............................................. |

अविलम्बित नजिर

.....................................................................................................

.....................................................................................................

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार रहेको छः

तथ्य खण्ड

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

..............................................................................................

१) जाहेरी वा प्रतिवेदन, घटनास्थल प्रकृति, प्रतिवादीको बयान, उमेरको प्रमाण, अनुसन्धानका क्रममा बुझिएका वा सङ्कलन गरिएका सबुद दशी प्रमाण, घटना विवरण कागज, शारीरिक वा मानसिक परीक्षण प्रतिवेदन, सामाजिक अध्ययन प्रतिवेदन एवं अन्य प्रमाण कागजहरुको क्रमवद्ध सारसंक्षेप ।

२) अभियोग मागदावीको संक्षिप्त विवरण ।

३) प्रतिवादीको इजलासमा भएको बयानको सारसंक्षेप ।

४) पुर्पक्षको आदेश, अभिभावक वा अन्य सामाजिक संस्थाको जिम्मा लगाएको वा बाल सुधार गृहमा राख्न पठाएकोमा तत् तत् व्यक्ति वा संस्थाले दिएको प्रगति विवरण प्रतिवेदन ।

५) सम्बन्धित पक्षका गवाह, साक्षी एवं विशेषज्ञको बकपत्र ।

ठहर खण्ड

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

१) सम्बन्धित पक्षको कानून व्यवसायीको परिचय र बहस जिकिरहरु
२) ठहर गर्नु पर्ने विषय
३) अभियोग दावी, प्रतिवादीको बयान, दुबै पक्षको साक्षी गवाहहरुको बकपत्र लगायतका तथ्य सबुद प्रमाणहरुको मूल्याङ्कन
४) समाजसेवी तथा बालमनोवैज्ञानिकको राय एवं सोको विश्लेषण
५) आरोप प्रमाणित हुने वा नहुने आधार र कारणहरु
६) ठहर गर्दा लिइएका तथ्यगत एवं कानूनी आधार र कारणहरु
७) सजाय तथा क्षतिपूर्ति निर्धारणका आधार, कारण र सोको प्रक्रिया
८) सजाय तथा क्षतिपूर्ति निधारण (झुठा बकपत्र गर्नेलाई समेत)
९) सुधार एवं पुनर्स्थापनाका वैकल्पिक उपायहरु
१०) अन्य विशेष केही भए सो कुराहरु

तपसिल खण्ड

.......................................................................................................
.......................................................................................................
.......................................................................................................
...............................................................................................

१) माथि ठहर खण्डमा लेखिएबमोजिम यस्तो ठहर भएकोले यसो गर्नु
२) म्यादभित्र पुनरावेदन गर्नु
३) मिसिल अभिलेख शाखामा बुझाई दिनु ।

माननीय जिल्ला न्यायाधीश ज्यूले बोलि टिपाउनु भएबमोजिम टिपी तयार गर्ने कर्मचारीको नाम, दर्जा र पुच्छे सही

..............
न्यायाधीश
(दस्तखत र अड्डाको छाप)

ईति सम्वत् .......... साल ..........महिना ....... गते .............. रोज .......... शुभम्......।

## अनुसूची २

बाल इजलासमा सहभागी बालविशेषज्ञ वा बालमनोवैज्ञानिकबाट पेश गरिने राय प्रतिवेदनको नमूना

१. **व्यक्तिगत विवरण (मिसिलबाट प्राप्त विवरण)**

(क) नामः

(ख) ठेगानाः

स्थायीः

अस्थायीः

(ग) उमेरः

(घ) लिङ्गः

२. **मुद्दाको संक्षिप्त विवरण (मिसिलबाट प्राप्त विवरण)**

(क) बिज्याँईको प्रकृतिः

(ख) आरोप र सजायको मागदावीः

(ग) बालबालिका पीडित भए सोको जानकारीः

........................................................................................................

........................................................................................................

३. **सामाजिक अध्ययन प्रतिवेदनको छानविन/अध्ययनको निष्कर्ष (खण्ड ग)**

(क) संवेगात्मक तथ्यः

(ख) वौद्धिक क्षमता वा स्तरः

(ग) बालकलाई सुधारका लागि सुझावः

४. **बालबिज्याँईको मनोवैज्ञानिक पक्षको लेखाजोखा**

(क) बालबिज्याँईको कारणः परिस्थितिजन्य वा प्रवृतिगत

........................................................................................................

........................................................................................................

........................................................................................................

..................................................................

(ख) बालबालिकाको संज्ञानात्मक वा नैतिक विकास उमेर सापेक्ष भएको नभएको,

(ग) बिज्याँई गरेकै कारण पश्चाताप, हिनतावोध, लज्जाबोध, आत्मवोध, गरेको नगरेको,

(घ) बिज्याँई पुनरावृत्ति हुन सक्ने, नसक्ने सम्भावना,

(ङ) बिज्याँईका कारण उब्जेका मनोसामाजिक असरहरुः

- राती निद्रा राम्रोसँग लाग्ने नलाग्ने,
- डर (के कुराको डर लागेको हो, उल्लेख गर्ने)
- चिन्ता (आफ्नो बारेमा, अरुको बारेमा, घटनाका बारेमा, शिक्षाका बारेमा, भविष्यप्रति आदि)
- दुखित भएको/पीर मानेको नमानेको,
- डर लाग्दा सपना देख्ने गरेको नगरेको,
- शंकालु, झर्किने, असहाय अनुभव गरेको,
- साथीसंङ्गतीहरुसँग उठवस गर्न चाहेको नचाहेको,
- आत्महत्याबारे सोच भए/नभएको,
- अन्य केहि भए उल्लेख गर्ने ।

(च) बालबालिकाका इच्छा, चाहना, रुचि, अभिरुचि, चासो, भविश्यका योजना ।

..........................................................................................

..........................................................................................

५. **बिज्याँईसम्बन्धी अभिभावकसँग अन्तरक्रिया**

(क) विकासात्मक चरणहरु (Developmental Landmarks) सम्बन्धी जानकारी

..........................................................................................

..........................................................................................

(ख) बालबालिकाको परिवारप्रतिको अवधारणा, परिवारका सदस्यहरु सँगको सम्बन्ध र आशक्ति (Attachment) सम्बन्धी जानकारी,

..........................................................................................

..........................................................................................

(ग) बालबालिकाको स्वभावः

- झोक्किने, आवेशमा आउने, रिस थाम्न नसक्ने,
- लजाउने, शर्माउने, आफ्नो कुरा अभिव्यक्त गर्न नसक्ने,
- ध्यान केन्द्रित गर्न, एकाग्रता कायम गर्न, स्थीर बस्न सक्ने नसक्ने,
- सुरो, उक्सिने, फुर्किने,
- पारिवारिक, सामाजिक, धार्मिक मूल्य मान्यताहरुसँग समायोजन गर्न सक्ने, नसक्ने,
- विद्यालयमा साथिहरुसँग घुलमिल हुन सक्ने नसक्ने, साथीहरुको नेतृत्व गर्ने नगर्ने,
- नविन परिस्थितिमा सजिलै घुलमिल हुन सक्ने नसक्ने ।
- अन्य केहि भए उल्लेख गर्ने ।

(घ) बुद्धिको तहः आफ्नो उमेर समुहका साथीहरुको तुलनामा बुद्धिको तह (सामान्य, मन्द, तीक्ष्ण) आँकलन गर्ने ।

(ङ) स्वास्थ्यसम्बन्धी जानकारीः टाउकोमा चोटपटक काटिएको घाउँ वा दाग, मुर्छा पर्ने, श्रवण क्षमता, दृष्टि क्षमता, स्नायू जन्य रोग वा समस्या भएको नभएको आदि ।

**६. बालबालिकाको सवल र दुर्वल पक्ष (प्राप्त जानकारीका आधारमा)**

| **सवल पक्ष** | **दुर्वल पक्ष** |
|---|---|
| तीक्ष्ण | सामान्यभन्दा कम |
| सहनशील | झोक्किने |
| | |
| | |

**७. सरकारी वकीलले कसूर प्रमाणित गर्न लिएको जिकिरका आधारहरु तथा मागदावी र प्रतिरक्षी कानून व्यवसायीले लिएको जिकिरका आधारहरु**

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**८. बिज्याँईको मनोवैज्ञानिक पक्षको लेखाजोखा, बिज्याँईका कारण उब्जेका मनोसामाजिक असरहरु, बालबालिकाको सवल र दुर्वल पक्षहरु र सुधारात्मक उपायहरु सहितको संक्षिप्त ब्यहोराको राय**

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**नाम :**

**बालविशेषज्ञ ⁄ बालमनोवैज्ञानिक**

## अनुसूची ३

बाल इजलासमा सहभागी हुने समाजसेवी/सामाजिक कार्यकर्ताबाट पेश गरिने राय प्रतिवेदनको ढाँचा

१. **व्यक्तिगत विवरण (मिसिलबाट प्राप्त विवरण)**

(क) नामः

(ख) ठेगानाः

स्थायीः

अस्थायीः

(ग) उमेरः

(घ) लिङ्गः

२. **मुद्दाको संक्षिप्त विवरण (मिसिलबाट प्राप्त विवरण)**

क) बिज्याँईको प्रकृतिः

ख) आरोप र सजायको मागदावीः

ग) बालबालिका पीडित भए सोको सामाज्य जानकारी

३. **सामाजिक अध्ययन प्रतिवेदनको छानविन/अध्ययनको निष्कर्ष (खण्ड ग)**

क) संवेदनात्मक तथ्यः

ख) शारीरिक अवस्थाः

ग) बौद्धिक क्षमता वा स्तरः

घ) सामाजिक तथा आर्थिक पक्षः

ङ) समस्या देखिनुका कारक तत्वः

च) आपराधिक प्रवृत्ति बढ्नुको कारणः

छ) बालकलाई सुधारका लागि सुझावः

३. **कानूनको विवादमा परेका बालबालिकासँग छलफल (कुराकानीका आधारमा) तथा परामर्श**

(क) पारिवारिक पृष्ठभूमि (पारिवारिक संख्या, परिवारका सदस्यहरुको पेशा, खान पुग्ने वा नपुग्ने, पारिवारका सदस्यहरु पहिले बिज्याँई गरे नगरेको, र परिवारजनप्रति बालबालिकाको दृष्ट्रिकोण के छ?

(ख) शैक्षिक पृष्ठभूमिः

(ग) स्कुल छाडेको भए सोको कारणः

(घ) साथिसंगतको पृष्ठभूमिः

(ङ) रुचिः

(च) साथीभाइहरु मध्ये कोहि बिज्याँईमा परेको वा नपरेकोः

(छ) वर्तमान स्वास्थ्य स्थितिः

(ज) बिज्याँईका कारण मानसिक आधात, डर, त्रास, आदिः

(ञ) पारिवारसँग सम्पर्कमा रहेको नरहेको:

(ट) बिज्याँईसम्बन्धी विवरण (उक्त घटना के कसरी भएको हो र कारणसहित जानकारी लिने)

.....................................................................................

.....................................................................................

.....................................................................................

(ठ) बिज्याँईको पश्चाताप, हिनतावोध, आत्मग्लानी गरे नगरेको:

(ड) बालबालिकाको हाउभाउ/बोलिचाली, भेषभुषाको सुक्ष्म अवलोकन:

(ढ) बालबालिकाले खाएका/नखाएको सुतेका/नसुतेको तथा अन्य तत्कालिन भोगि रहेको समस्याहरु:

(ण) परिवारप्रति बालबालिकाको धारणा,

(त) बालबालिका तत्कालिन बसेको ठाँऊ (बाल सुधार गृह वा अन्य) मा केहि समस्याहरु भए सोको जानकारी:

**४. कानूनको विवादमा परेको बालबालिकाको अभिभावकसँग छलफल/विमर्श**

(क) आचरण:

(ख) अभिरुचि:

(ग) पढाईको स्थिति:

घ) घटनापश्चात् बालबालिकाप्रतिको दृष्टिकोण:

(ङ) बालबालिकालाई परिवारले जिम्मा लिने/नलिने स्थिति:

(च) अभिभावक वा विद्यालयको जिम्मामा छाडिदिँदा आउन सक्ने जोखिमहरु:

(छ) पुर्नबिज्याँईमा पर्नसक्ने सम्भावनाहरु:

**५. सरकारी वकीलले कसूर प्रमाणित गर्न लिएको जिकिरका आधारहरु तथा मागदावी र प्रतिरक्षी कानून व्यावसायीले लिएको जिकिरका आधारहरु**

.....................................................................................

.....................................................................................

.....................................................................................

**६. बालकमा देखिएको समस्या, बिज्याँईमा पर्नुको मुख्य कारण र सुधारात्मक उपायहरुसहितको संक्षिप्त व्यहोराको राय**

.....................................................................................

.....................................................................................

.....................................................................................

राय प्रतिवेदन पेश गर्ने समाजसेवीको

नाम :

# बालबालिकासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरू

# बालबालिकासम्बन्धी ऐन, २०४८

## बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**

बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरुको शारीरिक, मानसिक र वौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव**को शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बालबालिकासम्बन्धी ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन नेपाल सरकार[1]ले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ[2] ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "बालक" भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ ।

(ख) "संरक्षक" भन्नाले बालकको संरक्षण गर्नको निमित्त दफा २२ बमोजिम नियुक्त भएको संरक्षक सम्झनु पर्छ ।

(ग) "बालकल्याण समिति" भन्नाले बालकहरुको संरक्षण तथा कल्याणको लागि दफा ३२ बमोजिम गठन गरिएको केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समिति सम्झनु पर्छ ।

(घ) "बालकल्याण अधिकारी" भन्नाले दफा ३३ बमोजिम नेपाल सरकार[3]द्वारा नियुक्त भएको बालकल्याण अधिकारी सम्झनु पर्छ र सो शब्दले निजको काम गर्न तोकिएको अन्य कुनै व्यक्ति वा कर्मचारीलाईसमेत जनाउँछ ।

---

१ केही नेपाल कानून संशोधन गर्ने ऐन २०६३ द्वारा रुपान्तरण

२ नेपाल राजपत्र, २०५०/१/१ अतिरिक्ताङ्क १ को सूचनाअनुसार नेपाल राज्यभर २०५० साल वैशाख १ गतेदेखि लागू भएको

३ केही नेपाल कानून संशोधन गर्ने ऐन २०६३ द्वारा रुपान्तरण

(ङ) "बेवारिस बालक" भन्नाले त्यस्तो बालक सम्झनु पर्छः
(१) जसको हेरचाह गर्नको निमित्त बाबुआमा वा परिवारको अन्य कुनै सदस्य छैन ।
(२) जसको बाबुआमा वा परिवारका सदस्य भए पनि तिनीहरुबाट तिरस्कृत भएको छ ।
(३) जसको जीविकोपार्जनको कुनै श्रोत छैन ।

(च) "बालकल्याण गृह" भन्नाले बेवारिस बालकको पालनपोषणको निमित्त नेपाल सरकारले दफा ३४ बमोजिम स्थापना गरेको बालकल्याण गृह सम्झनु पर्छ ।

(छ) "बालकल्याण गृह प्रमुख" भन्नाले बालकल्याण गृहको प्रमुखको हैसियतले काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको काम गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "बाल सुधार गृह" भन्नाले दफा ४२ बमोजिम नेपाल सरकारले स्थापना गरेको वा सो प्रयोजनको निमित्त उपयोगमा ल्याएको सुधार गृह सम्झनु पर्दछ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## बालकहरूको हक अधिकार

३. **बालकको नाम राख्ने र जन्ममिति कायम गर्नेः** (१) प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, सँस्कृति र चलनअनुसार बालकको नाम राखी दिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले नाम राखी दिनु पर्छ ।

(२) कुनै बालकको जन्ममिति पत्ता लाग्न नसकेकोमा त्यस्तो बालकलाई पाल्ने व्यक्ति वा संस्थाले दर्तावाल चिकित्सकको राय लिई निजको जन्ममिति कायम गरिदिनु पर्छ । अन्यथा प्रमाणित नभएसम्म सोही मितिलाई बालकको जन्ममिति मानिनेछ ।

४. **पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकारः** (१) बाबुआमाले आफ्नो परिवारको आर्थिक अवस्थाअनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जन सुविधाहरुको व्यवस्था पनि गर्नु पर्छ ।

(२) बाबुआमा वा संरक्षकले आफ्ना बालकलाई रोगबाट बचाउन दिनु पर्ने खोपहरु दिलाउनु पर्छ । यस कार्यमा स्थानीय निकायहरु र नेपाल सरकारका सम्बद्ध निकायहरुले सहयोग गर्नु पर्छ ।

(३) गर्भिणी र सुत्केरी अवस्थाका आमाहरुको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा नेपाल सरकारले सहयोग गर्नु पर्छ ।

(४) बाबुआमाको लागि प्रतिरोधात्मक र प्रतिकारात्मक स्वास्थ्य स्याहार, परिवार नियोजनसम्बन्धी सरसल्लाह शिक्षा र सेवाहरुको व्यवस्था मिलाउन नेपाल सरकारले सहयोग गर्नु पर्छ ।

५. **पालनपोषण आदिमा छोरा वा छोरी तथा छोराछोरा वा छोरीछोरीमा भेदभाव गर्न नहुनेः** बालकको पालनपोषण शिक्षा था स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

६. **बैवाहिक सम्बन्ध हुनु अघि वा पछि जन्मेका बालक वा धर्मपुत्र वा आफूले जन्माएको बालकको बीच भेदभाव गर्न नहुनेः** (१) कुनै स्त्री पुरुषको बीचमा बैवाहिक सम्बन्ध कायम हुनु अघि वा बैवाहिक सम्बन्ध कायम भइसकेपछि जन्मेका बालकहरुको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।

(२) आफूले जन्माएको बालक तथा आफूले राखेको धर्मपुत्र वा धर्मपुत्रीको बीच कुनै किसिमको भेदभाव गर्नु हुँदैन ।

७. **क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुनेः** बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्नु हुँदैन । तर बाबुआमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन ।

८. **भेटघाटको सुविधा दिनु पर्नेः** (१) बैवाहिक सम्बन्ध विच्छेद भई वा अरु कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसँग बसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बाबुसँग समयसमयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनु पर्नेछ । तर त्यसरी बाबु वा आमासँग भेटघाट गर्न वा बस्न दिँदा बालकको हितको प्रतिकूल हुने कुनै मनासिव कारण भएमा त्यस्तो भेटघाटको वा साथ बस्ने सुविधा दिनबाट अदालतले रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाबुआमासँग भेटघाट गर्ने पटक वा साथ बस्ने अवधिको सम्बन्धमा बाबु र आमाको बीच मतैक्य हुन नसकेमा अदालतले तोकेको पटक वा अवधिको निमित्त भेट गर्न वा साथ बस्न दिनु पर्नेछ ।

९. **धर्मपुत्र र धर्मपुत्रीले आफ्नो बाबुआमासँग भेटघाट, पत्राचार गर्न पाउनेः** कानूनको रीत पुऱ्याई कसैको छोरा वा छोरीलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले चाहेमा तिनीहरुलाई जन्म दिने बाबुआमासँग नियमित रुपमा भेट गर्न वा पत्राचार गर्न दिनु पर्छ ।

१०. **आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउनेः** कुनै औपचारिक कामकारवाही वा लिखतमा कानूनबमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्नेछ । बाबु र आमा दुवै पत्ता नलागेको बालकको

हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबुआमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ ।

११. **बालक र आपराधिक दायित्व** : (१) कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।

(२) बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।

(४) बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुन्छ ।

१२. **अयोग्यता वा पटक कायम नहुनेः** (१) कुनै अपराध गरेको कारणबाट कानूनबमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस्तो किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिने छैन ।

(२) सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिने छैन ।

(३) बालकले एउटै अपराध एक पटकभन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिने छैन ।

१३. **माग्ने काममा लगाउनु वा मुड्न नहुनेः** (१) धार्मिक वा साँस्कृतिक रीतिस्थितिको पालन गर्दा बाहेक कुनै पनि बालकलाई भिक्षा माग्ने काममा लगाउनु हुँदैन ।

(२) सन्यासी, भिक्षु र फकिर बनाउने उद्देश्यले कुनै पनि बालकलाई मुड्नु हुँदैन र मुडेको भए पनि त्यसलाई कानूनी मान्यता प्राप्त हुने छैन ।

(३) यो ऐन प्रारम्भ हुनु अघि सन्यासी, भिक्षु वा फकिर बनाइएको बालकले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन ग्रहण गर्न सक्नेछ ।

१४. **देवी देवताको नाउँमा बालकलाई चढाउनु नहुनेः** (१) कसैले आफ्नो वा अरु कसैको बालकलाई किनी वा कुनै प्रलोभन दिई वा अरु कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाउँमा चढाउनु वा समर्पण गर्नु हुँदैन ।

(२) कसैले पनि आफ्नो बालकलाई उपदफा (१) को प्रयोजनको लागि कुनै रकम लिई कसैलाई बिक्री गरी दिन वा अरु कुनै प्रकारले हस्तान्तरण गरी दिन हुँदैन ।

(३) कुनै पनि देवस्थलका पण्डा, पुजारी, धामी वा मुखियाले उपदफा (१) बमोजिमको काम गर्न कसैलाई पनि प्रोत्साहन दिनु हुँदैन र कसैले कुनै बालकलाई कुनै देवी देवताको मन्दिरमा चढाउन वा समर्पण गर्न ल्याएमा सोबमोजिमको धार्मिक विधिविधान आफैले सम्पन्न गर्न वा अरुलाई पनि सो गर्ने अनुमति दिनु हुँदैन ।

(४) यो ऐन प्रारम्भ भएपछि उपदफा (१), (२) र (३) को बर्खिलाप कुनै काम भए गरेको रहेछ भने सो काम नभएसरह मानी बालकका बाबुआमा वा ती नभएमा निजको परिवारका सदस्यले नै त्यस्तो बालकलाई आफूसाथ राखी परिवारका अन्य सदस्यसरह पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत सोह्र वर्ष उमेर नपुगेको उपदफा (१) र (२) मा लेखिएको बालकलाई निजको बाबु, आमामध्ये जो जिवित छन् तिनैले त्यस्तो बालकको पालनपोषण गर्नु पर्नेछ ।

१५. **कठोर सजाय दिन नहुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन ।

१६. **बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुनेः** (१) कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन ।

(२) बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्नु हुँदैन ।

(३) कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्नु हुँदैन ।

(४) बालकलाई मादक पदार्थ लागूऔषध वा यस्तै अन्य नशालु पदार्थको बिक्री वितरण वा ओसारपसार गर्ने काममा लगाउनु हुँदैन ।

१७.[1]

१८.[2]

१९. **कानून व्यवसायी नभएमा बालकको मुद्दाको कारवाही किनारा नहुनेः** (१) कुनै बालकको विरूद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन ।

---

१ बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ द्वारा खारेज

२ बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ द्वारा खारेज

(२) उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ ।

२०. **हकको प्रचलनः** (१) यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनको लागि बालकको तर्फबाट जो सुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा सम्बन्धित अदालतले जाँचबुझ गरी मनासिव आज्ञा आदेश वा पूर्जी जारी गरी हकको प्रचलन गराई दिन सक्नेछ । तर दफा ८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम बालकको भेटघाट वा बसाईमा रोक लगाउने कुरामा सम्बन्धित बालकको बाबु वा आमाको निवेदनको आधारमा मात्र त्यस्तो कारवाही चलाउन र आदेश दिन सक्नेछ ।

(२) कसैले यस परिच्छेदद्वारा प्रदत्त अधिकारमा आघात पुऱ्याएबाट कसैलाई कुनै क्षति पुग्न गएको रहेछ भने अदालतले उपदफा ९ र १० बमोजिम आज्ञा, आदेश वा पूर्जी जारी गर्दा मनासिव माफिकको क्षतिपूर्ति भराउने निर्णय पनि गर्न सक्नेछ ।

## परिच्छेद-३
## बालकको संरक्षण र संरक्षकको व्यवस्था

२१. **एकाघरका कोही नहुने बालकको हेरचाह र निजको सम्पत्तिको जिम्माः** (१) कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बालकल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालकको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्छ । त्यस्तो व्यवस्था मिलाउँदा सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाई दिनु पर्छ । त्यस्तो नातेदार कोही नभएमा सो बालकको पालनपोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ । बालकको पालनपोषणको जिम्मा लिने कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा त्यस्तो बालकलाई नजिकको बालकल्याण गृहमा बुझाई दिनु पर्छ ।

(२) उपदफा (१) मा उल्लिखित बालकको कुनै सम्पत्ति भएमा बालकल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यसको फाँटवारी तयार गरी त्यसमा कम्तीमा दुई जना स्थानीय व्यक्तिलाई साक्षी राखी त्यसको एक प्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनु पर्छ ।

(३) उपदफा (२) बमोजिम तयार पारिएका फाँटवारी र सोबमोजिमको सम्पत्ति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बालकल्याण गृहलाई कागज गराई जिम्मा लगाई दिनु पर्छ । बालकको सम्पत्ति जिम्मा नलगाउन्जेलसम्म त्यसको रेखदेख तथा संरक्षण गर्ने जिम्मेवारी बालकल्याण अधिकारी रहेकोमा निजको र निज नभएमा प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

(४) उपदफा (३) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्ताबाट बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बालकल्याण गृहले सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको निमित्त खर्च गर्न सक्नेछ । त्यस्तो सम्पत्तिको सम्बन्धमा यस ऐनअन्तर्गत संरक्षकलाई भएका अधिकार र निजले पालन गर्नु पर्ने शर्त बालकको सम्पत्ति जिम्मा लिने व्यक्ति, संस्था वा बालकल्याण गृहको हुनेछ ।

२२. **संरक्षकको नियुक्तिः** (१) बाबु, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जो सुकैले पनि बालकल्याण अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा बालकल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधीनमा रही संरक्षक नियुक्ति गरी दिनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम संरक्षक नियुक्त गर्दा सकभर नजिकको हकवालालाई प्राथमिकता दिनु पर्छ । तर नजिकको हकवालासित पारिवारिक द्वेष, झैझगडा वा अरु कुनै कारणले गर्दा त्यस्तो हकवालाको सट्टा टाढाको हकवाला वा अन्य व्यक्तिलाई संरक्षक नियुक्त गर्नु पर्ने भएमा त्यसको कारण जनाई बालकल्याण अधिकारीले उपयुक्त ठहऱ्याएको अन्य कुनै हकवाला वा व्यक्तिलाई संरक्षक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई संरक्षक नियुक्त गर्नु अघि निजको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै व्यक्ति संरक्षक नियुक्त हुन वा कायम रहन सक्ने छैनः

(क) मानसिक रोगले पीडित भएको,
(ख) पच्चीस वर्षको उमेर पूरा नगरेको,
(ग) दफा २८ बमोजिम संरक्षकबाट हटाइएको,
(घ) नैतिक पतन देखिने कुनै कसूरमा अदालतबाट दोषी ठहरी सजाय पाएको, वा
(ङ) साहूको दामासाहीमा परेको ।

(५) बालकको संरक्षक बन्न कसैले मञ्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बालकल्याण अधिकारीले कुनै बालकल्याण गृहमा पठाई दिने व्यवस्था गर्नु पर्छ ।

(६) बालकलाई उपदफा (२) बमोजिम संरक्षकको जिम्मा लगाउँदा वा उपदफा (५) बमोजिम बालकल्याण गृहको जिम्मा लगाउँदा निजको कुनै सम्पत्ति भएमा सोसमेत जिम्मा लगाई दिनु पर्छ । त्यसरी सम्पत्ति जिम्मा लगाउदा त्यसको फाँटवारी तयार गरी एक प्रति आफ्नो कार्यालयमा राखी अर्को प्रति सम्पत्ति बुझ्ने संरक्षक वा बालकल्याण गृह प्रमुखलाई बुझाई दिनु पर्छ ।

(७) उपदफा (६) बमोजिम बुझी लिएको सम्पत्तिको आयस्तालाई संरक्षक वा बालकल्याण गृह प्रमुखले सम्बन्धित बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारको निमित्त हिसाब राखी खर्च गर्न सक्नेछ ।

२३. **बालकको हित तथा सम्पत्तिको संरक्षण गर्नु पर्नेः** (१) बालकको हितको संरक्षण गर्नु संरक्षकको मुख्य कर्तव्य हुनेछ ।

(२) संरक्षकले अरु कुराको अतिरिक्त देहायको कुरामा विशेष ध्यान दिनु पर्छः

(क) बालकको शारीरिक एवं मानसिक विकासलाई अभिवृद्धि गर्ने किसिमबाट निजको पालनपोषण गर्ने,

(ख) बालकको वौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको शिक्षाको प्रवन्ध गर्ने,

(ग) बालकलाई खराब लत वा सङ्गतमा पर्न नदिने,

(घ) बालकको सम्पत्तिको अद्यावधिक लगत राख्ने र त्यसको संरक्षण गर्ने ।

(३) कुनै बालकको सम्पत्ति वा आयस्ता अरुले खाएको भए त्यसलाई उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गराउन संरक्षकले आवश्यक कारवाही चलाउनु पर्छ । सो प्रयोजनको लागि संरक्षकले बालकको तर्फबाट अड्डा अदालतमा निवेदन, उजुरी वा फिरादपत्र दिन वा अन्य आवश्यक कानूनी कारवाही चलाउन सक्नेछ ।

२४. **संरक्षकले गर्न हुने कामहरुः** संरक्षकले बालकको पालनपोषण, शिक्षा र स्वास्थ्योपचारको लागि आवश्यक परेको खर्च व्यहोर्नको लागि बालकको कुनै अचल सम्पत्ति कसैलाई कमाउन वा बहालमा दिन सक्नेछ ।

२५. **संरक्षकले गर्न नहुने कामः** संरक्षकले देहायको कुनै काम गर्नु हुँदैनः

(क) बालकलाई निजको शारीरिक क्षमताले भ्याउनेभन्दा बढी परिश्रम पर्ने काममा लगाउन,

(ख) बालकलाई निजको धार्मिक वा साँस्कृतिक रीतिस्थिति मा आघात पुग्न जाने कुनै काममा लगाउन वा त्यस्तो काममा निजको सम्पत्ति उपयोग गर्न, वा

(ग) पछि आफूले लिने मनसायले बालकको सम्पत्ति अरु कसैलाई बिक्री गर्न ।

२६. **संरक्षकले प्रतिवेदन पेश गर्नु पर्नेः** (१) संरक्षकले बालकको पालनपोषण, स्वास्थ्य र शिक्षाको निमित्त आफ्नो तर्फबाट गरेको खर्च र बालकको सम्पत्तिबाट भएको आय र त्यसबाट निजको पालनपोषणको निमित्त गरिएको खर्चको विवरणसमेत खुलाई सम्बन्धित बालकल्याण अधिकारीसमक्ष प्रत्येक वर्ष बैशाख मसान्तभित्र प्रतिवेदन पेश गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनमा उल्लिखित व्यहोरा वा तथ्याङ्कको विश्वसनीयता जाँच्न बालकल्याण अधिकारीले सम्बन्धित बालक वा निजको सम्पत्ति रहेको ठाउँको निरीक्षण

गर्न गराउन सक्नेछ । त्यस प्रयोजनको निमित्त बालकल्याण अधिकारीले सम्बन्धित बालकलाई आफूसमक्ष उपस्थित गराएर आवश्यक सोधपुछ गर्न पनि सक्नेछ । त्यसरी बालकलाई आफूसमक्ष उपस्थित गराउन बालकल्याण अधिकारीले आदेश दिएमा निजलाई उपस्थित गराउनु संरक्षकको कर्तव्य हुनेछ ।

२७. **अनुमति लिएर संरक्षकले अवकाश लिन सक्नेः** (१) यस ऐनबमोजिम नियुक्त भएको संरक्षकले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भई अवकाश लिन चाहेमा त्यसको कारण उल्लेख गरी कम्तिमा एक महिना अघि बालकल्याण अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ । संरक्षकले त्यसरी निवेदन दिँदा आफूले जिम्मा लिएको बालकको सम्पत्ति र निवेदन दिएको मितिसम्मको खर्चको फाँटवारी पनि पेश गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मुनासिव देखिए बालकल्याण अधिकारीले संरक्षकको जिम्मा रहेको सम्पत्ति कुनै कार्यालय वा व्यक्तिलाई बुझाउन लगाई निजलाई अवकाश लिन अनुमति दिनेछ ।

२८. **संरक्षकलाई हटाउन सकिनेः** संरक्षकले दफा २३, २४ वा २५ को विपरीत कुनै काम गरेको वा दफा २६ बमोजिम प्रतिवेदन दिँदा झुटो विवरण पेश गरेको प्रमाणित भएमा बालकल्याण अधिकारीले त्यस्तो संरक्षकलाई हटाउन सक्नेछ ।

२९. **अर्को संरक्षक नियुक्त गरिनेः** (१) कुनै संरक्षकको मृत्यु भएमा वा दफा २२ को उपदफा (४) को कुनै अवस्था परी संरक्षक कायम रहन नसक्ने भएमा वा दफा २७ बमोजिम अवकाश लिएमा वा दफा २८ बमोजिम हटाइएमा त्यस्तो संरक्षकको सट्टा बालकल्याण अधिकारीले दफा २२ को अधीनमा रही अर्को संरक्षक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षकबाट हटेको वा संरक्षक कायम नरहेकोमा त्यस्तो संरक्षकले बालकको कुनै सम्पत्ति बुझी लिएको भए त्यस्तो सम्पत्ति र सोसम्बन्धी कागजातसमेत बालकल्याण अधिकारीले तोकेको कार्यालय वा व्यक्तिलाई बुझाउनु पर्नेछ ।

३०. **पर्याप्त आयस्ता नहुने बालकको पालनपोषणः** (१) पर्याप्त आयस्ता वा सम्पत्ति नभएको वा भएर पनि त्यस्तो सम्पत्तिलाई अरु कसैले गैरकानूनी तरिकाबाट दबाईछिपाई उपभोग गरेबाट कुनै बालकको पालनपोषण उचित ढङ्गबाट हुन नसक्ने भएमा संरक्षकले सरकारी सहायताको निमित्त प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ र सो व्यहोरा मुनासिव देखिए प्रमुख जिल्ला अधिकारीले आवश्यक सरकारी सहायता उपलब्ध गराई दिनु पर्छ । त्यस्तो सहायता उपलब्ध हुन नसक्ने अवस्थामा बालकलाई नजिकको बालकल्याण गृहमा राख्ने व्यवस्था मिलाई दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कुनै बालकलाई बालकल्याण गृहको जिम्मा लगाइएमा त्यसरी जिम्मा लगाइएको मितिदेखि बालकप्रति संरक्षकको दायित्व समाप्त भएको मानिनेछ ।

३१. **संरक्षकले पारिश्रमिक पाउनेः** (१) बालकल्याण अधिकारीले बालकको सम्पत्ति र आयस्ताको विचार गरी संरक्षकको पारिश्रमिक तोकी दिनेछ ।

(२) दफा २३ को उपदफा (३) बमोजिम बालकको सम्पत्ति र आयस्ताउपर गर्न लागेको मुनासिव माफिकको खर्च र त्यसरी उपर गरेको सम्पत्तिको पञ्चकिर्ते मोलको वा आयस्ताको पाँच प्रतिशतमा जुन बढी हुन्छ त्यति रकम संरक्षकले पारिश्रमिक स्वरुप लिन सक्नेछ ।

(३) बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारको निमित्त संरक्षकले आफ्नो तर्फबाट कुनै खर्च गरेको भए सो खर्चसमेत बालकको आयस्ताबाट असूल गर्न सक्नेछ ।

## परिच्छेद-४
## कल्याणकारी व्यवस्था

३२. **केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरु, बालमनोवैज्ञानिक र शिक्षकहरु मध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना सदस्यहरु भएको एक केन्द्रीय बालकल्याण समिति गठन गर्नेछ । केन्द्रीय बालकल्याण समितिमा रहने अध्यक्ष र सदस्यहरुको नाम सोही सूचनामा तोकिएबमोजिम हुनेछ । नेपाल सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ ।

(२) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बालकल्याण समिति गठन गरिनेछ । जिल्ला बालकल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्त खास गरीकन देहायका व्यक्तिहरु मध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेको व्यक्तिहरु रहनेछन्ः

(क) सामाजिक सेवामा कार्यरत व्यक्तिहरु,
(ख) बालकको हकहितसम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता,
(ग) महिला सामाजिक कार्यकर्ता,
(घ) चिकित्सकहरु,
(ङ) बालमनोवैज्ञानिकहरु,
(च) शिक्षकहरु ।

(३) केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिका पदाधिकारीहरुको कार्यकाल चार वर्षको हुनेछ र निजहरु पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

(४) जिल्ला बालकल्याण समितिको अध्यक्ष जिल्ला बालकल्याण समितिका सदस्यहरुले आफू मध्येबाट तोकेको व्यक्ति हुनेछ र यसरी अध्यक्ष नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी नै सो समितिको अध्यक्ष भई काम गर्नेछ ।

(५) प्रत्येक जिल्ला बालकल्याण समितिले जिल्ला स्तरमा सञ्चालित बालकल्याणकारी

क्रियाकलापको सम्बन्धमा वैशाख मसान्तसम्ममा केन्द्रीय बालकल्याण समितिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ । जिल्ला बालकल्याण समितिहरुबाट प्राप्त वार्षिक प्रतिवेदनको आधारमा केन्द्रीय बालकल्याण समितिले बालकसम्बन्धी राष्ट्रव्यापी प्रतिवेदन तयार गरी प्रत्येक वर्ष आषाढ मसान्तसम्ममा नेपाल सरकारसमक्ष पेश गर्नेछ ।

(६) यस ऐनमा लेखिएदेखि बाहेक केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

३३. **बालकल्याण अधिकारीको नियुक्तिः** (१) नेपाल सरकारले आवश्यक संख्यामा बालकल्याण अधिकारीको नियुक्ति गर्नेछ । बालकल्याण अधिकारीको नियुक्ति नहुन्जेलसम्म यस ऐनबमोजिम निजलाई प्राप्त अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले अन्य कुनै व्यक्ति वा कर्मचारीलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत नियुक्त भएको वा तोकिएको बालकल्याण अधिकारीले जिल्ला बालकल्याण समितिको सामान्य नियन्त्रण तथा निर्देशनको अधीनमा रही काम गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखिबाहेक बालकल्याण अधिकारीको अन्य काम, कर्तव्य, अधिकार तथा सेवाको शर्त तोकिएबमोजिम हुनेछ ।

३४. **बालकल्याण गृहको स्थापना र सञ्चालनः** (१) नेपाल सरकारले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा बालकल्याण गृहको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण गृहको स्थापना नभएसम्म अरु कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बालकल्याण गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रलाई बालक राख्ने प्रयोजनको निमित्त नेपाल सरकारले उपयोग गर्न सक्नेछ । तर यस उपदफामा लेखिएको कुनै कुराले पनि त्यस्तो बालकल्याण गृह, अनाथालय वा केन्द्रको सञ्चालनमा हस्तक्षेप गर्ने अधिकार नेपाल सरकारलाई दिएको मानिने छैन ।

३५. **बेवारिस बालकलाई बालकल्याण गृहमा राखिनेः** (१) बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैले कुनै बेवारिस बालक फेला पारेमा वा अरु कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्हसहितको विवरण र औठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई नजिकको बालकल्याण गृहमा बुझाउनु पर्छ ।

(२) बस्ने ठाउँको अभाव भएमा बाहेक उपदफा (१) बमोजिम बुझाउन ल्याएको बेवारिस बालकलाई सम्बन्धित बालकल्याण गृह प्रमुखले बुझेर लिनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको कारण बालकल्याण गृह प्रमुखले बेवारिस बालकलाई बुझी नलिएमा निजलाई अर्को कुनै बालकल्याण गृहमा बुझाउन सकिनेछ ।

(४) बालकल्याण गृहमा बस्ने बेवारिस बालकहरुलाई लिङ्गको आधारमा छुट्टाछुट्टै ठाउँमा राख्नु पर्छ ।

(५) बेवारिस बालकको बाबुआमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बालकल्याण गृह प्रमुखले त्यस्तो बालकको हुँलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रसारण गराउन सक्नेछन् ।

३६. **बालकल्याण गृहमा राखिने अवधिः** (१) बेवारिस बालकलाई साधारणतया सोह्र वर्षको उमेर पूरा नगरुन्जेलसम्म बालकल्याण गृहमा राखिनेछ ।

तर, त्यस्तो उमेर पुगेको कुनै बालकलाई बालकल्याण गृहबाट विदा दिँदा निजलाई जीविकोपार्जनको समस्याको सामना गर्नु पर्ने स्थिति देखिएमा बढीमा अठार वर्षको उमेर पूरा नगरून्जेलसम्म बालकल्याण गृहमा राख्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्धा, अपाङ्ग, वा सुस्तमनस्थिति भएका बेवारिस बालकको हकमा तिनीहरुलाई राख्नको निमित्त व्यवस्था गरिएका बालकल्याण गृहमा नपठाइएसम्म त्यस्ता व्यक्तिको हकमा बालकल्याण गृहमा बस्ने उमेरको बन्देज लागू हुने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बेवारिस बालकको बाबुआमा वा संरक्षकले बेवारिस बालकलाई साथ लैजान चाहेमा बालकल्याण गृह प्रमुखले जहिलेसुकै पनि लान दिनु पर्छ र त्यस्तोमा बालकलाई बुझी लिएको कागज गराई लिनु पर्छ ।

३७. **व्यवसायिक तालीम दिन वा काममा लगाउन सहयोग गरिनेः** (१) बालकल्याण गृहमा बस्ने बेवारीस बालकहरुको रूचि वा ज्ञानको आधारमा निजहरुलाई व्यवसायिक तालीम वा पठनपाठनमा संलग्न गराइनेछ ।

(२) कुनै किसिमको ज्ञान वा सीप हासिल गरिसकेको बेवारिस बालकलाई उसको ज्ञान वा सीपसित मिल्दो कुनै व्यवसायिक काममा संलग्न गराउन नेपाल सरकारले सहयोग गर्नेछ ।

३८. **खर्च बुझाउने शर्तमा बालकलाई बालकल्याण गृहमा राख्न सकिनेः** (१) वारम्वार घरबाट भागेर हिडिरहने स्वभावको बालकलाई निजको बाबुआमा वा नातेदारले निजको पालनपोषणमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्न मञ्जुर गरेमा सम्बन्धित बालकल्याण गृह प्रमुखले त्यस्तो खर्च व्यहोर्ने मञ्जुरीको लिखत गराई सो बालकलाई बालकल्याण गृहमा राख्न अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण गृहमा राखिएको बालकले निर्धारित अवधि व्यतीत गरेपछि बालकल्याण गृह प्रमुखले निजलाई निजका बाबुआमा वा नातेदारलाई जिम्मा लगाई दिनु पर्छ । त्यसरी जिम्मा लगाउँदा निजको पालनपोषणको सम्बन्धमा भएको

खर्चको फाँटवारीसहित त्यस्तो बालकको पालनपोषणबापत बुझिलिएको रकममा केही बाँकी रहे सो पनि फिर्ता बुझाई दिनु पर्छ ।

(३) बालकल्याण गृह प्रमुखले उपदफा (१) बमोजिम राखिएको कुनै बालक बालकल्याण गृहबाट भागेमा वा निजको मृत्यु भएमा त्यसको सूचना निजको बाबुआमा वा नातेदारलाई तुरून्त दिनु पर्छ र भागी गएकोमा निजलाई पत्ता लगाउन यथासम्भव प्रयत्न गर्नु पर्छ ।

(४) बालकल्याण गृह प्रमुखले उपदफा (२) बमोजिम बालकलाई निजको बाबु, आमा वा नातेदारको जिम्मा लगाउँदा निजको कुनै अचल सम्पत्ति बुझेको भए सो र सोसम्बन्धी कागजात पनि फिर्ता दिनु पर्छ ।

(५) उपदफा (३) बमोजिम बालक भागी गएकोमा फेला नपरेमा वा बालकको मृत्यु भएकोमा निजको कुनै पनि मालसामान वा अचल सम्पत्ति भए निजको बाबु, आमा वा नातेदारलाई बुझाई दिनु पर्छ र त्यस्तो बालकको सम्बन्धमा भएको कुनै खर्च लिन बाँकी भए सो पनि निजको बाबु, आमा वा नातेदारबाट असूलउपर गर्नु पर्छ ।

३९. **अनुशासन पालन गराउन सामान्य सजाय गर्न सक्ने**: (१) कुनै बेवारिस बालकले बालकल्याण गृहमा बस्दा पालन गर्नु पर्ने शर्तको पालन नगरेमा वा अनुशासन भङ्ग हुने कुनै काम गरेमा बालकल्याण गृह प्रमुखले त्यस्तो बालकलाई देहायको कुनै सजाय गर्न सक्नेछः

(क) बालकल्याण गृहमा उपलब्ध सहुलियत वा सुविधाबाट एक पटकमा बढीमा तीन दिनसम्म वञ्चित गर्ने, वा

(ख) बालकल्याण गृहको कुनै चिज वस्तुलाई जानी जानी तोडफोड वा हानिनोक्सानी पुर्‍याएमा त्यसरी भएको क्षतिबापत पुरै वा आंशिक रकम असूलउपर गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालकलाई कुटपिट गर्ने वा एकान्त ठाँउमा थुन्ने, अन्नपानी बन्द गर्ने अधिकार सो उपदफाले बालकल्याण गृह प्रमुखलाई प्रदान गरेको मानिने छैन ।

(३) बालकल्याण गृह प्रमुखले उपदफा (१) को खण्ड (ख) बमोजिम बेवारिस बालकबाट क्षतिबापत रकम असूल गर्ने प्रयोजनको निमित्त सम्बन्धित बालकको आयस्ता वा बालकल्याण गृहमा काम गरेबापत कुनै पारिश्रमिक पाउने भए त्यस रकमले भ्याएसम्म असूलउपर गरी बाँकी रकम मिनाहा गरी लगत काटी दिनु पर्छ ।

४०. **बालकलाई जिम्मा लगाई खर्च भराउन सक्ने**: (१) कुनै बालकको बाबु, आमा वा परिवारका सदस्यले निजलाई बेवारिस बालक वा अनाथ भनी झुठ्ठा विवरण दिएर कुनै बालकल्याण गृह, अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा भर्ना गराएको कुरा पत्ता लागेमा त्यस्तो बालकलाई निजको बाबु, आमा वा परिवारका सदस्य जो भेटिन्छ उसैलाई जिम्मा लगाई दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सम्बन्धित बालकको पालनपोषणको निमित्त भएको सम्पूर्ण खर्चसमेत त्यस्तो बालकको बाबु, आमा वा परिवारका सदस्य मध्ये जसले ढाँटेर निजलाई भर्ना गराएको हो उसैबाट सम्बन्धित बालकल्याण गृह, अनाथालय वा केन्द्रले सरकारी बिगोसरह भरिभराउ गरी असूलउपर गर्नु पर्छ । तर त्यस्तो खर्च उपर गर्नको निमित्त बालकको बाबु, आमा वा परिवारका सदस्यको कुनै आयस्ता वा सम्पत्ति नभएमा सम्बन्धित बालकल्याण गृह, अनाथालय वा केन्द्रले बालकको पालनपोषणमा भएको त्यस्तो खर्च भराउने छैन ।

४१. **बालकल्याण गृह प्रमुखले अभिलेख राख्ने र प्रतिवेदन गर्नु पर्नेः** (१) बालकल्याण गृह प्रमुखले बालकल्याण गृहमा बस्ने सबै बेवारिस बालकहरुको व्यक्तिगत विवरण तयार गरी राख्नु पर्छ । त्यस्तो विवरणमा कुनै बालकलाई दफा ३९ को उपदफा (१) बमोजिम कुनै सजाय दिइएको भए सोसमेत उल्लेख गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम राख्नु पर्ने व्यक्तिगत विवरणको ढाँचा तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण गोप्य गरी राख्नु पर्छ र सो विवरण बालकल्याण समिति वा बालकल्याण अधिकारी वा त्यस्तो समिति वा अधिकारीबाट अनुमतिप्राप्त व्यक्ति वा कार्यालयबाहेक अरुलाई देखाउनु वा दिनु हुँदैन । तर मुद्दा मामिलाको सिलसिलामा अदालतले माग गरेको विवरणको सम्बन्धमा यो बन्देज लागू हुने छैन ।

(४) बालकल्याण गृह प्रमुखले अघिल्लो वर्षभरी आफ्नो बालकल्याण गृहले गरेको सम्पूर्ण क्रियाकलाप देखिने गरी तोकिएको ढाँचामा प्रतिवेदन सम्बन्धित बालकल्याण समितिमा र बालकल्याण अधिकारीसमक्ष प्रत्येक वर्ष वैशाख मसान्तभित्र पठाउनु पर्छ ।

४२. **बाल सुधार गृहको स्थापना र सञ्चालनः** (१) नेपाल सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरु राखिनेछः

(क) कुनै कसूरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नु पर्ने बालक,

(ख) प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सोबमोजिम कैदमा जानु पर्ने बालक,

(ग) लागूऔषधको कुलतमा लागेको बालक,

(घ) बाबु, आमा वा घर परिवारबाट भागी हिड्ने गरेको बालक,

(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरुसँग बस, उठ गर्ने वा त्यस्ता व्यक्तिहरुको क्रियाकलापमा सरिक हुने वा तिनीहरुको आम्दानीमा आश्रित रहने बालक,

(च) नेपाल सरकारले तोकेको बर्गिकरणका बालकहरु ।

(३) उपदफा (१) बमोजिम बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बालकल्याण गृह, अनाथालय वा केन्द्रलाई नेपाल सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रुपमा बाल सुधार गृहको रुपमा उपयोग गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (घ) मा उल्लिखित बालकलाई निजको बाबु, आमा वा परिवारको सदस्यको मञ्जुरीले बाल सुधार गृहमा राखिएको भए निजको पालनपोषणको निमित्त भएको खर्च निजको बाबु, आमा वा परिवारको सदस्यले व्यहोर्नु पर्नेछ ।

(५) बाल सुधार गृहको सञ्चालन र त्यहा बस्ने बालकहरुलाई प्रदान गरिने सुविधा, तालीम, शिक्षा र बालकहरुले पालन गर्नु पर्ने शर्त तोकिएबमोजिम हुनेछ ।

४३. **अनाथालय तथा सुस्तमनस्थिति केन्द्रको स्थापना र सञ्चालनः** (१) बाबु, आमा नभएको अनाथ, अपाङ्ग वा सुस्तमनस्थिति का बालकहरुको पालनपोषण तथा वासस्थानको निमित्त आवश्यकता अनुसार नेपाल सरकारले अनाथालय तथा सुस्तमनस्थिति केन्द्रको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनाथालय वा सुस्तमनस्थिति केन्द्रमा बस्ने बालकहरुको निमित्त आवश्यक शिक्षाको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले अरु कुनै व्यक्ति वा संस्थाले सञ्चालन गरको अनाथालय वा सुस्तमनस्थिति केन्द्रलाई त्यसको सञ्चालक सित सम्झौता गरी यस ऐनको प्रयोजनको निमित्त त्यस्ता केन्द्र वा अनाथालयलाई उपयोग गर्न सक्नेछ ।

४४. **बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको निरीक्षणः** (१) केन्द्रीय बालकल्याण समितिले नेपाल अधिराज्यभित्र स्थापना भएको सबै र जिल्ला बालकल्याण समिति वा बालकल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरुको जहिले सुकै पनि निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) बालकल्याण अधिकारीले आफ्नो क्षेत्रभित्रको बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरुको वर्षमा कम्तीमा दुई पटक निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला बालकल्याण समितिमा पठाउनु पर्छ । त्यसरी निरीक्षण गर्दा अन्य कुराको अतिरिक्त यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्रचलित कानूनविपरीत कुनै कामकारवाही भएको देखेमा सोसमेत जिल्ला बालकल्याण समितिमा पठाउने निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) बालकल्याण समिति वा बालकल्याण अधिकारीले कुनै बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय वा यस्तै अन्य केन्द्रहरुमा कुनै अनियमितता भएको देखिएमा त्यसलाई हटाउन

वा त्यहा उपलब्ध गराइने सेवामा सुधार गर्नको निमित्त आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी निर्देशन दिएकोमा त्यसको पालन गर्नु त्यस्तो बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रको प्रमुखको कर्तव्य हुनेछ ।

४५. **बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिसम्बन्धी व्यवस्थाः** यस ऐनबमोजिम स्थापित बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको सञ्चालन गर्ने व्यक्ति निजले प्रयोग गर्न पाउने अधिकार, निजको सेवाको शर्त तथा त्यस्तो बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रमा बस्ने बालकले पालन गर्नु पर्ने कुराहरु र तिनीहरुलाई प्रदान गरिने शिक्षा तथा तालीम तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ५[1]

४६. .......

४७. .......

४८. .......

## परिच्छेद-६
## विविध

४९. **बालकसम्बन्धी मुद्दामा खास व्यक्ति मात्र उपस्थित हुन पाउनेः** (१) यो ऐन वा प्रचलित कानूनबमोजिम बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हकहित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनीधि इजलासमा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दा तथा सोसँग सम्बन्धित घटनाको विवरण मुद्दाको तहकिकात गर्ने वा मुद्दा हेर्ने अधिकारीको अनुमति बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन । यस्तो प्रतिवन्ध सम्वाददाता तथा संवाद फोटो प्रतिनीधिको हकमासमेत लागू हुनेछ ।

५०. **मुद्दाको तहकिकात तथा सजायको स्थगनः** (१) प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा

---

१ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा खारेज

संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

(२) कसूरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्नु उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतीत गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसूर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्ने अधिकारीले आदेश दिन सक्नेछ ।

५१. **बालकको तर्फबाट मुद्दा गर्न पाउने**ः (१) बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस, उजुर वा प्रतिरक्षा गर्नु पर्दा निजको बाबु, आमा वा संरक्षकले नालिस, उजुर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन् । बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ ।

(२) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकारको उजुरीबाट चल्न सक्नेछ ।

५२. **बालकसम्बन्धी तथ्याङ्क र त्यसको प्रयोगमा बन्देज**ः (१) प्रहरी कार्यालयले कुनै कसूरको अभियोगमा पक्राउ परको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही चलाइएको भए सोसम्बन्धी विवरण खुलाई गोप्य रुपमा तथ्याङ्क राख्नु पर्छ र त्यस्तो तथ्याङ्कको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम राखिएको तथ्याङ्क कुनै अध्ययन वा शोधकार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमा प्रकाशित गर्न सकिनेछ ।

५३. **दण्डसजाय**ः (१) कसैले दफा १३...[1] को बर्खिलाप कुनै काम गरेमा वा सो काम गर्न दुरूत्साहन दिएमा वा सो कुराको उद्योग गरेमा निजलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा १४ को बर्खिलाप कुनै काम गरेमा वा सो गर्ने दुरूत्साहन दिएमा वा मतियार भएमा वा उद्योग गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा

---

१ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा झिकिएको

दुवै सजाय हुनेछ। कसैले कुनै रकम लिई बालकलाई बिक्री गरेको प्रमाणित भएमा त्यसरी बिक्री गर्ने व्यक्तिबाट सो रकमसमेत जफत गरिनेछ र सो रकम उपर हुन नसकेमा त्यसबापत बढीमा थप दुई वर्षसम्म कैद हुनेछ।

(३) कसैले दफा ७ वा १५ विपरीत कुनै काम गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। क्रूर र यातनापूर्ण व्यवहार गरेकोमा मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ।

(४) कसैले दफा १६ को उपदफा (१) (२) वा (३) को बर्खिलाप हुने कुनै काम गरेमा वा सो काम गर्न दुरूत्साहन दिएमा वा सो काम गर्न उद्योग गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले खिचेको फोटो र प्रकाशन गर्ने उद्देश्यले मुद्रण गरिएको सबै प्रकाशनहरु अदालतको आदेशबाट जफत हुन सक्नेछ।

(५) दफा १६ को उपदफा (४) को बर्खिलाप बालकलाई काममा लगाउने व्यक्तिलाई उपदफा (४) बमोजिम हुने सजायमा थप पाँच वर्षसम्म कैदको सजाय हुन सक्नेछ।

(६) दफा १६...[१] बमोजिम कसैले कुनै बालकलाई निषेधित काममा लगाएको कारण निजको चरित्रमा कुनै आघात पुग्न गएको रहेछ वा निजको स्वास्थ्यमा प्रतिकूल प्रभाव वा शारीरिक अङ्गभङ्ग भएको रहेछ भने उपदफा (१) वा (४) बमोजिम हुने सजायको अतिरिक्त त्यसरी भएको क्षतिको अनुपातमा मुनासिव माफिकको क्षतिपूर्ति रकमसमेत मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिबाट बालकलाई भराई दिन सक्नेछ।

(७) संरक्षकले दफा २३, २४ वा २५ मा उल्लिखित कुनै कुराको उल्लंघन गरेमा वा पालन नगरेमा निजलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(८) संरक्षकले दफा २६ को विपरीत प्रतिवेदन वा दफा २९ बमोजिम फिर्ता गर्नु पर्ने सम्पत्ति फिर्ता नगरेमा निजलाई ६ हजार रुपैयाँ जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र त्यसरी मासेको सम्पत्तिसमेत उपर गरिनेछ।

(९) बालकल्याण गृह प्रमुखले दफा ४१ बमोजिम राखिएको व्यक्तिगत विवरण कुनै अनधिकृत व्यक्तिलाई देखाएमा वा दिएमा वा कसैले दफा ४९ को विपरीत मुद्दाको विवरण प्रकाशित गरेमा वा दफा ५२ को विपरीत बालकसम्बन्धी तथ्याङ्कको गोप्यता भङ्ग गरेमा वा त्यसलाई प्रयोगमा ल्याएमा वा प्रकाशित गरेमा तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ र कसूरसँग सम्बन्धित पत्रपत्रिका तथा पुस्तकसमेत सबै जफत गरिनेछ।

(१०)[२]

---

१ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ द्वारा झिकिएको

२ बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ द्वारा झिकिएको

५४. **हदम्याद**ः यो ऐनअन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गर्नु पर्छ । तर बदनियतपूर्वक बालकको सम्पत्ति बेचबिखन गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएको सो काम भए गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ ।

५५. **मुद्दा हेर्ने अधिकारी र मुद्दाको सम्बन्धमा अपनाइने कार्यविधि**ः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार बाल अदालतको गठन गर्नेछ। त्यस्तो अदालतको इलाका तथा सदरमुकाम सोहि सूचनामा तोकिएबमोजिम हुनेछ ।

(२) दफा २० को अवस्थामा बाहेक बालक वादी वा प्रतिवादी भएको मुद्दाको सुरू कारवाही र किनारा गर्ने अधिकार उपदफा (१) बमोजिम गठिन बाल अदालतलाई हुनेछ । तर बालकको साथै उमेर पुगेका व्यक्तिसमेत संलग्न भएको मुद्दाको सम्बन्धमा भने बाल अदालतले कारवाही वा किनारा गर्ने छैन ।

(३) उपदफा (१) बमोजिम बाल अदालतको गठन नभएसम्मको लागि उपदफा (२) बमोजिमको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ र बाल अदालतको गठन भएपछि जिल्ला अदालतमा दायर रहेको मुद्दा बाल अदालतमा सर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जिल्ला अदालतबाट हेरिने मुद्दाको कारवाही र किनारा गर्नको निमित्त प्रत्येक जिल्ला अदालतमा एक एक बाल इजलास रहनेछ ।

(५) उपदफा (४) बमोजिमको बाल इजलासको गठनविधि नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई तोक्नेछ र त्यसरी इजलास तोक्दा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बाल मनोवैज्ञानिकलाई समावेश गर्न सक्नेछ ।

(६) बाल अदालत वा जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ र त्यसरी कार्यविधि नतोकिएसम्म ती अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउनेछन् ।

५६. **पुनरावेदन**ः दफा ५५ बमोजिम बाल अदालत वा जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५७. **मुद्दाको कारवाहीमा प्राथमिकता दिनु पर्ने**ः यस ऐनअन्तर्गत कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्छ ।

५८. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५९. **खारेजी र संशोधनः** (१) मुलुकी ऐन, गरिव कङ्गालको महलको १ र २ नम्बर खारेज गरिएको छ ।

(२) मुलुकी ऐन, गरिव कङ्गालको महलको ६ नम्बरमा रहेको “महल” भन्ने शब्दपछि रहेको “१” भन्ने अङ्क हटाइएको छ ।

(३) मुलुकी ऐन, दण्ड सजायको महलको १ नम्बरमा रहेका “८ वर्ष मुनिका नाबालक वा” भन्ने शब्दहरु र सोही नम्बरमा रहेका “नाबालकको उमेर ८ वर्ष वा सोभन्दा माथि र १२ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई र कैद हुने अपराध गरेकोमा कसूर हेरी दुई महिनासम्म कैद हुन्छ । १२ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम उमेरका नाबालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ । “नाबालक वा” भन्ने वाक्यांशहरु झिकिएका छन् ।

# बाल न्याय (कार्यविधि) नियमावली, २०६३

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "बाल न्याय (कार्यविधि) नियमावली, २०६३" रहेकोछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा : (क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "बाल अदालत" भन्नाले ऐनको दफा ५५ को उपदफा (३) बमोजिम गठित बाल अदालत सम्झनु पर्छ ।

(ग) "बाल इजलास" भन्नाले ऐनको दफा ५५ को उपदफा (३) बमोजिम गठित इजलास सम्झनु पर्छ ।

(घ) "अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी" भन्नाले नियम ३ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकात गर्ने अधिकारप्राप्त अधिकारी सम्झनु पर्छ ।

(ङ) "अभियोगपत्र" भन्नाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम तयार गरेको अभियोगपत्र सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(छ) "सेवा प्रदान गर्ने व्यक्ति वा संस्था" भन्नाले नियम २१ बमोजिम सूचीकृत व्यक्ति वा संस्था सम्झनु पर्छ ।

३. **छुट्टै एकाई वा प्रहरी कर्मचारी तोक्नु पर्नेः** बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानूनबमोजिम योग्यता पुगेको प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहनेछ । त्यस्तो एकाई नभएसम्म प्रहरी प्रधान कार्यालयले कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ ।

४. **तहकिकातसम्बन्धी व्यवस्थाः** बालकले गरेको कसूर प्रचलित कानूनबमोजिम अनुसन्धान तथा तहकिकात गर्दा नियम ३ बमोजिमको प्रहरी एकाई वा कर्मचारीले प्रचतिल कानूनमा लेखिएको व्यवस्थाको अतिरिक्त देहायबमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछः

(क) प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोशाक लगाउनु पर्ने,

(ख) बालकलाई पक्राउ गर्नु पर्दा आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्ने, बालकलाई पक्राउ गर्नु परेको कारण खुलाउनु पर्ने,

(ग) पक्रिएको बालकलाई निजका संवैधानिक तथा कानूनी हकका बारमा निजले बुझ्ने भाषामा जानकारी गराउने,

(घ) सम्भव भएसम्म बालकका आमाबाबु भए दुवैलाई वा कम्तीमा एक जनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालकले गरेको कसूरका सम्बन्धमा सूचना दिनु पर्ने,

(ङ) नजिकैको सरकारी अस्पतालमा वा चिकित्सकबाट तुरून्तै बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,

(च) सरजमिन गर्दा बालकको बाबुआमा भएसम्म दुवै जना वा कम्तीमा एक जना र बाबुआमा नभए निजको सरक्षकलाई रोहवरमा राख्नु पर्ने,

(छ) सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अधययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने ।

५. **सोधपुछः** (१) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा बालकले निजलाई सोधिएको कुराको उत्तर व्यक्त गर्न सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोध्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सोधपुछ गर्दा बालकको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथालयमामा बसेको भए सोको प्रतिनिधिको उपस्थितिमा गर्न सकिनेछ ।

(३) अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले उपनियम (१) बमोजिम सोधपुछ गर्दा सम्बन्धित कसूर, बालकको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ ।

(४) बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नु हुँदैन ।

६. **बाल इजलासको गठन विधिः** (१) प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशको अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बाल इजलास गठन गरिनेछ ।

(२) एक जनाभन्दा बढी जिल्ला न्यायाधीश भएको अदालतमा बाल इजलासका लागि प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीशले बाल इजलासको न्यायाधीशको रुपमा काम गर्नेछ ।

७. **जानकारी दिनु पर्नेः** (१) बालकविरूद्ध अभियोगपत्र दायर भएपछि बाल अदालत वा बाल इजलासले त्यस्तो अभियोगपत्र र तत्सम्बन्धी लिखत प्रमाणको एक एक प्रति बालकको बाबुआमा वा संरक्षकलाई तुरून्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा बालकको बाबुआमा वा संरक्षक नभेटिएमा निजले त्यस्तो सूचना बुझ्न नमानेमा त्यस्तो सूचना बालकको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालकको बाबुआमा वा संरक्षक आफैँ बाल अदालत वा इजलाससमक्ष उपस्थित भई त्यस्तो सूचना बुझ्न सक्नेछन् ।

८. **समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको योग्यताः** बाल अदालत वा बाल इजलासमा रहने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकका रुपमा सहभागी हुने व्यक्तिको योग्यता देहायबमोजिम हुनेछः

(क) बालअधिकार वा बालकल्याण वा बालमनोविज्ञानका सम्बन्धमा तालीम प्राप्त,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ग) कम्तीमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ।

९. **समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको छनोटः** (१) प्रत्येक बाल इजलासमा रहने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक छनोट गर्ने प्रयोजनका लागि जिल्ला अदालतले ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी नियम ८ बमोजिम योग्यता पुगेका व्यक्तिहरुबाट दरखास्त आह्वान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेका दरखास्तमध्ये जिल्ला अदालतले आवश्यक छानविन गरी उपयुक्त देखिएका व्यक्तिको सूची तयार गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सूचीबाट उपयुक्त देखिएका व्यक्तिको नाम ऐनको दफा ५५ को उपदफा (५) बमोजिम परामर्शका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।

(४) सर्वोच्च अदालतबाट प्राप्त हुन आएका समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको सूचीबमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्ला अदालतका लागि छुट्टाछुट्टै समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको नाम तोक्नेछ ।

(५) बाल इजलासमा उपस्थित हुने समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा उपलब्ध हुनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले प्रचलित कानूनबमोजिम मुद्दा हेर्न नहुने भएमा वा हेर्न इन्कार गरेमा सोको जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला न्यायाधीशले उपनियम (३) बमोजिमको सूचीमा समावेश भएका व्यक्तिहरु मध्येबाट तोकेको समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले मुद्दाको कारवाही र किनारा गर्दा भाग लिनेछ ।

१०. **समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई हटाउन सक्नेः** (१) नियम ९ बमोजिम तोकिएको सूचीमा उल्लिखित समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले खराब आचरण गरेमा वा कार्यक्षमताको अभावले काम गर्न नसकेमा वा निजले अधिकारको दुरुपयोग गरेमा वा बाल अदालत वा बाल इजलास बस्न सूचित गर्दा लगातार तीन पटकसम्म उपस्थित नभएमा निजको नाम सम्बन्धित जिल्ला अदालतले सूचीबाट हटाउन सक्नेछ ।

(२) नियम ९ बमोजिम सूचीमा रहेको कुनै समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो नाम हटाउन जिल्ला अदालतसमक्ष निवेदन दिएमा जिल्ला अदालतले निजको नाम सूचीबाट हटाई सोको जानकारी सर्वोच्च अदालत र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सूचीबाट नाम हटाउनुपूर्व सम्बन्धित जिल्ला अदालतले निजलाई सुनुवाईको मौका दिनु पर्नेछ ।

११. **अधिकार क्षेत्रको प्रयोगः** (१) बाल अदालत वा बाल इजलासमा सुनुवाई गर्दा न्यायाधीश, समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले सामूहिक रुपमा गर्नेछन् ।

तर, बाल इजलासमा समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक सबै वा कोही उपस्थित नभएमा पनि न्यायाधीशले सम्पादन गरेको कामकारवाही अमान्य हुने छैन ।

(२) समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकले आफ्नो लिखित राय न्यायाधीशसमक्ष पेश गर्नेछन् ।

(३) उपनियम (२) बमोजिमको राय प्राप्त भएपछि न्यायाधीशले मुद्दाको फैसला गर्नेछ ।

१२. **मुद्दाको सुनुवाईः** (१) बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा सुनुवाई गर्नु पर्नेछ ।

(२) बाल अदालत वा बाल इजलासले बालकले बुझ्ने एवं उमेर र निजको शारीरिक तथा मानसिक विकास सुहाउँदो भाषा प्रयोग गर्नु पर्नेछ ।

(३) बाल अदालत वा बाल इजलासले सुनुवाई गर्दा आरोपित बालकलाई कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाणका सम्बन्धमा जानकारी दिनु पर्नेछ ।

(४) बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी तयसरी सोधिएको कुरा इजलासको पर्दा (स्क्रिन) मा देखिने व्यवस्था गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम सोधपुछ गर्न बालमनोविज्ञानवेत्ता वा बालकसँग सहज रुपमा सञ्चार वा सम्बाद सक्ने व्यक्ति बाल अदालत वा बाल इजलासले तोक्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिम सोधपुछ गर्दा बालकसँगै निजका बाबुआमा, संरक्षक वा कानून व्यवसायी बस्न सक्नेछन् ।

१३. **प्रमाण बुझ्नेः** (१) बालकविरूद्ध अभियोगपत्र दायर गर्दा सामाजिक अध्ययन प्रतिवेदन संलग्न गरेको नदेखिएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रतिवेदन तयार गरी पेश गर्न सेवा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था वा बालकको हकहित संरक्षण गर्न प्रचलित कानूनबमोजिम गठित संघसंस्थालाई आदेश दिन सक्नेछ ।

(२) बालकविरूद्ध लगाइएको अभियोग खण्डन गर्ने प्रमाण आफूसँग भएमा त्यस्तो प्रमाण बुझी पाउनको लागि बाल अदालत वा बाल इजलाससमक्ष जोसुकैले निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बाल अदालत वा बाल इजलासले त्यस्तो प्रमाण पेश गर्न अनुमति दिन सक्नेछ ।

१४. **साक्षी बुझ्नेः** (१) बालकले आफ्नो तर्फबाट आफै साक्षी उपस्थित गराउन चाहेमा बाल अदालत वा बाल इजलासले त्यस्तो साक्षी झिकाउन अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम झिकाइएको साक्षीले सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा उल्लेख भएबमोजिमको सुविधा पाउनेछन् ।

१५. **उमेर निर्धारणः** बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातका आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछः

(क) अस्पतालबाट जारी गरिएको बालकको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ख) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर ।

१६. **फैसला** : बाल अदालत वा बाल इजलासले मुद्दा दायर भएको एक सय बीस दिनभित्र फैसला गरिसक्नु पर्नेछ ।

१७. **फैसलामा खुलाउनु पर्ने व्यहोराः** नियम १६ बमोजिमको फैसलामा प्रचलित कानूनमा भएका कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछः

(क) अभियोगपत्रको संक्षिप्त व्यहोरा,

(ख) पेश भएको र बुझेको प्रमाण,

(ग) बाल अदालत वा बाल इजलासमा सहभागी समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकको रायको संक्षिप्त व्यहोरा,

(घ) कानून व्यवसायीको जिकिर,

(ङ) सान्दर्भिक नजिर,
(च) कसूर प्रमाणित भए वा नभएकोमा सोको आधार,
(छ) निर्णय गर्दा लिइएको आधार र कारणहरु,
(ज) बालकलाई सुधार गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने उपाय,
(झ) क्षतिपूर्ति वा जरिमाना तिर्नु बुझाउनु पर्ने भए सोसम्बन्धी व्यहोरा ।

१८. **फैसला कार्यान्वयनसम्बन्धी व्यवस्थाः** यस नियमावलीबमोजिम भएको फैसलाको कार्यान्वयन प्रचलित कानूनबमोजिम हुनेछ ।

१९. **निःशुल्क प्रतिलिपि दिनु पर्नेः** बाल अदालत वा बाल इजलासले फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराई दिनु पर्नेछ ।

२०. **सहयोग लिन सक्नेः** अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले कसूरको अनुसन्धान तथा तहकिकातका क्रममा तथा बाल अदालत वा बाल इजलासले मुद्दाको कारवाही र किनाराका क्रममा स्थानीय निकाय, प्रहरी, स्थानीय प्रशासन, सामाजिक तथा गैरसरकारी संघसंस्थासमेतको सहयोग लिन सक्नेछ । त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२१. **सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूचीः** (१) कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन गर्न, मनोविमर्श सेवा, कानूनी सहायता तथा बाल सुधारसम्बन्धी सेवाहरु निजलाई आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संस्थाको छुट्टाछुट्टै रुपमा जिल्ला बालकल्याण समितिले तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन चाहने देहायबमोजिमको योग्यता भएको नेपाली नागरिकले जिल्ला बालकल्याण समितिमा निवेदन दिन सक्नेछन्ः

(क) बालअधिकार वा बालकल्याणको क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त भएको,
(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,
(ग) सम्बन्धित जिल्लामा कम्तीमा दुई वर्षदेखि बसोबास गरिआएको ।

(३) उपनियम (१) बमोजिमको सूचीमा संलग्न हुन इच्छुक संस्थाले आफ्नो संस्थाको दर्ता प्रमाणपत्र, विधान, सदस्यको नामावली, उपलब्ध गराउने सेवा बालकल्याण समितिले तोकेको अन्य कागजात संलग्न गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिमको निवेदनउपर जाँचबुझ गर्दा कुनै व्यक्ति वा संस्थाले त्यस्तो सेवा प्रदान गर्न सक्छ भन्ने कुरा जिल्ला बालकल्याण समितिलाई लागेमा त्यस्तो व्यक्ति वा संस्थालाई सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको सूचीमा सूचीकृत गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचीकृत भएको व्यक्ति वा संस्थाले खराब आचरण गरेमा वा

निजले प्रदान गरेको सेवाको गुणस्तर जिल्ला बालकल्याण समितिले तोकेको मापदण्ड बमोजिम नभएमा सो समितिले त्यस्तो सूचीबाट निजको नाम हटाउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम सूचीबाट नाम हटाउँदा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सुनुवाईको मौका दिनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिमको सूची जिल्ला बालकल्याण समितिले बाल अदालत वा जिल्ला अदालतलाई उपलब्ध गराउनु पर्नेछ ।

२२. **बाल न्याय समन्वय समितिः** (१) बाल न्यायसँग सम्बन्धित विभिन्न निकायका बीच समन्वय गर्न देहायबमोजिमको बाल न्याय समन्वय समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | – अध्यक्ष |
| (ख) | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | – सदस्य |
| (ग) | सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि | – सदस्य |
| (घ) | सचिव, गृह मन्त्रालय वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि | – सदस्य |
| (ङ) | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा निजले ताकेको राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि | – सदस्य |
| (च) | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | – सदस्य |
| (छ) | कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति | – सदस्य |
| (ज) | बालबालिकाको क्षेत्रमा कार्यरत संस्थामध्येबाट केन्द्रीय बालकल्याण समितिले मनोनयन गरेको संस्थाको प्रतिनिधि एक जना | – सदस्य |
| (झ) | रजिस्ट्रार, सर्वोच्च अदालत | – सदस्य सचिव |

(२) उपनियम (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) बाल न्याय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः (क) बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई आवश्यक सुझाव, परामर्श दिने,

(ख) नेपालमा बालअधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट भइरहेका कार्यक्रमहरु बीच समन्वय गर्ने गराउने,

(ग) बाल न्याय सम्पादनलाई छिटोछरितो प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि बाल न्याय सम्पादनमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैरसरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(घ) बालअधिकार र बाल न्यायको विषय नेपालका विद्यालय, विश्वविद्यालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने,

(ङ) बाल न्याय सम्पादनमा संलग्न हुने निकायबाट सम्पादन भएका सेवा र कार्यहरुको स्तरसम्बन्धी रेखदेख तथा व्यवस्थापनसम्बन्धी कामकारवाही गर्ने/गराउने।

(६) समितिको कामकारवाही सुचारू रुपले सञ्चालन गर्न नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिसमा नेपाल न्याय सेवाका अधिकृत स्तरको कर्मचारीलाई समितिको सचिवालयको कामकाज गर्न तोक्न सक्नेछ। यसरी तोकिएको कर्मचारीले बाल न्याय प्रशासनसम्बन्धी काम गर्नेछ र निजको अन्य काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

२३. **सचिवालयः** बाल न्याय समन्वय समितिको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहनेछ ।

२४. **दोभासे राख्न सकिनेः** जिल्ला अदालत तथा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभासेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्नेछ ।

२५. **निर्देशन दिन सक्नेः** यस नियमावलीमा उल्लेखित कामकारवाही सुचारू रुपले सञ्चालन गर्न सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले आफ्ना मातहतका कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

२६. **अन्य कुरा प्रचलित कानूनबमोजिम हुने** : यस नियमावलीमा लेखिएकोमा यसैबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

२७. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

## अनुसूची (नियम ४ को खण्ड (छ) संग सम्बन्धित)

## सामाजिक अध्ययन प्रतिवेदन

................................ बाल अदालत वा बाल इजलास/प्रहरी एकाई/कर्मचारी
................................ (ठेगाना)

**खण्ड क : बालकमाथि लगाइएको आरोपको व्यहोरा, व्यक्तिगत र पारिवारिक विवरण**

बालकमाथि लगाइएको आरोपको व्यहोराः

.............................................................................................

.............................................................................................

व्यक्तिगत विवरणः

नाम, थरः

उमेरः

लिङ्गः

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

पहिले कुनै संस्थामा बसेको भए त्यसको विवरणः

पारिवारिक विवरणः

बाबुकोः

नामः

पेशाः

ठेगानाः

आमाकोः

नामः

पेशाः

ठेगानाः

सौतेनी आमा भएः

नामः

पेशा ः

ठेगाना ः

संरक्षक भए निजको नाम, पेशा र ठेगानाः

पाल्ने वा हुर्काउने अरु कोही भएः

दाजु, भाईः

दिदी, बहिनीः

सँगै बसेका अन्य नातेदारः
सामाजिक र आर्थिक स्थितिः
परिवारका अन्य सदस्यको कुनै आपराधिक क्रियाकलापमा संलग्नता भए/नभएकोः
जीविकोपार्जनको स्तरः
बाबु, आमा तथा परिवारका अन्य सदस्यसँग आपसी सम्बन्धः
अन्य आवश्यक कुराः

**खण्ड खः बालकको विवरण**
मानसिक स्थितिः
शारीरिक स्थितिः
बानी बेहोरा, रूचि, चाखः
खास विशेषता वा व्यक्तिगत स्वभावः
साथीसँगको सम्बन्ध र उनीहरुको प्रभावः
घर छाडेर आएको भए सोको विवरणः
विद्यालय र शैक्षिक विवरणः
काम गरेको भए कामको प्रकृतिः
काम छाडेको भए सोको कारणः
छिमेकीहरुको भनाईः
घर तथा विद्यालयमा अनुशासनप्रतिको दृष्टिकोणः
अन्य केही कुराः

**खण्ड गः छानबिन/अध्ययनको निष्कर्ष**
संवेदनात्मक तथ्यः
शारीरिक अवस्थाः
बौद्धिक क्षमता वा स्तरः
सामाजिक तथा आर्थिक पक्षः
समस्या देखिनुका कारक तत्वः
आपराधिक प्रवृत्ति बढ्नुको कारणः
बालकलाई सुधारका लागि सुझाबः
सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको योजनाः

प्रतिवेदन तयार गर्ने व्यक्तिकोः
हस्ताक्षरः
नामथरः
अध्ययन प्रतिवेदन तयार गर्ने संस्थाको नामः
सङ्केत नम्वरः
मितिः

# बालअधिकारसम्बन्धी महासन्धि, १९८९

**प्रस्तावना**

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषित सिद्धान्तहरु अनुरुप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरुको समान तथा अखण्डनीय अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीला हुन् भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघको समस्त जनताले बडापत्रमा उल्लिखित मौलिक मानवअधिकारहरु तथा मानवीय मूल्य र मान्यतामा आफ्नो आस्थाको पुनःसमर्थन गर्दै व्यापक स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र स्तरीय जीवनको प्रवर्धन गर्ने अठोट गरेको कुरालाई मनन् गर्दै,

संयुक्त राष्ट्र संघले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारबारे अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लिखित सम्पूर्ण अधिकार र स्वतन्त्रता सबैलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा विना कुनै भेदभाव प्रदान गर्न घोषणा र मञ्जुरी गरेका कुरालाई मान्यता दिदैं,

संयुक्त राष्ट्र संघले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको माध्यमबाट बाल्यावस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नु पर्ने कुरालाई घोषणा गरेको स्थितिलाई संस्मरण गर्दै, परिवारले आफ्ना सम्पूर्ण सदस्यहरुको र खास गरी बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण तथा समाजको आधारभूत एकाईको रुपमा कार्य गर्ने भएकोले यसलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरी सम्बन्धित समुदायभित्र रही आफ्नो जिम्मेवारी पूर्ण रुपले बहन गर्न सक्ने बनाउनु पर्ने आवश्यकतामा विश्वस्त हुँदै,

बालबालिकाले आफ्नो व्यक्तित्वको पूर्ण र सामन्जस्यपूर्ण विकासको लागि एउटा पारिवारिक वातावरण तथा प्रसन्नता, ममता र समझदारीको वातावरणमा हुर्कन पाउनु पर्छ भन्ने कुरालाई मान्यता दिदैं, बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्ण रुपले समर्थ बनाइनु पर्ने र संयुक्त राष्ट्र संघको बडापत्रमा घोषित आर्दशहरुअनुरुप र खास गरी शान्ति, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालनपालन गर्नु पर्ने कुरालाई ध्यानमा राख्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याइनु पर्दछ भन्ने कुरालाई बालबालिकाको अधिकारबारे जेनेभामा १९२४ मा भएको घोषणापत्र, संयुक्त राष्ट्र संघले १९५९ मा पारित गरेको बालबालिकाका

अधिकारहरुको घोषणापत्र, विश्वव्यापी मानवअधिकार घोषणापत्रमा मान्यता दिइएको एवं नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (विशेषगरी धारा २३ र २४) मा उल्लेख भएको एवं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुवन्ध (विशेष गरी धारा १०) मा उल्लेख भएको र बालबालिकाको कल्याणमा समर्पित विशिष्टीकृत संगठन तथा अन्तर्राष्ट्रिय संस्थाहरुको ऐनहरु तथा सम्बद्ध अध्यालेखहरुमा समेत उल्लेख भएको तथ्यलाई हृदयङ्गम गर्दै,

सन् १९५९ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित बालबालिकाको अधिकारसम्बन्धी घोषणापत्रमा “शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले बालबालिकालाई जन्मनुअघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहार साथै उचित कानूनी संरक्षणको आवश्यकता पर्छ” भन्ने उल्लेख भएको कुरालाई हृदयङ्गम गर्दै,

बालबालिकाको संरक्षण एवं कल्याणसम्बन्धी सामाजिक एवं कानूनी सिद्धान्तहरु, खास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बालबालिकाको हेरचाह र धर्मसन्तान ग्रहण गर्ने प्रक्रियासम्बन्धी घोषणापत्र, बाल न्याय प्रशासनसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमहरु) र सङ्कटकाल तथा सशस्त्र द्वन्द्वमा महिला र बालबालिकाको संरक्षणसम्बन्धी घोषणापत्रका प्रावधानहरुलाई संस्मरण गर्दै,

विश्वका सबै देशहरुमा केही बालबालिकाहरु अति कठिन अवस्थामा बाँचेका र यी बालबालिकाहरुलाई विशेष ध्यान दिनु पर्ने कुरालाई मान्यता दिँदै,

बालबालिकाको संरक्षण र सामान्जस्यपूर्ण विकासको लागि प्रत्येक राष्ट्रका परम्परा र साँस्कृतिक मूल्यहरुको महत्वलाई उचित ध्यान दिँदैं,

प्रत्येक देशमा विशेषतः विकासशील मुलुकहरुमा बालबालिकाको जीवनस्तर सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्वलाई मान्यता दिदै,

यस महासन्धिका राज्य पक्षहरुले निम्न कुराहरुमा सहमति जनाएका छन्ः

## भाग-१

### धारा १

यस महासन्धिको प्रयोजनको लागि बालकसम्बन्धी कानूनअन्तर्गत वयस्कताको उमेर योभन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई सम्झनु पर्छ ।

## धारा २

(१) यस महासन्धिमा पक्ष रहेका राज्यहरुले यस महासन्धिमा उल्लिखित आफ्नो क्षेत्रभित्रको प्रत्येक बालकको अधिकारको सम्बन्धमा बालकको वा उसका बाबुआमाको वा वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक, वा अन्य विचारहरु राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, असक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी सम्मान र प्रत्याभूति दिनु पर्नेछ ।

(२) बालकका बाबुआमाहरु, वैधानिक अभिभावकहरु वा अन्य पारिवारिक सदस्यहरुको हैसियत, क्रियाकलाप, अभिव्यक्त धारणाहरु वा आस्थाहरुको आधारमा गरिने सबै किसिमका भेदभाव वा सजायबाट बालबालिकाको संरक्षण गर्न यस महासन्धिका राज्य पक्षहरुले सबै उचित कदमहरु चाल्नेछन् ।

## धारा ३

(१) सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरु, अदालतहरु, प्रशासनिक यन्त्रहरु वा विधायिकाहरु सबैले बालबालिकाहरुसँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम् हितलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) राज्य पक्षहरुले बालबालिकाको आमाबाबु, वैधानिक अभिभावक वा कानूनी रुपमा उनीहरुका लागि जिम्मेवार अन्य व्यक्तिहरुको बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै, बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नेछन् र यस उद्देश्यको निमित्त सबै उचित वैधानिक र प्रशासनिक उपायहरु गर्नेछन् ।

(३) राज्य पक्षले बालबालिकाको स्याहार र संरक्षणका लागि जिम्मेदार संस्थाहरु तथा सेवा र सुविधासम्बन्धी निकायहरु, सक्षम अधिकारीहरुले निर्धारण गरेका मापदण्डहरु खास गरी सुरक्षा, स्वास्थ्य, आवश्यक कर्मचारीहरुको संख्या र उपयुक्तताको साथ साथै दक्ष सुपरिवेक्षणको व्यवस्था गर्नेछन् ।

## धारा ४

राज्य पक्षहरुले यस महासन्धिले मान्यता दिएको अधिकारहरुको कार्यान्वयनका लागि सबै उपयुक्त वैधानिक, प्रशासनिक र अन्य उपायहरु अपनाउनेछन् । विशेष गरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको सन्दर्भमा राज्य पक्षहरुले आ-आफ्ना श्रोतहरुले भ्याएसम्म र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट बढी मात्रामा यस्ता कदमहरु चाल्नेछन् ।

## धारा ५

राज्य पक्षहरुले यस महासन्धिले मान्यता दिएको बालबालिकाहरुको अधिकारको प्रयोगको सिलसिलामा निजहरुको उदयोन्मुख व्यक्तिगत क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त निर्देशन र मार्गदर्शन प्रदान

गर्न बाबुआमा वा स्थानीय परम्पराले दिएअनुसार परिवार वा समुदायका वैधानिक अभिभावकहरु वा बालबालिकाको निम्ति कानूनी रुपमा जिम्मेदार अन्य व्यक्तिहरुको दायित्व, अधिकार तथा कर्तव्यलाई मान्यता दिनेछन् ।

### धारा ६

(१) राज्य पक्षहरुले प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार हो भनी मान्यता दिन्छन् ।

(२) राज्य पक्षहरुले बालबालिकाको दीर्घ जीवन र विकासको लागि यथासम्भव बढीभन्दा बढी प्रयास गर्ने अठोट गर्नेछन् ।

### धारा ७

(१) बालबालिकाहरुलाई जन्मनासाथ दर्ता गरिनेछ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकार पाउनेछ ।

(२) राज्य पक्षहरुले आ-आफ्ना राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय अध्यालेखअन्तर्गतको दायित्वअनुसार माथि उल्लिखित अधिकारहरु विशेष गरी बालबालिका राज्यविहीन हुने भएमा, कार्यान्वयन गर्नेछन् ।

### धारा ८

(१) राज्य पक्षहरुले कानूनले मान्यता दिएअनुसारको बालबालिकाको आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायतको परिचय यथावत् राख्न पाउने अधिकारलाई, विना गैरकानूनी हस्तक्षेप, मान्यता दिनेछन् ।

(२) कुनै बालबालिकाको आफ्नो परिचयसम्बन्धी कुनै वा सबै तत्वहरु गैरकानूनी ढङ्गले वञ्चित हुन गएमा राज्य पक्षहरुले ति बालबालिकाहरुका त्यस्ता परिचयात्मक तत्वहरुको यथाशीघ्र पुनर्स्थापनाको लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नेछन् ।

### धारा ९

(१) बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधिअनुरुप सक्षम अधिकारीहरुले, न्यायिक पुनरावलोकनको अधीनमा रही निर्णय गरेमा बाहेक कुनै पनि बालबालिकालाई बाबुआमाको इच्छाविरूद्ध अलग गरिने छैन भनी राज्य पक्षहरुले निश्चित गर्नेछन् ।

बालबालिकालाई यस प्रकारले अलग राख्ने निर्णय, खास गरेर कुनै बालबालिका आफ्नो आमाबाबुबाट दुर्व्यवहार र उपेक्षित गरिएमा वा आमाबाबु छुट्टिएर बसोबास गरेमा र त्यस्तो अवस्थामा बालबालिकाको बासस्थानको व्यवस्थापन गर्नु पर्ने भएमा, आवश्यक हुनेछ ।

(२) प्रकरण १ मा उल्लिखित कुनै पनि कामकारवाहीमा सरोकारवालालाई सहभागी हुने र आफ्नो कुरा भन्ने अवसर प्रदान गरिनेछ ।

(३) बालबालिकाको सर्वोत्तम हितविपरीत असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले आमाबाबुसँग नियमित रुपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने बालबालिकाको अधिकारलाई राज्य पक्षहरुले मान्यता दिनेछन् ।

(४) राज्य पक्षबाट उठाइएका कुनै कामकारवाही जस्तो कि बाबु वा आमा वा दुवै वा बालबालिकाको नजरबन्द, कैद, निर्वासन, देश निकाला वा मृत्युदण्ड (कुनै व्यक्ति राज्यको हिरासतमा रहँदा हुन गएको कुनै प्रकारको मृत्यु लगायत) ले गर्दा यस प्रकारको विछोड भएमा त्यस्तो राज्य पक्षले सम्बन्धित आमाबाबु वा बालबालिका वा उपयुक्त देखिएमा परिवारको कुनै सदस्यको अनुरोधमा, बालबालिकाको हितविपरीत असर पर्ने अवस्थामा बाहेक, परिवारको त्यस्तो अनुपस्थित सदस्यको अवस्थाको सम्बन्धमा आवश्यक तथ्यगत जानकारी दिने व्यवस्था गर्नेछ । यस प्रकारको अनुरोधको प्रस्तुतिको कारणले गर्दा सम्बन्धित व्यक्तिहरुको विरूद्ध कुनै प्रतिकूल असर पर्ने छैन भन्ने कुरामा पनि राज्य पक्षले निश्चित गर्नु पर्नेछ ।

## धारा १०

(१) धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरुको दायित्वअनुरुप पारिवारिक पुनर्मिलनको उद्देश्यले कुनै बालबालिका वा उनीहरुका बाबुआमाले कुनै राज्यमा प्रवेश गर्ने वा त्यसलाई त्याग्ने उद्देश्यले दिइएका आवेदनहरुमाथि राज्य पक्षहरुले सकारात्मक, मानवीय र छिटो तवरले कार्य गर्नेछन् । राज्य पक्षहरुले आवेदकहरु र उनीहरुको परिवारका सदस्यहरुप्रति यस आवेदनले कुनै प्रकारका प्रतिकूल असर पार्ने छैन भन्ने कुरा पनि निश्चय गर्नेछन् ।

(२) कुनै बालबालिकाको बाबुआमा बेग्लाबेग्लै राज्यहरुमा बसेका रहेछन् भने ती बालबालिकालाई, अति विशेष परिस्थितिमा बाहेक, दुवै बाबुआमासँग नियमित रुपमा व्यक्तिगत सम्बन्ध राख्ने र प्रत्यक्ष भेटघाट गर्ने अधिकार हुनेछ । यसको लागि धारा ९ को प्रकरण १ अन्तर्गत राज्य पक्षहरुमा भएको दायित्वअनुरुप राज्य पक्षहरुले बालबालिका र उनीहरुका बाबुआमाहरुले आफ्नो लगायत कुनै पनि देशलाई छाड्न पाउने र आफ्नो देशमा प्रवेश पाउने अधिकारलाई मान्यता दिनेछन् । कुनै पनि देशलाई छाड्न पाउने अधिकार कानूनी प्रावधानबाट गरिएको प्रतिवन्धहरुको अधीनमा रही हुनेछ, जुन प्रतिवन्ध राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षण गर्न आवश्यक भएको हुनु पर्छ र त्यस्ता प्रतिवन्ध यस महासन्धिमा मान्यता दिइएका अन्य अधिकारहरुसँग अनुकूल हुनु पर्नेछ ।

## धारा ११

(१) राज्य पक्षहरुले बालबालिकाको अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्ने उद्देश्यले पाइला चाल्नेछन् ।

(२) यसको लागि राज्य पक्षहरुले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरु गर्ने वा भइरहेका सन्धिहरुमा सामेल हुने कुरामा जोड दिनेछन् ।

## धारा १२

(१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्र रुपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्य पक्षहरुले गर्नु पर्दछ । बालबालिकाले त्यस्तो विचारलाई उसको उमेर र परिपक्वताअनुसार उचित मान्यता दिइनेछ ।

(२) यस प्रयोजनको लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कामकारवाहीमा सम्बन्धित राष्ट्रिय कानूनका प्रावधानबमोजिम प्रत्यक्ष रुपमा वा प्रतिनीधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषतः सुनुवाई हुने अवसर प्रदान गरिनेछ ।

## धारा १३

(१) बालबालिकालाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सिमानाको कुनै हद नराखी यस अधिकारभित्र सबै प्रकारका जानकारीहरु र विचारहरु खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रुपमा, कलाको रुपमा वा बालबालिकाको रुचिअनुसार कुनै पनि प्रचार माध्यमद्वारा अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ ।

(२) यो अधिकार केही प्रतिवन्धहरुको अधीनमा रही प्रयोग गर्न सकिन्छ, तर ती प्रतिवन्धहरु कानूनद्वारा व्यवस्थित भएको र निम्न कारणले आवश्यक भएको हुनु पर्दछः

(क) अरुको अधिकारहरु वा प्रतिष्ठाको आदर गर्नको लागि, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा जनस्वास्थ्य वा नैतिकताको संरक्षणका लागि ।

## धारा १४

(१) राज्य पक्षहरुले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले बालबालिकाको विकसित हुँदै गरेको क्षमतासँग मेल खाने किसिमले निजको अधिकार प्रयोगको सिलसिलामा बाबुआमा र उपयुक्त अवस्थामा वैधानिक अभिभावकहरुको निर्देशन दिने अधिकार र कर्तव्यहरुलाई मान्यता दिनेछन् ।

(३) कानूनद्वारा व्यवस्था गरिएका बन्देजहरुका अधीनमा रही आफ्नो धर्म र आस्थालाई प्रदर्शन गर्न स्वतन्त्रता हुनेछ । कानूनका ती बन्देजहरु पनि सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकता तथा अरुको मौलिक अधिकार र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक हुनु पर्नेछ ।

## धारा १५

(१) राज्य पक्षहरुले बालबालिकाको संगठनसम्बन्धी स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारलाई मान्यता दिन्छन् ।

(२) यी अधिकारहरुको प्रयोगमा कानूनअनुकूल तथा राष्ट्रिय सुरक्षा वा जनसुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य एवं नैतिकताको संरक्षण वा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक पर्ने बन्देजबाहेक अन्य कुनै पनि बन्देज लगाइने छैन ।

## धारा १६

(१) बालबालिकाको निजिपना, परिवार, घर वा पत्राचारमाथि बलजफ्ती वा गैरकानूनी हस्तक्षेप गरिने छैन, न त उनीहरुका मर्यादा र इज्जतमाथि नै गैरकानूनी आक्रमण गरिनेछ ।

(२) यस्तो हस्तक्षेप र आक्रमणको विरुद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ ।

## धारा १७

राज्य पक्षहरुले सार्वजनिक सञ्चार माध्यमहरुले खेलेको महत्वपूर्ण भूमिकाहरुलाई मान्यता दिनेछन् । विशेषतः बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक हितहरुमा शारीरिक एवं मानसिक स्वास्थ्य संवर्धनको उद्देश्य राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरुको विविधताबाट बालबालिकाले जानकारी र सामग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनेछन् ।

यस प्रयोजनको लागि राज्य पक्षहरुलेः

(क) सार्वजनिक प्रचार माध्यमलाई धारा २९ को व्यवस्थाको भावनाअनुरुप तथा बालबालिकाको सामाजिक र साँस्कृतिक हित हुने खालको सूचना र सामग्री प्रचारप्रसार गर्न प्रोत्साहन दिनेछन्,

(ख) साँस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोतहरुको विविधताबाट प्राप्त हुने जानकारी र सामग्रीको उत्पादन, आदानप्रदान र वितरणमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन्,

(ग) बाल पुस्तकहरुको उत्पादन र वितरणलाई प्रोत्साहन दिनेछन्,

(घ) सार्वजनिक प्रचारप्रसार संस्थाहरुलाई अल्पसंख्यक समुदाय वा आदिवासी समुदायका बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन्,

(ङ) धारा १३ र १८ का प्रावधानहरुलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट ती बालबालिकाको संरक्षण गर्नका लागि सहि मार्गदर्शनको विकासलाई प्रोत्साहन दिनेछन् ।

## धारा १८

(१) राज्य पक्षहरुले बालबालिकाको लालनपालन र विकासको लागि बाबुआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तलाई मान्यता दिलाउन भरपूर्ण प्रयासहरु गर्नेछन् । बालबालिकाको

लालनपालन र विकासको निमित्त बाबुआमाहरु वा त्यस्तै अवस्थामा वैधानिक अभिभावकको प्रथम दायित्व हुनेछ । बालबालिकाको सर्वोपरी हितको कुरा उनीहरुको प्रमुख चासोको विषय हुनेछ ।

(२) यस महासन्धिमा व्यवस्था भएका अधिकारीहरुलाई प्रत्याभूत तथा संवर्धन गर्ने प्रयोजनको लागि राज्य पक्षहरुले बालबालिकाको पालनपोषणको दायित्व पूरा गर्न सक्षम बनाउन बाबुआमा वा वैधानिक अभिभावकलाई उचित सहयोग प्रदान गर्नेछन् र बालबालिकाको स्याहार सम्बन्धमा संस्था, सुविधा र सेवाको विकास गर्नेछन् ।

(३) राज्य पक्षहरुले श्रमिक बाबुआमाका बालबालिकाहरुले पाउनु पर्ने बालस्याहार सेवा र सुविधाहरुको उपभोग गर्ने अधिकार छ भन्ने कुराको सबै आवश्यक व्यवस्था मिलाउनेछन् ।

## धारा १९

(१) राज्य पक्षहरुले बालबालिकाप्रति निजको बाबुआमा वा वैधानिक अभिभावक वा अन्य व्यक्तिहरुको हेरचाहमा रहेको अवस्थामा त्यस्ता व्यक्तिका तर्फबाट हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक चोट वा दुर्व्यवहार, हेला वा उपेक्षित व्यवहार वा यौन दुराचार लगायतका शोषणहरुबाट बालबालिकालाई जोगाउन उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरु अपनाउनेछन् ।

(२) यस प्रकारका संरक्षात्मक कार्यहरुमा उपयुक्त भएसम्म सामाजिक कार्यक्रमहरुको संस्थापनाको लागि प्रभावकारी कार्यविधिहरु समावेश गरी बालबालिका र बालबालिकाको स्याहार गर्नेहरुलाई सहायता पुऱ्याउनुका साथै अन्य प्रकारका निवारक उपायहरु गर्नु पर्नेछ र साथै माथि उल्लेख गरिएका प्रकारका बाल दुर्व्यवहारका घटनाहरु पत्ता लगाउने, खबर गर्ने, सोध्ने एवं तिनीहरुको जानकारी, अनुसन्धान, उपचार तथा अनुगमनको लागि र आवश्यक भएमा न्यायिक हस्तक्षेपको लागिसमेत प्रभावकारी उपाय गरिनु पर्दछ ।

## धारा २०

(१) कुनै पनि बालबालिका स्थायी वा अस्थायी रुपमा आफ्नो पारिवारिक वातावरणबाट वञ्चित भएमा वा त्यस प्रकारको वातावरणमा रहँदा निजको सर्वोपरी हितको विपरीत हुने भएमा त्यस्ता बालबालिकाले राज्यद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) राज्य पक्षहरुले आफ्नो राष्ट्रिय कानूनअनुसार यस्ता बालबालिकाको लागि वैकल्पिक स्याहार प्रदान गर्ने उपाय निश्चित गर्नेछन् ।

(३) यस प्रकारले गरिने स्याहार कार्यमा अन्य व्यवस्थाहरुका अतिरिक्त बालबालिकाहरुको पालन पद्धति, इस्लामिक कानूनअन्तर्गतको कफाला, धर्म सन्तान लिने वा आवश्यकतानुसार बालस्याहारका उपयुक्त संस्थाहरुमा भर्ना गर्ने जस्ता कार्यहरु समावेश हुनेछन् । यस्ता कुराहरुको समाधान गरिदा बालबालिकाको जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यानमा राखी निजको लालनपालनमा निरन्तरता कायम रहने तरिकामा ध्यान दिइनु पर्दछ ।

## धारा २१

धर्म सन्तान लिने प्रणालीलाई मान्यता वा अनुमति दिने राज्य पक्षहरुले तिनीहरुले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनेछन् र तिनीहरुलेः

(क) बालबालिकालाई धर्म सन्तान लिने विषयमा सक्षम अधिकारीले मात्र स्वीकृति दिइएको हुनु पर्दछ। उपयुक्त कानून र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबुआमा, नातेदार र वैधानिक संरक्षकहरुको स्थितिलाई दृष्टिगत गरी त्यस्ता बालबालिकालाई धर्म सन्तान लिन दिन हुन्छ भन्ने लागेमा त्यस्तो स्वीकृति दिन हुन्छ। आवश्यक परेमा सम्बन्धित व्यक्तिहरुले धर्म सन्तान लिने विषयमा उपलब्ध सरसल्लाहको आधारमा पूर्ण जानकारी लिएरमात्र आफ्नो स्वीकृति दिएको हुनु पर्दछ।

(ख) यदि कुनै बालबालिकालाई पालनपोषण गर्ने वा धर्म सन्तान लिने परिवारमा राख्न सकिने भन्ने सम्भावना नभएमा वा निजको जन्मभूमिमा उचित स्याहार पुऱ्याउन सकिन्न भन्ने लागेमा अन्तरदेशीय रुपमा धर्म सन्तान लिनेदिने प्रक्रियालाई पनि बालस्याहारको एउटा वैकल्पिक उपायको रुपमा लिन सकिन्छ भन्ने कुरालाई मान्यता दिइनेछ।

(ग) अन्तरदेशीय रुपमा धर्म सन्तान लिइएका बालबालिकालाई स्वदेशमा धर्म सन्तान लिइएका बालबालिकासरह समान सुरक्षा तथा स्तर प्राप्त छ भन्ने कुराको पूर्वनिश्चित गरिनु पर्दछ।

(घ) अन्तरदेशीय रुपमा धर्म सन्तान लिने प्रक्रियाको क्रममा यसमा संलग्न व्यक्तिहरुले अनुचित आर्थिक फाइदा उठाएका छैनन् भन्ने कुरा यकीन गर्नको लागि उपयुक्त कदमहरु चाल्नेछन्।

(ङ) यस धारामा उल्लिखित उद्देश्यहरु उपयुक्तताअनुसार द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताद्वारा संवर्धन गर्नेछन् र यस्तो बन्दोबस्तअनुसार अन्य देशमा गरिएको बालबालिकाको पालनपोषणको काम सक्षम अधिकारी वा निकायहरुबाट हुनेछ भनी निश्चित गर्ने प्रयास गर्नेछन्।

## धारा २२

(१) राज्य पक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरुअनुसार शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकाले आफ्नो बाबुआमा वा अन्य कोहीसँग बसे पनि वा नबसे पनि यस महासन्धिमा र आफूसमेत पक्ष भएको अन्य अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय व्यवहारसम्बन्धी अन्य अध्यालेखहरुमा उल्लिखित अधिकारको उपभोगसम्बन्धी उचित संरक्षण र मानवीय सहयोग प्राप्त गर्न पाउने व्यवस्था गर्नेछन्।

(२) यस उद्देश्यको निमित्त राज्य पक्षहरुले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता शरणार्थी बालबालिकाको बाबुआमा वा परिवारका अन्य सदस्यहरुलाई पत्ता लगाउने काममा संयुक्त राष्ट्र संघसँग सम्बद्ध अन्य सम्बन्धित अन्तरसरकारी संगठनहरु र यस प्रकारको बाल संरक्षण तथा सहायता कार्यमा संयुक्त राष्ट्र संघलाई सहयोग गरिरहेका गैरसरकारी संगठनलाई उपयुक्तताअनुसार सहयोग प्रदान गर्नेछन्।

## धारा २३

(१) कुनै पनि मानसिक वा शारीरिक रुपमा अपाङ्ग बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्बनमा अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता लिन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवन यापन गर्न पाउनु पर्दछ भन्ने कुरा राज्य पक्षहरुले मान्यता दिन्छन् ।

(२) राज्य पक्षहरुले अपाङ्ग बालबालिकाको विशेष स्याहारको अधिकारलाई मान्यता दिन्छन् र उपलब्ध श्रोतहरुले भ्याएसम्म योग्य बालबालिकालाई र ती बालबालिकाहरुको हेरचाह गर्न जिम्मा लिनेलाई आवश्यक सहायता उपलब्ध गराउन त्यस सम्बन्धमा आवेदन परेमा र त्यस्तो बालकको अवस्था र निजको हेरचाह गर्ने बाबुआमा वा अन्य व्यक्तिको परिस्थितिअनुसार उपयुक्त भएमा यस्तो सहायता विस्तार गर्न प्रोत्साहन र निश्चित गर्नेछन् ।

(३) अपाङ्ग बालबालिकाको विशेष आवश्यकतालाई विचार गर्दै बालबालिकाको स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिहरुको आर्थिक श्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म प्रकरण २ मा उल्लिखित सहयोग निःशुल्क उपलब्ध गराइनेछ र कुनै पनि अपाङ्ग बालबालिकाको साँस्कृतिक तथा आध्यात्मिक अभिवृद्धि लगायत निजले हुन सक्नेसम्म पूर्णरुपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट, शिक्षा, प्रशिक्षण, स्वास्थ्य स्याहार सेवाहरु, पुनर्स्थापन सेवाहरु र रोजगारीको तयारी र मनोरन्जनका अवसरहरु प्राप्त गर्ने र त्यसमा वास्तविक पहुँच हुने गरी व्यवस्था गर्ने कुरामा निश्चय गर्नेछन् ।

(४) राज्य पक्षहरुले पुनर्स्थापना, शिक्षा र व्यावसायिक सेवाहरुको तरिकासम्बन्धी सूचनाहरु वितरण गर्ने र प्राप्त गर्ने लगायत अपाङ्ग बालबालिकासम्बन्धी निवारक स्वास्थ्य स्याहार र औषधोपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उचित जानकारीको आदानप्रदान गर्ने कुरालाई अन्तर्राष्ट्रिय सहयोगको भावनाअनुसार अभिवृद्धि गर्नेछन् । यस क्षेत्रमा आफ्नो अनुभवलाई विस्तार गर्न र आफ्नो क्षमता र सीपलाई विकास गर्न राज्य पक्षहरुलाई सक्षम बनाउने उद्देश्यले पनि त्यस्तो भावनालाई अन्तर्राष्ट्रिय सहयोगको संवर्धन गर्नेछन् । यस विषयमा विकासोन्मुख देशहरुको आवश्यकताबारे विशेष रुपमा विचार गरिनेछ ।

## धारा २४

(१) राज्य पक्षहरुले बालबालिकाको उच्चतम् स्तरको स्वास्थ्य कायम गर्ने र बिरामीको लागि उपचार गर्न पाउने सुविधा र स्वास्थ्यको पुनर्लाभ लिन पाउने अधिकारलाई मान्यता दिनेछन् । राज्य पक्षहरुले कुनै पनि बालबालिकाले यस्तो स्वास्थ्य स्याहार सेवाहरु पाउने अधिकारबाट वञ्चित हुनु नपरोस भनी निश्चित गर्न सक्दो प्रयास गर्नेछन् ।

(२) राज्य पक्षहरुले यो अधिकारको पूर्ण कार्यान्वयन गर्नेछन् र विशेषतः देहायका कदम चाल्नेछन्ः

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई दिइने आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरुलाई मध्यनजर राख्दै प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र रही सहज रुपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणका विरुद्ध लड्ने,

(घ) आमाहरुको निम्ति गर्भिणी र सुत्केरी अवस्थामा उचित स्वास्थ्य स्याहारको व्यवस्था निश्चित गर्ने,

(ङ) समाजको प्रत्येक क्षेत्रमा, खास गरी बाबुआमा र बालबालिकाहरुलाई बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय सरसफाईका फाइदाहरु र दुर्घटनाको रोकथामबारे जानकारी दिइएको छ, शिक्षा उपलब्ध छ तथा यस काममा सहयोग पुऱ्याइएको छ भन्ने कुरामा निश्चित गर्ने,

(च) निवारक स्वास्थ्य स्याहार, बाबुआमाको लागि सरसल्लाह र परिवार नियोजनसम्बन्धी शिक्षा र सेवाहरुको विकास गर्ने ।

(३) राज्य पक्षहरुले बालबालिकाको स्वास्थ्यलाई हानि पुऱ्याउने खालको परम्परागत उपचारलाई निर्मुल गर्ने उद्देश्यले सम्पूर्ण प्रभावशाली र उपयुक्त कदमहरु चाल्नेछन् ।

(४) राज्य पक्षहरुले यस धारामा मान्यता दिइएको अधिकारलाई पूर्ण रुपमा लागू गर्न अन्तर्राष्ट्रिय सहयोगलाई संवर्धन र प्रोत्साहन गर्न जिम्मा लिन्छन् । यस सन्दर्भमा विकासोन्मुख देशहरुको आवश्यकता बारेमा विशेष रुपमा विचार गरिनेछ ।

## धारा २५

राज्य पक्षहरुले बालबालिकालाई निजको स्याहार, संरक्षण वा शारीरिक र मानसिक स्वास्थ्यको उपचारको लागि सक्षम निकायबाट पालन व्यवस्थामा राखिएको भए सोसम्बन्धमा आफूउपर भएको व्यवहार तथा आफू राखिएको व्यवस्थासम्बन्धी परिस्थितिहरुको आवधिक समिक्षा गराउने निजको अधिकारलाई मान्यता दिनेछन् ।

## धारा २६

(१) राज्य पक्षहरुले सामाजिक बिमा लगायत सामाजिक सुरक्षासम्बन्धी सुविधाबाट लाभ उठाउन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् र यस अधिकारको पूर्ण प्राप्तितर्फ आ-आफ्नो राष्ट्रिय कानूनबमोजिम आवश्यक सबै कदमहरु चाल्नेछन् ।

(२) यस्ता सुविधाहरु बालबालिकाको र बालबालिकाको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरुको श्रोत र परिस्थितिका साथै सुविधाको लागि बालबालिकाले वा निजका तर्फबाट गरिएका आवेदनसँग सम्बन्धित अन्य कुरालाईसमेत ध्यानमा राखेर उपयुक्तताको आधारमा प्रदान गरिनेछ ।

## धारा २७

(१) राज्य पक्षहरुले कुनै पनि बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई मान्यता दिनेछन् ।

(२) बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुको आफ्नो सामर्थ्य र आर्थिक क्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि चाहिने रहनसहनका अवस्थाको बन्दोबस्त गर्नु प्राथमिक दायित्व हुनेछ ।

(३) राज्य पक्षहरुले राष्ट्रिय परिस्थितिअनुरुप आफ्नो श्रोतसाधनले भ्याएसम्म यो अधिकारलाई कार्यान्वयन गराउन बाबुआमाहरु वा बालबालिकाको सम्बन्धमा उत्तरदायी व्यक्तिहरुलाई सहयोग गर्न उचित पाइला चाल्नेछन् र आवश्यक परेमा खास गरी गाँस, बास र कपासको सम्बन्धमा भौतिक सहायता प्रदान गर्नेछन् तथा यस्ता कार्यक्रम सञ्चालन गर्नेछन् ।

(४) राज्य पक्षहरुले स्वदेशमा तथा विदेशमा रहेका बाबुआमाहरु वा बालबालिकाको आर्थिक दायित्व बहन गर्ने व्यक्तिहरुबाट बालबालिकाको स्याहारसुसारका लागि चाहिने मानाचामल असूलउपर गर्न उचित पाइलाहरु चाल्नेछन् । खास गरी, बालबालिकाप्रति आर्थिक दायित्व बहन गर्ने व्यक्ति बालबालिका बस्ने ठाँउ भिन्दाभिन्दै राज्यमा बसेका रहेछन् भने राज्य पक्षहरुले यस प्रयोजनको लागि अन्तर्राष्ट्रिय सन्धिहरुमा संलग्न हुनेछन् वा त्यस प्रकारको सम्झौता गर्ने तथा अन्य उपयुक्त व्यवस्थाहरु गर्ने प्रक्रियालाई संवर्धन गर्नेछन् ।

## धारा २८

(१) राज्य पक्षहरुले बालबालिकाको शिक्षाको अधिकारलाई मान्यता दिन्छन् र समान अवसरको आधारमा यस अधिकारको क्रमिक प्राप्तिको लागि विशेष गरी देहायको व्यवस्था गर्नेछन्ः

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निशुल्क उपलब्ध गराउने,

(ख) साधारण र व्यावसायिक शिक्षासहित विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा निशुल्क शिक्षाको सुरूवात गर्ने र आवश्यक परेमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता उपयुक्त उपायहरु गर्ने,

(ग) क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनहरुद्वारा उच्च शिक्षा प्राप्त हुन सक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरुलाई शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन उपलब्ध गराउने र पुऱ्याउने,

(ङ) विद्यालयमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरुको संख्या घटाउन विभिन्न उपायहरु अपनाउने ।

(२) राज्य पक्षहरुले बालबालिकाको मानवीय मर्यादाअनुकूल र वर्तमान महासन्धिको प्रावधानबमोजिम विद्यालयमा अनुशासनसम्बन्धी नियम लागू गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

(३) राज्य पक्षहरुले शिक्षाको क्षेत्रमा, खास गरी विश्वबाटै अज्ञानता र निरक्षरतालाई हटाउनका लागि अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्धन तथा प्रोत्साहन दिनेछन् । उक्त सहयोगभित्र वैज्ञानिक तथा प्राविधिक ज्ञान प्राप्त गर्न सहज तुल्याउने तथा आधुनिक शिक्षण तरिकामा योगदान गर्ने कुरा पनि समावेश छन् । यस सम्बन्धमा विकासोन्मुख देशहरुको आवश्यकताहरुलाई विशेष ध्यान दिइनेछ ।

## धारा २९

(१) राज्य पक्षहरु बालबालिकाको शिक्षा निम्न विषयमा निर्दिष्ट हुनु पर्ने कुरामा सहमत छन्ः

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरता विकास गर्ने,

(ख) मानवअधिकार र मौलिक स्वतन्त्रता र संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लिखित सिद्धान्तहरुको आदर गर्ने भावनालाई विकास गर्ने,

(ग) बालबालिकाको बाबुआमाप्रति, उसको आफ्नै साँस्कृतिक परिचय, भाषा र मूल्यहरुप्रति, बालबालिका जन्मेको देशको राष्ट्रिय मूल्यप्रति, निजको उत्पत्तिको देशप्रति र बालबालिकाको आफ्नोभन्दा फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने,

(घ) सम्पूर्ण जनताहरु, जाति, राष्ट्रिय र धार्मिक समुदाय र आदिवासी मूलका मानिसहरु बीच समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग, समानता र मित्रताको भावनाअनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने,

(ङ) प्राकृतिक वातावरणको सम्मानको विकास गर्ने ।

(२) शैक्षिक संस्थाहरु स्थापना गर्न र सञ्चालन गर्न व्यक्ति र संस्थानहरुको स्वतन्त्रतालाई बाँधा पुग्ने गरी यो धारा वा धारा २८ को कुनै पनि अंशको अर्थ लगाइने छैन । तर त्यस्ता शैक्षिक संस्थाहरुको सञ्चालन तथा स्थापना यस धाराको प्रकरण १ मा व्यवस्था गरिएको सिद्धान्तहरुअन्तर्गत र यस्ता संस्थाहरुमा दिइने शिक्षा राज्यद्वारा तोकिएको न्यूनतम् स्तरअनुसार हुनु पर्ने शर्तका अधीनमा रही व्यवस्थित हुनेछ ।

## धारा ३०

जाति, धर्म वा धार्मिक अल्पसंख्यकहरु वा आदिवासी मूलका मानिसहरु बसोबास गरेका राज्यहरुमा त्यस्तो अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्नो समुहको अन्य सदस्यहरुसँग सामुदायिक रुपमा आफ्नो सँस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने वा आफ्नो भाषा बोल्न पाउने अधिकारबाट वञ्चित गरिने छैन ।

## धारा ३१

(१) राज्य पक्षहरुले बालबालिकाको आराम गर्ने र फुर्सद लिन पाउने, उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण गतिविधिहरुमा संलग्न हुन पाउने र साँस्कृतिक जीवन र कलामा स्वतन्त्ररुपले सहभागी हुन पाउने अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले साँस्कृतिक र कलात्मक जीवनमा पूर्णरुपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र संवर्धन गर्नेछन् र साँस्कृतिक, कलात्मक, मनोरन्जनात्मक र फुर्सदसम्बन्धी क्रियाकलापका लागि सुहाउँदो र समान अवसर प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन् ।

## धारा ३२

(१) राज्य पक्षहरुको आर्थिक शोषण र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा असर पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरुको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् ।

(२) राज्य पक्षहरुले यो धाराको कार्यान्वयन निश्चित गर्न वैधानिक, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरु चाल्नेछन् । यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय अध्यालेखका सम्बन्धित प्रावधानहरुलाई ध्यानमा राख्दै, विशेष गरी देहायका व्यवस्थाहरु गर्नेछन्ः

(क) रोजगारीमा प्रवेश गर्न उमेरको न्यूनतम् हद वा न्यूनतम् उमेर तोक्ने व्यवस्था गर्ने,

(ख) काम गर्ने समय र रोजगारीका शर्तहरुसम्बन्धी उपयुक्त नियमहरुको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयनको लागि उचित सजाय र दण्डभारको व्यवस्था गर्ने ।

## धारा ३३

राज्य पक्षहरुले सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरुमा उल्लेख भएअनुसार लागूऔषध तथा मनोदीपक पदार्थहरुको गैरकानूनी प्रयोगबाट बालबालिकाहरुलाई जोगाउन र त्यस प्रकारको वस्तुको अवैध उत्पादन र बिक्री वितरणमा बालबालिकाको उपयोगलाई रोकथाम गर्न वैधानिक, प्रशासकीय, सामाजिक र शैक्षिक लगायतका सबै उचित उपायहरु गर्नेछन् ।

## धारा ३४

राज्य पक्षहरुले बालबालिकाहरुलाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने काम गर्नेछन् । यस प्रयोजनको निम्ति राज्य पक्षहरुले निम्न कुराहरुलाई रोक्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरु अपनाउनेछन्ः

(क) कुनै प्रकारको गैरकानूनी यौन कार्यहरुमा बालबालिकालाई संलग्न गराउने, प्रलोभन वा दवाब दिने;

(ख) देहव्यापार र अन्य गैरकानूनी यौन कार्यहरुमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्ने;

(ग) अश्लील चित्रणको काममा वा पत्रपत्रिकाहरुमा बालबालिकाहरुलाई शोषणपूर्ण प्रयोग गर्ने ।

## धारा ३५

राज्य पक्षहरुले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रुपमा बालबालिकाहरुको अपहरण बेचविखन वा सौदाबाजीलाई रोकथाम गर्न सबै उपयुक्त राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरु अपनाउनेछन् ।

## धारा ३६

राज्य पक्षहरुले बालकल्याणको कुनै पनि कुराको विपरीत हुने सबै किसिमका शोषणविरुद्ध बालबालिकाको संरक्षण गर्नेछन् ।

## धारा ३७

राज्य पक्षहरु के निश्चित गर्छन् भनेः

(क) कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रूरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन । १८ वर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरुका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने नसकिने गरी आजीवन कारावासको सजाय दिइने छैन ।

(ख) कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनुचित तवरले स्वतन्त्रताबाट वञ्चित गरिने छैन । बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानूनअनुकूल तवरबाट मात्र हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायको रुपमा मात्र अपनाइनेछ ।

(ग) स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई मानवीयता र मानवको अन्तर्निहित मर्यादाअनुरुप तथा निजहरुको उमेरअनुसारको व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो सम्मान गरिनेछ । खास गरेर स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोपरी हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरुबाट छुट्टै राखिनेछ । बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ ।

(घ) स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई कानूनी वा अन्य उपयुक्त सहयोग पाउने अधिकार साथै कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारीसमक्ष आफ्नो स्वतन्त्रता वञ्चित गर्ने प्रक्रियाको वैधता बारेमा उजुरी दिने अधिकार र त्यस्तो उजुरीमा तदारुख निर्णय पाउने अधिकार हुनेछ ।

## धारा ३८

(१) सशस्त्र संघर्षको सम्बन्धमा राज्यहरुलाई लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानूनको बालबालिकासँग सम्बन्धित व्यवस्थाको आदर गर्ने र गराउने अभिभारा राज्य पक्षहरुले लिन्छन् ।

(२) राज्य पक्षहरुले १५ वर्ष नपुगेका बालबालिकालाई लडाईमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरु चाल्नेछन् ।

(३) राज्य पक्षहरुले १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई आफ्नो सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनेछन् ।

(४) राज्य पक्षहरुले अन्तर्राष्ट्रिय मानवीय कानून मुताविक सशस्त्र लडाईबाट गैरसैनिक मानिसहरुलाई जोगाउने आफ्नो दायित्वअनुसार सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

## धारा ३९

राज्य पक्षहरुले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र द्वन्द्वको सिकार बनेका कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापनालाई संवर्धन गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् । यस प्रकारको पुनर्लाभ तथा पुनर्स्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादालाई सघाउ पुऱ्याउने वातावरणमा हुनेछ ।

## धारा ४०

(१) राज्य पक्षहरुले आरोपित, अभियुक्त वा फौजदारी कानूनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई संवर्धन गर्ने किसिमबाट ती बालबालिकाहरुको मनमा अरुहरुको मानवअधिकार र मौलिक स्वतन्त्रताहरुप्रतिको आदर जागृत हुने एवं ति बालबालिकाहरुको उमेर एवं पुनर्स्थापना तथा समाजमा उनीहरुको सिर्जनात्मक भूमिकाको संवर्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यहार गर्नु पर्नेछ ।

(२) यसको लागि एवं अन्तर्राष्ट्रिय अध्यालेखहरुमा भएका प्रासंङ्गिक प्रावधानहरुलाई मध्यनजर राख्दै, राज्य पक्षहरुले विशेषतः देहायका कुरा मिलाउनेछन्ः

(क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरु गरेबापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निषेध गरिएको रहेनछ भने निजलाई त्यस्तो फौजदारी कानून सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन ।

(ख) फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनै पनि बालबालिकाले कम्तीमा निम्न कुराको प्रत्याभूति पाउनेछन्ः

(अ) कानूनद्वारा दोषी सावित नहुन्जेल निर्दोष अनुमान गरिने,

(आ) निजविरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरून्त र प्रत्यक्ष रुपमा निजलाई र उचित भएमा निजका बाबुआमा वा वैधानिक अभिभावकमार्फत जानकारी गराइने र आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानूनी र अन्य उचित सहयोग पाउने,

(इ) कानूनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाहरुबाट कानूनबमोजिम यथेष्ट सुनुवाईपश्चात् सो

कुराको निष्कर्ष हुने तथा यस्तो सुनुवाई बालबालिकाको उच्चतम् हितको विपरीत नहुने भएमा निजको उमेर र अवस्थाको समेत विचार गरी निजको बाबुआमा वा वैधानिक अभिभावकको उपस्थिति हुनु पर्ने,

(ई) बयान गर्न कर नलगाइने, सावित हुन कर नलगाइने, विपरीतमा बक्ने साक्षीहरुको जिरह गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरुलाई विपक्षीसरहको समान स्थितिमा सम्मिलित गराउने र बयान गराउने अवसर दिने,

(उ) फौजदारी कानूनको उल्लंघन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यसको परिणामस्वरुप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानूनबमोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने,

(ऊ) प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा रुपान्तर गर्ने व्यक्तिको निःशुल्क सहयोग पाउने,

(ए) कारवाहीको सम्पूर्ण अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने ।

(३) राज्य पक्षहरुले फौजदारी कानूनको उल्लंघन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरुका लागि उपयुक्त हुने खालका कानूनहरु, कार्यविधिहरु, अधिकारीहरु र निकायहरुको स्थापनालाई प्रवर्धन गर्ने कार्य गर्नेछन् र विशेषतः निम्न कुराहरुको व्यवस्था गर्नेछन्ः

(क) न्यूनतम् उमेरको हद तोक्ने, यसभन्दा मुनिका बालबालिकाहरु फौजदारी कानून उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिनेछन् ।

(ख) उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरुका सम्बन्धमा न्यायिक कारवाही नगरी मानवअधिकार र कानूनी संरक्षणको अनुकूल हुने गरी अन्य उपायहरु अवलम्बन गरिनेछ ।

(४) बालबालिकाहरुको हितको अनुकूल हुने गरी निजहरुको परिस्थिति र अपराधमा समानुपातिक हुने गरी निजहरुसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरु जस्तैः स्याहार, मार्गदर्शन र निरिक्षणसम्बन्धी आदेशहरु, सरसल्लाह सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यवसायिक तालीम कार्यक्रमहरु तथा संस्थागत पालनपोषणका अन्य विकल्पहरु अपनाइनेछन् ।

## धारा ४१

यस महासन्धिका कुनै पनि कुराले बालअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि निम्न लिखित व्यवस्थालाई असर पार्ने छैनः

(क) त्यस्तो राज्य पक्षको कानूनमा विद्यमान छ भने, वा

(ख) त्यस्तो राज्यको निम्ति लागू हुने अन्तर्राष्ट्रिय कानूनमा विद्यमान छ भने ।

# भाग-२

## धारा ४२

राज्य पक्षहरुले उपयुक्त र सक्रिय माध्यमद्वारा महासन्धिका सिद्धान्तहरु र प्रावधानहरुलाई बालबालिका र वयस्कमा विस्तृत रुपले प्रचार गर्ने अभिभारा लिएका छन् ।

## धारा ४३

(१) यस महासन्धिद्वारा लिइएका दायित्वहरु हासिल गर्न राज्य पक्षहरुले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यका लागि बालअधिकार समितिको स्थापना गरिनेछ र त्यसले यसपछि उल्लिखित कार्यहरु गर्नेछ ।

(२) यो समितिमा यस महासन्धिहरुद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका र ख्यातिप्राप्त क्षमतावान १० जना विशेषज्ञहरु रहनेछन् । समितिका सदस्यहरु राज्य पक्षहरुले आफ्ना नागरिकहरु मध्येबाट निर्वाचित गर्नेछन् । ती सदस्यहरुले आ-आफ्नो व्यक्तिगत रुपमा कार्य गर्नेछन् । समितिका सदस्यहरुको छनोट भौगोलिक विभाजन र प्रमुख कानून समानुपातिक पद्धतिको आधारमा हुनेछ ।

(३) राज्य पक्षद्वारा मनोनीत व्यक्तिहरुको सूचीबाट गोप्य मतदान गरी समितिका सदस्यहरुको निर्वाचन गरिनेछ । प्रत्येक राज्य पक्षले आफ्ना नागरिक मध्येबाट एक व्यक्ति मनोनीत गर्न सक्नेछ ।

(४) समितिको प्रारम्भिक निर्वाचन यो महासन्धि लागू भएको मितिले ६ महिनाभित्र र त्यसपछि हरेक दोस्रो वर्षमा हुनेछ । हरेक निर्वाचन हुने मितिको करिव ४ महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले दुई महिनाभित्रमा आ-आफ्नो मनोनयनपत्र दाखिला गर्न राज्य पक्षहरुलाई एउटा पत्र सम्बोधित गर्नेछन् । महासचिवले तत्पश्चात् मनोनीत गर्ने राज्यको नाम उल्लेख गरी सम्पूर्ण मनोनीत सदस्यहरुको वर्णानुक्रमअनुसार नामावली तयार पार्नेछन् र यो नामावली प्रस्तुत महासन्धिका सहभागी राज्य पक्षहरुसमक्ष प्रस्तुत गर्नेछन् ।

(५) निर्वाचनको कार्य महासचिवद्वारा संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा आयोजित राज्य पक्षहरुका बैठकमा हुनेछ । यस्तो बैठकको लागि दुईतिहाई राज्य पक्षहरुको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ । समितिको लागि निर्वाचित व्यक्तिहरु तिनै हुनेछन् । बैठकमा उपस्थित भई मतदान गर्ने राज्य पक्षहरुको प्रतिनीधिहरुको सबैभन्दा बढी मत पाउने तथा स्पष्ट बहुमत प्राप्त गर्ने व्यक्तिहरु समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

(६) समितिका सदस्यहरु चार वर्षको लागि निर्वाचित हुनेछन् । पुनः मनोनीत भएको खण्डमा उनीहरु अर्को निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरु मध्येका पाँच जनाको अवधि २ वर्षमा सकिनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि यी पाँच जना सदस्यको नाम बैठकको अध्यक्षले गोला प्रथाबाट छुट्याउनेछ ।

(७) समितिको कुनै सदस्यको मृत्यु भई वा उसले राजिनामा दिएमा वा कुनै अन्य कारणले गर्दा समितिमा काम गर्न सक्षम नभएको भनी घोषणा गरेमा सम्बन्धित राज्य पक्षले बाँकी अवधिको

लागि आफ्ना नागरिकहरु मध्येबाट एकजना विशेषज्ञलाई बाँकी अवधिको लागि काम गर्न निमित्त, समितिको स्वीकृतिको अधीनमा रही मनोनीत गर्नेछ ।

(८) समितिले आफ्नो कार्यविधि नियमहरु आफै व्यवस्थित गर्नेछ ।

(९) समितिले दुई वर्षको अवधिको लागि आफ्ना अधिकृतहरुको निर्वाचन गर्नेछ ।

(१०) समितिका बैठकहरु सामान्यतया संयुक्त राष्ट्र संघका प्रधान कार्यालयहरुमा वा समितिले नै निर्धारण गरेबमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन् । समितिको बैठक सामान्यतयाः प्रत्येक वर्ष हुनेछ । समितिको बैठकको अवधि महासभाको स्वीकृति लिई यो महासन्धिमा पक्षहरुको बैठकबाट निश्चित गरिनेछ र आवश्यकताअनुसार सोबारे पुनर्विचार गरिनेछ ।

(११) यस महासन्धिअन्तर्गतको उक्त समितिको काम कुराको प्रभावशाली कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउनेछन् ।

(१२) महासभाको स्वीकृतिबाट यस महासन्धिअन्तर्गत गठित समितिका सदस्यहरुले सभाद्वारा निर्णित शर्त र अवस्थाहरुअनुसार संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

## धारा ४४

(१ ) राज्य पक्षहरुले संयुक्त राष्ट्र संघका महासचिवमार्फत महासन्धिमा व्यवस्थित अधिकार सम्बन्धमा आफूले अपनाएका उपायहरुको प्रतिवेदनहरु समितिमा प्रस्तुत गर्ने अभिभारा लिन्छन् र सो प्रतिवेदनमा महासन्धिमा उल्लेख भएका अधिकारहरुको उपभोगमा भएको प्रगति देहायबमोजिम प्रस्तुत हुनेछः

(क) सम्बन्धित राज्य पक्षको सम्बन्धमा महासन्धि लागू भएको दुई वर्षभित्र,

(ख) त्यसपछि हरेक पाँच वर्षमा ।

(२) यो धाराअन्तर्गत दिइएका प्रतिवेदनहरुमा यस महासन्धिअन्तर्गतका दायित्वहरुको परिपूर्तिको मात्रालाई प्रतिकूल प्रभाव पार्ने कारक र कठिनाईहरुलाई इङ्गित गरिनेछ । साथै यी प्रतिवेदनहरुमा सम्बन्धित राज्यमा भएको महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने खालका पर्याप्त विवरण उल्लेख गरिएको हुनु पर्नेछ ।

(३) कुनै राज्य पक्षले समितिलाई एउटा विस्तृत प्रारम्भिक प्रतिवेदन बुझाई सकेपछि प्रकरण १ (ख) अनुसार दिइने तत्पश्चातको प्रतिवेदनमा अघिबाटै दिइसकेको आधारभूत विवरण दोहोऱ्याई राख्नु पर्ने छैन ।

(४) समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित अरु बढी जानकारीको लागि राज्य पक्षहरुलाई अनुरोध गर्न सक्नेछ ।

(५) आफ्ना क्रियाकलापहरु बारेको प्रतिवेदनहरु समितिले आर्थिक तथा सामाजिक परिषदमार्फत दुई वर्षमा संयुक्त राष्ट्र संघको महासभामा पेश गर्नेछ ।

(६) राज्य पक्षहरुले आफ्नो प्रतिवेदनका कुराहरु आफ्ना देशको सर्वसाधारण जनतालाई व्यापक रुपमा उपलब्ध गराउनेछन् ।

## धारा ४५

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई अघि बढाउनको लागि तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई उत्साहित गर्न:

(क) विशेषज्ञ संस्थाहरु, युनिसेफ र संयुक्त राष्ट्र संघका अन्य अङ्गहरुलाई उनीहरुको अधिकारक्षेत्रभित्र पर्ने यो महासन्धिका प्रावधानहरुका कार्यान्वयन सम्बन्धमा विचारविमर्श गरिदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ। आ-आफ्ना सम्बन्धित अधिकार क्षेत्रभित्र पर्ने महासन्धिको कार्यन्वयन विषयमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य सक्षम संस्थाहरुलाई विशेषज्ञ परामर्श प्रदान गर्न निम्त्याउन सक्नेछ। समितिले विशेषज्ञ संस्थाहरु युनिसेफ तथा अन्य सक्षम संस्थाहरुलाई उनीहरुको कार्यक्षेत्रभित्र पर्ने विषयहरुमा भएको महासन्धिको कार्यान्यनसम्बन्धी प्रतिवेदन पेश गर्नका लागि निम्त्याउन सक्नेछ।

(ख) राज्य पक्षहरुबाट प्राप्त कुनै पनि प्रतिवेदनहरुमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा त्यस्तो सल्लाहको आवश्यकता दर्शाइएको रहेछ र समितिलाई उचित लागेको खण्डमा समितिले सो प्रतिवेदन र त्यस्तो अनुरोध तथा सङ्केतहरुको सम्बन्धमा समितिको आफ्नो विचार र सुझावहरु भएमा सोसहित विशेषज्ञ संस्थाहरु, युनिसेफ र अन्य समक्ष संस्थाहरुलाई पठाउनेछ।

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरुमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई आग्रह गर्ने गरी महासभालाई सिफारिस गर्न सक्नेछ।

(घ) यस महासन्धिका धारा ४४ र ४५ अनुरुप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरु र सामान्य सिफारिसहरु गर्न सक्नेछ। यस प्रकारका सुझावहरु र सामान्य सिफारिसहरु सम्बन्धित कुनै पनि राज्य पक्षहरुलाई पठाइनेछ र तिनीहरुबाट कुनै टिप्पणी आएको भए सोसहित महासभामा प्रतिवेदन पठाइनेछ।

## भाग-३

## धारा ४६

यो महासन्धि हस्ताक्षरका लागि सम्पूर्ण राज्यहरुलाई खुल्ला रहनेछ।

## धारा ४७

यो महासन्धि अनुमोदनको विषय रहेको छ। अनुमोदनका अध्यालेखहरु संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला गर्नु पर्नेछ।

## धारा ४८

यस महासन्धि कुनै पनि राज्यबाट संलग्न हुनका लागि खुला रहनेछ। संलग्नताको अध्यालेख संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला गर्नु पर्नेछ।

## धारा ४९

(१) अनुमोदन वा संलग्नताको बिसौं अध्यालेख संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दाखिला भएको मितिले तिसौं दिनमा यो महासन्धि लागू हुनेछ।

(२) अनुमोदन वा संलग्नताको बिसौं अध्यालेखको दाखिलापश्चात् यस महासन्धिलाई अनुमोदन गर्ने वा यसमा संलग्नता दर्शाउने हरेक राज्यको हकमा सो राज्यद्वारा अनुमोदन वा संलग्नताको अध्यालेख दाखिलाको मितिले तिसौं दिनमा महासन्धि लागू हुनेछ।

## धारा ५०

(१) यो महासन्धिमा कुनै पनि राज्य पक्षले संशोधनको प्रस्ताव राख्न र यसलाई संयुक्त राष्ट्र संघका महासचिवसमक्ष दर्ता गराउन सक्नेछ। संशोधन प्राप्त भएपछि महासचिवले राज्य पक्षहरु सो विषयमा सम्मेलन गराउने पक्षमा र प्रस्तावहरुमा मतदान गर्ने पक्षमा छन् कि छैनन् भन्ने कुराको सङ्केत गर्ने अनुरोध गर्दै प्रस्तावित संशोधनहरु राज्य पक्षहरुलाई पठाउनेछन्। यस प्रकारले जानकारी गराइएको मितिले ४ महिनाभित्र कम्तीमा एकतिहाई राज्य पक्षहरुले यस्तो सम्मेलनको चाहना गरेको खण्डमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वाधानमा सम्मेलनको आयोजना गर्नेछन्। उपस्थित राज्य पक्षहरुमध्ये बहुमतले पारित गरेको कुनै पनि संशोधन संयुक्त राष्ट्र संघका स्वीकृतिको लागि महासभामा प्रस्तुत गरिनेछ।

(२) यो धाराको प्रकरण १ बमोजिम पारित संशोधन संयुक्त राष्ट्र संघको महासभाबाट पारित भई राज्य पक्षहरुले दुईतिहाई बहुमतबाट पनि स्वीकृत भएपछि मात्र लागू हुनेछ।

(३) कुनै संशोधन लागू हुँदा जुन राज्य पक्षहरुले त्यसलाई स्वीकार गरेका छन्। ती राज्य पक्षहरुले सो संशोधनलाई मान्नै पर्ने हुन्छ र अन्य राज्य पक्षहरुले यस महासन्धिका प्रावधानहरु र आफूले स्वीकार गरेका अघिल्ला संशोधनहरु मान्नु पर्नेछ।

## धारा ५१

(१) अनुमोदन वा संलग्नताको समयमा राज्यद्वारा संरक्षण गरिएको शर्तहरु संयुक्त राष्ट्र संघको महासचिवले प्राप्त गर्नेछन् र सम्पूर्ण राज्यहरुलाई सोको जानकारी पठाउनेछन्।

(२) यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता सुरक्षित शर्तहरुलाई अनुमति प्रदान गरिने छैन।

(३) संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिई त्यस्ता सुरक्षित शर्तहरु फिर्ता लिन सकिनेछ। महासचिवले उक्त कुराको जानकारी सम्पूर्ण राज्यसमक्ष पठाउनेछन् र यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिबाट लागू हुनेछ।

## धारा ५२

संयुक्त राष्ट्र संघका महासचिवको नाममा लिखित सूचना दिएर कुनै पनि राज्य पक्षले यो महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवलाई सूचना प्राप्त भएको मितिले एक वर्षपश्चात परित्याग कार्य प्रभावकारी हुनेछ ।

## धारा ५३

संयुक्त राष्ट्र संघका महासचिव यस महासन्धिको जिम्मावाल रहनेछन् ।

## धारा ५४

यस महासन्धिको मूल प्रति जसका अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका मूल पाठहरु समान रुपमा आधिकारिक मानिनेछन्, ती प्रतिहरु संयुक्त राष्ट्र संघका महासचिवको जिम्मामा राखिनेछन् । यस कुराको साक्षीको रुपमा सम्बन्धित सरकारबाट पूर्ण अख्तियार प्रदान गरिएको अधिकार सम्पन्न राज्य प्रतिनीधिहरुले वर्तमान महासन्धिमा हस्ताक्षर गरेका छन् ।

# बालबालिकाको बेचबिखन, बाल देहव्यापार र अश्लील चित्रणविरुद्ध बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००

**प्रस्तुत ऐच्छिक प्रलेखमा राज्य पक्षहरु,**

बाल अधिकारसम्बन्धी महासन्धिका उद्धेश्यहरुलाई अझ राम्ररी प्राप्त गर्न र यस्का प्रावधानहरु, खास गरी धारा १, ११, २१, ३२, ३३, ३४, ३५ र ३६ को कार्यान्वयन गर्नकोलागि राज्य पक्षहरुले बालबालिकाहरुको बेचबिखन, देह व्यापार र अश्लील चित्रण हुनबाट उनीहरुलाई संरक्षणको निश्चिन्तता प्रदान गर्न अपनाउनु पर्ने उपायहरुमा व्यापकता ल्याउनु वाञ्छनीय हुन्छ भन्ने कुरालाई ध्यान दिँदै,

बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाहरुलाई आर्थिक शोषण हुनबाट, उनीहरुलाई हानिकारक हुन सक्ने वा उनीहरुको शिक्षामा असर पुग्न सक्ने वा उनीहरुको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासको लागि हानिकारक हुन सक्ने काम गर्नबाट संरक्षण प्रदान गर्ने बालबालिकाहरुको अधिकारलाई मान्यता दिएको छ भन्ने कुरालाई पनि ध्यान दिँदै,

बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लील चित्रणको लागि उनीहरुको अन्तर्राष्ट्रिय स्तरमा हुने गरेको ओसारपसारमा आएको वृद्धिप्रति गम्भीर र महत्वपूर्ण चासो दिँदै, व्यापक र विशेष गरी बालबालिकाहरु सिकार हुन सक्ने र बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लील चित्रणको लागि प्रत्यक्ष रुपमा बढावा दिने निरन्तर रुपमा बढ्दो यौन पर्यटनका व्यवहारहरुलाई गहन रुपमा ध्यान दिँदै,

सिकार हुन सक्ने अवस्थामा रहेका बालिकाहरु लगायतका विभिन्न समूहहरु यौन शोषणको ठूलो खतरामा रहेका छन् र यौन शोषण हुनेहरुमध्ये पनि बालिकाहरुको संख्या नै अत्याधिक रहेको छ भन्ने कुरालाई ईङ्गित गर्दै,

इन्टरनेटमा र विकसित भएका अरु प्रकारका प्रविधिहरुमा बढ्दो संख्यामा उपलब्ध रहेका बालबालिकाहरुको अश्लील चित्रणहरुप्रति चासो दिई र सन् १९९९ मा भियनामा सम्पन्न भएको बालबालिकाहरुको इन्टरनेटमा हुने अश्लील चित्रणलाई निवारण गर्ने अन्तर्राष्ट्रिय सम्मेलन, जसले खास गरी बालबालिकाहरुको अश्लील चित्रणहरुको उत्पादन, वितरण, निर्यात, प्रसार, आयात, मनसायपूर्वक राखिएको भोग र गरिएको विज्ञापनलाई अपराध भनी घोषणा गर्न विश्वव्यापी रुपमा गरिएको आह्वानरुपी निचोडलाई स्मरण गर्दै र

सरकारी पक्ष र इन्टरनेट उद्योगको बीचमा हुनु पर्ने निकटतम् सहयोग र साझेदारीको महत्वमाथि जोड दिँदै, अविकसितपना, गरिवी, आर्थिक विभेदहरु, असमान सामाजिक-आर्थिक ढाँचा, काम गर्न नसक्ने अवस्थाका परिवारहरु, अशिक्षा, शहरी-ग्रामीण बसाईसराई, लिङ्ग भेद, अनुत्तरदायी वयस्क यौन क्रियाकलाप, हानिकारक परम्परागत व्यवहारहरु, सशस्त्र द्वन्द्वहरु र बालबालिकाहरुको ओसारपसार लगायतका कारक तत्वहरुलाई सम्बोधन हुने किसिमबाट एउटा समग्र दृष्टिकोण अपनाउदै बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लील चित्रणको निवारण गर्ने कार्यमा सहयोग पुऱ्याइनेछ भन्ने कुरामा विश्वास गर्दै,

बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लील चित्रणका लागि उपभोक्ताबाट हुने माग घटाउन सार्वजनिक सचेतना बढाउने प्रयासहरु गर्नु आवश्यक छ भन्ने कुरामा पनि विश्वास गर्दै र सबै पक्षहरुको बीचमा हुनु पर्ने विश्वव्यापी साझेदारीलाई बल पुऱ्याउनु पर्ने र राष्ट्रिय तहमा कानूनको कार्यान्वयनमा सुधार गर्नु पर्ने कुराको महत्व माथि पनि विश्वास राख्दै,

बालबालिकाहरुको संरक्षणसंग सम्बन्धित बालबालिकाहरुको संरक्षण र अन्तरदेशीय धर्मसन्तान ग्रहण सम्बन्धमा सहयोग पुऱ्याउनेसम्बन्धी हेग महासन्धि, अन्तर्राष्ट्रिय तहमा हुने बालबालिकाहरुको अपहरणमा रहने देवानी पक्षसम्बन्धी हेग महासन्धि, बालबालिकाहरुको संरक्षणमा बाबुआमाको दायित्व र उपायहरुको लागि क्षेत्राधिकार, कार्यान्वयनयोग्य कानून, मान्यता, कार्यान्वयन र सहयोगसम्बन्धी हेग महासन्धि र निकृष्ट प्रकृतिको बालश्रमलाई निषेध र उन्मूलन गर्नको लागि तत्काल कार्य गर्ने अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ लगायतका अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुका प्रावधानहरुलाई ख्याल गर्दै,

बालबालिकाहरुको अधिकारहरुको बढावा गर्न र संरक्षण गर्न प्रस्तुत भएको बालअधिकारसम्बन्धी महासन्धिमा भएको व्यापक समर्थनबाट उत्साहित भई व्यापक प्रतिवद्धता जनाउदै २७–३१ अगष्ट १९९६ सम्म (११-१५ भाद्र २०५३) स्टकहोममा आयोजित विश्वसम्मेलनले स्वीकार गरेको बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लील चित्रण रोक्न बनाइएको “कार्य योजना”, बालबालिकाहरुको व्यापारिक यौन शोषणविरूद्धको “घोषणा र कार्यगत बुँदाहरु” र सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुका अरु सम्बन्धित निर्णयहरु र सिफारिसहरुका प्रावधानहरुको कार्यान्वयनको महत्वलाई पहिचान गर्दै,

बालबालिकाहरुको संरक्षण र उनीहरुको उचित विकासको लागि मानिसहरुको परम्पराहरु र साँस्कृतिक मान्यताहरुको महत्वप्रति उपयुक्त प्रकारले ध्यान दिँदै,

निम्नबमोजिम गर्न सहमत भएका छन्ः

## धारा १

राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखले व्यवस्था गरेबमोजिम बालबालिकाहरुको बेचबिखन, देहव्यापार र अश्लिल चित्रण गर्ने कार्यलाई निषेध गर्नेछन् ।

## धारा २

**यो ऐच्छिक प्रलेखको प्रयोजनको लागि :–**

(क) “बालबालिकाहरुको बेचबिखन” भन्नाले कुनै कार्य वा कारोवार हो, जहां कुनै व्यक्ति वा व्यक्तिहरुको समूहले पारिश्रमिक वा अरु कुनै प्रकारको प्रतिफलको लागि एउटा बालबालिका अरुलाई हस्तान्तरण गर्दछ ।

(ख) “बाल देहव्यापार” भन्नाले पारिश्रमिक वा अरु कुनै प्रकारको प्रतिफलका लागि यौनजन्य क्रियाकलापमा बालबालिकाको प्रयोग गर्नु हो ।

(ग) “बालबालिकाको अश्लील चित्रण” भन्नाले वास्तविक रुपमा वा स्पष्टसँग उस्तै देखिने कृत्रिम यौनजन्य क्रियाकलापमा जुनसुकै माध्यमबाट हुने बालबालिकाको कुनै प्रकारको प्रदर्शन वा मुख्य रुपमा यौनजन्य प्रयोजनका लागि हुने, बालबालिकाका यौनजन्य भागहरुको कुनै प्रकारको प्रदर्शनी हो ।

## धारा ३

(१) प्रत्येक राज्य पक्षले आफ्नो फौजदारी वा दण्डसम्बन्धी कानूनमा आफ्नो देशभित्र वा देशबाहिर व्यक्तिगत रुपमा वा साङ्गठनिक तवरले घटेका कम्तीमा निम्न कार्यहरु वा क्रियाकलापहरुलाई पूर्ण रुपमा समेटिएका छन् भनी प्रत्याभूति दिनेछन् ।

(क) धारा २ मा उल्लेख भएबमोजिमको बालबालिकाको बेचबिखनको सन्दर्भमाः

(अ) निम्न उद्धेश्यकोलागि कुनै बालबालिका, कुनै पनि तरिकाबाट, दिन प्रस्ताव गर्नु, दिनु वा लिनुः

(१) बालबालिकाको यौनजन्य शोषण गर्न,

(२) नाफाका लागि बालबालिकाको अङ्गहरुको हस्तान्तरण गर्न,

(३) बालबालिकालाई जवरजस्ती काममा लगाउन ।

(आ) धर्मसन्तान ग्रहण गर्ने सम्बन्धमा लागू हुने अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको उल्लंघन हुने गरी कुनै बालबालिकाको धर्मसन्तान ग्रहणको अनुमतिका लागि मध्यस्थकर्ताको हैसियतले गैरकानूनी तवरले प्रभाव पार्नु ।

(ख) धारा २ मा उल्लेख भएबमोजिमको बाल देहव्यापारको लागि कुनै बालबालिका दिन प्रस्ताव गर्नु, प्राप्त गर्नु, खरिद गर्नु वा दिनु ।

(ग) धारा २ मा उल्लेख भएबमोजिमको बालबालिकाको अश्लील चित्रण, माथि उल्लिखित प्रयोजनका लागि, उत्पादन गर्नु, वितरण गर्नु, प्रचारप्रसार गर्नु, आयात गर्नु, निर्यात गर्नु, दिन प्रस्ताव गर्नु, बिक्री गर्नु र भोगमा राख्नु ।

(२) माथि उल्लिखित कुनै पनि कार्यहरु गर्न उद्योग गर्ने, सम्पन्न गर्ने वा सहभागिता जनाउने विषयहरुमा राज्य पक्षको राष्ट्रिय कानूनका विषयसरह ती प्रावधानहरु लागू हुनेछ ।

(३) त्यस्ता कसूरहरुको गम्भीर प्रकृतिका हुन्छन् भन्ने कुरा ध्यान दिँदै राज्य पक्षले ती कसूरहरुलाई उपयुक्त जरिवानाद्वारा दण्डनीय बनाउनेछन् ।

(४) प्रत्येक राज्य पक्षले आफ्नो राष्ट्रिय कानूनका प्रावधानहरुका सन्दर्भमा यो धाराको अनुच्छेद १ मा तोकिएका कसूरहरुका लागि जहाँ उपयुक्त हुन्छ त्यहाँ उत्तरदायी बहन गर्ने कानूनी व्यक्तिहरुको दायित्व स्थापित गर्न निश्चित उपायहरु अपनाउनेछन् । राज्य पक्षको कानूनी सिद्धान्तहरु बमोजिम हुने गरी त्यस्ता कानूनी व्यक्तिहरुको दायित्व फौजदारी, देवानी वा प्रशासनिक हुन सक्नेछ ।

(५) राज्य पक्षहरुले धर्मसन्तान ग्रहण गर्ने काममा संलग्न व्यक्तिहरुले सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुसँग मेल खाने गरी काम गर्छन् भन्ने कुराको प्रत्याभूति दिन सबै उपयुक्त प्रकारको कानूनी र प्रशासनिक उपायहरु अपनाउनेछन् ।

## धारा ४

(१) प्रत्येक राज्य पक्षले धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसूरहरु यदि आफ्नो भूभागमा वा आफ्नो राष्ट्रको नाममा दर्ता भएको जहाज वा डुङ्गा वा हवाइजहाजमा घट्न गएमा यदि आवश्यक भएमा त्यस्ता कसूरहरुमाथि आफ्नो क्षेत्राधिकार कायम गर्न त्यस्ता उपायहरु अपनाउन सक्नेछन् ।

(२) प्रत्येक राज्य पक्षले निम्न अवस्थामा धारा ३ को अनुच्छेद १ मा उल्लेख भएका कसूरहरुमाथि यदि आवश्यक भएमा आफ्नो क्षेत्राधिकार कायम गर्न त्यस्ता उपायहरु अपनाउन सक्नेछन् ।

(क) यदि कसूरको अभियोग लागेको व्यक्ति त्यो राष्ट्रको नागरिक भएमा वा यसको भूभागमा बसोबास गर्ने व्यक्ति भएमा,

(ख) यदि पीडित व्यक्ति त्यो राष्ट्रको नागरिक भएमा ।

(३) प्रत्येक राज्य पक्षले कसूरको अभियोग लागेको व्यक्ति आफ्नो भूभागमा रहेको र आफ्नो एक नागरिकले त्यस्तो कसूर गराएको छ भन्ने आधारमा यसले त्यस्तो अभियुक्तलाई अर्को राज्य पक्षमा सपुर्दगी नगरेको अवस्थामा माथि उल्लिखित कसूरहरु माथि यदि आवश्यक भएमा आफ्नो क्षेत्राधिकार कायम गर्न पनि त्यस्तो उपायहरु अपनाउनेछ ।

(४) यो ऐच्छिक प्रलेखले राष्ट्रिय कानूनबमोजिम प्रयोग भएको कुनै फौजदारी कानूनसम्बन्धी क्षेत्राधिकारलाई समाप्त पार्ने छैन ।

## धारा ५

(१) धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसूरहरु, दुई पक्ष राष्ट्रहरु बीच बहाल रहेको कुनै सपुर्दगी सन्धिमा र ती राष्ट्रहरु बीच पछि सम्पन्न हुने प्रत्येक सन्धिसमेतमा, सोही सन्धिमा उल्लेख भएको शर्तबमोजिम हुने गरी सर्पुदगी हुने कसूरको रुपमा, समावेश भएका छन् भनी मानिनेछ ।

(२) सन्धिको माध्यमबाट सपुर्दगीलाई शर्तमूलक बनाएको कुनै राज्य पक्षले सपुर्दगी सन्धिको पक्ष नभएको अर्को राज्य पक्षबाट सपुर्दगीको लागि अनुरोध प्राप्त गर्दछ भने त्यस्तो राष्ट्रले, त्यस्तो कसूरहरुको सम्बन्धमा सपुर्दगी गर्नको लागि यो ऐच्छिक प्रलेखलाई कानूनी आधार मान्न सक्नेछ । त्यस्तो सपुर्दगीका लागि अनुरोध गरिने राष्ट्रको कानूनमा व्यवस्था भएको शर्तबमोजिम हुनेछ ।

(३) सन्धिको माध्यमबाट सपुर्दगी शर्तमूलक नबनाउने राज्य पक्षहरुले अनुरोध गरिने राष्ट्रको कानूनमा व्यवस्था भएको शर्तहरुबमोजिम हुने गरी त्यस्तो कसूरहरुलाई एक आपसमा सपुर्दगीयोग्य कसूरहरु मान्न सक्नेछन् ।

(४) राज्य पक्षहरु बीच सपुर्दगी गर्ने प्रयोजनको लागि, त्यस्तो कसूरहरुलाई, जुन ठाउँमा घटेको छ सोही ठाउँमा घट्नुको साथै राज्य पक्षहरुले धारा ४ बमोजिम आफ्नो क्षेत्राधिकार कायम भएको देखाउनु पर्ने भू-भागमासमेत घटेको सरह मानी व्यवहार गरिनेछ ।

(५) धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कुनै कसूरको सम्बन्धमा यदि सपुर्दगीको लागि अनुरोध गरिएको छ भने र अनुरोध गरिने राज्य पक्षले कसूरदारको नागरिकताको आधारमा सपुर्दगी गरेको छैन वा गर्न लागेको छैन भने त्यो राष्ट्रले त्यो कसूरको कारवाही गर्ने प्रयोजनको लागि आफ्नो सक्षम निकायहरुमा पठाउन उपयुक्त उपायहरु अपनाउनेछ ।

## धारा ६

(१) राज्य पक्षहरुले धारा ३ को अनुच्छेद १ मा उल्लेख भएको कसूरहरुको अनुसन्धान वा फौजदारी वा सपुर्दगी प्रक्रियाको सम्बन्धमा सो प्रक्रियाको लागि आवश्यक भएका प्रमाणहरु उपलब्ध गराउने लगायतका सहयोगका उच्चतम् उपायहरु उपलब्ध गराउन एक आपसमा सहयोग पुऱ्याउनेछन् ।

(२) राज्य पक्षहरुले उनीहरुको बीचमा पारस्परिक कानूनी सहयोगका लागि कुनै सन्धिहरु वा अन्य व्यवस्थाहरु भए सोसँग मेल खाने गरी यो धाराको अनुच्छेद १ बमोजिमका उत्तरदायित्वहरु बहन गर्नेछन् । त्यस्ता सन्धिहरु वा व्यवस्थाहरु नभए, पक्ष राष्ट्रहरुले आफ्नो राष्ट्रिय कानूनबमोजिमको सहयोग परस्परमा उपलब्ध गराउनेछन् ।

## धारा ७

आफ्नो राष्ट्रिय कानूनका प्रावधानहरुबमोजिम हुने गरी राज्य पक्षहरुः

(क) निम्न कुराहरु जफत वा अधिग्रहण, उपयुक्तताअनुसार गर्नको लागि, उपायहरु अपनाउनेछन् ।

(अ) सामग्रीहरु, जस्तो कि चीज वस्तुहरु, सम्पत्तिहरु र अरु प्रकारका उपकरणहरु जुन यो ऐच्छिक आलेखबमोजिमको कसूरहरु घटाउन वा घटाउन मद्दत गर्न प्रयोग गरिएका छन्,

(आ) त्यस्तो कसूरहरुबाट प्राप्त आम्दानीहरु ।

(ख) अर्को राज्य पक्षबाट माथि उप-अनुच्छेद (क)(अ) मा उल्लेख गरिएको सामग्रीहरु वा आम्दानीको जफत वा अधिग्रहण गर्न भएको अनुरोध कार्यान्वयन गर्ने,

(ग) त्यस्तो कसूरहरु घटाउन प्रयोग भएको स्थानहरु अस्थायी रुपमा वा तोकिएको अवधिका लागि बन्द गर्ने उद्देश्यका लागि उपायहरु अपनाउनेछन् ।

## धारा ८

(१) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखले निषेध गरेका कार्यहरुबाट पीडित बालबालिकाहरुको अधिकारहरु र हितको फौजदारी न्याय प्रक्रियाको सबै तहमा रक्षा गर्न उपयुक्त उपायहरु, खास गरी देहायबमोजिम गरी अपनाउनेछन्ः

(क) बालबालिकाहरु पीडित हुन सक्ने संभाव्यताको पहिचान गरी र साक्षी हुनको लागि तिनीहरुलाई चाहिने विशेष प्रकारको आवश्यकताको साथै तिनीहरुको विशेष आवश्यकताहरुको पहिचान गर्न सघाउ पुऱ्याउन कार्यविधिहरु अपनाउने ।

(ख) पीडित बालबालिकाहरुलाई तिनीहरुको अधिकारहरु, भूमिका, क्षेत्र, प्रक्रियामा लाग्ने समय र प्रगति तथा उनीहरुको मुद्दामा हुने निर्णयको बारेमा जानकारी दिने ।

(ग) राष्ट्रिय कानूनको कार्यविधिगत नियमसँग मेल खाने गरी पीडित बालबालिकाहरुको व्यक्तिगत चाहनाहरुमा असर पुग्न सक्ने विषयमा उनीहरुका दृष्ट्रिकोणहरु, आवश्यकताहरु र चासोहरुलाई प्रस्तुत गर्न दिने र प्रक्रियामा विचार पुऱ्याउने ।

(घ) कानूनी प्रक्रियाको सबै तहमा पीडित बालबालिकाहरुलाई उपयुक्त सहयोगी सेवाहरु उपलब्ध गराउने ।

(ङ) उपयुक्तताअनुसार पीडित बालबालिकाहरुको गोपनीयता र पहिचानलाई संरक्षण गर्ने र पीडित बालबालिकाहरुको परिचय खोल्ने खालका सूचनाको प्रवाहलाई रोक्न राष्ट्रिय कानूनबमोजिम उचित उपायहरु अपनाउने ।

(च) जहाँ उपयुक्त हुन्छ, पीडित बालबालिकाहरुको साथै उनीहरुको परिवार र साक्षीहरुलाई तर्साउने र बदला लिने कामबाट बचाउ गर्ने ।

(छ) पीडित बालबालिकाहरुको सम्बन्धमा न्याय निप्टारा गर्दा वा उनीहरुलाई क्षतिपूर्ति दिने गरी आदेश गर्दा वा निर्णय गर्दा अनावश्यक ढिलासुस्ती नगर्ने ।

(२) राज्य पक्षहरुले पीडितको उमेर निश्चित गर्ने उद्धेश्यले गरिने अनुसन्धानका साथै फौजदारी अनुसन्धान प्रक्रियाको थालनी गर्ने काममा पीडितको वास्तविक उमेरको अनिश्चितताले रोक्ने छैन भन्ने कुराको प्रत्याभूति दिनेछन् ।

(३) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसूरहरुबाट पीडित बालबालिकाहरुलाई उपचार दिने काम गर्दा आफ्नो फौजदारी न्याय प्रणालीले उनीहरुको सर्वोत्तम हितलाई प्रमुख ध्यान दिनेछ भन्ने कुराको प्रत्याभूति गर्नेछन् ।

(४) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखले निषेध गरेका कसूरहरुबाट पीडित व्यक्तिहरुसँग सम्बन्धित काम गर्ने व्यक्तिहरुलाई खास गरी कानूनी र मनोवैज्ञानिक तालीम प्रदान गर्ने कुराको सुनिश्चित गर्न आवश्यक उपायहरु अपनाउनेछन् ।

(५) उपयुक्त अवस्थामा राज्य पक्षहरुले पीडित व्यक्तिहरु तथा त्यस्तो कसूरहरुको रोकथाम र पीडितहरुको पुनर्स्थापना गर्ने काममा संलग्न व्यक्तिहरु तथा संस्थाहरुको प्रतिष्ठा र सुरक्षा लागि आवश्यक व्यवस्थाहरु अवलम्बन गर्नेछन् ।

(६) यो धाराको कुनै पनि कुराले अभियुक्तको स्वच्छ र निष्पक्ष ढङ्गबाट जाँचबुँझ गराउन पाउने अधिकारहरुलाई असर पुर्‍याएको वा असम्बन्धित बनाएको अर्थ लगाएको मानिने छैन ।

## धारा ९

(१) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख गरिएका कसूरहरुको रोकथामको लागि कानूनहरुको कार्यान्वयन र प्रचारप्रसार, प्रशासनिक उपायहरु, सामाजिक नीतिहरु तथा कार्यक्रमहरुलाई सुदृढ गर्न गर्नेछन । खास गरी त्यस्तो कसूरहरुबाट पीडित हुन सक्ने सम्भावनामा रहेका बालबालिकाहरुको संरक्षण गर्न विशेष ध्यान पुर्‍याइनेछ ।

(२) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसूरहरुको हानिकारक असरहरु र सोको सुरक्षात्मक उपायहरुको बारेमा सबै प्रकारका उपयुक्त तरिकाहरु, शिक्षा र तालीम एवं सूचनाको माध्यमबाट बालबालिकासहित ठूलो संख्यामा जनसाधारणमा चेतना अभिवृद्धि गर्नेछन् । राज्य पक्षहरुले यो धाराबमोजिमको उत्तरदायित्व बहन गर्दा त्यस्ता सूचना र शिक्षा एवं तालीम कार्यक्रमहरु, अन्तर्राष्ट्रिय तहका समुदाय, खास गरी बालबालिकाहरु र पीडित बालबालिकाहरुको सहभागिता गराउन उत्साहित गर्नेछन् ।

(३) राज्य पक्षहरुले त्यस्तो कसूरहरुबाट पीडित भएका व्यक्तिहरुलाई उनीहरुको पूर्णरुपमा सामाजिक पुनर्स्थापना एवं शारीरिक र मनोवैज्ञानिक पुनर्स्थापना लगायतका सवै प्रकारको उपयुक्त सहयोगको निश्चितता गर्ने उद्धेश्यका लागि सम्भाव्य सबै उपायहरु अपनाउनेछन् ।

(४) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसूरहरुबाट पीडित भएका सबै बालबालिकाहरुले कानूनबमोजिम उत्तरदायित्व बहन गर्नु पर्ने व्यक्तिहरुबाट कुनै भेदभावविना हानिको क्षतिपूर्ति लिन पर्याप्त कानूनी प्रक्रियाहरुमा पहुँच छ भन्ने कुराको प्रत्याभूति दिनेछन् ।

(५) राज्य पक्षहरुले यो ऐच्छिक प्रलेखमा उल्लेख भएका कसूरहरुको विज्ञापन हुने सामग्रीहरुको उत्पादन र प्रचारप्रसार गर्न प्रभावकारी तवरले रोक्ने उद्धेश्यले उपयुक्त उपायहरु अपनाउनेछन् ।

## धारा १०

(१) राज्य पक्षहरुले बालबालिकाहरुको बेचबिखन, देहव्यापार, अश्लील चित्रण र यौन पर्यटन जस्ता कार्यमा जिम्मेवार व्यक्तिहरुको रोकथाम, खोजी, अनुसन्धान, अभियोजन र सजाय गर्नको लागि

बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यवस्थाहरुको माध्यमबाट अन्तर्राष्ट्रिय सरसहयोगलाई सुदृढ आवश्यक भएका सबै कदमहरु चाल्नेछन् ।

(२) राज्य पक्षहरुले पीडित बालबालिकाहरुको शारीरिक र मनोवैज्ञानिक समस्यालाई समाधान गर्न एवं सामाजिक पुनर्स्थापना तथा उनीहरुलाई आफ्नो घरमा पठाउने काममा सहयोग गर्न अन्तर्राष्ट्रिय सरसहयोगलाई प्रवर्द्धन गर्नेछन् ।

(३) राज्य पक्षहरुले बालबालिकाहरु बेचबिखन हुन, देहव्यापारमा लाग्न, अश्लील प्रकारले चित्रण हुन वा बाल यौन पर्यटनमा लाग्न बाध्य बनाउने गरिवी र पछौटेपन जस्ता कारणहरुलाई समाधान गर्न अन्तर्राष्ट्रिय सहयोग सुदृढ गर्न बढावा दिनेछन् ।

(४) समर्थ राज्य पक्षहरुले प्रचलित बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय वा अरु कार्यक्रमका माध्यमबाट आर्थिक, प्राविधिक र अन्य सहयोगहरु उपलब्ध गराउनेछन् ।

## धारा ११

यो ऐच्छिक प्रलेखको कुनै पनि कुराले कुनै प्रावधानहरु जसले बालबालिकाहरुको अधिकारलाई अनुभूति गर्न कुनै असर गर्ने छैन जुन तल उल्लेख गरिएका छन्ः

(क) राज्य पक्षको कानूनमा,

(ख) त्यो राज्य पक्षलाई लागू हुने अन्तर्राष्ट्रिय कानूनमा ।

## धारा १२

(१) हरेक राज्य पक्षले, यो ऐच्छिक प्रलेख आफूलाई लागू भएको २ वर्षभित्र, यो ऐच्छिक प्रलेखको कार्यान्वयनको लागि गरिएका उपायहरुको विस्तृत सूचनाहरु समावेश गरी एउटा प्रतिवेदन बालअधिकारसम्बन्धी समितिमा पठाउनेछन् ।

(२) महासन्धिको धारा ४४ अनुसार प्रत्येक राज्य पक्षले बालअधिकारसम्बन्धी समितिमा बुझाएको आफ्नो विस्तृत प्रतिवेदनमा यो ऐच्छिक प्रलेखको कार्यान्वयनको सम्बन्धमा भएको कुनै थप सूचना सो प्रतिवेदनमा समावेश गर्नेछन् । यो ऐच्छिक प्रलेखको अरु राज्य पक्षहरुले आफ्नो प्रतिवेदन प्रत्येक पाँच वर्षमा बुझाउनेछन् ।

(३) बालअधिकारसम्बन्धी समितिले यो ऐच्छिक प्रलेखको कार्यान्वयनसँग सम्बन्धित थप सूचनाका लागि राज्य पक्षहरुसँग अनुरोध गर्न सक्नेछ ।

## धारा १३

(१) महासन्धिको पक्ष भएको वा सोमा हस्ताक्षर गर्ने राष्ट्रलाई यो ऐच्छिक प्रलेखमा हस्ताक्षर गर्न खुला गरिएको छ ।

(२) यो ऐच्छिक प्रलेख अनुमोदन हुनु पर्नेछ र यसमा सम्मिलन हुनको लागि महासन्धिको पक्ष भएको वा सोमा हस्ताक्षर गर्ने राष्ट्रलाई खुला गरिएको छ । अनुमोदन वा सम्मिलनको प्रति संयुक्त राष्ट्र संघका महासचिवबाट सङ्कलित हुनेछ ।

## धारा १४

(१) अनुमोदन वा सम्मिलनको दशौं प्रति दर्ता भएको ३ महिनापछि यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

(२) यो ऐच्छिक प्रलेख लागू भइसकेपछि यसलाई अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रलाई यसले आफ्नो अनुमोदन वा सम्मिलनको दस्तावेज दर्ता गरेको १ महिनापछि, यो ऐच्छिक प्रलेख लागू हुनेछ ।

## धारा १५

(१) कुनै राज्य पक्षले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिई यो ऐच्छिक प्रलेख परित्याग गर्न सक्नेछ र त्यसपछि सोको सूचना महासचिवले महासन्धिका राज्य पक्षहरु र महासन्धि हस्ताक्षर सबै राष्ट्रहरुलाई दिनेछन् । परित्यागको सूचना महासचिवले पाएको १ वर्षपछि सो परित्याग लागू हुनेछ ।

(२) परित्याग लागू हुनुभन्दा अगाडिको मितिमा भएका कुनै कसूरको सम्बन्धमा राज्य पक्षलाई यो ऐच्छिक आलेखको दायित्वहरु बहन गर्नबाट त्यस्तो परित्यागले मुक्ति दिएको मानिने छैन । त्यस्तो परित्यागले सो परित्याग लागू हुनुभन्दा अघि कुनै विषयमा बालअधिकारसम्बन्धी समितिमा पहिले नै विचाराधीन रहेको कुरालाई पनि कुनै पनि तरिकाबाट असर पुऱ्याउने छैन ।

## धारा १६

(१) कुनै राज्य पक्षले संशोधनको प्रस्ताव गर्न र सो प्रस्ताव संयुक्त राष्ट्र संघका महासचिवलाई पठाउन सक्नेछ । महासचिवले त्यसपछि सो प्रस्तावको सम्बन्धमा विचार गर्न र मतदान गर्न राज्य पक्षहरु, राज्य पक्षहरुको सम्मेलन चाहन्छन् कि चाहदैनन् भन्ने आशय व्यक्त गर्न राज्य पक्षहरुलाई अनुरोध गर्दै, प्रस्तावित संशोधनको सूचना राज्य पक्षहरुलाई पठाउनेछन् । त्यस्तो सूचना पठाइएको ४ महिनाभित्रमा कम्तीमा एकतिहाई राज्य पक्षहरुले सम्मेलनको माग गरेको अवस्थामा महासचिवले संयुक्त राष्ट्र संघको तत्वाधानमा त्यस्तो सम्मेलनको आह्वान गर्नेछन् । सो सम्मेलनमा बहुमत राज्य पक्षहरुले उपस्थित भई र मतदान गरी कुनै संशोधन पारित गरेमा, सो संशोधनको समर्थनको लागि संयुक्त राष्ट्र संघको महासभामा पठाइनेछ ।

(२) माथि अनुच्छेद (१) मा उल्लेख भएबमोजिम पारित गरिएको संशोधन महासभाले समर्थन गरी दुईतिहाई राज्य पक्षहरुले स्वीकार गरेको मितिदेखि लागू हुनेछ ।

(३) जब कुनै संशोधन लागू हुन्छ, सो संशोधन राज्य पक्षहरु जसले यसलाई स्वीकार गरेका छन्, लाई बाध्यात्मक रुपमा लागू हुनेछ । अरु राज्य पक्षहरु भने यो ऐच्छिक प्रलेखको प्रावधानहरु र उनीहरुले पहिले स्वीकार गरिसकेको कुनै संशोधनहरु लागू गर्न उत्तरदायी हुनेछन् ।

## धारा १७

(१) यो ऐच्छिक प्रलेखको आधिकारिक अरवी, चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस प्रतिहरुलाई संयुक्त राष्ट्र संघको अभिलेखमा दर्ता गरिनेछ ।

(२) संयुक्त राष्ट्र संघका महासचिवले यो ऐच्छिक प्रलेखको प्रमाणित प्रतिलिपिहरु महासन्धिका सबै राज्य पक्षहरु र महासन्धिलाई हस्ताक्षर गरेका राज्यहरुलाई पठाउनेछन् ।

# बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली

## ('बेइजिङ' नियमावली)

*महासभाको २९ नोभेम्बर १९८५ को सङ्कल्पलेख ४०/३३ द्वारा जारी*

## भाग-१

## आमसिद्धान्त

१. **मूलभूत परिप्रेक्ष्य**

१.१ सदस्य राष्ट्रले सान्दर्भिक आमहितसँग सुसङ्गत रहने गरी बालबिज्याँईकर्ता र उनीहरुका परिवारहरुको भलाई अघि बढाउन चाहनेछन् ।

१.२ सदस्य राष्ट्रले विचलित व्यवहारको जोखिमयुक्त जीवन अवधिमा रहेका बालबालिकाका लागि सकेसम्म कसूर र बिज्याँईबाट मुक्त व्यक्तिगत विकास र शिक्षाको प्रक्रिया हुर्काउने गरी समुदायमा सार्थक जीवन सुनिचित गर्ने अवस्था विकास गर्न प्रयास गर्नेछन् ।

१.३ कानूनअन्तर्गत हस्तक्षेप गर्ने आवश्यकतालाई घटाउने र कानूनसँग विवादमा परेका बालबालिकाको हकमा प्रभावकारी, स्वच्छ र मानवीय रुपले व्यवहार गर्ने दृष्टिसाथ बालबिज्याँईकर्ताको भलाई प्रवर्धन गर्ने प्रयोजनका लागि परिवार, स्वयंसेवक र अन्य सामुदायिक समुह, साथसाथै विद्यालय र अन्य सामुदायिक संस्था लगायतका सम्भाव्य सम्पूर्ण श्रोतसाधनको पूर्ण परिचालन समावेश गर्ने सकारात्मक उपायहरुमा पर्याप्त ध्यान दिइनेछ ।

१.४ बाल न्यायलाई, सम्पूर्ण बालबिज्याँईकर्ताका लागि सामाजिक न्यायको विस्तृत ढाँचाभित्र किशोरकिशोरीहरुको संरक्षण र समाजमा शान्ति व्यवस्था कायम गर्नमा योगदान गर्ने, प्रत्येक देशको राष्ट्रिय विकास प्रक्रियाको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

१.५ प्रत्येक सदस्य राष्ट्रका विद्यमान आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थाका परिप्रेक्ष्यमा यी नियमहरुलाई कार्यान्वयन गरिनेछन् ।

१.६ विधि, पद्धति र प्रवृत्ति लगायत सेवामा संलग्न कर्मचारीहरुको सक्षमता सुधार्ने र दिगो पार्ने उद्देश्यले बाल न्याय सेवाको योजनाबद्ध तरिकाले विकास र समन्वय गरिनेछ ।

## टिप्पणी

यी बृहत् आधारभूत दृष्टिकोणले सामान्यतः विस्तृत सामाजिक नीतिलाई निर्देश गर्दछन् र अधिकतम् हदसम्म बालबिज्याँईकर्ताको कल्याण प्रवर्धन गर्ने लक्ष्य राख्दछन् जसले बाल न्याय प्रणालीद्वारा गरिने हस्तक्षेपको आवश्यकतालाई घटाउनेछ र त्यसपछि कुनै पनि हस्तक्षेपद्वारा हुन सक्ने हानीलाई कम गर्नेछ । बिज्याँईको सुरूआत हुनुअघि किशोरकिशोरीका लागि गरिने यस्ता स्याहारका उपाय नियमावलीको कार्यान्वयनको आवश्यकता पूरा गर्न निर्मित आधारभूत नीतिगत पूर्व शर्त हुन् ।

अन्य कुराको साथै बाल अपराध र बिज्याँईको रोकथाममा किशोरकिशोरीको रचनात्मक सामाजिक नीतिले खेल्ने महत्वपूर्ण भूमिकालाई नियम १.१ देखी १.३ सम्मका नियमले इङ्गित गर्दछन् । नियम १.४ ले बालबिज्याँईकर्ताका लागि बाल न्यायलाई सामाजिक न्यायको अभिन्न अङ्गको रुपमा परिभाषित गर्छ भने नियम १.६ ले सामान्यतः बालबिज्याँईकर्ताको प्रगतिशील सामाजिक नीतिको विकासमा पछि नपरी एवं कर्मचारी सेवाको निरन्तर अभिवृद्धिको आवश्यकतालाई ध्यानमा राखी बाल न्यायलाई निरन्तर रुपले सुधार गर्नु पर्ने आवश्यकतालाई उल्लेख गर्दछ ।

नियम १.५ ले सदस्य राष्ट्रमा विद्यमान अवस्थालाई दृष्टिगत गर्न खोज्दछ जसले खासखास नियमको कार्यान्वयन आवश्यकताअनुसार अन्य राष्ट्रमा कार्यान्वयन गरिएको तरिकाभन्दा भिन्न तरिकाले गराउने कुरामा ध्यान दिन खोज्छ ।

## २. नियमवलीको क्षेत्र र प्रयुक्त परिभाषा

२.१ उदाहरणका लागि, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म र राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि कुराको आधारमा भेदभाव नगरी बाल कसूरदारउपर देहायका न्यूनतम् मापदण्डका नियमहरुलाई निष्पक्षतापूर्वक लागू गरिनेछन् ।

२.२ यी नियमहरुको प्रयोजन लागि सदस्य राष्ट्रले आफ्ना कानूनी व्यवस्था र अवधारणासँग मेल खाने तरिकाले निम्न परिभाषालाई लागू गर्नेछन्ः

(क) आफ्ना कानूनी प्रणालीअन्तर्गत कसूरका लागि वयस्कभन्दा भिन्दै तरिकाले सम्हाल्नु पर्ने बालबालिका वा किशोरकिशोरी नै बालबिज्याँईकर्ता हो ।

(ख) आफ्ना कानूनी प्रणालीअन्तर्गत कानूनद्वारा दण्डनीय कुनै पनि व्यवहार (कार्य वा अकार्य) नै कसूर हो ।

(ग) कसूर गरेको भनिएको वा कसूर गरेको पाइएको कुनै बालबालिका वा वयस्कभन्दा कम उमेरको व्यक्ति नै बाल कसूरदार हो ।

२.३ हरेक राष्ट्रको आफ्नो अधिकारक्षेत्रभित्र, बाल कसूरदार र बाल न्याय प्रशासनको कार्य सुम्पिएका संस्थापना तथा निकायका हकमा विशेषतः लागू हुने कानून, नियम र

प्रावधानहरुको समुच्चय संग्रह स्थापना गर्न प्रयास गरिनेछन् र निम्न कुरा रुपाङ्कित गरिनेछन्ः

(क) बालबालिका तथा किशोरकिशोरीहरुका आधारभूत अधिकारको संरक्षण गर्दा बाल कसूरदारको विविध आवश्यकताको सम्बोधन गर्ने,

(ख) समाजका आवश्यकता पूरा गर्ने,

(ग) देहायका नियमहरुलाई समग्र रुपमा र उचित तरिकाले कार्यान्वयन गर्ने ।

## टिप्पणी

विभिन्न कानूनी व्यवस्थाभित्र लागू गर्ने गरी र साथै बालबिज्याँईकर्ताको कुनै पनि परिभाषा एवं बाल कसूरदारलाई हेर्ने कुनै व्यवस्थाअन्तर्गत बाल कसूरदारलाई गर्नु पर्ने व्यवहारका लागि केही न्यूनतम् मापदण्ड तोक्न न्यूनतम् मापदण्डको नियमावली विचारपूर्वक तर्जुमा भएको हो । यी नियमहरु सधै पक्षपातरहित ढङ्गले र कुनै पनि किसिमको भेदभावविना लागू गरिनु पर्छ ।

त्यसैले नियम २.१ ले सधै निश्पक्ष ढङ्गले र कुनै पनि किसिमको भेदभावविना लागू भइरहनु पर्ने नियमहरुको महत्वलाई जोड दिन्छ । यस नियमले बालअधिकारसम्बन्धी घोषणापत्रको सिद्धान्त २ को बनोटलाई अनुशरण गरेको छ ।

नियम २.२ ले “बालबिज्याँईकर्ता” र “कसूर” लाई यो न्यूनतम् मापदण्डको नियमावलीलाई मुख्य विषय भएको “बाल कसूरदार” को अवधारणाको अङ्गको रुपमा परिभाषित गर्छ (तथापि नियम ३ र ४ पनि हेर्नुहोस्) । यसरी सदस्य राष्ट्रका आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक र कानूनी व्यवस्थाको पूर्ण आदर गरी उमेरको हद प्रत्येक कानूनी व्यवस्थामा निर्भर हुनेछ र स्पष्टतः निर्भर बनाइने कुरामा ध्यान दिनु पर्नेछ । यसले गर्दा ७ देखि १८ वर्षसम्म वा त्यसभन्दा माथिको उमेरसम्म पनि पर्ने गरी “बालबिज्याँईकर्ता” को परिभाषाअन्तर्गत उमेरको विस्तृत विविधताको व्यवस्था गर्छ । विभिन्न राष्ट्रिय कानूनी व्यवस्थाका दृष्टिकोणले यस्तो विविधता देखिन्छ र यसले यो न्यूनतम् मापदण्डको नियमावलीको प्रभाव भने घटाउदैन ।

नियम २.३ ले कानूनी र व्यवहारिक दुवै हिसाबले यी नियमहरुको उच्चतम कार्यान्वयनका निमित्त खास राष्ट्रिय कानूनी व्यवस्थाको आवश्यकतालाई सम्बोधन गर्दछ ।

## ३. नियमहरुको विस्तार

३.१ नियमावलीका सान्दर्भिक प्रावधान बाल कसूरदारलाई मात्र नभई वयस्कद्वारा गरिँदा दण्डनीय हुन सक्ने कुनै खास व्यवहारका लागि पनि लागू गर्ने गरी कारवाही अगाडि बढाउन सकिनेछ ।

३.२ नियमावलीमा समेटिएका सिद्धान्तहरुलाई कल्याण र स्याहारको प्रक्रियामा सम्हालिएका सबै बालबिज्याँईकर्तासम्म विस्तार गर्न प्रयास गरिनेछ ।

३.३ नियमावलीमा समेटिएका सिद्धान्तहरुलाई कम उमेरका वयस्क कसूरदारसम्म विस्तार गर्न प्रयास गरिनेछ ।

### टिप्पणी

नियम ३ ले बाल न्याय प्रशासनका लागि न्यूनतम् मापदण्डको नियमावलीले निम्न कुरा समेट्ने गरी विस्तार गरेकोछः

(क) विभिन्न राष्ट्रिय कानूनी व्यवस्थामा वयस्कहरुलाई भन्दा बालबिज्याँईकर्ताका हकमा बढी दायरामा कसूर ठानिने व्यवहारको परिधिमा तोकिएका (उदाहरणका लागि, पलायन, विद्यालय र परिवारमा अनाज्ञाकारिता, सार्वजनिक स्थलमा अवाञ्छीत क्रियाकलाप आदि) (नियम ३.१) कथित "हैसियती कसूर",

(ख) बालबिज्याँईकर्ताको कल्याण र स्याहारको कारवाही प्रक्रिया (नियम ३.२),

(ग) तोकिएको हरेक उमेर सीमा वास्तवमा निर्भर कम उमेरका वयस्क कसूरदारलाई सम्हाल्ने कारवाही प्रक्रिया (नियम ३.३) ।

यी तीन क्षेत्रलाई समेट्ने गरी गरिने नियमावलीको विस्तारलाई पुस्ट्याई हुनु पर्ने देखिन्छ । नियम ३.१ ले ती क्षेत्रमा न्यूनतम् प्रत्याभूति उपलब्ध गराएको छ र नियम ३.२ लाई कानूनसँग विवादमा परेका सम्पूर्ण बालबिज्याँईकर्ताहरुका लागि बढी स्वच्छ, समानतापूर्ण र मानवीय न्यायको दिशामा अपेक्षित पाइलाका रुपमा हेरिएको छ ।

## ४. आपराधिक उत्तरदायित्वको उमेर

४.१ बालबिज्याँईकर्ताका लागि आपराधिक दायित्वको उमेरको अवधारणालाई मान्यता दिने कानूनी प्रणालीमा उद्वेगात्मक, मानसिक र वौद्धिक परिपक्वता जस्ता तथ्यहरुलाई ध्यानमा राखी सो उमेर प्रारम्भ हुने हद साह्रै कम उमेर तहबाट निर्धारण गरिने छैन ।

### टिप्पणी

इतिहास र सँस्कृतिको कारणबाट आपराधिक दायित्वको न्यूनतम् उमेर ठाँउठाँउमा फरकफरक हुन्छ । आपराधिक दायित्वको नैतिक तथा मनोवैज्ञानिक पक्ष बालबालिकाले व्यहोर्न सक्छ कि सक्दैन भन्ने कुरा विचार गर्नु चाहि आधुनिक दृष्टिकोण हो । अर्थात निजका व्यक्तिगत विवेक र समझदारीका कारणले बालबालिकालाई मूलतः असामाजिक व्यवहारका लागि उत्तरदायी बनाउन सकिँदैन । आपराधिक दायित्वको उमेर निकै कम निर्धारण भएको छ भने वा न्यूनतम् उमेरको निर्धारण भएको छ भने वा न्यूनतम् उमेरको सीमा छैन भने दायित्वको अवधारणा अर्थहीन हुन्छ । सामान्यतः दोषी वा आपराधिक व्यवहार गर्ने लागि दायित्वको अवधारणा र अन्य सामाजिक अधिकार तथा दायित्व (जस्तो वैवाहिक अवस्था, नागरिक बहुसंख्या आदि) बीच घनिष्ट सम्बन्ध हुन्छ । अतः अन्तर्राष्ट्रिय रुपले लागू हुने मुनासिव न्यूनतम् उमेरको हदका सम्बन्धमा सहमतिमा पुग्न प्रयासहरु गरिनु पर्छ ।

## ५. बाल न्यायका उद्देश्य

५.१ बाल न्याय प्रणालीले बालबिज्याँईकर्ताको भलाईमा जोड दिनेछ र बाल कसूरदारप्रति गरिने कुनै पनि प्रतिक्रिया कसूरदार र कसूर दुवैको परिस्थितिप्रति सधै समानुपातिक हुने कुरा निश्चित पार्नेछ ।

## टिप्पणी

बाल न्यायका महत्वपूर्ण उद्देश्यहरुमध्ये दुई वटालाई नियम ५ ले इङ्गित गरेको छ । पहिलो उद्देश्य– बालबिज्याँईकर्ताको कल्याणलाई अभिवृद्धि गर्नु हो । पारिवारिक न्यायालय वा प्रशासनिक अधिकारीद्वारा व्यवहार गरिने बाल कसूरदारसम्बन्धी कानूनी व्यवस्थाको यो मुख्य केन्द्रबिन्दु हो तर दण्डात्मक सजायको बर्जनलाई योगदान गर्दै फौजदारी अदालतको ढाँचा अवलम्बन गर्ने कानूनी प्रणालीले पनि बालबिज्याँईकर्ताको भलाईलाई जोड दिनु पर्छ । (नियम १४ पनि हेर्नुहोस्) ।

दोस्रो उद्देश्य "समानुपातिकताको सिद्धान्त" हो । कसूरको गम्भीरताका सम्बन्धमा व्यक्त हुने खाँटी दण्डका रुपमा व्यक्त हुने दण्डात्मक सजायलाई निरुत्साहित गर्ने प्रख्यात साधनको रुपमा यो सिद्धान्त रहेको छ । किशोर कसूरदारप्रतिको प्रतिक्रिया कसूरको गम्भीरताको मात्रामा होइन, व्यक्तिगत परिस्थितिको मूल्याङ्कनमा पनि आधारित हुनु पर्दछ । कसूरदारका व्यक्तिगत परिस्थितिले (उदाहरणका लागि, सामाजिक हैसियत, पारिवारिक परिस्थिति, कसूरबाट गरिएको हानी वा व्यक्तिगत परिस्थितिलाई प्रभाव पार्ने अन्य कारक तत्वहरु) प्रतिक्रियाहरुको अनुपातलाई (उदाहरणका लागि, कसूरबाट पीडित भएका व्यक्तिलाई हर्जाना दिने प्रयास वा उनको हितकारी तथा उपयोगी जीवनमा परिणत हुने चाहनालाई ध्यानमा राख्दै) प्रभाव पार्नु पर्दछ ।

सोही कुराले किशोर कसूरदारको कल्याणलाई सुनिश्चित गर्न लक्षित प्रतिक्रियाहरु आवश्यकताभन्दा बाहिर जान सक्दछन् र त्यसैले केही बाल न्याय प्रणालीहरुमा देखिए जस्तै किशोरकिशोरीहरुका आधारभूत अधिकारहरु उल्लंघन हुन पुग्दछन् । यहाँ पनि पीडित व्यक्तिसमेत कसूरदार र कसूर दुवैका परिस्थितिहरुप्रति प्रतिक्रियाको अनुपातलाई संरक्षण गरिनु पर्दछ ।

नियम ५ ले सारतः बालबिज्याँई तथा अपराधसम्बन्धी कुनै पनि मामिलामा स्वच्छ प्रतिक्रियाभन्दा बाहेक नत घटी नत बढी आह्वान गर्दै गर्दैन । नियममा मिलान गरिएको विषयले बालबिज्याँईकर्तामाथिको औपचारिक सामाजिक नियन्त्रणको जाँलोको कुनै पनि अनावश्यक विस्तारका सट्टामा नयाँ र सिर्जनात्मक किसिमका प्रतिक्रिया र सतर्कता, दुवैको विकासलाई प्रेरित गर्न मद्दत दिन सक्छ ।

## ६. तजविजको क्षेत्र

६.१ बालबिज्याँईकर्ताको बदलिदो विशेष आवश्यकता साथसाथै उपलब्ध विविध उपायलाई दृष्टिगत गरी अनुसन्धान, अभियोजन, निरुपण तथा निर्णयहरुको कार्यान्वयन लगायत बाल न्याय प्रशासनका कारवाहीका सबै चरणमा विभिन्न तहमा तजविजको क्षेत्रलाई उचित स्थान दिइनेछ ।

६.२ तथापि, यस्तो कुनै पनि तजविजी प्रयोगमा सबै तह र चरणमा यथेष्ट उत्तरदायित्व सुनिश्चित गर्ने प्रयास गरिनेछन् ।

६.३ तजविजको प्रयोग गर्ने व्यक्तिहरु न्यायिक रुपले साथै आफ्ना काम, कर्तव्य र कार्यादेशअनुसार यसको प्रयोग गर्न विशेष योग्यताप्राप्त र तालीमप्राप्त हुनेछन् ।

### टिप्पणी

प्रभावकारी, स्वच्छ र मानवीय बाल न्याय प्रशासनका धेरै महत्वपूर्ण विशेषताहरु नियम ६.१, ६.२ र ६.३ ले समावेश गरेका छन्ः प्रत्येक व्यक्तिगत मुद्दामा एकदमै उपयुक्त ठानिएका कार्यहरु निश्चय गर्नेले गर्न सकोस् भनेर कारवाहीका सबै महत्वपूर्ण चरण वा तहमा स्वविवेक शक्तिको प्रयोग गर्न अनुमति दिने; र कुनै पनि स्वविवेक शक्तिको दुरूपयोगलाई रोक लगाउने र किशोर कसूरदारका अधिकारको संरक्षण गर्ने क्रममा नियन्त्रण र सन्तुलन प्रदान गर्नु पर्ने आवश्यकता छ । उत्तरदायित्व र व्यवसायिकता फराकिलो तजविजउपर अंकुश लाउने उत्तम साधन हुन् । यसरी यहाँ बाल कसूरदारका मामिलामा व्यवसायिक योग्यता र विशेषज्ञता तालीमलाई तजविजको न्यायिक प्रयोग सुनिश्चित तुल्याउने महत्वपूर्ण साधनको रुपमा जोड दिइएको छ (नियम १.६ र २.२ पनि हेर्नुहोस्) । यस सन्दर्भमा निर्णय र उत्तरदायित्वउपर निगरानीलाई स्थान दिन तजविजको प्रयोगसम्बन्धी निर्दिष्ट मार्गदर्शन र पुनरावलोकन, पुनरावेदन र यस्तै कुराको प्रणालीको व्यवस्थालाई जोड दिइएको छ । तिनलाई सजिलैसँग अन्तर्राष्ट्रिय न्यूनतम् मापदण्डका नियमहरुमा गाभ्न नसकिने र न्याय प्रणालीका सबै पृथकताहरुलाई समेट्न नसकिने हुनाले यस्ता संयन्त्रहरुलाई यहाँ निर्दिष्ट गरिएको छैन ।

### ७. बालबिज्याँईकर्ताका अधिकार

७.१ निर्दोषताको अनुमान, आरोपबारे सूचित हुने अधिकार, मौन बस्ने अधिकार, कानूनी परामर्शको अधिकार, आमाबाबु वा संरक्षकको उपस्थितिको अधिकार, साक्षीको परीक्षण तथा जिरह गर्ने अधिकार र माथिल्लो अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकार जस्ता आधारभूत कार्यविधिगत संरक्षण कारवाही प्रक्रियाका सबै चरणमा प्रत्याभूत गरिनेछन् ।

### टिप्पणी

स्वच्छ र न्यायोचित जाँचका लागि आवश्यक तत्व प्रस्तुत गर्ने र विद्यमान मानवअधिकार अध्यालेख (नियम १४ पनि हेर्नुहोस्) मा अन्तर्राष्ट्रिय रुपले मान्यता पाएका केही महत्वपूर्ण बुँदाहरुलाई नियम ७.१ ले जोड दिन्छ । उदाहरणको लागि, निर्दोषिताको अनुमानको अधिकार मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ११ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा १४ प्रकरण २ मा पनि उल्लेख छ ।

नियम ७.१ ले सामान्य तरिकाबाट अति आधारभूत कार्यविधिगत संरक्षणलाई सुनिश्चित गर्छ भने न्यूनतम् मापदण्डको नियमावलीको नियम १४ ले क्रमशः बालबिज्याँईकर्ताको मुद्दाको कारवाही प्रक्रियाका महत्वपूर्ण सवालहरुलाई निर्दिष्ट गर्दछ ।

## ८. गोप्यताको संरक्षण

८.१ नचाहिँदो प्रचारप्रसार वा कलङ्कित पार्ने कुराबाट निजलाई हुन सक्ने हानिलाई बर्जित गर्नका लागि बालबिज्याँईकर्ताको व्यक्तिगत गोपनीयताको अधिकारलाई सबै चरणमा सम्मान गरिनेछ ।

८.२ सिद्धान्ततः बाल कसूरदारलाई चिनाउन सक्ने कुनै पनि जानकारीलाई प्रकाशमा ल्याइने छैन ।

### टिप्पणी

व्यक्तिगत गोपनीयता कायम राख्ने बालबिज्याँईकर्ताको अधिकारको संरक्षणको महत्वलाई नियम ८ ले जोड दिन्छ । खास गरी किशोरकिशोरीहरुलाई बदनामीको दाग लाग्ने कुराप्रति सशङ्क हुन्छन् । बदनामीको दागसम्बन्धी गरिएका अपराधशास्त्रीय अनुसन्धानले “दुराचारी” र “अपराधी” का रुपमा बालबिज्याँईकर्ताको स्थायी परिचयको नतिजास्वरुप हानिकारक प्रभावको प्रमाण फेला पारेका छन् । नियम ८ ले मुद्दाको विषयमा (उदाहरणका लागि, अभियुक्त वा दोष सावित भएका बाल कसूरदारहरुको नाम) आमसञ्चार माध्यममा भएको प्रकाशनबाट उत्पन्न हुन सक्ने नकारात्मक प्रभावबाट बालबिज्याँईकर्ताको संरक्षण गर्नु पर्ने कुराको महत्वमा जोड दिन्छ । कम्तीमा सिद्धान्त मै मात्र भए पनि व्यक्तिको हितको संरक्षण गरिनु पर्छ र कायम राखिनु पर्छ । (नियम ८ का आम विषय नियम २१ मा थप निर्दिष्ट गरिएका छन् ।)

## ९. बचाउ दफा

९.१ यस नियमावलीको कुनै कुरालाई संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको बन्दीप्रति गर्नु पर्ने व्यवहारको न्यूनतम् मापदण्डको नियमावली र युवाको हेरचाह र संरक्षण गर्ने अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्रदान गरिएका अन्य मानवअधिकार अध्यालेख र मापदण्डको प्रचलनलाई अलग्याउने गरी व्याख्या गरिने छैन ।

### टिप्पणी

नियम ९ ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, र बालअधिकारसम्बन्धी घोषणापत्र तथा बालअधिकारसम्बन्धी महासन्धिको मसौदा जस्ता विद्यमान वा विकास भइरहेका अन्तर्राष्ट्रिय मानवअधिकार अध्यालेख र मापदण्डहरुमा रहेका सिद्धान्तअनुरुप यस नियमावलीको व्याख्या र कार्यान्वयनमा सुँझबुँझहीनताको परित्याग गर्ने कुरा बुझाउँछ । यस नियमावलीको वर्तमान प्रयोग कुनै पनि बृहत्तर रुपमा प्रयोगमा आएका अन्य अन्तर्राष्ट्रिय अध्यालेखका प्रावधानसँग आग्रहरहित हुन्छ भन्ने बुझिनु पर्छ । (नियम २७ पनि हेर्नुहोस्) ।

# भाग-२
# अनुसन्धान र अभियोजन

## १०. प्रारम्भिक सम्पर्क

१०.१ बालबिज्याँईकर्ताको पक्राउमा निजका आमाबाबु वा संरक्षकलाई सो पक्राउबारे तत्काल जनाउ दिइनेछ र यस्तो जनाउ तत्काल दिन सम्भव नभएको ठाउँमा त्यसपछि आमाबाबु वा संरक्षकलाई सकेसम्म छोटो समयमा यस्तो जनाउ दिइनेछ ।

१०.२ न्यायाधीश वा अन्य सक्षम अधिकारीले छुटकाराको सवालमा अविलम्ब विचार गर्नेछन् ।

१०.३ कानून कार्यान्वयन निकाय र बाल कसूरदार बीचको सम्पर्क मुद्दाका परिस्थितिहरुप्रति मुनासिव ध्यान राख्दै बालबिज्याँईकर्ताको कानूनी हैसियतको सम्मान, भलाईको अभिवृद्धि र निजविरूद्धको हानिलाई बर्जित गर्ने गरी व्यवस्थित गरिनेछ ।

## टिप्पणी

नियम १०.१ बन्दीप्रति गर्नु पर्ने व्यवहारको न्यूनतम् मापदण्डको नियमावलीको नियम ९२ मा रहेको सिद्धान्त हो । छुटकाराको प्रश्नलाई (नियम १०.२) न्यायाधीश वा अन्य सक्षम अधिकारीले बिनाढिलाई विचार गर्नु पर्छ । पछिल्लो शब्दावली “सक्षम अधिकारी” ले पक्राउ परेको व्यक्तिलाई रिहाई गर्ने अधिकार भएको सामुदायिक समिति वा प्रहरी अधिकारीसमेतका कुनै व्यक्ति वा संस्थालाई व्यापक अर्थमा इङ्गित गर्छ । (नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा ९ अनुच्छेद ३ पनि हेर्नुहोस्) ।

बाल अपराधसम्बन्धी मुद्दामा प्रहरी र कानून कार्यान्वयन गर्ने अधिकारीको तर्फबाट हुने कारवाही प्रक्रिया र व्यवहारका केही आधारभूत पक्षलाई नियम १०.३ ले छोएको छ । “हानीलाई बर्जित गर्ने” भन्ने शब्दावली आफै स्वीकार्यतः लचिलो छ र सम्भावित अन्तरक्रियाका धेरै स्वरुपलाई यसले समेट्छ (उदाहरणका लागि, रुखो वा कडा शब्दको प्रयोग, शारीरिक हिंसा वा वातावरणमा खुलासा गर्ने कार्य) । बाल न्याय प्रक्रियामा बालबालिकाहरुका अभिभावक तथा संरक्षकको सहभागिता नै बालबिज्याँईकर्ताका लागि हानिकारक हुन सक्छ; त्यसैले, “हानिलाई बर्जित गर्ने” शब्दावलीलाई पहिलो पटकमा नै सकेसम्म हानी कम गर्ने साथसाथै अतिरिक्त र अनुचित हानी नगर्ने व्यापक अर्थमा व्याख्या गरिनु पर्छ । बालबिज्याँईकर्ताको राज्य र समाजप्रतिको अभिवृत्तिलाई सघन तरिकाले प्रभाव पार्न सक्ने भएकाले यो कुरा कानून कार्यान्वयन गर्ने संस्थाहरुसँगको प्रारम्भिक सम्पर्कमा विशेष महत्वपूर्ण हुन्छ । अझ, अन्य थप हस्तक्षेपको सफलता यस्तो प्रारम्भिक सम्पर्क मै निर्भर हुन्छ । यस्ता अवस्थाहरुमा समानुभूतिभाव र दयाशील दृढनिश्चयता महत्वपूर्ण हुन्छन् ।

## ११. दिशान्तर

११.१ उपयुक्त भएसम्म, नियम १४.१ मा उल्लिखित सक्षम अधिकारीद्वारा औपचारिक पुर्पक्ष गर्ने प्रक्रियातर्फ नलागी बाल कसूरदारलाई सम्हाल्ने कुरामा विचार गरिनेछ ।

११.२ बालबिज्याँईकर्ताको मुद्दा हेर्ने प्रहरी, अभियोजन वा अन्य निकायलाई आफ्नो कानूनी प्रणाली सो प्रयोजनका लागि कायम गरिएका शर्त र आधारबमोजिम र यस नियमावलीमा रहेका सिद्धान्तबमोजिमसमेत औपचारिक सुनुवाईको उपचारविना नै, ती निकायको तजविजमा, यस्ता मुद्दा निप्टारा गर्न सशक्त तुल्याइनेछ ।

११.३ उपयुक्त सामुदायिक वा अन्य सेवामा पठाउने कुरा समावेश रहेको कुनै पनि दिशान्तरका लागि बालबिज्याँईकर्ता, वा निजका आमाबाबु वा संरक्षकको मञ्जुरी चाहिनेछ, तर निवेदन परेमा यसरी मुद्दा पठाउने गरी भएको निर्णय सक्षम अधिकारीबाट पुनरावलोकन गरिने विषय हुनेछ ।

११.४ बालबिज्याँईकर्ताको मुद्दाको तजविजी समाधानलाई सहजता प्रदान गर्नका लागि अस्थायी सुपरिवेक्षण तथा मार्ग निर्देशन, प्रतिपूर्ति, र पीडितलाई क्षतिपूर्ति जस्ता सामुदायिक कार्यक्रमहरुको व्यवस्था गर्न प्रयास गरिनेछन् ।

### टिप्पणी

फौजदारी न्याय प्रक्रियाबाट अलग्याउने र वारम्वार सामुदायिक सहयोग सेवामा पुनर्निर्दिष्ट गर्ने–दिशान्तर – थुप्रै कानूनी प्रणालीहरुमा औपचारिक तथा अनौपचारिक आधारमा साझा रुपमा अभ्यास गरिएको छ । यस अभ्यासले बाल न्याय प्रशासनमा पछिल्ला कारवाही प्रक्रियाका नकारात्मक असर (उदाहरणका लागि, दोषसाबित र सजायको दाग) लाई रोक्नका लागि टेवा दिन्छ । धेरै मुद्दामा अहस्तक्षेप नै उत्तम प्रतिक्रिया वा प्रत्युक्ति हुन सक्छ । यसरी दिशान्तर, सुरूमै र वैकल्पिक सेवा (सामाजिक) नसाधिकनै उत्तम प्रतिक्रिया हुन सक्छ । कम गम्भीर प्रकृतिको कसूर भएको र परिवार, विद्यालय वा अन्य अनौपचारिक सामाजिक नियन्त्रण भएका संस्थाहरुले उचित र रचनात्मक तरिकाले पहिले नै प्रतिक्रिया जनाई सकेका वा जनाउन सक्ने ठाउँमा यस्तो कुरा विशेष गरी हुन सक्छ ।

नियम ११.३ मा प्रस्तुत भएअनुरुप अन्य उपाय निर्णय गर्दाको कुनै पनि बिन्दुमा प्रहरी, मुद्दा चलाउने अधिकारी वा न्यायालय, न्यायाधिकरण, समिति वा परिषद जस्ता अन्य संस्थाहरुद्वारा दिशान्तरको प्रयोग हुन सक्छ । सम्बन्धित व्यवस्थाका नियम र नीतिअनुरुप तथा यस नियमावलीसँग मेल खाने गरी एक, धेरै वा सबै अधिकारीले यसको अभ्यास गर्न सक्छन् । यसरी दिशान्तरलाई महत्वपूर्ण औजारको रुपमा लिँदै, यसलाई खालि साना मुद्दाहरुमा मात्र सिमित राख्न आवश्यक छैन ।

नियम ११.३ ले सुझाएको दिशान्तर उपायका लागि किशोर कसूरदार (वा आमाबाबु वा संरक्षक) को मञ्जुरी लिनु पर्ने महत्वपूर्ण आवश्यकतालाई जोड दिन्छ । (यस्तो मञ्जुरी नलिई सामुदयिक सेवातर्फको

दिशान्तरको उपाय जवरजस्त श्रमको उन्मूलनसम्बन्धी महासन्धिको विपरीत हुन्छ ।) यस मञ्जुरीलाई चुनौति दिन नपाइने अवस्थामा भने राखिनु हुन्न किनभने कहिलेकाही बालबिज्याँईकर्ताको पक्षबाट खालि नैराश्य कै कारणले यस्तो मञ्जुरी नदिइएको हुन्छ । दिशान्तर प्रक्रियाका सम्पूर्ण तहमा बल प्रयोग र त्रासको सम्भावनालाई कम गर्न ध्यान दिनु पर्ने कुरालाई यस नियमले जोड दिन्छ। दिशान्तर कार्यक्रमलाई मञ्जुरी दिन आफूमा दवाब परेको भावना (उदाहरणका लागि, न्यायालयमा हुने उपस्थितिबाट जोगाउन) बालबिज्याँईकर्तामा आउन दिनु हुँदैन वा दवाब दिनु हुँदैन । यसरी बाल कसूरदारका बारेमा “निवेदन दिएपछि कुनै सक्षम अधिकारी” ले गरेको निर्णयको औचित्यको वस्तुगत मूल्याङ्कन गर्न व्यवस्था गरिनु पर्दछ भन्ने कुराको वकालत गरिन्छ । (“सक्षम अधिकारी” नियम १४ मा उल्लेखित व्यक्तिभन्दा भिन्दै हुन सक्छ)

समुदायमा आधारित दिशान्तरको स्वरुपमा बाल न्याय प्रक्रियाको व्यवहारिक विकल्पको व्यवस्थालाई नियम ११.४ ले सिफारिस गरेको छ। पीडितलाई प्रतिपूर्ति/प्रतिभरण दिएर मामिला टुङ्ग्याउने र भविष्यमा कानूनको पालना नहुने कुरालाई अस्थायी सुपरिवेक्षण र मार्गदर्शनबाट जोगाउने कार्यक्रम विशेषतः सिफारिस गरिएका छन् । हरेक मामिला विशेषको अवस्थाले बढी गम्भीर कसूरहरु भएका अवस्था (उदाहरणका लागि पहिले कसूर, पूरै दवाबमा परी गरिएको कार्य आदि) मा पनि दिशान्तरलाई अपनाउन उचित बनाउँछन् ।

## १२. प्रहरीभित्र विशेषज्ञता

१२.१ आफ्ना कार्य कुशल तरिकाले पूरा गर्नका लागि बालबिज्याँईकर्तालाई सम्हाल्ने वा बाल अपराध रोकथाम कार्यमा प्राथमिक रुपमा संलग्न प्रहरी अधिकारीहरुलाई विशेष तरिकाले निर्देशित गरिने र तालीम दिइनेछ। सो प्रयोजनका लागि ठूला सहरमा विशेष प्रहरी एकाई स्थापना गरिनु पर्छ ।

### टिप्पणी

नियम १२ ले बाल न्यायको कार्यान्वयनमा संलग्न सबै कानून कार्यान्वयन गर्ने अधिकारीका लागि विशेषीकृत तालीमको आवश्यकताप्रति ध्यान आकृष्ट गर्दछ। बाल न्याय प्रणालीसँग सम्पर्क हुने पहिलो बिन्दु प्रहरीहरु हुन् भने तिनले सुसूचित रुपमा र उचित तरिकाले कार्य गर्नु पर्ने कुरा महत्वपूर्ण हुन्छ।
सहरीकरण र कसूर बीचको सम्बन्ध स्पष्टतः जटिल हुँदा खास गरी तीब्र र योजनारहित रुपमा ठूला सहरहरुको बृद्धिसँगै बाल अपराधको वृद्धि पनि गाँसिएको छ । त्यसैले यस अध्यालेख (जस्ता नियम १.६) मा रहेका खास सिद्धान्तहरुको कार्यान्वयनको हितमा मात्र नभई अझ सामान्यतः बाल कसूरको रोकथाम र नियन्त्रण तथा बाल कसूरदारहरुप्रतिको व्यवहारमा सुधार गर्नका लागि पनि विशेषीकृत प्रहरी एकाई अत्यावश्यक हुन्छन् ।

## १३. थाती पुर्पक्षको थुना

१३.१ पुर्पक्ष थाती रहेको थुनालाई अन्तिम उपायका रुपमा र एकदमै छोटो अवधिका लागि मात्र प्रयोग गरिनेछ ।

१३.२ सम्भव भएका बेला, थाती पुर्पक्षको थुनछेकलाई निकट सुपरिवेक्षण, सघन उपचारात्मक स्याहार, परिवार वा शैक्षिक स्थान वा घरमा राख्ने जस्ता वैकल्पिक उपायद्वारा प्रतिस्थापित गरिनेछ ।

१३.३ पुर्पक्ष थाती रहेको थुनाअन्तर्गत रहेका बालबिज्याँईकर्ताहरु संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावलीले दिएका सबै अधिकार र प्रत्याभूतिको हकदार हुनेछन् ।

१३.४ पुर्पक्ष थाती रहेको थुनाअन्तर्गत रहेका बालबिज्याँईकर्तालाई वयस्कबाट अलग्ग राखिनेछ र छुट्टै संस्था वा वयस्कलाई पनि राखिएको संस्थाको छुट्टै खण्डमा थुनिनेछ ।

१३.५ हिरासतमा रहँदा, बालबिज्याँईकर्ताले हेरचाह, संरक्षण तथा उनको उमेर, लिङ्ग र व्यक्तित्वका हिसाबले चाहिने सामाजिक, शैक्षिक, व्यवसायिक, मनोवैज्ञानिक, चिकित्सात्मक तथा शारीरिक जस्ता सबै आवश्यक व्यक्तिगत मद्दत प्राप्त गर्नेछन् ।

### टिप्पणी

पुर्पक्ष बाँकी भई थुनामा राखिएको बालबिज्याँईकर्ताको “आपराधिक मिश्रण” को खतरालाई कम आँकिनु हुँदैन । अतः वैकल्पिक उपायहरुको आवश्यकतालाई जोड दिइनु पर्छ । यसो गरेर नियम १३.१ ले बालबिज्याँईकर्ताको हितमा यस्तो थुनालाई प्रतिस्थापन गर्न नयाँ तथा प्रवर्धनात्मक उपायहरुको तर्जुमालाई प्रोत्साहित गर्छ । जाँचबुँझअघिको थुनाअन्तर्गतका बालबिज्याँईकर्तालाई बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावली साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध विशेषतः धारा ९ र धारा १० प्रकरण २(ख) तथा ३ का सम्पूर्ण अधिकार र प्रत्याभूति प्राप्त हुन्छन् । नियम १३.४ ले राज्यहरुलाई कम्तीमा यस नियममा प्रभावकारी भनेर उल्लेख भएका उपाय वयस्क कसूरदारहरुको नकारात्मक प्रभावविरूद्ध अवलम्बन गर्नलाई कुनै रोक लगाउँदैन ।

सम्बोधन गर्नु पर्ने किशोर थुनुवा (उदाहरणका लागि, महिला वा पुरूष, दुर्व्यसनी, जँड्याहा, मनोरोगी बालबिज्याँईकर्ता, पक्राउ आदिको प्रतिघातबाट पीडित कम उमेरका व्यक्तिका निमित्त) का खास आवश्यकताप्रति बृहत मात्रामा ध्यानाकृष्ट गराउन आवश्यक हुन सक्ने सहयोग विभिन्न प्रकारले आवश्यक हुन सक्छन् ।

कम उमेरका थुनुवाको शारीरिक तथा मनोवैज्ञानिक चारित्रिक विभिन्नताले वर्गिकरणका उपाय आवश्यक

बनाउन सक्छ, जसले गर्दा केहीलाई, पीडितीकरणको बर्जन र अझ उपयुक्त मद्दत दिँदै, बाँकी पुर्पक्षका लागि अलग्गै राख्नु पर्ने हुन्छ ।

कसूरको रोकथाम र कसूरदारप्रति गर्नु पर्ने व्यवहारसम्बन्धी छैटौँ राष्ट्र संघीय कङ्ग्रेसले बाल न्यायको मापदण्डसम्बन्धी सङ्कल्पलेख ४ मा नियमावलीले अन्य कुराका अतिरिक्त अन्तिम उपायको रुपमा मात्र थाती पुर्पक्षका थुनाको प्रयोग गर्नु पर्छ भनेर तोकेको छ, वयस्क थुनुवाको नकारात्मक प्रभावको असर पर्ने गरी थुनागत सुविधामा कम उमेरका थुनुवालाई राखिनु हुँदैन र खास गरी बालबिज्याँईकर्ताको विकास चरणका हुर्कदो आवश्यकतालाई सर्वदा ध्यानमा राख्नु पर्छ ।

## भाग-३
## न्याय निरूपण र निप्टारा

### १४. न्याय दिने सक्षम अधिकारी

१४.१ दिशान्तर (नियम ११ अन्तर्गत) नगरिएमा बाल कसूरदारको मामिला सक्षम अधिकारीले (अदालत, न्यायाधीकरण, समिति, परिषद् आदि) स्वच्छ र न्यायोचित र पुर्पक्षका सिद्धान्तअनुसार हेर्नेछन् ।

१४.२ कारवाही प्रक्रिया बालबिज्याँईकर्ताको सर्वोत्तम हितअनुकूल रहनेछ र बालबिज्याँईकर्तालाई त्यसमा स्वतन्त्रतापूर्वक सहभागी हुन र आफ्ना कुरा व्यक्त गर्न पाउने गरी सुँझबुँझपूर्ण वातावरणमा सञ्चालन हुनेछ ।

**टिप्पणी**

न्याय निरुपण अधिकारी भनेर विश्वव्यापी रुपले बर्णन हुने सक्षम निकाय वा व्यक्तिको परिभाषा तर्जुमा गर्न कठिन छ । “सक्षम अधिकारी” को अर्थमा पेशागत तथा सामान्य न्यायायुक्तका साथै प्रशासनिक समिति (उदाहरणका लागि स्कटेली र स्क्याण्डिनाभियाली व्यवस्था) अथवा न्याय दिने प्रकृतिका अन्य बढी अनौपचारिक समुदाय तथा विवाद निरुपण निकाय वा न्यायाधीकरणको (एक जना न्यायाधीश वा धेरै सदस्यहरुले बनेको) आसन ग्रहण गर्ने व्यक्तिहरु समावेश हुन्छन् ।

बाल कसूरदारलाई हेर्ने कारवाही प्रक्रियाले उचित कानूनी प्रक्रिया भनेर चिनिने कारवाही प्रक्रियाअन्तर्गत कुनै पनि फौजदारी प्रतिवादीका लागि औसत सर्वव्यापी रुपले लागू हुने न्यूनतम् मापदण्ड कै अनुशरण गर्ने गर्दछ । उचित प्रक्रियाअनुसार “स्वच्छ र न्यायोचित पुर्पक्ष” ले निर्दोषिताको पूर्वानुमान, साक्षीको उपस्थिति र परीक्षण, सामान्य कानूनी प्रतिरक्षा, मौन बस्ने अधिकार, पुर्पक्षमा अन्तिम कुरा भन्ने अधिकार, पुनरावेदन गर्ने अधिकार आदि (नियम ७.१ पनि हेर्नुहोस्) जस्ता आधारभूत संरक्षणलाई समावेश गर्दछ ।

## १५. कानून व्यवसायी, आमाबाबु तथा संरक्षक

१५.१ कारवाही प्रक्रिया अवधिभर बालबिज्याँईकर्तालाई कानूनी सल्लाहकारको प्रतिनिधित्व गराउने वा मुलुकमा सहायताको व्यवस्था भएमा निःशुल्क कानूनी सहयोगका लागि निवेदन दिने अधिकार हुनेछ ।

१५.२ आमाबाबु वा संरक्षकको कारवाही प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ र बालबिज्याँईकर्ताको हितका लागि सक्षम अधिकारीले बालबिज्याँईकर्ताका बाबु वा संरक्षककलाई उपस्थित गराउन चाहन सक्नेछन् । तर, बालबिज्याँईकर्ताको हितमा यस्तो अनुपस्थिति आवश्यक देखिने कारण भएमा सक्षम अधिकारीले तिनीको सहभागितालाई इन्कार गर्न भने सक्नेछन् ।

### टिप्पणी

बन्दीप्रति गर्नु पर्ने व्यवहारको न्यूनतम् मापदण्डको नियमावलीको नियम ९३ मा पाइएसरहको शब्दावली नियम १५.१ ले प्रयोग गरेको छ । बालबिज्याँईकर्ताको कानूनी सहयोगलाई आश्वस्त पार्न कानून व्यवसायी र निःशुल्क कानूनी सहयोग आवश्यक हुन्छन् भने नियम १५.२ मा देखाइएअनुरुप आमाबाबु वा संरक्षकले सहभागी हुने अधिकारलाई बालबिज्याँईकर्ताको कारवाही प्रक्रियाको अवधिभर विस्तार हुने कार्यलाई सामान्य मनोवैज्ञानिक तथा भावनात्मक सहयोगका रुपमा हेरिनु पर्छ ।

मुद्दाको पर्याप्त निप्टाराका लागि सक्षम अधिकारीले गर्ने खोजीलाई खास गरी बालबिज्याँईकर्ताका कानूनी प्रतिनिधिहरुको सहयोगबाट (अथवा त्यस कुराका लागि बालबिज्याँईकर्ताले विश्वास गर्न सक्ने र साँच्चै विश्वास गर्ने अन्य व्यक्तिगत सहयोग) फाइदा पुग्न सक्छ । पुर्पक्ष प्रक्रियामा आमाबाबु वा संरक्षकको उपस्थितिले नकारात्मक भूमिका निर्वाह गरेमा, तिनले बालबिज्याँईकर्ताप्रति वैरभाव देखाएमा यस्तो चासोलाई धक्का पुग्छ, त्यस कारण तिनीहरुको सम्भावित अनुपस्थितिलाई व्यवस्थित गरिनु पर्छ ।

## १६. सामाजिक जाँचबुझ प्रतिवेदन

१६.१ सक्षम अधिकारीबाट गरिने न्यायिक निरुपणलाई सहज तुल्याउनका लागि, सामान्य मामिलाबोहक, सबै मुद्दामा सक्षम अधिकारीले सजाय निर्धारण अगावै अन्तिम निप्टारापूर्व बालबिज्याँईकर्ता रहेको पृष्ठभूमि तथा सो कसूर भएको परिस्थितिको उचित रुपमा अनुसन्धान गरिनेछ ।

### टिप्पणी

सामाजिक जाँचबुझ प्रतिवेदनहरु (सामाजिक प्रतिवेदन वा सजायपूर्वका प्रतिवेदन) बालबिज्याँईकर्ता संलग्न भएको अधिकांश कानूनी कारवाहीका लागि अपरिहार्य सहयोग हुन् । सामाजिक तथा पारिवारिक पृष्ठभूमि, विद्यालय जीवन, शैक्षिक अनुभव जस्ता बालबिज्याँईकर्ता बारेका सान्दर्भिक तथ्यबारे सक्षम

अधिकारीलाई सूचना दिइनु पर्छ । यस उद्देश्यका लागि कुनै न्याय प्रणालीले खास सामाजिक सेवा वा न्यायालय वा समितिसँग सम्बद्ध कर्मचारीको प्रयोग गर्छ । दण्ड परीक्षण अधिकारी वा सुपरिवेक्षकसमेत अन्य कर्मचारीले त्यही कार्य गर्न सक्छन् । अतः योग्य प्रकृतिका सामाजिक जाँचबुझ प्रतिवेदन दिने पर्याप्त सामाजि सेवा प्राप्त हुनु पर्ने कुरा यस नियमका लागि आवश्यक छ ।

**१७. न्यायनिरुपण र निप्टाराका निर्देशक सिद्धान्त**

१७.१ सक्षम अधिकारीको निप्टारानिर्णय निम्न सिद्धान्तबाट निर्देशित हुनेछः

(क) लिइएका प्रतिक्रिया सधै परिस्थिति र कसूरको गम्भीरताको मात्रामा मात्र समानुपातिक नभई बालबिज्याँईकर्ताका परिस्थिति र आवश्यकताका साथै समाजको आवश्यकताको मात्रामा पनि समानुपातिक हुनेछ ।

(ख) बालबिज्याँईकर्ताको व्यक्तिगत स्वतन्त्रतामाथिको रोकटोक होसियारीपूर्वक विचार गरेपछि मात्र अवलम्बन गरिनेछ र सकेसम्म न्यूनतम्मा सिमित हुनेछ ।

(ग) अन्य व्यक्तिविरूद्धको हिंसामा संलग्न हुने गम्भीर कार्यको वा अन्य गम्भीर कसूर गर्न निरन्तर दृढता देखाएको कुरा निरुपित गर्नु पर्ने भएमा र अन्य उचित विकल्प नभएको अवस्थामा मात्र बालबिज्याँईकर्तालाई व्यक्तिगत स्वतन्त्रतामा बन्देज लगाइनेछ ।

(घ) बालबिज्याँईकर्ताको भलाई निजको मुद्दाको विचार गर्ने कुरामा मार्गदर्शक तत्व हुनेछ ।

१७.२ बालबिज्याँईकर्ताले गरेको कुनै पनि कसूरका लागि मृत्युदण्ड दिइने छैन ।

१७.३ बालबिज्याँईकर्तालाई शारीरिक सजाय दिइने छैन ।

१७.४ सक्षम अधिकारीलाई कुनै पनि बेला कारवाही प्रक्रिया टुङ्ग्याउने अधिकार हुनेछ ।

**टिप्पणी**

किशोरहरुको न्याय दिने कार्यका लागि मार्गदर्शनको तर्जुमा गर्ने कार्यमा मुख्य कठिनाई दार्शनिक प्रकृतिबाट समाधान नहुने विद्यमान रहने विवादबाट उत्पन्न हुन्छ, जुन निम्नानुसारका छन्ः

(क) पुनर्स्थापनविरूद्ध खाँटी दण्ड,

(ख) सहयोगविरूद्ध दमन र सजाय,

(ग) व्यक्तिगत मुद्दाको एकल गुणदोषविरूद्ध आमसमाजको संरक्षण अनुसारको प्रतिक्रिया,

(घ) आमनिरोधविरूद्ध व्यक्तिगत अक्षमकरण ।

यी दृष्टिकोण बीचको अन्तरविरोध वयस्कका मुद्दामा भन्दा बालबिज्याँईकर्ताको मुद्दामा बढी स्पष्ट हुनु पर्छ । बालबिज्याँईकर्ताको मुद्दाबाट देखिने विभिन्न कारण र प्रत्युक्ति वा प्रतिक्रियाले गर्दा यस्ता विकल्पहरु जटिलतापूर्वक अन्तरसम्बन्धित हुन्छन् ।

बाल न्यायको कार्यान्वयनका लागि कुन दृष्टिकोण अपनाउने भनी किटान गर्नु न्यूनतम् मापदण्डगत नियमावलीको कार्य होइन बरू अन्तर्राष्ट्रिय रुपले स्वीकृत सिद्धान्तअनुरुप साह्रै निकट हुने दृष्टिकोणलाई

तोक्नु हो । अतः नियम १७.१ खास गरी उपप्रकरण (क) र (ग) मा स्थापित अत्यावश्यक तत्वहरुलाई साझा आरम्भ बिन्दु सुनिश्चित गर्ने मुख्यतः व्यवहारिक मार्गदर्शनका रुपमा बुझिनु पर्छ; सम्बन्धित अधिकारीले (नियम ५ पनि हेर्नुहोस्) ध्यान दिएमा बाल कसूरदारहरुका आधारभूत अधिकारहरुको संरक्षण गर्न विशेषतः व्यक्तिगत विकास र शिक्षाका आधारभूत अधिकारलाई सुनिश्चित गर्ने कार्यमा उल्लेखनीय रुपले योगदान पुऱ्याउन सक्छन् ।

कडाईका साथ दण्डात्मक दृष्टिकोण राख्नु उपयुक्त छैन भन्ने कुरा नियम १७.१(ख) ले अर्थ्याउँछ । वयस्कहरुको मुद्दामा र सम्भवतः बालबिज्याँईकर्ताले गरेको केही गम्भीर कसूरको मुद्दामा खाँटी दण्ड र प्रतिशोधात्मक बन्देजको केही तुक हुन्छ भनेर विचार गर्न सकिन्छ भने बालबिज्याँईकर्ताका मुद्दामा कम उमेरका व्यक्तिहरुको भलाई र भविष्य सुरक्षित पार्ने विचारले नै प्राथमिकता पाउनु पर्छ ।

छैटौँ राष्ट्र संघीय कङ्ग्रेसको सङ्कल्पलेख ८ सँग मिल्ने गरी कलिलो उमेरका व्यक्तिहरुको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने कुरा ध्यानमा राखी सकेसम्म अधिकतम् सीमासम्म संस्थापनाकरणका विकल्पहरुको प्रयोग गर्ने कुरालाई नियम १७.१(ख) ले प्रोत्साहित गर्छ । यसरी सार्वजनिक सुरक्षालाई ध्यानमा राखी विद्यमान वैकल्पिक दण्डभारका दायराको पूर्ण प्रयोग गर्नु पर्छ र नयाँ वैकल्पिक दण्डभारको विकास गर्नु पर्छ । निलम्बित सजाय, शर्तयुक्त सजाय, समितिका आदेश र अन्य निप्टारामार्फत सक्दो उच्चतम् सीमासम्म दण्ड परीक्षण छुटकारा (प्रोबेसन) दिइनु पर्छ ।

सार्वजनिक सुरक्षालाई जोगाउने अन्य कुनै उपयुक्त प्रतिक्रिया नभएसम्म बालबिज्याँईकर्ताको मुद्दामा कैदलाई छल्न लक्षित छैटौँ कङ्ग्रेसको सङ्कल्पलेख ४ मा भएको एक मार्गदर्शक सिद्धान्तसँग नियम नियम १७.१(ग) मेल खान्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा ६ प्रकरण ५ अनुरुप धारा १७.२ मा मृत्युदण्डलाई निषेध गर्ने व्यवस्था छ ।

शारीरिक सजायविरूद्धको व्यवस्था नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा ७ र यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धि तथा बालअधिकारसम्बन्धी महासन्धिअनुरुप छ ।

कारवाही प्रक्रियालाई कुनै पनि बेला रोक्न सक्ने अधिकार (नियम १७.४) बाल कसूरदारलाई सम्हाल्नमा अन्तर्निहित विशिष्टता हो, हो जुन वयस्कका लागि अस्वीकार्य हुन्छ । सक्षम अधिकारीलाई कुनै पनि बेला मुद्दा सर्वोत्तम निप्टारा नै हस्तक्षेपको पूर्ण समाप्ति हो भन्ने परिस्थितिले ज्ञात गराउँछ ।

## १८. निप्टाराका विभिन्न उपाय

१८.१ सकेसम्म उच्चतम हदमा संस्थापनाकरणलाई त्याग्ने लचकताका लागि, सक्षम अधिकारीलाई निप्टाराका विभिन्न उपायहरु उपलब्ध गराइनेछ । केहीलाई मिश्रित गर्न सकिने यस्ता उपायहरुमा निम्न कुरा समेटिनेछन्ः

(क) हेरचाह, मार्गदर्शन र निरीक्षण आदेश,
(ख) दण्ड परीक्षण,
(ग) सामुदायिक सेवा आदेश,
(घ) वित्तीय दण्ड, क्षतिपूर्ति र हर्जाना,
(ङ) अन्तरमाध्यमिक तथा अन्य उपचार आदेश,
(च) समुहगत विमर्श र त्यस्तै क्रियाकलापमा सहभागी हुने आदेश,
(छ) लालनपालन, समुदायगत बसोबास वा अन्य शैक्षिक स्थानसँग सम्बन्धित आदेश,
(ज) अन्य सान्दर्भिक आदेश ।

१८.२ निजको मुद्दाको परिस्थितिले आवश्यक नबनाएसम्म बालबिज्याँईकर्तालाई पैत्रिक सुपरिवेक्षणबाट आंशिक वा पूर्ण कुनै रुपमा पनि अलग्याइने छैन ।

**टिप्पणी**

नियम १८.१ ले विभिन्न कानूनी व्यवस्थामा निक्कै व्यवहार गरिएका र सफल प्रमाणित भएका कुनै महत्वपूर्ण प्रत्युक्ति वा प्रतिक्रिया र दण्डभारलाई क्रमिक रुपमा राख्ने प्रयास गर्छ । समग्रमा तिनीहरुलाई अन्य ठाउँमा फैलाउने र थप विकास गर्ने प्रतिवद्ध राय प्रतिनिधित्व गर्छन् । केही क्षेत्रमा पर्याप्त कर्मचारीको सम्भावित कमीका कारणले नियमले कर्मचारी राख्ने आवश्यकतालाई खुलाउँदैनन् । ती क्षेत्रमा कम कर्मचारी चाहिने उपायहरुलाई प्रयोगमा ल्याउन वा विकास गर्न सकिन्छ ।

नियम १८.१ मा दिएका उदाहरणहरुमा, साझा रुपमा, वैकल्पिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि समुदायप्रतिको भर व्यक्त र त्यसका लागि आग्रह गरिएको छ । सामुदायमा आधारित सुधार वा शुद्धीकरण धेरै पक्षमा परम्परागत उपाय हो । त्यस आधारमा समुदायमा आधारित सेवा प्रदान गर्न सम्बन्धित अधिकारीहरु प्रोत्साहित हुनु पर्छ ।

नियम १८.२ ले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको धारा १० प्रकरण १ अनुसार समाजको प्राकृतिक र आधारभूत एकाई – परिवार – को महत्वलाई दर्शाउँछ । परिवारभित्र आफ्ना बालबालिकाको हेरचाह र सुपरिवेक्षण गर्ने आमाबाबुको अधिकार मात्र होइन, दायित्व पनि हो । त्यसैले बालबालिकालाई उनीहरुका आमाबाबुबाट अलग राख्ने कुरा अन्तिम उपाय हो भन्ने कुरा नियम १८.२ ले व्यवस्था गरेको छ । मुद्दाको तथ्य यो गम्भीर पाइला (उदाहरणका लागि, बाल दुर्व्यसन) स्पष्टतः खोज्ने खालको भएमा मात्र यसलाई अपनाउन खोज्नु पर्छ ।

## १९. संस्थापनाकरणको सारै कम सम्भाव्य प्रयोग

१९.१ बालबिज्याँईकर्तालाई कुनै पनि संस्थापनागत रुपमा राख्ने कुरा सधै अन्तिम उपायको निप्टारास्वरुप र न्यूनतम् आवश्यक अवधिका लागि हुनेछ ।

### टिप्पणी

प्रगतिशील अपराधशास्त्रले संस्थापनागतको सट्टा गैरसंस्थापनागत व्यवहारको प्रयोगको वकालत गर्दछ । संस्थापनाकरणको तुलनामा संस्थापनाकरणको सफलता साह्रै कम पाइएको छ । संस्थापनागत परिवेशभित्र सामना गर्नु नै पर्ने देखिएका व्यक्तिमा पर्ने प्रतिकूल प्रभावलाई प्रस्टतः उपचार प्रयासबाट सन्तुलनमा राख्न सकिन्न । यो मामिला नकारात्मक प्रभावको जोखिममा रहने बालबिज्याँईकर्तामा विशेष रहन्छ । अझ, नकारात्मक प्रभावहरुले स्वतन्त्रतामा घाटा पार्ने मात्र होइन, ति बालबिज्याँईकर्ताका विकासका प्रारम्भिक चरणका कारण वयस्कका लागि भन्दा बालबिज्याँईकर्तालाई निश्चय नै बढी तीव्र हुने सामान्य सामाजिक वातावरणबाट पनि अलग्याउँछ ।

नियम १९ ले संस्थापनाकरणलाई दुई सन्दर्भमा नियन्त्रण गर्ने लक्ष्य राखेको छः परिमाणमा (अन्तिम उपाय) र समयमा (न्यूनतम् आवश्यक अवधि) । छैटौं राष्ट्र संघीय कङ्ग्रेसको सङ्कल्पलेख ४ का आधारभूत मार्गदर्शक सिद्धान्तमध्ये एकलाई नियम १९ ले प्रतिविम्बित गर्दछ । अन्य उपयुक्त उपाय नभएका अवस्थामाबाहेक बाल कसूरदारलाई कैद गरिनु हुँदैन । त्यसैले बालबिज्याँईकर्ताको संस्थापनाकरण गर्नु पर्ने भएमा बन्धनका लागि विशेष संस्थागत व्यवस्थासँगै र कसूरदार, कसूर र संस्थापनागत प्रकारमा भएका विभिन्नतालाई ध्यानमा राखी सकेसम्म कम मात्रामा स्वतन्त्रताको घाटालाई सीमित गरिनु पर्ने कुराको वकालत यस नियमले गर्दछ । वास्तवमा “बन्द” संस्थापनालाई भन्दा “खुला” लाई प्राथमिकता दिनु पर्छ । अझ कुनै पनि सुविधा बन्दीहरुका लागि भन्दा पनि सुधार वा शुद्धीकरण गर्ने वा शैक्षिक प्रकारको हुनु पर्छ ।

## २०. अनावश्यक ढिलाईको अन्त्य

२०.१ अनावश्यक विलम्ब नगरी प्रत्येक मुद्दा प्रारम्भबाटै शीघ्रतापूर्वक अगाडि बढाइनेछ ।

### टिप्पणी

बालबिज्याँईकर्ताको मुद्दामा औपचारिक कारवाही प्रक्रियाको छिटो सञ्चालन अति चासोको विषय हो; अन्यथा कारवाही प्रक्रिया र निर्णयबाट प्राप्त गर्न सकिने कुनै पनि राम्रा कुरा जोखिममा पर्छ । समय बित्दै जाँदा, असम्भवै नभए पनि, बालबिज्याँईकर्ताले वौद्धिक तथा मनोवैज्ञानिक दुवै हिसाबले कारवाही प्रक्रिया र निर्णयलाई कसूरसँग जोड्न बढो कठिनाई अनुभव गर्न थाल्नेछन् ।

## २१. अभिलेख

२१.१ बाल कसूरदारको अभिलेख बिल्कुलै गोप्य राखिनेछ र तेस्रो पक्षका लागि बन्द रहनेछ । निप्टाराका बेला र निप्टारासँग प्रत्यक्ष सम्बन्धित रहेको वा विधिवत अधिकार पाएका

व्यक्तिसम्म मात्र यस्तो अभिलेखको पहुँचलाई सिमित तुल्याइनेछ ।

२१.२ बाल कसूरदारको अभिलेखलाई उही कसूरदार संलग्न भएको वयस्कको कारवाही प्रक्रियाको पछिल्लो मुद्दामा प्रयोग गरिने छैन ।

**टिप्पणी**

यस नियमले अभिलेख वा फाइलसँग गाँसिएका परस्पर बाँझिएका स्वार्थः नियन्त्रणमा सुधार ल्याउने प्रहरी, अभियोजन र अन्य अधिकारीहरुको हितविरूद्ध बाल कसूरदारका हित बीच सन्तुलन हासिल गर्ने प्रयास गरेको छ । (नियम ८ पनि हेर्नुहोस्) । "विधिवत अधिकार पाएका व्यक्ति" मा सामान्यतः अन्य बीच अनुसन्धानकर्ता पनि समेटिन्छन् ।

**२२. व्यवसायिकता तथा तालीमको आवश्यकता**

२२.१ बालबिज्याँईकर्ताको मुद्दा हेर्नमा संलग्न रहने सबै कर्मचारीको आवश्यक व्यवसायिक सक्षमता स्थापना गर्न र कायम राख्न व्यवसायिक शिक्षा, सेवाकालिन तालीम, पुर्नताजगी र निर्देशनका अन्य उचित तरिकाहरूको उपयोग गरिनेछ ।

२२.२ बाल न्यायका कर्मचारीहरुले बाल न्याय प्रणालीको सम्पर्कमा आउने बालबिज्याँईकर्ताको विविधतालाई प्रतिविम्बित गर्नेछन् । बाल न्यायका सम्बन्धित निकायहरुमा महिला र अल्पसंख्यकहरुको उचित प्रतिनिधित्वलाई सुनिश्चित गर्न प्रयास गरिनेछन् ।

**टिप्पणी**

निर्णयका लागि सक्षम अधिकारीहरु विभिन्न पृष्ठभूमि भएका हुन सक्छन् (बेलायत तथा उत्तरी आयरल्यान्डका एकीकृत अधिराज्य र बेलायती न्याय प्रणालीबाट प्रभावित क्षेत्रहरुका मेजिस्ट्रेट रोम कानून प्रणाली प्रयोग गरिरहेका देश र तिनबाट प्रभावित क्षेत्रमा कानूनी रुपले तालीमप्राप्त न्यायाधीश, अन्यत्र निर्वाचित वा नियुक्त साधारण व्यक्ति वा कानूनविद, समुदायमा अधारित समितिका सदस्य आदि) कानून, समाजशास्त्र, मनोविज्ञान, अपराध शास्त्र तथा व्यवहारिक विज्ञानहरुमा न्यूनतम् तालीममा यी सबै अधिकारीले पूरा गर्नु पर्ने आवश्यकता छ । यसलाई संगठनात्मक विशिष्टीकरण र सक्षम निकायको स्वतन्त्रता जत्तिकै महत्वपूर्ण मानिएको छ । सामाजिक कार्यकर्ता र दण्ड परीक्षण अधिकारीका लागि बाल कसूरदारलाई हेर्ने कुनै पनि कार्यको उत्तरदायित्व लिने पूर्वाधारका रुपमा पेशागत विशिष्टीकरणलाई आवश्यकता राख्नु अव्यवहारिक हुन पनि सक्छ । अतः पेशागत सेवाकालीन प्रशिक्षण न्यूनतम् योग्यता नै हुन जान्छ ।

बाल न्यायको निष्पक्ष र प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न पेशागत योग्यता अति आवश्यक कारक तत्व हुन सक्छ । त्यस्तै कर्मचारीको नियुक्ति, पदोन्नति र पेशागत तालीमलाई सुधार गर्ने तथा आफ्ना क्रियाकलाप ठीकसँग सम्पन्न गर्न तिनलाई सक्षम पार्ने आवश्यक श्रोतसाधन उपलब्ध गराउन आवश्यक छ ।

बाल न्याय प्रशासनमा निष्पक्षता प्राप्त गर्न बाल न्यायका कर्मचारीको छनोट, नियुक्ति र पदोन्नतिमा सबै राजनीतिक, सामाजिक, लैङ्गिक, जातीय, धार्मिक, साँस्कृतिक वा अन्य कुनै पनि प्रकारको भेदभावलाई प्रवेश गर्न दिनु हुँदैन । यो कुरा छैटौँ कङ्ग्रेसले सिफारिस गरेको थियो । अझ, छैटौँ कङ्ग्रेसले फौजदारी न्याय प्रणालीका कर्मचारीका रुपमा महिलाको स्वच्छ र समान व्यवहार निश्चित गर्न सदस्य राष्ट्रलाई आह्वान गऱ्यो र बाल न्याय प्रशासनमा महिला कर्मचारीको नियुक्ति, तालीम र पदोन्नतिलाई सघाउ पुऱ्याउन विशेष उपायहरु अवलम्बन गर्नु पर्ने सिफारिस गरेको छ ।

## भाग-४
## गैरसंस्थापनागत उपचार

### २३. निप्टाराको प्रभावकारी कार्यान्वयन

२३.१ माथि नियम १४.१ मा उल्लेख गरिएअनुसार सक्षम अधिकारीको आदेशको अधिकारी आफै वा परिस्थितिले आवश्यक परेअनुसार अन्य केही अधिकारीबाट कार्यान्वयनका लागि उचित व्यवस्था गरिनेछ ।

२३.२ यस्ता व्यवस्थामा यस नियमावलीमा रहेका सिद्धान्तहरुअनुरुप त्यस्ता फेरबदल निर्धारण हुने गरी सक्षम अधिकारीले समयसमयमा आवश्यक ठानेअनुसार आदेशलाई फेरबदल गर्ने अधिकार यस्ता परिवर्तन गर्ने अधिकार समावेश हुनेछ ।

### टिप्पणी

वयस्कहरुको मुद्दाको भन्दा बालबिज्याँईकर्ताहरुको मुद्दाको निप्टाराले लामो समयसम्मका लागि कसूरदारको जीवनलाई प्रभाव पार्न सक्छ । यसरी प्रथमतः मुद्दा छिन्ने सक्षम अधिकारीसरहको योग्यता भएको सक्षम अधिकारी वा कुनै पनि स्वतन्त्र निकायले (दण्ड जमानी समिति, दण्ड परीक्षण कार्यालय, युवा कल्याण संस्था वा अन्य) निर्णयको कार्यान्वयनलाई सुपरिवेक्षण गर्नु पर्ने कुरा महत्वपूर्ण छ । यस प्रयोजनका लागि कुनैकुनै मुलुकमा सजाय कार्यान्वयन न्यायाधिकारी पनि राखिएका छन् ।

यस्तो निकायको बनोट, अधिकार र कार्य लचिलो हुनै पर्छ । व्यापक स्वीकार्यताको सुनिश्चित् गर्नका लागि तिनलाई नियम २३ मा सरल शब्दावलीमा बर्णन गरिएको छ ।

### २४. आवश्यक सहयोग व्यवस्था

२४.१ पुनर्स्थापना प्रक्रियालाई सहज बनाउनका लागि, कारवाही प्रक्रियाका सबै चरणमा बालबिज्याँईकर्तालाई बास, शिक्षा वा व्यवसायिक तालीम, रोजगारी वा अन्य कुनै सहयोगी र व्यवहारिक मद्दत उपलब्ध गराउने प्रयास गरिनेछन् ।

**टिप्पणी**

बालबिज्याँईकर्ताको भलाईको प्रवर्धन नै ध्यान दिनु पर्ने प्रमुख विषय हो । यसरी पुनर्स्थापना प्रक्रियाको अवधिभर बालबिज्याँईकर्ताको सर्वोत्तम हितलाई बढावा दिन सक्ने आधारभूत सुविधा, सेवा र अन्य आवश्यक सहयोग उपलब्ध गराउने महत्वलाई नियम २४ ले जोड दिन्छ ।

### २५. स्वयंसेवक तथा र अन्य सामुदायिक सेवाको परिचालन

२५.१ स्वयंसेवक, स्वयंसेवी संगठन, स्थानीय संस्था र अन्य सामुदायिक श्रोतसाधनलाई सामुदायिक ढाँचाभित्रै र सकेसम्म पारिवारिक एकाईभित्र पर्ने गरी प्रभावकारी रुपले बालबिज्याँईकर्ताको पुनर्स्थापनामा योगदान गर्न आह्वान गरिनेछ ।

**टिप्पणी**

यस नियमले बाल कसूरदारहरुसँगै सम्पूर्ण कार्यको पुनर्स्थापनात्मक अभिमुखीकरणका लागि चाहिने आवश्यकतालाई प्रतिविम्बित गर्छ । सक्षम अधिकारीहरुका निर्देशनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्छ भने समुदायसँगको सहयोग अपरिहार्य छ । खास गरी स्वयंसेवक र स्वयंसेवक संस्थाहरु सेवकहरु मूल्यवान प्रमाणित भएका छन् तर हाल कम मात्रामा मात्र प्रयोग गरिएका छन् । केही अवस्थामा पूर्व कसूरदार (पूर्व दुर्व्यसनीसमेत) को हातेमालो उल्लेखनीय सहायता हुन सक्छ ।

नियम १.१ र १.६ मा स्थापित सिद्धान्तबाट नियम २५ सिर्जना भएको हो र यो नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धका सान्दर्भिक प्रावधानहरुसँग सुसङ्गत छ ।

## भाग-५
## संस्थापनागत उपचार

### २६. संस्थापनागत उपचारका उद्देश्य

२६.१ संस्थामा राखिएका बालबिज्याँईकर्ताका लागि गरिने तालीम र उपचारको उद्देश्य भनेको तिनले समाजमा आफ्नो भूमिका सामाजिक रुपले रचनात्मक र उत्पादक छ भन्ने ठानून् भन्ने दृष्टिले तिनलाई हेरचाह, संरक्षण, शिक्षा र व्यवसायिक सीप प्रदान गर्नु हो ।

२६.२ संस्थागत रुपमा रहेका बालबिज्याँईकर्ताले उनीहरुको हेरविचार, संरक्षण र उनीहरुको उमेर, लिङ्ग तथा व्यक्तित्व र समग्र विकासको हितका आवश्यकताको कारणले चाहिने सामाजिक, शैक्षिक, व्यवसायिक, मनोवैज्ञानिक, स्वास्थ्यसम्बन्धी तथा शारीरिक जस्ता सबै आवश्यक सहयोग प्राप्त गर्नेछन् ।

२६.३ बालबिज्याँईकर्तालाई संस्थामा राख्दा वयस्कबाट अलग्गै राखिनेछ र छुट्टै संस्थामा वा वयस्कलाई पनि राखिएको संस्था भए छुट्टै खण्डको थुनामा राखिनेछ ।

२६.४ संस्थामा राखिएका कम उमेरका किशोरी महिला कसूरदारउपर उनीहरुका व्यक्तिगत आवश्यकता र समस्याअनुरुप विशेष ध्यान दिनु पर्ने हुन्छ । ती किशोरी महिला कसूरदारले किशोर पुरुष कसूरदारभन्दा कम हेरचाह, संरक्षण, सहयोग, उपचार र तालीम कुनै हालतमा पनि पाउने छैनन् । उनीहरुप्रतिको स्वच्छ व्यवहारलाई सुनिश्चित गरिनेछ ।

२६.५ संस्थाकरण गरिएका बालबिज्याँईकर्ताको हित र भलाईमा आमाबाबु वा संरक्षकलाई पहुँचको अधिकार हुनेछ ।

२६.६ शैक्षिक बेफाइदासाथ संस्था छाडेर जान नपरोस् भन्ने कुरालाई सुनिश्चित गर्ने दृष्टिले संस्थापनाकरण गरिएका बालबिज्याँईकर्तालाई पर्याप्त प्राज्ञिक वा उचित भएअनुरुप व्यवसायिक तालीम प्रदान गर्ने उद्देश्यका लागि अन्तरमन्त्रालयगत तथा अन्तरविभागीय सरसहयोगलाई अझ मजबुत बनाइनेछ ।

## टिप्पणी

नियम २६.१ र २६.२ मा अपेक्षा गरिएअनुरुप संस्थागत उपचारका उद्देश्यहरु कुनै पनि व्यवस्था र सँस्कृति अनुरुप मान्य हुनेछ । यद्धपि, अझै ती कुरा जहाँ पनि प्राप्त भएका छैनन् र यस सन्दर्भमा धेरै गर्न बाँकी छ ।

वयस्क कसूरदारहरुबाट नकारात्मक प्रभाव पर्न नदिन र संस्थापनागत संरचनामा बालबिज्याँईकर्ताको भलाईको संरक्षण नियम २६.३ मा प्रोत्साहित गरिएअनुरुप छैटौँ कङ्ग्रेसले आफ्नो सङ्कल्पलेख ४ मा प्रस्तुत गरेको मूलभूत मार्गदर्शक सिद्धान्त मध्येको एक सिद्धान्तअनुरुप छ । यस नियमले राज्यलाई नियममा उल्लिखित (नियम १३.४ पनि हेर्नुहोस्) उपायहरुभन्दा कम प्रभावकारी देखिएका वयस्क कसूरदारको नकारात्मक प्रभावहरुविरूद्ध अन्य उपायहरु अपनाउनका लागि रोक लगाउदैन ।

छैटौँ कङ्ग्रेसले देखाएअनुरुप पुरुष कसूरदारभन्दा महिला कसूरदारले कम ध्यान पाउँछन् भन्ने तथ्यलाई नियम २६.४ ले देखाएको छ । खास गरी छैटौँ कङ्ग्रेसको सङ्कल्पलेख ९ ले महिला कसूरदारको फौजदारी न्याय प्रक्रियाको प्रत्येक तहमा स्वच्छ पुर्पक्षका लागि र हिरासतमा हुँदा महिला कसूरदारका खास समस्या र आवश्यकताप्रति विशेष ध्यान दिनका लागि आह्वान गरेको छ । अझ यस नियमलाई छैटौँ कङ्ग्रेसको क्याराकास घोषणाका परिप्रेक्ष्यमा हेर्नु पर्छ, जसले अन्य कुराका साथै महिलाविरूद्ध भेदभावको उन्मूलनसम्बन्धी घोषणा एवं महिलाविरूद्ध सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको परिप्रेक्ष्यमा फौजदारी न्याय प्रशासनमा समान व्यवहारको आह्वान गर्छ ।

पहुँचको अधिकार (नियम २६.५) नियम ७.१, १०.१, १५.२ र १८.२ का व्यवस्थाहरुबाट आएको हो । सामान्यतः संस्थागत उपचार र तालीमको गुणस्तर प्रवर्धन गर्ने उद्देश्यका लागि अन्तरमन्त्रा लयगत र अन्तरविभागीय सहयोग (नियम २६.६) खास महत्वका छन् ।

## २७. राष्ट्र संघद्वारा जारी बन्दीप्रति गर्नु पर्ने व्यवहारको न्यूनतम् मापदण्डका नियमावलीको कार्यान्वयन

२७.१ बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावली र सम्बन्धित सिफारिस सान्दर्भिक रहेको हद र मात्रामा न्याय निरुपण थाती राख्दा राखिने थुनछेक लगायत संस्थागत रुपमा रहेका बाल कसूरदारका उपचार–व्यवहारमा लागू हुनेछन् ।

२७.२ बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावलीमा स्थापित सान्दर्भिक सिद्धान्तलाई बालबिज्याँईकर्ताको उमेर, लिङ्ग र व्यक्तित्वअनुरुप उनीहरुका बदलिँदा आवश्यकताको परिपूर्ति गर्नका लागि सम्भव भएसम्म अधिकतम् हदमा कार्यान्वयन गर्न प्रयास गरिनेछन् ।

### टिप्पणी

बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावली राष्ट्र संघबाट जारी गरिएका यस किसिमका पहिला अध्यालेख मध्येका हुन् । ती मापदण्डहरुको प्रभाव विश्वभर परेको छ भन्ने कुरा आम रुपमा स्वीकार गरिएको छ । तर पनि, अझै यस्ता देशहरु छन्, ती मापदण्डहरुको कार्यान्वयन तथ्यमा भन्दा उत्प्रेरणाको श्रोत मात्र बनेका छन् । ती मापदण्डका नियमावली सुधार गर्ने संस्थाहरुको मानवीय एवं समन्यायिक प्रशासनमा अझै पनि महत्वपूर्ण प्रभाव पारिराखेकै छन् ।

संस्थागत रुपमा रहेका बाल कसूरदारलाई समेट्ने गरी केही अति आवश्यक संरक्षणहरु (बास, भवन, ओछ्यान, लत्ताकपडा, उजुर तथा गुनासो, बाहिरी विश्वसँगको सम्पर्क, भोजन, स्वास्थ्यको हेरचाह, धार्मिक सेवा, उमेरको वर्गिकरण र पृथकता, कर्मचारी नियुक्ति आदि) सजाय र अनुशासन तथा खतरनाक कसूरदारका लागि नियन्त्रणसम्बन्धी व्यवस्थाहरु भए जस्तै व्यवस्था बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावलीमा परेका छन् । बाल न्याय प्रशासनका लागि न्यूनतम् मापदण्डको नियमावलीको क्षेत्रभित्र बाल कसूरदारका लागि संस्थाको खास प्रकृतिअनुसार ती मापदण्डका नियमहरुलाई परिवर्तन गर्नु उचित हुँदैन ।

संस्थागत रुपमा रहेका (नियम २७.१) बालबिज्याँईकर्ताका साथै उनीहरुको उमेर, लिङ्ग र व्यक्तित्व (नियम २७.२) सँग मिल्ने बदलिँदा आवश्यकताहरुका लागि आवश्यक आधारहरु माथि नियम २७ ले मुख्य रुपमा ध्यान दिएको छ । यसरी नियमका उद्देश्य र त्यसमा निहित कुराहरु बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावलीका सान्दर्भिक व्यवस्थाहरुसँग अन्तरसम्बद्ध छन् ।

## २८. सशर्त छुटकाराको निरन्तर र छिटोछरितो उपचार

२८.१ संस्थापनाबाट सशर्त छुटकाराको सम्भव भएसम्म अधिकतम् हदमा उपयुक्त अधिकारीबाट प्रयोग हुनेछ र यथाशक्य छिटो समयमा प्रदान गरिनेछ ।

२८.२ संस्थापनाबाट सशर्त छुटकारा दिइएका बालबिज्याँईकर्तालाई उपयुक्त अधिकारीबाट मद्दत र सुपरिवेक्षण गरिनेछ र समुदायबाट पूर्ण सहयोग पाउनेछन् ।

**टिप्पणी**

सशर्त छुटकाराको आदेश दिने अधिकार नियम १४.१ मा उल्लेख गरेअनुरुप सक्षम अधिकारी वा अन्य कुनै अधिकारीसँग रहन सक्छ । यसको विचार गरी “सक्षम” अधिकारीभन्दा पनि “उचित” भनी यहाँ उल्लेख गर्नु पर्याप्त छ । परिस्थितिहरुले दिएमा सशर्त रिहाईलाई पूर्ण सजायको दाँजोमा रोजिनेछ । पुनर्स्थापनतर्फको सन्तोषजनक प्रगतिको प्रमाणका आधारमा संस्थापनाकरणको समयमा खतरनाक देखिएका कसूरदारहरुलाई पनि जुन बेला सम्भव हुन्छ, त्यस बेला सशर्त छुटकारा दिन सकिनेछ । दण्ड परीक्षण रिहाई जस्तै यस्तो रिहाई उदाहरणका लागि, कसूरदारका राम्रो चालचलन, सामुदायिक कार्यक्रमहरुमा उपस्थिति, मार्गस्थ गृहमा बास आदि निर्णयमा निर्देशित समायावधिका लागि सान्दर्भिक अधिकारीबाट तोकिएका आधारहरुको सन्तोषजनका परिपूर्तिमा सशर्त हुन सक्नेछ ।

संस्थाबाट सशर्त आधारमा रिहाई भएका कसूरदारहरुका हकमा परीक्षण रिहाई वा अन्य अधिकारीबाट हुने सहयोग र सुपरिवेक्षण (खास गरी परीक्षण रिहाई अझै ग्रहण नगरिएका स्थानमा) उपलब्ध गराइनेछ र सामुदायिक सेवालाई प्रोत्साहित गरिनेछ ।

**२९. अर्धसंस्थापनागत बन्दोबस्त**

२९.१ मार्गस्थ गृह, शैक्षिक गृह, दिवा तालीम केन्द्र र समाजमा बालबिज्याँईकर्ताको उचित पुनःसम्मिलनका लागि मद्दत गर्न सक्ने अन्य यस्तै उपयुक्त बन्दोबस्त जस्ता अर्धसंस्थापनागत बन्दोबस्त उपलब्ध गराउन प्रयास गरिनेछन् ।

**टिप्पणी**

संस्थाकरणको अवधिपछिको हेरचाहको महत्वलाई कम मूल्याङ्कन गरिनु हुँदैन । यस नियमले अर्धसंस्थापनागत व्यवस्थाको सञ्जाल निर्माण गर्ने अवस्थालाई जोड दिन्छ । समुदायमा पुनःसम्मिलन गरेका बाल कसूरदारको विभिन्न आवश्यकता पूरा गर्न निर्मित सुविधा र सेवाको विविधतायुक्त मात्राको आवश्यकतालाई र समाजमा सफलतापूर्वक पुनःसम्मिलन गर्नेतर्फ महत्वपूर्ण पाइलाको रुपमा मार्गदर्शन र संरचनात्मक सेवा उपलब्ध गराउन यस नियमले जोड दिन्छ ।

## भाग-६
## अनुसन्धान, योजना, नीतिनिर्माण र मूल्याङ्कन

**३०. योजना, नीतिनिर्माण र मूल्याक्तन आधारका रुपमा अनुसन्धान**

३०.१ प्रभावकारी योजना तर्जुमा र नीति निर्माणको आधारका रुपमा आवश्यक अनुसन्धानको व्यवस्था र प्रवर्धन गर्न प्रयास गरिनेछन् ।

३०.२ बालबिज्याँई एवं अपराधका प्रवृत्ति, समस्या र कारणका साथसाथै हिरासतमा रहेका बालबिज्याँईकर्ताका बदलिँदा खासखास आवश्यकताहरुको आवधिक रुपमा पुनरावलोकन र लेखाजोखा गर्न प्रयास गरिनेछन् ।

३०.३ बाल न्याय प्रशासनका प्रणालीमा समाहित नियमित मूल्याङ्कनकारी अनुसन्धान संयन्त्र स्थापना गर्न र प्रशासनको उचित लेखाजोखा र भावी परिमार्जन र सुधारका लागि सान्दर्भिक तथ्याङ्क र सूचनाको सङ्कलन तथा विश्लेषण गर्न प्रयास गरिनेछन् ।

३०.४ बाल न्याय प्रशासनमा प्रदान गरिने सेवालाई राष्ट्रिय विकास प्रयासको अभिन्न अङ्गका रुपमा सुव्यवस्थित तरहले योजनावद्ध र कार्यान्वयन गरिनेछ ।

## टिप्पणी

सुसूचित बाल न्याय नीतिका लागि एक आधारको रुपमा अनुसन्धानको उपायलाई ज्ञानको अभिवृद्धिभन्दा व्यवहारलाई अगि नै राख्न र बाल न्याय प्रणालीको निरन्तर विकास र समृद्धिका लागि महत्वपूर्ण संयन्त्रसरह व्यापक रुपमा स्वीकार गरिएको छ । अनुसन्धान र नीतिको आपसी सूचनाको आदानप्रदान बाल न्यायमा विशेष रुपले महत्वपूर्ण छ । कम उमेरका व्यक्तिहरुको जीवनशैलीमा द्रूत र औसत आमूल परिवर्तन तथा बाल अपराधको किसिम र आयामसँगै बाल अपराध वा बिज्याँईप्रतिको सामाजिक तथा न्यायिक प्रक्रिया तुरून्तै समयसँग नमिल्दो र अपर्याप्त हुन जान्छ ।

यसरी नियम ३० ले बाल न्याय प्रशासनमा अनुसन्धानलाई नीति निर्माण र कार्यान्वयनको प्रक्रियामा एकीकृत गर्नका लागि मापदण्ड निर्धारण गर्दछ । विद्यमान कार्यक्रम र उपायहरुको नियमित अनुगमन र मूल्याङ्कनको आवश्यकताप्रति सम्पूर्ण विकासको उद्देश्यको बृहत्तर परिप्रेक्ष्यमा योजनाका लागि सो नियमले खास ध्यानाकर्षण गर्दछ ।

बालबिज्याँईकर्ताको आवश्यकताका साथै बिज्याँईको प्रवृत्ति र समस्याको नियमित मूल्याङ्कन नै उचित नीतिहरुको निर्णय गर्ने तरिकामा सुधार ल्याउने र औपचारिक तथा अनौपचारिक दुवै स्तरमा स्थापना गरिने पर्याप्त सहयोगात्मक हस्तक्षेपको पूर्वाधार हो ।

यस परिप्रेक्ष्यमा स्वतन्त्र व्यक्ति तथा निकायबाट हुने अनुसन्धानलाई उत्तरदायी संस्थाहरुबाट सघाउ पुऱ्याइनेछ र व्यवस्थाको सम्पर्कमा आएका मात्र नभई बालबिज्याँईकर्ता स्वयंको विचार प्राप्त गर्नु र त्यसलाई ध्यानमा राख्नु महत्वपूर्ण हुन सक्छ ।

योजना प्रक्रियाले आवश्यक सेवा पुऱ्याउनका लागि बढी प्रभावकारी न्यायोचित व्यवस्थालाई

विशेष जोड दिनु पर्छ । त्यसका लागि बालबिज्याँईकर्ताका खासखास बृहत्तर दायराका आवश्यकता र समस्याको बृहत् एवं नियमित मूल्याङ्कन हुनु पर्छ तथा प्राथमिकताको स्पष्ट पहिचान हुनु पर्छ । सो सन्दर्भमा, स्थापित कार्यक्रमहरुको कार्यान्वयन र अनुगमन गर्ने उपयुक्त कार्यविधिको स्थापना गर्न सुहाउँदा विकल्प र सामुदायिक टेवा लगायतका विद्यमान श्रोतसाधनको प्रयोगमा समन्वय पनि हुनु पर्छ ।

# स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्र संघीय नियमावली

*महासभाको १४ डिसेम्बर १९९० को सङ्कल्पलेख ४५/११३ द्वारा घोषित तथा जारी*

## १. मूलभूत परिप्रेक्ष्य

(१) बाल न्याय प्रणालीले बालबिज्याँईकर्ताहरुको अधिकार तथा सुरक्षा कायम राख्ने र उनीहरुको शारीरिक तथा मानसकि भलाई प्रवर्धन गर्नु पर्छ । कैद सजायलाई छनोटको अन्तिम विकल्पका रुपमा प्रयोग गर्नु पर्छ ।

(२) बालबिज्याँईकर्तालाई स्वतन्त्रताबाट वञ्चित गर्ने कुरा यस नियमावली र बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली) मा स्थापित गरिएका सिद्धान्त र कार्यविधिबमोजिम मात्र गरिनु पर्छ । बालबिज्याँईकर्ताको स्वतन्त्रताको वञ्चना निरुपणको अन्तिम उपायस्वरुप र न्यूनतम् आवश्यक अवधिका लागि र अपवादजनक मामिलाहरुमा सीमित गरिनु पर्छ । दण्डभारको लमाई, निजको छिटै छुटकारा हुन सक्ने कुरालाई अगावै बाहेक नगर्ने गरी न्यायिक अधिकारीबाट निर्धारित हुनु पर्छ ।

(३) यी नियमहरुले मानवअधिकार र मौलिक स्वतन्त्रताहरुसँग सुसङ्गत हुने गरी, र सबै प्रकारका थुनाका अहितकारी असरहरु विरूद्ध प्रतिकार गर्ने तथा समाजमा एकीकरणलाई बढाउने दृष्टिसाथ सबै स्वरुपमा स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्ताहरुको संरक्षणका लागि संयुक्त सदस्य राष्ट्र संघद्वारा स्वीकार गरिएको न्यूनतम् मापदण्ड स्थापित गर्न चाहेका छन् ।

(४) जाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राष्ट्रियता, राजनीतिक, पारिवारिक हैसियत वा अरु वैचारिक, साँस्कृतिक आस्था र उत्पत्ति र अक्षमाङ्गताका आधारमा भेदभाव नराखी निष्पक्ष रुपमा यी नियम लागू गरिनेछन् । बालबिज्याँईकर्ताको धार्मिक, साँस्कृतिक आस्था र व्यवहार र नैतिक धारणाको आदर गर्नु पर्छ ।

(५) यी नियमहरुलाई सन्दर्भका लागि सुविधाजनक मापदण्डका रुपमा टेवा दिने गरी र बाल न्याय प्रणालीको व्यवस्थापनमा कार्यरत व्यवसायीहरुलाई प्रोत्साहन र मार्ग निर्देशन प्रदान गर्ने गरी रुपाङ्कन गरिएको छ ।

(६) यी नियमहरु बाल न्याय प्रणालीका कर्मचारीगणलाई तत्कालै उनीहरुको राष्ट्रिय भाषाहरुमा उपलब्ध गराउनु पर्छ । थुनछेक सुविधाहरुका कर्मचारीगणले बोलेको भाषा नबुझ्ने बालबिज्याँईकर्ताहरुलाई आवश्यकता भएअनुसार खास गरी स्वास्थ्य परीक्षण र अनुशासनात्मक कारवाही प्रक्रियाका बेलामा दोभाषेको सेवा निःशुल्क पाउने अधिकार रहनु पर्छ ।

७) राज्यहरुले उपयुक्त भएसम्म, यी नियमहरुलाई नयाँ कानून निर्माण गरी वा विद्यमान कानूनमा संशोधन गरी आफ्ना विधायनमा समावेश गर्नु पर्छ र तिनको हनन् हुँदा, बालबिज्याँईकर्ताउपर आघात पुऱ्याएका अवस्थामा क्षतिपूर्ति लगायतका, प्रभावकारी उपचार उपलब्ध गराउनु पर्छ । राज्यहरुले यी नियमहरुको प्रचलनको अनुगमन पनि गर्नु पर्छ ।

(८) सक्षम अधिकारीले थुनिएका बालबिज्याँईकर्ताको हेरविचार र उनीलाई उनीहरु कै समाजमा फर्काउने तयारी ठूलो महत्वको सामाजिक सेवा हो भन्ने विषयमा सर्वसाधारणमा बराबर जनचेतना बढाउन खोज्नु पर्छ, र यस उद्देश्यका लागि बालबिज्याँईकर्ता र समुदाय बीच खुला सम्पर्क बढाउन सक्रिय पाइला चालिनु पर्छ ।

(९) अन्तर्राष्ट्रिय समुदायले मान्यता प्रदान गरेका बालबिज्याँईकर्ता, बालबालिका र समस्त किशोरकिशोरीहरुको अधिकार, हेरचाह र संरक्षण सुनिश्चित गर्नमा अझ बढी अनुकूल रहने सान्दर्भिक संयुक्त राष्ट्र संघीय मानवअधिकार अध्यालेख र मापदण्डहरुको प्रचलनलाई बाहेक गर्ने गरी यो नियमावलीको कुनै कुराको व्याख्या गरिने छैन ।

(१०) व्यवहारिक प्रचलनका सन्दर्भमा खण्ड २ देखि ५ सम्मका खास नियमहरु यस खण्डका कुनै नियमसँग बाँझिएमा यस खण्डका नियमहरुलाई पछिल्लोसँग सुसङ्गत हुने गरी प्रभावशाली मानिनेछ ।

## २. नियमावलीको क्षेत्र र प्रयोग

(११) यस नियमावलीको प्रयोजनका लागि देहायका परिभाषा लागू हुनेछन्ः

(क) बालबिज्याँईकर्ता भन्नाले १८ वर्ष मुनिका प्रत्येक मानवलाई जनाउँछ । बालबालिकालाई निजको स्वतन्त्रताबाट वञ्चित गर्न अनुमति दिन नहुने उमेरको हक कानूनद्वारा तोकिनु पर्छ ।

(ख) स्वतन्त्रताको वञ्चना भन्नाले निजका इच्छामा छुट्न वा उम्कन अनुमति नरहने गरी, न्यायिक, प्रशासनिक वा अन्य सार्वजनिक अधिकारीको आदेशले जुनसुकै प्रकारको थुना वा कैदमा वा निजी वा सार्वजनिक हिरासतीय प्रबन्धमा व्यक्तिको रखाईलाई जनाउँछ ।

(१२) बालबिज्याँईकर्ताको मानवअधिकारको सम्मान निश्चित पार्ने अवस्था र परिवेश बनाएर मात्र स्वतन्त्रताको वञ्चनालाई प्रभावमा ल्याउनु पर्छ । बालबिज्याँईकर्तामा उत्तरदायित्वको भावना जगाउन र समाजका सदस्यका रुपमा उनीहरुको सम्भावनालाई विकास गर्नमा बालबिज्याँईकतालाई सघाउ पुऱ्याउने अभिवृत्ति र सीपलाई प्रोत्साहित गर्न थुनछेक वा थुनागत सुविधामा रहेका बालबिज्याँईकर्तालाई उनीहरुको स्वास्थ्य र आत्मसम्मानलाई प्रवर्धन गर्ने र टिकाउने कुरालाई टेवा दिने सार्थक क्रियाकलाप र कार्यक्रमहरुको फाइदा लिन पाउने कुरा प्रत्याभूत गर्नु पर्छ ।

(१३) स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्तालाई स्वतन्त्रताको वञ्चनासँग मेल खाने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका ती बिज्याँईकर्ताहरुका नागरिक, आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक हकाधिकारबाट उनीहरुको हैसियतसम्बन्धी कुनै कारणले पनि वञ्चित गरिने छैन ।

(१४) थुनछेकका उपायहरुको कार्यान्वयनको वैधताप्रति विशेष ध्यानका साथ बालबिज्याँईकर्ताका व्यक्तिगत अधिकारहरुको संरक्षण सक्षम अधिकारीले सुनिश्चित गर्नेछन्, थुनागत सुविधाको अधीनस्थ नरहेको र बालबिज्याँईकर्तालाई भेटघाट गर्ने अख्तियारी पाएको विधिसम्मत रुपमा स्थापित निकायद्वारा अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रिय कानून तथा नियमबमोजिम नियमित निरीक्षण र नियन्त्रणका अन्य माध्यमबाट सामाजिक सम्मिलनको उद्देश्य हासिल गरिनेछ ।

(१५) यो नियमावली बालबिज्याँईकर्ताहरुलाई राखिने सबै किसिम र स्वरुपका थुनागत सुविधाहरुमा लागू हुन्छ । नियमावलीका परिच्छेद १, २, ४, ५ बालबिज्याँईकर्तालाई राखिने सबै प्रकारका थुनागत सुविधा र संस्थापनाहरुमा लागू हुन्छ, र परिच्छेद ३ विशेषतः पक्राउ परेका वा पुर्पक्षको प्रतीक्षामा रहेका बालबिज्याँईकर्ताहरुका लागि लागू हुन्छ ।

(१६) हरेक सदस्य राष्ट्रमा रहेको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थाका सन्दर्भमा यो नियमावलीको कार्यान्वयन गरिनेछ ।

## ३. पक्राउअन्तर्गत वा पुर्पक्षको प्रतीक्षारत बालबिज्याँईकर्ता

(१७) पक्राउअन्तर्गत वा पुर्पक्षको प्रतीक्षामा थुनिएका बालबिज्याँईकर्तालाई निर्दोष मानिनेछ र तद्नुरुप व्यवहार गरिनेछ । पुर्पक्षपूर्वको थुनछेकलाई सम्भव हुने हदसम्म बर्जित गरिनेछ र अपवादजनक परिस्थितिका लागि सिमित गरिनेछ । त्यसर्थ, सम्भव भएसम्म वैकल्पिक उपाय अवलम्बन गर्न सबै प्रयासहरु गरिनेछन् । यसो गर्दागर्दै पनि निरोधात्मक थुनछेक प्रयोग भएमा थुनछेकको अवधि सम्भव भएसम्म छोटो हुने कुरा सुनिश्चित पार्नका लागि त्यस्ता मुद्दाको कारवाही सर्वाधिक छिटोछरितो पार्नका लागि बाल अदालत र अनुसन्धान निकायहरुले उच्चतम प्राथमिकता दिनेछन् । पुर्पक्ष भई नसकेका अन्य थुनुवालाई दोष साबित भएका बालबिज्याँईकर्ताभन्दा अलग्गै राखिनेछ ।

(१८) पुर्पक्ष नभएका बालबिज्याँईकर्तालाई थुनिएको थुनछेकको अवस्था, निर्दोषिताको अनुमान, थुनछेकको अवधि एवं कानूनी हैसियत तथा बालबिज्याँईकर्ताको परिस्थितिका आवश्यकता, आवश्यक र उपयुक्त भएसम्म अतिरिक्त खासखास प्रावधानसाथ तल कायम गरिएका नियमहरुसँग सुसङ्गत हुनु पर्छ । यी प्रावधानहरुमा यिनैमा मात्र सीमित नहुने गरी देहायका कुरालाई समेट्दछन्ः

(क) बालबिज्याँईकर्तालाई कानूनी परामर्शको अधिकार हुनेछ, र उपलब्ध भएका ठाउँमा निशुल्क कानूनी सेवाका लागि निवेदन गर्न, उनीहरुका कानूनी सल्लाहकारसँग नियमित रुपमा सञ्चार गर्न ति बालबिज्याँईकर्तालाई सक्षम पारिनेछ । यस्तो सञ्चारमा गोपनीयता र विश्वस्तता सुनिश्चित गरिनेछन् ।

(ख) सम्भव भएसम्म बालबिज्याँईकर्तालाई उनका इच्छाअनुसार पारिश्रमिक पाउने गरी काम, र पढाईको निरन्तरता तथा तालीमको अवसर उपलब्ध गराउनु पर्छ, तर त्यसो गर्न वाध्य गरिनु हुँदैन । काम, तालीम र पढाईलाई थुनालाई निरन्तर पार्ने कारक तत्व भने बनाइनु हुँदैन् ।

(ग) बालबिज्याँईकर्ताले न्याय प्रशासनको हितसँग मिल्ने गरी फुर्सद र मनोरञ्जनका सामग्री प्राप्त गर्न र साथ राख्न पाउनु पर्छ ।

# ४. बालबिज्याँईकर्ताको सुविधाको व्यवस्थापन

## क. अभिलेख

(१९) कानूनी, स्वास्थ्य, अनुशासनात्मक कारवाहीका अभिलेख लगायतका सबै प्रतिवेदन, र उपचारका सम्पूर्ण विवरण र विषयवस्तुसम्बन्धी सबै दस्ताबेजहरु व्यक्तिगत फाइलमा गोपनीयता कायम गर्ने गरी राख्नु पर्छ, जो अद्यावधिक रहनु पर्छ र अख्तियारप्राप्त व्यक्तिका लागि पहुँचयोग्य र सजिलै बुझ्न सक्ने गरी वर्गिकरण गरिएको हुनु पर्छ । सम्भव हुने भएमा, निजको व्यक्तिगत फाइलमा रहेका नमिलेका, झूटा, निराधार, अनुचित कथन वा वक्तव्य सुधार गर्न अनुमति रहने गरी हरेक बालबिज्याँईकर्तालाई आफ्ना फाइलमा व्यक्त तथ्य वा विचार खण्डन गर्ने अधिकार हुनु पर्छ। यस अधिकारको प्रचलनका लागि अनुरोध गरेर फाइल हेर्न उपयुक्त तेस्रो पक्षलाई पहुँच रहने कार्यविधि हुनु पर्छ । बालबिज्याँईकर्ता थुनामुक्त भएपछि सो फाइल बन्द गर्नु पर्छ र उपयुक्त समयमा नष्ट गरिनु पर्छ ।

(२०) न्यायिक, प्रशासनिक वा अन्य सार्वजनिक अधिकारीको मान्य आदेश प्राप्त नभइकन बालबिज्याँईकर्तालाई कुनै पनि थुनागत सुविधामा लिनु हुँदैन । प्राप्त आदेशको सम्पूर्ण विवरण तत्काल दर्ता पुस्तिकामा प्रविष्ट गर्नु पर्छ । यस्तो दर्ता पुस्तिका नभएको थुनागत सुविधामा बालबिज्याँईकर्तालाई थुनामा लिनु हुँदैन ।

## ख. भर्ना, दर्ता, आवतजावत र स्थानान्तरण

(२१) बालबिज्याँईकर्तालाई थुनामा राखिएका हरेक स्थानमा बालबिज्याँईकर्तासँग सम्बन्धित प्राप्त सम्पूर्ण जानकारीसम्बन्धी निम्न लिखित अभिलेख पूर्ण र सुरक्षित राख्नु पर्छः

- (क) बालबिज्याँईकर्ताको पहिचानसम्बन्धी जानकारी;
- (ख) बालबिज्याँईकर्तालाई थुनामा राखिनुको तथ्य र कारणसहितको आदेश र सोको अख्तियारी;
- (ग) बालबिज्याँईकर्तालाई थुनामा लिइएको, स्थानान्तरण र मुक्त गरिएको तिथिमिति र समय;
- (घ) प्राप्त आदेशअनुसार बालबिज्याँईकर्ताको ख्यालका लागि थुनामा लिएको, स्थानान्तरण र मुक्त गरिएको हरघटनाको बाबुआमा वा संरक्षकलाई दिइएको जनाउको विवरण;
- (ङ) लागू तथा मादक पदार्थको दुर्व्यसनसहित जानकारी भएका शारीरिक र मानसिक स्वास्थ्य समस्याको विवरण ।

(२२) सम्बन्धित बालबिज्याँईकर्ताका आमाबाबु र संरक्षक वा निकटस्थ नातेदारलाई निजलाई थुनामा लिएको मिति, स्थान, स्थानान्तरण र छुटकारासम्बन्धी सूचना अविलम्ब दिनु पर्छ ।

(२३) थुनामा लिनासाथ, यथासम्भव छिटो, पूर्ण प्रतिवेदन र हरेक बालबिज्याँईकर्ताका व्यक्तिगत अवस्था र परिस्थितिसम्बन्धी सान्दर्भिक जानकारी तयार पार्नु पर्छ र प्रशासनसमक्ष प्रस्तुत गर्नु पर्छ ।

(२४) थुनामा लिँदा, सबै बालबिज्याँईकर्तालाई तिनले बुझ्ने भाषामा उजुर सुन्ने सक्षम अधिकारी तथा कानूनी सहायता दिने सार्वजनिक वा निजी निकाय तथा संगठनको ठेगानासहित थुनागत सुविधालाई नियमित गर्ने नियमहरु र उनीहरुका अधिकार र दायित्वको लिखित खोलुवा एक एक प्रति उपलब्ध गराउनु पर्छ । निरक्षर र लिखितस्वरुपको जानकारी बुझ्न नसक्ने बालबिज्याँईकर्ताहरुका लागि निजहरुले बुझ्ने तरिकाले यी सम्पूर्ण कुरा जानकारी गराइनु पर्छ ।

(२५) थुनामा रहेका सम्पूर्ण बालबिज्याँईकर्तालाई थुनागत सुविधाको आन्तरिक संगठनलाई नियमन गर्ने नियम/नियमावली, उपलब्ध गराइने हेरचाहका उद्देश्य र विधि, अनुशासनका आवश्यकता र कार्यविधि, जानकारी माग्ने र उजुर गर्ने अन्य अख्तियारप्राप्त तरिका, र थुनामा रहँदाका उनीहरुका अधिकार र दायित्वलाई पूर्णतः बुझ्न उनीहरुलाई सक्षम पार्न आवश्यक पर्ने अन्य त्यस्तै कुरा बुझ्न मद्दत गर्नु पर्छ ।

(२६) बालबिज्याँईकर्ताको स्थानान्तरण प्रशासनका खर्चमा निजलाई अमर्यादा र कठिनाई नहुने गरी पर्याप्त हावा खेल्ने, उज्यालो छिर्ने सवारी साधनबाट सम्पन्न गरिनु पर्छ । बालबिज्याँईकर्तालाई स्वेच्छाचारी ढङ्गले एकबाट अर्को सुविधामा स्थानान्तरण गर्नु हुँदैन ।

## ग. वर्गीकरण र स्थान–निर्दिष्टता

(२७) थुनामा लिइए लगत्तै प्रत्येक बालबिज्याँईकर्तासँग अन्तर्वार्ता गरी निजलाई आवश्यक पर्ने रेखदेख र कार्यक्रमको खास प्रकार र तह पहिचान गरी मनोवैज्ञानिक र सामाजिक जाँचबुँझ प्रतिवेदन तयार गर्नु पर्छ । थुना सुविधाभित्र निज बालबिज्याँईकर्तालाई राख्ने स्थान निर्दिष्ट गर्न र निजलाई आवश्यक पर्ने हेरचाह र अवलम्बन गर्नु पर्ने कार्यक्रम निर्धारण गर्ने प्रयोजनका लागि भर्ना समयमा बालबिज्याँईकर्ताको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको जाँच प्रतिवेदनसहित यो प्रतिवेदन निर्देशक कहाँ पठाउनु पर्छ । विशेष पुनर्स्थापनात्मक उपचार आवश्यक देखिएको, र थुना सुविधामा निज रहनु पर्ने समयावधिले भ्याउने देखिएमा तालीमप्राप्त कर्मचारीले उपचारको उद्देश्य, उपचारमा लाग्ने समयावधि, श्रोतसाधन र चरण तथा विलम्ब गरिनु पर्ने कारण र उद्देश्य खोली प्रत्येक बालबिज्याँईकर्ताहरुको छुट्टाछुट्टै उपचार योजना तयार गर्नु पर्छ ।

(२८) बालबिज्याँईकर्ताका खास आवश्यकता, हैसियत र उनीहरुका उमेर, व्यक्तित्व, लिङ्ग, कसूरको प्रकार, साथसाथै शारीरिक वा मानसिक स्वास्थ्यको पूरा ख्याल राख्ने र हानिकारक असर र जोखिमपूर्ण स्थितिहरुबाट उनीहरुको संरक्षण प्रत्याभूत गर्ने शर्त र अवस्थामा मात्र बालबिज्याँईकर्तालाई थुनछेकमा राख्ने कार्य हुनु पर्छ । स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्ताका विभिन्न वर्गमा छुट्ट्याउने प्रमुख शर्ताधार उनीहरुका सम्बन्धित व्यक्तिगत खास आवश्यकतामा उपयुक्त हुने सर्वोत्तम हेरचाहको प्रकारको प्रवन्ध र उनीहरुका शारीरिक, मानसिक र नैतिक परिपूर्णता र कल्याणको संरक्षण हुनु पर्छ ।

(२९) सबै थुनागत सुविधामा एकै परिवारका सदस्य नरहेसम्म, बालबिज्याँईकर्तालाई वस्यकहरुबाट अलग राख्नु पर्छ । निश्चित नियन्त्रित अवस्थाभित्र सम्बन्धित बालबिज्याँईकर्ताको हित हुने विशेष

कार्यक्रमअन्तर्गत, विशेष रेखदेखमा बालबिज्याँईकर्तालाई छानिएका वस्यकहरुसँग राख्न सकिनेछ ।

(३०) बालबिज्याँईकर्ताको निम्ति खुला थुनागत सुविधाको स्थापना गर्नु पर्छ । खुला थुनागत सुविधा भनेका त्यस्ता सुविधा हुन जसमा कुनै सुरक्षा उपाय राखिएको हुँदैन वा न्यूनतम् सुरक्षा उपाय राखिएको हुन्छ । यस्ता थुनागत सुविधामा सकेसम्म कम संख्यामा बालबिज्याँईकर्तालाई राख्नु पर्छ । बन्द थुनागत सुविधामा प्रत्येक बालबिज्याँईकर्तालाई पर्याप्त व्यक्तिगत उपचार पुग्ने किसिमले स–सानो संख्यामा राखिनु पर्छ । बालबिज्याँईकर्ताको थुनागत सुविधा विकेन्द्रीकृत र बालबिज्याँईकर्ता र निजका परिवारका सदस्य बीचको पहुँच र सम्पर्क सहज पार्ने आकारको हुनु पर्छ । सानो आकारका थुनागत सुविधा स्थापना गरी तिनलाई समुदायको सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणसँग एकीकृत गरिनु पर्छ ।

## घ. भौतिक वातावरण र वास

(३१) स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्तालाई स्वास्थ्य र मानवीय मर्यादाको आवश्यकता पूरा गर्ने सरसुविधा र सेवाको अधिकार छ ।

(३२) बालबिज्याँईकर्ताका लागि थुनागत सुविधाका सरसुविधाका प्रारुप र भौतिक वातावरण, बालबिज्याँईकर्ताको गोपनीयता, ज्ञानेन्द्रिय संवेदना, साथीसङ्गतिसँग घुलमिलको अवसर, खेलकुद, कसरत र फुर्सदको समयका क्रियाकलापका आवश्यकताहरुमा उचित ध्यान पुग्ने गरी आवासीय उपचारको पुनर्स्थापनात्मक लक्ष्य राख्ने हुनु पर्छ । थुनागत सुविधाको प्रारुप र बनोट आगोको जोखिम न्यून गर्ने र आगो लागेको अवस्थामा सुरक्षित तवरबाट सो स्थानबाट उम्कन सक्ने खालको हुनु पर्छ । आगो लागेको अवस्थामा सचेत पार्ने सूचक प्रणालीका साथै बालबिज्याँईकर्ताको संरक्षण गर्ने औपचारिक र निकासको कार्यविधि कायम रहनु पर्छ । ज्ञात स्वास्थ्य र अन्य खतरा र जोखिम विद्यमान रहेको क्षेत्रमा थुनागत सुविधा रहनु हुँदैन ।

(३३) स्थानीय मापदण्डलाई ध्यानमा राखी स-साना सामूहिक शयन कक्ष वा व्यक्तिगत कोठाहरुमा सुत्ने बन्दोबस्त रहनु पर्छ । हरेक बालबिज्याँईकर्ताको संरक्षण सुनिश्चित पार्नका लागि बालबिज्याँईकर्ताहरु सुतेका बेला उनीहरुको सुताईलाई व्यवधान नहुने गरी सामूहिक शयनकक्ष र व्यक्तिगत कोठाहरुको नियमित र शिष्ट सुपरिवेक्षण गर्नु पर्छ । प्रत्येक बालबिज्याँईकर्तालाई स्थानीय र राष्ट्रिय मापदण्ड अनुसार छुट्टाछुट्टै र पर्याप्त ओछ्यानको व्यवस्था गर्नु पर्छ, जुन प्रारम्भमा दिइँदा सफा हालतमा दिइने र समयसमयमा फेरबदल गरी सफासुग्घर कायम राखिनु पर्छ ।

(३४) सरसफाई उपकरणहरु हरेक बालबिज्याँईकर्ताका आवश्यकतासँग मेल खाने, र आवश्यकताअनुसार, गोपनीयता कायम गर्न सक्ने गरी सफा र चिरिचट्ट पाराले राखिएका हुनु पर्छ ।

(३५) व्यक्तिगत सरसामानको अधीन र भोगचलन नै गोपनीयताको अधिकारको मुख्य, र बालबिज्याँईकर्ताको मानसिक भलाईको अत्यावश्यक तत्व हो । व्यक्तिगत सरसामानको अधीन भोगचलन र उनीहरुको राखनधरनका लागि पर्याप्त ठाउँ पाउने बालबिज्याँईकर्ताको अधिकारलाई पूर्णतः मान्यता दिइनु पर्छ र सम्मान गर्नु पर्छ । बालबिज्याँईकर्ताले आफूसँग राख्न नचाहेको वा जफत गरिएको सरसामान

सुरक्षित राखिनु पर्छ । त्यस्ता फाँटवारी खडा गरी बालबिज्याँईकर्तालाई हस्ताक्षर गराई राख्नु पर्छ । ती सरसामानलाई चुस्तदुरुस्त अवस्थामा राख्नका लागि पाइला चालिनु पर्छ । त्यस्तो रुपैँयापैसा खर्च गर्ने वा सरसामान थुनागत सुविधाबाहिर पठाउने अख्तियारी रहेको अवस्थामा बाहेक ती सम्पूर्ण सरसामान र रुपैयाँपैसा बालबिज्याँईकर्ता थुनाबाट मुक्त हुँदा फिर्ता दिनु पर्छ । बालबिज्याँईकर्ताले कुनै औषधि प्राप्त गरेमा वा निजसँग रहेको फेला पारिएमा चिकित्सा अधिकृतले नै सोको प्रयोग के-कसरी गर्ने भन्ने कुरा निर्धारण गर्नु पर्छ ।

(३६) सम्भव हुने हदसम्म, बालबिज्याँईकर्तालाई उनीहरुका आफ्नै लुगाफाटा प्रयोग गर्न पाउने अधिकार छ । थुनागत सुविधाले हरेक बालबिज्याँईकर्ताका लुगाफाटा, मौसमअनुकूल स्वास्थ्य स्थिति कायम राख्न पर्याप्त रहेका र अपमानजनक वा हीनभावबोधक गराउने खालका छैनन् भन्ने कुरा सुनिश्चित गर्नु पर्छ । हटाइएको वा कुनै पनि कारणले थुनागत सुविधा छाड्नु पर्दा बालबिज्याँईकर्तालाई आफ्नै लुगाफाटा लगाउन दिनु पर्छ ।

(३७) हरेक थुनागत सुविधाले प्रत्येक बालबिज्याँईकर्ताले उपयुक्त तवरले तयार पारिएको खाना, खाना खाने सामान्य समयमा पाउने र उपलब्ध गराएको खानामा पर्याप्त मात्रामा पोषण, सरसफाई र स्वास्थ्यको मापदण्डअनुसारको गुणस्तर र मात्राको रहेको र सम्भव भएसम्म, धार्मिक तथा साँस्कृतिक आवश्यकतासँग अनुकूल रहने कुरा निश्चित पार्नु पर्छ । बालबिज्याँईकर्तालाई स्वच्छ खानेपानी जुनसुकै समयमा पनि उपलब्ध गराइनु पर्छ ।

## ङ. शिक्षा, व्यावसायिक तालीम र काम

(३८) अनिवार्य विद्यालय जानु पर्ने उमेरका बालबिज्याँईकर्तालाई निजका आवश्यकता र क्षमतासँग सामञ्जस्य राख्ने किसिमको र समाजमा पुनर्स्थापना हुनका लागि तय गरिएको शिक्षाको अधिकार छ । यस्तो शिक्षा सम्भव भएसम्म थुनागत सुविधाबाहिर सामुदायिक विद्यालयमा र जुनसुकै स्थितिमा पनि योग्य शिक्षकद्वारा मुलुकको एकीकृत शिक्षा प्रणालीअन्तर्गत प्रदान गर्नु पर्छ; जसले गर्दा बालबिज्याँईकर्ताले थुनामुक्त भएपछि पनि कुनै कठिनाईविना शिक्षालाई निरन्तरता दिन सकून् । थुनागत सुविधाको प्रशासनले विदेशी उत्पत्तिका वा खास साँस्कृतिक र जातीय आवश्यकता रहेका बालबिज्याँईकर्ताको शिक्षामा विशेष ध्यान दिनु पर्छ । निरक्षर र संज्ञानात्मक वा सिकाई सम्बन्धी कठिनाई रहेका बालबिज्याँईकर्तालाई विशेष विशेष शिक्षाको अधिकार छ ।

(३९) अनिवार्य विद्यालय जानु पर्ने उमेरमाथिका बालबिज्याँईकर्ताले शिक्षालाई निरन्तरता दिन चाहेमा निजहरुलाई सोको लागि अनुमति र प्रोत्साहन प्रदान गर्नु पर्छ, र उपयुक्त शैक्षिक कार्यक्रममा तिनलाई पहुँच दिनका लागि हरप्रयास गर्नु पर्छ ।

(४०) थुनागत सुविधामा रहँदा बालबिज्याँईकर्तालाई प्रदान गरिएका स्नातक र शैक्षिक प्रमाणपत्रमा निज संस्थाकृत रहेको कुरा कुनै पनि तरिकाले इङ्गित गरिनु हुँदैन ।

(४१) हरेक थुनागत सुविधामा बालबिज्याँईकर्तालाई ति सुविधाहरुको पूर्ण उपयोग गर्नमा प्रोत्साहित र सक्षम बनाउने गरी उनीहरुका लागि मिल्दाजुल्दा निर्देशात्मक र मनोरञ्जनात्मक पुस्तक र

आवधिक पत्रपत्रिका पर्याप्त मात्रामा रहेको पुस्तकालय सुलभ हुनु पर्छ ।

(४२) भविष्यमा रोजगारीका लागि तयार हुन प्रत्येक बालबिज्याँईकर्तालाई पेशाको व्यवसायिक तालीमको अधिकार हुनु पर्छ ।

(४३) उचित व्यवसायिक छनोट र संस्थागत प्रशासनको आवश्यकताको सम्मान हुने गरी बालबिज्याँईकर्ता आफूले गर्न चाहेको कामको प्रकार छनोट गर्न सक्षम हुनु पर्छ ।

(४४) बालश्रमिक र किशोरकिशोरी कामदारका हकमा लागू हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय संरक्षणात्मक मापदण्डहरु स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्ताहरुका हकमा पनि लागू हुनु पर्छ ।

(४५) सम्भव हुनेसम्म, बालबिज्याँईकर्तालाई तिनले समुदायमा फर्कदा उपयुक्त रोजगारी पाउने सम्भावनालाई बढाउनका लागि उपलब्ध गराइएको व्यवसायिक तालीमको परिपूरकका रुपमा सकेसम्म स्थानीय समुदायभित्रै पारिश्रमिकयुक्त काम गर्ने अवसर प्रदान गर्नु पर्छ । कामको प्रकार छुटकारापछि बालबिज्याँईकर्तालाई फाइदा हुने उपयुक्त तालीम उपलब्ध गराउने खालको हुनु पर्छ । थुनागत सुविधामा प्रदान गरिएका कामका बनोट र तरिका उनीहरुका समुदायमा सम्भव हुने त्यस्तै खालका कामलाई सम्झाउने किसिमको हुनु पर्छ, जसले बालबिज्याँईकर्तालाई साधारण व्यावसायिक जीवनको अवस्थातर्फ तयार गरोस् ।

(४६) काम गर्ने हरेक बालबिज्याँईकर्तालाई समन्यायिक पारिश्रमिकको अधिकार हुनु पर्छ । बालबिज्याँईकर्ताको हित र व्यावसायिक तालीम थुनागत सुविधा वा तेस्रो पक्षको नाफा आर्जन गर्ने प्रयोजनको अधीनस्थ विषय बनाइनु हुँदैन । बालबिज्याँईकर्ताको कमाईको केही अंश छुट्टै बचत कोषमा राखिनु पर्छ र बालबिज्याँईकर्ता थुनामुक्त हुँदा सो रकम निजहरुलाई हस्तान्तरण गरिनु पर्छ । बाँकी रकम आफ्नो प्रयोजनका सरसामान किन्न र निजको कसूरबाट पीडित भएका व्यक्तिलाई प्रतिपूर्ति दिन वा थुनागत सुविधाबाहिर रहेका निजका परिवारलाई पठाउन बालबिज्याँईकर्तालाई अधिकार हुनु पर्छ ।

## च. मनोरञ्जन

(४७) मौसमले साथ दिएसम्म दैनिक रुपमा खुला हावामा स्वतन्त्र शारीरिक व्यायाम गर्न उपयुक्त समय पाउने अधिकार बालबिज्याँईकर्तालाई हुनु पर्छ जसमा सामान्यतः उपयुक्त मनोरञ्जनपूर्ण र शारीरिक तालीम उपलब्ध गराइनु पर्छ । यी क्रियाकलापका लागि पर्याप्त ठाउँ र उपकरण तथा साधन उपलब्ध गराउनु पर्छ । इच्छा प्रकट गरेको खण्डमा कला र कौशल सीप विकासमा केही खण्ड समर्पित हुने गरी बालबिज्याँईकर्ताले फुर्सदका क्रियाकलापका लागि दैनिक थप समय पाउनु पर्छ । थुनागत सुविधाले शारीरिक शिक्षाका उपलब्ध कार्यक्रमहरुमा सहभागी हुन हरेक बालबिज्याँईकर्ता पाउने कुरा सुनिश्चित गर्नु पर्छ । त्यस्तो शिक्षा र उपचारको आवश्यक परेका बालबिज्याँईकर्तालाई चिकित्सा सुपरीवेक्षणमा शारीरिक शिक्षा र उपचार प्रदान गरिनु पर्छ ।

## छ. धर्म

(४८) हरेक बालबिज्याँईकर्तालाई खास गरी थुनागत सुविधा उपलब्ध गराएका धार्मिक र आध्यात्मिकता सेवा र बैठकमा भाग लिन, स्वयं त्यस्तो सेवा प्रदान र पालन गर्न र आफ्नो धर्मसम्बन्धी पुस्तक र सरसामान आफूसँग राख्ने सुविधा जस्ता बालबिज्याँईकर्ताका धार्मिक र आध्यात्मिक जीवनका आवश्यकता पूरा गर्न दिनु पर्छ । थुनागत सुविधामा एकै धर्मका बालबिज्याँईकर्ता उल्लेख्य संख्यामा रहेका भए एक वा एकभन्दा बढी योग्य धार्मिक प्रतिनिधि नियुक्ति गर्न वा अनुमोदन गर्न र नियमित रुपमा सेवा प्रदान गर्न र बालबिज्याँईकर्ताको अनुरोधमा व्यक्तिगत रुपमा शुल्क तिरेर धर्मगुरू भेट्न स्वीकृति प्रदान गर्नु पर्छ । प्रत्येक बालबिज्याँईकर्तालाई आफ्नो छनोटको योग्य धार्मिक प्रतिनिधिसँग भेट्न साथै कुनै पनि धार्मिक सेवामा भाग नलिन, धार्मिक शिक्षा वा परामर्श लिन इन्कार गर्ने पनि अधिकार हुनु पर्छ ।

## ज. स्वास्थ्योपचार

(४९) प्रत्येक बालबिज्याँईकर्ताले दाँत, आँखा, मानसिक स्वास्थ्यका रोकथाममूलक र उपचारात्मक दुवै सेवा पर्याप्त मात्रामा पाउनेछन् र चिकित्सकले निर्देश गरेअनुसार औषधि र विशेष भोजन प्राप्त गर्नेछन् । बालबिज्याँईकर्ताको कलङ्कीकरणको रोकथाम गर्न र आत्मासम्मान तथा समुदायमा सम्मिलन प्रवर्धन गर्नका लागि यस्ता सबै स्वास्थ्योपचार सम्भव भएसम्म थुनागत सुविधा रहेभएको क्षेत्रका समुदायका उपयुक्त स्वास्थ्य सुविधा तथा सेवाबाट उपलब्ध हुनु पर्छ ।

(५०) पूर्ववर्ती दुर्व्यवहारको प्रमाण अभिलेख र चिकित्संगत ध्यानको आवश्यकता रहेका शारीरिक वा मानसिक अवस्थाहरुको पहिचानको प्रयोजनका लागि थुनागत सुविधामा भर्ना वा प्रवेश हुनासाथ चिकित्सकबाट स्वास्थ्य जाँच गराई पाउने हरेक बालबिज्याँईकर्ताको अधिकार छ ।

(५१) बालबिज्याँईकर्तालाई उपलब्ध गराइएको स्वास्थ्य सेवाले निजका कुनै पनि शारीरिक वा मानसिक रोग, अम्बल दुर्व्यसन वा समाजमा सम्मिलन हुन बाधा पार्ने अन्य कुनै अवस्था ठम्याउन खोज्नु पर्छ र उनीहरुको उपचार गर्नु पर्छ । बालबिज्याँईकर्ताका लागि कायम रहेका हरेक थुनागत सुविधासँग तत्काल पर्याप्त मात्रामा उपचार गर्न सकिने स्वास्थ्य सुविधाको पहुँचका साथै बालबिज्याँईकर्ताको संख्याअनुसार रोकथाममूलक र आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्न सक्ने तालीमप्राप्त योग्य व्यक्तिहरु उचित संख्यामा हुनु पर्छ । विरामी भएको, विरामी परेको गुनासो गर्ने वा शारीरिक र मानसिक अस्वस्थताको लक्षण देखाउने बालबिज्याँईकर्ताको चिकित्सा अधिकारीबाट तत्कालै जाँच गरिनु पर्छ ।

(५२) निरन्तर थुनागत सुविधामा रहनाले, अनसन वा थुनागत सुविधा का अन्य कुनै अवस्थाका कारण कुनै बालबिज्याँईकर्ता शारीरिक र मानसिक रुपमा अस्वस्थ भएको वा हुन सक्ने कुरा विश्वास गर्नु पर्ने कारण भएमा कुनै पनि चिकित्सा अधिकारीले तद्विषयक थुनागत सुविधाको निर्देशक र बालबिज्याँईकर्ताको भलाईको संरक्षण गर्ने जिम्मेवारी रहेको स्वतन्त्र अधिकारीसमक्ष सो तथ्यको प्रतिवेदन गर्नु पर्छ ।

(५३) मानसिक रोगबाट विरामी रहेको बालबिज्याँईकर्तालाई स्वतन्त्र चिकित्सा व्यवस्थापनअन्तर्गत विषेश संस्थामा उपचार गर्नु पर्छ । थुनामुक्त भएपश्चात पनि मानसिक स्वस्थ्यको उपचारलाई निरन्तरता प्रदान गर्न उपयुक्त संस्थापनासँग बन्दोबस्त मिलाउन पाइला चाल्नु पर्छ ।

(५४) बालबिज्याँईकर्ता थुनागत सुविधाले योग्य कर्मचारीद्वारा लागूऔषध दुर्व्यसनको रोकथाम तथा पुनर्स्थापनासम्बन्धी विशिष्टीकृत कार्यक्रम लागू गरिनु पर्छ । यस्ता कार्यक्रमहरु बालबिज्याँईकर्ताको उमेर, लिङ्ग र अन्य आवश्यकताहरुलाई विचार गरी लागू गर्नु पर्छ, र मदिरा र लागूऔषधको लत लागेका बालबिज्याँईकर्ताहरुलाई सो लत छुटाउने विभिन्न सेवा र सुविधा उपलब्ध गराउनु पर्छ ।

(५५) औषधिको प्रयोग प्रचलन चिकित्संगत आधारमा आवश्यक उपचारका लागि मात्र, र सम्भव भएसम्म, सम्बन्धित बालबिज्याँईकर्ताबाट सुसूचित मञ्जुरी लिएर गरिनु पर्छ । विशेषतः निजहरुबाट कुनै प्रकारको सूचना वा साबिती लिन, सजायस्वरुप वा बन्देजको माध्यमका रुपमा औषधिको प्रयोग हुनै हुँदैन । बालबिज्याँईकर्तालाई औषधि र उपचारको परीक्षण प्रयोजनमा कदापि जाँच गरिने छैन । कुनै पनि औषधिको प्रयोगको अख्तियारी सदासर्वदा योग्यताप्राप्त चिकित्सा कर्मचारीलाई मात्र हुनु पर्छ र सेवा सम्पादन गरिनु पर्छ ।

### झ. अस्वस्थता, चोटपटक र मृत्यूको सूचना

(५६) बालबिज्याँईकर्ताको परिवार वा संरक्षक वा बालबिज्याँईकर्ताले तोकेको अन्य व्यक्तिलाई अनुरोध गरी बालबिज्याँईकर्ताको स्वास्थ्य स्थितिको सूचना लिने र स्वास्थ्य स्थितिमा कुनै महत्वपूर्ण परिवर्तन भएको अवस्थामा सोको जानकारी लिने अधिकार हुन्छ । बालबिज्याँईकर्ताको मृत्यु भएमा, बिरामी परी बाहिरी सुविधामा औषधोपचार गर्न पठाउनु परेमा वा थुनागत सुविधाभित्रै ४८ घण्टाभन्दा बढी समय औषधि उपचारमा राख्नु पर्ने भएमा थुनागत सुविधाका निर्देशकले सम्बन्धित बालबिज्याँईकर्ताको परिवारको सदस्य, सम्बन्धित संरक्षक वा तोकिएको सम्बन्धित व्यक्तिलाई तत्कालै जनाउ दिनु पर्छ । विदेशी बालबिज्याँईकर्ताको हकमा निज नागरिक रहेको राज्यको बाणिज्यदूतीय अधिकारीलाई यस्तो जनाउ दिनु पर्छ ।

(५७) स्वतन्त्रताबाट वञ्चित रहेका अवधिमै बालबिज्याँईकर्ताको मृत्यु भएमा नजिकको नातेदारलाई मृत्युको प्रमाणपत्र निरीक्षण गर्ने, शव हेर्ने र शव अन्त्यष्टिको तरिका निर्धारण गर्ने अधिकार हुन्छ । थुनामा बालबिज्याँईकर्ताको मृत्यु हुँदा मृत्युको कारण पत्ता लगाउन स्वतन्त्र छानविन गर्नु पर्छ, सोको प्रतिवेदन निजको नजिकको नातेदारलाई सुलभ बनाइनु पर्छ । थुनामुक्त भएको ६ महिनाभित्र बालबिज्याँईकर्ताको मृत्यु भएमा र थुनामा रहँदाका अवस्थाका कारण मृत्यु भएको हुन सक्ने विश्वास गर्नु पर्ने कारण भएमा पनि यस्तो छानबिन गरिनु पर्छ ।

(५८) निकट पारिवारिक सदस्य निधन, विरामी वा घाइते भएमा सकेसम्म चाँडो समयमा बालबिज्याँईकर्तालाई सूचना दिनु पर्छ र मृत्यू भएका अवस्थामा अन्तिम संस्कारमा सामेल हुन र नातेदार सिकिस्त भएमा भेट्न जाने अवसर निजलाई उपलब्ध गराइनु पर्छ ।

## ञ. बृहत्तर समुदायसँग सम्पर्क

(५९) स्वच्छ र मानवीय व्यवहारको अभिन्न अङ्ग र बालबिज्याँईकर्तालाई समाजमा फर्कने तयारीका लागि अत्यावश्यक रहेको बालबिज्याँईकर्ताको बाहिरी संसारसँगको पर्याप्त सञ्चार सम्पर्क सुनिश्चित पार्नका लागि हरेक माध्यमहरु उपलब्ध गराइनु पर्छ । बालबिज्याँईकर्तालाई उनीहरुका परिवार, साथीसंगी र अन्य व्यक्तिहरु वा ख्यातिप्राप्त संघसंस्थाका प्रतिनिधिसँग सञ्चार गर्न, परिवारसँग भेटघाट गर्न उनीहरुका घरमा जान दिनु पर्छ र तिनले शैक्षिक, व्यवसायिक वा अन्य महत्वपूर्ण कारणले थुनागत सुविधाबाट बाहिर जान विशेष अनुमति पाउनु पर्छ । सजाय व्यतितमा रहेका बालबिज्याँईकर्ताले थुनागत सुविधाबाहिर बिताएको समयलाई सजायको अवधिभित्रै गणना गरिनु पर्छ ।

(६०) प्रत्येक बालबिज्याँईकर्तालाई, सिद्धान्ततः हप्तामा एकपटक र महिनामा एक पटक नघट्ने गरी, बालबिज्याँईकर्ताको व्यक्तिगत गोपनीयता, परिवार र प्रतिरक्षा सल्लाहकारसँग सम्पर्क र विनाअवरोध सञ्चारको सम्मान गर्ने परिवेशमा, नियमित र बारम्बार भेटघाट गर्ने अधिकार हुन्छ ।

(६१) कानूनतः प्रतिवन्ध गरिएबाहेक प्रत्येक बालबिज्याँईकर्तालाई लिखित पत्राचार वा टेलिफोनबाट हप्तामा कम्तीमा दुई पटक आफूले इच्छाएको व्यक्तिसँग कुराकानी गर्ने अधिकार हुन्छ र यस अधिकारको प्रभावकारी प्रचलनका लागि बालबिज्याँईकर्तालाई आवश्यकताअनुसार सहयोग गर्नु पर्छ । प्रत्येक बालबिज्याँईकर्तालाई चिठ्ठीपत्र प्राप्त गर्ने अधिकार हुन्छ ।

(६२) बालबिज्याँईकर्तालाई समाचारमूलक पत्रपत्रिका, आवधिक पत्रिका र अन्य प्रकाशनहरु पढेर, रेडियो, टेलिभिजनका कार्यक्रम, विभिन्न विषयगत चलचित्र, निजको रुचि रहेका कानूनतः स्थापना भएका क्लब वा संघसंस्थाका प्रतिनिधिसँग भेटघाट गरी समाचारबाट आफूलाई सुसूचित राखिरहने अवसर हुनु पर्छ ।

## ट. शारीरिक बन्देज र बल प्रयोगमा हदबन्दी

(६३) नियम ६४ मा तोकिएबाहेक अन्य अवस्थामा कुनै पनि प्रयोजनका लागि बलको प्रयोग र बन्देजका साधनको प्रचलनमा प्रतिवन्ध हुनु पर्छ ।

(६४) अन्य विधि प्रभावशून्य र असफल भएको अवस्थामा अपवादजनक मामिलामा मात्र, र कानून र नियमले किटेर अख्तियारी दिएको र स्पष्टसँग तोकेको स्थितिमा मात्र बलको प्रयोग वा बन्देजका साधनको प्रयोग गरिनु पर्छ । ति प्रयोगहरुले हीनताबोध गराउनु र मर्यादामा आँच पुऱ्याउनु हुँदैन र त्यसको प्रयोग छोटोभन्दा छोटो अवधिका लागि मात्र हुनु पर्छ । बालबिज्याँईकर्ताले आफै वा अर्कालाई चोटपटक गराउन सक्ने वा सम्पत्तिको गम्भीर क्षति गर्न सक्ने कुराबाट रोक्नका लागि प्रशासनको निर्देशकको आदेशले यस्ता साधनको प्रयोग हुन सक्नेछ । त्यसो भएमा निर्देशकले चिकित्सक र अन्य सान्दर्भिक कर्मचारीसँग परामर्श गर्नु पर्छ र सोको जानकारी माथिल्लो प्रशासनिक अधिकारीलाईसमेत दिनु पर्छ ।

(६५) बालबिज्याँईकर्तालाई राखिएको जुनसुकै थुनागत सुविधाका कर्मचारीहरुलाई हातहतियार बोक्न र प्रयोग गर्नमा प्रतिवन्ध गरिनु पर्छ ।

## ठ. अनुशासनात्मक कारवाही

(६६) हरेक अनुशासनात्मक कारवाही र प्रक्रियाले सुरक्षित अवस्थाको हित र सुमधुर सामुदायिक जीवन कायम गर्नु पर्छ र बालबिज्याँईकर्ताको अन्तर्निहित मानवीय मर्यादा र संस्थागत स्याहारका आधारभूत उद्देश्य खास गरी न्याय भावनाको जागृति, आत्मसम्मान र हरेक व्यक्तिका आधारभूत अधिकारसँग सुसङ्गत हुनु पर्छ ।

(६७) शारीरिक सजाय, कालकोठरीमा राख्ने, बन्द वा एकान्तको थुना वा सम्बन्धित बालबिज्याँईकर्ताको मानसिक वा शारीरिक स्वास्थ्यमा असर पार्न सक्ने अन्य कुनै सजाय लगायत क्रूर अमानवीय वा अपमानजनक व्यवहार मिसिएका सबै अनुशासनात्मक उपायहरु कडाइपूर्वक निषेध हुनेछन् । खानपिनमा कटौती, परिवारका सदस्यहरुसँग भेटघाट गर्न निषेध वा भेट्न नदिने जस्ता कार्य जस्तोसुकै अवस्थामा र जुनसुकै कारणले भए पनि गरिन निषेध हुनु पर्छ । बालबिज्याँईकर्ताको शैक्षिक संयन्त्र, आत्मसम्मान तथा विकासका साथै समुदायमा फर्कनको निम्ति बालबिज्याँईकर्तालाई तयार पार्ने साधनको रुपमा श्रमलाई हेरिनु पर्छ र अनुशासनात्मक सजायका रुपमा लागू गरिनु हुँदैन । अनुशासन तोडेको एक घटनामा बालबिज्याँईकर्तालाई एक पटकभन्दा बढी सजाय हुनु हुँदैन । गोस्वारा वा सामूहिक सजाय निषेध हुनु पर्छ ।

(६८) बालबिज्याँईकर्ताका चारित्रिक विशेषता, आवश्यकता र अधिकारउपर पूरापूर ध्यान राखी, वैधानिक प्रावधान वा सक्षम प्रशासनिक निकायले जारी गरेका कानून वा नियमहरुले निम्न मानकको स्थापना गर्नु पर्छः

- (क) अनुशासनात्मक कसूर कायम गर्ने आचरण;
- (ख) गरिने अनुशासनात्मक सजायका प्रकार र अवधि;
- (ग) सजाय गर्न सक्ने सक्षम अधिकारी;
- (घ) पुनरावेदन सुन्ने सक्षम अधिकारी ।

(६९) दुराचरणको प्रतिवेदन तत्कालै सक्षम अधिकारीसमक्ष पेश गर्नु पर्छ, जसले अनुचित विलम्बविना सोउपर निर्णय लिनेछ । सक्षम अधिकारीले सो मामिला गहन जाँच गर्नु पर्छ ।

(७०) प्रचलनमा रहेको कानून र नियमावलीमा रहेका शर्तबमोजिम बाहेक कुनै पनि बालबिज्याँईकर्तालाई कनै पनि प्रकारको अनुशासनात्मक सजाय दिइनु हुँदैन । निजउपर लगाइएको आरोप निजले उपयुक्त तरिकाबाट बुझ्ने गरी जानकारी नदिई र सक्षम निष्पक्ष अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकार लगायत निजको प्रतिरक्षा प्रस्तुत गर्ने उचित अवसर नदिइकन कुनै पनि बालबिज्याँईकर्तालाई सजायको भागीदार बनाइनु हुँदैन । सबै अनुशासनात्मक कारवाही प्रक्रियाको पूरा अभिलेख राखिनु पर्छ ।

(७१) सामाजिक, शैक्षिक वा खेलकुदसम्बन्धी क्रियाकलाप वा आत्मानुशासित कार्यक्रमहरुको सुपरिवेक्षणबाहेक अन्य कुनै पनि अनुशासनात्मक कार्यका लागि कुनै पनि बालबिज्याँईकर्तालाई उत्तरदायी बनाइनु हुँदैन ।

## ङ. निरीक्षण र उजुर

(७२) सुविधाको प्रशासनको अधीनमा नरहेका योग्यताप्राप्त निरीक्षक वा सोसरह कर्तव्य भएका अधिकारीलाई नियमित रुपमा निरीक्षण गर्न र आफ्नै पहलमा अघोषित रुपले निरीक्षण गर्न सशक्त पारिनु पर्छ र सो कार्यमा स्वतन्त्रताको प्रयोग गर्ने पूर्ण प्रत्याभूति निजलाई दिनु पर्छ । निरीक्षकलाई बालबिज्याँईकर्तालाई स्वतन्त्रताबाट वञ्चित गरिने वा गरिन सक्ने कुनै पनि सुविधामा काम गर्ने वा सोबाट नियुक्त गरिएका सबै व्यक्ति, सबै बालबिज्याँईकर्ता र यस्ता सुविधाका सबै अभिलेखसम्म विनाअवरोध सहज पहुँच हुनु पर्छ ।

(७३) भौतिक वातावरण, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, आवास, खानपिन, व्यायाम, स्वास्थ्य सेवा, साथसाथै बालबिज्याँईकर्ताको शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर पार्न सक्ने संस्थागत जीवनका अन्य कुनै पनि पक्ष वा अवस्थाको मूल्याङ्कनका लागि निरीक्षणकारी निकाय वा सार्वजनिक स्वास्थ्य सेवासम्बद्ध योग्यताप्राप्त चिकित्सा अधिकारीको निरीक्षणमा सहभागिता रहनु पर्छ । प्रत्येक बालबिज्याँईकर्तालाई निरीक्षकसँग गोप्यतापूर्वक कुराकानी गर्ने अधिकार हुनु पर्छ ।

(७४) निरीक्षण कार्य सम्पन्न गरेपछि निरीक्षकले ठम्याईका आधारमा प्रतिवेदन तयार पारी पेश गर्नु पर्छ । प्रतिवेदनले थुनागत सुविधाको यस नियमावली र राष्ट्रिय कानूनका प्रावधानहरुसँगको सङ्गतिको मूल्याङ्कन र तिनसँगको सङ्गति निश्चित पार्न विचार गर्नु पर्ने आवश्यक कदमका लागि सिफारिस समेट्नु पर्छ । बालबिज्याँईकर्ताका अधिकार वा थुनागत सुविधाको सञ्चालनसम्बन्धी कानूनी प्रावधानको भएको सङ्केत देखा पर्ने निरीक्षकले खुलासा गरेको कुनै पनि तथ्य अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीसमक्ष सञ्चार गरिनु पर्छ ।

(७५) प्रत्येक बालबिज्याँईकर्तालाई थुनागत सुविधाका निर्देशक वा निजको अधिकृत प्रतिनिधिसमक्ष अनुरोध र उजुर गर्ने अवसर पाउनु पर्छ ।

(७६) हरेक बालबिज्याँईकर्तालाई विषयको विनासेन्सर स्वीकृत माध्यममार्फत केन्द्रीय प्रशासन, न्यायिक अधिकारी वा अन्य उपयुक्त अधिकारीसमक्ष अनुरोध र उजुरी पठाउन पाउने, र अविलम्ब सोको प्रत्युक्तिसम्बन्धी जानकारी पाउने अधिकार हुनु पर्छ ।

(७७) स्वतन्त्रताबाट वञ्चित बालबिज्याँईकर्ताले दिएको उजुर प्राप्त गर्ने, सोको अनुसन्धान गर्ने र सो सम्बन्धमा समन्यायिक समाधान हासिल गर्नमा सहयोग गर्ने छुटै स्वतन्त्र कार्यालय (अम्बुड्स म्यान) स्थापना गर्ने प्रयास गर्नु पर्छ ।

(७८) संभव भएसम्म, हरेक बालबिज्याँईकर्तालाई उजुर गर्नमा परिवारका सदस्य, कानूनी सल्लाहकार,

मानवअधिकार समुह र अन्य सम्बन्धित व्यक्तिको सहयोग लिने अधिकार हुनु पर्छ । अशिक्षित बालबिज्याँईकर्तालाई तिनले प्रयोग गर्नु पर्ने सहायता कानूनी सल्लाह उपलब्ध गराउने निकाय वा संस्था वा उजुर सुन्ने निकायबाट उपलब्ध गराइनु पर्छ ।

### ढ. समुदायमा फिर्ती

(७९) सबै बालबिज्याँईकर्ताले छुटकारापछि समाजमा फर्कन, पारिवारिक जीवन, शिक्षा र रोजगारी सहज बनाउनका लागि गरिएका बन्दोबस्तबाट लाभान्वित हुनु पर्छ । यस प्रयोजनका लागि अग्रछुटकारा, र विशेष पाठ्यक्रम लगायतका कार्यविधि अपनाइनु पर्छ ।

(८०) सक्षम अधिकारीले बालबिज्याँईकर्तालाई समाजमा पुनर्स्थापना गर्न सहयोग पुऱ्याउन र उनीहरुप्रतिको पूर्वाग्रह कम पार्न सेवा प्रदान वा सुनिश्चित गर्नु पर्छ । यी सेवाले सम्भव भएसम्मका हदमा सफल पुनःसम्मिलनलाई सहज पार्नका लागि छुटकारा हुनासाथ उपयुक्त बास, कपास, रोजगारी र जीवन धान्नका लागि पर्याप्त श्रोतसाधन निश्चित पार्नु पर्छ । ती बिज्याँईकर्तालाई समुदायमा फर्काउन सघाउने दृष्टिले यस प्रकारको सेवा प्रदान गर्ने संघसंस्थाका प्रतिनिधिहरुसँग परामर्श गरिनु पर्छ र बालबिज्याँईकर्ता थुनामा रहँदाका अवस्थादेखि नै ती प्रतिनिधिहरुसँग पहुँच रहनु पर्छ ।

## ५. कर्मचारी वर्ग

(८१) कर्मचारीहरु योग्यताप्राप्त हुनु पर्छ र तिनमा शिक्षक, प्रशिक्षक, परामर्शदाता, सामाजिक कार्यकर्ता मनोचिकित्सक, मनोवैज्ञानिक जस्ता विशेषज्ञ यथेष्ट संख्यामा समेटिनु पर्छ । यी र अन्य विशेषज्ञ कर्मचारीलाई सामान्यतः स्थायी आधारमा नियुक्त गरिनु पर्छ । तर यस कुराले उपयुक्त र लाभदायक सेवा, सहयोग र प्रशिक्षण प्रदान गर्ने स्वयंसेवक र आंशिक समय काम गर्ने कर्मचारीहरुको नियुक्तिलाई बाहेक गर्नु हुँदैन । थुनागत सुविधाका लागि राखिएका बालबिज्याँईकर्ताका व्यक्तिगत आवश्यकता र समस्या अनुसार, उपयुक्त र समुदायमा उपलब्ध सबै उपचारात्मक, शैक्षिक, नैतिक, आध्यात्मिक र अन्य प्रकारका श्रोतसाधन र सहायताका स्वरुपहरुको प्रयोग गर्नु पर्छ ।

(८२) थुनागत सुविधाको उचित व्यवस्थापन कर्मचारीको सदाचार, मानवता, बालबिज्याँईकर्तालाई सम्हाल्ने क्षमता र पेशागत क्षमता साथसाथै कामको वैयक्तिक उचिततामा निर्भर गर्ने भएकाले प्रशासनले सबै तह र प्रकारका कर्मचारीको छनोट र नियुक्ति होसियारीपूर्वक गर्नु पर्छ ।

(८३) निर्धारित लक्ष्य प्राप्त गर्न कर्मचारीहरुको नियुक्ति गरिदा महिला र पुरुष दुवै यथोचित आकर्षित हुने र टिकि राख्ने गरी आकर्षक पारिश्रमिक दिएर व्यवसायिक अधिकृतको रुपमा गरिनु पर्छ । उचित, प्रतिवद्ध, व्यवसायिक, मानवीय र प्रभावकारी ढङ्गले आफ्नो कर्तव्य र दायित्व पालन गर्न कर्मचारीहरुलाई निरन्तर रुपमा प्रोत्साहित गरिनुका साथै बालबिज्याँईकर्ता माँझ सकारात्मक भूमिका निर्वाह गरी एक आदर्श नमूनायुक्त व्यक्तिको रुप र परिप्रेक्ष्यमा प्रस्तुत भई बालबिज्याँईकर्ताबाट आदर र सम्मान पाउन र कायम राख्न प्रोत्साहित गरिरहनु पर्छ ।

(८४) प्रशासनले बालबिज्याँईकर्ताको हेरचाहमा संलग्न विभिन्न सेवा बीच सरसहयोग बढाउनका लागि हरेक थुनागत सुविधाका कर्मचारीहरुका विभिन्न वर्ग बीच सञ्चारलाई सहज पार्ने संगठन र व्यवस्थापनका स्वरुपहरुको थालनी गर्नु पर्छ ।

(८५) कर्मचारीहरुले आफ्नो दायित्व प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम बनाउनका लागि विशेषतः बालमनोविज्ञान, बालकल्याण र बालबाालिकाका मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड र यो नियमावली लगायतका बालअधिकार विषयका तालीम पाउनु पर्छ । कर्मचारीहरुले वृत्ति विकासका क्रममा उचित समयान्तरमा सेवाकालीन तालीमका माध्यमबाट ति कर्मचारीहरुको ज्ञान र क्षमता कायम र सुधार गरिराख्नु पर्छ ।

(८६) निर्देशक सम्बन्धित कार्यक्षेत्रमा सुयोग्य, तालीमप्राप्त र अनुभव भएको साथै प्रशासनिक क्षमता भएको र पूर्णकालीन रुपमा सेवारत रहने हुनु पर्छ ।

(८७) कर्मचारीहरुले आफ्नो कर्तव्य पालना गर्ने क्रममा सबै बालबिज्याँईकर्ताको मानव मर्यादा र मूलभूत मानवअधिकारको, विशेषतः देहायअनुसार, सम्मान र संरक्षण गर्नु पर्छः

(क) कुनै पनि परिस्थिति वा बहानामा थुनागत सुविधाका सदस्य वा संस्थाका कर्मचारीहरुले बालबिज्याँईकर्तालाई यातना दिने, दिन उक्साउने वा सहन गर्ने वा अन्य कुनै स्वरुपको कठोर, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार, सजाय, सुधारात्मक वा अनुशासनात्मक कारवाही गर्न गराउन हुँदैन ।

(ख) सबै कर्मचारीले भष्ट्राचारका कुनै कार्यको कडाईपूर्वक विरोध र मुकाविला गर्नु पर्छ र यसबारे सक्षम निकायसमक्ष अविलम्ब प्रतिवेदन गर्नु पर्छ ।

(ग) सबै कर्मचारीले यस नियमावलीको सम्मान र पालन गर्नु पर्छ । यस नियमावलीको गम्भीर उल्लंघन भयो वा हुन लागेको छ भन्ने कसैलाई लागेमा पुनरावलोकन र उपचारात्मक अख्तियारी रहेको माथिल्लो अधिकारी वा निकायसमक्ष सो मामिलाको जानकारी दिनु पर्छ ।

(घ) सबै कर्मचारीले शारीरिक शोषण, यौन शोषण र भावनात्मक दुर्व्यवहार र शोषणविरूद्ध संरक्षण लगायत बालबिज्याँईकर्ताको शारीरिक र मानसिक स्वास्थ्यको पूर्ण संरक्षण सुनिश्चित पार्नु पर्छ, र आवश्यक भएका अवस्थामा औषधी उपचारका लागि तत्काल कारवाही चलाउनु पर्छ ।

(ङ) सबै कर्मचारीहरुले खास गरी बालबिज्याँईकर्ता र उनीहरुका परिवारका बारेमा प्राप्त गरेका जानकारीहरुको गोपनीयता कायम राखी बालबिज्याँईकर्ताको गोपनीयताको हकको सम्मान गर्नु पर्छ ।

(च) सबै कर्मचारीले मानवका रुपमा बालबिज्याँईकर्ताको मर्यादाको सम्मानलाई घटाउन सक्ने खालका थुनागत सुविधाभित्र र बाहिर बीचको अन्तरलाई न्यून पार्न प्रयन्त गर्नु पर्छ ।

# बालबिज्याँई रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन (रियाद मार्गदर्शन)

*महासभाको १४ डिसेम्बर १९९० को सङ्कल्पलेख ४५/११२ द्वारा घोषित तथा जारी*

## १. मूलभूत सिद्धान्त

(१) बालबिज्याँईको रोकथाम समाजमा हुने अपराध रोकथामको अत्यावश्यक पक्ष हो । कानूनसम्मत, सामाजिक रुपमा उपयोगी क्रियाकलापमा सामेल गराएर र समाज र जीवन दृष्टितर्फ मानवीय अभिमुखीकरणको अवलम्बन गरेर किशोरकिशोरीहरुले गैरअपराधमूलक दृष्टिभाव विकास गर्न सक्छन् ।

(२) बालबिज्याँईको रोकथामका लागि पूरै सिङ्गो समाजबाटै प्रारम्भिक बाल्यावस्थादेखि कै बालबालिका तथा किशोरकिशोरी व्यक्तिको सम्मान र प्रवर्धनसाथ किशोरकिशोरीहरुको सन्तुलित विकास निश्चित पार्न आवश्यक हुन्छ ।

(३) यस मार्गदर्शनको व्याख्याको प्रयोजनका लागि, बालकेन्द्रीत अभिमुखीकरणबाट प्रेरित रहनु पर्छ । समाजभित्र किशोरकिशोरीहरुको सक्रिय भूमिका र सहभागिता रहनु पर्छ र उनीहरुलाई खालि सामाजिकीकरण वा नियन्त्रणका विषय मानिनु हुँदैन ।

(४) यस मार्गदर्शनको कार्यान्वयनको प्रयोजनका लागि, राष्ट्रिय कानूनी प्रणालीबमोजिम प्रारम्भिक बाल्यावस्थादेखि कै किशोरकिशोरीहरुको भलाईमा कुनै पनि रोकथामपरक कार्यक्रमको जोड रहनु पर्छ ।

(५) बालबिज्याँई रोकथामको प्रगतिशील नीति तथा पद्धतिगत अध्ययन र उपायहरुको विस्तारको आवश्यकता र महत्वलाई मान्यता दिनु पर्छ । ती प्रगतिशील नीति तथा पद्धतिगत अध्ययन र उपायहरुले बालबालिकाको विकासलाई गम्भीर क्षति र अरुलाई हानी नपुऱ्याउने आचार व्यवहारको आपराधीकरण र दण्डीकरणलाई त्याग्नु पर्छ । त्यस्ता नीति तथा उपायहरुमा निम्न कुरा समाहित हुनु पर्छः

  (क) खास गरी स्पष्टै खतरामा परेका वा सामाजिक जोखिममा रहेका र विशेष हेरचाह र संरक्षणको आवश्यकता परेका सबै किशोरकिशोरीहरुको व्यक्तिगत विकासलाई सुरक्षित गर्नका लागि सहयोगी ढाँचालाई टेवा पुऱ्याउन र किशोरकिशोरीहरुका भिन्नभिन्न आवश्यकताहरु पूरा गर्न अवसरहरु, विशेषतः शैक्षिक अवसरहरुको प्रवन्ध,

  (ख) कानून, प्रक्रिया, संस्थापना, सरसुविधा तथा सेवा प्रदान गर्ने सञ्जालका आधारमा अतिक्रम गराईका उत्प्रेरणा, सोको उद्धत गराउने आवश्यकता र अवसर वा अवस्थालाई न्यूनिकरण गर्नमा लक्षित बिज्याँई रोकथामका विशिष्टीकृत दर्शन र पद्धतिहरु,

(ग) किशोरकिशोरीहरुको समग्र हितमा प्राथमिक रुपले प्रेरित र स्वच्छता तथा समानताबाट दिग्दर्शित औपचारिक हस्तक्षेप,

(घ) सबै किशोरकिशोरीहरुको भलाई, विकास, अधिकार तथा हितको सुरक्षण,

(ङ) समग्र सामाजिक मूल्य मान्यतासँग मेल नखाने र प्रायः परिपक्वता तथा विकास प्रक्रियामा अभिन्न भएर हुने वयस्कताको सङक्रमणसँगै आफै हराएर जाने खालका युवा अवस्थाका बानीबेहोरा र आचरणउपरको ख्याल,

(च) धेरे विशेषज्ञहरुको राय मुताविक किशोरकिशोरीहरुलाई "विचलित", "उपद्रोही" वा "पूर्वउपद्रोही" जस्ता लेवल वा बिल्ला लगाउनाले किशोरकिशोरीका व्यक्तिमा स्थिर रुपमा अवाञ्छित व्यवहार गरिराख्ने कुरा विकास गराउनमा बल पुग्छ भन्ने कुरामा सचेतता ।

(६) बालबिज्याँईको रोकथामका लागि विशेष गरी कुनै पनि निकाय स्थापना नभएका ठाउँमा समुदायमा आधारित सेवा र कार्यक्रमको विकास गर्नु पर्छ । सामाजिक नियन्त्रणका औपचारिक निकायहरुलाई अन्तिम उपायको रुपमा मात्र उपयोग गरिनु पर्छ ।

## २. मार्गदर्शनको क्षेत्र

(७) यो मार्गदर्शनको व्याख्या मानवअधिकारको विश्वव्यापी घोषणापत्र; आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध; बालअधिकारसम्बन्धी घोषणापत्र एवं बालअधिकारसम्बन्धी महासन्धिको बृहत् ढाँचा र बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (बेइजिङ नियमावली) साथसाथै बालबालिका तथा किशोरकिशोरीहरुका अधिकार, हित तथा भलाईसम्बन्धी अध्यालेख तथा मान्यताका सन्दर्भमा हुनु पर्दछ ।

(८) यो मार्गदर्शन हरेक सदस्य राष्ट्रमा विद्यमान आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थासमेतका सन्दर्भमा कार्यान्वयन हुनु पर्दछ ।

## ३. सामान्य रोकथाम

(९) सरकारका हरेक तहमा व्यापक रोकथाम योजनाहरु संस्थागत हुनु पर्दछ र निम्न कुरा समावेश हुनु पर्दछः

(क) समस्याको गहन विश्लेषण र उपलब्ध कार्यक्रम, सेवा, सुविधा र श्रोतसाधनको लगत,

(ख) रोकथाम प्रयासमा संलग्न योग्यतापूर्ण निकाय, संस्थापना तथा कर्मचारीगणको सुस्पष्ट परिभाषित उत्तरदायित्व,

(ग) रोकथाम प्रयासको उपयुक्त समन्वय निमित्त सरकारी तथा गैरसरकारी निकायहरु बीचको संयन्त्र,

(घ) कार्यान्वयनका क्रममा नियमित रुपले अनुगमन तथा सतर्कतापूर्वक मूल्याङ्कन गर्न पर्ने

अग्रसूचक अध्ययनमा आधारित नीति, कार्यक्रम र रणनीति,

(ङ) बिज्याँईपूर्ण कार्य गर्ने अवसरहरु प्रभावकारी रुपमा घटाउने विधि,

(च) बृहत् दायरामा सेवा र कार्यक्रममार्फत समुदायको संलग्नता,

(छ) बालबिज्याँई र युवा अपराध रोकथाम गर्ने कार्यमा केन्द्रित भई काम गर्ने निजी क्षेत्र, सेवा गरिनु पर्ने समुदायका प्रतिनिधि नागरिक तथा श्रम, बाल स्याहार, स्वास्थ्य शिक्षा, सामाजिक, कानून कार्यान्वयन र न्यायिक निकायहरुको संलग्नतामा राष्ट्रिय, राज्य, प्रान्तीय तथा स्थानीय सरकारहरु बीचको घनिष्ट अन्तरविभागीय सरसहयोग,

(ज) सामुदायिक श्रोतसाधनको प्रयोग, युवा हातेमालो र पीडितलाई क्षतिपूर्ति तथा सहयोग कार्यक्रम लगायत बिज्याँई रोकथाम नीति तथा प्रक्रियामा युवा सहभागिता,

(झ) सबै तहमा विशिष्टीकृत कर्मचारीगण ।

## ४. सामाजिकीकरण प्रक्रिया

(१०) सबै बालबालिका र किशोरकिशोरीहरुको विशेषतः परिवार, समुदाय, संगती समुह, विद्यालय, व्यवसायिक तालीम र कामका अन्य क्षेत्र साथसाथ स्वैच्छिक संगठनहरुमार्फत सफल सामाजिकीकरण र सम्मिलनलाई सहज बनाउने रोकथाममूलक नीतिमा जोड दिइनु पर्दछ । बालबालिका तथा किशोरकिशोरीहरुको मुनासिव व्यक्तिगत विकासमा उत्तिकै ख्याल राखिनु पर्दछ र उनीहरुलाई सामाजिकीकरण तथा सम्मिलन प्रक्रियामा पूर्ण र समान साझेदारका रुपमा उचित आदर गरिनु पर्दछ ।

### क. परिवार

(११) हरेक समाजले परिवार र बालबालिका तथा किशोरकिशोरीहरुका सबै सदस्यका आवश्यकता र भलाईप्रति उच्च प्राथमिकता दिनु पर्दछ ।

(१२) बालबालिकाको प्रारम्भिक सामाजिकीकरणको केन्द्रीय उत्तरदायी एकाई नै परिवार भएकाले संयुक्त परिवार लगायत परिवारको परिपूर्णतालाई जोगाउनका लागि सरकारी तथा सामाजिक प्रयासहरुको अनुशरण गरिनु पर्छ । हेरचाह र संरक्षण उपलब्ध गराउने र बालबालिकाको शारीरिक तथा मानसिक भलाई सुनिश्चित पार्ने कुरामा परिवारलाई मद्दत गर्ने समाजको उत्तरदायित्व छ । दिवा हेरचाह लगायतका बन्दोबस्तहरुको पर्याप्त व्यवस्था गरिनु पर्दछ ।

(१३) सरकारहरुले बालबालिकाको हुर्काई स्थिर र व्यवस्थित पारिवारिक वातावरणमा हुने कुरालाई अनुकूल बनाउने नीतिहरु स्थापित गर्नु पर्दछ । अस्थिरता वा द्वन्द्वका अवस्थामा समाधानका लागि सहयोगको आवश्यकता भएका परिवारहरुलाई चाहिएको सेवा उपलब्ध गराइनु पर्दछ ।

(१४) स्थिर र व्यवस्थित पारिवारिक वातावरणको कमी भएको र सो सन्दर्भमा बाबुआमालाई सघाउने सामुदायिक प्रयास असफल भएका अवस्था र संयुक्त परिवारले यो भूमिका पूरा गर्न नसकेका अवस्थामा फोस्टर केयर तथा धर्मसन्तान राख्ने लगायतका वैकल्पिक रखाईबारे विचार गर्नु पर्दछ । यस्तो रखाईको कुरा स्थिर र व्यवस्थित पारिवारिक वातावरणका लागि सकेसम्म विस्तार गर्नु

पर्दछ भने साथसाथै लालनपालन स्याहार मेलोमेसो (Foster Drift) सँग जोडिएका समस्याहरुलाई बर्जित गर्दै बालबालिकाका लागि स्थायित्वको भाव स्थापित पनि गरिनु पर्दछ ।

(१५) तीव्र र विशृङ्खल आर्थिक, सामाजिक तथा साँस्कृतिक परिवर्तन, खास गरी आदिवासी, प्रवासी तथा शरणार्थी परिवारका बालबालिका जस्ता तीव्र र विशृङ्खल आर्थिक, सामाजिक तथा साँस्कृतिक परिवर्तनबाट उब्जेका समस्याबाट प्रभावित परिवारका बालबालिकालाई विशेष ध्यान दिइनु पर्दछ । यस्ता परिवर्तनहरुले द्वन्द्वको भूमिका र सँस्कृतिको परिणामस्वरुप, परिवारको बालबालिकालाई हुर्काउने बढाउने परम्परा जोगाउनमा परिवारको सामाजिक क्षमतालाई भत्काउन सक्ने भएकाले बालबालिकाको सामाजिकीकरणका लागि नयाँ सोचका र सामाजिक रुपले सिर्जनात्मक प्रारुपहरुको रुपाङ्कन गरिनु पर्दछ ।

(१६) बाबुआमा र बालबालिका बीचको सकारात्मक सम्बन्ध प्रवर्धन गर्दै, बालबालिका र किशोरकिशोरीहरुका समस्याप्रति बाबुआमालाई संवेदनशील बनाउदै र पारिवारिक तथा सामुदायिक क्रियाकलापमा बालबालिका र किशोरकिशोरीहरुको संलग्नतालाई प्रोत्साहित गर्दै बालबालिकाको विकास र हेरचाहका सिलसिलामा बाबुआमाको अभिभावकीय भूमिका बुझ्ने अवसर परिवार हरुलाई उपलब्ध गराउनका लागि उपायहरु अपनाइनु पर्दछ र कार्यक्रमहरु विकास गरिनु पर्दछ ।

(१७) सरकारहरुले परिवारमा सौहाद्रता र सामाञ्जस्य बढाउन र बालबालिकाको कल्याण र भविष्यलाई असर पार्ने परिस्थिति को सम्भाव्य विकल्प नरहेको अवस्थामाबाहेक बाबुआमाबाट बालबालिकालाई अलग्याउने कुरालाई निरूत्साहित गर्ने उपायहरु अवलम्बन गर्नु पर्दछ ।

(१८) परिवार र संयुक्त परिवारको सामाजिकीकरण कार्यमा जोड दिनु महत्वपूर्ण छ; अनि, समाजमा किशोरकिशोरीहरुको भावी भूमिका, उत्तरदायित्व, सहभागिता र साझेदारीलाई मान्यता दिनु पनि त्यत्तिकै महत्वपूर्ण छ ।

(१९) बालबालिकाको उचित सामाजिकीकरणको अधिकारलाई निश्चित पार्नमा सरकार र अन्य निकायहरुले विद्यमान सामाजिक तथा कानूनी निकायहरुमा भर गर्नु पर्दछ तर, परम्परागत संस्था र प्रथाहरु प्रभावकारी नरहेमा उनीहरुले नयाँ सोचका उपायहरु उपलब्ध गराउनु र मञ्जुर गर्नु पर्दछ ।

## ख. शिक्षा

(२०) सरकारहरुले सबै बालबालिका तथा किशोरकिशोरीहरुलाई सार्वजनिक शिक्षा सुलभ गराउने दायित्व बोकेका छन् ।

(२१) शिक्षा प्रणालीहरुले बालबालिका तथा किशोरकिशोरीहरुको शैक्षिक तथा व्यवसायिक तालीमका क्रियाकालपको अतिरिक्त देहायका कुरामा ध्यान समर्पित गर्नु पर्दछः

(क) मुलभूत मूल्य मान्यता र बालबालिका रहने बस्ने मुलुकको सामाजिक मूल्य मान्यता र सोभन्दा भिन्न सभ्यताहरु र मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुका लागि बालबालिकाको साँस्कृतिक पहिचान तथा ढाँचाप्रति आदर विकास गर्ने शिक्षण,

(ख) तिनको पूर्णत सम्भाव्यसम्म पुग्न किशोरकिशोरीहरुको व्यक्तित्व, तृक्ष्ण तथा मानसिक तथा शारीरिक क्षमताहरुको प्रवर्धन र विकास,

(ग) शैक्षिक प्रक्रियामा किशोरकिशोरीहरुको विषयस्वरुप होइन, सक्रिय र प्रभावकारी सहभागीका रुपमा संलग्नता,

(घ) विद्यालय र समुदायसँग पहिचान र अपनत्वको भावना बढाउने क्रियाकलापको सञ्चालन,

(ङ) फरक दृष्टिकोण र अभिमतका साथसाथै साँस्कृतिक तथा अन्य अन्तरहरुलाई बुझ्न र आदर गर्न किशोरकिशोरीहरुलाई प्रोत्साहन,

(च) व्यावसायिक तालीम, रोजगारीको अवसर तथा वृत्ति विकासका बारेमा सूचना तथा मार्गदर्शनको प्रवन्ध,

(छ) किशोरकिशोरीहरुलाई सकारात्मक भावनात्मक मद्दत र मनोवैज्ञानिक दुर्व्यवहारलाई बर्जन गर्ने प्रावधान,

(ज) कठोर अनुशासनात्मक उपाय खास गरी शारीरिक सजायको बर्जन ।

(२२) शैक्षिक प्रणालीले किशोरकिशोरीहरुका क्रियाकलापका सम्बन्धमा बाबुआमा, सामुदायिक संगठन तथा निकायहरुसँग साथसाथमा कार्य गर्न खोज्नु पर्दछ ।

(२३) किशोरकिशोरीहरुका साथै उनीहरुका परिवारलाई कानून र कानूनअन्तर्गत व्यवस्था गरिएका किशोरकिशोरीहरुका अधिकार तथा दायित्वहरुका साथसाथै संयुक्त राष्ट्र संघीय अध्यालेखहरु लगायत विश्वव्यापी मूल्य मान्यताका पद्धतिहरुबारे जानकारी गराइनु पर्दछ ।

(२४) शैक्षिक प्रणालीले सामाजिक जोखिममा रहेका किशोरकिशोरीहरुमा विशेष हेरचाह र ध्यान बढाउनु पर्दछ । विशिष्टीकृत रोकथाममूलक कार्यक्रम तथा शैक्षिक सामग्री, पाठ्यक्रम, पद्धति र साधनहरुको विकास र पूर्ण उपयोग गरिनु पर्दछ ।

(२५) किशोरकिशोरीहरुबाट हुन सक्ने मादक, लागू वा अन्य पदार्थको दुर्व्यसनको रोकथामका लागि विस्तृत नीति तथा रणनीतिमा विशेष ध्यान दिनु पर्दछ । यी समस्याहरु जुध्न गर्नका लागि शिक्षक शिक्षिका तथा अन्य व्यवसायीहरु साधन सुसज्जित र तालीमप्राप्त हुनु पर्दछ । मादक पदार्थ लगायतका औषधिजन्य वस्तुको प्रयोग र दुरूपयोगका बारेमा विद्यार्थी वर्गलाई जानकारी उपलब्ध गराइनु पर्दछ ।

(२६) किशोरकिशोरीहरु, खासगरी विशेष आवश्यकता भएका, दुर्व्यवहार, उपेक्षा, पीडन र शोषणबाट सताइएकाहरुका लागि विद्यालयले स्वास्थ्योपचार, मनोविमर्श तथा अन्य सेवाहरुको श्रोत तथा सिफारिस केन्द्रका रुपमा काम गर्नु पर्दछ ।

(२७) विविधीकृत शैक्षिक कार्यक्रमहरुमार्फत विशेषतः सुविधाविहीन, लाभवञ्चित, जातीय तथा अन्य अल्पसंख्यक र निम्न आय भएका समुहका किशोरकिशोरीहरुका समस्या, आवश्यकता र बुझाईहरुबारे शिक्षक शिक्षिका, अन्य वयस्क र विद्यार्थीगणलाई संवेदनशील बनाइनु पर्छ ।

(२८) विद्यालय प्रणालीले पाठ्यक्रम, शिक्षण तथा सिकाई विधि र पद्धति, अनि योग्य शिक्षकको नियुक्ति तथा तालीमका सम्बन्धमा उच्चतम् व्यवसायिक तथा शैक्षिक मापदण्ड हासिल र प्रवर्धन गर्न

कोशिस गर्नु पर्दछ। उपयुक्त व्यवसायिक संगठन तथा अधिकारीहरुबाट कार्य सम्पादनको नियमित अनुगमन र लेखाजोखा गरिने कुरा निश्चित हुनु पर्दछ।

(२९) सामुदायिक समुहहरुको सरसहयोगमा विद्यालय प्रणालीले किशोरकिशोरी व्यक्तिहरुका रुचिका अतिरिक्त क्रियाकलापको तर्जुमा, विकास तथा कार्यान्वयन गर्नु पर्दछ।

(३०) हाजिरी संहिताको पालना गर्न नसकेका र विद्यालय छाड्नु परेका बालबालिका तथा किशोरकिशोरीहरुलाई विशेष सहायता गरिनु पर्दछ।

(३१) विद्यालयहरुले स्वच्छ र न्यायोचित नीतिनियमहरु प्रवर्धन गर्नु पर्दछ; अनुशासन नीति र निर्णय प्रक्रिया लगायतका विद्यालय नीतिको तर्जुमाकारी अङ्गमा विद्यार्थीको प्रतिनिधित्व गराइनु पर्दछ।

## ग. समुदाय

(३२) किशोरकिशोरीहरुका विशेष आवश्यकता, समस्या, रुचि र सरोकारहरुको प्रत्युक्ति वा सम्बोधन गर्ने र किशोरकिशोरी तथा उनीहरुका परिवारलाई उपयुक्त मनोविमर्श तथा मार्ग प्रदर्शन गर्ने समुदायमा आधारित सेवा तथा कार्यक्रमहरुको विकास गरिनु पर्दछ र तिनीहरु रहे भएका अवस्थामा तिनको सुदृढीकरण गर्नु पर्दछ।

(३३) समुदायहरुले सामाजिक जोखिममा रहेका बालबालिकाका विशेष समस्याहरुको प्रत्युक्ति वा सम्बोधनका लागि सामुदायिक विकास केन्द्र, खेलकुद तथा मनोरञ्जनका सरसुविधा र सेवा लगायत किशोरकिशोरीहरुका लागि समुदायमा आधारित सहयोगी उपायहरु उपलब्ध गराउनु पर्छ र तिनीहरु रहे भएका अवस्थामा तिनको सुदृढीकरण गर्नु पर्दछ।

(३४) घरमा बस्न नसकेका र बस्नका लागि घर नभएका किशोरकिशोरीहरुका लागि पर्याप्त आश्रय उपलब्ध गराउनका लागि विशेष सुविधा गृहहरु स्थापना गरिनु पर्छ।

(३५) वयस्कताको संक्रमणमा रहेका किशोरकिशोरीहरुले भोगेका कठिनाईहरुसँग जुध्नका लागि व्यापक सेवा तथा सहयोग उपायहरु उपलब्ध गराइनु पर्छ। यस्ता सेवाहरुले किशोर लागुऔषध दुर्व्यसनीहरुका लागि हेरचाह, परामर्श, सहायता र उपचारोन्मुख मद्दतका लागि विशेष कार्यक्रमहरुलाई समेट्नु पर्दछ।

(३६) किशोरकिशोरीहरुलाई सेवा उपलब्ध गराउने स्वैच्छिक संगठनहरुलाई सरकार तथा अन्य निकायहरुले आर्थिक तथा अन्य टेवा उपलब्ध गराउनु पर्दछ।

(३७) स्थानीय स्तरमा युवा संगठनहरु सिर्जना गरिनु र सुदृढ बनाइनु पर्दछ साथै सामुदायिक मामिलाहरुको व्यवस्थापनमा किशोरकिशोरीलाई पूर्ण सहभागी हैसियत प्रदान गरिनु पर्दछ। यी संगठनहरुले युवाहरुलाई सामुहिक र स्वयंसेवी, खास गरी सहायताको आवश्यकता परेका किशोरकिशोरीहरुलाई सहयोग गर्नमा लक्षित, परियोजना संगठित गर्नमा उत्प्रेरित गर्नु पर्दछ।

(३८) सरकारी निकायहरुले विशेष उत्तरदायित्व लिई घरबारबिहिन वा सडक बालबालिकालाई आवश्यक सेवाहरु उपलब्ध गराउनु पर्दछ; स्थानीय सुविधा गृह, बसोबास, रोजगारी र सहायताका अन्य स्वरुप

र श्रोतहरु किशोरकिशोरीहरुलाई तम्तयार रुपले उपलब्ध गराइनु पर्दछ ।

(३९) किशोरकिशोरीलाई विशेष रुचि हुने पुर्नसिर्जनात्मक सेवा तथा सुविधाहरुको व्यापक उपलब्धतालाई स्थापना गरिनु पर्छ र उनीहरुलाई सोको पहुँच सुलभ हुनु पर्दछ ।

## घ. आमसञ्चार माध्यम

(४०) राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध श्रोतहरुका सूचना र सामग्रीमा किशोरकिशोरीहरुको पहुँचलाई सुनिश्चित गर्न आमसञ्चारलाई प्रोत्साहन गरिनु पर्दछ ।

(४१) आमसञ्चारलाई किशोरकिशोरीहरुको समाजप्रतिको सकारात्मक योगदान देखाउनमा प्रोत्साहन गरिनु पर्दछ ।

(४२) किशोरकिशोरीहरुका लागि समाजमा रहेका सेवा, सुविधा तथा अवसरहरुको विद्यमानतासम्बन्धी सूचनाको प्रचारप्रसार गर्नमा आमसञ्चारलाई प्रोत्साहन गरिनु पर्दछ ।

(४३) सामान्यतः आमसञ्चार, विशेषतः टेलिभिजन र चलचित्र सञ्चार माध्यमलाई अश्लील चित्रण, लागूऔषध, हिंसा दर्शाउने तथा हिंसा र शोषणलाई प्रतिकूलतापूर्ण तरिकाले प्रदर्शित गर्ने कुरा न्यूनिकरण गर्न, साथसाथै खास गरी बालबालिका, महिला र अन्तरवैयक्तिक सम्बन्धका बारेका मर्यादाको तेजोबध गर्ने तथा अपमानजनक प्रस्तुति बर्जन गर्नमा र समतावादी सिद्धान्त र भूमिका प्रवर्धन गर्नमा प्रोत्साहन गरिनु पर्दछ ।

(४४) किशोरकिशोरीहरुबाट हुने लागू तथा मादक पदार्थको दुरूपयोगसम्बन्धी सञ्चारहरुका बारेमा आफ्नो बृहत सामाजिक भूमिका र दायित्व साथसाथै प्रभावतर्फ आमसञ्चार माध्यम सचेष्ट रहनु पर्दछ । यसले आफ्नो शक्ति लागूको दुर्व्यसनीको रोगथामका लागि सन्तुलित तरिकाको माध्यमबाट सुसंङ्गत सन्देशहरु प्रसार (रिले) गर्नमा प्रयोग गर्नु पर्दछ ।

## ङ. सामाजिक नीति

(४५) सरकारी निकायहरुले किशोरकिशोरीहरुका निमित्तका योजना र कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिनु पर्दछ र किशोरकिशोरीहरुमा पुग्ने र यथार्थतः तिनले लाभ पाउने कुरा सुनिश्चित गर्दै प्रभावकारी सेवा सञ्चालन, सरसुविधा र पर्याप्त स्वास्थ्य तथा मानसिक हेरचाह, पोषण, आवास तथा लागू तथा मादक पदार्थको रोकथाम तथा उपचार लगायतका अन्य सान्दर्भिक सेवाका लागि पर्याप्त कोष तथा अन्य श्रोतसाधन उपलब्ध गराउनु पर्दछ ।

(४६) किशोरकिशोरीहरुको संस्थापनाकरण अन्तिम विकल्प स्वरुपको उपायका रुपमा लिइनु पर्दछ र न्यूनतम् आवश्यक अवधिका लागि मात्र हुनु पर्दछ, र किशोरकिशोरीको सर्वोत्तम हितलाई नै उच्च महत्व दिइनु पर्दछ । यस्तो औपचारिक हस्तक्षेपको अख्तियारी प्रदान गर्ने शर्त कठोर हिसाबले परिभाषित हुनु पर्दछ र निम्न अवस्थाहरुमा सीमित हुनु पर्दछः

(क) जहाँ बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकले गरेको असरबाट क्षति बेहोरिरहेका हुन्छन्,

(ख) जहाँ बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकबाट यौन, भौतिक वा भावनात्मक दुर्व्यवहारको सिकार भएका हुन्छन,

(ग) जहाँ बालबालिका वा किशोरकिशोरीहरु निजकै आमाबाबु वा संरक्षकद्वारा उपेक्षित, परित्यक्त वा शोषित भएका हुन्छन,

(घ) जहाँ बालबालिका वा किशोरकिशोरीहरु आमाबाबु वा संरक्षकको व्यवहारबाट भौतिक वा नैतिक खतराको सन्त्रासमा पारिएको, र

(ङ) जहाँ बालबालिका वा किशोरकिशोरीहरु आफै गम्भीर शारीरिक वा मनोवैज्ञानिक खतरा देखा परेको र बाबुआमा, संरक्षक, सो बालबालिका वा किशोरकिशोरी स्वयं साथसाथै गैरआवासीय सामुदायिक सेवाले संस्थाापनाकरण बाहेकका माध्यमबाट सो खतराको सामना गर्न नसक्ने अवस्था रहेका हुन्छन् ।

(४७) आमाबाबु वा संरक्षकहरुले किशोरकिशोरीलाई सहयोग गर्न नसकेको अवस्थामा सरकारी निकायहरुले किशोरकिशोरीहरुलाई राज्यको कोषको अनुदानवाला पूर्णकालीन शिक्षा र कार्य अनुभव हासिल गराउने कुरा उपलब्ध गराउनु पर्दछ ।

(४८) बिज्याँई रोकथामका कार्यक्रमहरु विश्वासिलो वैज्ञानिक अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा तर्जुमा र विकास गरिनु पर्दछ र त्यसैअनुसार आवधिक हिसाबले अनुगमन, मूल्याङ्कन र समायोजन गरिनु पर्दछ ।

(४९) व्यवसायिक समुदाय र विस्तृत जनमानसलाई किशोरकिशोरीहरुको शारीरिक वा मनोवैज्ञानिक पीडन, क्षति वा दुर्व्यवहार साथसाथै शोषण औंल्याउने वा त्यस्तो नतिजा दिन सक्ने बानीबेहोरा वा अवस्थाका बारेमा वैज्ञानिक जानकारीको वितरण तथा प्रचारप्रसार गरिनु पर्दछ ।

(५०) योजना तथा कार्यक्रमहरुको सहभागिता सामान्यतः स्वैच्छिक हुनु पर्दछ। ति योजना तथा कार्यक्रमहरुको तर्जुमा, विकास र कार्यान्वयनमा किशोरकिशोरीहरु आफै संलग्न हुनु पर्दछ ।

(५१) किशोरकिशोरीहरुविरूद्ध र उनीलाई असर पार्ने घरेलु हिंसालाई रोक्न र घरेलु हिंसाका यी पीडितहरुउपर स्वच्छ व्यवहार सुनिश्चित पार्न सरकारले फौजदारी न्याय प्रणालीभित्र र बाहिर नीति, उपाय र रणनीतिहरुको खोजी, विकास र कार्यान्वयन थालनी गर्नु वा निरन्तरता दिनु पर्दछ ।

## च. विधायन र बाल न्याय प्रशासन

(५२) सबै किशोरकिशोरीहरुको अधिकार तथा भलाई प्रवर्धन र संरक्षण गर्नका लागि सरकारहरुले खास कानून र कार्यविधि जारी गरी लागू गर्नु पर्दछ ।

(५३) पीडितीकरण, दुर्व्यवहार, शोषण र आपराधिक क्रियाकलापका लागि बालबालिका र किशोरकिशोरीहरुको प्रयोग रोक्ने विधायन जारी गरिनु र लागू गरिनु पर्दछ ।

(५४) घर, विद्यालय वा अन्य कुनै पनि संस्थापनामा कुनै पनि बालबालिका वा किशोरकिशोरीहरुलाई कठोर, अपमानजनक सुधारउपाय वा सजायको भागीदार बनाइनु हुँदैन ।

(५५) कुनै पनि किसिमका बालबालिका र किशोरकिशोरीहरुको हातहतियारमा पहुँचलाई रोक्न वा नियन्त्रण गर्नमा लक्षित विधायन र कार्यान्वयनलाई प्रेरित गरिनु पर्दछ ।

(५६) किशोरकिशोरीहरुको थप कलङ्कन, पीडितीकरण र आपराधीकरण रोक्नका लागि कुनै वयस्कले गर्दा कसूर नहुने र दण्डभार नलाग्ने आचरण किशोरकिशोरीले गरेमा कसूर मानिने छैन र दण्डभार बेहोराइने छैन भन्ने कुरा सुनिश्चित पार्न कानून जारी गरिनु पर्दछ ।

(५७) किशोरकिशोरीका हैसियत, अधिकार तथा रुचिहरुको पालना हुने र उपलब्ध सेवाको उचित सिफारिस हुने कुरालाई निश्चित पार्ने निरीक्षाधिकारी (अम्बुड्समयान) को कार्यालय वा यस्तै स्वतन्त्र अङ्गको स्थापनाका लागि विचार पुऱ्याइनु पर्दछ । निर्दिष्ट निरीक्षाधिकारी वा अन्य अङ्गले रियाद मार्गदर्शन, बेइजिङ नियमावली र स्वतन्त्रताबाट वञ्चित बालबालिकाहरुको संरक्षणसम्बन्धी नियमावलीको कार्यान्वयनको पनि सुपरिवेक्षण गर्न सक्दछ । निरीक्षाधिकारी वा अन्य अङ्गले नियमित अन्तरालमा अध्यालेखको कार्यान्यवनमा भएका प्रगति र सामना गरिएका कठिनाईसम्बन्धी प्रतिवेदन पनि प्रकाशित गर्न सक्दछ । बाल वकालत सेवाहरु पनि स्थापना गरिनु पर्दछ ।

(५८) दुवै लिङ्गका, कानून कार्यान्वयन तथा अन्य सम्बन्धित कर्मचारीगणलाई किशोरकिशोरीहरुका विशेष आवश्यकताहरुलाई प्रत्युक्ति गर्न र न्याय प्रणालीबाट किशोरकिशोरीहरुको दिशान्तर गर्ने कार्यक्रम र सिफारिस सम्भाव्यताबारे ज्ञान राख्न र हुन सक्ने अधिकतम् हदमा प्रयोग गर्नका लागि प्रशिक्षित गर्नु पर्दछ ।

(५९) लागूपदार्थको दुर्व्यसन र लागूपदार्थको ओसारपसारकर्ताहरुबाट बालबालिका र किशोरकिशोरीहरुलाई संरक्षण गर्नका लागि विधायन जारी गर्नु पर्छ र कडाईपूर्वक लागू गर्नु पर्छ ।

## छ. अनुसन्धान, नीतिविकास र समन्वय

(६०) बहुविषयक र विषयान्तरिक दुवै आधारमा, आर्थिक, सामाजिक, शिक्षा तथा स्वास्थ्य निकाय र सेवाहरु, बाल न्याय प्रणाली, युवा, समुदाय र विकासका निकाय तथा अन्य सान्दर्भिक संस्थाहरु बीचको अन्तरक्रिया र समन्वयलाई प्रवर्धन गर्न प्रयास गर्नु पर्छ र उपयुक्त संयन्त्र स्थापना गरिनु पर्दछ ।

(६१) युवा अपराध, बिज्याँई रोकथाम र बाल न्यायसँग सम्बन्धित परियोजना, कार्यक्रम, अभ्यास र पहलबाट हासिल गरिएका सूचना, अनुभव र विज्ञताको आदानप्रदान राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा घनीभूत बनाइनु पर्दछ ।

(६२) अभ्यासकर्ता, विज्ञ तथा नीति निर्माताहरुलाई संलग्न गरी युवा अपराध, बिज्याँई रोकथाम र बाल न्यायसँग सम्बन्धित मामिलासम्बन्धी क्षेत्रीय र अन्तर्राष्ट्रिय सरसहयोगको थप विकास र सुदृढीकरण गर्नु पर्दछ ।

(६३) अभ्यास तथा नीतिसम्बन्धी मामिलामा प्राविधिक तथा वैज्ञानिक सरसहयोग खास गरी तालीम, नमूना तथा प्रदर्शनात्मक परियोजना, र युवा अपराध तथा बालबिज्याँईको रोकथामसँग सम्बन्धित मुख्य सवालहरुलाई सबै सरकारहरु, संयुक्त राष्ट्र संघीय प्रणाली र अन्य सम्बन्धित संगठनहरुले

सबल रुपमा सहयोग गर्नु पर्दछ ।

(६४) युवा अपराध तथा बालबिज्याँईको रोकथामका प्रभावकारी प्रारुपहरुका सम्बन्धमा वैज्ञानिक अनुसन्धानका सहकार्यलाई प्रोत्साहित गरिनु पर्छ र यस्ता अनुसन्धानबाट प्राप्त निष्कर्षहरुलाई व्यापक रुपले प्रसार र मूल्याङ्कन गरिनु पर्दछ ।

(६५) संयुक्त राष्ट्र संघका उपयुक्त निकाय, संस्थापना र निकायहरु र कार्यालयहरुले बाल न्याय, युवा अपराध तथा बालबिज्याँईको रोकथामसँग सम्बन्धित विभिन्न प्रश्नमा घनिष्ट सहकार्य र समन्वयलाई प्रेरित गर्नु पर्दछ ।

(६६) यस मार्गदर्शनका आधारमा संयुक्त राष्ट्र संघका महासचिवले इच्छुक संस्थापनहरुको सहयोगमा अनुसन्धान सञ्चालन गर्न, वैज्ञानिक सहकार्यमा, नीति तर्जुमा गर्न, र कार्यान्यवनको पुनरावलोकन र अनुगमन गर्नमा सक्रिय भूमिका खेल्नु पर्दछ र बिज्याँई रोकथामका प्रभावकारी ढाँचाहरुसम्बन्धी विश्वासिलो जानकारीहरुको श्रोतको रुपमा सेवा गर्नु पर्दछ ।

# गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली (टोकियो नियमावली)

*महासभाको १४ डिसेम्बर १९९० को प्रस्ताव ४५/११० द्वारा जारी*

## १. सामान्य सिद्धान्त

१. **मौलिक लक्ष्य**

१.१ यी न्यूनतम् मापदण्डका नियमहरुले गैरहिरासतीय उपायहरुको प्रवर्धन गर्ने साथै कैद सजायको विकल्पको भागीदार व्यक्तिहरुको न्यूनतम् सुरक्षाका आधारभूत सिद्धान्त समुच्चय (सेट अफ प्रिन्सिपल्स) उपलब्ध गराउँछन् ।

१.२ फौजदारी न्यायमा खास गरी कसूरदारलाई गरिने व्यवहार साथै कसूरदारहरुमा समाजप्रतिको उत्तरदायित्वको भावना बढाउने कुरामा यी नियमहरु अभिप्रेरित छन् ।

१.३ यी नियमहरुलाई हरेक मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्था साथै मुलुकको फौजदारी न्याय प्रणालीको लक्ष्य र उद्देश्यसमेत विचार गरी कार्यान्वयन गरिनेछ ।

१.४ यी नियमहरुको कार्यान्वयन गर्दा सदस्य राष्ट्रहरुले कसूरदारको व्यक्तिगत अधिकार, पीडितको अधिकार, सार्वजनिक निर्भयता तथा अपराध रोकथामका लागि समाजको सरोकार बीच उपयुक्त सन्तुलन निश्चित पार्न प्रयत्न गर्नेछन् ।

१.५ सदस्य राष्ट्रहरुले आफ्नो कानूनी प्रणालीमा कैद सजायको प्रयोग घटाउने गरी अन्य उपाय उपलब्ध गराउने र मानवअधिकारको पालना, सामाजिक न्यायका आवश्यकता र कसूरदारको पुनर्स्थापनाको आवश्यकतालाई ध्यान दिई फौजदारी न्यायका नीतिहरुलाई युक्तिसङ्गत बनाउनका लागि गैरहिरासतीय उपायहरुको विकास गर्नेछन् ।

२. **गैरहिरासतीय उपायको क्षेत्र**

२.१ यस नियमावलीका सान्दर्भिक प्रावधानहरु फौजदारी न्याय प्रशासनको सबै चरणमा अभियोजन, पुर्पक्ष वा सजायको कार्यान्वयनका निमित्त रहेका सबै व्यक्तिहरुलाई लागू हुनेछन् । यस नियमावलीको प्रयोजनका लागि व्यक्तिहरुको उल्लेख गर्दा उनीहरुको आशङ्कित, अभियोग लगाइएका वा सजाय ठेकिएका जे भए पनि “कसूरदार” भनी उल्लेख गरिएको छ ।

२.२ यो नियमावली जातजाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै भेदभाव नराखी लागू हुनेछ ।

२.३ कसूरको प्रकृति र गम्भीरता, कसूरदारको व्यक्तित्व र पृष्ठभूमि तथा समाजको संरक्षण र कैद सजायको अनावश्यक प्रयोगको परित्यागको सामान्जस्यमा बृहत्तर लचिलोपना उपलब्ध गराउनका लागि फौजदारी न्याय प्रणालीले पुर्पक्षपूर्वको अवस्थादेखि सजायपछिको अवस्थासम्मको व्यवस्थापनमा गैरहिरासतीय उपायको फराकिलो दायरा वा क्षेत्र उपलब्ध गराउनु पर्छ । उपलब्ध गैरहिरासतीय उपायहरुको किसिम र संख्या स्थिर सजाय सम्भव रहने गरी निर्धारण हुनु पर्छ ।

२.४ नयाँ गैरहिरासतीय उपायहरुको विकासलाई उत्प्रेरित-अभिप्रेरित एवं राम्ररी अनुगमन गर्नु पर्छ र ति उपायहरुको प्रयोगको व्यवस्थित मूल्याङ्कन हुनु पर्छ ।

२.५ कानूनी सुरक्षा र विधिको शासनअनुसार यथासम्भव औपचारकि प्रक्रिया वा अदालतद्वारा पुर्पक्ष गरी टुङ्ग्याउने कुरालाई टार्ने गरी कसूरदारलाई समुदायमै सम्हाल्नेतर्फ विचार पुऱ्याइनेछ ।

२.६ गैरहिरासतीय उपायको प्रयोग न्यूनतम् हस्तक्षेपको सिद्धान्तअनुरुप हुनु पर्छ ।

२.७ गैरहिरसतीय उपायहरु निर्दण्डीकरणको दिशाका प्रयत्नमा अंकुश लाउने वा विलम्ब पार्ने कुराको सट्टा निर्दण्डीकरण र निरपराधीकरणतर्फको अभियानको अङ्ग बन्नु पर्छ ।

## ३. कानूनी सुरक्षा

३.१ गैरहिरासतीय उपायहरुको सुरुआत, परिभाषा र कार्यान्वयन कानूनद्वारा तोकिनेछ ।

३.२ गैरहिरासतीय उपायको छनोट कसूरको प्रकृति र गम्भीरता तथा कसूरदारको व्यक्तित्व, पृष्ठभूमि, सजायको गर्नुको परिलक्ष्य र पीडितको अधिकार दुवैतर्फ विचारसमेत पुऱ्याई स्थापित आधारको लेखाजोखामा आधारित हुनेछ ।

३.३ न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीद्वारा प्रक्रियाका सबै चरणमा दायित्वको पूर्ण सुनिश्चित गरी र विधिको शासन अनुसार मात्र तजविजको प्रयोग हुनेछ ।

३.४ औपचारिक प्रक्रिया वा पुर्पक्षपूर्व वा सोको सट्टामा कसूरदारउपर दायित्व बहन गराउने गरी कार्यान्वित हुने गैरहिरासतीय उपायका लागि कसूरदारको मञ्जुरी आवश्यक हुनेछ ।

३.५ कसूरदारले निवेदन गरेमा गैरहिरासतीय उपाय लगाउने निर्णय न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीबाट पुनरावलोकन हुने विषय हुनेछ ।

३.६ गैरहिरासतीय उपायको कार्यान्वयनबाट आफ्नो व्यक्तिगत अधिकारलाई असर गर्ने मामिलामा न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीसमक्ष अनुरोध वा उजुर गर्ने हक कसूरदारलाई हुनेछ ।

३.७ अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त मानवअधिकारसँग मेल नखाएको कुरामा उपचार र सम्भव भए पुर्नउद्धारको गुनासो सुन्ने उपयुक्त संयन्त्र उपलब्ध गराइनेछ ।

३.८ गैरहिरासतीय उपायमा कसूरदारको चिकित्साजन्य वा मनोवैज्ञानिक प्रयोग परीक्षण वा शारीरिक वा मानसिक चोटको अनुचित जोखिम समावेश गरिने छैन ।

३.९ गैरहिरासतीय उपायअन्तर्गत रहेको कसूरदारको मर्यादालाई सबै समयमा संरक्षण गरिनेछ ।

३.१० गैरहिरासतीय उपायको कार्यान्वयनमा सुरू किनाराका लागि सक्षम अधिकारीलाई प्रदत्त अधिकारभन्दा बढी कसूरदारको अधिकारलाई बन्देज लगाइने छैन ।

३.११ गैरहिरासतीय उपाय लागू गर्दा परिवारिक गोपनीयताको अधिकारसरह कसूरदारको गोपनीयताको अधिकारको सम्मान गरिनेछ ।

३.१२ कसूरदारको व्यक्तिगत अभिलेख कडाईकासाथ गोप्य राखिनेछ र तेस्रो पक्षका निम्ति खुला हुने छैन । कसूरदारको मुद्दाको व्यवस्थापनमा प्रत्यक्ष सरोकार भएको व्यक्ति वा उचित रुपले अधिकारप्रदत्त अन्य व्यक्तिको मात्र यस्तो अभिलेखमा पहुँच रहनेछ ।

### ४. बचाउ दफा

बन्दीप्रति गर्नु पर्ने व्यवहारका न्यूनतम् मापदण्डको नियमावली, बाल न्याय प्रशासनसम्बन्धी राष्ट्र संघीय न्यूनतम् मापदण्डको नियमावली, जुनसुकै स्वरुपको थुनछेक वा कैद सजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त संग्रह वा कसूरदारहरुप्रति गर्नु पर्ने व्यवहार र उनीहरुको आधारभूत मानवअधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समुदायबाट मान्यताप्राप्त अन्य कुनै पनि अध्यालेख वा मापदण्डहरुलाई बाहेक गर्ने गरी यी नियमहरुको कुनै कुरालाई व्याख्या गरिने छैन ।

## २. पुर्पक्षपूर्वको चरण

### ५. पुर्पक्षपूर्वको निप्टारा

५.१ उपयुक्त र कानूनी व्यवस्थासँग अनुकूल भएसम्म समाजको संरक्षण, अपराध रोकथाम वा कानूनको सम्मान र पीडितको अधिकारको प्रवर्द्धनका निमित्त मुद्दाको कारवाही अगाडि बढाउन आवश्यक छैन भन्ने देखेमा प्रहरी, अभियोजन सेवा वा फौजदारी मामिला सम्हाल्ने अन्य निकायलाई कसूरदारलाई छुटकारा दिने अधिकार दिइनेछ । छुटकारा दिने कुराको उपयुक्तता वा कारवाही चलाउने निर्णय गर्ने प्रयोजनका लागि कानूनी व्यवस्थामा सोको स्थापित शर्त-आधारको एक समुच्चय (सेट) विकास गरिनेछ । सानातिना मामिलामा अभियोजनकर्ताले उपयुक्त गैरहिरासतीय उपाय लागू गराउन सक्नेछन् ।

### ६. पुर्पक्षपूर्व थुनछेकको परित्यज्यता

६.१ आरोपित कसूरदारको अनुसन्धान र समाज तथा पीडितको संरक्षणलाई उचित ध्यान पुऱ्याई पुर्पक्षपूर्वको थुनछेकलाई फौजदारी प्रक्रियामा अन्तिम साधनको रुपमा प्रयोग गरिनेछ ।

६.२ पुर्पक्षपूर्वको थुनछेक नियम ५.१ मा उल्लेख भएका उद्देश्यको प्राप्तिका निमित्त भन्दा बढीको लागि हुने छैन र मानवीयतासाथ र मानिसमा अन्तर्निहित मर्यादाको सम्मानका साथ लागू गरिनेछ ।

६.३ पुर्पक्षपूर्वको थुनछेक अवलम्बन गरिएको अवस्थामा सोउपर न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकार कसूरदारलाई रहनेछ ।

## ३. पुर्पक्ष तथा सजाय-निदान चरण

### ७. सामाजिक जाँचबुझ प्रतिवेदन

७.१ सामाजिक जाँचबुझको प्रतिवेदनको सम्भावना छ भने सक्षम र अधिकारप्राप्त अधिकारी वा निकायबाट तयार गरिएको प्रतिवेदन न्यायिक अधिकारीले स्वयं ग्रहण गर्न सक्नेछ । प्रतिवेदनमा कसूरदारको हालको कसूर र निजको कसूर गराईको स्वरुपसँग सान्दर्भिक हुने सामाजिक जानकारी रहनु पर्छ । सजाय-निदानको प्रक्रियासँग सम्बन्धित जानकारी र सुझावहरु पनि प्रतिवेदनमा समेटिएको हुनु पर्छ । प्रतिवेदनमा व्यक्त जुनसुकै विचार सुस्पष्ट पहिचानसाथ तथ्यपरक, वस्तुनिष्ठ र निष्पक्ष हुनेछ ।

### ८. सजाय–निदानको चाँजोपाँजो

८.१ गैरहिरासतीय उपायको किनारा गर्ने दायरामा न्यायिक अधिकारीले यससम्बन्धी निर्णय गर्दा कसूरदारको पुनर्स्थापनाको आवश्यकता, उपयुक्त अवस्थामा परामर्श गर्नु पर्ने पीडितको हित र समाजको संरक्षणलाई विचार गर्नु पर्छ ।

८.२ सजाय-निदान गर्ने अधिकारीले देहायका तरिकाद्वारा मुद्दा किनारा लगाउन सक्नेछन् :-

(क) नसिहत, सतर्क-आज्ञा वा चेतावनी जस्ता मौखिक सजाय

(ख) सशर्त छुटकारा

(ग) प्रतिष्ठा - दण्ड

(घ) जरिवाना र हाजिर - जरिवाना जस्ता आर्थिक निग्रह र मौद्रिक सजाय

(ङ) जफत वा जैजात-आदेश

(छ) सजाय - निलम्बन वा सजाय स्थगन

(ज) दण्ड परीक्षण (प्रोवेसन) र न्यायिक सुपरिवेक्षण

(झ) सामुदायिक सेवा-आदेश

(ञ) हाजिर - जमानी (कुनै केन्द्रमा उपस्थित हुने गरी पठाउने)
(ट) घरबन्दी (हाउस एरेस्ट)
(ठ) गैरसंस्थापनागत व्यवहारको कुनै तरिका
(ड) माथिका उपायहरु केहीको संयोजन ।

## ४. सजाय-निदानोत्तर चरण

### ९. सजाय–निदानपछिको चाँजोपाँजो

९.१ सक्षम अधिकारीलाई संस्थापनाकरण (इस्टिच्युसनलाइजेसन) छल्ने र कसूरदारको समाजमा चाँडो पुनःसम्मिलन गराउनका लागि सजाय निर्धारणपछि व्यापक दायरामा विकल्पहरु रहनेछन् ।

९.२ सजाय-निदान पछिका चाँजोपाँजोमा निम्न कुरा समावेश हुन सक्नेछन्ः
(क) बिदा र फिर्तीबास (हाफ वे हाउसेस)
(ख) श्रम वा शैक्षिक छुटकारा
(ग) दण्ड जमानी (प्यारोल) का अनेक स्वरुप
(घ) मिनाहा (रेमिसन)
(ङ) माफी

९.३ कसूरदारले निवेदन गरेमा माफीबाहेक अन्य चाँजोपाँजोउपर न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीद्वारा पुनरावलोकन हुनेछ ।

९.४ कुनै संस्थापनाद्वारा गैरहिरासतीय कार्यक्रममा छुट्ने कुनै पनि स्वरुप यथासम्भव अगिल्लो चरणमा विचार गरिनेछ ।

## ५. गैरहिरासतीय उपायको कार्यान्वयन

### १०. सुपरिवेक्षण

१०.१ सुपरिवेक्षणको परिलक्ष्य पुनः कसूर गर्ने कुरालाई घटाउने र कसूरदार पुनः अपराधतर्फ लाग्ने सम्भावनालाई न्यूनीकरण गर्ने किसिमले निजको समाजमा पुनःसम्मिलनलाई सहयोग पुर्‍याउने हो ।

१०.२ गैरहिरासतीय उपायले सुपरिवेक्षणलाईसमेत समेटेमा यस्तो सुपरिवेक्षण कानूनद्वारा तोकिएको खास शर्तअन्तर्गत सक्षम अधिकारीद्वारा सम्पादन हुनेछ ।

१०.३ निर्दिष्ट गैरहिरासतीय उपायको ढाँचाभित्र कसूरदारको कसूरलाई काम गर्ने गरी कसूरदारको हरेक पृथकपृथक मामिलालाई लक्षित गर्ने गरी सुपरिवेक्षण र व्यवहार सर्वोपयुक्त किसिमको

हुनु पर्छ । सुपरिवेक्षण र व्यवहारको आवधिक पुनरावलोकन हुनु पर्छ र अवश्यकताअनुसार समायोजन गरिनु पर्छ ।

१०.४ कसूरदारहरुलाई आवश्यक भएअनुसार समुदायसँगको सम्पर्क सुदृढ गर्न र उनीहरुको सामाजिक पुनःसम्मिलनलाई सहज बनाउन मनोवैज्ञानिक, सामाजिक र भौतिक सरसहायता तथा अवसरहरु उपलब्ध गराइनु पर्छ ।

## ११. अवधि

११.१ गैरहिरासतीय उपायको अवधि कानूनअनुसार सक्षम अधिकारीले कायम गरेको अवधिभन्दा बढी हुने छैन ।

११.२ कसूरदारले उपायलाई अनुकूल हुने गरी सार्थक बनाएमा तोकिएको अवधि पहिल्यै पनि अन्त्य हुने प्रावधान राख्न सकिनेछ ।

## १२. शर्त–अवस्था

१२.१ कसूरदारले पालना गर्नु पर्ने शर्त वा अवस्था सक्षम अधिकारीले निर्धारण गर्ने भएमा समाजको आवश्यकता र कसूरदार तथा पीडितको अधिकार र आवश्यकता दुवैलाई ध्यान दिनु पर्छ ।

१२.२ पालना गर्नु पर्ने शर्त-अवस्था व्यवहारिक, छरितो र यथाशक्य थोरै तथा कसूरदारमा आपराधिक बानीबेहोरा बल्भिने सम्भावनालाई घटाउने र पीडितको अवश्यकतामा ध्यान दिई कसूरदारको सामाजिक पुनःसम्मिलनको अवसर बढाउनेतर्फ लक्षित हुनेछ ।

१२.३ गैरहिरासतीय उपाय लागू गर्दाको सुरू अवस्थामा कसूरदारले लिखित र मौखिक रुपमा कसूरदारको दायित्व र अधिकारसहित सो उपायलाई व्यवस्थित गर्ने शर्त-अवस्थाको स्पष्ट खोलुवा वा स्पष्टीकरण प्राप्त गर्नेछ ।

१२.४ कसूरदारले गरे-देखाएको प्रगतिअनुसार स्थापित वैधानिक प्रावधानअन्तर्गत सक्षम अधिकारीले शर्त अवस्थालाई फेरबदल गर्न सक्नेछ ।

## १३. उपचार प्रकृया

१३.१ निर्दिष्ट गैरहिरासतीय पद्धतिको ढाँचाभित्र कसूरदारका आवश्यकताहरु प्रभावकारी रुपले पुरा गर्न उपयुक्त मामिलामा बिषयकार्य (केस-वर्क), समुह-उपचार (ग्रुपथेरापी) आवासीय कार्यक्रम र विविध वर्गका कसूरदारहरुका लागि विशिष्टीकृत उपचार प्रकृयाका अनेक योजना विकास गर्नु पर्छ ।

१३.२ उचित तलिम पाएका र व्यवहारिक अनुभव भएमा व्यवसायिक व्यक्तिहरुबाट उपचार-प्रकृया सञ्चालन गरिनु पर्छ ।

१३.३ उपचार प्रकृया आवश्यक छ भनेर निर्णय गरिएका अवस्थामा कसूरदारको पृष्ठभूमि, व्यक्तित्व, अन्तरवृत्ति, चातुर्य, मूल्यमान्यता र विशेष गरी अपराधतिर डोऱ्याउने परिवेश बुझ्न प्रयत्न गर्नु पर्छ ।

१३.४ गैरहिरासतीय उपायको कार्यान्वयन सक्षम अधिकारीले समुदाय र सामाजिक सहयोग व्यवस्थालाई समावेश गराउन सक्नेछन् ।

१३.५ उपचार प्रकृयाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि व्यवस्थापकीय तहमा सकेसम्म व्यवहारिक हुने गरी कार्यबोझको व्यवस्था मिलाइनेछ ।

१३.६ सक्षम अधिकारीले हरेक कसूरदारको स्थिति अभिलेख (केस रेकर्ड) को स्थापना र व्यवस्थापन गर्नेछन् ।

### १४. अनुशासन र शर्त– अवस्थाको उल्लंघन

१४.१ कसूरदारद्वारा भएको शर्त अवस्थाको उल्लंघनको परिणाम गैरहिरासतीय उपायको फेरबदल वा खारेजी हुन सक्नेछ ।

१४.२ गैरहिरासतीय उपायको फेरबदल वा खारेजी सक्षम अधिकारीबाट हुनेछ र सुपरिवेक्षण अधिकृत र कसूरदार दुवैले पेश गरेका तथ्यहरुको सावधानीपुर्वक छानविन पछिमात्र सो कार्य गरिनेछ ।

१४.३ गैरहिरासतीय उपायको असफलता स्वतः हिरासतीय पद्धति लागू गर्न उन्मुख हुनु हुँदैन ।

१४.४ गैरहिसातीय उपायको फेरबदल वा खारेजको क्रममा सक्षम अधिकारीले वैकल्पिक गैरहिरासतीय उपाय स्थापित गर्न प्रयास गर्नेछन् । अन्य उपयुक्त विकल्पको अभावमा मात्र कारावासको सजाय लगाउन सकिनेछ ।

१४.५ शर्त अवस्थाको उल्लंघनमा सुपरिवेक्षणअन्तर्गतको कसूरदारलाई पक्राउ गर्ने र थुन्ने अधिकार कानूनद्वारा तोकिनेछ ।

१४.६ गैरहिरासतीय उपायको फेरबदल वा खारेजउपर न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकार कसूरदारलाई हुनेछ ।

## ६. कर्मचारी

### १५. भर्ना

१५.१ कर्मचारीको भर्नामा जातजाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उद्भव, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा भेदभाव गरिने छैन । कर्मचारीको भर्नासम्बन्धी नीतिले सकारात्मक कदमका राष्ट्रिय नीतिहरुलाई ध्यान दिनु पर्छ र सुपरिवेक्षण हुनु पर्ने कसूरदारको विविधतालाई प्रतिविम्बित गर्नु पर्छ ।

१५.२ गैरहिरासतीय उपाय अवलम्बन गर्न नियुक्त व्यक्तिहरु व्यक्तिगत हिसाबले उपयुक्त र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालीम र व्यवहारिक अनुभव भएका हुनु पर्छ । यस्तो योग्यता स्पष्ट निर्धारित हुनु पर्छ ।

१५.३ योग्य व्यवसायिक कर्मचारी कायम गरी राख्न र थामी राख्न सेवाको उपयुक्त हैसियत, कामको प्रकृति अनुरुप पर्याप्त तलब र सरसुविधा सुनिश्चित हुनु पर्छ र व्यवसायिक उन्नयन र वित्तृ विकासका लागि प्रसस्त अवसर उपलब्ध हुनु पर्छ ।

## १६. कर्मचारी–तालीम

१६.१ कसूरदारलाई पुनर्स्थापित गर्ने, कसूरदारका अधिकार सुनिश्चित पार्ने र समाजलाई संरक्षण गर्ने सम्बन्धमा कर्मचारीको उत्तरदायित्व सुस्पष्ट बनाउने कर्मचारी-तालीमको उद्देश्य हुनेछ। तालीमले कर्मचारीलाई सम्बन्धित अन्य निकायहरुसँग सरसहयोग गर्ने र क्रियाकलापको समन्वयको आवश्यकताबारे सुझबुझ पनि दिलाउनु पर्छ।

१६.२ सेवा सुरू गर्नु पूर्व कर्मचारीलाई गैरहिरासतीय उपायहरुको प्रकृति, सुपरिवेक्षणको परिलक्ष्य र गैरहिरासतीय उपायको कार्यान्वयनका विविध ढाँचा वा स्वरुपका बारेमा निर्देशन समावेश भएको तालीम दिइनेछ।

१६.३ सेवा सुरू गरिसकेपछि सेवाकालीन तालीम र पुनःताजगी तालीममा सहभागी भएर कर्मचारीले आफ्नो ज्ञान र व्यवसायिक क्षमता कायम राख्ने तथा सुधार गर्नेछन्।

# ७. स्वयम्सेवक र अन्य सामुदायिक श्रोतसाधन

## १७. जनसहभागिता

१७.१ जनसहभागितालाई एक प्रमुख श्रोत र गैरहिरासतीय उपाय अवलम्बन गरिरहेको कसूरदार र परिवार तथा समुदायबीचको सम्बन्ध सुधार्ने महत्वपूर्ण तत्वका रुपमा प्रोत्साहित गर्नु पर्छ। यसले फौजदारी न्याय प्रशासनको प्रयासलाई परिपुरकको काम गर्नु पर्छ ।

१७.२ जनसहभागितालाई आफ्नो समाजको संरक्षणमा योगदान पुऱ्याउन समुदायका सदस्यहरुका लागि एक अवसर मानिनु पर्छ।

## १८. आमबुझाई र सरसहयोग

१८.१ गैरहिरासतीय उपायको प्रवर्द्धन गर्ने स्वयंसेवी संघसंस्थालाई मद्दत गर्न सरकारी निकाय, निजी क्षेत्र र सर्वसाधारणलाई उत्प्रेरित गर्नु पर्छ।

१८.२ गैरहिरासतीय उपायको कार्यान्वयनमा जनसहभागिताको आवश्यकताबारे जनचेतना तीव्र पार्न सभा, सम्मेलन, भेला, सेमिनार र अन्य क्रियाकलाप नियमित रुपमा आयोजना गर्नु पर्छ।

१८.३ गैरहिरासतीय व्यवहारको बृहत् कार्यान्वयन र कसूरदारको सामाजिक पुनःसम्मिलनका लागि अनुकूल क्रियाकलापतर्फ डोऱ्याउने रचनात्मक सार्वजनिक प्रवृति (पब्लिक एटिच्युड) सिर्जना गर्न सघाउ पुऱ्याउनका लागि आमसञ्चारका सबै स्वरुपको उपयोग गर्नु पर्छ।

१८.४ गैरहिरासतीय उपायको तात्पर्यमा सर्वसाधारणको भूमिकाको महत्वबारे जानकारी गराउन हरप्रयास गर्नु पर्छ।

१९. **स्वयंसेवक**

१९.१ समाविष्ट कामप्रतिको प्रवृत्ति (एप्टिच्युड) र रुचिका आधारमा स्वयंसेवकहरु सावधानीपूर्वक छनोट र नियुक्ति गरिनेछ। बहन गर्नु पर्ने कार्यका बारेमा उनीहरुलाई राम्ररी तालीम दिइनेछ र सक्षम अधिकारीबाट मद्दत र सरसल्लाह पाउने तथा यस्ता अधिकारीसँग परामर्श गर्ने कुरा उनीहरुलाई सुलभ हुनेछ।

१९.२ सरसल्लाह उपलब्ध गराएर र आफ्नो क्षमता तथा कसूरदारको आवश्यकताअनुसार सहयोगका अन्य अन्य रुपद्वारा कसूरदार र उनीहरुका परिवारलाई समुदायसँग सार्थक सम्बन्ध विकास गर्न र सम्पर्क विस्तार गर्न स्वयंसेवकले प्रोत्साहन गर्नु पर्छ।

१९.३ कर्तव्य पालनाका क्रममा हुने दुर्घटना, चोटपटक र सार्वजनिक दायित्वका सम्बन्धमा स्वयंसेवकहरुको बिमा हुनेछ। सुम्पिएको काम गर्दाका क्रममा भएको अख्तियार गरिएअनुसारको खर्चको उनीहरुलाई सोधभर्ना दिइनेछ। उनीहरुले समुदायको भलाईमा दिएको सेवाका लागि सार्वजनिक मान्यताको विस्तार गर्नु पर्छ।

## ८. अनुसन्धान, योजना तर्जुमा, नीति निर्माण तथा मूल्याङ्कन

२० **अनुसन्धान र योजना तर्जुमा**

२०.१ योजना तर्जुमा प्रक्रियाको अत्यावश्यक पक्षका रुपमा कसूरदारलाई गरिने गैरहिरासतीय व्यवहारबारे अनुसन्धानका तत्वाधान र प्रवर्द्धनमा सार्वजनिक तथा निजी दुवै क्षेत्रका अङ्गहरुलाई सहभागी गराउन प्रयत्न गर्नु पर्छ।

२०.२ पक्ष, व्यावसायिक अभ्यासकर्ता, समुदाय र नीति निर्माताहरुले भोग्नु परेका समस्याका बारेमा नियमित तरिकाले अनुसन्धान गर्नु पर्दछ।

२०.३ कसूरदारप्रतिको गैरहिरासतीय व्यवहारको कार्यान्वयनसम्बन्धी तथ्याङ्कको सङ्कलन तथा विश्लेषणका निमित्त फौजदारी न्याय प्रणाली मै अनुसन्धान तथा सूचना संयन्त्र निमार्ण गर्नु पर्छ।

२१. **नीतिनिर्माण तथा कार्यक्रम विकास**

२१.१ गैरहिरासतीय उपायका कार्यक्रमहरुको व्यवस्थित रुपले योजना तर्जुमा गर्नु पर्छ र राष्ट्रिय विकास प्रक्रियाभित्र फौजदारी न्याय प्रणलीको एकिकृत अंशका रुपमा कार्यान्वयन गर्नु पर्छ।

२१.२ गैरहिरासतीय उपायहरुको अझ प्रभावकारी रुपले कार्यान्वयन गर्ने दृष्टिले नियमित मूल्याङ्कन गरिराख्नु पर्छ ।

२१.३ गैरहिरासतीय उपायहरुको उद्देश्य, कार्यरुप र प्रभावकारिताको लेखाजोखा गर्न आवधिक पुनरालोकन सम्पन्न गर्नु पर्छ ।

## २२. सम्बन्धित निकाय र क्रियाकलापसँगको सम्बन्ध

२२.१ गैरहिरासतीय उपायको जिम्मेवारी रहेको सेवाहरु, फौजदारी न्यायका अन्य अङ्गहरु र सरकारी तथा गैरसरकारी दुवै तवरका स्वास्थ्य, आवास, शिक्षा तथा श्रम र आमसञ्चार जस्ता क्षेत्रका सामाजिक विकास तथा कल्याणकारी निकायहरुकाबीचमा सर्म्पक-सम्बन्ध सहज बनाउनका लागि विभिन्न तहमा उपयुक्त संयन्त्र सक्रिय पारिनु पर्छ ।

## २३. अन्तर्राष्ट्रिय सररहयोग

२३.१ गैरसंस्थापनागत उपचारका क्षेत्रमा राष्ट्रहरु बीच वैज्ञानिक सरसहयोग प्रवर्द्धन गर्न प्रयत्न गरिनेछ । सदस्य राष्ट्रहरुबीचमा गैरहिरासतीय उपायसम्बन्धी अनुसन्धान, तालीम, प्राविधिक सहयोग र सूचना आदानप्रदानको कार्य संयुक्त राष्ट्र संघको सचिवालयको सामाजिक विकास तथा मानवीय मामिला केन्द्रको अपराध रोकथाम तथा फौजदारी न्याय शाखाको घनिष्ट समन्वयमा अपराधको रोकथाम र कसूरदारप्रतिको व्यवहारसम्बन्धी राष्ट्र संघीय संस्थापनाहरुमार्फत सुदृढ पार्नु पर्छ ।

२३.२ गैरसंस्थापनागत विकल्पहरुको दायरा फराकिलो पार्ने र सशर्त सजाय पाएका तथा सशर्त छुटकारा पाएका कसूरदारहरुको सुपरिवेक्षणको स्थानान्तरणसम्बन्धी नमूना सन्धिअनुसार राष्ट्रिय सीमापारसम्म ती विकल्पहरुको प्रयोगलाई सहज बनाउन तुलनात्मक अध्ययन र वैधानिक प्रावधानहरुको समायोजनलाई बढाउनु पर्छ ।

# फौजदारी न्याय प्रणालीमा बालबालिकासम्बन्धी कार्यमूलक मार्गदर्शन, १९९७

आर्थिक तथा सामाजिक परिषद,
महासभाको २२ डिसेम्बर १९९५ को न्याय प्रशासनमा मानवअधिकारसम्बन्धी सङ्कल्पलेख ५०/१८१, मानवअधिकार आयोगका बालअधिकारसम्बन्धी २४ अप्रिल १९९६, १/ को १९९६/८५ र ११ अप्रिल १९९७, २/१९९७/४४ सङ्कल्पलेखहरू, र अपराधको रोकथाम तथा कसूरदारप्रतिको व्यवहारसम्बन्धी संयुक्त राष्ट्र संघीय नवौँ कंग्रेसको सङ्कल्पलेख ७, ३/ को सम्झना गर्दै,

बाल न्याय प्रशासनसम्बन्धी २३ जुलाई १९९६ को आफ्नै सङ्कल्पलेख १९९६/१३ को पनि पुनःस्मरण गर्दै,

मानवअधिकार आयोगको १९ अप्रिल १९९६ को विशेषतः थुनामा रहेका बालबालिका र बालबिज्याँईकर्ताका सन्दर्भमा, न्याय प्रशासनमा मानवअधिकारसम्बन्धी सङ्कल्पलेख १९९६/३२ को थप सम्झना गर्दै,

सल्लाहकारी सेवा तथा प्राविधिक सरसहयोगका व्यवस्था लगायत सचिवालय र अन्य संयुक्त राष्ट्र संघीय निकायका कामकारवाहीमार्फत बालअधिकारसम्बन्धी समितिले बाल न्यायको प्रशासनको प्रश्नमा खास महत्व दिएको र बाल न्याय प्रणालीहरूको सुधारका सम्बन्धमा यसले ठोस सुझाव सिफारिस गरेको तथ्यलाई स्वागत गर्दै,

यस्ता सिफारिसहरूको कार्यान्वयनमा राज्यहरूलाई सघाउन सल्लाहकारी सेवा तथा प्राविधिक सरसहयोग कार्यक्रमको महत्वलाई ख्याल गर्दै,

बाल न्यायमा अन्तर्राष्ट्रिय मापदण्ड र प्रतिमानहरूको प्रभावकारी प्रयोग तथा प्रचलन प्रवर्धन गर्ने कार्यमूलक कार्यक्रमको विस्तारसम्बन्धी विशेषज्ञ समुहको २३ देखि २५ फेब्रुअरी १९९७ को बैठक भियनामा सम्पन्न गर्न गरेको आतिथ्यताका लागि अस्ट्रिया सरकारको प्रशंसा गर्दै,

बाल न्यायका क्षेत्रमा अन्तर्राष्ट्रिय सरसहयोग तथा प्राविधिक सहायताको थप सुदृढिकरणको आवश्यकता महसुस गर्दै,

१ अपराधको रोकथाम तथा फौजदारी न्यायसम्बन्धी आयोगले उसको छैटौँ सदनद्वारा संशोधित आर्थिक तथा सामाजिक परिषदको सङ्कल्पलेख १९९६/१३ को प्रत्युक्तिस्वरूप बाल न्यायमा अन्तर्राष्ट्रिय

मापदण्ड र प्रतिमानहरूको प्रभावकारी प्रयोग तथा प्रचलन प्रवर्धन गर्न कार्यमूलक कार्यक्रमको विस्तारसम्बन्धी विशेषज्ञ समुहको २३ देखि २५ फेब्रुअरी १९९७ को भियना बैठकबाट विस्तार गरिएको यस सङ्कल्पलेखमा सूचीवद्ध गरिएको फौजदारी न्याय प्रणालीमा बालबालिकासम्बन्धी कार्यमूलक मार्गदर्शनको स्वागत गर्दछ, र बाल न्यायको हकमा बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरूको कार्यान्वयनमा मार्गदर्शनको प्रयोग गर्नका लागि सम्बन्धित सबै पक्षहरूलाई आह्वान गर्दछ;

२ बालअधिकारसम्बन्धी महासन्धिका बाल न्यायसम्बन्धी प्रावधानको पूर्ण कार्यान्वयन साथसाथै बाल न्यायसम्बन्धी संयुक्त राष्ट्र संघीय मापदण्ड तथा प्रतिमानहरूको प्रभावकारी प्रयोग तथा प्रचलन गराउने दृष्टिले बाल न्यायका क्षेत्रको राष्ट्रिय क्षमता तथा पूर्वाधारको सुदृढिकरणका लागि विशेषतः संयुक्त राष्ट्र संघीय अपराध निवारण तथा फौजदारी न्याय कार्यक्रम लगायत संयुक्त राष्ट्र संघीय कार्यक्रममार्फत उपलब्ध गराइने प्राविधिक सहयोगको सदुपयोग गर्न सदस्य राज्यहरूलाई प्रोत्साहित गर्दछ;

३ बाल न्यायका सम्बन्धमा सदस्य राज्यहरूद्वारा अनुरोध गरिएका प्राविधिक सहयोगका अनुरोधहरूमा सोहीअनुकूल विचार गर्न सचिवालयको अपराध निवारण तथा फौजदारी न्याय महाशाखा, संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, संयुक्त राष्ट्र संघीय बालकोष र अन्य संयुक्त राष्ट्र संघीय निकाय तथा कार्यक्रमहरूलाई आग्रह गर्दछ;

४ कार्यमूलक मार्गदर्शनको प्रयोगलाई टेवा पुऱ्याउनका लागि तय गरिएका परियोजनागत क्रियाकलापका लागि वित्तीय तथा अन्य श्रोतसाधनगत योगदान गर्न सदस्य राष्ट्रहरूलाई आह्वान गर्दछ;

५ विशेष गरी अनुसन्धान, सूचना प्रवाह, तालीम तथा विद्यमान मापदण्ड तथा प्रतिमानको प्रभावकारी प्रयोग तथा प्रचलनका साथसाथै प्राविधिक सहयोगका परियोजनाको कार्यान्वयनसँग सम्बन्धित बालबिज्याँईको रोकथाम लगायत बाल न्यायको क्षेत्रका क्रियाकलापको प्रणालीगत समन्वय सुदृढ गर्न महासचिवलाई आमन्त्रण गर्दछ;

६ नियमिति बजेट कोषका अधीनमा रही, कार्यमूलक मार्गदर्शनमा सिफारिस गरिएअनुसार बाल न्यायको क्षेत्रका अन्तर्राष्ट्रिय क्रियाकालपको समन्वय गर्ने दृष्टिले कम्तीमा वर्षमा एक पटक बैठक गर्ने गरी बालअधिकार समिति, संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र र सचिवालयको अपराध निवारण तथा फौजदारी न्याय महाशाखाका प्रतिनिधिसहित अपराध निवारण तथा फौजदारी न्याय कार्यक्रम सञ्जाल, संयुक्त राष्ट्र संघीय बालकोष, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, अन्य सम्बद्ध संयुक्त राष्ट्र संघीय विशिष्टीकृत संगठनका साथसाथै इच्छुक अन्तरसरकारी, गैरसरकारी, क्षेत्रीय तथा प्राज्ञिक संस्थाहरूको सहभागिता रहेको बाल न्यायसम्बन्धी प्राविधिक सल्लाह र सहयोग समन्वय मण्डल (प्यानल) स्थापना गर्ने कुरामा विचार गर्न महासचिवलाई आह्वान गर्दछ।

७ नियमिति बजेट कोषका अधीनमा रही र इच्छुक सरकारको सहयोग लिई, बालअधिकार समितिको सिफारिसअनुसार अनुरोधकारी राज्यमा बाल न्यायको क्षेत्रमा सुधार गर्ने दृष्टिले, संयुक्त पहलमा

आवश्यकताअनुसार संयुक्त राष्ट्र संघीय अपराध निवारण तथा फौजदारी न्याय महाशाखा, मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्र संघीय बालकोष, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन, विश्व बैङ्क साथसाथै अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्था, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरू लगायत बाल न्यायका सवालसँग सम्बन्धित अन्तर्राष्ट्रिय सञ्जाललाई सहभागी गराई, अनुच्छेद ७ अनुसार गठित कुनै मण्डलको सल्लाहअनुसार आवश्यकता लेखाजोखा नियोग सञ्चालित गर्न महासचिवलाई आह्वान गर्दछ ।

८ ती संघसंस्थाहरूका साथसाथै इच्छुक सरकारलाईसमेत, नियमिति बजेट कोषका अधीनमा रही, बालअधिकारसम्बन्धी महासन्धिका सदस्य राष्ट्रहरूलाई बालअधिकार समितिले सुधार हुनु पर्ने ठानेका ति संघसंस्थाहरूका बाल न्याय प्रणालीको सुधार गर्ने कुरामा लघु, मध्यम र दीर्घकालीन परियोजनामार्फत सहयोग उपलब्ध गराउन अनुरोध गर्दछ र यस्ता परियोजनाहरू सम्बन्धित राज्य पक्षहरूले महासन्धिको धारा ४४ बमोजिम महासन्धि कार्यान्वयन गर्ने सिलसिलामा केन्द्रित गर्न सिफारिस गर्दछ ।

९ यस सङ्कल्पलेखको कार्यान्वयन सुनिश्चित पार्ने दृष्टिले ती संघसंस्थाहरूका कार्यक्रममा बाल न्यायको हिस्सा समावेश गर्न अनुच्छेद ७ मा उद्धृत संगठनहरूका निर्देशक निकायहरूलाई आह्वान गर्दछ ।

१० संयुक्त राष्ट्र संघीय अपराध निवारण तथा फौजदारी न्याय आयोगसमक्ष द्वैबार्षिक रूपमा यस संकल्पलेखको कार्यान्वयनसम्बन्धी प्रतिवेदन गर्न महासचिवलाई अनुरोध गर्दछ ।

## अनुसूची

# फौजदारी न्याय प्रणालीमा बालबालिकासम्बन्धी कार्यमूलक मार्गदर्शन, १९९७

१ आर्थिक तथा सामाजिक परिषदको २३ जनवरी १९९६ को सङ्कल्पलेख १९९६/१३ मुताविक, वर्तमान **फौजदारी न्याय प्रणालीमा बालबालिकासम्बन्धी कार्यमूलक मार्गदर्शन** २३ देखि २७ फेब्रुअरी १९९७ मा भिएनामा अष्ट्रिया सरकारको वित्तीय सहयोगमा सम्पन्न विज्ञ समुहको बैठकबाट विकास गरिएको हो । यी मार्गदर्शनहरू तयार गर्दा विज्ञहरूले सरकारले व्यक्त गरेका दृष्टिकोण र प्रस्तुत गरेका सूचनालाई ध्यानमा राखेका थिए ।

२ विभिन्न क्षेत्रका एघार राज्यका २९ जना विज्ञ, मानवअधिकार केन्द्र, सचिवालय, बालअधिकार समिति, संयुक्त राष्ट्र संघीय बाल कोषका प्रतिनिधि साथै बाल न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका पर्यवेक्षकहरूले बैठकमा भाग लिएका थिए ।

३ यी मार्गदर्शनहरू, कार्यान्वयनका हकमा संयुक्त राष्ट्र संघका महासचिव, सम्बन्धित संयुक्त राष्ट्र संघीय निकाय र कार्यक्रमहरू, बालअधिकारसम्बन्धी महासन्धिका राज्य पक्षहरू, साथसाथै बाल न्याय प्रशासनसम्बन्धी न्यूनतम् मापदण्डको नियमावली, बालबिज्याँई रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन, स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणका लागि संयुक्त राष्ट्र संघीय नियमहरू र यसपछि बाल न्यायका सम्बन्धमा उद्धृत संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानहरूको प्रचलनका हकमा राज्य पक्षहरूसमक्ष सम्बोधित छ ।

## अ. लक्ष्य, उद्देश्य र आधारभूत सोचविचार

४ यी मार्गदर्शनहरूको लक्ष्य देहायअनुसारका उद्देश्य हासिल गर्नका लागि ढाँचा उपलब्ध गराउनु हो :

(क) बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन गर्ने र बाल न्याय प्रशासनका सन्दर्भमा बालबालिकाको हकमा महासन्धिमा कायम गरिएका परिलक्ष्यहरूलाई अगाडि बढाउने, साथसाथै बाल न्यायसम्बन्धी संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानहरू र अपराध तथा अख्तियारीको दुरुपयोग पीडितको अधिकारसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र जस्ता सम्बन्धित अन्य अध्यालेखहरू प्रयोग गर्ने र लागू गर्ने;

(ख) बालअधिकारसम्बन्धी महासन्धि र सम्बन्धित अन्य अध्यालेखहरूको प्रभावकारी कार्यान्वयनका लागि राज्य पक्षहरूलाई सहयोगको व्यवस्था सहज बनाउने ।

५ कार्यमूलक मार्गदर्शनको प्रभावकारी प्रयोग सुनिश्चित पार्नका लागि सरकार, संयुक्त राष्ट्र संघीय प्रणालीका निकाय, गैरसरकारी संस्थाहरू, व्यावसायिक समुह, सञ्चार माध्यम, प्राज्ञिक संस्था, बालबालिका र नागरिक समाजका अन्य सदस्यहरू बीचको सरसहयोग अत्यावश्यक छ ।

६ कार्यमूलक मार्गदर्शन महासन्धिको कार्यान्वयन गर्ने अभिभारा महासन्धिको पक्ष रहेका राज्य पक्षहरू कै हो भन्ने सिद्धान्तमा आधारित हुनु पर्छ ।

७ कार्यमूलक मार्गदर्शनको प्रयोगको आधार बालअधिकार समितिका सिफारिसहरू हुनु पर्छ ।

८ कार्यमूलक मार्गदर्शनको प्रयोगमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा निम्नानुसार विचार पुऱ्याइनु पर्दछः

(क) महासन्धिमा रहेका नामैले लैङ्गिक संवेदनशीलतासहित, निर्विभेद; बालबालिकाको सर्वोत्तम हितको पालना; जीवन, जीविका र विकासको अधिकार; र बालबालिकाको दृष्टिकोणको सम्मान जस्ता चार महासिद्धान्तहरूसँग सुसङ्गत मानव मर्यादाको सम्मान;

(ख) अधिकारमूलक अभिमुखीकरण;

(ग) श्रोतसाधन र प्रयत्नहरूको अधिकतम्करणका माध्यमबाट समग्र कार्यान्वयन पद्धति;

(घ) अन्तरविषयक आधारमा सेवाहरूको ऐक्यीकरण (इन्टिग्रेसन);

(ङ) बालबालिका र समाजको सम्बन्धित क्षेत्रको सहभागिता;

(च) विकास प्रक्रियाका माध्यमबाट साझेदारको सवलीकरण;

(छ) बाह्य निकायसँगको निर्भरताको निरन्तरताबिनै दिगोपन;

(ज) उच्चतम् आवश्यकतामा रहेकाहरूमा समन्यायिक पहुँच र प्रचलन;

(झ) सञ्चालनमा उत्तरदायित्व र पारदर्शिता;

(ञ) प्रभावकारी रोकथाम तथा उपचारात्मक उपायहरूमा आधारित सुसक्रिय प्रत्युक्ति ।

९ पर्याप्त श्रोतसाधन (जनशक्तिगत, सांगठानिक, प्राविधिक, आर्थिक र सूचनाजन्य) छुट्याइनु पर्छ र सबै तह (अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय, प्रादेशिक र स्थानीय) मा सरकार, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था, व्यवसायिक समुह, सञ्चार माध्यम, शैक्षिक संस्था, नागरिक समाजका बालबालिका तथा अन्य सदस्य साथसाथै अन्य साझेदारहरूको सरसहयोग तथा सहकार्यमा ति श्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनु पर्छ ।

## आ. बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन र यसका परिलक्ष्य तथा बाल न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड तथा प्रतिमानहरूको प्रयोग तथा प्रचलनको अनुसरणका योजना

### क. आमप्रचलनका उपाय

१० बालबालिकाका सबै अधिकारहरूको अविभाज्यता र अन्तरनिर्भरताको सम्मानसाथ बाल न्यायको क्षेत्रमा विस्तृत र स्थिर राष्ट्रिय पद्धतिको पहिचानलाई मान्यता दिइनु पर्छ ।

११ नीति, निर्णय प्रक्रिया, नेतृत्व र सुधारसम्बन्धी उपायहरूः

(क) विशेषतः बालबालिकाको अधिकार प्रत्याभूत गर्ने, बालअधिकारको उल्लंघनको रोकथाम गर्ने, बालबालिकाको मर्यादा र सार्थकता प्रवर्धन गर्ने, र बालकालिकाको उमेर, विकासको चरण र समाजमा सार्थक रूपले सहभागी हुने र योगदान गर्ने अधिकारको पूर्णतः सम्मान गर्ने बाल केन्द्रित बाल न्याय प्रणालीको स्थापना गरेर राष्ट्रिय तथा स्थानीय कानून र अभ्यासमा बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन र यसका परिलक्ष्य तथा बाल न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड तथा प्रतिमानहरू पूर्णतः प्रतिविम्बित गर्ने;

(ख) उल्लिखित अध्यालेखहरूको सान्दर्भिक पाठहरू बालबालिकाहरुलाई सहज हुने भाषामा बालबालिकालाई व्यापक रूपमा जानकारी गराइनेछ । यसका अतिरिक्त, आवश्यक भएमा ति अध्यालेखहरूमा कायम गरिएका अधिकारहरू, कम्तीमा बालबालिकाले फौजदारी न्याय प्रणालीसँग पहिलोपल्ट सम्पर्कमा आउनु परेका अवस्थामा हरेक बालबालिकालाई उपलब्ध हुने कुरा सुनिश्चित गर्न र कानून मान्ने पर्ने निजको दायित्वको स्मरण गराउनका लागि कार्यविधि स्थापना गर्ने;

(ग) बाल न्यायमा संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानबमोजिम बाल केन्द्रित न्यायका भावना, लक्ष्य, सिद्धान्तबारे आमजनसमुदाय र आमसञ्चारको सुँझबुँझ प्रवर्धन गर्ने; सुनिश्चित गर्ने परिलक्ष्यसाथ अपनाइनु पर्छ ।

**ख. निर्दिष्ट लक्ष्य**

१२ राज्यहरूले बालबालिकाको जन्मदर्ता कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्नु पर्छ । न्याय प्रणालीमा संलग्न भएको बालबालिकाको उमेर थाहा नभएको मामिलामा त्यस्तो बालबालिकाको वास्तविक उमेर स्वतन्त्र र वस्तुगत लेखाजोखाद्वारा यकीन गर्ने कुरा सुनिश्चित पार्नका लागि उपायहरू अवलम्बन गरिनु पर्छ ।

१३ राष्ट्रिय कानूनले आपराधिक दायित्वको उमेर, नागरिक वयस्कता र सम्मतिको उमेर जतिसुकै परिभाषित गरेको भए पनि, राज्यहरूले अन्तर्राष्ट्रिय कानूनले, खास गरी महासन्धिको धारा ३, ३७ र ४० को व्यवस्थाद्वारा प्रत्याभूत गरेका बालबालिकाका सबै अधिकारहरूबाट लाभान्वित पार्ने कुरा सुनिश्चित गर्नु पर्छ ।

१४ देहायका बुँदामा खास ध्यान निर्दिष्ट गरिनु पर्छः

(क) विस्तृत बाल केन्द्रित न्याय प्रक्रिया हुनु पर्छ;

(ख) स्वतन्त्र विशेषज्ञ वा अन्य प्रकारको समुहले बाल न्यायसम्बन्धी विद्यमान तथा प्रस्तावित कानून र यसको बालबालिकामा पर्ने प्रभावको पुनरावलोकन गर्नु पर्छ;

(ग) फौजदारी दायित्वको कानूनी उमेरभन्दा तलको कुनै पनि बालबालिका फौजदारी अभियोजनको विषय हुनु हुँदैन ।

(घ) राज्यले फौजदारी कार्य गर्ने बालबालिका (बालबिज्याँईकर्ता) उपरको प्रारम्भिक अधिकार क्षेत्र भएका बाल अदालतको स्थापना गर्नु पर्छ र बालबालिकाका खासखास आवश्यकतालाई ध्यानमा राख्ने विशेष कार्यविधि तय गरिनु पर्छ । विकल्पका रूपमा, उपयुक्त भएसम्म नियमित अदालतले यस्तो कार्यविधिलाई समावेश गर्नु पर्छ । बाल अदालतबाहेकको अर्को अदालतमा बालबालिकालाई ल्याउनु पर्ने अवस्थाका लागि महासन्धिको धारा ३, ३७ र ४० बमोजिम बालबालिकाका अधिकार तथा संरक्षणको व्यवस्था गर्नका लागि आवश्यक भएअनुसार राष्ट्रिय विधायन तथा अन्य उपायहरूमा ध्यान दिइनु पर्छ ।

१५ विद्यमान कार्यविधिहरूको पुनरावलोकन गरिनु पर्छ र सम्भव भएसम्म कसूरको अभियोग लागेका युवा व्यक्तिहरूका लागि फौजदारी न्याय प्रणाली अवलम्बन गर्ने कुरा त्याग्नका लागि दिशान्तर वा परम्परागत फौजदारी न्याय प्रणालीको वैकल्पिक पहलको विकास गरिनु पर्छ । पुनः अपराध रोक्न र कसूरदार बालबालिकाको सामाजिक पुनर्स्थापना प्रवर्धन गर्नका लागि पुर्पक्षपूर्व, पूर्पक्ष र पुर्पक्षोत्तर सबै चरणमा विकल्प तथा शिक्षात्मक उपायहरूको बृहत्तर शृङ्खला राज्यभर उपलब्ध गराउनका लागि उपयुक्त पाइला चालिनु पर्छ । उपयुक्त हुनेसम्म, बालबालिका सामेल रहेका विवादहरूमा विशेषतः पीडित संलग्न हुने खालका मेलमिलाप र पुनर्स्थापकिय प्रक्रिया लगायत अनौपचारिक समाधानका संयन्त्रहरूको उपयोग गरिनु पर्छ । अवलम्वन गरिने विभिन्न उपायहरूमा कसूरदार बालबालिकाको भलाईको अनुकूल हुने हदसम्म परिवारलाई समावेश गराइनु पर्छ । राज्यहरूले त्यस्ता उपायहरू लागू गर्दा स्वच्छ पुर्पक्षको सम्मान र न्यूनतम् हस्तक्षेपको सिद्धान्तप्रति

विशेष आदर पुग्ने गरी वैकल्पिक उपायहरू महासन्धि, बाल न्यायमा संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमान, साथसाथै गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली) जस्ता अपराध रोकथाम तथा फौजदारी न्यायका विद्यमान मापदण्ड र प्रतिमानहरूसँग सुसङ्गत हुने कुरा निश्चित पार्नु पर्छ ।

१६ विशेष गरी, थुनामा परेको क्षेत्रबाटै हरेक बालबालिको यस्ता सहायताको पहुँच रहने अधिकारको व्यवहार मै सम्मान रहने कुरा सुनिश्चित गर्न चाहिएमा निःशुल्कै पाउने गरी कानूनी सहायता र दोभाषे उल्थाको सेवा जस्ता अन्य सहयोग उपलब्ध गराउनका लागि निकाय र कार्यक्रम खडा गर्ने कुरामा प्राथमिकता दिइनु पर्छ ।

१७ सडकमा बस्नु पर्ने अवस्थाका बालबालिका, पारिवारिक वातावरणबाट वञ्चित बालबालिका, अपाङ्गताग्रस्त बालबालिका, अल्पसंख्यक, आप्रवासी र आदिवासी मुलका बालबालिका र अन्य जाखिममा रहेका समुहका बालबालिका जस्ता विशेष संरक्षणात्मक उपायको आवश्यकतामा रहेका बालबालिकाको समस्या निवारण गर्ने कुरा सुनिश्चित गर्न उचित कार्य सुनिश्चित गरिनु पर्छ ।

१८ बन्द संस्थापनामा बालबालिकालाई राख्ने कुरा न्यून गरिनु पर्छ । बालबालिकाको त्यस्तो रखाई खालि महासन्धिको धारा ३७(ख) का प्रावधानअनुसार र अन्तिम उपायस्वरूप तथा थोरै समयावधिका लागि मात्र हुने गर्नु पर्छ । बाल न्याय र कल्याण प्रणालीमा शारीरिक सजाय पूर्ण निषेधित हुनु पर्छ ।

१९ स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षण गर्ने संयुक्त राष्ट्र संघीय नियमावली र महासन्धिको धारा ३७(घ) न्यायिक, प्रशासनिक वा अन्य सार्वजनिक अधिकारीको आदेशले बाहेक बालबालिकाले आफूखुसी बाहिरिन नपाउने जुनसुकै सार्वजनिक वा निजी दुवै बन्दोवस्तमा लागू हुन्छ ।

२० थुनिएको बालबालिका र निजका परिवार तथा समुदाय बीचको सम्पर्क कायम राख्नका लागि र निजको सामाजिक पुनःसम्मिलनलाई सहज बनाउनका लागि, बालबालिकाको सर्वोत्तम हितले अन्यथा निर्देश नगरेसम्म यस्ता बालबालिकाका नातेदार तथा बालबालिकाउपर बैधानिक सरोकार रहेका व्यक्तिको बालबालिकाको स्वतन्त्रता वञ्चित गरिएको संस्थापनासम्मको सजिलो पहुँच सुनिश्चित पार्ने कुरा महत्वपूर्ण हुन आउँछ ।

२१ आवश्यक भए, हिरासतीय सुविधाको अवस्थासम्बन्धी नियमित अनुगमन र प्रतिवेदन गर्ने स्वतन्त्र अङ्गको स्थापना गरिनु पर्छ । अनुगमन विशेष गरी स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षण गर्ने संयुक्त राष्ट्र संघीय नियमावली जस्ता बाल न्यायका संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानको ढाँचाभित्रबाट हुनु पर्छ । राज्यहरूले बालबालिकालाई अनुगमनकारी अङ्गसँग स्वतन्त्रतापूर्वक र गोप्यतासाथ कुराकानी गर्न दिनु पर्छ ।

२२ राज्यहरूले उपयुक्त भएसम्म, सम्बन्धित मानवीय, मानवअधिकार तथा अन्य संगठनहरूबाट हुने हिरासतीय सुविधामा पहुँचको अनुराधलाई सकारात्मक रूपले विचार गर्नु पर्छ ।

२३ फौजदारी न्याय प्रणालीमा रहेका बालबालिकाका सम्बन्धमा स्वतन्त्रताबाट वञ्चित बालबालिकामा प्रभाव पार्ने विशेष गरी अनुचित ग्रहण गराई र लम्बेतान बिलम्ब लगायतका प्रणालीगत सवालमा अन्तरसरकारी र गैरसरकारी संघसंस्था तथा अन्य इच्छुक पक्षहरूले उठान गरेका सरोकारहरूमा उचित ध्यान दिइनु पर्छ ।

२४ फौजदारी न्याय प्रणालीका बालबालिकासँग सम्पर्कमा रहेका वा अभिभारा लिएका सबै व्यक्तिहरूले तालीमको एकीकृत अङ्गका रूपमा मानवअधिकार, महासन्धि र बाल न्यायका अन्य संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानहरूका सिद्धान्त तथा प्रावधानबारे शिक्षा र प्रशिक्षण पाउनु पर्छ । यस्ता व्यक्तिहरूमा स्वतन्त्रताबाट वञ्चित बालबालिका रहने संस्थापनासँग सम्बद्ध रहने प्रहरी र अन्य कानून कार्यान्वयन कर्मचारी, न्यायाधीश, न्यायायुक्त, अभियोक्ता, कानून व्यवसायी र प्रशासक, कारागार अधिकारी र अन्य व्यवसायी र बाल न्यायसँग सरोकार रहेका स्वास्थ्य कर्मचारी, सामाजिक कार्यकर्ता, शान्ति कायमकर्ता र अन्य व्यवसायी समेटिन्छन् ।

२५ विद्यमान अन्तर्राष्ट्रिय मापदण्डलाई ध्यानमा राख्दै, बालबालिकाका मौलिक अधिकार र स्वतन्त्रताको मनसायपूर्ण हनन् गरेको अधिकारीविरुद्ध लाग्ने आरोपहरूको शीघ्र, पूर्ण र निष्पक्ष अनुसन्धान सुनिश्चित पार्नका लागि राज्यहरूले संयन्त्रको स्थापना गनु पर्छ । अनि, त्यसमा जिम्मेवार देखिएकालाई उचित रूपले सजायको भागीदार बनाइने कुरा पनि राज्यहरूले निश्चित पार्नु पर्छ ।

## ग. अन्तर्राष्ट्रिय स्तरमा अपनाइनु पर्ने उपायहरू

२६ बाल न्यायलाई संयुक्त राष्ट्र संघीय ढाँचाभित्रका प्रणालीगत कार्य लगायत अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय रूपमा उचित ध्यान दिनु पर्छ ।

२७ यस क्षेत्रका सबै निकायहरू, खास गरी सचिवालयको अपराध निवारण तथा फौजदारी न्याय महाशाखा, मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्र संघीय बालकोष, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन, र विश्व स्वास्थ्य संगठनका बिचमा घनिष्ठ सरसहयोग आदानप्रदानको तीब्र आवश्यकता छ । यस अतिरिक्त, विश्व बैंक साथसाथै अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्था, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरूलाई बाल न्यायका क्षेत्रमा सल्लाहकारी सेवा र प्राविधिक सहायताका लागि आह्वान गरिन्छ । अतः यस्ता सरसहयोग, विशेषतः शोध अनुसन्धान, सूचनाको प्रवाहको बिस्तार, तालीम, महासन्धिको कार्यान्वयनको अनुगमन तथा विद्यमान मापदण्डको प्रचलन साथसाथै बाल न्यायसम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय सञ्जालको सदुपयोग गर्ने जस्ता प्राविधिक सल्लाह र सहयोग कार्यक्रमका व्यवस्थाका हकमा सुदृढ बनाइनु पर्छ ।

२८ बालअधिकारसम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयन साथसाथै प्राविधिक सरसहयोग तथा सल्लाहकारी सेवामार्फत अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रचलनका कार्यक्रमहरूलाई थुनामा बालबालिकाको मानवअधिकारको संरक्षण तथा प्रवर्धन, कानूनको शासनको सुदृढिकरण र बाल

न्याय प्रणालीको प्रशासनिक सुधारसँग सम्बन्धित देहायका पक्षहरूमा विशेष ध्यान दिँदै सुनिश्चित गरिनु पर्छः

(क) कानूनी सुधारमा सहयोग;

(ख) राष्ट्रिय क्षमता तथा पूर्वाधारको सुदृढीकरण;

(ग) प्रहरी तथा अन्य कानून कार्यान्वयन अधिकारी, न्यायाधीश, न्यायायुक्त, अभियोक्ता, कानून व्यवसायी, प्रशासक, कारागार अधिकारी र बालबालिकालाई स्वतन्त्रताबाट वञ्चित गरी राखिने संस्थापनाका अन्य व्यवसायी, स्वास्थ्य कर्मचारी, सामाजिक कार्यकर्ता, शान्ति कायमकर्ता र बाल न्यायसँग सरोकार राख्ने अन्य पेशा व्यवसायीहरूका लागि तालीम कार्यक्रम;

(घ) प्रशिक्षण सामग्रीको तयारी;

(ङ) बाल न्यायमा आफ्ना अधिकारका बारेमा बालबालिकालाई सुसूचित गर्नका लागि सूचना तथा शिक्षा सामग्रीको तयारी;

(च) सूचना तथा व्यवस्थापन प्रणालीको विकासमा सहायता ।

२९ शान्ति निर्माण तथा द्वन्द्वोत्तर वा अन्य आपत्कालीन अवस्थाका पीडित तथा पीडकका रूपमा बालबालिका समस्या लगायत शान्ति कायम गर्न सञ्चालित अवस्थामा बालबालिकाको अधिकारको संरक्षणलाई दृष्टिगत गरी सचिवालयका अपराध रोकथाम तथा फौजदारी न्याय महाशाखा र शान्ति कायम सञ्चालन विभाग बीच घनिष्ट सरसहयोग आदानप्रदान कायम राखिनु पर्छ ।

## घ. प्राविधिक सल्लाह तथा सहायता परियोजनाहरूको कार्यान्वयनका लागि संयन्त्र

३० महासन्धिको धारा ४३, ४४ र ४५ बमोजिम बालअधिकार समितिले महासन्धिको कार्यान्वयनसम्बन्धी राज्य पक्षका प्रतिवेदनहरूको समीक्षा गर्दछ । धारा ४४ अनुसार महासन्धिअन्तर्गतका दायित्यहरूको परिपूर्तिको मात्रालाई असर पार्ने कुनै तत्व वा कठिनाई भएमा यी प्रतिवेदनहरूले औंल्याउनु पर्छ ।

३१ महासन्धिका राज्य पक्षहरूलाई आफ्ना प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरूमा महासन्धिका प्रावधानहरूको कार्यान्वयनसम्बन्धी विस्तृत सूचना, सूचनावली (डाटा) र सूचकहरू साथसाथै बाल न्यायका संयुक्त राष्ट्र संघीय मापदण्ड र प्रतिमानहरूको प्रयोग तथा प्रचलनबारे जानकारी उपलब्ध गराउन आह्वान गरिएको छ ।

३२ महासन्धिअन्तर्गतका आफ्नो दायित्व पूरा गर्ने क्रममा राज्य पक्षहरूबाट भएका प्रगतिको जाँच प्रक्रियाको नतिजास्वरूप, समितिले महासन्धिसँगको पूर्ण तालमेल सुनिश्चित गर्नका लागि महासन्धिको धारा ४५(घ) अनुसार राज्य पक्षलाई सुझाब र आमसिफारिस गर्न सक्छ । महासन्धिको प्रभावकारी कार्यान्वयनलाई बढाउन र बाल न्यायका क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहित गर्नका का लागि समितिले, उपयुक्त देखेसम्म, सल्लाहकारी सेवा र प्राविधिक सहायताको अनुरोध रहेका वा सोको आवश्यकता औँल्याइएका राज्य पक्षका कुनै पनि प्रतिवेदनलाई, त्यस्तो अनुरोध वा इशारामा महासन्धिको धारा ४५(ख) अनुसार समितिका कुनै कथन र सुझाब भए सोसहित विशिष्टीकृत निकाय, संयुक्त राष्ट्र संघीय बालकोष र अन्य सक्षम अङ्गसमक्ष पठाउन सक्छ ।

३३ यसै गरी, राज्य पक्षको प्रतिवेदन र समितिको समिक्षा प्रक्रियाले, संयुक्त राष्ट्र संघीय प्राविधिक सल्लाह तथा सहायता कार्यक्रम वा ती विशिष्टीकृत निकायको सहायतामार्फत बाल न्यायको क्षेत्रमा सुधारको सुरुआत गर्न आवश्यक भएको कुनै कुरा खुलासा गरेमा राज्य पक्षले अपराध रोकथाम तथा फौजदारी न्याय महाशाखा, मानवअधिकार केन्द्र तथा संयुक्त राष्ट्र संघीय बालकोषको सहायता लगायत यस्तो सहायताको अनुरोध गर्न सक्छ ।

३४ यस्ता अनुरोधहरूको प्रत्युक्तिमा पर्याप्त सहायता उपलब्ध गराउनका लागि महासचिवले बार्षिक एक पटक आह्वान गर्ने गरी बाल न्यायमा प्राविधिक सल्लाह र सहायतासम्बन्धी समन्वय मण्डलको स्थापना गरिनु पर्छ । समन्वय मण्डलमा महाशाखा, मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, संयुक्त राष्ट्र संघीय बालकोष, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, बालअधिकार समिति, संयुक्त राष्ट्र संघीय अपराध रोकथाम तथा फौजदारी न्याय कार्यक्रम सञ्जालमा रहेका संस्थापना र अन्य सान्दर्भिक संयुक्त राष्ट्र संघीय निकायका साथसाथै अनुच्छेद ३९ बमोजिम प्राविधिक सल्लाह र सहायताको व्यवस्थामा संलग्न बाल न्यायसम्बन्धी अन्तर्राष्ट्रिय सञ्जाल र अन्य इच्छुक अन्तरसरकारी, क्षेत्रीय तथा गैरसरकारी संघसंस्था तथा प्राज्ञिक संस्थाहरूका प्रतिनिधिहरू रहनु पर्छ ।

३५ समन्वय मण्डलको प्रथम बैठक अगावै बाल न्यायको क्षेत्रमा थप अन्तर्राष्ट्रिय सहयोगलाई कसरी सक्रिय गराउने कुरालाई सम्बोधन गर्ने सवालहरूका लागि रणनीति विस्तार गरिनु पर्छ । समन्वय मण्डलले अग्रगामी कारवाहीका प्रभावकारी प्रस्तावको थप रणनीतिक पद्धतितर्फ डोऱ्याउने साझा समस्याको पहिचान, असल अभ्यासका उदाहरणहरूको संग्रह र आवश्यकताको पहिचान तथा हिस्सेदारी गरिएका अनुभव र आवश्यकताहरूको विश्लेषणलाई सहजिकरण पनि गर्नु पर्दछ । यस्तो संग्रहले त्यस्तो सहायताको अनुरोध गर्ने सरकार साथसाथै सर्वाधिक प्रभावकारी तथा समस्या केन्द्रित कारवाही सुनिश्चित गर्ने मुलुकी परियोजनाका विभिन्न खण्डहरूको कार्यान्यनका लागि क्षमता र सक्षम रहेका सबै अन्य साझेदारहरूसँगको सुरुआती सम्झौता लगायत बाल न्यायमा सघन सल्लाहकारी सेवा तथा प्राविधिक सहायताको बाटो खोल्दछ । यस्तो संग्रह संलग्न सबै पक्षहरूको घनिष्ठ सरसहयोगमा निरन्तर विकास गरिनु पर्छ । यसले दिशान्तर कार्यक्रमहरूको सम्भाव्य थालनी र बाल न्याय प्रशासन सुधार्ने, जमानती गृह (रिमान्ड होम) र पुर्पक्षपूर्वको थुनाको प्रयोग घटाउने, स्वतन्त्रताबाट वञ्चित बालबालिकाउपरको व्यवहार सुधार्ने र पुनःसम्मिलन र पुनरुद्धारका प्रभावकारी कार्यक्रम सिर्जना गर्ने उपायहरूलाई ध्यानमा राख्नेछ ।

३६ बालबिज्याँईको रोकथामका लागि संयुक्त राष्ट्र संघीय मार्गदर्शन (रियाद मार्गदर्शन) ले आह्वान गरेअनुसार विस्तृत रोकथामकारी योजनाहरूको तर्जुमामा जोड दिइनु पर्छ । परियोजनाहरू खास गरी परिवार, समुदाय, सङ्गती समुह (पियर ग्रुप), विद्यालय, व्यावसायिक तालीम र कामको दुनियाँमार्फत सबै बालबालिका र कलिला व्यक्तिहरूको सामाजिकीकरण र सम्मिलन गर्ने रणनीतिमा केन्द्रित हुनु पर्छ । यी परियोजनाहरूले सडकमा काम गर्ने वा रहने बालबालिका वा पारिवारिक वातावरणबाट स्थायी रूपले वञ्चित भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, अल्पसंख्यक, आप्रवासी

तथा आदिवासी समुदायका बालबालिका र अन्य जोखिममा रहेका समुहका बालबालिका जस्ता विशेष संरक्षणका उपायको आवश्यकतामा रहेका बालबालिकाप्रति खास ध्यान दिनु पर्छ । खास गरी, सम्भव भएसम्म बढी मात्रामा यी बालबालिकाको संस्थापनामा राख्ने कुरा तोकिनु पर्छ । यी बालबालिकामा आपराधीकरणको जोखिमलाई सीमित पार्नका लागि सामाजिक संरक्षणको विकास गरिनु पर्छ ।

३७ रणनीतिले महासन्धिका राज्य पक्षहरूलाई उपयुक्त भएसम्म, संलग्न कर्मचारी तथा अन्य विभिन्न संगठन र एजेन्सीहरूद्वारा दीर्घकालीन प्राविधिक सहायता परियोजनाहरू तयार गर्ने गरी संयुक्त नियोगका आधारमा अन्तर्राष्ट्रिय सल्लाहकारी सेवा तथा प्राविधिक सहायताको सञ्चालनका लागि समन्वित प्रक्रिया पनि खडा गर्नेछ ।

३८ सल्लाहकारी सेवा तथा प्राविधिक सहायता कार्यक्रमको सञ्चालनमा मुलुक स्तरमा महत्वपूर्ण कर्ताहरू संयुक्त राष्ट्र संघीय आवासीय संयोजकहरू हुन् र साथसाथै मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, संयुक्त राष्ट्र संघीय बालकोष, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । संयुक्त राष्ट्र संघीय मुलुकगत रणनीतिक टिपोटमार्फत मुलुकभित्रको योजना र कार्यक्रममा बाल न्यायको एकीकरणको महत्वपूर्ण प्रकृतिलाई जोड दिइएको छ ।

३९ समन्वय मण्डल महासन्धिको पालनामा सुधार ल्याउनका लागि क्षेत्रीय तथा मुलुक तहमा परियोजना दुवैका समन्वय संयन्त्रका लागि श्रोतसाधनको परिचालन गरिनै पर्छ । सो उद्देश्य (माथिका अनुच्छेद ३४ देखि ३८ सम्म हेर्नुहोस्) का लागि श्रोतसाधन या त नियमित बजेटबाट वा गैरबजेटीय श्रोतबाट आउँछ । खासखास परियोजनाका लागि अधिकांश श्रोतसाधन बाह्य श्रोतबाट परिचालन गरिनु पर्छ ।

४० समन्वय मण्डलले यस क्षेत्रमा श्रोत परिचालनको समन्वित पद्धतिलाई प्रोत्साहित गर्न र त्यसको बाहकको काम गर्न चाहन सक्नेछ । यस्तो श्रोतसाधन परिचालन यस क्षेत्रको भूमण्डलीय कार्यक्रमलाई टेवा दिने गरी तर्जुमा गरिएको कार्यक्रमको कागजातमा रहेको साझा रणनीतिको आधारमा हुनु पर्छ । सबै इच्छुक संयुक्त राष्ट्र संघीय निकाय र एजेन्सीहरूका साथसाथै यस क्षेत्रमा प्राविधिक सरसहयोग सेवा सञ्चालनको क्षमता प्रदर्शन गरेका गैरसरकारी संघसंस्थालाई यस्तो प्रक्रियामा सहभागी हुन आमन्त्रण गरिनु पर्छ ।

## ङ. मुलुकगत परियोजनाहरूको कार्यान्वयनका लागि थप विचारविमर्श

४१ बालबिज्याँईको रोकथाम तथा बाल न्यायको सुस्पष्ट सिद्धान्तहरू मध्ये ल्याउनु पर्ने दीर्घकालीन परिवर्तन खालि लक्षणहरूको मात्र उपचार गर्ने नभएर मूल कारणहरू कै सम्बोधन गर्ने भन्ने हो । उदाहरणका लागि, अनुसन्धान, अभियोजन, न्यायालय र थुना प्रणालीका साङ्गठानिक र व्यवस्थापकीय संरचनाका सबै तहमा विस्तृत पद्धति अपनाएर मात्र बालबालिका थुनछेकको अधिक प्रयोगलाई सम्हाल्न सकिन्छ । यसका लागि, अन्य कुराको साथसाथै, प्रहरी, अभियोक्ता,

न्यायाधीश, न्यायायुक्त, स्थानीय समुदायका प्राधिकारी, प्रशासन प्राधिकारी र थुना केन्द्रका सान्दर्भिक प्राधिकारीसँग र आपसमा सञ्चार आवश्यक हुन्छ। यस अतिरिक्त यसलाई एक आपसमा निकट भएर सरसहयोग आदानप्रदान गर्ने इच्छा र क्षमता चाहिन्छ।

४२ बालबालिकाका व्यवहारलाई सम्हाल्नका लागि फौजदारी न्यायका उपायमा अधिनिर्भरता (ओभररिलाएन्स) रोक्नका लागि उपयुक्त भएसम्म न्याय प्रणालीबाट बालबालिकालाई दिशान्तर गराउन सक्ने सामाजिक सहायतालाई सुदृढ बनाउनमा साथसाथै गैरहिरासतीय उपाय र पुनःसम्मिलनको प्रचलनलाई सुधार गर्नमा लक्ष्यित कार्यक्रमहरूको स्थापना र लागू गर्ने कुराको प्रयत्न गरिनु पर्छ। यस्ता कार्यक्रमहरू स्थापना तथा लागू गर्नका लागि बाल न्याय क्षेत्र, कानून कार्यान्वयनको जिम्मा रहेका विभिन्न सेवा, सामाजिक कल्याण र शिक्षा क्षेत्रका बीचमा घनिष्ठ सरसहयोग सम्बन्ध बृद्धि गर्नु आवश्यक छ।

## इ. पीडित तथा साक्षी बालबालिकासंग सरोकार राख्ने योजना

४३ अपराध तथा अख्तियारको दुरुपयोग पीडितका लागि न्यायको आधारभूत सिद्धान्तको घोषणापत्रबमोजिम राज्यहरूले पीडित तथा साक्षी बालबालिकालाई न्याय र स्वच्छ व्यवहार, प्रतिभरण, क्षतिपूर्ति र सामाजिक सहायताको उचित पहुँच उपलब्ध गराउने कुरा सुनिश्चित पार्ने काम गर्नु पर्छ। लागू हुने भए र त्यसो गर्दा बालबालिकाको सर्वोत्तम हित नहुने भएमा न्याय प्रणाली बाहिर क्षतिपूर्तिको माध्यमबाट दण्डसजायसम्बन्धी मामिला सल्टाउने कुरा रोक्नु पर्छ।

४४ प्रहरी, कानून व्यवसायी, न्यायपालिका र अन्य अदालतका कर्मचारीले बालबालिका पीडित हुने मामिला सम्हाल्ने विषयको तालीम पाउनु पर्छ। राज्यहरूले हालसम्म त्यसो गरी सकेको नभए बालबालिकाविरुद्धका कसूर संलग्न भएको मुद्दाहरू हेर्ने विशिष्टीकृत कार्यालय र एकाई स्थापना गर्न विचार गर्नु पर्छ। राज्यहरूले उपयुक्त भएअनुसार, बालबालिका पीडित रहेको मुद्दाको उचित व्यवस्थापनका लागि अभ्याससंहिता स्थापना गर्नु पर्छ।

४५ पीडित बालबालिकालाई ममतासाथ र उनीहरुको मर्यादाको सम्मानका साथ व्यवहार गरिनु पर्छ। न्यायको संयन्त्रमा पहुँच योग्य र राष्ट्रिय कानूनले व्यवस्था गरेअनुसार बेहोरेको क्षतिका लागि अबिलम्ब पुनरुद्धार पाउने कुराका उनीहरू हकदार छन्।

४६ पीडित बालबालिकालाई वकालत, संरक्षण, आर्थिक सहायता, विमर्श सेवा, स्वास्थ्य तथा सामाजिसक सेवा, सामाजिक पुनःसम्मिलन र शारीरिक तथा मनोवैज्ञानिक पुनरुत्थान सेवा जस्ता उनीहरुका आवश्यकता पूरा गर्ने कुराको सहायताको पहुँच हुनु पर्छ। अक्षमीकृत वा अपाङ्गता भएका वा विरामी बालबालिकालाई विशेष सहायता दिइनु पर्छ। संस्थापनाकरणमाभन्दा परिवार तथा समुदायमा आधारित पुनर्स्थापनामा जोड दिइनु पर्छ।

४७ पीडित बालबालिकालाई तुरुन्तै पाउने, स्वच्छ र पहुँचयोग्य औपचारिक तथा अनौपचारिक कार्यविधिमार्फत पुनरुद्धार पाउनका लागि सवल पार्न आवश्यक भएअनुसार न्यायिक तथा

प्रशासनिक संयन्त्रको स्थापना र सुदृढीकरण गरिनु पर्छ । पीडित बालबालिका र उनीहरुका कानूनी प्रतिनिधिलाई त्यसैअनुरूप सुसूचित गरिनु पर्छ ।

४८ खास गरी, बलात्कार, यौन दुर्व्यवहार, गैरकानूनी तथा जथाभावी स्वतन्त्रताको वञ्चिती, बेरीतको थुना र न्यायको अपयोजन (मिस क्यारिज अफ जस्टिस) लगायत यातना र अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजाय जस्ता मानवअधिकारको उल्लंघनबाट पीडित सबै बालबालिकालाई स्वच्छ र पर्याप्त क्षतिपूर्तिको पहुँच दिइनु पर्छ । उपयुक्त अदालत वा न्यायाधिकरणमा कारवाही चलाउनका लागि आवश्यक कानूनी प्रतिनिधित्वका साथसाथै आवश्यक भए, बालबालिकाको रैथाने भाषामा उल्था उपलब्ध हुनु पर्छ ।

४९ साक्षी बालबालिकालाई न्यायिक तथा प्रशासनिक प्रक्रियामा सहायता आवश्यक पर्छ । बालबालिकाका अधिकारहरू पूर्णतः संरक्षित रहने कुरा निश्चित पार्नका लागि राज्यहरूले आवश्यकताअनुसार अपराध र अपराधको प्रमाण तथा कार्यविधि कानूनमा साक्षी रूपमा बालबालिकाको अवस्थालाई समीक्षा, मूल्याङ्कन र सुधार गर्नु पर्छ । विभिन्न कानून परम्परा, प्रचलन र कानूनी ढाँचाअनुसार सम्भव भएसम्म अनुसन्धान, अभियोजन र पुर्पक्षको प्रक्रियामा पीडित बालबालिका र कसूरदार बीचको प्रत्यक्ष सम्पर्क हुने कुरालाई बर्जित गर्नु पर्छ । बालबालिकाको गोप्यतालाई संरक्षण गर्न आवश्यक हुने अवस्थामा सञ्चार माध्यममा पीडित बालबालिकाको पहिचान निषेध गरिनु पर्छ । यस्तो निषेध राज्य पक्षको मौलिक कानूनी सिद्धान्त कै विपरीत हुने भएमा यस्तो पहिचानलाई निरुत्साहित गरिनु पर्छ ।

५० राज्यहरूले आवश्यक भएमा अन्य कुराका साथसाथै बालबालिकाको बयानको श्रव्यदृश्य अङ्कन गर्ने र त्यस्तो श्रव्यदृश्य बयानलाई प्रमाणको आधिकारिक भागका रूपमा अदालतमा पेश गर्न अनुमति दिनका लागि राज्यका दण्डसजाय कार्यविधि संहिताको संशोधनमा विचार गर्नु पर्छ । खास गरी, प्रहरी, अभियोक्ता, न्यायाधीश, न्यायायुक्तहरूले उदाहरणका लागि, प्रहरी कारवाही र साक्षी बालबालिकाको अन्तरर्वार्ता लगायतमा बढी बालमैत्री अभ्यास लागू गर्नु पर्छ ।

५१ न्यायिक र प्रशासनिक प्रक्रियाको पीडित तथा साक्षी बालबालिकाका आवश्यकताप्रतिको प्रत्युक्तिदायिता (रेस्पोन्सिभनेस) लाईः

(क) विशेषतः गम्भीर अपराध सामेल रहेकामा मुद्दामा पीडित बालबालिकाको भूमिका र मुद्दाको क्षेत्र, समय तथा कारवाहीको प्रक्रिया र निप्टाराका बारेमा जानकारी गराएर;

(ख) बयान गर्नु अगावै फौजदारी न्याय प्रक्रियामा बालबालिकालाई घुलमिल गराउनका लागि साक्षी बालबालिका तयारी कार्यक्रमको विकासलाई प्रोत्साहित गरेर । पीडित बालबालिका र साक्षी बालबालिकालाई उपयुक्त सहायता पूरै कानूनी प्रक्रियाभर नै दिनु पर्छ;

(ग) अभियुक्तप्रति पूर्वाग्रह नराखी र सान्दर्भिक राष्ट्रिय फौजदारी न्याय प्रणालीबमोजिम, उनीहरुका व्यक्तिगत हितहरू प्रभावित हुने कुरामा कारवाही प्रक्रियाका उपयुक्त चरणहरूमा पीडित बालबालिकाका दृष्टिकोण र सरोकारहरू प्रस्तुत गर्न दिइने र विचार गरिने गरेर;

(घ) फौजदारी न्याय प्रक्रियामा विलम्ब न्यूनीकरण गर्ने उपाय अवलम्बन गरेर, पीडित बालबालिका र साक्षी बालबालिकाको गोप्यताको संरक्षण गरेर, र आवश्यक परेका ठाउँमा धाकधम्की र प्रतिशोधबाट बचाउ निश्चित गरेर सहज बनाइनु पर्छ ।

५२ गैरकानूनी रूपले विस्थापन गरिएका वा गलत तरिकाले सिमाना वारपार राखिएका बालबालिकालाई आमनियमस्वरूप उनीहरुको उत्पत्तिको मुलुकमा फर्काइनु पर्छ । उनीहरुको फिर्ती थाती रहेका अवस्थामा उनीहरुको सुरक्षाप्रति उचित ध्यान दिनु पर्छ र उनीहरुलाई मानवीय व्यवहार गरिनु पर्छ र आवश्यक सहायता दिइनु पर्छ । बालअधिकारसम्बन्धी महासन्धिसँगको सङ्गति सुनिश्चित पार्नका लागि बालबालिकाहरुलाई विनाविलम्ब फिर्ता गरिनु पर्छ । अन्तर्राष्ट्रिय बाल अपहरणको गैरसैनिक पक्षसम्बन्धी हेग महासन्धि, १९८० वा निजी अन्तर्राष्ट्रिय कानून, बाबुआमाको उत्तरदायित्वको कार्यान्वयन र सरसहयोग आदानप्रदान तथा बालबालिकाको संरक्षणका उपायहरू, क्षेत्राधिकारसम्बन्धी महासन्धि, लागू हुने कानून तथा पहिचानसम्बन्धी हेग सम्मेलनबाट पारित अन्तरदेशीय धर्मसन्तान ग्रहणका सिलसिलामा बालबालिकाको संरक्षण तथा सरसहयोग आदानप्रदानसम्बन्धी हेग महासन्धि, १९९३ मा रहेका प्रावधानहरू बालबालिकाको फिर्तीमा तुरुन्तै अवलम्बन गरिनु पर्छ । बालबालिका फर्केपछि उत्पत्तिको मुलुकले बालबालिकालाई मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्तअनुसार आदरपूर्वक व्यवहार गर्नु पर्छ, र परिवारमा आधारित पुनर्स्थापनाका पर्याप्त उपायहरू उपलब्ध गराउनु पर्छ ।

५३ मानवअधिकार उच्च आयुक्तको कार्यालय/मानवअधिकार केन्द्र, संयुक्त राष्ट्र संघीय बालकोष, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन, विश्व बैंक साथसाथै अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्था, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरू लगायत संयुक्त राष्ट्र संघीय अपराध निवारण तथा फौजदारी न्याय कार्यक्रमले सदस्य राज्य पक्षहरूको अनुरोधअनुसार संयुक्त राष्ट्र संघीय बजेट वा गैरबजेटीय श्रोतको समग्र विनियोजनमा प्रहरी, अभियोक्ता, न्यायाधीश, न्यायायुक्त लगायत कानून कार्यान्वयन र अन्य न्याय क्षेत्रका जनशक्तिका लागि बहुविषयक तालीम, शिक्षा र सूचनामूलक क्रियाकलापको विकास गर्नका लागि सहयोग गर्नु पर्छ ।

**इकोसक सङ्कल्पलेख २००५/२०**

# अपराधका पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन, २००५

आर्थिक तथा सामाजिक परिषद,

अपराधको रोकथाम र फौजदारी न्यायमा संयुक्त राष्ट्र संघीय मापदण्ड तथा प्रतिमानहरूको प्रयोग तथा प्रचलन निरन्तर प्रवर्धन गर्न महासचिवलाई अनुरोध गएिको आफ्नो २३ जुलाई १९९६ को सङ्कल्पलेख १९९६/१६ को स्मरण गर्दै,

अपराधको पीडित तथा साक्षीका रूपमा बालबालिका संलग्नता रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन विकास गर्नका लागि अन्तरसरकारी विज्ञ समुहको भेला गर्नका लागि महासचिवलाई अनुरोध गएिको **अपराधका पीडित तथा साक्षी बालबालिकाका लागि न्यायसम्बन्धी मार्गदर्शन** विषयक आफ्नो २१ जुलाई २००४ को सङ्कल्पलेख २००४/२७ को पनि स्मरण गर्दै,

सङ्कल्प लेखमा अनुसूचीकृत **अपराध तथा अख्तियारको दुरुपयोग पीडितका लागि न्यायका आधारभूत सिद्धान्तको घोषणापत्र** जारी गर्ने महासभाको २९ नोभेम्बर १९८५ को सङ्कल्पलेख ४०/३४ को थप स्मरण गर्दै,

महासभाको २० नोभेम्बर १९८९ को सङ्कल्पलेख ४४/२५ द्वारा जारी बालअधिकारसम्बन्धी महासन्धिका विशेषतः धारा ३ र ३९ समेतका प्रावधानहरू साथसाथै महासभाको २५ मे २००० को सङ्कल्पलेख ५४/२६३ द्वारा जारी बालबालिकाको बेचबिखन, बाल देह व्यापार, बाल अश्लीलचित्रणसम्बन्धी बालअधिकार महासन्धिको वैकल्पिक प्रलेखलाई सम्भनामा राख्दै,

आरोपित व्यक्तिका अधिकारहरू सुरक्षित गर्दा अपराधका पीडित तथा साक्षी बालबालिकाकालाई न्याय सुनिश्चित गरिनै पर्छ भन्ने कुरालाई मान्यता दिँदै,

अपराधका पीडित तथा साक्षी बनेका बालबालिकाका खास गरी जोखिममा हुन्छन् र फौजदारी न्याय प्रक्रियामा भएको त्यस्ता बालबालिकाको संलग्ताको नतिजास्वरूप उत्पन्न थप कठिनाई र आघातबाट उनीलाई जोगाउनका लागि उनीहरुको उमेर, परिपक्वताको स्तर र अतुल आवश्यकताअनुसार उचित विशेष

संरक्षण सहायता र आडभरोसाको आवश्यकता हुन्छ भन्ने कुरालाई पनि मान्यता दिँदै,

पीडित तथा साक्षी बालबालिकाका लागि खास गरी यौन शोषण समावेश रहेका मामिला लगायत अपराध तथा पीडितीकरणबाट हुने गम्भीर शारीरिक, मनोवैज्ञानिक र भावनात्मक असरप्रति शतर्क बन्दै,

फौजदारी न्याय प्रक्रियामा, खास गरी बालबालिका मात्रै साक्षी रहेको मामिलामा, पीडित तथा साक्षीका रूपमा बालबालिकाको सहभागिता प्रभावकारी अभियोजनका लागि अत्यावश्यक रहने तथ्यप्रति पनि सतर्क रहँदै,

अपराधको पीडित तथा साक्षीका रूपमा बालबालिका संलग्नता रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन विकासको लागि आधारशिला स्थापना गर्ने काममा बालअधिकारका लागि अन्तर्राष्ट्रिय ब्युरोले गरेका प्रयासहरूलाई मान्यता दिँदै,

अपराधको पीडित तथा साक्षीका रूपमा बालबालिका संलग्नता रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन विकास गर्नका लागि, क्यानाडा सरकारले उपलब्ध गराएको गैरबजेटीय श्रोतसाधनमार्फत गरिएको भियनामा १५ र १६ मार्च २००५ मा सम्पन्न अन्तर्राष्ट्रिय विज्ञ समुहको बैठकका कार्यहरूलाई प्रशंसापूर्वक टिपोट गर्दै र अन्तर्राष्ट्रिय विज्ञ समुहको प्रतिवेदनको पनि टिप्पन गर्दै,

"कामलाई मापदण्डयुक्त बनाउँदै : अपराध रोकथाम र फौजदारी न्यायमा मापदण्ड कायम गर्दाका पचास वर्ष" को नामबाट बैङ्कमा २००५ अप्रिल १८ देखि २५ सम्म भएको अपराध रोकथाम तथा फौजदारी न्यायसम्बन्धी एघारौँ संयुक्त राष्ट्र संघीय कङ्ग्रेसको प्रतिवेदनलाई ख्यालमा राख्दै,

अपराध रोकथाम तथा फौजदारी न्याय सम्बन्धी एघारौँ संयुक्त राष्ट्र संघीय कङ्ग्रेसको उच्चस्तरीय महासभाबाट जारी सहचर्य र प्रत्युक्ति : अपराध रोकथाम र फौजदारी न्यायमा रणनीतिक गठबन्धनसम्बन्धी बैङ्कक घोषणापत्र, विशेषतः अपराधका साक्षी तथा पीडितलाई आडभरोसा र सेवा उपलब्ध गराउनु पर्ने कुराको महत्वलाई मान्यता प्रदान गर्ने अनुच्छेद १७ र ३३, लाई स्वागत गर्दै,

१. फौजदारी न्याय प्रणालीमा पीडित तथा साक्षी बालबालिकाको संरक्षण बढाउन सदस्य राज्यहरूलाई टेवा दिने उपयोगी कार्य ढाँचाका रूपमा, यसै सङ्कल्पलेखसँग अनुसूचीकृत अपराधका पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन जारी तथा अवलम्बन गर्दछ;

२. मार्गदर्शनलाई उपयुक्त भएसम्म, फौजदारी न्याय प्रक्रियामा अपराधका पीडित वा साक्षी रहेका बालबालिकाका लागि कानून, कार्यविधि, नीति र अभ्यासको विकासमा उतार गर्न सदस्य राज्यहरूलाई आमन्त्रण गर्दछ;

३. अनुरोध गरेमा अन्य राज्यहरूलाई तत्सम्बन्धी जानकारी उपलब्ध गराउन र उपयुक्त भएसम्म, मार्गदर्शनको प्रयोगका सम्बन्धमा तालीम तथा अन्य क्रियाकलापको विकास तथा कार्यान्वयन गर्नमा मद्दत गर्न अपराधका पीडित वा साक्षी रहेका बालबालिकाका लागि कानून, कार्यविधि, नीति र अभ्यासको विकास गरेका सदस्य राज्यहरूलाई आह्वान गर्दछ;

४. लागूऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालयलाई लागूऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालयको नियमित बजेटको विद्यमान श्रोतसाधनको प्रयोगलाई बाहेक नगरीकनै, सदस्य राज्यहरूलाई मार्गदर्शनको प्रयोगमा सहयोग गर्न राज्य पक्षको अनुरोधअनुरूप उपलब्ध गैरबजेटीय श्रोतसाधन भित्रबाट प्राविधिक सहायता, साथसाथै सल्लाहकारी सेवाहरू उपलब्ध गराउन आह्वान गर्दछ;

५. सदस्य राज्यहरू, संयुक्त राष्ट्र संघीय अपराध रोकथाम तथा फौजदारी अपराध कार्यक्रम सञ्जाल र अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा गैरसरकारी सङ्गठन तथा संघसंस्थाका बीचमा मार्गदर्शनको यथासम्भव व्यापक प्रसार तथा वितरण सुनिश्चित पार्नका लागि महासचिवसमक्ष अनुरोध गर्दछ;

६. सम्बन्धित सरकारी तथा गैरसरकारी संगठन तथा संघसंस्थाको ध्यान मार्गदर्शनप्रति आकृष्ट पार्न सदस्य राज्यहरूलाई सिफारिस गर्दछ;

७. मार्गदर्शनका बारेमा तालीम उपलब्ध गराउन र राष्ट्रिय स्तरका सफल नमूनासम्बन्धी जानकारीलाई सवल पार्न र प्रसार तथा वितरणमा ल्याउन संयुक्त राष्ट्र संघीय अपराध रोकथाम तथा फौजदारी अपराध कार्यक्रम सञ्जालका संघसंस्थालाई आमन्त्रण गर्दछ;

८. अपराधको रोकथाम तथा फौजदारी न्यायसम्बन्धी आयोगको सत्रौं सत्रमा यो सङ्कल्पलेखको कार्यान्वयनका बारेमा प्रतिवेदन गर्न महासचिवलाई अनुरोध गर्दछ ।

अनुसूची

# अपराधका पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शन

## एकः उद्देश्य

१ यो अपराधका पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्यायसम्बन्धी मार्गदर्शनले समकालीन ज्ञान र सान्दर्भिक अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिमान, मापदण्ड र सिद्धान्तको सम्मतिमा आधारित असल अभ्यासको प्रस्ताव गर्दछ ।

२ यो मार्गदर्शनको कार्यान्वयन सान्दर्भिक राष्ट्रिय विधायन र न्यायिक प्रक्रियाबमोजिम साथसाथै कानूनी, सामाजिक, आर्थिक साँस्कृतिक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर गर्नु पर्दछ । तथापि, राज्यहरूले यो मार्गदर्शनको प्रचलनका सिलसिलामा आई पर्ने व्यावहारिक कठिनाई

हटाउनका लागि निरन्तर प्रयास गर्नु पर्दछ ।

३ यो मार्गदर्शनले देहायका उद्देश्य हासिल गर्नका लागि व्यावहारिक कार्य ढाँचा उपलब्ध गराउँछः

(क) अपराधका पीडित तथा साक्षी बालबालिकाका अधिकारहरूको पूर्ण सम्मान सुनिश्चित गर्न र महासन्धिका राज्य पक्षहरूलाई बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनलाई टेवा पुऱ्याउने कुरा सुनिश्चत पार्नका लागि राष्ट्रिय कानून, कार्यविधि तथा अभ्यासहरूको समिक्षामा मद्दत गर्ने;

(ख) अपराधका पीडित तथा साक्षी बालबालिकासँग सम्बन्धित प्रमुख मामिलालाई सम्बोधन गर्ने विधायन, नीति, कार्यक्रम र अभ्यासको तर्जुमा तथा कार्यानवयन गर्नमा सरकार, अन्तर्राष्ट्रिय संगठन, सार्वजनिक निकाय, गैरसरकारी संस्था, समुदायमा आधारित संघसंस्था र अन्य इच्छुक पक्षहरूलाई मद्दत गर्ने,

(ग) अपराधका पीडित तथा साक्षी बालबालिकासँग सम्बन्धित क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा काम गर्ने पेशा व्यवसायीहरू, र उपयुक्त भएसम्म, स्वंयम्सेवकहरूलाईसमेत अपराध तथा अख्तियारको दुरुपयोग पीडितको अधिकारका लागि न्यायका आधारभूत सिद्धान्तको घोषणापत्रसँग सुसङ्गत हुने गरी पेशा व्यवसायीहरू तथा स्वंयम्सेवकहरूलाई वयस्क तथा बाल न्यायको प्रक्रियाका दैन्यन्दिन अभ्यासहरू मार्गदर्शन गर्ने;

(घ) पीडित तथा अपराधका साक्षी बालबालिकालाई संवेदनापूर्वक सम्हाल्नमा बालबालिकाका लागि स्याहार गर्नेहरूलाई मद्दत र सहयोग गर्ने ।

४ मार्गदर्शनको कार्यान्वयन गर्दा, हरेक क्षेत्राधिकारले विशेषतः बालिकाप्रतिको यौन दुर्व्यवहार जस्ता पीडितीकरणको प्रकृतिले असर पुग्ने खालका विभिन्न प्रकारका अपराधका पीडित तथा साक्षी बालबालिकाको संरक्षण गर्ने तथा उनीहरुका विशेष आवश्यकताहरू पूरा गर्ने कुरा ठेगानमा रहने गरी पर्याप्त तालीम, छनोट र कार्यविधिहरू सुनिश्चित गर्नु पर्छ ।

५ मार्गदर्शनले ज्ञान र अभ्यास बढ्दै र सुधार हुँदै गरेको क्षेत्रलाई समेट्छ । मार्गदर्शन न त पूर्ण भइसकेको हो भन्ने ठानिएका छन्, न त अन्तर्निहित उद्देश्य र सिद्धान्तसँग मेल खाने गरी यो मार्गदर्शनको थप विकास नै रोक्न खोजिएको छ ।

६ मार्गदर्शनको प्रचलन आफैमा मात्र सिमित नहुने गरी पुनर्स्थापकिय न्याय तथा संरक्षण, सम्बन्ध विच्छेद, सन्तान ग्रहण, बाल संरक्षण, मानसिक स्वास्थ्य, नागरिकता, आप्रवासन र शरणार्थी लगायत कानूनको गैरफौजदारी क्षेत्र जस्ता अनौपचारिक तथा प्रथागत न्याय प्रणालीका प्रक्रियामा पनि अवलम्बन हुन सक्दछन् ।

## दुई: विशिष्ट सोचविचार

७ यी मार्गदर्शनहरूः

(क) अपराध र अख्तियारको दुरुपयोगको नतिजास्वरूप विश्वमा लाखौंलाख बालबालिकाले क्षतिको भागीदार बन्दछन्, अनि ती बालबालिकाका अधिकारहरूको पर्याप्त पहिचान

भएको छैन, र न्याय प्रक्रियामा सहयोग गर्न सरिक हुँदा पनि उनीहरूले अतिरिक्त कठोरता र कठिनाईबाट सताइन सक्छन् भन्ने कुराप्रति सोचमग्न भएर;

(ख) बालबालिका जोखिममा हुन्छन् र उनीहरुको उमेर, परिपक्वताको स्तर तथा व्यक्तिगत विशेष आवश्यकतासँग उचित हुने गरी उनीहरूलाई विशेष संरक्षण चाहिन्छ भन्ने कुरालाई मान्यता दिदै;

(ग) बालिकाहरू अझ विशेष गरी जोखिममा हुन्छन् र न्याय प्रणालीका सबै चरणमा उनीहरुले भेदभावको सामना गर्नु पर्ने हुन सक्छ भन्ने कुरालाई मान्यता दिँदै;

(घ) अपराधको रोकथामका लागि मार्गदर्शनको कार्यान्वयन लगायत बालबालिकाको पीडितीकरणको निवारण (रोकथाम) गर्नका लागि हरतरहले प्रयास गरिनै पर्ने कुरालाई पुनर्निश्चित गर्दै;

(ङ) तथ्यतः पीडित र साक्षी हुँदाहुँदै पनि त्रुटिवश कसूरदारका रूपमा हेरिएमा पीडित तथा साक्षी बालबालिका अतिरिक्त कठोरताबाट सताइन सक्छन् भन्ने कुरामा सोचमग्न भएर;

(च) बालबालिकाको अधिकारको प्रभावकारी पहिचान हासिल गर्ने चाह र सिद्धान्तलाई बालअधिकारसम्बन्धी महासन्धिले स्थापित गरेको र अपराध तथा अख्तियार दुरुपयोगका पीडितका लागि न्यायका आधारभूत सिद्धान्तको घोषणापत्रले पीडितलाई सूचना, सहभागिता, संरक्षण, परिपूरण र सहायताका अधिकारहरू उपलब्ध गराउने सिद्धान्त कायम गरेको कुरालाई सम्झना गर्दै;

(छ) लागूऔषध नियन्त्रण तथा अपराधको रोकथामसम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालयले सन् १९९९ मा जारी गरेको पीडितका लागि न्याय एवं आधारभूत सिद्धान्तको घोषणापत्रसम्बन्धी नीति निर्माताका लागि पथ प्रर्दशनसम्बन्धी हातेकिताब लगायत अपराध तथा अख्तियार दुरुपयोगका पीडितका लागि न्यायका आधारभूत सिद्धान्तको घोषणापत्रको कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय तथा क्षेत्रीय पहलहरूको सम्झना गर्दै,

(ज) अपराधका पीडित तथा साक्षी बालबालिकाका लागि न्यायसम्बन्धी मार्गदर्शनको विकासका लागि मूलभूत काम अगाडि बढाउनमा बालबालिकाको अधिकारका लागि अन्तर्राष्ट्रिय समिति (ब्यूरो) को प्रयासलाई सार्थक मान्दै,

(झ) अपराधका पीडित तथा साक्षी बालबालिकाप्रतिको सुधारिएका प्रत्युक्तिले बालबालिका र उनीहरुका परिवारलाई पीडितीकरणका घटनाको खुलासा गर्नमा बढी इच्छुक र न्याय प्रक्रियामा बढी सहयोगी बनाउँछ भन्ने विचार गर्दै,

(ञ) आरोपित तथा दोष साबित कसूरदारहरूको अधिकार सुरक्षित गर्दा अपराधका पीडित तथा साक्षी बालबालिकाको न्याय पक्का हुनै पर्ने कुरालाई हेक्का राख्दै,

(ट) कानूनी प्रणाली र परम्पराका विभिन्नतालाई ध्यान राख्दै, र अपराध सीमापार प्रकृतिको बन्ने कुरा बढ्दै गरेको सबै मुलुकहरूमा अपराधका पीडित तथा साक्षी बालबालिकाले समान संरक्षण प्राप्त गर्ने कुरा निश्चित पार्नु पर्ने आवश्यकता छ भन्ने कुराको टिपोट गर्दै विकास भएका थिए ।

## तीनः सिद्धान्तहरू

८ अन्तर्राष्ट्रिय अध्यालेखहरूमा र खास गरी बालअकिारसम्बन्धी महासन्धिमा बालअधिकार समितिको काममा प्रतिविम्बित भएअनुसार र अपराधका पीडित तथा साक्षी बालबालिकाका लागि न्याय सुनिश्चित गर्नका लागि यस्ता बालबालिकाको भलाईका जिम्मेवार पेशा व्यवसायी तथा अरूहरूले देहायअनुसारका अन्तरआवद्ध (क्रसकटिङ) सिद्धान्तहरूको सम्मान गर्नै पर्छ :

(क) **मर्यादाः** हरेक बालबालिका बेजोड (अद्वितीय) छन् र मूल्यवान मानव हुन् । यसो हुनाले निजको मर्यादा, विशेष आवश्यकता, चाख र व्यक्तिगत गोपनीयताको सम्मान र संरक्षण गरिनु पर्छ;

(ख) **निर्विभेदः** निजका बाबुआमा वा कानूनी संरक्षकको जाति, जातीयता, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अक्षमता, जन्म वा अन्य कुनै हैसियत जेसुकै भए पनि हरेक बालबालिकालाई स्वच्छ र समानतापूर्वक व्यवहार प्राप्त गर्ने हक छ;

(ग) **बालबालिकाको सर्वोत्तम हितः** हरेक आरोपित तथा दोष साबित कसूरदारका अधिकारहरूको बचावट गरिदा हरेक बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपले विचार गरिनु पर्ने निजको हक छ । यस अधिकारमा संरक्षण र सुसम्मत विकासको अवसरको हकसमेत समाविष्ट हुन्छः

(अ) **संरक्षणः** हरेक बालबालिकालाई जीवन र जीविका साथसाथै शारीरिक, मनोवैज्ञानिक, मानसिक, भावनात्मक दुर्व्यवहार र उपेक्षा लगायत कुनै पनि कठोरता, दुर्व्यवहार, उपेक्षाविरुद्ध रक्षा पाउने अधिकार छ;

(आ) **सुसम्मत विकासः** हरेक बालबालिकालाई सुसम्मत विकासका लागि अवसर साथै शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक समृद्धिका लागि पर्याप्त हुने गरी जीवनस्तरको अधिकार छ;

(घ) **सहभागिताको अधिकारः** राष्ट्रिय कार्यविधिगत कानूनको अधीनमा रही, हरेक बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नै भाषामा निजका दृष्टिकोण, अभिमत र विश्वास व्यक्त गर्ने र निजको जीवनलाई असर पार्ने कुनै पनि न्यायिक प्रक्रिया लगायतका निर्णय गराईमा योगदान गर्ने अधिकारका साथसाथै निजको योग्यता क्षमता, उमेर, बौद्धिक परिपक्वता र समाविष्ट सक्षमतासमेत अनुसार ती दृष्टिकोणहरूलाई विचार हुने अधिकार छ ।

## चारः परिभाषा

९ यी मार्गदर्शनहरूमा देहायअनुसारको परिभाषा लागू हुनेछः

(क) "पीडित तथा साक्षी बालबालिका" भन्नाले कसूरमा वा बात लागेका कसूरदार वा कसूरदारका समुहको अभियोजनमा उनीहरुको भूमिका जेसुकै भएको भए पनि अपराधका पीडित र साक्षी रहेका १८ वर्ष मुनिका तरुण तथा बालबालिकालाई जनाउँछ;

(ख) "पेशा व्यवसायी" भन्नाले आफ्नो कामको सिलसिलामा अपराधका पीडित र साक्षी बालबालिकाको सम्पर्कमा आउने वा  यी मार्गदर्शनहरू लागू हुने बालबालिकासम्बन्धी न्याय प्रणालीका आवश्यक सम्बोधन गर्नमा उत्तरदायी व्यक्तिहरूलाई जनाउँछ । यसैमा सीमित नहुने गरी, यसमा बालबालिका तथा पीडितका वकालतकर्ता तथा सहयोगी व्यक्ति, बाल संरक्षण सेवाका अभ्यासकर्ताहरू, बालकल्याणकारी निकायका कर्मचारी, अभियोक्ता र उपयुक्त भएसम्म प्रतिरक्षा कानून व्यवसायी, कुटनीतिक तथा बाणिज्यदूत कर्मचारी, घरेलु हिंसासम्बन्धी कार्यक्रमका कर्मचारी, न्यायाधीश, अदालत कर्मचारी, कानून कार्यान्वयन गर्ने अधिकारी, चिकित्सा तथा मानसिक स्वास्थ्य व्यवसायी र सामाजिक कार्यकर्ताहरू पर्दछन्;

(ग) "न्याय प्रक्रिया" भन्नाले मुद्दा राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय जुनसुकै स्तरमा, वयस्क वा बालबालिका जुनसुकै न्याय प्रणालीको, अनौपचारिक वा प्रथागत जुनसुकै पद्धतिबाट हेरिएको भए पनि अपराधको पहिचान, उजुर गर्ने, अनुसन्धान, अभियोजन तथा पुर्पक्ष एवं पुर्पक्षोत्तर प्रक्रियाहरू पर्दछन्;

"बाल संवेदनापूर्ण" भन्नाले बालबालिकाको अधिकारको संरक्षणको सन्तुलन कायम गर्ने र बालबालिकाका निजी आवश्यकता र दृष्टिकोणलाई ध्यानमा राख्ने पद्धति वा तरिकलाई जनाउँछ ।

## पाँचः मर्यादापूर्ण र समानुभूतिपूर्वक व्यवहार पाउने अधिकार

१० पीडित तथा साक्षी बालबालिकालाई आफ्नो व्यक्तिगत अवस्था र तत्कालीन आवश्यकता, उमेर, लिङ्ग, अक्षमता, परिपक्वताको स्तरलाई ध्यान दिदै र उनीहरुका शारीरिक, मानसिक तथा नैतिक परिपूर्णताको पूर्ण सम्मान गर्दै हेरविचारपूर्वक तथा संवेदनापूर्ण तरिकाले व्यवहार गर्नु पर्छ ।

११ हरेक बालबालिकालाई निजका आवश्यकता, इच्छा वा चाहना र मनोभावना साथको व्यक्तिका रूपमा व्यवहार गर्नु पर्छ ।

१२ बालबालिकाको निजी जीवनउपरको हस्तक्षेप आवश्यकताको न्यूनतम् हदमा सीमित हुनु पर्छ साथै न्याय प्रक्रियाको स्वच्छ तथा समन्यायिक प्रतिफल सुनिश्चित गर्नका लागि प्रमाण सङ्कलनको उच्च मापदण्डको परिपालना गरिनु पर्छ ।

१३ बालबालिकामा हुन सक्ने थप कठोरतालाई टार्नका लागि अन्तरवार्ता, परीक्षण र अनुसन्धानका

अन्य स्वरूपहरूलाई संवेदनशील, आदरपूर्ण र सुव्यवस्थित तरिकाले कारवाही प्रक्रिया अगाडि बढाउने प्रशिक्षित पेशा व्यवसायीबाट सञ्चालन गरिनु पर्छ ।

१४ यी मार्गदर्शनमा वर्णन गरिएका सबै अन्तरक्रिया बाल संवेदनशील तरिकाले, बालबालिकाको योग्यता, उमेर, बौद्धिक परिपक्वता र समाविष्ट सक्षमताअनुसार उनीहरुका विशेष आवश्यकताहरूलाई तालमेल गर्न सक्ने किसिमको उपयुक्त वातावरणमा सञ्चालन गरिनु पर्छ ।

## छः भेदभावबाट जोगाई पाउने अधिकार

१५ बाबुआमा वा कानूनी संरक्षकको जाति, जातीयता, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अक्षमता, जन्म वा अन्य कुनै हैसियतका आधारको कुनै पनि भेदभावबाट जोगाउने गरी पीडित तथा साक्षी बालबालिकाले न्याय प्रक्रियामा पहुँच पाउनु पर्छ ।

१६ पीडित तथा साक्षी बालबालिका तथा उनीहरुका परिवारलाई उपलब्ध न्याय प्रक्रिया र सहयोगी सेवा बालबालिकाको उमेर, चाहना, सुझबुझ, लिङ्ग, यौन अभिमुखीकरण, जातीय, साँस्कृतिक, धार्मिक, भाषिक तथा सामाजिक पृष्ठभूमि, जात, आर्थिक सामाजिक अवस्था र आप्रवासन वा शरणार्थी अवस्था साथसाथै बालबालिकाका स्वास्थ्य, योग्यता र सक्षमता लगायतका विशेष आवश्यकताहरूप्रति संवेदनशील हुनु पर्छ । यस्ता भिन्नताका बारेमा पेशा व्यवसायीहरूलाई शिक्षित तथा प्रशिक्षित गरिनु पर्छ ।

१७ लैङ्गिता र बाल यौन दुर्व्यवहारको सवाल रहेका जस्ता बालबालिकाविरुद्धका भिन्न प्रकृतिका विशिष्टीकृत कसूरलाई ध्यानमा राखी खासखास मामिलामा विशिष्टीकृत सेवा तथा संरक्षणलाई व्यवस्थित गर्नु पर्ने हुन्छ ।

१८ न्याय प्रक्रियामा पूर्णरूपमा सहभागी हुने बालबालिकाको अधिकारका लागि उमेरले विघ्नबाधा पार्नु हुँदैन । परीक्षणको अधीनमा रही हरेक बालबालिकालाई योग्य साक्षीको रूपमा व्यवहार गरिनु पर्छ र सञ्चारका लागि मद्दत वा अन्य सहायतासँगै वा बाहेक जे भए पनि निजको उमेर र परिपक्वताले बयान वा बकपत्रलाई बोधगम्य विश्वसनीय देखा परेसम्म खालि उमेरको कारणले मात्र निजले दिएको बयान, वकपत्रलाई अमान्य र अविश्वसनीय मानिनु हुँदैन ।

## सातः सुसूचित हुन पाउने अधिकार

१९ पीडित तथा साक्षी बालबालिका, उनीहरुका बाबुआमा वा संरक्षक तथा कानूनी प्रतिनिधिलाई न्याय प्रक्रियामा उनीहरुको पहिलो सम्पर्कदेखि पूरा प्रक्रियाभर, सम्भाव्य हदैसम्म र उपयुक्त भएसम्म, अन्य कुराका अतिरिक्तः

(क) लागू हुने अवस्था हेरी कानूनी वा अन्य सल्लाह वा प्रतिनिधित्व, क्षतिपूर्ति तथा आपत्कालीन वित्तीय सहयोगसहित उपलब्ध स्वास्थ्य, मनोवैज्ञानिक, सामाजिक तथा अन्य सान्दर्भिक सेवाका साथसाथै यस्ता सेवामा पहुँच राख्ने साधन;

(ख) पीडित तथा साक्षी बालबालिकाको भूमिका, महत्व, बयान वा बकपत्रको समय, अनुसन्धान र पुर्पक्षका बेला सोधनी हुने तरिका लगायत वयस्क र बाल फौजदारी न्याय प्रक्रियाका लागि कार्यविधिहरू;

(ग) उजुर गर्नु पर्दा वा अनुसन्धान र अदालती प्रक्रियामा सहभागी हुनु पर्दा बालबालिकाका लागि विद्यमान सहयोग संयन्त्रहरू;

(घ) सुनुवाई र अन्य सान्दर्भिक घटनावली वा कामकारवाही हुने स्थान र समय;

(ङ) संरक्षणकारी उपायहरूको उपलब्धता;

(च) पीडित तथा साक्षी बालबालिकालाई असर पार्ने निर्णयको पुनरावलोकन गर्ने विद्यमान संयन्त्र;

(छ) बालअधिकारसम्बन्धी महासन्धि साथै अपराध तथा अख्तियारको दुरुपयोग पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्रअनुसारका पीडित तथा साक्षी बालबालिकाका लागि सान्दर्भिक हकअधिकार;

अविलम्ब र पर्याप्त रूपमा सुसूचित गरिनु पर्छ ।

२० यसका अतिरिक्त, पीडित बालबालिका, उनीहरु बाबुआमा, संरक्षक तथा कानूनी प्रतिनिधिहरूलाई सम्भाव्य र उपयुक्त हुने हदसम्म तुरुन्तै र पर्याप्त रूपमाः

(क) पक्राउ, थुनछेक र अभियुक्त हिरासतको अवस्था र सो हैसियतमा रहेभएका बाँकी हेरफेर, अभियोजन निर्णय र पुर्पक्षोत्तर सान्दर्भिक विकास तथा मुद्दाको नतिजा लगायत खास मुद्दाको प्रगति र निप्टारा;

(ख) न्याय प्रक्रिया, वैकल्पिक नागरिक प्रक्रिया वा अन्य प्रक्रियाहरूमार्फत कसूरदार तथा राज्यबाट परिपूरण प्राप्त गर्ने विद्यमान अवसरहरूको जानकारी दिनु पर्छ ।

## आठः दृष्टिकोण तथा सरोकारको सुनवाई हुने र व्यक्त गर्न पाउने अधिकार

२१ पेशा व्यवसायीहरूले पीडित तथा साक्षी बालबालिकालाई न्याय प्रक्रियामा उनीहरुको संलग्नतासँग सम्बन्धित दृष्टिकोण तथा सरोकारहरू व्यक्त गर्न सवल पार्नका लागिः

(क) माथि अनुच्छेद १९ मा व्यवस्था गरिएका मामिलामा पीडित बालबालिका र उपयुक्त हुने अवस्थामा साक्षी बालबालिकालाई परामर्श गरिने कुरा सुनिश्चित पार्ने,

(ख) न्याय प्रक्रियामा तिनको संलग्नताको बारेका, कसूरदारको सन्दर्भमा निर्भयता र सुरक्षासम्बन्धी उनीहरुका सरोकार, बयान दिन वा बकपत्र गर्न उनीहरूले चाहेको तरिका र प्रक्रियाको निष्कर्षका बारेमा उनीहरूको ठम्याईका बारेमा उनीहरुका दृष्टिकोण र सरोकारहरू स्वतन्त्रतापूर्वक र आफ्नै तरिकाले व्यक्त गर्न पीडित तथा साक्षी बालबालिकालाई सवल बनाइएको कुरा सुनिश्चित पार्ने, र

(ग) बालबालिकाका दृष्टिकोण र सरोकारलाई उचित स्थान दिने र तिनलाई समेट्न नसकिने भएमा त्यसको कारण बालबालिकालाई बताउने लगायतका हरेक प्रयास गर्नु पर्छ ।

## नौः प्रभावकारी सहायताको अधिकार

२२ पीडित तथा साक्षी बालबालिका र उपयुक्त भएसम्म उनीहरुका परिवारका सदस्यलाई अनुच्छेद ४० र ४२ मा व्यवस्था गरिएअनुसाको तालीम पाएका पेशा व्यवसायीले उपलब्ध गराउने सहायतामा पहुँच हुनु पर्छ । यसमा वित्तीय, कानूनी, विमर्शसम्बन्धी, स्वास्थ्यसम्बन्धी, सामाजिक तथा शैक्षिक सेवाहरू, शारीरिक तथा मनोवैज्ञानिक पुनरुत्थान सेवा र बालबालिकाको पुनसम्मिलनका लागि आवश्यक पर्ने अन्य सेवाजस्ता सहायता र मद्दतहरू समावेश हुन्छन् । यस्ता सबै सहायताले बालबालिकाको आवश्यकताहरूलाई सम्बोधन र निजलाई न्याय प्रक्रियाको हरेक चरणमा प्रभावकारी रूमा सहभागी हुन निजलाई सवलीकरण गर्नु पर्छ ।

२३ पीडित तथा साक्षी बालबालिकालाई सहायता गर्दा पेशा व्यवसायीहरूले मद्दतलाई समन्वय गर्न हरप्रयास गर्नु पर्छ जसले गर्दा बालबालिका ज्यादै हस्तक्षेपको विषय नबनून् ।

२४ पीडित तथा साक्षी बालबालिकाले प्रारम्भिक प्रतिवेदनबाट सुरु हुने गरी र त्यस्ता सेवा नचाहिने अवस्थासम्म पीडित/साक्षी बालबालिका विशेषज्ञ जस्ता मद्दत दिने व्यक्तिहरूबाट निरन्तर सहायता पाई राख्नु पर्छ ।

२५ पेशा व्यवसायीहरूले पुर्पक्षपूर्व र पुर्पक्षका चरणहरूमा सञ्चार र सुझबुझको सुधार गर्न जाँचबुझ हुने वा प्रमाण दिने कुरा बालबालिकालाई सजिलो बनाउनका लागि उपायहरूको विकास र कार्यान्वयन गर्नु पर्छ । जसमाः

(क) पीडित तथा साक्षी बालबालिका विशेषज्ञहरूले बालबालिकाको विशेष आवश्यकताहरू सम्बोधन गर्ने,

(ख) बयान बकपत्र गर्दा बालबालिकाका साथमा विशेषज्ञ लगायत मद्दत गर्ने व्यक्ति र उपयुक्त परिवार सदस्यलाई साथैमा रहने,

(ग) उपयुक्त हुने अवस्थामा बालबालिकाको कानूनी हितको संरक्षण गर्न संरक्षक नियुक्त गर्ने कुरा समावेश हुन्छन् ।

## दशः गोपनीयताको अधिकार

२६ पीडित तथा साक्षी बालबालिकाको वैयक्तिक गोप्यतालाई प्राथमिक महत्त्वको विषयको रूपमा संरक्षण गरिनु पर्छ ।

२७ न्याय प्रक्रियामा बालबालिकाको संलग्नतासम्बन्धी सूचनाको संरक्षण गरिनु पर्छ । न्याय प्रक्रियामा पीडित वा साक्षीको रूपमा संलग्न रहेको बालबालिकाको पहिचान दिने सूचनाको गोपनीयता कायम गरेर र खुलासामा कडाई गरेर यसलाई हासिल गर्न सकिन्छ ।

२८ बालबालिकाको अनुचित सार्वजनिक खुलासाबाट बचाउनका लागि उपायहरू अपनाइनु पर्छ । उदाहरणका लागि, कानूनले अनुमति दिएका ठाउँमा बालबालिकाको बयान बकपत्र भएको अदालतको कार्यकक्षमा सर्वसाधारण र सञ्चार माध्यमलाई बाहेक गर्न सकिन्छ ।

## एघारः न्याय प्रक्रियाका समयमा कठोरताबाट संरक्षणको अधिकार

२९ पीडित तथा साक्षी बालबालिकाको सर्वोत्तम हित र मर्यादाको सम्मानलाई सुनिश्चित गर्नका लागि थुना, अनुसन्धान र अभियोजन प्रक्रियामा कठोरताको निवारणार्थ पेशा व्यवसायीहरूले उपायहरू अवलम्बन गर्नु पर्छ ।

३० पेशा व्यवसायीहरूले पीडित तथा साक्षी बालबालिकासँग संवेदनासाथ पहुँच हुनु पर्छ, जसले गर्दा उनीहरूलेः

(क) सो कुरा निजको सर्वोत्तम हित हुने अवस्थामा, निजको न्याय प्रक्रियामा संलग्नताको पूरै अवधिमा साथसाथै रहने लगायत पीडित तथा साक्षी बालबालिकालाई टेवा उपलब्ध गराऊन्;

(ख) सुनिश्चित गर्न सकिएसम्म, न्याय प्रक्रियामा उनीहरूको संलग्नताबाट के के कुरा अपेक्षा राखिएको छ भन्ने स्पष्ट अपेक्षा पीडित तथा साक्षी बालबालिकालाई जानकारी उपलब्ध गराउने लगायत प्रक्रियाका बारेमा निश्चितता प्रदान गरून् । सुनुवाई र पुर्पक्षमा बालबालिकाको सहभागिता पूर्व समयमै योजना गरिनु पर्छ र प्रक्रियाभर नै बालबालिका र निजसँग सम्पर्कमा रहेका पेशा व्यवसायीहरू बीचको सम्बन्धको निरन्तरता सुनिश्चित पार्नका लागि हर प्रयास गरून्;

(ग) विलम्ब बालबालिका कै सर्वोत्तम हितमा हुनेमा बाहेक, पुपर्क्ष यथासम्भव चाँडो हुने कुरा सुनिश्चित पारून् । बालबालिका पीडित र साक्षीको संलग्नता रहेका अपराधको अनुसन्धान छिटोछरितो हुनु पर्छ र बालबालिका पीडित र साक्षी रहेका मुद्दाको छिटोछरितो कारवाहीका लागि कार्यविधि, कानून र अदालतका नियमहरू व्यवस्थित बनून् ।

(घ) बालबालिकाका लागि ढाँचावद्ध गरिएका अन्तर्वार्ता कक्ष, पीडित बालबालिकाका लागि एकै थलामा एकीकृत बहुविषयक सेवा, साक्षी बालबालिकाको ख्याल राख्ने गरी परिष्कृत अदालत वातावरण, सहजतापूर्वकको बालबालिकाको बयान तथा बकपत्र प्रक्रिया, बालबालिकाको उमेर र वयस्कताका हिसावले उपयुक्त हुने गरे दिनको समयमा सुनवाई, आवश्यक भएका बेलामा मात्र बालबालिका अदालत पुग्ने अवस्था सुनिश्चित पार्ने गरीको उचित जनाउ वा सूचना प्रणाली, र बालबालिकाको बयान वा बकपत्रका लागि उपयुक्त हुने अन्य उपायहरू लगायतका बाल संवेदनापूर्ण कार्यविधिको प्रयोग गरून् ।

३१ पेशा व्यवसायीहरूले निम्न प्रयोजनका उपायहरू पनि अपनाउनु पर्छ :

(क) अन्तरर्वार्ताको संख्या सिमित गर्नेः अन्तर्वार्ता, बयान, सुनुवाई, दृश्याभिलेख जस्ता माध्यमको प्रयोग गरी, खास गरी प्रक्रियासँगको अनावश्यक सम्पर्कका संख्या घटाउनका लागि पीडित बालबालिका तथा साक्षीबाट प्रमाण सङ्कलन गर्ने विशेष कार्यविधिको कार्यान्वयन गरिनु पर्छ;

(ख) कानूनी प्रणाली र प्रतिरक्षाका अधिकारको उचित सम्मान हुने कुरासँग सुसङ्गत हुने भए, आरोपित पीडकबाट जिरह गरिने कुराबाट पीडित तथा साक्षी बालबालिकालाई जोगाउनेः आवश्यक भएअनुसार, पीडित तथा साक्षी बालबालिकाको अन्तर्वार्ता र साक्षी परीक्षण

अदालतभित्र आरोपित पीडकले नदेख्ने गरी हुनु पर्छ र अदालत भवनमा छुट्टै प्रतिक्षा कक्ष र निजी अन्तरवार्ता क्षेत्र उपलब्ध गराइनु पर्छ;

(ग) पीडित तथा साक्षी बालबालिकासँगको सवालजवाफ बाल संवेदनशील तरिकाले गरिनु पर्छ र न्यायाधीशबाट सुपरिवेक्षण गरिन दिइनु पर्छ, बयान बकपत्र गराईमा सहजिकरण गरिनु पर्छ र उदाहरणका लागि, बयान वा बकपत्रसम्बन्धी सहयोगी साधन प्रयोग गरेर वा मनोवैज्ञानिक विशेषज्ञको नियुक्ति गरेर सम्भाव्य डरत्रास वा धाकधम्कीलाई न्यून गरिनु पर्छ ।

## बाह्रः निर्भयताको अधिकार

३२ पीडित वा साक्षी बालबालिकाको सुरक्षास्थिति वा निर्भयता जोखिममा भएका अवस्थामा त्यस्ता सुरक्षा वा निर्भयताका जोखिमका बारेमा उपयुक्त अधिकारीसमक्ष सूचना दिने वा प्रतिवेदन गर्न चाहिने र न्याय प्रक्रियाको अगाडि, प्रक्रियाभर र सो पछिका समयमा त्यस्ता जोखिमबाट बालबालिकालाई जोगाउन उचित उपायहरू अपनाइनु पर्छ ।

३३ पीडित वा साक्षी बालबालिकामा हानि पुगेको, पुऱ्याइँदै वा पुऱ्याइन सक्ने आशङ्का लागेमा बालबालिकासँग सम्पर्कमा आउने पेशा व्यवसायीले उपयुक्त अधिकारीसमक्ष सोको जनाउ दिनु पर्छ ।

३४ पीडित तथा साक्षी बालबालिकाप्रतिको धाकधम्की, डरत्रास र हानिको पहिचान र रोकथाम गर्ने विषयमा पेशा व्यवसायीहरू प्रशिक्षित गरिनु पर्छ । पीडित तथा साक्षी बालबालिकाप्रति धाकधम्की, डरत्रास र हानिका विषय बन्न सक्ने अवस्थामा उनीहरुको निर्भयता वा सुरक्षा अवस्थालाई सुनिश्चित पार्ने गरी उचित अवस्थाहरू ठेगानमा राखिनु पर्छ । यस्ता सुरक्षा उपायमाः

(क) न्याय प्रक्रियाको कुनै पनि विन्दुमा पीडित तथा साक्षी बालबालिका र आरोपित पीडकहरू बीच प्रत्यक्ष सम्पर्क हुन नदिने वा रोक्ने;

(ख) दर्ता प्रणालीबाट समर्थित अदालतबाट जारी बन्देजकारी आदेशहरू प्रयोग गर्ने;

(ग) अभियुक्तलाई पुर्पक्षपूर्वको थुनामै रहने आदेश दिने र विशेष "सम्पर्करहित" जमानती शर्त खडा गर्ने;

(घ) आरोपितलाई घरबन्द नजरबन्दमा राख्ने;

(ङ) सम्भव र उचित हुनेमा, पीडित तथा साक्षी बालबालिकालाई प्रहरी वा अन्य सम्बन्धित निकायबाट सुरक्षा र संरक्षण प्रदान गर्ने र उनीहरूको अत्तोपत्तो खुल्ने खुलाउने कुराबाट जोगाउने समावेश हुन्छन् ।

## तेह्रः परिपूरणको अधिकार

३५ सम्भव हुनेसम्म, पीडित बालबालिकाले उनीहरुको पूर्ण पुनरुद्धार, पुनःसम्मिलन र पुनरुत्थान हासिल गर्नका लागि परिपूरण पाउनु पर्छ । परिपूरण पाउन र लागू गर्नका कार्यविधिहरू तम्तयार पहुँच हुन सक्ने र बाल संवेदनायुक्त हुनु पर्छ ।

३६ कारवाही प्रक्रिया बाल संवेदनायुक्त र यी मार्गदर्शनहरूलाई सम्मान गर्ने खालका भएसम्म, पुनर्स्थापकिय न्याय जस्ता अनौपचारिक तथा समुदायमा आधारित न्यायका सँगसँगै फौजदारी र परिपूरणको संयुक्त कारवाही प्रक्रियालाई उत्प्रेरित गरिनु पर्छ ।

३७ परिपूरणमा फौजदारी अदालतमा कसूरदारबाट भराउने आदेश भएको प्रतिभरण, राज्यबाट व्यवस्थित गरिएको पीडित क्षतिपूर्ति कार्यक्रमको सहायता र देवानी कार्यविधिअन्तर्गत तिर्न बुझाउन आदेश भएको क्षतिभर्ना समावेश हुन सक्छन् । सम्भव हुने ठाउँमा, सामाजिक तथा शैक्षिक पुनःसम्मिलन, स्वास्थ्योपचार, मानसिक स्वास्थ्य स्याहार र कानूनी सेवालाई पनि सम्बोधन गरिनु पर्छ । परिपूरण आदेशको कार्यान्वयन र परिपूरणको भुक्तानी जरिमानाभन्दा पहिलै भइसक्ने कुरा सुनिश्चित् पार्नका लागि कार्यविधिहरू संस्थापित गरिनु पर्छ ।

## चौधः विशेष रोकथामकारी उपायको अधिकार

३८ सबै बालबालिकाका लागि रोकथामकारी उपायहरू ठाउँमा रहनुका अतिरिक्त, पीडितीकरण वा अपराध पुनर्घटित हुने कुरामा विशेष गरी जोखिममा रहेका पीडित तथा साक्षी बालबालिकाका लागि विशेष रणनीति चाहिन्छन् ।

३९ पीडित बालबालिका थप पीडित हुन सक्ने जोखिम रहेका मामिलामा पेशा व्यवसायीहरूले विस्तृत र विशेषतः सिलसिलाबद्ध रणनीति र हस्तक्षेपको विकास र कार्यान्वयन गर्नु पर्छ । घरमा भएको दुर्व्यवहार, यौन शोषण, संस्थापनागत सुविधामा भएका दुर्व्यवहार र जीउ मास्नेबेच्ने कार्य लगायत पीडितीकरणको प्रकृतिलाई ध्यानमा राखेर यी रणनीति र हस्तक्षेपहरूको अवलम्बन गरिनु पर्छ । यस्ता रणनीतिहरूमा सरकार, छरछिमेक र नागरिकहरूका पहलमा आधारित कुरा पनि समावेश हुन सक्छन् ।

## पन्ध्रः कार्यान्वयन

४० प्रभावकारी रूपले र संवेदनापूर्वक पीडित तथा साक्षी बालबालिकाको संरक्षण गर्न र सम्हाल्नका लागि विशिष्टीकृत तरिका, पद्धति र प्रवृत्ति सुधार्न र दिगो बनाउने दृष्टिले पीडित तथा साक्षी बालबालिकासँग काम गर्ने पेशा व्यवसायीलाई पर्याप्त तालीम, शिक्षा र सूचना उपलब्ध गराइनु पर्छ ।

४१ विशिष्टीकृत एकाई तथा सेवाहरूमासमेत पीडित तथा साक्षी बालबालिकाका आवश्यकताहरूलाई प्रभावकारी रूपले संरक्षण तथा परिपूर्ति गर्नका लागि पेशा व्यवसायीहरूलाई प्रशिक्षित गरिनु पर्छ ।

४२ सो तालीममा निम्न कुरा समावेश हुनु पर्छः

(क) बालअधिकार लगायत मानवअधिकारका सान्दर्भिक प्रतिमान, मापदण्ड र सिद्धान्तहरू;

(ख) पेशा व्यवसायीहरूको कार्यालय तथा पदका सिद्धान्त र नैतिक कर्तव्यहरू;

(ग) बालबालिकाविरुद्धका अपराधहरू औँल्याउने चिन्ह तथा लक्षणहरू;

(घ) गोपनीयताको आवश्यकतामाथि जोड दिएर, विशेष गरी सिफारिस गरी पठाउने, जोखिमको

लेखाजोखाका सीप तथा तौरतरिका;

(ङ) बालबालिकाविरुद्धका अपराधहरूको नकारात्मक शारीरिक तथा मनोवैज्ञानिक असर र आघात लगायत असर, प्रभाव र तुसहरू;

(च) पीडित तथा साक्षी बालबालिकालाई न्याय प्रक्रियामा सरसहायता गर्ने विशेष उपाय तथा तौरतरिका;

(छ) पारसाँस्कृतिक, उमेरसम्बद्ध भाषिक, धार्मिक, सामाजिक तथा लैङ्गिक सवालहरू;

(ज) यथोचित वयस्क–बालबालिका सञ्चारको सीप;

(झ) बालबालिकाबाट प्राप्त जानकारी वा सूचनाको गुणस्तरको अधिकीकरण गर्दा बालबालिकालाई कुनै पनि आघातको न्यूनीकरण गर्ने अन्तर्वार्ता तथा लेखाजोखाका तौरतरिका;

(ञ) संवेदनशील, सुझबुझपूर्ण, सिर्जनात्मक र प्रेरणापूर्ण तरिकाले पीडित तथा साक्षी बालबालिकासँग व्यवहार गर्ने सीप;

(ट) प्रमाण संरक्षण तथा प्रस्तुत गर्ने र साक्षी बालबालिकालाई प्रश्न गर्ने विधिहरू;

(ठ) पीडित तथा साक्षी बालबालिकासँग काम गर्ने पेशा व्यवसायीको भूमिका र उनीहरुले अपनाउने विधिहरू ।

४३ पेशा व्यवसायीले पीडित सहायता, वकालत, आर्थिक सहायता, विमर्श–परामर्श, शिक्षा, स्वास्थ्य, कानूनी र सामाजिक सेवाहरू जस्ता उपलब्ध सेवाहरूको बृहत बन्दोबस्तसँग उनीहरूलाई परिचित गराई बालबालिकालाई सहयोग गर्ने अन्तरविषयक र सहयोगात्मक पद्धतिमा अभ्यस्त हुन हरेक उपाय गर्नु पर्छ । यस्तो पद्धतिमा पीडित तथा साक्षी बालबालिकालाई सेवा उपलब्ध गराउने साथसाथै प्रहरी अभियोक्ता, चिकित्सागत र सामाजिक सेवाहरू र त्यसै ठाउँमा काम गर्ने मनोवैज्ञानिक कर्मचारीहरूलाई समेट्ने बहुविषयक कार्यका अन्य स्वरूपका निकाय तथा संस्थापनाहरूका बीचमा न्याय प्रक्रियाका विभिन्न चरणमा सरसहयोगलाई उत्प्रेरित गर्ने कार्यआचरणहरू समावेश हुन सक्छ ।

४४ राज्यहरू र समाजका सबै क्षेत्रका बीचमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सूचनाको सङ्कलन तथा आदानप्रदान गर्ने तथा पीडित तथा साक्षी बालबालिका संलग्न रहेका सीमापार अपराधहरू किटान, अनुसन्धान र अभियोजन गर्ने कुरालाई सहज बनाउने प्रयोजनका लागि पारस्परिक सहयोग लगायतका अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि गरिनु पर्छ ।

४५ पेशा व्यवसायीले यी मार्गदर्शनहरूलाई न्याय प्रक्रियामा संलग्न रहेका पीडित तथा साक्षी बालबालिकालाई सहायता गर्नमा लक्षित कानून तथा लिखित नीति, मापदण्ड र कार्य आचरणहरूको विकास गर्ने आधारको रूपमा सदुपयोग गर्नु पर्छ ।

४६ बालबालिकाका अधिकारहरूको संरक्षण र यी मार्गदर्शनहरूको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित पार्नमा पेशा व्यवसायीलाई न्याय प्रक्रियामा अन्य निकायहरूका साथ उनीहरूको भूमिकाको आवधिक समिक्षा र मूल्याङ्कन गर्न सवल बनाइनु पर्छ ।

छत्तीसौं पूर्ण बैठक
२२ जून २००५